# श्रीमद्भागवत महापुराण

(नेपाली भाषामा महात्म्यसहितको स्कन्धानुसार
अध्यायगत संक्षिप्त सरल कथासार)

लेखन तथा प्रस्तुतिकरण
**वालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**
विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण प्रवक्ता

सम्पादन कार्य
**हिमालय गौतम**

कृति : श्रीमद्भागवत महापुराण
(नेपाली भाषामा महात्म्यसहितको स्कन्धानुसार अध्यायगत संक्षिप्त सरल कथासार)

लेखन तथा
प्रस्तुतिकरण : **वालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**

संस्करण : प्रथम

प्रति : १००१

प्रकाशन मिति : २०८० श्रीपञ्चमी

साजसज्जा : हीरादेवी नेपाल

प्रकाशन : विश्व स्वतन्त्र सञ्चार

मुद्रण : युनाईटेड मल्टिप्रिन्टर्स

मूल्य रु : ९००।–

**सहयोगी महानुभावहरू**

श्री लीलारमण निरौला, श्री दिपक खड्का, श्री विक्रम कार्की, श्री सञ्जु राई, श्री सन्तोष अधिकारी, श्री रश्मी मिश्र, श्री कुमार भट्टराई, श्री विष्णुकुमार थापा, श्री विष्णुराज गिरी, श्री सन्तोष भुसाल, श्री रामचन्द्र रावत, श्री नीलम शाह, श्री गंगा कार्की, श्री अनिशा मल्ल, श्री टंकमणी भट्टराई, श्री अशोक दाहाल, श्री शिवकुमार कार्की, श्री केदार भुजेल, श्री बद्रिका राई, श्री लक्ष्मी पौडेल, श्री शेखर शर्मा पौडेल, श्री अर्जुन कटुवाल

**सम्पर्क**

९८५११ ५४४५४ / ९८२२ ४९४००९

# समर्पण




नापिन्छ हिमश्रृङ्खला सतह त्यो ठूलै समुद्रै पनि
नापेनन् मन भावका गहन खै कैले कसैले पनि ॥
आगोमा पनि हुन्न ताप र जलन त्यो हुन्छ सन्तापमा
धरतिमा छ अनेक उर्बर शक्ति त्यही मिल्छ सन्तोषमा ॥
पानीमा पनि हुन्न शितलपना छ मातृत्व कै स्नेहमा
माया प्रेम हुँदा सदा छ मनमा जहिले नि ताजापना ॥

# सरस्वती स्तोत्रम्



सरस्वती मया दृष्टा वीणापुस्तकधारिणी ।
हंसवाहनसंयुक्ता विद्यादानं करोतु मे ॥१॥
प्रथमं भारती नाम द्वितीयं च सरस्वती ।
तृतीयं शारदादेवी चतुर्थं हंसवाहिनी ॥२॥
पञ्चमं तु जगन्माता षष्ठं वागीश्वरी तथा ।
सप्तमं चैव कौमारी अष्टमं वरदायिनी ॥३॥
नवमं बुद्धिदात्री च दशमं ब्रह्मचारिणी ।
एकादशं चन्द्रघण्टा द्वादशं भुवनेश्वरी ॥४॥
द्वादशैतानि नामानि त्रिसन्ध्यं यः पठेन्नरः ।
जिह्वाग्रे वसते तस्य ब्रह्मरूपा सरस्वती ॥५॥



# अथ: ध्यानम्

**कस्तूरीतिलकं ललाटपटले वक्ष:स्थले कौस्तुभं**

**नासाग्रे वरमौक्तिकं करतले वेणु: करे कङ्कणम ।**

**सर्वाङ्गे हरिचन्दनं सुललितं कण्ठे च मुक्तावली**

**गोपस्त्रीपरिवेष्टितो विजयते गोपालचूडामणि: ।।**

**अस्ति स्वस्तरुणीकराग्रविगलत्कल्पप्रसूनाप्लुतं**

**वस्तु प्रस्तुतवेणुनादलहरीनिर्वाणनिर्व्याकुलम ।**

**स्त्रस्तस्त्रस्तनिबद्धनीविविलसद गोपीसहस्त्रावृतं**

**हस्तन्यस्तनतापवर्गमखिलोदारं किशोराकृति: ।।**

*इत्येवं ध्यात्वा पाठमारभेत ।*

# भूमिका

श्रीमद्भागवत महापुराणको अध्ययन मनन गर्नाले हृदयमा अद्भुत भाव उदय भएर आउँछ । मन क्रमैसँग निर्मल भएर जान्छ । यसको सेवन हुँदादेखि नै भक्तिका प्रभावले ईश्वरलाई आफ्नो हृदयमा अविचल रूपबाट स्थापित गर्न मन लाग्छ । यस संसारलाई रच्ने र पालन गर्ने कुनै सर्वव्यापक एक शक्ति छ, जसलाई मानिसले ईश्वर, ब्रह्म, परमात्मा आदि अनेक नामबाट सम्बोधन गर्छ भने सत्यप्रति मनमा दृढ निश्चय हुन जान्छ । छोटकरीमा स्वयं व्यासले प्रारम्भिक तीन श्लोकमा उद्घोष गरेर भन्नुभयो कि– 'जसबाट यस संसारको सृष्टि, पालन र संहार हुन्छ, जो त्रिकाल सत्य छ र जो आफ्नो प्रकाशद्वारा अन्धकारलाई सधैँ टाढा राख्छ त्यस्तो परम सत्यको हामीले ध्यान गरौँ ।

यस महापुराणको स्वरूपलाई ईश्वरावतार मानिएको छ । यसमा शुद्ध अन्तःकरण भएको, कसैको डाहा नगर्ने, सत्पुरुषहरूले जान्नुपर्ने, परमात्माको त्यस वास्तविक वस्तुको निरूपण छ – जो सदैव कल्याणकारी छ । यसमा आधिदैविक, आधिभौतिक र आध्यात्मिक तीनै प्रकारको ताप मेटाइ दिने शक्ति छ । ईश्वरको ज्ञान र भक्तिको परम-साधन यी दुई पदार्थ प्राप्त गर्न सक्नेलाई अरू वस्तुहरू पाउन केही कठिन हुँदैन । यी दुवै पदार्थ श्रीमद्भागवतको अध्ययन र मननद्वारा पूर्ण रूपले पाइन्छ । त्यसकारण यो पवित्र ग्रन्थ मनुष्य मात्रको उपकारी हो । प्राणी मात्रमा एउटै परमात्माको वास छ भन्ने स्पष्ट ज्ञान भागवतको मननबाट हुन आउँछ । यो कुराको बोध हुनासाथ कसैलाई अधर्म गर्न मन लाग्दैन । मानिसमा परस्पर प्रेम र प्राणी मात्र प्रति दयाको भाव स्थापित गर्न चाहन्छ । यस महापुराणको महिमा र गरिमाको वर्णन गर्दै अन्त्यमा व्यासले भन्नुभएको छ– 'हे भक्तजन ! यो वेदरूप कल्पवृक्षको पाकिसकेको फल हो । श्रीशुकदेवरूपी सुगाद्वारा पारित भई चाखिएको हुनाले यो परमान्दमयी अमृतले परिपूर्ण छ । शरीरमा चेतना रहेसम्म यस दिव्य भागवत रसको बारम्बार पान गर्दै जाऊ । यस्तो फल पृथ्वीमा नै सुलभ छ । अन्तमा यस पुस्तकको प्रकाशनमा योगदान दिने समस्त आत्मियजनहरू प्रति आभार प्रकट गर्दछु ।

# सम्पादकीय

पुराण सनातन हिन्दू धर्मअर्न्तगतको एउटा महत्त्वपूर्ण खण्ड हो । सनातन धर्ममा सबैभन्दा महत्त्वपूर्ण खण्ड शास्त्र हो । शास्त्र ईश्वरीय वचन हो, तथापि एक दुईपटकको अध्ययनले बुझ्न कठीन हुन्छ । सात्त्विक भावमा रहेर गहन अध्ययन पश्चात् अभ्यासरत व्यक्तिको अनुभवमा आउँछ । तर पनि सबैकुरा राम्ररी ठम्याउन सकिदैन । अतः यसको सहयोगका लागि नै विभिन्न ग्रन्थ, पुराण तथा संहिताहरू हुन्छन् । तर श्रीमद्भागवत महापुराण अन्य पुराणहरूमध्ये भिन्दै प्रकारको हो र यो अन्यभन्दा निकै प्रख्यात पनि छ । पुराना इतिहास अर्थात् पहिला घटेका घटनाका यथार्थपरक व्याख्यान नै पुराण हो । यद्यपि यो पुरातन छ र विशिष्ट शैलीमा छ । सबै शास्त्र अध्यात्म र मोक्ष प्रदान हेतु नै प्रकट भएको हो तरपनि प्रत्यक्ष अनुभव बिना कसैलाई पनि विश्वास नहुने हुँदा आफूभन्दा अघि र समकालीन मोक्ष प्राप्त व्यक्तित्वहरूको आध्यात्मिक यात्रा र उपदेशको सङ्कलन नै यो भागवत हो । अर्को शब्दमा भन्दा यो विश्व कै पहिलो आत्मवृत्तान्तको बृहत् पुस्तक हो । धर्मका क्षेत्रमा मानव जातिलाई प्रोत्साहन दिनकै लागि यसको निर्माण एवं प्राकट्य भयो । सच्चा जिज्ञासुले पक्कै पनि यसमा डुबुल्की लगाएमा आध्यात्मिक द्वार खुल्नेछ नै ।

वालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराजको लेखन प्रस्तुति शैलीले यस पुस्तक भागवत अध्ययन गर्ने अवसर पाठकले स्वभाविक रूपी ज्ञान प्राप्ति गर्न सक्नुहुनेछ भन्नेमा पूर्ण विश्वासमूलक अभिवादन गर्दछु ।

अनुभवको हिसाबले कैयन् सम्पादकीय काँटछाँट गरियो । कैयन्मा खाका तयार गरियो तथा कैयन्पटक सम्पादन लेखनका लागि सहकार्य गरियो । यस भागवतको सम्पादन अघि पुस्तकलाई सरसर्ती नियाल्दा अन्यभन्दा फरक, हृदयस्पर्शी लाग्यो । यस्तो गहनतम पुस्तकको पूर्णरूपमा सम्पादन गरी सम्पादकीय लेखन कार्यसमेतको यो नवअवसर प्रदान गर्ने वालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराजलाई मुरी मुरी धन्यवाद छ ।

# लेखकीय भनाई

यो पुस्तक सम्पूर्ण भागवत कै सारांशगत प्रस्तुति हो । अतः सारांशरूपमा कथाशैलीमा संक्षेपिकरण गरिएको छ । भागवत बारे सामान्य जानकारी गराएर भक्तजनका मनमा यसभित्रका अथाह ज्ञान सागरमा डुबुल्की लगाउन इच्छा जाग्रित गराउनु नै यसको ध्येय हो । आशा गरिन्छ कि यसको माध्यमबाट भक्तजनको मनमा भागवतप्रति रूचि जाग्नेछ र अन्त्यमा मूल भागवतकै अध्ययन, चिन्तन-मनन गरेर आफ्नो जीवन कृतकृत्य पार्नु हुने नै छ ।

एक वा दुईपल्ट पढ्दा यो नबुझिन सक्छ । किनकि यो भावमय छ र श्रोता वा अध्ययनकर्ता अभावस्थामा हुन सक्छ । अतः पटक पटकको अध्ययनले यसको रस बसेपछि अकस्मात् भाव उत्पन्न हुन पुग्छ । सक्नेले दिनदिनै भ्याए सपरिवार नभ्याए एक्लै वाचन गर्दा संस्कार जागृत हुन थाल्छ । मोक्ष कामनार्थ अध्ययन गर्ने वा श्रवण गर्ने भए साउन, भदौ वा कात्तिक महिनाको शुक्ल पक्षको नवमी तिथिबाट आरम्भ गर्नुपर्छ । आत्म कल्याण र ज्ञानका लागि भए जुनसुकै महिना वा तिथिबाट शुरू गर्दा पनि हुन्छ ।

सधैं सुन्ने वा पढ्नेले सपरिवार बसेर पुस्तकलाई श्रीकृष्ण स्वरूप मानेर आसनमा विराजमान गराउनु पर्दछ । पहिला स्तुति गरी प्रणाम गरी आरम्भ गर्नुपर्दछ । सुन्ने सुनाउनेले काम सकेपछि भावाञ्जली गर्नुपर्दछ । सधैं एकै विधिले अध्ययन गर्ने वा सुन्नेहरूले साङ्गे गरिरहनु पर्दैन । तर साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक विधिले श्रवण गर्नेहरूले साङ्गेका दिन ब्राह्मण बोलाएर पुरुषसुक्त पाठ गराउनू, पूजा गरी ब्राह्मण, दीनदुःखी र गरिबगुरुवालाई यथायोग्य दान गर्नुपर्दछ ।

# विषय सूची

## विविध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | अथः ध्यानम् | १ |
| २ | भूमिका | २ |
| ३ | सम्पादकीय | ३ |
| ४ | लेखकीय भनाई | ४ |
| ५ | श्रीमद्भागवत महापुराण संक्षिप्त जानकारी | २३ |
| ६ | अठार पुराणको विस्तृत विवरण | २५ |
| ७ | श्रीमद्भागवत पुराण नवाहयज्ञ पारायणको संक्षिप्त विधि | २९ |
| ८ | तुलसीस्तोत्रम् | ३० |
| ९ | अच्युताष्टकम् | ३२ |
| १० | श्रीगोविन्दाष्टकम् | ३३ |
| ११ | मधुराष्टकम् | ३५ |
| १२ | भागवत् महात्म्य झलक | ३६ |
| १३ | भगवान्का लीला प्रकार | ३७ |
| १४ | अध्यात्मवादका तीन प्रकारको आनन्द | ४२ |
| १५ | शुकदेव स्वामी र राजा परीक्षितको साइनो | ४९ |
| १६ | पार्वतीले अमर कथा सुन्नु | ४९ |
| १७ | कृष्ण सिकिस्त विरामी | ५१ |
| १८ | कस्ता व्यक्ति वैकुण्ठमा जान्छन् | ५३ |
| १९ | प्रह्लाद ज्ञानी र भक्ति हुनुको कारण | ५४ |
| २० | साडी लुकाएर पूर्ण शरणागति हुन सिकाए | ५५ |
| २१ | लक्ष्मी, पार्वती र सरस्वतीभन्दा अनुसुया श्रेष्ठ | ५७ |
| २२ | भगवान् श्रीकृष्णद्वारा राखिएका गौमाताका १०८ नाम | ५९ |

## महात्म्य


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | सूतशौनक सम्वाद, भक्ति ज्ञान वैराग्यसँग नारदको भेट | ६३ |
| २ | शनकादि र नारदको संवाद | ६५ |
| ३ | भक्तिको कष्ट निवृत्त हुनु | ६५ |
| ४ | आत्मदेव र धुन्धुकारीको कथा | ६७ |
| ५ | धुन्धुकारीको प्रेत हुनु, गोकर्णले सप्ताह पारायण | ६८ |
| ६ | सप्ताह श्रवण विधि | ६८ |


## प्रथम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | सूतजीसँग शौनकादि ऋषिको प्रश्न | ७३ |
| २ | भगवान्, भागवत कथा, भगवतभक्तिको महात्म्य | ७४ |
| ३ | भगवान्का अवतारहरू | ७४ |
| ४ | व्यासको असन्तोष | ७६ |
| ५ | नारद, व्यास संवाद | ७६ |
| ६ | नारदको पूर्वचरित्र | ७६ |
| ७ | अश्वस्थामाद्वारा पाञ्चालको वध | ७७ |
| ८ | गर्भमै कृष्णले परीक्षितको रक्षा | ७८ |
| ९ | भीष्मको उपदेश र देहत्याग | ७९ |
| १० | श्रीकृष्ण द्वारका गमन | ७९ |
| ११ | द्वारकामा भगवान्को स्वागत | ७९ |
| १२ | परीक्षितको जन्म | ८० |
| १३ | विदुर तीर्थ यात्रा र धृतराष्ट्रलाई उपदेश | ८० |

| | | |
|---|---|---|
| १४ | अर्जुनलाई युधिष्ठिरले द्वारका पठाउनु | ८१ |
| १५ | भगवान् परमधाम, परीक्षित राज्य रोहण, पाण्डव स्वर्ग, कलिको आगमान | ८२ |
| १६ | परीक्षितको दिग्विजय, धर्म र पृथ्वीको संवाद | ८२ |
| १७ | परीक्षितले कलिलाई पक्रनु | ८३ |
| १८ | परीक्षितलाई श्रृंकिो श्राप | ८३ |
| १९ | परीक्षित गंगा तटमा जानु शुकदेवको आगमन | ८४ |


## द्वितीय स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | भगवान्को ध्यान विधि र विराटस्वरूप | ८७ |
| २ | सद्यो मुक्ति र क्रम मुक्तिको विवेचना | ८९ |
| ३ | विभिन्न कामनाले देवताको उपासना र भगवत भक्तिको प्रधानता | ९० |
| ४ | राजा परीक्षितको सृष्टिसम्बन्धी प्रश्न | ९१ |
| ५ | नारदलाई ज्ञानको साधना र सृष्टि क्रम | ९१ |
| ६ | विराट स्वरूप | ९२ |
| ७ | भगवान्का लीलावतारहरू | ९३ |
| ८ | राजा परीक्षितको भागवतसम्बन्धी प्रश्न | ९३ |
| ९ | भागवतको आरम्भ | ९४ |
| १० | भागवतका दश लक्षण | ९४ |

# तृतीय स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | मत्र ऋषिका छोरा मैत्रेयसँग विदुरको भेट | ९७ |
| २ | उद्धवद्वारा भगवान्को बाललीला वर्णन | ९८ |
| ३ | नारायणको चरित्र | ९९ |
| ४ | उद्धव विदुर संवाद | १०० |
| ५ | मैत्रेयद्वारा सृष्टि क्रम | १०० |
| ६ | विराट स्वरूपको उत्पत्ति | १०१ |
| ७ | विदुरका प्रश्नहरू | १०२ |
| ८ | ब्रह्माको उत्पत्ति | १०२ |
| ९ | ब्रह्माजीद्वारा भगवान्को स्तुति | १०२ |
| १० | सृष्टिको दश भेद | १०३ |
| ११ | कालको परिणाम | १०३ |
| १२ | सृष्टिको विस्तार | १०४ |
| १३ | वराह भगवान्को अवतार | १०५ |
| १४ | दितिको गर्भ धारण | १०५ |
| १५ | जय र विजयलाई ऋषिकुमारबाट श्राप | १०६ |
| १६ | जय र विजयको वैकुण्ठबाट पतन | १०६ |
| १७ | हिरण्याक्ष र हिरण्यकश्यपुको जन्म | १०७ |
| १८ | वराह भगवान् र हिरण्याक्ष संग्राम | १०८ |
| १९ | वराहद्वारा हिरण्याक्षको वध | १०८ |
| २० | सृष्टिको विस्तार क्रम | १०९ |
| २१ | कर्दमको तपस्या | ११० |
| २२ | कर्दमको देवहुतीसँग विवाह | ११० |
| २३ | कर्दम देवहुतीको जीवनी | १११ |
| २४ | कपिलको जन्म र कर्दमको वनवास | १११ |
| २५ | कपिलदेवले मातालाई भक्तिका लक्षण बताउनु | ११२ |
| २६ | साङ्ख्यको आधारबाट तत्त्वको उत्पत्ति | ११३ |

| | | |
|---|---|---|
| २७ | प्रकृति र पुरुषको ज्ञानद्वारा मोक्षको रीति | ११४ |
| २८ | योगको स्वरूप | ११५ |
| २९ | भक्तियोग, कालको शक्ति | ११६ |
| ३० | अधोगतिको वर्णन | ११७ |
| ३१ | गर्भवासको वर्णन | ११८ |
| ३२ | सात्विक गति र पुनरागमन | ११९ |
| ३३ | देवहुतीको जीवन मुक्तित्व | १२० |


## चतुर्थ स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | स्वयंभूव मनुका दुई कन्याको वंश विस्तार | १२३ |
| २ | शिव र दक्षको शत्रुताको कारण | १२३ |
| ३ | पिताको यज्ञमा जान सतीको हठ र आग्रह | १२४ |
| ४ | सतीको देह त्याग | १२४ |
| ५ | वीरभद्रद्वारा दक्षको यज्ञ विध्वंस र दक्षवध | १२५ |
| ६ | सबै देवताले शंकरको स्तुति गर्नु | १२५ |
| ७ | दक्षको यज्ञ पूर्ण हुनु | १२५ |
| ८ | ध्रुवको वनागमन | १२६ |
| ९ | ध्रुव घर फर्कनु | १२६ |
| १० | ध्रुवका भाइको वध यक्षसँग संग्राम | १२६ |
| ११ | मनुले युद्ध रोक्नु | १२६ |
| १२ | ध्रुवलाई कुवेरको वरदान र ध्रुवलोक प्राप्ति | १२७ |
| १३ | ध्रुवको वंश विस्तार र अङ्गको चरित्र | १२७ |
| १४ | वेनको वृतान्त | १२८ |
| १५ | भगवान् पृथुको जन्म | १२९ |
| १६ | वन्दिजन द्वारा पृथुको स्तुति | १२९ |
| १७ | राजा पृथु पृथ्वीसँग कुपित हुनु र पृथ्वीले स्तुति गर्नु | १२९ |

| | | |
|---|---|---|
| १८ | पृथुद्वारा पृथ्वीको दोहन | १३० |
| १९ | यज्ञको घोडा चोर्नाले पृथु रिसाउनु | १३० |
| २० | पृथुले विष्णुको दर्शन पाउनु | १३१ |
| २१ | पृथुले प्रजालाई उपदेश दिनु | १३२ |
| २२ | पृथुलाई शनकादिको उपदेश | १३२ |
| २३ | राजा पृथुको तपस्या र परलोक गमन | १३३ |
| २४ | रुद्रगीत | १३३ |
| २५ | पुरञ्जनोपाख्यान | १३४ |
| २६ | राजा शिकारमा जानु, रानी रिसाउनु | १३६ |
| २७ | पुरञ्जन पुरीमा चण्डको वेग र कालकन्याको आगमन | १३६ |
| २८ | पुरञ्जनलाई स्त्री योग प्राप्त, अविज्ञताको उपदेशले मोक्ष | १३८ |
| २९ | पुरञ्जनोपाख्यान | १३९ |
| ३० | प्रचेतालाई विष्णुको वरदान | १४० |
| ३१ | नारदद्वारा प्रचेतालाई उपदेश र परमपद प्राप्ति | १४१ |


## पञ्चम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | राजा प्रियव्रतको चरित्र | १४५ |
| २ | आग्निध्र र पूर्वचितीको समागम | १४६ |
| ३ | नाभिको चरित्र | १४६ |
| ४ | ऋषभदेवको शासन | १४७ |
| ५ | ऋषभदेवको पुत्रलाई उपदेश | १४८ |
| ६ | ऋषभदेवको देह त्याग | १४८ |
| ७ | भरतको चरित्र | १४८ |
| ८ | भरतको मृगजन्म | १४९ |
| ९ | जडभरत (ब्राह्मण कूलमा जन्म | १५० |
| १० | जडभरत र रहुगणको मिलाप | १५० |
| ११ | रहुगणलाई भरतबाट ज्ञानोपदेश | १५२ |

| | | |
|---|---|---|
| १२ | रहुगणको प्रश्न | १५२ |
| १३ | संसारूपी वनको वर्णन र रहुगणको शंका समाधान | १५३ |
| १४ | भवाटवी व्याख्या | १५३ |
| १५ | भरतको वंश विस्तार | १५३ |
| १६ | भुवनकोशको विस्तार | १५४ |
| १७ | गंगाको उत्पत्ति | १५५ |
| १८ | विभिन्न देश | १५६ |
| १९ | किम्पुरुष र भारत वर्षको वर्णन | १५७ |
| २० | अन्य छ द्वीप र लोकालोक पर्वको वर्णन | १५७ |
| २१ | सूर्यको रथ र त्यसको गतिको वर्णन | १५९ |
| २२ | ग्रहको स्थिति र गति वर्णन | १५९ |
| २३ | शिशुमार चक्रको वर्णन | १६० |
| २४ | राहुको स्थिति र अतलादि लोकहरू | १६० |
| २५ | शंकर्षणदेवको विवरण | १६२ |
| २६ | विभिन्न नरकको वर्णन | १६२ |


## पष्ठम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | शुकदेवले राजा परीक्षितलाई भन्नु | १६७ |
| २ | अजामिल कथा | १६७ |
| ३ | यमबाट दूतलाई भगवान्को महिमा | १६८ |
| ४ | दक्षले हंसरूपले भगवान्को स्तुति | १६८ |
| ५ | नारदलाई दक्षको श्राप | १६९ |
| ६ | दक्षका साठ्ठी कन्या | १६९ |
| ७ | वृहस्पतीको अपमान विश्वरूप पुरोहित | १६९ |
| ८ | वैष्णवी ज्ञान र नारायण कवच | १७० |
| ९ | वृत्तासुरको जन्म | १७० |
| १० | दधिचिको हाड र वृतासुरसँग युद्ध | १७१ |

| | | |
|---|---|---|
| ११ | प्राण त्याग्ने बेला वृत्तासुरको पुकार | १७१ |
| १२ | ईन्द्रद्वारा वृत्तासुरको वध | १७२ |
| १३ | इन्द्रलाई ब्रह्महत्या | १७२ |
| १४ | वृत्तासुरको पूर्व जन्मको वृतान्त | १७२ |
| १५ | चित्रकेतुलाई नारद र अंगिराको उपदेश | १७३ |
| १६ | नारदको उपदेश र संकर्षणको दर्शन | १७३ |
| १७ | चित्रकेतुलाई भवानीको श्राप | १७४ |
| १८ | मरूत्गणको उत्पत्ति | १७४ |
| १९ | पुसंवन व्रतको विधान | १७५ |


## सप्तम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | नारद युधिष्ठिर सम्वाद | १८१ |
| २ | पुत्र शोकमा परेकी दितिलाई सम्झाउनु | १८१ |
| ३ | हिरण्यकश्यपुलाई वर प्राप्ति | १८२ |
| ४ | हिरण्यकश्यपुको उत्पात | १८२ |
| ५ | प्रह्लादको वध गर्ने उपाय | १८३ |
| ६ | असुर बालकलाई प्रह्लादको उपदेश | १८३ |
| ७ | प्रह्लादले गर्भमै नारायणको उपदेश पाउनु | १८४ |
| ८ | नृसिंह भगवान्ले हिरण्यकश्यपुको वध | १८४ |
| ९ | प्रह्लादले नृसिंहको स्तुति | १८५ |
| १० | प्रह्लादको राज्य र त्रीपुर दहन | १८५ |
| ११ | चारै वर्ण र नारी धर्मको निराकरण | १८६ |
| १२ | ब्रह्मचारी आश्रमको नियम | १८७ |
| १३ | संन्यास आश्रम नियम | १८८ |
| १४ | गृहस्थीको नियम | १८९ |
| १५ | गृहस्थीको मोक्ष | १८९ |

# अष्टम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | मन्वन्तरको वृतान्त | १९५ |
| २ | गजराज गोहीद्वारा पक्रिनु | १९६ |
| ३ | श्रीहरिको स्तुतिद्वारा गजेन्द्र मुक्त | १९६ |
| ४ | गज र ग्राहको पूर्व जन्मको वृत्तान्त | १९७ |
| ५ | दैत्यद्वारा देवता पराजित | १९७ |
| ६ | विष्णुको आज्ञाले समुद्र मन्थनको तयारी | १९८ |
| ७ | शिवजीद्वारा विष पान | १९९ |
| ८ | समुद्रबाट अनेक रत्न र अमृत निस्कनु | १९९ |
| ९ | मोहिनी रूपद्वारा देवताले अमृत पान | २०० |
| १० | देवासुर संग्राम | २०१ |
| ११ | देवासुर संग्राम अन्त्य | २०१ |
| १२ | शंकरजीले मोहिनी रूप हेर्नु | २०२ |
| १३ | वैवस्वतादि अरू सात मन्वन्तरको वर्णन | २०३ |
| १४ | मनुहरूको कर्म निर्देश | २०४ |
| १५ | दैत्यराजा बलिको स्वर्ग विजय | २०४ |
| १६ | कश्यपद्वारा अदितिलाई पयोव्रतको उपदेश | २०५ |
| १७ | अदितिको पयोव्रतबाट प्रसन्न भगवान् प्रकट | २०६ |
| १८ | वामनको जन्म र बलिको यज्ञशालामा जानु | २०६ |
| १९ | वामनले तीन पाउ भूमि माग्नु | २०६ |
| २० | बलिले भूमि दान दिनु र वामनको विश्वरूप | २०७ |
| २१ | वामनको तीन पाउ र बलि राजा | २०८ |
| २२ | वामनद्वारा बलिलाई सुतललोक पठाउनु | २०९ |
| २३ | बलि सुतलोक जानु र वामनले उपेन्द्र पद पाउनु | २०९ |
| २४ | भगवान्को मत्स्यावतार | २०९ |

# नवम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | वैवस्वत मनुका छोरा सुद्युम्न | २१३ |
| २ | मनुपुत्र पृषध्र आदिको वंश वर्णन | २१४ |
| ३ | च्यावन ऋषिको वृतान्त, बलराम-रेवतीको विवाह | २१४ |
| ४ | राजा अम्वरिषको वृतान्त | २१५ |
| ५ | दुर्वासाको कष्ट निवारण | २१७ |
| ६ | इक्ष्वाकुको वंश वृत्तान्त सौभरी ऋषिको चरित्र | २१८ |
| ७ | त्रिशंकु र हरिश्चन्द्रको वृत्तान्त | २१९ |
| ८ | राजा सगरको चरित्र | २२० |
| ९ | गंगाको आगमन र राजा सौदास वृत्तान्त | २२१ |
| १० | रामचन्द्रको चरित्र | २२२ |
| ११ | श्रीरामका अन्य चरित्र | २२३ |
| १२ | इक्ष्वाकुका बाँकी राजाको वर्णन | २२३ |
| १३ | निमि वंशको वृत्तान्त | २२४ |
| १४ | चन्द्रवंशी राजाहरूको वृत्तान्त | २२५ |
| १५ | जमदग्नि र परशुरामको चरित्र | २२६ |
| १६ | परशुरामद्वारा क्षत्रीको संहार विश्वामित्रका सन्तति | २२६ |
| १७ | क्षेत्रवृद्ध रजि रम्भ र अनेनाको वंश विस्तार | २२७ |
| १८ | राजा ययातिको चरित्र | २२८ |
| १९ | ययातिको गृह त्याग | २२९ |
| २० | पुरु वंश, राजा दुष्यन्त र भरतको वृत्तान्त | २२९ |
| २१ | भरत वंशको विस्तार र राजा रन्तिदेव | २३० |
| २२ | पाञ्चाल, कौरव र मगद राजाको वर्णन | २३१ |
| २३ | यदु वंशको वृत्तान्त | २३२ |
| २४ | विधर्भ वंशको वर्णन | २३२ |

## दशम स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | पृथ्वीलाई आश्वासन वसुदेव देवकीको विवाह | २३५ |
| २ | भगवान् गर्भमा प्रवेश | २३६ |
| ३ | देवकीबाट भगवान् जन्मनु | २३७ |
| ४ | योगमायाको भविष्यवाणी र कंशको पश्चाताप | २३७ |
| ५ | गोकुलमा कृष्ण जन्मोत्सव | २३८ |
| ६ | पूतनाको वध | २३८ |
| ७ | संकट भञ्जन तृणावर्त उद्धार | २३९ |
| ८ | वासुदेवको नामाकरण र बाललीला | २४० |
| ९ | कृष्ण ओखलमा बाँधिनु | २४० |
| १० | यमलार्जुनको उद्धार | २४० |
| ११ | ब्रजका गोपहरू, वृन्दावन जानु र वत्सासुर वध | २४१ |
| १२ | अघासुर वध | २४२ |
| १३ | ब्रह्माजीको मोह र त्यसको नाश | २४२ |
| १४ | ब्रह्माद्वारा श्रीकृष्णको स्तुति | २४३ |
| १५ | धेनुकासुर वध र विषबाट बालकको मुक्ति | २४३ |
| १६ | कालीय नाग दमन | २४४ |
| १७ | कालीय रमणक द्वीपमा बस्न नसक्नु... | २४४ |
| १८ | प्रलम्बासुर वध | २४५ |
| १९ | भगवान्ले गाई र गोपलाई दावानलबाट बचाउनु | २४५ |
| २० | वर्षा र शरद ऋतुको वर्णन | २४६ |
| २१ | वेणुगीत | २४६ |
| २२ | चीरहरण लीला | २४८ |
| २३ | विप्र पत्नीमा भगवान्को कृपा | २४९ |
| २४ | भगवान्द्वारा इन्द्रको यज्ञ भङ्ग | २४९ |
| २५ | भगवान्द्वारा गोवर्द्धन धारण | २५० |

| | | |
|---|---|---|
| २६ | श्रीकृष्णको प्रभावका विषयमा | २५० |
| २७ | कृष्णको अभिषेक | २५० |
| २८ | नन्दलाई वरूण लोकबाट फर्काइ ल्याउनु | २५१ |
| २९ | रासलीला | २५१ |
| ३० | श्रीकृष्णको खोजी | २५१ |
| ३१ | गोपीका स्तुति | २५२ |
| ३२ | श्रीकृष्ण प्रकट भई आश्वासन दिनु | २५२ |
| ३३ | महा रासलीला | २५३ |
| ३४ | सुदर्शनको उद्धार र शङ्खचुड वध | २५३ |
| ३५ | युगल गीत | २५४ |
| ३६ | अरिष्टासुर वध र अक्रूरजीको ब्रज गमन | २५४ |
| ३७ | केशी र व्योमासुरको वध | २५५ |
| ३८ | अक्रूरको ब्रज यात्रा | २५५ |
| ३९ | कृष्ण बलरामको मथुरा प्रस्थान | २५६ |
| ४० | अक्रूरद्वारा भगवत स्तुति | २५६ |
| ४१ | कृष्णको मथुरा प्रवेश | २५६ |
| ४२ | कुब्जामाथि कृपा, धनुर्भङ्ग र मल्लशाला | २५७ |
| ४३ | बलराम र कृष्णको मल्लशालामा प्रवेश | २५८ |
| ४४ | चाणूर मुष्टिक मल्ल र कंश वध | २५८ |
| ४५ | कृष्ण बलरामको उपनयन र विद्याध्ययन | २५९ |
| ४६ | उद्धवको ब्रज यात्रा | २५९ |
| ४७ | उद्धव र गोपिनीहरूको वार्तालाप र भ्रमर गीत | २६० |
| ४८ | भगवान् कुब्जा र अक्रूरको घर जानु... | २६० |
| ४९ | अक्रूरको हस्तिनापुर प्रस्थान | २६० |
| ५० | कृष्णको जरासन्धसँग युद्ध, द्वारकाको रचना | २६१ |
| ५१ | राजा मुचुकुन्द्रको कथा | २६१ |
| ५२ | कृष्णको द्वारका गमन, बलरामको विवाह | २६२ |
| ५३ | रूक्मिणी हरण | २६३ |
| ५४ | शिशुपाल पक्षका राजाहरू र रूक्मिको हार... | २६३ |

| | | |
|---|---|---|
| ५५ | प्रद्युम्नको जन्म र शम्वरासूरको वध | २६५ |
| ५६ | स्यमन्तकको उपाख्यान, जाम्बवती र सत्यभामा विवाह | २६५ |
| ५७ | स्यमन्तक हरण, शतधन्वा वध | २६६ |
| ५८ | कृष्णका विवाहिता आठ रानीहरू | २६६ |
| ५९ | भौमासुर वध, सोह्र हजार राजकन्यासँग विवाह | २६७ |
| ६० | श्रीकृष्ण रूक्मिणी वार्ता | २६७ |
| ६१ | श्रीकृष्णका सन्तान वर्णन | २६८ |
| ६२ | उषा र अनिरूद्धको मेल | २७० |
| ६३ | कृष्ण वाणासुर संग्राम | २७० |
| ६४ | नृग राजाको आख्यान | २७१ |
| ६५ | बलरामको ब्रज गमन | २७२ |
| ६६ | पौण्ड्रक वध | २७२ |
| ६७ | बलरामद्वारा द्विविध वध | २७२ |
| ६८ | जाम्बवतीको छोरा साम्बको विवाह | २७३ |
| ६९ | नारदले कृष्णको दिनचर्या हेर्नु | २७३ |
| ७० | जरासन्धका कैदी राजाका दूत आउनु | २७४ |
| ७१ | भगवान्को इन्द्रप्रस्थ प्रस्थान | २७४ |
| ७२ | युधिष्ठिरको राजसूयज्ञ, जरासन्ध वध | २७५ |
| ७३ | कृष्ण इन्द्रप्रस्थ फर्किनु | २७५ |
| ७४ | युधिष्ठिरको यज्ञ र शिशुपाल वध | २७६ |
| ७५ | युधिष्ठिरको यज्ञ देखेर दुर्योधन अपमानित | २७६ |
| ७६ | साल्व र यादवको संग्राम | २७६ |
| ७७ | साल्व वध | २७७ |
| ७८ | दन्तवक्र र विदुरथ वध, सुतको शिरच्छेदन | २७७ |
| ७९ | बलरामको तीर्थयात्रा | २७८ |
| ८० | सुदामाको स्वागत सत्कार | २७८ |
| ८१ | सुदामाको ऐश्वर्य वृद्धि | २७९ |
| ८२ | ब्रजका गोपीसित भगवान्को भेट | २७९ |
| ८३ | द्रौपदीलाई कृष्ण पत्नीद्वारा बिहेको वृत्तान्त | २७९ |

| | | |
|---|---|---|
| ८४ | वसुदेवको यज्ञोत्सव | २८० |
| ८५ | वसुदेवको भगवत दृष्टि र मरेका छोरा फिर्ता | २८० |
| ८६ | अर्जुनले सुभद्राहरण र श्रीकृष्णले राजा जनक भेट्नु | २८१ |
| ८७ | वेदद्वारा भगवान्को स्तुति | २८२ |
| ८८ | शम्भुको संकटमोचनको कथा | २८२ |
| ८९ | भृगुद्वारा ब्रह्मा, विष्णु र शिवको परीक्षा | २८३ |
| ९० | श्रीकृष्णका लीलाहरूको वर्णन | २८३ |


## एकादश स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | यदुकुललाई ऋषिको श्राप | २८९ |
| २ | वसुदेवलाई नारदको उपदेश | २९० |
| ३ | मायाको स्वरूप, तर्ने युक्ति र धर्मको निराकरण | २९१ |
| ४ | भगवान्का विविध अवतारको वर्णन | २९१ |
| ५ | भगवान्को भक्तिहीन पुरुषको गति र पूजाविधि | २९२ |
| ६ | कृष्ण उद्धव संवाद | २९३ |
| ७ | उद्धवलाई यदु र दत्तात्रेयको संवाद सुनाउनु | २९३ |
| ८ | अजि'रदेखि पि'लासम्म पाएको शिक्षा | २९४ |
| ९ | न्याउलीदेखि कुमालकोटी समेतबाट पाएको शिक्षा | २९५ |
| १० | संसारको मिथ्यात्व प्रतिपादन | २९६ |
| ११ | वद्ध र मुक्त भक्तको लक्षण | २९६ |
| १२ | कृष्णले उद्धवलाई गोपनीय मार्ग बताउनु | २९७ |
| १३ | सत्व गुणको वृद्धिको विद्योदयको क्रम | २९८ |
| १४ | भक्तिको महिमा | २९९ |
| १५ | सबै सिद्धिको विवेचना | ३०० |
| १६ | समस्त विभूतिको विवेचना | ३०१ |
| १७ | वर्णाश्रम धर्मको वर्णन | ३०२ |
| १८ | वानप्रस्थ र संन्यासीका कर्म | ३०३ |

| | | |
|---|---|---|
| १९ | भक्तिको साधन र यम नियमको निरूपण | ३०३ |
| २० | ज्ञान, कर्म र भक्तियोग निरूपण | ३०५ |
| २१ | द्रव्य, देश कालका गुण दोषका विवेचना | ३०५ |
| २२ | तत्त्वका संख्या र पुरूष प्रकृतिको विवेचना | ३०५ |
| २३ | एक त्यागी ब्राह्मणको इतिहास | ३०६ |
| २४ | साङ्ख्य योगीको निरूपण | ३०८ |
| २५ | तीन गुणका वृत्तिको निरूपण | ३०८ |
| २६ | ऐलगीत राजा पुरूरवाको कथा | ३०९ |
| २७ | कर्मयोगको विवेचना | ३१० |
| २८ | परमार्थ निरूपण | ३१० |
| २९ | भगवत धर्मको निरूपण र उद्धवको प्रस्थान | ३१० |
| ३० | यदुवंशको संहार | ३११ |
| ३१ | भगवान्को स्वधाम प्रस्थान | ३१२ |


## द्वादश स्कन्ध


| क्र.सं. | शिर्षक | पाना |
|---|---|---|
| १ | कलियुगका भावी राजवंशको विस्तार | ३१५ |
| २ | कलि धर्म | ३१६ |
| ३ | कलि कालमा हरि नामक कीर्तनको महत्त्व | ३१६ |
| ४ | चार प्रकारको प्रलय | ३१८ |
| ५ | परमार्थको निराकरण | ३१८ |
| ६ | राजा परीक्षितको देहत्याग | ३१९ |
| ७ | अर्थववेदका शाखाहरू र पुराणका लक्षण | ३२० |
| ८ | मार्कण्डेयको तपस्या र वर प्राप्ति | ३२० |
| ९ | मार्कण्डेयले भगवान्को माया देख्नु | ३२० |
| १० | मार्कण्डेयलाई शंकरको वरदान | ३२१ |
| ११ | भगवान्का अ`-उपा`, आयुध र सूर्यका गण | ३२२ |
| १२ | श्रीमद्भागवतको संक्षिप्त विवरण | ३२४ |
| १३ | पुराणहरूको श्लोक संख्या, भागवतको महिमा | ३२६ |

## वाचन गर्दा र सुन्दा निम्न अध्यायमा विश्राम गर्न मिल्दैन

| स्कन्ध | अध्याय |
|---|---|
| प्रथम स्कन्ध | १, ८, १०, ११, १६ अध्याय |
| द्वितीय स्कन्ध | ३, ८ अध्याय |
| तृतीय स्कन्ध | १, ७, १०, १८, २०, २३ अध्याय |
| चतुर्थ स्कन्ध | १, ३, १०, १७, १८ अध्याय |
| पञ्चम स्कन्ध | ५, १३ अध्याय |
| षष्ठम स्कन्ध | ६, १० अध्याय |
| सप्तम स्कन्ध | १, ४, ६ अध्याय |
| अष्टम स्कन्ध | १, २, ८, १०, २१ अध्याय |
| नवम स्कन्ध | १, ४, १०, १५ अध्याय |
| दशम स्कन्ध | १, ९, १०, २२, २९, ३०, ६२, ७६, ७७ |
| एकादश स्कन्ध | १०, २२, ३० अध्याय |
| द्वादश स्कन्ध | ९ अध्याय |

## श्रीमद्भागवत महापुराणका लागि पूजाको क्रम र सामग्रीहरू

- पञ्चगव्य बनाउने
- कर्मपात्र
- प्रायश्चित्त गोदान
- दीपप्रज्वलन
- शङ्ख, घण्ट पूजन
- मङ्गलपाठ
- स्वस्तिवाचन
- पाद्य, अर्घ्य, आचमनीय, पञ्चामृत, शुद्धजल, पुष्प, चन्दन, अक्षता
- प्रतिज्ञा सङ्ल्प
- दीपक पूजन
- कलशहरूको पूजन
- पार्षद र विष्णुको पूजन
- तोरण, द्वारका कलश र लिङ्गाहरूको पूजन
- ब्राह्मण वरण पुण्याह वाचन
- षोडशमात्रिका पूजन
- मण्डपवास्तु पूजन
- क्षेत्रपालपूजन
- विष्णुपूजन
- नवग्रह पूजन
- ध्वजा पूजा
- प्रधान देवकलशको पूजा
- पूजामण्डपका बीचमा मूल कलश राखेर प्राणप्रतिष्ठा र पूजन
- आसन आदि उपचार द्वारा पूजा
- पुष्पाञ्जलि
- क्षमाप्रार्थना
- प्रदक्षिणा
- पुस्तकपूजन
- आरती पुष्पाञ्जलि
- वाचक उपवाचक गणेश र अन्य ब्राह्मण वरण र पूजन
- मन्त्रको न्यास र ध्यान
- पाठसङ्ल्प

# अठार पुराणको विस्तृत विवरण

| पुराण | विवरण |
|---|---|
| ब्रह्म पुराण | अध्याय : २४५, श्लोक : १३,००० |
| ब्रह्मवैवर्त पुराण | अध्याय : २७६, श्लोक : २५,००० |
| पद्म पुराण | अध्याय : ६६३, श्लोक : ५५,००० |
| लिङ्ग पुराण | अध्याय : १७९, श्लोक : ११,००० |
| विष्णु पुराण | अध्याय : १२५, श्लोक : २३,००० |
| वराह पुराण | अध्याय : २१५, श्लोक : २४,००० |
| शिव पुराण | अध्याय : ४६४, श्लोक : २४,००० |
| स्कन्द पुराण | अध्याय : ..., श्लोक : ८१,१०० |
| श्रीमद्भागवत पुराण | अध्याय : ३३५, श्लोक : १८,००० |
| वामन पुराण | अध्याय : ९५, श्लोक : १०,००० |
| नारद पुराण | अध्याय : २०७, श्लोक : २४,००० |
| कूर्म पुराण | अध्याय : ९५, श्लोक : १७,००० |
| मार्कण्डेय पुराण | अध्याय : १३४, श्लोक : ९,००० |
| मत्स्य पुराण | अध्याय : २९१, श्लोक : १४,००० |
| अग्नि पुराण | अध्याय : ३८३, श्लोक : १६,००० |
| गरूड पुराण | अध्याय : २८०, श्लोक : १९,००० |
| भविष्य पुराण | अध्याय : ५५९, श्लोक : २४,५०० |
| ब्रह्माण्ड पुराण | अध्याय : १५६, श्लोक : १२,००० |

विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण वक्ता

## बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज

---

### सामाजिक संस्थाहरू

- **बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज फाउन्डेसन नेपाल** (काठमाडौँ, नेपाल)
- **श्री मानव सेवा फाउन्डेसन नेपाल** (काठमाडौँ, नेपाल)
- **श्री मामाघर अनाथालय सपोर्ट एन्ड केयर सेन्टर नेपाल** (ललितपुर, नेपाल)
- **श्री मामाघर परोपकार तथा सेवा आश्रम** (ललितपुर, नेपाल)
- **श्री छोरीको घर जेष्ठ नागरिक आश्रम** (भक्तपुर, नेपाल)
- **श्री हिन्दू सेना नेपाल** (काठमाडौँ, नेपाल)
- **श्री डोनेट फर नेपाल** (काठमाडौँ, नेपाल)
- **श्री माईतीघर जेष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र नेपाल** (काठमाडौँ, नेपाल)

Mobile : 98511 54454, 9822494009
email : gurumaharaj@gmail.com
vijaymurtimaharaj@gmail.com
Facebook : Vijaya Murti Maharaj

# यज्ञ मण्डप निर्माण विधि





विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण वक्ता


**बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**को

प्रस्तुति






आध्यात्मिक दृष्टिकोणले ओतप्रोत वैदिक ऐतिहासिक ग्रन्थ पशुपति महापुराणका साथै भगवान् पशुपतिनाथबारे विशिष्ठ विद्वानहरूको भूमिकासहित बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराजद्वारा नेपाली भाषामा लिखित कथा सारांश छिट्टै आउँदैछ ।




विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण वक्ता

**बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**को

प्रस्तुति

आध्यात्मिक जगत्का प्रस्थानत्रयी तीन शास्त्रमध्ये एक भगवान् श्रीकृष्णको श्रीमुखको वाणी गीता मूल संस्कृतसहित नेपाली, अङ्ग्रेजी तथा हिन्दी भाषामा सारांश पुस्तक छिट्टै आउँदैछ ।

# श्रीमद्भागवत महापुराण नवाहयज्ञ पारायणको संक्षिप्त विधि

श्रीमद्भागवत महापुराणको सविधि आयोजनका लागि सर्वप्रथम दैवज्ञलाई बोलाएर उत्तम मुहूर्तको निश्चय गर्नुपर्छ । निष्काम भावले श्रवण गर्न चाहने भक्तका लागि दिन जुराइराख्नु पर्दैन। सकाम भावले श्रवण गर्न चाहनेले तोकिएको समयमा नै श्रवण गर्नुपर्दछ । पुराणका लागि सामान्यतः उपयुक्त महिनाहरू भदौ, असोज, कार्तिक, मङ्सिर, माघ र फागुन रहेका छन् ।

सबैतिर मिलेको, कुनै चोखो ठाउँमा सोह्र हात लम्बाइ र सोह्र हात नै चौडाइ भएको, लिङ्गा र ध्वजापताकाले सजाइएको मण्डप बनाएर मण्डपभित्रको भुईं गाईको गोबर, कमेरो, रातो माटो आदिले लिप्नुपर्दछ । लिङ्गतोभद्र मण्डल र चार हात लम्बाइ–चौडाइ भएको, एक हात अग्लो, चारकुने वेदी बनाउनु पर्दछ । मण्डपलाई तोरणले र मङ्गल वृक्षका हाँगा, उखु, केराको बोटहरू, ढुङ्गाहरूमा गाडेर सुसज्जित गराई मूलपीठमाथि सुन्दर चँदुवा टाङ्नु पर्दछ । त्यसपछि ब्राह्मणहरूलाई बोलाउनुपर्दछ । वाचकहरू र मुख्य श्रोता पुरुष भए अघिल्लै दिन अनिवार्य रूपमा मुण्डन गर्नुपर्दछ । प्रतिदिन बिहानै जलाशयमा वा घरमै नुहाउनु पर्दछ । पवित्र नदी वा तलाउमा गएर शास्त्रीय विधिले स्नान गर्दा तीर्थमा स्नान गरेको फल प्राप्त हुन्छ । कर्तागणले पालन गर्ने नियमहरू वाचकबाट श्रवण गर्नुपर्दछ । मण्डप निर्माण सप्ताहयज्ञको मण्डप निर्माण जस्तै हुन्छ । आभ्युदयिक श्राद्ध पहिले नै सम्पन्न गर्नुपर्दछ ।

मण्डप पूजनको विधि सकिएपछि कर्ताले श्रीमद्भागवतमहापुराणको पुस्तक शिरमा राखेर शङ्ख, घण्ट र डमरू आदि बजाउँदै अबिर, लावा छर्दै, जयकारका साथ मण्डपलाई प्रदक्षिणा गरेर प्रतिष्ठित मण्डपभित्र शिरमा भएको पुस्तक यथास्थानमा राख्नुपर्दछ ।

# तुलसीस्तोत्रम्

जगद्धात्रि नमस्तुभ्यं विष्णोश्च प्रियवल्लभे ।

यतो ब्रह्मादयो देवाः सृष्टिस्थित्यन्तकारिणः ।१।

नमस्तुलसि कल्याणि नमो विष्णुप्रिये शुभे ।

नमो मोक्षप्रदे देवि नमः सम्पत्प्रदायिके ।२।

तुलसी पातु मां नित्यं सर्वापद्भ्योऽपि सर्वदा ।

कीर्तितापि स्मृता वापि पवित्रयति मानवम् ।३।

नमामि शिरसा देवीं तुलसीं विलसत्तनुम् ।

यां दृष्ट्वा पापिनो मर्त्या मुच्यन्ते सर्वकिल्विषात् ।४।

तुलस्या रक्षितं सर्वं जगदेतच्चराचरम् ।

या विनिहन्ति पापानि दृष्ट्वा वा पापिभिर्नरैः ।५।

नमस्तुलस्यतितरां यस्यै बद्ध्वाञ्जलिं कलौ ।

कलयन्ति सुखं सर्वं स्त्रियोवैश्यास्तथाऽपरे ।६।

तुलस्या नापरं किञ्चिदैवतं जगतीतले ।

यथा पवित्रितो लोको विष्णुसङ्गेन वैष्णवः ।७।

तुलस्याः पल्लवं विष्णोः शिरस्यारोपितं कलौ ।

आरोपयति सर्वाणि श्रेयांसि वरमस्तके ।८।

तुलस्यां सकला देवा वसन्ति सततं यतः ।
अतस्तामर्चयेल्लोके सर्वान् देवान् समर्चयन् ।९।
नमस्तुलसि सर्वज्ञे पुरुषोत्तमवल्लभे ।
पाहि मां सर्वपापेभ्यः सर्वसम्पत्प्रदायिके ।१०।
इति स्त्रोत्रं पुरा गीतं पुण्डरीकेन धीमता ।
विष्णुमर्चयता नित्यं शोभनैस्तुलसीदलैः ।११।
तुलसी श्रीर्महालक्ष्मीर्विद्याविद्या यशस्विनी ।
धर्म्या धर्मानना देवी देवीदेवमनःप्रिया ।१२।
लक्ष्मीप्रियसखी देवी द्यौर्भूमिरचलाचला ।
षोडषैतानि नामानि तुलस्याः कीर्तयन्नरः ।१३।
लभते सुतरां भक्तिमन्ते विष्णुपदं लभेत् ।
तुलसी भूर्महालक्ष्मीः पद्मिनी श्रीर्हरिप्रिया ।१४।
तुलसि श्रीसखि शुभे पापहारिणि पुण्यदे ।
नमस्ते नारदनुते नारायणमनःप्रिये ।१५।

*श्रीपुण्डरीककृतं तुलसीस्तोत्रं सम्पूर्णम् ।*

## तुलसी गायत्री

ॐ वृन्दावन्यै च विद्महे
विष्णुपत्न्यै च धीमहि
तन्नो तुलसी प्रचोदयात् ।

# अच्युताष्टकम्

अच्युतं केशवं रामनारायणं कृष्णदामोदरं वासुदेवं हरिम् ।
श्रीधरं माधवं गोपिकावल्लभं जानकीनायकं रामचन्द्रं भजे ।१।

अच्युतं केशवं सत्यभामाधवं माधवं श्रीधरं राधिकाराधितम् ।
इन्दिरामन्दिरं चेतसा सुन्दरं देवकीनन्दनं नन्दजं सन्दधे ।२।

विष्णवे जिष्णवे शङ्खिने चक्रिणे रुक्मिणीरागिणे जानकीजानये ।
वल्लवीवल्लभायार्चितायात्मने कंसविध्वंसिने वंशिने ते नमः ।३।

कृष्ण गोविन्द हे राम नारायण श्रीपते वासुदेवाजित श्रीनिधे ।
अच्युतानन्त हे माधवाधोक्षज द्वारकानायक द्रौपदीरक्षक ।४।

राक्षसक्षोभितः सीतया शोभितो दण्डकारण्यभूपुण्यताकारणः ।
लक्ष्मणेनान्वितो वानरैः सेवितोऽगस्त्यसम्पूजितो राघवः पातु माम् ।५।

धेनुकारिष्टकानिष्टकृद्द्वेषिहा केशिहा कंसहृद्वंशिकावादकः ।
पूतनाकोपकः सूरजाखेलनो बालगोपालकः पातु मां सर्वदा ।६।

विद्युदुद्योतवत्प्रस्फुरद्वाससं प्रावृडम्भोदवत्प्रोल्लसद्विग्रहम् ।
वन्यया मालया शोभितोरःस्थलं लोहिताङ्घ्रिद्वयं वारिजाक्षं भजे ।७।

कुञ्चितैः कुन्तलैर्भ्राजमानाननं रत्नमौलिं लसत्कुण्डलं गण्डयोः ।
हारकेयूरकं कङ्कणप्रोज्ज्वलं किङ्किणीमञ्जुलं श्यामलं तं भजे ।८।

अच्युतस्याष्टकं यः पठेदिष्टदं प्रेमतः प्रत्यहं पुरुषः सस्पृहम् ।
वृत्ततः सुन्दरं कर्तृविश्वम्भरस्तस्य वश्यो हरिर्जायते सत्वरम् ।५।

*इति श्रीमच्छङ्कराचार्यकृतमच्युताष्टकं सम्पूर्णम् ।*

# श्रीगोविन्दाष्टकम्

सत्यं ज्ञानमनन्तं नित्यमनाकाशं परमाकाशम्

गोष्ठप्राङ्गणरिङ्गणलोलमनायासं परमायासम् ।

मायाकल्पितनानाकारमनाकारं भुवनाकारं

क्ष्माया नाथमनाथं प्रणमत गोविन्दं परमानन्दम् ।१।

मृत्स्नामत्सीहेति यशोदाताडनशैशवसंत्रासम्

व्यादितवक्त्रालोकितलोकालोकचतुर्दशलोकालिम् ।

लोकत्रयपुरमूलस्तम्भं लोकालोकमनालोकम्

लोकेशं परमेशं प्रणमत गोविन्दं परमानन्दम् ।२।

त्रैविष्टपरिपुवीरघ्नं क्षितिभारघ्नं भवरोगघ्नम्

कैवल्यं नवनीताहारमनाहारं भुवनाहारम् ।

वैमल्यस्फुटचेतोवृत्तिविशेषाभासमनाभासं

शैवं केवलशान्तं प्रणमत गोविन्दं परमानन्दम् ।३।

गोपालं भूलीलाविग्रहगोपालं कुलगोपालम्

गोपीखेलनगोवर्द्धनधृतिलीलालालितगोपालम् ।

गोभिर्निगदितगोविन्दस्फुटनामानं बहुनामानम्

गोपीगोचरदूरं प्रणमत गोविन्दं परमानन्दम् ।४।

गोपीमण्डलगोष्ठीभेदं भेदावस्थमभेदाभम्

शश्वद्गोखुरनिर्धूतोद्धतधूलीधूसरसौभाग्यम् ।

श्रद्धाभक्तिगृहीतानन्दमचिन्त्यं चिन्तितसद्भावम्

चिन्तामणिमहिमानं प्रणमत गोविन्दं परमानन्दम् ।५।

स्नानव्याकुलयोषिद्वस्त्रमुपादायागमुपारूढम्

व्यादित्सन्तीरथ दिग्वस्त्रा ह्युपदातुमुपाकर्षन्तम् ।

निर्धूतद्वयशोकविमोहं बुद्धं बुद्धेरन्तःस्थम्

सत्तामात्रशरीरं प्रणमत गोविन्दं परमानन्दम् ।६।

कान्तं कारणकारणमादिमनादिं कालमनाभासम्

कालिन्दीगतकालियशिरसि मुहुर्नृत्यन्तं नृत्यन्तम्

कालं कालकलातीतं कलिताशेषं कलिदोषघ्नं

कालत्रयगतिहेतुं प्रणमत गोविदं परमानन्दम् ।७।

वृन्दावनभुवि वृन्दारकगणवृन्दाराध्यं वन्देऽहम्

कुन्दाभामलमन्दस्मेरसुधानन्दं सुहृदानन्दम्

वन्द्याशेषमहामुनिमानसवन्द्यानन्दपदद्वन्द्वम्

वन्द्याशेषगुणाब्धिं प्रणमत गोविन्दं परमानन्दम् ।८।

गोविन्दाष्टकमेतदधीते गोविन्दार्पितचेता यो

गोविन्दाच्युत माधवविष्णो गोकुलनायक कृष्णेति ।

गोविन्दाङ्घ्रिसरोजध्यानसुधाजलधौतसमस्ताघो

गोविन्दं परमानन्दामृतमन्तःस्थं स समभ्येति ।९।

*श्रीमच्छङ्कराचार्य विरचितं श्री गोविन्दाष्टकं सम्पूर्णम् ।*

# मधुराष्टकम्

अधरं मधुरं वदनं मधुरं नयनं मधुरं हसितं मधुरम् ।

हृदय मधुरं गमनं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।१।

वचनं मधुरं चरितं मधुरं वसनं मधुरं वलितं मधुरम् ।

चलितं मधुरं भ्रमितं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।२।

वेणुर्मधुरो रेणुर्मधुरः पाणिर्मधुरः पादौ मधुरौ ।

नृत्यं मधुरं सख्यं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।३।

गीतं मधुरं पीतं मधुरं भुक्तं मधुरं सुप्तं मधुरम् ।

रूपं मधुरं तिलकं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।४।

करणं मधुरं तरणं मधुर हरणं मधुरं रमणं मधुरम् ।

वमितं मधुर शमितं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।५।

गुञ्जा मधुरा माला मधुरा यमुना मधुरा वीची मधुरा ।

सलिलं मधुरं कमलं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।६।

गोपी मधुरा लीला मधुरा युक्तं मधुरं मुक्तं मधुरम् ।

दृष्टं मधुरं शिष्टं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।७।

गोपा मधुरा गावो मधुरा यष्टिर्मधुरा सृष्टिर्मधुरा ।

दलितं मधुरं फलितं मधुरं मधुराधिपतेरखिलं मधुरम् ।८।

इति श्रीमद्वल्लभाचार्यकृतं मधुराष्टकं सम्पूर्णम् ।

# श्रीमद्भागवतका विविध विषय

## भागवत् महात्म्य झलक

नैमिषारण्य क्षेत्रमा सौनकादि ऋषिहरूले श्रीसुतजीसँग प्रश्न गर्नुभयो । पञ्च पाण्डवमा युधिष्ठिर महाराजले मथुरामा अनिरूद्रका छोरा ब्रजलाई र हस्तिनापुरमा आफ्ना नाती अभिमन्यु पुत्र परीक्षिलाई राजा बनाएर हिमालयतर्फ गएपछि ब्रज र परीक्षितले कस्ता कस्ता र के के काम गरे ?

एकदिन परीक्षित ब्रजलाई भेट्न मथुरा गए । ब्रजले परीक्षितको निकै सम्मान गरे । त्यसपछि अन्तपुरमा गएर भगवान् श्रीकृष्णका रोहिणी लगायतका पत्नीहरूलाई नमस्कार गरे । त्यसपछि परीक्षितले ब्रजलाई भने - तिम्रा बाबु बाजेले हाम्रा बाबु बाजेलाई ठूलाठूला संकटबाट बचाए । मेरो रक्षा पनि उनैले गरे ।  हे प्यारा ब्रज ! मैले त्यसको बदला दिन खोजेर पनि सक्तिन । तसर्थः तिमी यी माताहरूको सेवा र रक्षा गर । तिम्रो राज्यमा केही विघ्न पऱ्यो भने त्यसको निराकरण या सहयोग अवश्य पनि म गरूँला । ब्रजनाभ - हे राजन परीक्षित ! तपाईंका पुर्खाले मलाई धनुर्विद्याको शिक्षा दिएकाले मलाई क्षत्रीय सुरवीरता प्राप्त भएको छ । राज्य सञ्चालनमा कुनै बाधा छैन । मलाई त एउटा कुराको चिन्ता परेको छ । त्यो हो म मथुराको राजा त भएँ तर यहाँ प्रजा छैनन् । कहाँ गए ? म त निर्जन वनमा राज्य गर्दैछु । ब्रजनाभको चिन्ता मेटाउन परीक्षितले नन्दगोपका पुरोहित शाण्डिल्य मुनिलाई झिकाए ।

शाण्डिल्य मुनिलाई परीक्षितले ब्रजनाभको समस्या भनेपछि जवाफ दिंदै भन्न लाग्नुभयो- ब्रजभूमि र ब्रज शब्दको अर्थ बडो रहस्यमय छ; अनि आनन्ददायक पनि । ब्रज शब्दको अर्थ हो व्यप्ति, व्यप्तिको अर्थ हो व्यापक । त्रिगुणभन्दा माथि परब्रह्म नै व्यापक हुनाले, त्यही व्यापकले व्यक्त भूमिलाई ब्रज भन्दछन् । त्यसै हुनाले यो परब्रह्म स्वरूप ब्रजधाममा भगवान् श्रीकृष्णको सदा निवास छ । प्रेमरसमा डुबेका रसिकहरूले मात्र उहाँको अनुभव गर्न सक्दछ ।

# भगवान्का लीला प्रकार

लीला एक ईश्वरीय गति हो । यो आफैँमा अद्भूत छ । मनुष्यको बुझाईमा र बेलाबेलामा आउने अनुभवका आधारमा विभिन्न ग्रन्थ, पुराणादिमा यसको व्याख्या पाइन्छ । यहाँ यसमध्ये एकप्रकारको कथन प्रस्तुत गरिन्छ :

क) वास्तविक ख) व्यवहारिक

क) वास्तविक लीला स्वयं वेदमय छ । जो भगवान् र रसिक भक्तले मात्र जान्दछन् ।

ख) व्यवहारिकमा जो जीवहरूको सामुन्ने हुने व्यवहारिक लीला हो । वास्तविक लीला विना व्यवहारिक लीला हुँदैन । फेरी व्यवहारिक लीलाले वास्तविक लीलाका राज्यमा कहिल्यै प्रवेश पाउँदैन । पृथ्वी स्वर्गादि सबै यही लीला अन्तर्गत पर्दछन् । यही पृथ्वीमा मथुरा छ । यही ब्रजभूमिमा भगवान्को वास्तविक लीला गुप्तरूपले नित्य भईरहन्छ । प्रेमी रसिक भक्तहरूले मात्र अनुभवमा पाउँछ । केही समय अगाडि अठ्ठाइसौँ द्वापरमा आफ्नै प्रेमी रसिकहरूका साथमा स्वयं भगवान्ले अवतार लिएका थिए । यस ब्रजभूमिमा भगवान्का पार्षद्का साथ नित्य वास्तविक लीला भइनै रहन्छ । तर व्यवहारिक लीला देख्नेको नित्य वास्तविक लीला देख्ने सामर्थ्य हुँदैन । तसर्थः यहाँ आउनेहरूलाई सबैतिर निर्जन वन मात्र लाग्नु स्वभाविक हो ।

त्यसकारण हे ब्रजनाभ ! तिमी चिन्ता नगर । मेरो आज्ञाले यहाँ धेरै वस्ती बसाल । भगवान्ले जहाँ जहाँ जुन जुन लीला गर्नुभएको थियो त्यहीं त्यहीं ठाउँमा सोहीअनुसारको नामाकरण गरेर स्थापना गर । मेरा कृपाले तिमीलाई भगवान्का लीला स्थलको पहिचान अवश्यमेव हुनेछ । यो ब्रजभूमिको सेवन गर्दै जाँदा तिमीले एकदिन उद्धवलाई अवश्य भेट्नेछौ । यति बताएर शाण्डिल्य मुनि आफ्नो आश्रमतिर लाग्नुभयो ।

त्यसपछि राजा परीक्षितले इन्द्रप्रस्थबाट हजारौँ सेठहरू झिकाएर आदरपूर्वक बसाले । यीबाहेक ब्राह्मणहरू भगवान्का प्रेमी र प्राचीन बनियाहरू बोलाएर तिनीहरूलाई पनि आदरपूर्वक योग्य बस्ती बसाए । यसरी राजा परीक्षितको सहयोग र शाण्डिल्य मुनिको कृपा पाएर आमाहरूको साथमा ब्रजनाभले जुन जुन ठाउँमा भगवान्ले गोप, गोपी र गोपालहरूका साथमा लीला गरेका थिए; सबै ठाउँ पत्ता लगाई सोहीअनुसारको नामाकरण गरी ती ठाउँमा अनेकौँ बस्ती बनाए । भगवान्का नामबाट अनेकौँ कुवा, सरोवर, ताल, कुण्ड खनाए । कुञ्ज, बगैंचा लगाए । देवता र देवीहरूको विग्रह स्थापना गरे । यसरी आफ्नो राज्यमा श्रीकृष्णको भक्ति प्रचार गरेर बडो आनन्दित भएर रहे ।

एकदिन कृष्णका विरह–वेदनाले व्याकुल सोह्रहजार रानीले काइँली पटरानी कालिन्दिलाई अत्यन्तै आनन्दित देखेर आश्चर्य मान्दै सोधे - हामी त श्रीकृष्णका विछोडको विरह–व्यथाले पिरोल्लिएका छौँ, तिमी भने बढो आनन्दित भइरहेछौ । यसको कारण के हो भन ? कालिन्दि भन्दछिन् - श्रीकृष्ण त आफ्नै आत्मामा रमाउने हुन् । कृष्ण नै राधा हुन् र राधा नै कृष्ण । यी दुबैको प्रेमको प्रतीक वंशी हो । म तिनै राधाको दासीका रूपले नित्य सेवा गर्छु । त्यसैको प्रभावले गर्दा मलाई विरहले छुन सक्तैन । रूक्मिणी लगायत कृष्णका अन्य पटरानीहरू पनि श्रीकृष्णमा समाविष्ट भएको मैले देखिरहेकि छु । यही रहस्य तपाईंहरूले थाहा नपाउनाले व्याकुलताले छोपेको हो ।

पहिला पनि अक्रूरले कृष्णलाई नन्द गाउँबाट मथुरा लिएर गएपछि उद्धवले गोपिनीहरूको विरक्ति शान्त पारेका थिए । तिमीहरूको अशान्ति पनि उद्धवद्वारा नै मेटिनेछ । रानीहरू भन्दछन् - त्यसोभए हामीलाई उद्धवसँग भेट हुने उपाए बताउ । कालिन्दि - यो ब्रजभूमिको रहस्य श्रीकृष्णले उद्धवलाई बद्रिकाश्रम जानुभन्दा अगावै बताईदिनुभएको थियो । तर यो ब्रजभूमि (फलभूमि) भगवान् स्वधामका लागि अर्न्तध्यान हुने वित्तिकै स्थल दृष्टिबाट पर पुगिसकेको थियो । त्यसैले यहाँ उद्धवजी प्रत्यक्ष देखिनुहुन्न । गोवर्द्धन पर्वत नजिकै भगवान्का

लीला सहचारी गोपीहरूको विरहस्थलमा बगैंचा वरिपरि लता, लहरा, आँकुरा र झारपातको रूपमा बस्नुहुन्छ यसकारण कि वल्लभ गोपीहरूको चरण रज आफूमाथि पर्दै रहोस् । भगवान्को उत्सव भनेको उद्धवको अङ्ग हो । जहाँ भगवान्को उत्सव भयो त्यहाँ उद्धवको उपस्थित स्वतः हुन्छ ।

यसर्थः अब तपाईंहरू मसँगै ब्रजको कुसुमभूमिमा भगवत भक्तको मण्डली जम्मा गरेर वीणा, वेणु, मृदङ्ग र अनेक बाजाहरू बजाई नाम संकीर्तन र कथा कहानी, भगवान्का गुणगान, भजनका साथ ठूलो उत्सव मनाउनु, तब अवश्य उद्धवको दर्शन पाईने छ ।

यति भएपछि ती रानीहरूले यो कुरा परीक्षित र ब्रजनाभलाई सुनाए । अब परीक्षितले ब्रजनाभ र कृष्णका रानीहरूलाई लिएर गोवर्धनको नजिकै सखिहरूको विरहस्थल कुसुम सरोवरमा कालिन्दिको भनाईअनुसार श्रीकृष्णको कीर्तन उत्सव आयोजन गरे । भव्यताकासाथ कीर्तन भईरहेकै अवस्थामा त्यहाँ घाँस, रूख, लता, लहराबाट कीर्तनको शोभा अझ बढाउँदै श्रीकृष्णको लीला वर्णन गर्दै पिताम्बरधारी श्यामवर्णमा उद्धव प्रकट भए । सबै भक्त आनन्दमा डुबेर उद्धवको पूजा गर्न लागे ।

उद्धवजीले सबैलाई श्रीकृष्णको कीतर्नमा लागेको देखेर सत्कार गरे र परीक्षितलाई भन्नुभयो - राजन ! तिमी धन्य छौ । तिम्रो जति वैभव प्राप्त भएको छ, त्यो सबै श्रीकृष्णको कृपा हो । यो ब्रजभूमि वृन्दावन सबै कृष्णमय छ । यो ब्रजभूमि श्रीकृष्ण स्वरूप हो । श्रीकृष्णका सोह्रैकलाबाट प्रकाशमान किरणले प्रकाशित पार्दै नित्य यस भूमिमा विद्यमान रहनुहुन्छ । शरणागत भक्तको भय नाश गर्ने यो ब्रजभूमि र श्रीकृष्णको स्वरूपमा केही फरक छैन । फरक यही हो की यी सारा जीवलाई श्रीकृष्णको योगमायाको पर्दाले ढाकिएकाले आफ्नो स्वरूपलाई आफैँले बिर्सेर भगवान्को वास्तविक लीला देख्दैनन् र दुःखी हुन्छन् ।

अट्ठाइसौँ द्वापरमा स्वयं परब्रह्म परमात्मा श्रीकृष्णले योगमायालाई हटाएर आाफ्नो वास्तविक रूप देखाउनु भएको थियो । त्यो समय त बितिनै हाल्यो ।

अब एक उपाय छ; त्यो हो श्रीमद्भागवतको पाठ अध्ययन वा श्रवण । आदि पुरुष भगवान् श्रीकृष्णले ब्रह्मा, विष्णु र रुद्रलाई समेत यही श्रीमद्भागवतबाटै प्राप्त गर्न सकिन्छ भनि उपदेश दिनुभएको थियो । म पनि यही भागवतको अध्ययनबाट भगवान्को सच्चा सखा र शुद्ध बने । म बद्रिकाश्रम रहेपनि यो गोवर्द्धन निकट नारद कुण्डमा सदा सुक्ष्म रूपले रहिनै रहन्छु ।

हरिदास उद्धवका सारा कुरा सुनेर परीक्षितले उनलाई हरिकीर्तन गर्न आग्रह गर्नुभयो । उद्धव - श्रीकृष्ण स्वधाम प्रस्थान भएपछि कलिले प्रवेश गरेर दुःख दिन लागेको छ । यस्तै शुभ कार्यमा त त्यसले झन् कष्ट दिने भएकाले अब तिमीले त्यस्ताका उपर दिग्विजय गरेर कलिलाई बसमा राख ।

परीक्षित - प्रभु ! मैले भगवान्को यो रहस्यमय अमृत वचन पान गर्नबाट त बञ्चित हुने भए नि भन्दा भागवतका मुख्य अधिकारी नै तिमी हौ । तिमी चिन्ता नगर तिमीलाई त स्वयं श्रीकृष्णले पनि सुनाउन सक्नुहुन्छ । तब परीक्षित दिग्जीवयका लागि त्यहाँबाट आफ्नो राज्य हस्तिनापुरतिर प्रस्थान गर्नुभयो ।

यता ब्रजनाभ पनि छोरो प्रतिवाहुलाई राज्य सुम्पिएर आमाहरूका साथमा उद्धव प्रकट भएको ठाउँ कुसुमी सरोवरमा गएर श्रीमद्भागवत सुन्न थाले । उद्धवले पनि गोवर्द्धन निकट कुसुमथलीमा एकमहिनासम्म श्रीमद्भागवतको रसधारा बगाए । ब्रजनाभले पनि आफूलाई श्रीकृष्णको दाहिने चरणकमलमा रहेको देखे । रोहिणी लगायतका माताहरूले आफूहरूलाई रास रजनीको अवस्थामा श्रीकृष्णको विग्रह देखेर छक्क परे । सबै श्रोताले आफूलाई भगवान्कै रूपमा देखे । सबै ब्रजवासीले भगवान्कै अंशमा आफूलाई देखे । यी सारा प्रेमालु भक्तबाट छुटेर भगवान् स्वधाम गएपछि पनि प्रेमले रसपान गर्ने रसिक भक्तले भगवान्लाई सुक्ष्मरूपले सदा दर्शन पाइनै रहन्छ ।

सौनकादिले सुतजीसँग फेरी प्रश्न गरे - भगवान्को स्वरूप के हो ? त्यसको प्रमाण के हो ? कुन विधिले त्यसको श्रवण गर्नुपर्छ ? वक्ता र श्रोताको लक्षण

के हो ? सुतजी - भागवतको स्वरूप सधैँ एउटै हुन्छ । त्यो हो सचिदानन्दमय (सत्य र आनन्द दायक) माधुर्य, भक्तलाई माधुर्य रसको स्वाद दिलाउने सर्वोकृष्ट वचन नै भागवत हो । ज्ञान विज्ञान र भक्तिलाई प्रकाशित गराउने वाक्य र मायालाई मर्दन गर्ने तत्त्व बोध नै भागवत सम्झ । श्रोताको हकमा दुई प्रकारका हुन्छन् । उत्तम र अधम । त्यसैगरी विधि-श्रवण चार प्रकारका छन् । सत्त्व, राजस, तामस र निर्गुण ।

***एक वा दुई महिनामा विस्तार विस्तार रसको स्वाद लिँदै बिना परिश्रमले श्रवण गरिने भागवत सात्त्विक हो ।***

***ज्यादै भड्किलो र उत्ताउलो हिसाबले तयार पारेर सातै दिनमा समाप्त पार्ने भागवत राजस हो ।***

***एकपटक प्रारम्भ गरी बिर्सेर फेरी सम्झेपछि पुनः आरम्भ गर्दै एक वर्षसम्म आलस्य र अश्रद्धाका साथ गरेको भागवत तामस कहिन्छ ।***

***अब वर्ष महिना, दिनको नियम छोडेर सदा प्रेम र भक्तिका साथ गरिएको भागवत सेवन निगुर्ण मानिएको छ ।***

राजा परीक्षित र शुकदेव स्वामीका बीच भएको भागवत सेवनलाई निगुर्ण नै मानिएको छ । जुन सात दिनको कुरा हो । यो राजा परीक्षितको बचेको आयुको संख्या हो । सप्ताह श्रवणको नियम पालन छैन तर मोक्षको पनि इच्छा नराख्ने व्यक्तिको निम्ति श्रीमद्भागवत नै धन हो । संसारमा दुःखबाट आत्तिएर मुक्ति चाहनेको लागि भयरूपी रोगको औषधि यहि भागवत नै हो । अतः कलियुगमा यो भागवत प्रयत्न गरेर पनि सेवन गर्नुपर्दछ । कामना चाहनेको पनि कामना पूरा भएर अन्त्यमा भगवान्को धाम नै पाउँछन् । श्रीकृष्णको चाहना गर्नेले चाहीँ गुणहीन हुनुपर्छ । त्यसको हृदयमा भगवान्को प्रेम भए त्यही नै सर्वोत्तम विधि हो । सकाम व्यक्तिले भने साधनका साथ सबै विधिको पालन गर्नुपर्छ ।

# अध्यात्मवादका तीन प्रकारको आनन्द

अध्यात्मवाद वास्तवमा धर्मको उपल्लो श्रेणी हो । यहाँसम्म सबै सितिमिति पुग्न भ्याउँदैनन् । तरपनि केही अत्यन्त आह्लादित भक्त बेलाबेलामा पुगेको पाइन्छ । निम्न किसिमले यसको तीन प्रकार कहिन्छ :

१) कर्मानन्द - (कर्मकाण्ड) जो कलिमा दुर्लभ छ ।

२) ब्रह्मानन्द - (ज्ञान) ब्रह्ममै आनन्दित ।

३) प्रेमानन्द - (सगुन साकार रूपमा) प्रेम कलिमा सर्वोत्तम हो ।

१) कर्मानन्द

सर्वप्रथम कर्मानन्द (कर्ममार्ग) मा तयारी हुन नै कठिन छ । जन्मनु अगावैदेखिको षोडस संस्कारले युक्त हुनुपर्छ । जस्तै १) गर्भाधान २) पुंसवन ३) सिमन्तोनयन यी त भए जन्मनु अगावै गर्नुपर्ने कर्म संस्कार । अब जन्मेपछिका निम्न प्रकार छन् :

४) जात कर्म ५) नामकर्म ६) निष्क्रमण ७) अन्नप्रासन ८) कर्णभेद ९) विद्यारम्भ १०) चुडाकर्म ११) उपनयन १२) वेदारम्भ १३) केशान्त १४) समावर्तन १५) विवाह ।

अब मृत्यु उपरान्त गरिने संस्कारमा १६) अन्त्यष्टि । यति मात्रै गरेर पनि पुग्दैन । मुख्ये यी पाँच कर्म गर्नुपर्छ -

१) ब्रह्म ध्यान २) पितृ तर्पण ३) होम ४) अतिथि सेवा ५) भूत (वस्तुभाउ) को सेवा । यति कर्म नित्यरूपमा गरेपछि बल्ल उनीहरू (पुरोहित र कर्ता) को शरीर शुद्धि हुन्छ ।

अब जुन गरिने कर्म हो, त्यो प्राप्त गर्नका लागि आवश्यक सामग्रीहरू प्रत्येकलाई एकवर्ष अगावैदेखि शुद्धतामा ध्यान दिइन्थ्यो । हव्य सामग्रीदेखि खाने पदार्थ,

यज्ञमा लगाइने पात्र लगायत सम्पूर्ण सामग्री कहाँ उत्पन्न भएको हो र कस्ता व्यक्तिद्वारा उत्पन्न भएको हो, त्यसमा पनि विचार गरिथ्यो । त्यतिले मात्रले पनि पुग्दैन । मुख्य कुरा त पुरोहित षडशास्त्री प्रकाण्ड विद्वान् र भगवान्को प्रेमरसमा डुबेको, भगवत प्राप्ति भएको र ६ सम्पत्ति र ८ लक्षणले युक्त व्यक्ति हुनुपर्दथ्यो । त्यसपछि पुरोहित र कर्ताको मनोभाव एउटै हुनुपर्थ्यो । नत्र भने त्यो कर्मको उद्देश्य वा लक्ष्य प्राप्त हुँदैन भन्ने मान्यता थियो । सबै बेकार भएर जाने र उल्टो परिणाम आउन सक्ने सम्भावना रहन्थ्यो । जस्तै : सातौँ मन्वन्तरमा वैवस्वत मनुले छोरा हुने यज्ञ गरेका थिए । रानीको मनोभावमा छोरी आएको हुनाले उल्टो परिणाम निस्कियो र छोरीको रूपमा ईला उत्पन्न भइन् ।

यिनै कुरालाई ध्यानमा राखेर होला त्रेतामा राजा दशरथका गुरुपुरोहित वशिष्ठ त्यस्ता बडा विद्वान्, ज्ञानी र शक्तिशाली हुँदाहुँदै पनि पुत्रेष्टि यज्ञ गर्नका लागि शान्तका पति श्रृङ्गी नै चाहियो । उनी यसमा पूर्ण र विज्ञ थिए ।

अर्को एउटा कुरा, लगभग सात अरब जनसङ्ख्या नाघेको यस विश्वमा कर्मकाण्ड गर्न सक्ने क्षमतावान् विद्वान् सातजना पनि भेट्न सकिँदैन । विचारणिय छ कि हामीले गरेका कर्मकाण्ड कति सफल होलान् । तसर्थः कलिमा कर्मानन्दबाट पार पाउन सम्भव छैन ।

२) ब्रह्मानन्द

ब्रह्मानन्द भनेको ब्रह्मको आनन्द प्राप्त गर्नु हो । ब्रह्म एक अदृश्य शक्ति हो । जसको रूप/आकार केही छैन । वास्तविक ईश्वर परब्रह्म, परमात्मा यही हो । यसलाई कसैले पनि नकार्न सत्तैन । तर कलिमा सगुन साकाररूपको ध्यान गर्न त मुश्किल हुनेबेला अविश्वासले गर्दा अदृश्य अरूपमा कसरी ध्यान होला र । यसर्थ स्वयं परमात्मा (ब्रह्म) ले जीव उद्धार र कल्याणानार्थ हेतु सगुन साकार रूप लिएर प्रकट हुनु भएको हो । त्यसैले त ब्रह्मानन्दभन्दा प्रेमानन्द ठूलो ।

विश्व जगत्को चारै युग फरक-फरक स्वभावको भएकाले तत् समयमा उत्पन्न मनुष्यहरूको स्वभाव पनि त्यसै अनुरूप हुने गर्दथ्यो । युगानुसार ब्रह्मज्ञानीका केही स्वरूपहरू :

**सत्ययुगमा ब्रह्मज्ञानी चार –**

सनतकुमार जब एकदिन भगवान् नारायणको दर्शन भेटमा वैकुण्ठ गएथे । भगवान्को चरणमा रहेको तुलसीको वासना नाकबाट पसेपछि र भगवान्को मनोहर रूप देखेपछि अचानक प्रेमानन्दमा डुबेथे ।

**त्रेतामा ब्रह्मज्ञानी –**

विदेह जनक, जब विश्वामित्र र वशिष्ठले राम र लक्ष्मणलाई विवाहको समयमा जनकपुरमा लिएर गएथे, भगवान् रामको रूप देखेर उनको गुण र लीला सम्झि प्रेमानन्दमा डुबेथे ।

**द्वापरमा ब्रह्मज्ञानी –**

द्वापरमा उद्धव परमहंस र शुकदेव स्वामी दुई प्रख्यात ब्रह्मज्ञानी भए । जब कृष्णले कंश मारेर काशीमा सन्दिपनी गुरूसँग ६४ दिनमा ६४ कला षड्ङ्ग वेदसमेत अध्ययन गरेर फर्केपछि मथुरा प्रवेश गरी आफ्नो पहिलाको कबुलअनुसार कुब्जा लगायतका भक्तहरूका घर घरमा गई दर्शन दिन लाग्नुभयो । त्यतिबेला उद्धवलाई भन्नुभयो - तिमी त ब्रह्मज्ञानीमा श्रेष्ठ छौ । जाऊ, ब्रजमा ती मेरो प्राणलाई आफ्नै प्राण ठान्ने गोपिनीहरू मेरो लामो विछोडले पिरोल्लिएर रोएका होलान्, तिम्रो ज्ञानले सम्झाई/बुझाई आऊ । उद्धव पनि वृन्दावनमा गएर विभिन्न सुत्रबाट सम्झाए तर गोपिनीले भने हाम्रो मन एक मात्र छ । यो मनमा श्रीकृष्णको प्रेम भरिएको छ । दोश्रो मन हामीसँग छैन । अब तिम्रो ब्रह्मज्ञान हामी कहाँ राखौँ ? तसर्थः चाहिंदैन तिम्रो ब्रह्मज्ञान तिमी नै लिएर जाउ । तब उद्धव परमहंस झस्किए र धन्य, धन्य गोपिनी भन्दै प्रेमानन्दमा उनको चेतन पस्यो र तिनै गोपिनीलाई गुरु मानेर परब्रह्म श्रीकृष्णको भक्ति[illegible]

अर्को ब्रह्मज्ञानी शुकदेवजीले जङ्गलमा ध्यानमा बसेको अवस्थामा पनि व्यासका शिष्यहरूले भागवतको श्लोक पढेको सुनेछन् । जस्मा आफैँलाई विष पिलाएर मार्न आएकी पूतनालाई पनि मुक्ति दिनुभयो; आमाले पाउने श्रद्धा दिनुभयो, भन्ने सुनेपछि उनको पनि होस खुलेछ । त्यस्ता आफैँलाई मार्ने शत्रुलाई त श्रद्धापूर्वक मुक्ति दिनुभयो भने अरूहरूलाई त झन् किन नदिनु होला र भन्दै श्रीकृष्णको भक्तितिर उनको मन तानिएछ ।

**कलिमा ब्रह्मज्ञानीका नेता शंकराचार्य –**

त्यतिबेलाको समयमा तयार भएको परिवेशअनुसार म्लेक्षहरूले बढी हिंस्रक कार्य गरेकाले त्यसबाट रोक्न बाहिर ब्रह्मज्ञानको प्रचार गर्नुहुन्थ्यो । किनकि सबैमा ब्रह्म छ । ब्रह्ममय जीवलाई हिंसा गर्नु हुँदैन । यो सन्देशका लागि ब्रह्म ज्ञानको प्रचार गरेको हो । भित्रभित्रै आफू भने श्रीकृष्णको भक्ति गर्नुहुन्थ्यो । अन्तिममा आफ्ना अनुयायीहरूलाई पनि भन्नुभयो कि ब्रह्मज्ञानबाट मात्रै मुक्त हुन सकिँदैन । अब साकार रूपको भक्ति पनि गर्नुपर्छ ।

३) प्रेमानन्द

भक्ति र प्रेम एक अर्काका पर्यायवाची शब्द हुन् । कहीं नभएको आनन्द प्रेममा हुन्छ । त्यसैले प्रेम अत्यन्त गहिरो र सुमधुर हुन्छ । यसमा बुझ्नु पर्ने कुरा सांसारिक प्रेम क्षणिक हुन्छ । अध्यात्मवादीको प्रेम अत्यन्तै बलियो हुन्छ । जसले भगवत प्रेममा फसेर प्रेमरसको स्वाद पाईसकेको छ, त्यो छुटेर फेरी सांसारिक प्रेममा दगुर्दैन । प्रेमको प्रकार पनि धेरै छन् । ती हुन् -

क) शान्तभाव (शान्त स्वभावको दर्शन मात्र)

ख) दास्यभाव (सेवा गर्न पाउने)

ग) सख्यभाव (साथीको जस्तो व्यवहार गर्न पाउने)

घ) वात्सल्यभाव - मातृभाव (आमाको जस्तै व्यवहार पाउनु)

ङ) माधुरीभाव (पति पत्नीको जस्तो भाव)

यो माधुरीभावको प्रेम सबैभन्दा उच्च कोटीको छ । कारण मानौँ कुनै पनि पत्नीले आफ्नो पतिसँग जस्तो कुरा पनि गर्ने छुट हुन्छ । जस्तो काम पनि अह्राउन सक्छिन् । न्यायधीशको कुर्सीमा बसुञ्जेल न्यायधीश होलान् । छुट्टी भएपछि घरमा त श्रीमतीको अधिन हुन्छ नै । त्यस्तै भगवान् पनि प्रिय भक्तको अधिनमा रहनुहुन्छ । यसमा लिङ्गभेद र जातजातिको सम्बन्ध हुँदैन । पुरुष त ! अलौकिक पुरुष, परम पुरुष, पूर्ण पुरुष एकमात्र उनै परमात्मा मात्र हुन् । उनको नजरमा हामी सबै स्त्री लिङ्गी नै हौ ।

यो माधुरीभाव पनि ३ किसिमका छन् :

अ) साधारण रति प्रेम - आफ्नो स्वार्थको लागि प्रेम जस्तै : कुब्जा

आ) सामञ्जस्य रति प्रेम - आफ्नो र भगवान्को पनि आनन्दको लागि गरिने प्रेम जस्तै : द्वारकामा १६,१०८ रानीको प्रेम ।

इ) सामर्थ्य रति प्रेम - भगवान्को आनन्दका लागि मात्र प्रेम जस्तै : ब्रजका गोपीहरू । प्रेममा (भक्ति) कुनै नियम र विधिको पनि आवश्यक नपर्ने भएकोले कलिमा अत्यन्त लाभदायक छ । भागवत त (प्रेम) भक्तिको सागर हो ।

## चार प्रकारका वैष्णव

वेदको विधिअनुसार मन्त्र सिद्धिका लागि वैष्णवमा चार प्रकारका सम्प्रदाय छन् :

जस्तै : श्री - हंस - ब्रह्म - रुद्रश्च चत्वारो वैष्णवा मता ।

१) श्रीसम्प्रदाय - रामानुज सम्प्रदाय कहलियो ।

२) हंस सम्प्रदाय - निम्वार्क नामले प्रसिद्ध भयो ।

३) ब्रह्म सम्प्रदाय - माध्वचार्य नामले विख्यात भयो ।

४) रुद्र सम्प्रदाय - विष्णुस्वामी नामले प्रचार भयो ।

यी चारै सम्प्रदायका आ-आफ्ना इतिहास, आफ्नै परम्परा, आफ्नै वैदान्तिक सिद्धान्त र आफ्नै विधिबाट उपासनका क्रम छन् । यस्मा केही भेद वा विकल्प छैन । जसले यी चार सम्प्रदायमा सानो ठूलो, तल र माथि अथवा आफ्नो र पराई सम्झेर भेद गर्दछ, त्यो अल्पज्ञ र अल्पवुद्धि भएको स्वाँठ ठहरिन्छ । त्यो चारै सम्प्रदायको विशालता, पवित्रता एवम् अत्यन्त प्राचीन वैष्णव सिद्धान्तको रहस्य नजान्ने अज्ञानी हो । यस पावन अवसरमा त्यस्ताको बढी चर्चा गर्नु व्यर्थ छ ।

अतः वैष्णवले यस्ता अपराधबाट बच्न सजिलो एक उपाय हो वैष्णव वैष्णवमा भेद दृष्टि नगर्नु । आफ्ना गुरूबाट प्राप्त दीक्षा निरन्तर परिपालन गर्नु । यसैमा कल्याण छ ।

## श्रीनिम्वार्क सम्प्रदाय

वैष्णवका चार सम्प्रदाय मध्ये निम्वार्क एक सम्प्रदाय हो । श्रीमद्भागवत एकादशस्कन्धमा बताएअनुसार ब्रह्माका प्रथम मानसिक पुत्र सबैभन्दा पूर्वजका पनि पूर्वज सनकादि चार ऋषिलाई भगवान्ले हंसरूप धारण गरेर (हंस-नीर, विवेकी, दूग्ध र पानी छान्न सक्ने) स्वयं शुक्लवर्णका, पवित्र, विशुद्ध वैष्णव मार्गको उपदेश दिनु भएको थियो । स्वयं भगवान्ले परम पवित्र हंसको रूप लिएर सनकादिलाई निर्देश भएकाले यो सम्प्रदाय हंस सम्प्रदाय हो । भगवान्का मुख्य चौबीस अवतारमध्ये एक हंस अवतार सनकादिलाई मन्त्रोपदेश दिनको लागि भएको थियो । सनकादिले उक्त भगवान् हंसबाट प्राप्त मन्त्र जप गर्नुभयो । त्यसपछि यो हंस सम्प्रदायबाट सनकादिक सम्प्रदाय भनेर प्रख्यात भयो । यिनमा केही भिन्नता छैन, एकै हो ।

अब सनकादिले मरीचि, भृगु आदि महर्षिलाई प्रवृत्ति मार्गको ज्ञान दिनुभयो । तर नारदलाई भने अति कल्याणकारी पवित्र निवृत्ति मार्गको उपदेश दिनुभयो ।

भगवान्ले जब घोर कलियुग आयो तब जीव उपर कृपा गरेर आफ्ना हातमा रहेको सुदर्शन चक्रलाई कृपापूर्वक निर्देशन दिनुभयो । हे सुदर्शनचक्र ! तिमी

मेरो परम प्रिय शस्त्र मात्र होइनौ, प्राणको स्वरूप पनि हौ । भक्तको रक्षा दुष्टको संहार गर्ने मेरो अभिन्न स्वरूप हौ । म तिमीदेखि प्रसन्न छु । तिमी मृत्यु लोकमा जाऊ । तिमी आचार्य निम्वार्कको रूपमा अवतीर्ण भएर हंस रूपले मेरो उपदिष्ट मार्ग विष्णुमार्गलाई अगाडि बढाई विस्तार गर । तब जीवका सन्ताप हट्ने छन् ।

तब सुदर्शन चक्रले प्रभुको आज्ञा र इच्छाअनुसार पहिले दक्षिण भारत गोदावरीको किनारमा अवस्थित सुदर्शन आश्रममा भृगुबसी अरूण ऋषिकी पत्नी जयन्ती देवीको गर्भबाट कार्तिक शुक्ल पूर्णिमाको साँझमा प्रकट हुनुभयो । त्यसपछि ब्रज मण्डलको गिरीराज नीमग्राममा आएर नीमकै रूखमुनि बसेर तपस्या गर्दा अतिथिको लागि सूर्यलाई अर्घ्य दिंदा ब्रह्मा आउनुभयो । सूर्य अस्ताइसकेपछि पनि फेरी सूर्य चम्कनु भयो । तब ब्रह्मा खुशी हुनुभयो र भन्नुभयो - तपाईं निम्वार्क नामले प्रसिद्ध हुनु हुनेछ ।

१) भगवान्ले विशुद्ध हंसरूपले सनकादीलाई उपदेश दिएकाले - हंस सम्प्रदाय ।

२) सनकादिले नारदलाई निवृत्ति मार्गको उपदेश दिएकाले सनक सम्प्रदाय ।

३) निम्वार्कजीबाट दीक्षित भएकाले - नारद सम्प्रदाय पनि भन्छन् ।

४) निम्वार्कजीले नीम नामको ग्राममा आएर नीमकै फेदमा बसेर तपस्या गरेकाले - निम्वार्क सम्प्रदाय ।

५) भगवान्को आज्ञाअनुसार सुदर्शनचक्रले नै निम्वार्कको अवतार भएकोले - सुदर्शन सम्प्रदाय । तर यसमा केही भेद छैन एकै हो ।

## गोपिनीका गुरु श्रीकृष्ण

रासलीलाबाट गोपिनीहरूलाई बाहिरी आवरण त्यागेर सुक्ष्म मनरूपबाट शरणागति हुन सिकाए । गोपिनीले भौतिक शरीर आफ्नै परिवार र पतिलाई छाडेर सुक्ष्मरूपको मनलाई लिएर रास लीलामा गएका थिए । यी लगायतका सबै कर्म कृष्णले नै सिकाएका हुनाले मन भगवान्मा लगाउन जाने ।

# शुकदेव स्वामी र राजा परीक्षितको साइनो

गोलोकमा राधा मैयाले पालेका एक जोडी सुगा रहेछन् । जस्ले मैया बाहिर निस्कँदा र भित्र पस्दा स्वागत गर्थे । मीठो बोलीमा *गोपिकृष्णकहु* पनि भनिरहन्थे । एकदिन राधा मैया दरबारबाट मनमोहक र सुन्दर बगैंचामा सुवास्ना लिन र मन बहलाउन जाँदै थिइन् । ती पालेका र थुनिएका तालिम समेत पाएका सुगाले सदा जस्तै मैयाको स्वागत गरे । अनि भने *गोपिकृष्णकहु* सधैं बोल्ने तरिका त यहि नै थियो । तर आज मैयालाई आश्चर्य लाग्यो । किनकि यी सुगा सधैं किन गोपिको नाम अगाडि र तिनै लोकका मालिक हाम्रा भगवान्को नाम पछाडि पारेर बोल्छन् । उनले बुझाइन् की अब उप्रान्त *कृष्ण गोपी कहु* भन्नु, भगवान्को अपमान नगर्नु ।

अर्को दिन फेरी राधाजी बगैंचामा जान भनि निस्किेकी थिइन् । ती तालिम पाएका सुगाले त पहिलाकै जस्तो गरी *गोपिकृष्णकहु* भने । राधा मैयालाई अत्यन्तै रिस उठेछ । पालेलाई आदेश गरिन् की यस्ता अटेरी र भगवान्को अनादर गरी बोल्ने सुगालाई यहाँबाट धपाई दिनु । तब पालेले आज्ञा शिरोधार्य गर्दै ती सुगालाई पिँजडाबाट लखेटी दिए । ती सुगा उड्दै उड्दै भौतारिँदै अत्यन्त लामो लामो बेग हान्दै शिवजीको लोक कैलाश पर्वतको जङ्गलमा एक सुकेको रूखको टोड्कामा भोक प्यासले बसेछन् ।

# पार्वतीले अमर कथा सुन्नु

अघि एकपटक कैलाश धाममा शिवजी अत्यन्त प्रसन्न मुद्रामा रहेको अवस्थामा पार्वती मैयाले विन्ति गर्नुभएछ । प्रभु ! हजुर त त्रिकालदर्शी हुनुहुन्छ । त्रिनेत्रधारी हुनुहुन्छ । सबै देवताहरूका पनि देवता हुनाले महादेव भन्दछन् । हजुर सर्वज्ञ हुनुहुन्छ । संसारका सबै कार्य जान्नुहुन्छ । आज मलाई अमर कथा सुनाउनुहोस् ।

शिवजी भन्नुहुन्छ - तिमीलाई त्यस्तो शुभ ईच्छा भएछ, अब म सुनाउँछु । तर तिमी बाहेक अरू कसैले सुन्न हुँदैन । तसर्थः पहिला यस जङ्गलका जीव जन्तु लगायत सबै प्राणी धपाएर खालि पारेर शान्त स्थल बनाउनुपर्छ । भनेर शिवजीले आफ्नो त्रिशूलद्वारा जङ्गलमा बस्ने जनावरदेखि सारा किट पतङ्ग हटाएर शान्त र आनन्दित भूमि बनाउनु भयो ।

अनि पार्वतीलाई आफ्नो नजिकै राखेर भन्नुभयो – म जति कथा भन्दै जान्छु ति( मीले हँ हँ भनेर हुँकार गर्दै सही थप्दै जानु । यसरी अमर कथा सुरू गर्नुभयो । भन्दै जाँदा आधासम्म त सुन्नु भएछ । त्यसपछि शिवजीकै काखमा सिनारी गरेर भुसुक्कै निदाएर घुर्न पो लाग्नु भएछ । उता शिवजी दुई आँखा पटल बाँधेर तेस्रो आँखा खोलेर कथा भनीरहेका थिए । यो हुँकार कसले गऱ्यो त भनेर ध्यान दृष्टिले हेर्दा त ती सुकेका रूखको टोड्कामा बसेको सुगाले पो हुँकार भरेका रहेछन् । यिनलाई नमारी छाड्दिन भनेर शिवजीले त्रिशुल छाडिदिनु भयो । सुगालाई आपत पऱ्यो । भाग्दा भाग्दै संसार डुले, कहीं आश्रय पाएनन् । त्यसै अवसरमा व्यास पत्नी धृताचि अप्सराले उत्तेजना फैलाएर हाई गरेकी थिइन् त्यसैबेला यहाँ बाच्छु भनेर स्वाट्टै मुखमा पसेर पेटमा पुगेछ । १२ वर्ष गर्भमा बसे । कारण उनको सांसारिक भोगमा इच्छा थिएन । पृथ्वीमा आएपछि भोग विलासले सताउँछ भनेर । दशै दिसा शान्त शुभ मुर्हूत भएपछि आमालाई पनि कष्ट भएको ठानी पृथ्वीमा अवतरित भए । जसको नाम शुकदेव स्वामी भयो । व्रतबन्ध पनि हुन नपाई जङ्गल पसे र अवधूत भई विचरण गर्ने भए ।

उता अर्को सुगा घुम्दाघुम्दै समय पुगेपछि अर्जुनको छोरो अभिमन्युकी पत्नी उत्तराका गर्भमा प्रवेश भई राजा परीक्षितको रूपमा जन्म भयो । यसरी अघिल्लो जन्मको नाता लगाएर शुकदेव दाजु र परीक्षित भाइ भनेर भाइको उद्धार गर्न भनि हिमालय पर्वतबाट भागवतको पुस्तक च्यापेर गङ्गा तटमा पुग्नुभयो । जहाँ राजा परीक्षित सारा ऋषि महर्षिले घेरिएका थिए ।

# कृष्ण सिकिस्त विरामी

द्वारिकामा भगवान् श्रीकृष्ण सधैं ब्रजका गोपिनीहरूको प्रेम र भक्तिको चर्चा गरिरहनु हुन्थ्यो । कृष्णका साथमा रहेका १६,१०८ रानीहरू कृष्णका कुरा सुनेर आश्चर्य चकित हुन्थे । हामीले सधैं कृष्णको साथैमा रहेर सेवा गरेका छौँ, प्रेम गरेका छौँ, भक्ति भरेका छौँ । केही पदार्थको कमी हुन दिएका छैनौँ तर पनि सधैं तिनै ब्रजका गोपिको प्रशंसा किन त ? यसको रहस्य खुलाउनलाई द्वारिकामा श्रीकृष्ण एकदिन सिकिस्तै विरामी हुनु भएछ । अब भगवान्का साथैमा सधैं रहने त तिनै सोह्रहजार एकसय आठ रानीहरू नै हुन् । तिनीहरूले कृष्णलाई सोधे- तपाईंलाई कहाँ कहाँ के भएको छ, कहाँ कहाँ दुख्छ ? कृष्णले मलाई ज्वरो आएको छ, टाउको दुखेको छ साथै पेट पनि दुखेको छ भनेपछि ती रानीहरूले जाने जति सबै उपाय लगाए । भरमग्दुर उपचारको प्रयास गरे, पानीपट्टी बाँधे, तुलसीपत्ताको रस खुवाए । जङ्गलबाट वनबुटि ल्याएर पनि उपचार गरे । गाईको गहुँत छर्किदिए । वेद पाठी ब्राह्मणले पनि फुके, तर शान्ति भएन ।

त्यसै अवसरमा नादरजी टुप्लुक्क आईपुग्नु भएछ । नादरजी पनि भगवान्का प्रिय भक्त थिए अतः हस्याङ्ग-फस्याङ्ग गर्दै भगवान्लाई सोध्न थाल्नुभयो- आफूले जानेको उपचार पनि गर्नुभयो तर पनि शान्ति भएन । अनि नारदजीले पनि उनै भगवान्लाई सोध्नुभयो- हे प्रभु ! तपाईं नै सारा संसार तीनै लोकको कुरा जान्नुहुन्छ के तपाईं आफ्नो कुरा जान्नुहुन्न त ? भन्दा भगवान् भन्नुहुन्छ- जान्दछु । नारद- त्यसो भए तपाईंलाई सबै जान्ने मानिस र वैद्यले समेत उपचार गर्दा किन शान्ति भएन त ? अब तपाई आफैँ जान्नुहुन्छ, भन्नुहोस् त अब के गर्दा तपाईंलाई यो व्यथा ठीक हुन्छ ?

अनि भगवान्ले भन्नुभयो- मलाई मेरा अत्यन्त प्यारा भक्तको चरण धुली माथमा लेपन गरेर जिब्रोको टुप्पामा पनि राखिदियो भने आनन्द र शान्ति आउँछ र यो सम्पूर्ण व्यथा ठीक हुन्छ । यो यस्तो उपचारले मलाई शान्ति आउँदैन ।

नारद- त्यसो भए यी तपाईंका १६,१०८ रानीले तपाईंलाई चरण धुली दिँदा तपाईंलाई ठिक हुन्छ ? भन्दा हुन्छ यी पनि मेरा प्यारा भक्त हुन् भनेपछि नारदले रानीहरूतिर फर्केर झपार्न थाले । तपाईंहरूको चरणको धुलीले भगवान्लाई बिसेक हुन्छ रे, के तपाईंहरूले त्यो धुली दिन सक्नुहुन्न ? रानीहरूले मुखा मुख गरे । १६,१०८ जना रानीहरूले पाउको धुलो भगवान्लाई पर्‍यो भने कल्पौ कल्प नरकगामी हुनुपर्छ भनी शास्त्रिय वचन सुनेका रहेछन् । त्यसो भएकाले दिन नसक्ने जनाए । त्यसपछि नारद पनि झसँग भएर अक्मकाए र कृष्णलाई नै सोधे- भगवान् आफू नरक पर्ने डरले यी हजुरका रानी र पटरानीले समेत चरण धुली दिन मानेनन् म पनि अक्मकाए । अरूहरू सबै हजुरका जो अत्यन्तै प्रेमी भक्त कहलिएका छन् ती कसैले पनि हजुरको माथमा लेपन गर्नका लागि आफ्नो चरण धुली दिन मानेनन् । अब सबै देख्ने र जान्ने हजुरले नै भन्नुहोस् यो चरण धुली कहाँ छ र कस्ले दिन्छ ?

भगवान्- यी तीनै लोकका कुनै प्राणीले पनि मलाई दवाई दिन सक्तैनन् । यहाँबाट सरासर वृन्दावनको ब्रज भूमि हो त्यहाँ ब्रजका गोपिहरू गोडामा पाउजु झम्काएर छम्छम् नाचिरहेका छन् । त्यहाँ गएर भन्नु कि द्वारिकामा भगवान् कृष्ण सिकिस्तै बिरामी पर्नुभएको छ । कस्तै र कुनै दवाईले पनि ठिक भएन । अत्यन्त प्रेमी भक्तको चरण धुली श्रीकृष्णको माथमा लेपन गरेर जिव्रोको टुप्पामा राखेपछि विसके हुन्छ रे । के तपाईंहरूको त्यो चरण धुली दिन सक्नुहुन्छ ? म लिन आएको छु ।

गोपिनीले भने के ती १६,१०८ रानीहरूले दिन सकेनन् ? आफू नकर पर्ने डरले दिन सकेनन् । तिमीले पनि दिन सकेनौ ? भन्दा नारद भन्छन् - मैले पनि सकिन भन्दा ती गोपिनीहरू धेरै जम्मा भएर कृष्णको गीत गाएर नाचिरहेका थिए । त्यसो भए हामी कल्पौं कल्प नरकमा बसेर कष्ट सहनु परे पनि सहन्छौँ । यदि हाम्रो चरण धुलीले श्रीकृष्णको व्यथा विसेक भएर आनन्द आउँछ भने हामी दिन तयार छौँ । मेरो लैजाउ, मेरो लैजाउ भन्दै ती सबै गोपिनीले

पैताला उचाली दिए । छिट्टै लैजाउ र दवाई बनाएर लेपन गरी हाल ढिलो भईसक्यो । तिमी यहाँबाट गई हाल, गई हाल, त्यहाँ भगवान्लाई के भईसक्यो । चाडै गर । अब नारदले पनि ती गोपिनीहरू धुलो उडाएर नचिरहेको ठाउँबाट चरण धुली उठाएर द्वारिका पुऱ्याई पानीमा भिजाएर चन्दन बनाएर श्रीकृष्णका शिरमा वरिपरि लेपन गरी जिब्रोको टुप्पोमा राखि दिए । श्रीकृष्ण जुरुक्क उठेर नारद र ती रानी पटरानी साथै वैद्य र भगवान्का अत्यन्त प्यारा प्यारा भक्तहरूसँग विशेष किसिमका वार्ता गर्न लाग्नुभयो । भनेपछि निस्वार्थ प्रेम र भक्ति कोसँग रहेछ त ? थाहा पाउनु भयो ।

## कस्ता व्यक्ति वैकुण्ठमा जान्छन्

कैलाशवासी शिव पार्वती एक आपसमा प्रेमपूर्वक छलफल गर्दागर्दै एउटा विषयमा विवाद परेछ । पार्वतीले भनिछिन्- यी संसारका भक्तहरू मध्ये कति वैकुण्ठ जान्छन् र कति जाँदैनन् होला ? बारम्बार सोध्न लागिन् कोही न कोही त अवश्य जालान् यदि जाँदैनन् भने के कारणले जाँदैनन् त ? शिवजी- त्यसो भए एउटा कसी राखौँ । यसपालि कुम्भ मेला हेर्न हरिद्वार जाऔँ । म चाहीं गंगाको किनारमा गहिरो खाडल खनेर एक कोरीको रूप लिएर बस्छु । तिमी चाहीं परम सुन्दरी युवती भएर छेउमा बसेर विलाप गर्नू । तिम्रा मनमा वैकुण्ठ जाने जस्ता भक्त त्यहाँ प्रशस्तै आवतजावत गर्नेछन् । दुःख पुकार गर्दै यो खाडलबाट उतारी देऊ भन्नू । जसले मलाई त्यो गहिरो खाडलबाट निकालि दिन्छ त्यही वैकुण्ठ जान्छ ।

वाचाअनुरूप त्यसैगरी पार्वतीले दुःख पुकार गर्दै, गुहार माग्दै सहायता मागिन् । यी मेरा पति हुन् । अशक्तको कारणले यो गहिरो खाडलमा परिहाले उतारी दिनुहोस् भनेर सयौँ भक्तहरूलाई बिन्ती गरिन् । अनेक भेषधारी, तिलकधारी, मालाधारी, साहु महाजन र बनियासँग पनि अनुरोध गरिन् । तर कसैले पनि हेरेनन् । बरू केहीले त यस्तो वचन बोले कि यो माखा भन्किएको कोरीसँग के बस्छौ । मलाई पति भज, सुखमा डुबुल्की मार्नेछौ ।

अन्त्यमा एउटा परम महान् वैष्णव सन्त आएछन् । तिनले परैबाट शिव पार्वतीलाई चिनीहाले र हरे शिवजी ! तपाईंले यो के लीला गरेको ? हजुर त ईश्वर हुनुहुन्छ । संसाररूपी खाडलमा परेकालाई उतारिदिने । हजुरलाई यो खाडलबाट कसले उतार्न सक्तछ र ? म उतारिदिन्छु भन्दै हात समात्न लाग्नुभएको थियो । त्यहाँबाट शिव पार्वती अर्न्तध्यान भई कैलाशमा पुगेर फेरी वार्तामा लाग्नुभयो ।

## प्रह्लाद ज्ञानी र भक्ति हुनुको कारण

१) पहिला हिरण्यकश्यपुले यस्तो प्रतिज्ञा गर्‍यो कि भाइ हिरण्याक्षलाई वराह भगवान्‌ले रसातल गएको पृथ्वी फर्काउन जाँदा मारिदिनु भएकाले अब यो विष्णु नभएको मुलुक बनाउँछु भनि पर्वतमा तपस्या गर्न गयो । त्यसैबेला इन्द्रले हिरण्यकश्यपुकी पत्नी कयादुलाई लखेट्दै मार्न खोज्दा नारदले देखेर रोक्दै यी राक्षसी भएपनि यिनको गर्भमा विष्णुभक्त बालक छ, नमार भनेपछि छाडिदिए । नारदले कयादुलाई उनका पति हिरण्यकश्यपु फर्किएर नआएसम्मका लागि आफ्नै आश्रमका आसपासमा रहने अनुमति दिए । त्यहाँ उनले ती कयादुलाई धेरै उपदेश र तत्त्वज्ञानका कुरा सुनाए । यो कुरा धेरै काल बितेकाले आमाले बिर्सिन् तर प्रह्लादले बिर्सिएनन् ।

२) कयादुले ऋतुकालको समयमा नुहाएर सूर्यलाई जलार्घ्य दिंदा दुई पक्षी हावामा पखेटा बजाउँदै उडेर गएको देखिन् । त्यो आवाजमा उनले विष्णु भनेको सुनिन् । त्यसैको रातमा उनको पेटमा प्रह्लाद गर्भा प्रवेश हुने दिन थियो । यसरी त्यस दिन विष्णुको झझल्को आएकाले गर्भको बालक प्रह्लाद ज्ञानी भयो ।

३) हिरण्यकश्यपु तपस्याबाट अजय र अमर वर पाएर शक्तिशाली भई फर्केर आएपछि स्वर्ग, मर्त्य, पाताल तीनै लोक कब्जामा गरी पाप फैलाउन थाले । त्यसैबेला शत्रु विष्णुको तेज निस्तेज बनाउन भनेर धर्म कर्म बन्द गरायो । एकदिन एक ब्राह्मण लुकीलुकी नदीमा नुहाएर कमण्डलुको जलमा सानु केराउको दाना जत्रा शालिग्राम राखेर आईरहेको हिरण्यकश्यपुले देखे । बाहुनलाई हप्कीदप्की

गर्दै सोधे - कहाँबाट के ल्यायौ ? हजुरकै लागि जल ल्याएको भने ब्राह्मणले । ब्राह्मणका हातबाट खोसी त्यो जल स्वाट्टै पिएको थियो । राक्षसको विशाल हाब्रेमुख त्यति सानो शालिग्राम देख्दै देखेन स्वाट्टै निल्यो । त्यसै शालिग्रामको प्रभाव विर्यमा परिणत भई ज्ञानी प्रह्लादको जन्म भयो ।

४) जुन समयमा प्रह्लाद गर्भमा आउने समय थियो । त्यसै समयमा कयादुले आफ्नो वीर पति हिरण्यकश्यपुसँग सोधिन् हजुर यो तीनै लोकको वीर पुरूष हुनुहुन्छ । हजुरलाई जित्ने कोही पनि रहेनछ । तैपनि यो संसारमा हजुरको शत्रु को हो ? हिरण्यकश्यपुले जो सुकै होस् तँलाई के खोजी भयो भन्यो । तर बारम्बार विरोधाभाष तरिकाले सोधेपछि विष्णु ! भनेर सयपटक भन्यो । गर्भ प्रवेशको समयमा दुबै दम्पत्तिमा विष्णुको मन्त्र उच्चारण भई विष्णुको सम्झना हुन गएकाले प्रह्लाद ज्ञानी भए ।

## साडी लुकाएर पूर्ण शरणागति हुन सिकाए

गोपिनीहरूले आफ्ना साडी यमुनाको किनारमा राखेर यमुनामा भगवान् कृष्ण हाम्रा स्वामी हऊन् भन्दै व्रत पुरा गर्नका निमित्त स्नान गर्न पसेका थिए ।

उताबाट आफ्ना साथीहरूसहित आएर ती गोपिनीहरूका साडी अँगालाभरि राखेर त्यही नदी किनारको कदम वृक्षमा चढेर रमिता किन हेर्नु परेको थियो र ?

फेरी ती निर्वस्त्र नुहाएकालाई साडी चाहिने भए यहाँ मेरा नजिकै आएर लैजाओ भनेर किन भन्नुपर्थ्यो र ? फेरी लाजले एक हातले गुप्ताङ्ग र अर्को हातले स्तन छोपेर आइरहँदा साडी नदिएर फेरी सूर्यको दर्शन दुबै हातले निहुरिएर गर किन भन्नुपर्थ्यो ? फेरी बल्लतल्ल लाजले भुतुक्कै भएर सूर्यको दर्शन त भएको थियो । अब वरूणको जलका देवताको अपमान भयो भनेर पछाडि फर्केर जलमा दुबै हात जोडेर केही झुकेर प्रणाम गर भन्नु पर्ने कारण के थियो ?

यी सबै कर्म भई सकेपछि कृष्णले अत्यन्तै खुशी भएर मुसुमुसु हाँस्दै धन्य धन्य गोपी हो भनेर साडी दिँदै, तिमीहरू अत्यन्तै पवित्र छौ । तिमीहरूलाई म तीनै लोकको मालिक भएर केही दिन चाहँदा पनि दिने चिज केही देखिन, जति र जे दिएपनि कमी नै हुन्छ । तिमीहरूको मप्रतिको भक्ति देखेर खुशी भएँ भन्नुमा के तिनै गोपिनीको पार्थिव शरीरमा रहेका छालादेखि लिएर विभिन्न अङ्गप्रत्यङ्ग हेरेर नै सन्तुष्टि भएको हो त ? होइन बिल्कुलै होइन । यदि कोही कसैलाई यस्तो बुझाई भएको छ भने त्यो सरासर झुठ हो ।

यसको भित्री रहस्य के त भने भगवान्‌को सच्चा भक्ति भएको भक्तलाई कहिल्यै पनि लाज, घिन, डर, त्रास, भय, गर्व, अहंकार र संसारिक पदार्थमा खुशी हुँदैनन् । हर्ष र शोक पनि हुँदैन । ती गोपिनीहरूमा यी सबै कुराले शून्य पाएर श्रीकृष्ण खुशी हुनुभएको थियो । यो तीनै लोकमा गोपिनीको भक्ति बराबर अन्य कुनै भक्तको भक्ति ठहरेन । यी माथिको सबै कृयाकलापले कृष्णले गोपिनीलाई पूर्ण शरणागति हुन सिकाउनु भएको हो ।

## भगवान् परस्पर धर्मको अधिष्ठाता हुन्

१) भगवान् (पिता) परम् पुरुष हुन् - प्रकृति (मात) शक्ति हुन् ।
२) भगवान् सर्वज्ञ हुन् - हामी अल्पज्ञ ।
३) भगवान् प्रेमास्पद हुन् - हामी प्रेमी ।
४) भगवान् शक्तिमान हुन् - राधा शक्ति ।
५) भगवान् अंशी हुन् - हामी अंश ।
६) भगवान् प्रेरक हुन् - हामी प्रेर्य ।
७) भगवान् प्रकाश हुन् - हामी प्रकाश्य ।
९) भगवान् पुरुष हुन् - सबै प्रकृति/स्त्री हुन् ।
१०) भगवान् मुसुक्क हाँस्नु भनेको योगमायालाई बोलाउनु हो ।

# लक्ष्मी, पार्वती र सरस्वतीभन्दा अनुसुया श्रेष्ठ

लक्ष्मी, पार्वती र सरस्वती माताहरू एक ठुलो तलाउमा नग्नावस्थामा जलक्रीडा गरिरहेका थिए । नारद त्यही बाटो भएर कैलाश पर्वत जान भनि आएछन् । नारदले जाँदै गर्दा आश्चर्य मानेर दृष्टि दिएछन् । तब तीनैजना माताहरूले कपडा पहिरिएर नारद समक्ष पुगी वार्ता गर्न लागेछन् ।

नारदले भने- हे माता हो ! तपाईं त देवमाता भएर पनि यस्तो निन्दित कर्म गर्नुहुँदो रहेछ । तपाईंहरूलाई के श्रेष्ठ र उत्तम मान्नु ? तपाईंहरूभन्दा ती अत्री ऋषिको पत्नी अनुसुया नै धेरै उत्तम र श्रेष्ठ छिन् ।

यो कुरा सुनेर माताहरूलाई इर्ष्याभाव जाग्यो । नारद त्यहाँबाट हिंडि हाले । सबै माताहरूले आ-आफ्नो पतिदेवसँग आफूहरूले नग्न जलक्रीडा गरेको र नारदसँग भएको सारा बेलिविस्तार लगाएर भने हामी जगत् जननी संसारकी माता भयौँ र ती अनुसुया अत्रि ऋषिकी पत्नी कसरी ठुली भइन् ? यी नारद बडा बदमास रहेछन् ।

पर्ख त्यसो हो भने ती अनुसुयाको हामी परीक्षा गर्न जान्छौँ । त्यतिबेरसम्म धैर्य धारण गरेर बस भनेर ब्रह्मा, विष्णु महेश्वर तिनै देवताहरू अत्रि ऋषिको कुटिमा भिक्षु बनेर गए । अनुसुयाले पनि खुशी भएर सोधिन्- हे अतिथि देव ! तपाईंहरू केको इच्छाले यहाँ आउनुभयो ? हामी कस्ता भाग्यमानी रहेछौ । यस्ता सुन्दर अतिथिका पावन पाउले हाम्रो कुटिया पवित्र भएको छ । तपाईंहरूलाई के टक्र्याउँ ? कसरी सेवा गरूँ ?

अतिथि भिक्षुहरू- हे ब्राह्मणी हामीलाई अरू केही चाहिंदैन । भोकाएका छौँ । तसर्थः मीठो मीठो पदार्थ खानदिनुहोस् । तर तपाईंले नग्न भएर ल्याएको पदार्थ मात्र खान्छौ । नत्र खाँदैनौँ भनेपछि अनुसुयाले स्वीकार गरी खाना पकाएर तयार भएपछि ती अतिथिलाई खाना खान बोलाईन् । त्यसै अवसरमा उनको

पतिव्रता धर्मका कारण तीनैजनालाई साना बालक बनाइन् र मातृभावले अत्यन्त प्रेमपूर्वक खाना खुवाएर सन्तुष्ट पारिन् । एवम् तरिकाले धेरै वर्ष बितेछ । ब्रह्मा, विष्णु र महेश्वरको खोजि हुन थाल्यो । लक्ष्मीले विष्णुको, पार्वतीले शिवजीको, सरस्वतीले ब्रह्माको खोजी गर्न लागे । त्यति मात्र हैन संसार मै ब्रह्मा, विष्णु, महेश्वरको यत्र तत्र खोजि भयो । कहीं कसैले पत्ता लाउन सकेनन् । आखिरी तिनै नारद, नारायण ! नारायण ! भन्दै तिनै माता समक्ष पुगे । तीनैजना माताले भयभित भएर नारदलाई सोधे- हे नारद ! ब्रह्मा, विष्णु, महेश्वर तीनैजना छैनन् । यत्रो वर्ष भईसक्दा पनि आएनन् कहाँ गए होलान् ? लौन पत्ता लगाउनु होस् । तपाईं त संसार डुल्नु हुन्छ । भगवान्कै खबर बोकेर हिंड्नु हुन्छ । तपाईं अवश्य पनि जान्नुहुन्छ ।

नारदले भने- हे देव माता तपाईंहरू आत्तिनु पर्दैन । ब्रह्मा, विष्णु, महेश्वर तिनै भगवान्हरू अत्रि ऋषिका कुटिमा अनुसुयाले राखेकी छिन् । विनयपूर्वक मागेर ल्याउनु होस् । नारदका मुखबाट यति कुरा सुन्ना साथै तिनै देवमाताहरू ऋषिका कुटिमा पुगेर अनुसुयासँग विनम्रपूर्वक भने- भगवान्हरू तीनैजनालाई तपाईंले राख्नुभएको छ रे । के कारणले यहाँ विलम्ब गरेर राख्नुभयो ? त्यो पनि भन्नुहोस् र अब ती भगवान्हरू हामीलाई दिनुहोस् । अनुसया- के कारण पऱ्यो तीनैजना भगवान्हरू नै बताउने छन् ।

अब ती तीनै माताहरूले तीन भगवान् एउटै रूपका भएर बसेकाले चिन्न सकेनन् र तिनै अनुसुयासँग फेरी अनुनय विनय गर्दै भने- हाम्रा यी तीनजना भगवान् एउटै रूपका बालक भएर बसेका रहेछन् हामीले चिन्न सकेनौँ भनेपछि अनुसुयाले स्पर्श मात्र गरेकी थिइन् ब्रह्मा, विष्णु, महेश्वर रूप भएर आफ्नो आफ्नो पत्नीसँग गए । लक्ष्मी, पार्वती र सरस्वतीको घमण्ड यसरी तोडियो ।


स्मरण रहोस् माता अनुसुयाको आग्रहले तीनैजना भगवान्ले माताको कोखमा दत्तात्रयरूपमा जन्म लिनुभएको थियो । जसबाट विख्यात अवधुत गीताको प्रशारण भयो ।

# भगवान् श्रीकृष्णद्वारा राखिएका गौमाताका १०८ नाम :

१. कपिला,
२. गौतमी,
३. सुरभि,
४. गौमाता,
५. नन्दिनी,
६. श्यामा,
७. वैष्णवी,
८. मङ्गला,
९. सर्वदेव-वासिनी,
१०. महादेवी,
११. सिन्धु अवतरणी,
१२. सरस्वती,
१३. त्रिवेणी,
१४. लक्ष्मी,
१५. गौरी,
१६. वैदेही,
१७. अन्नपूर्णा,
१८. कौशल्या,
१९ देवकी,
२०. गोपालिनी,
२१ कामधेनु,
२२. अदिति,
२३. माहेश्वरी,
२४. गोदावरी,
२५. जगदम्बा,
२६. वैजयन्ती,
२७. रेवती,
२८. सती,
२९. भारती,
३०. त्रिविद्या,
३१. गंगा,
३२. यमुना,
३३. श्रीकृष्णा,
३४. राधा,
३५. मोक्षदा,
३६. उतरा,
३७. अवधा,
३८. ब्रजेश्वरी,
३९. गोपेश्वरी,
४०. कल्याणी,
४१. करूणा,
४२. विजया,
४३. ज्ञानेश्वरी,
४४. कालिन्दी,
४५. प्रकृति,
४६. अरून्धति,
४७. वृन्दा,
४८. गिरिजा,
४९. मनहोरणी,
५०. संध्या,
५१. ललिता,
५२. रश्मि,
५३ ज्वाला,
५४. तुलसा,
५५. मल्लिका,
५६. कमला,
५७. योगेश्वरी,
५८. नारायणी,
५९. शिवा,
६०. गीता,
६१. नवनीता,
६२. अमृता अमरो,
६३. स्वाहा,

६४. धनञ्जया,
६५. ओमकारेश्वरी,
६६. सिद्धिश्वरी,
६७. निधि,
६८. ऋद्धिश्वरी,
६९. रोहिणी,
७०. दुर्गा,
७१. दूर्वा,
७२. शुभमा,
७३. रमा,
७४. मोहनेश्वरी,
७५. पवित्रा,
७६. शताक्षी,
७७. परिक्रमा,
७८. पितरेश्वरी,
७९. हरिसद्धि,
८०. मणि,
८१. अञ्जना,
८२. धरणी,
८३. विन्ध्या,
८४. नवधा,
८५ वारूणी,
८६. सुवर्णा,
८७ रजता,
८८. यशस्विनी,
८९. देवेश्वरी,
९० ऋषमा,
९१. पावनी,
९२ सुप्रभा,
९३. वागेश्वरी,
९४. मनसा,
९५. शाण्डिली,
१६. वेणी,
९७. गरूडा,
९८. त्रिकुटा,
१९. औषधा,
१०० कालाङ्गी,
१०१. शीतला,
१०२. गायत्री,
१०३ कश्यपा,
१०४. कृतिका,
१०५ पूर्णा,
१०६. तृप्ता,
१०७ भक्ति,
१०८, त्वरिता ।

**गीतं गोनामसाहस्रं रामानन्दपदार्चिना ।**
**रामभद्राचार्येण पठन् गोभक्तिमाप्नुयात् ।।**
**मङ्गलं सुरभिर्देवी मङ्गलं वत्सवत्सला ।**
**मङ्गलं जगतां धात्री गोमाता नित्यमङ्गलम् ।।**


श्रीमद्भागवत
महापुराण
महात्म्य

# महात्म्य

## सारांश

अध्यात्मको चरममा पुग्न पूर्वजन्मको कर्मको विशेष भूमिका रहन्छ । कर्मानुसार नै शरीरधारीले नानाथरीका प्रपञ्चमा सहभागी हुन्छन् । पूर्व जन्ममै यथासक्य सम्पूर्ण कर्म गरी अघाएका हुनाले जन्मने वित्तिकै संसारलाई असार मानेर संन्यास व्रतका निमित्त वनतिर प्रस्थान गर्दा पिता व्यासमाथि परेको पुत्र वियोगले शरीरको मोहको माया प्रपञ्च पनि देखायो यस महात्म्यले । उही पुत्र शुकदेवले अध्यात्मको उपल्लो श्रेणीमा पुगेर शरीर रहँदै यर्थाथ ज्ञान जान्न सकिने र सदाका लागि मोक्ष हुने सत्यार्थ दर्शन दिएको देखिन्छ । मूल रहस्य मूलबाटै फूटेर आउँछ, यसमा दुईमत छैन नै, यही रहस्यसहित ब्रह्माण्डको रहस्य उजगार गर्ने क्रममा स्वयं देवादि देव महादेवको श्रीमुखको वाणी प्रकृतिरूपी पार्वतीसम्म पुगेको रहस्य समस्त मानवजातिलाई प्रदान गर्ने महामुनी शुकदेवको अमृतवचन नै कालान्तरमा श्रीमद्भागवद् महापुराणका रूपमा आज हामी माझ रहेको स्पष्ट छ ।

अणु-अणु, कण-कणको शल्यक्रियाबाट नारायण, नारायणबाट ज्ञान वैराग्य आदि र सम्पूर्ण ईश्वरीय तत्त्वका जानकारी रहेको यस महापुरण नै मानव जातिको कल्याणको एकमात्र ब्रह्मअन्न हो ।

विशेष गरी भगवान् श्रीकृष्णको थुप्रै लीलाको वर्णन रहेको यस पुण्यमयी महापुरणमा साधाराण व्यक्ति सहजै आकर्षित होस् भन्ने हेतुले विभिन्न ऋषिमुनिहरूको प्रश्नोत्तर रूपमा कयौँ घतलाग्दा संवादहरू रहेका छन्, जसलाई यथार्थ रूपमा गहिरिएर बुझ्ने हो भने मानवले वास्तविक ज्ञानको रस्वादान गर्ने सुवर्ण अवसर पाउँछ नै ।

# महात्म्य

**सच्चिदानन्दरूपाय विश्वत्पत्त्यादिहेतवे ।**
**तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ।।**

## १ . सूतशौनक सम्वाद, भक्ति ज्ञान वैराग्यसँग नारदको भेट

श्रीकृष्णचन्द्र सच्चित आनन्दका स्वरूप हुन् जो यस ब्रह्माण्डको उत्पत्ति, पालन र संहारका कारण हुन् । जसले आफ्नो भक्तलाई भौतिक, दैविक र अध्यात्मिक सुख दिनुहुन्छ ।

### शुकमुनिको वन्दना

जन्मने वित्तिकै संसारलाई असार मानेर संन्यास व्रतका निमित्त वनमा जाँदा पिता व्यासले छोराको वियोग सहन नसकी पुत्र ! पुत्र ! भनेर बोलाउँदा शुकदेवलाई आफ्नै आत्मा ठान्ने वृक्षले जवाफ दिएका थिए । आफ्नो योग बलले सबै प्राणीको हृदयमा प्रवेश गर्ने शुकमुनीलाई प्रणाम गर्दछु ।

कुनै समयमा नैमिषारण्य क्षेत्रमा भगवत् कथामृत रसस्वादन गर्न कुशल मुनि शौनकले महामति सुतजीसँग नमस्कार गर्दै एक प्रश्न गरे- कलिमा मानिस राक्षस भएर पापी, पाखण्डी दुःखी हुन्छन् । तसर्थः विष्णुको मोहपास छुटेर भक्ति, ज्ञान र वैराग्य उठी परमात्मारूपी श्रीकृष्णमा चित्त लाग्ने एक कथा सुनाउनुहोस् ।

सुतजीले जवाफ दिनुभयो कि कलिमा जीवलाई (संसाररूपी) डरलाग्दो सर्पका मुखबाट झिक्ने उपाय शुकमुनिको मुखबाट निस्किएको अमृतमय श्रीमद्भागवतरूपी शास्त्र नै हो ।

किनकि, जब शुकदेवले राजा परीक्षितलाई यो भागवत कथा सुनाउने समयमा देवताहरूले अमृतको कलशसँग साट्न खोजेका थिए ।

फेरी ब्रह्माजीले सत्य लोकमा विज्ञानको तुलामा एकातिर भागवत र एकतिर अन्य सबै शास्त्र राख्दा पनि अरू शास्त्रहरू नै हलुका भए । यसैकारण सबै ऋषिहरूले श्रीमद्भागवतलाई भगवान्को साक्षत् रूप माने । ऋषिकुमारहरू विशाल श्रीमद्भागवत नगरीको सत्संगमा जम्मा हुँदा नारदलाई पनि देखे र उनको व्याकुलताको कारण सोधे - नारद अत्यन्तै दिग्दार भएर भन्छन् - पृथ्वीको सर्वोत्तम लोक भारतवर्षका तीर्थस्थल पुष्कर, काशी, हरिहर क्षेत्र, कुरूक्षेत्र, श्रीरङ्ग, सेतुबन्ध सारा तीर्थ डुलें । तर मैले कहीं पनि हृदयमा आनन्द र शान्ति पाईन । कलिकालको अधर्मले गर्दा सबै मानिस पापी, पाखण्डी अधर्मी भई, ब्राह्मण - वेद बेच्ने, घरको माली - छोराछोरी बेच्ने, नारी - रूप बेच्ने, योगी - पेट पाल्नको लागि दगुरेका छन् । सच्चा योगी र ज्ञानी कहीं पनि भेटिएनन् । यसकारण मलाई अशान्ति भएर व्याकुल भएँ ।

फेरी यमुना नदीको तटवर्ति वृन्दावनमा पुगें, त्यहाँ मैले कलिले सताइएका बुढा, ज्ञान, वैराग्य र तरूणी आमा भक्तिलाई देखें ।

भक्तिले प्रश्न गरिन् - 'म किन तरूणी भएँ र मेरा छोराहरू ज्ञान र वैराग्य किन बुढा भए' नारदले जवाफ दिए कि 'संसारका विषय वासनामा डुबेका अन्धा र पाखण्डी मानिसले तिमीलाई त्यागी दिए । त्यसैले तिमी बुढी भयौ ।

तर अब यो वृन्दावनमा पुगेपछि तिमी तरूणी भयौ किनकि यहाँ भक्ति सधैं नाचिरहन्छिन् । यी तिम्रा छोरा ज्ञान वैराग्यलाई पनि केही शान्ति भएको छ ।

फेरी भक्तिले सोधिन- 'राजा परीक्षितले यो दुष्ट कलिलाई किन छुट्करा दिएछन् ? कलि परिक्षितसँग दिनदुःखी भएर शरण पऱ्यो । फेरी अरू युगभन्दा यो कलियुग उत्तम छ । किनकि यस युगमा ज्ञान वैराङ्गको साधना गर्न नसके पनि केवल भक्ति साधनाले प्राणी मुक्त हुन्छ । सत्ययुगमा सम, दम, प्राणायाम र लामो समयसम्म तपस्या गरेर मात्र प्राणी मुक्त हुन्थे । त्रेतामा वेद विधिको

कर्मकाण्डले वा ठुला ठुला यज्ञ, होम, दान गर्नाले प्राणी मुक्त हुन्थे । द्वापरमा तान्त्रिक विधिद्वारा विभिन्न सामग्रीले पूजा अर्चना गरेर प्राणी मुक्त हुन्थ्यो भने कलियुगमा पवित्र कार्यको संकल्पले मात्र पनि कार्य सिद्ध हुन्छ । तर पापकर्म भने मन, वचन र शरीरले भोगेपछि मात्रै सिद्ध हुन्छ । कलिमा केवल हरि कीर्तनले मात्र जीव मुक्त हुन्छ । यसैकारण दयालु र वैराग्य राजा परीक्षितले कलिको स्थापना गरे ।'

## २. सनकादि र नारदको संवाद

कलि कालले पिरोल्लिएकी भक्तिलाई नारदले भने 'व्यर्थ दुःखी र चिन्तित नहोऊ । किनकि जसमा त्रेता र द्वापरमा ज्ञान र वैराग्यद्वारा जीव मुक्त हुन्थे भनेः कलिमा भक्तिद्वारा मुक्ति हुन्छन् । त्यसैले तिमीलाई भगवान्ले मेरा भक्तको रक्षा गर्नु भन्नु भएको थियो । पाखण्डले गर्दा दुखी भयौ । अब घर -घरमा भक्ति जगाइ तिमीलाई स्थापना गराउनेछु । नत्र म हरि भक्त होइन; नारदजीले यति भनेर ज्ञान-वैराग्यको कानैमा मुख पुऱ्याई बोलाए, गीता पाठ गरे, वेद पाठ गरे तब चलमलाए तर आँखा खुलेनन् । त्यसैबेला आकाशवाणी भयो कि 'तिमी राम्रा काम (सत्कर्म) गर तिनीहरूलाई त्यहीं रोकेर नारद आकाशवाणीको जवाफ दिने सन्त खोज्दै तीर्थ हिंडे । बद्रिकाश्रममा पुगेपछि सनकादी मुनिहरूलाई तपस्या गरिरहेको देखे । उनीहरूले भागवत तत्त्वको महिमा बताइदिए ।

## ३. भक्तिको कष्ट निवृत्त हुनु

नादरजीको प्रश्नानुसार ज्ञान, वैराग्यको र संसारकै मुक्तिका लागि उखुबाट रस झिकेर चिनी तयार भए झैँ, काठबाट अग्नि भए झैँ, दुधबाट दही र दही मथेर घ्यू भए झैँ, वेदबाट भागवतरूपी सार निकालिएको हो भन्ने कुरा निश्चय भएपछि नारदले सनकादि मुनिसँग भन्नुभयो तपाईंहरू नै पारङ्गत हुनाले यो भागवत ज्ञान सुनाउनुहोस् ।

सनकादि भन्छन्- त्यसो भए सबै लक्षणले सुसम्पन्न हरिद्वारा नै उपयुक्त छ । यति भन्दै नारदसँग भागवतरूपी रसपानका लागि हरिद्वारतिर लागे । वैष्णवहरू झन् बढ्ता खुशी भएर दगुरे । सबैले आ-आफ्नो आसन ग्रहण गरेपछि सनकादिले भागवत तत्त्व बताउन लाग्नुभयो । यो १८ हजार श्लोक र द्वादशकन्धले परिपूर्ण छ शुकदेव र राजा परीक्षितको संवाद छ । यो भागवत सुनेपछि मुक्ति हत्केलामा आइ बस्नेछिन् । त्यसैले यो कथा बारम्बार सुनाउनु र सुन्नु । प्राणीले जबसम्म भागवत सुन्दैन, तब भ्रम पर्ने अनेक शास्त्र र पुराण सुन्नाले के लाभ ? मुक्ति दिने सामर्थ्य, हुनाले नै, एक्लो श्रीमदभागवत शास्त्र नै सर्वोपरि भएर गर्जन्छ । कलिका अगणित दोषहरू नासिदिने, जुन फल तपस्याबाट, योगबाट अनि समाधीले पनि पाउन सकिँदैनः त्यो फल यो सप्ताह सुन्नाले पाइन्छ । सप्ताह ज्ञानले गर्दा सिंह झैँ गर्जन्छ । व्रत, तीर्थ, योग, ध्यान पनि गर्जछन् । संसारमा सबै सुकर्महरू भन्दा श्रेष्ठ भएर मुक्ति दिनेवाला सप्ताह गर्जन्छ ।

त्यसैगरी भागवतको एकादशस्कन्धमा श्रीकृष्णसँग आफ्नो स्वधाम जाने अन्तिम समयमा उद्धवले 'हजुर अब आफ्नो भूभार हरणको काम सकी स्वधाम गएपछि यो पृथ्वी र धर्म कस्को शरणमा जाने छिन् ?' भनी प्रश्न गर्दा भगवान्ले आफ्नो आत्माबाट प्रचण्ड तेज निकालेर भागवतमा छोडी दिनुभयो र गोलोक जानुभयो । त्यसै हुनाले भागवत भगवान्को वाङ्मय मूर्ति हुन गयो । अतः कलिमा यज्ञ-यज्ञादि र अन्य साधनलाई अलग गरेर सप्ताह श्रवणलाई नै प्रधानता दिइएको हो । कलिमा यही सर्वश्रेष्ठ धर्म मानिएको छ । यसरी जब सप्ताह ज्ञानरूपी यज्ञको प्रतिपादन गरियो, त्यसै बखत भक्ति, ज्ञान-वैराग्य दुबै छोरालाई तरूण अवस्थामा लिएर कृष्णको भजन गाउँदै हिंड्दै भइन् ।

# ४. आत्मदेव र धुन्धुकारीको कथा

यसरी भागवतको महत्त्व सुनेर भक्तिसहित ज्ञान-वैराग्यको उपस्थिति देखेर नारद ज्यादै खुशी भएर यस्तो पुण्यात्मा र अमृतमय तत्त्व ज्ञान सुन्ने अधिकारी को हुन्छन् त ? भन्दा सनकादि भन्नुहुन्छ- 'सबैले सुन्नुहुन्छ, तर विष्णुको दीक्षा ग्रहण गरेर विष्णु भक्तले मात्रै सुन्न बढिया हुनेछ ।' यस विषयमा सनकादिले नारदलाई एउटा कथा भन्न लाग्नुभयो- यो भागवत सबैले सुन्नुपर्छ भन्दै तुङ्गभद्रा नदीको तटमा एक नगर निवासी तेजस्वी आत्मदेव ब्राह्मण र उनकी पत्नी धुन्धुली एक कर्कशा नारी थिइन । सन्तानहीन हुनाले वैरागिएर घर छाडी जङ्गलको एक पोखरीमा पानी पिएर एक ठूलो ढुंगोमाथि आराम गरिरहेकै बेला एउटा संन्यासीलाई देखे र आफ्नो सन्तानहीनताको बारेमा दर्शाउँदै छोरो मागे । सन्तानको इच्छाले आत्मदेवको दीनता बुझेर सन्तले ज्ञान दृष्टिले हेरी सन्तान छैन; यदि सन्तान भएपनि सबै दुःखको नै कारण बन्दछन् तसर्थः तिमी त्यागी बन, त्यसैमा तिम्रो कल्याण हुन्छ भन्ने उपदेश दिए । तर आत्मदेवले त्यो कुरा नमानी सन्तको अगाडि मर्न तयार भएपछि सन्तले एउटा फल दिँदै भने, "यो फल तिम्री पत्नीलाई देऊ ।" उनकी पत्नी धुन्धुलीले अनेक कष्ट र भयानक आपत्ति आइपर्ने डरले त्यो फल आफूले नखाइ गाईलाई दिइन् । अनि आफ्नी बहिनीसँग सल्लाह गरिन् । बहिनी गर्भवती हुनाले आफ्नो बालक जन्मिनासाथ धुन्धुलीलाई बुझाउने र आफ्नो नानी तुहियो भन्ने कुराको सल्लाह गरे । केही समयपछि आफू प्रसुती भएँ भनेर बहाना चलाएर सुत्केरी चाकर गर्ने भनेर बहिनीलाई झिकाइन् अनि त्यसको तीन महिनापछि त्यो गाईले छोरा गोकर्ण पाइन् । धुन्धुकारी हुर्केपछि धन सब वेश्यालाई सुम्पियो, मातापितालाई दुःख दिन लाग्यो । यसरी मातापिता दुःखित र पीडित भएपछि गोकर्णले पितालाई वनबासी भएर भागवत तत्त्वको सम्झना गर्दै सांसारिक कष्ट निवारण गर्ने उपदेश दिए ।

## ५. धुन्धुकारी प्रेत हुनु, गोकर्णले सप्ताह पारायण

धुन्धुली, धुन्धुकारीको कष्ट सहन नसकी कुवामा हाम फालेर मरिन् । उता गोकर्ण तीर्थ यात्रामा लागे । धुन्धुकारीलाई कुटला वेश्याहरूले डोरीले टन्काई मुखमा अगुल्टो घुसारी मारे । आफूले गरेका कुकर्मले गर्दा प्रेत बनी हावामा डुली रह्यो । गोकर्णले धुन्धुकारी मरेको समाचार पाएपछि जुनजुन तीर्थमा पुगे उहीँ-उहीँ श्राद्ध गरिदिए । घर फर्केर आएपछि आँगनमा सुते । प्रेतले उनलाई तर्साउन थाल्यो । तीर्थको जल छर्किएपछि तिम्रो दाजु धुन्धुकारी हुँ, मेरो उद्धार गर भन्यो । त्यसपछि गोकर्णले सूर्यनारायणलाई सोधे, सूर्यले भने- "श्रीमद्भागवत वाचन गर मुक्त हुन्छ ।" यति शिक्षा पाएर गोकर्णले असंख्य श्रोताहरू बटुली एक वैष्णवलाई मुख्य श्रोता बनाएर सप्ताह भन्न लागे । धुन्धुकारी पनि आएर हावामा डुल्दै त्यसैको निकटसात आँखाको एक वाँसको तल्लो भागमा बसेर निष्ठापूर्वक सुन्न थाल्यो । सात दिनमा द्वादशस्कन्ध समाप्त भएपछि धुन्धुकारीले प्रेत रूप त्यागेर दिव्य शरीर धारण गऱ्यो । त्यहाँ दिव्य विमान आयो र धुन्धुकारी त्यसैमा बसी बैकुण्ठलोक पुग्यो ।

## ६. सप्ताह श्रवण विधि


**सप्ताहव्रतिनां पुंसां नियमाञ्छृणु नारद ।**
**विष्णुदीक्षाविहीनानां नाधिकारः कथाश्रवे ।।**

सप्ताह मुहूर्त विज्ञ (ज्योतिष) सँग सोध्नु । एउटा विवाहको जति धन खर्च गर्नु र भाद्र, आश्विन, कार्तिक, मार्ग, आषाढ, श्रावण उत्तम महिना हुन् । जसमा भद्रा, व्यातिपात दग्धलाई त्याग्ने । सप्ताह यज्ञको सुचना ठाउँ तोकेर सर्वत्र भन्न लगाउनुपर्छ । पाँच दिन अगावै सप्ताहको ठाउँ ठिक पार्नु । वक्ता उत्तर र श्रोता पूर्वमुख गरी बसुन् । वक्ता -वैष्णव, ब्राह्मण, वेद शास्त्रको ज्ञाता, दृष्टान्त दिनको बाठो धैर्यशाली र निस्प्रिय हुनुपर्छ । एक सहायक विद्वान् सबैलाई

राम्ररी सम्झाई संशय निवारण गर्न सक्ने वक्ता कै छेउमा हुनुपर्छ । जो अनेक भ्रान्त बुद्धि भएको (अरू धर्ममा आस्था भएको) परस्त्रीगामी र पाखण्डी विद्वान् भएपनि कथा भन्ने अधिकारी हुँदैन ।

सप्ताह भन्नु एकदिन अगावै वक्ताले कपाल खौरनुपर्छ । मण्डपमा गणेशको स्थापना गर्नुपर्छ । श्रोताको नियम - जसले वैष्णव दीक्षा दिएको छैन, त्यसलाई सप्ताह सुन्ने अधिकार छैन । ब्रह्मचर्यमा रहनु खाटमा नसुत्नू, पातमा दिनमा एक छाक खाओस् । दाल, मधु, तेल, अरिष्ट अन्न कुनै पनि नखानु । व्रतीले काम क्रोध, लोभ, मोह, मद, मात्सर्य, मान, द्वेषबाट आफूलाई परै राखोस् । व्रतीले वेद, वैष्णव, गुरु, स्त्री, राजा, गो-सेवक र महात्माहरूको निन्दा नगरोस् । लसुन, प्याज, गाँजर, सलगम, मसुरो वा भगवान्लाई अर्पण नगरिने पदार्थ नखानु । रजस्वला नारी, म्लेक्ष, पतीत, अधम, ब्राह्मण द्रोही र वेदविहित नियम नमान्ने सँग नबोल्नु । व्रती - सत्य, सचिता, दया, मौन, कोमलता आदि असल गुणका साथ आफ्नो हृदय उद्धार पारोस् । कामी, रोगी, दरिद्र, अभागी, अपुतो, पापी, अपुष्पा र मासिक श्राप नहुनेस्त्री, बन्ध्या, काक-वन्ध्या, मृतवत्सा, गर्भपात हुने, मोक्षको अभिलाषा राख्नेले यो कथा अवश्य सुनून् । कथा सकिएपछि वक्तालाई श्रद्धापूर्वक पूजा गर्नू, ब्राह्मणहरूलाई पायसको भोजन गराउनू, सुन, गाई र अन्य विभिन्न वस्तुहरू दान दिनू, हवन गराउनू, गीता पाठ गराउनू, विष्णु सहस्रनाम भनाउनू । सुनको सिंहासनमा राखी भागवतको पुस्तक वक्तालाई दिनू । वैष्णवद्वारा कीर्तन गराउनू, त्यो कीर्तन हेर्न भगवान् श्रीकृष्ण आफ्ना प्यारा भक्त प्रह्लाद, बली, उद्धव, अर्जुन, पार्वतीसहित शंकर र ब्रह्माजी पनि पाल्नु हुनेछ ।





श्रीमद्भागवत
महापुराण
प्रथम स्कन्ध

# प्रथम स्कन्ध

## सारांश

महामुनि वेदव्यासले चार वेदको सङ्कलन गरेपछि, धेरै पुराण र शास्त्रहरू रचना गर्दा पनि अपुरो नै भएजस्तो लागेर चित्त नबुझी खिन्न मनले सरस्वती नदीको तटमा बसिरहँदा नारदमुनिबाट श्रीमद्भागवत रचना गर्न प्रेरणा पाएपछि नै यो महापुरण तयार भयो । महामुनिको मनसमेत प्रसन्न पार्ने भएकोले यस महापुरण सबैभन्दा उत्तम ठहरियो ।

महामुनि वेदव्यासजीले रचना गर्नुभएको यस श्रीमद्भागवतमा कामनायुक्त अर्थात् सकाम धर्मलाई महत्त्वहीन ठानेर परम अर्थात् निष्काम धर्मलाई प्रतिपादन गरी सज्जनहरूको भगवत्प्रेमको वर्णन गरिएको छ । यसलाई पढेर, सुनेर र मनन गरेर भगवान् कृष्णसम्बन्धी ज्ञान हासिल गर्न र त्यसपछि परमसुख प्राप्त गर्न सकिन्छ किनकि यसले मानिसमा आधिदैविक, आधिभौतिक र आध्यात्मिक गरी तीनै खालका तापको नाश गर्छ । यो पुराणको परिशीलन गर्ने मानिसले अरू कुनै साधन वा शास्त्रको आश्रय लिनुपर्दैन । पूर्वजन्ममा पुण्य कर्म गर्नेका मनमा मात्र यो महापुराण सुन्ने इच्छा जाग्दछ र त्यस्ता इच्छुक सज्जनहरूको मनमा ईश्वर पनि स्थायी रूपले आसन जमाउनुहुन्छ ।

रसको मर्म बुझेका र हृदयमा भक्तिको भावना परिपूर्ण भएका, वेद कल्पवृक्ष समान छ भने यस वृक्षमा फलेको, पाकेर गलक्क भएको र खाँदा परम आनन्द दिने अमृत जस्तो रसिलो फल हो । श्रीशुकदेवजीको मुखारविन्दबाट अभिव्यक्त हुने, बोक्रा तथा बियाँ पनि केही खेर फाल्नु नपर्ने यो महिमामयी दिव्य भगवत्रसरूपी फल हो ।

# प्रथम स्कन्ध

## १ सूतजीसँग शौनकादि ऋषिको प्रश्न

**अथास्मिन्प्रथमोऽध्याय षट् प्रश्न्ना मुनिभि कृताः ।**
**श्रुत्वा सूतःप्रसन्नोऽभूदिति व्यासेन वर्णितम् ।।१।।**

महामुनि वेदव्यासले धेरै पुराण र शास्त्रहरू रचना गर्दा पनि अपुरो नै भएजस्तो लागेर चित्त नबुझी खिन्न मनले सरस्वती नदीको तटमा बसिरहेको बेलामा नारदमुनि टुप्लुक्क आइपुगे र सोधे - तपाईंमा व्याकुलता देखिनुको कारण के हो ? व्यास - "मैले सबै शास्त्र लेखिसकेँ तापनि शान्ति भएन ।" अनि नारदमुनिले यो श्रीमद्भागवत रचना गर्न प्रेरणा दिनुभएको हो ।

यो श्रीमद्भागवत रचना गरेपछि अवश्य पनि तपाईंको चित्त बुझ्नेछ किनकि - यो संसारका प्राणीहरू (प्रकृतिबाट निर्मित) सत्त्व, रज एवम् तमोगुणको योगले बनेको यस सृष्टिलाई नै सत्य मानेर यसमा लिप्त भएर जो आनन्दका स्वरूप श्रीकृष्णचन्द्रलाई बिर्सने छन्; तब तपाईंले लेखेको अमृतरूपी भागवत पिएर आध्यात्मिक दैविक र भौतिक तीनै थरीका ताप हटाएर परमानन्द प्राप्त भई आत्मोद्धार हुनेछन् । कुनैबेला शौनाकादि ऋषिहरूले नैमिषरण्य क्षेत्रमा हजार वर्षमा समाप्त हुने महायज्ञ प्रारम्भ गरेका थिए । आफ्नो नित्य कर्म सकेर आनन्दपूर्वक बसिरहेका सुतजीसमक्ष गएर शौनकले प्रश्न गरे -

क) जगत्पति भगवान्ले कुन कामका लागि वसुदेव र देवकीको घरमा जन्म लिएका हुन् ?

ख) जगत्पति भगवान्को उत्पत्ति, चरित्र र कीर्ति सुनाउनुहोस् ।

ग) जगत्पति भगवान्ले गरेको सृष्टिगाथा सुनाउनुहोस् ।

घ) जगत्पति भगवान्को अंशावतारहरू सुनाउनुहोस् ।

ङ) जगत्पति भगवान्ले मनुष्यरूप लिएर श्रीकृष्ण र बलराम भएर यस धराधाममा आएर के के काम गरे ?

च) जगत्पति भगवान् यस धराधामबाट विदा भई आफ्नो स्वधाम (गोलोक) गएपछि गोरूपी पृथ्वी (धर्म) कस्को शरणमा छ ?

## २. भगवान्, भागवत कथा, भगवद् भक्तिको महात्म्य

यसरी संसारको उद्धार हुने प्रश्न सुनेर सुतजी बहुत खुशी हुँदै आफ्ना गुरु शुकदेवको बन्दना गर्दै जवाफ दिन थाले । "कर्मको फल स्वर्ग प्राप्ति होइन" कर्मको फलको आशा नराखी भगवान्को सेवा कर्तव्य कर्म सम्झी गर्नु, आत्मा समर्पण गर्नु, भगवान्को खुशीको निमित्त कर्तव्य कर्म सम्झेर गरिने कर्म नै सच्चा र सत्कर्म हो । धर्मको फल र कर्मको फल त एकमात्र भगवान्लाई सन्तुष्ट पार्नु हो । ज्ञानीहरू यसैलाई त तत्त्व भन्दछन् । यसै हुनाले ज्ञानीजन भक्तको पालन पोषण गर्ने भगवान्को यशः नित्य सुनोस् उसैको गुणगान गरोस् । उनैको स्वरूपको ध्यान गरोस् । उनैको उपासना गरोस् । तब विद्वान् ज्ञानी भक्त भगवान्को ध्यानरूपी खड्गले विषय वासनारूपी शत्रु लोभ, क्रोध, मोहलाई काटेर फाल्दछन् । भगवान् पनि त त्यस्ता भक्तको हृदयमा विराजमान भएर विषय वासनारूपी शत्रुलाई निर्मुल पारी मुक्त पारिदिनुहुन्छ ।

## ३. भगवान्का अवतारहरू

भगवान् विष्णुले लोकको रचना गर्ने इच्छाले पहिले महतत्त्व र अहंकारबाट सोह्र कलाका पुरूष धारणा गरे । ती निम्न छन् - योग निन्द्राको विस्तार गरेर ब्रह्माको उत्पत्ति भयो । उनै विराट पुरूषका अङ्गबाट ब्रह्माले सृष्टिको क्लेस कल्पना गरे । उनै विराट पुरूषका अंशास मरिची आदिद्वारा देवता, पशुपंक्षी र मनुष्यको सृष्टि भयो । भगवान्को -

| | | |
|---|---|---|
| पहिलो अवतारमा | - | सनक, सनन्दन, सनातन र सनत कुमार भए अखण्ड ब्रह्मचर्य व्रत पालना गरे । |
| दोस्रो अवतारमा | - | वराहरूप लिएर हिरण्याक्ष दानव मारे । |
| तेस्रो अवतारमा | - | नारद भएर रसातल गएको पृथ्वी फर्काउन पञ्चरात्र भनिदिएर प्राणीहरूको मुक्त गराए । |
| चौथो अवतारमा | - | मुक्ति नामकी स्त्रीबाट नर-नारायण भएर बुद्धिलाई शान्त पार्ने कठोर तप गरे । |
| पाँचौँ अवतारमा | - | कपिलमुनि भएर साङ्ख्य शास्त्र बताए । |
| छैठौँ अवतारमा | - | दत्तात्रय भएर आमा र प्रह्लादलाई ज्ञान दिए । |
| सातौँ अवतारमा | - | 'यज्ञावतार' रूपमा प्रकट भई, यम आदि देवता र स्वयंभूव मन्वन्तरको पालना गरे । |
| आठौँ अवतारमा | - | नाभिकी पत्नी मेरूदेवीबाट ऋषभदेव भएर परमहंस मार्ग बताए । |
| नवौँ अवतारमा | - | राजा पृथु भएर पृथ्वी दुहे । |
| दशौँ अवतामा | - | मत्स्यावतार भएर वेदको रक्षा गरे । |
| एघारौँ अवतामा | - | कच्छप भएर पिठ्युमा पृथ्वी धारण गरे । |
| बाह्रौँ अवतारमा | - | धन्वन्तरीको रूप भएर अमृतको कलश लिएर निस्के । |
| तेह्रौँ अवतारमा | - | मोहिनी रूपबाट देवतालाई अमृत पिलाए । |
| चौधौँ अवतारमा | - | नृसिंह रूप भएर हिरण्यकश्यपुलाई मारे । |
| पन्ध्रौँ अवतारमा | - | वामन भएर वलीसँग तीन पाउ भूमि मागे । |
| सोह्रौँ अवतारमा | - | परशुराम भएर पृथ्वीलाई क्षेत्रीय विहीन पारे । |
| सत्रौँ अवतारमा | - | सत्यवतीको गर्भबाट पराशरकहाँ व्यास भएर पुराणको रचना गरे । |
| अठारौँ अवतारमा | - | राम भएर देवकार्य साधन गरे । |
| उन्नाइसौँ अवतारमा | - | बलराम बनेर प्रलम्ब आदि दैत्यको नाश गरे । |

बिसौँ अवतारमा - श्रीकृष्णद्वारा कंशको वध गरी पृथ्वीको भार उतारे ।

एक्काइसौँ अवतारमा - बुद्ध बनेर दैत्यलाई मोहमा पारेर बौद्ध धर्मको प्रचार गरे ।

बाइसौँ अवतारमा - विष्णुयश ब्राह्मणको घरमा कल्की अवतार भई पापी निर्मुल हुनेछन् ।

तेइसौँ अवतारमा - भगवान्ले हयग्रीवको रूप लिई दानव नाशगरी वेदको रक्षा गरे ।

चौबीसौँ अवतारमा - अवतामा हरिको रूप लिएर ग्राहबाट गजेन्द्रको उद्धार गरे ।

## ४. व्यासको असन्तोष

जब नारदबाट व्यासलाई भागवत लेख्ने प्रेरणा मिल्यो वेदको ४ भाग गरेर ऋग्वेदी महर्षि पहिला, सामवेदी जैमिनी, यजुर्वेदमा वैशम्पायन, अथर्ववेदका ज्ञाता सुमन्तु मुनि भए । इतिहास र पुराणका ज्ञाता सूतजीका बाबु रोमहर्षण थिए । यसरी वेद र महाभारतको समेत रचना भई सक्दा पनि भागवतको रचना गर्न बाँकी हुँदा व्यास खिन्न थिए ।

## ५. नारद, व्यास संवाद

नारदमुनि पूर्वजन्ममा मुनिहरूकी दासीका छोरो थिए । ऋषिहरूको जुठो खान्थे । त्यसैले उनका सारा पाप नष्ट भएर चित्त शुद्ध भयो । भजनमा मन बलियो भयो । ती ऋषिहरूले जाने बेलामा श्रीकृष्णको महत्त्व र तत्त्व भनिदिए । त्यसैले ती वासुदेवको महिमा जान्ने भए ।

## ६. नारदको पूर्वचरित्र

नारदकी आमालाई गाई दुहुन जाँदा सर्पले टोकेर मरिन् । त्यसपछि नारद उत्तमदिन र रमणीय ठाउँ पार गर्दै एक पिपलमुनि बसेर ध्यान गर्दा भगवान् नारायणको दर्शन मिल्यो तब भगवान्को पार्षद भएर रहने र अघिल्ला जन्मको समेत ज्ञान भयो ।

# ७. अश्वस्थामाद्वारा पाञ्चालको वध

जब महाभारतको युद्धमा कौरव र पाण्डवको वंश विनाश भयो । भिमसेनको गदाद्वारा दुर्योधनको जाङ भाँचिदिएपछि व्याशसर नामक नागपोखरीमा लाजले लुकेर बढो चिन्तित अवस्थामा बसिरहेको थियो । गुरु पुत्र अश्वस्थामा भेट्न पुगेछन् । तब दुर्योधनले भने - हे गुरुपुत्र अश्वस्थामा ! मेरो नाजुक अवस्था देखिहाल्नु भयो । ती मेरा शत्रु पञ्चपाण्डवका शिर काटी ल्याउनुहोस् । तपाईंलाई मेरो राज्यमा राज्याभिषेकको तिलक लगाई दिनेछु । त्यति भएपछि अश्वस्थामा मध्यरातमा दौडेर गए । त्यस रातमा श्रीकृष्णले पाँचै पाण्डवलाई लिएर अन्तै गंगाद्वार गएका थिए । द्रौपदीको खोपीमा पाँचजना बालक पुत्र सुतिरहेका थिए । तीनै बालकका पाँचओटा शिर काटेर पञ्चपाण्डवका शिर यिनै हुन् भन्दै आफ्नो प्यारो राजा दुर्योधनका अगाडि राखिदिए । देख्ने वित्तिकै त आहा ! मेरा शत्रु मारेछन् भन्दै खुशी भए । तर निहालेर हेर्दा त बालक पुत्र पो मारेछन् । यी बालकको के दोष थियो र ? निरपराध बालक मारेछौ भन्दै विष्मत हुन गयो । दुर्योधनलाई हर्ष र विस्मत एकैचोटी भएपछि मृत्यु हुने वरदान थियो । तब दुर्योधनको मृत्यु भयो । राजालाई खुशी पार्न गरेको कामले घोर अपराध हुन गएको र अब पाण्डवले भेटे मलाई छाड्दैनन् भन्ने डरले अश्वस्थामा भाग्न थाले । अर्जुनले उनलाई लखेट्तै थिए । अश्वस्थामाले आफ्नो रक्षाको लागि ब्रह्मास्त्र छाडि दिए । अर्जुनले पनि कृष्णको अनुमतिले त्यसको निराकरण गरिदिए । त्यसपछि अर्जुनले अश्वस्थामालाई ब्रह्मपाशले बाँधेपछि कृष्णले धर्मपरीक्षाको लागि भन्नुभयो - "तिम्रा बालक छोराहरू र अभिमन्युलाई मार्ने घातकलाई मार ।" तर अर्जुनलाई मार्ने मन भएन । अनि बाँधिएका अश्वस्थामालाई द्रौपदी समक्ष पुऱ्याएर बालक छोरालाई मार्ने घातकलाई हाजिर गराए । अनि द्रौपदीले भनिन् - "हजुरलाई धनुर्विद्या लगायत सबै विद्या यिनैका बाबु द्रोणाचार्यले सिकाएको हुँदा गुरुपुत्रलाई यसरी दुःख दिएको म हेर्न सक्दिन । यी त बरू पूजा गर्न लायक हुन् । जति मेरा बालक पुत्रहरू मर्दा आँसुले मेरो शरीर भिज्यो, त्यस्तै यिनकी आमा कृपिलाई होला । तसर्थः यसलाई नमार्नुहोस् ।"

त्यति भनेपछि युधिष्ठिर लगायत सबैले द्रौपदीको प्रशंसा गरे । कृष्णले भन्नुभयो - "जे भएपनि ब्राह्मण मार्नु हुँदैन । अतः तिमी आफ्नो प्रतिज्ञा पनि पुरा गर । मेरो वचन पनि मान ।"

तिमी धर्म परीक्षामा योग्य ठहरियौ । अर्जुनले अश्वस्थाको शिरको मणि झिकेर (कपाल काटी) चारपाटा मुडेर त्यो ठाउँबाट धपाईदिए । मृत्यु एवम् शारीरिक दण्डको सजाय ब्राह्मणलाई हुँदैन । कृष्णका वचनले शिरको मणि निकाल्दा भएको घाउ कहिल्यै निको नहुने भएकाले अश्वस्थामाले शिरमा लामो फेटा बाँधेर भारत वर्षको अहिलेको पञ्जाव प्रान्तमा 'शिख' नामक धर्मको प्रचार गरेर रहे ।

# ८. गर्भमै कृष्णले परीक्षितको रक्षा

माहाभारतको लडाईंमा मृतक अभिमन्युलगायत सबैको दाहसंस्कार विधिअनुसार गराई कपटी दुर्योधनादिबाट खोसिएको राज्य युधिष्ठिरलाई दिलाई, युधिष्ठिरद्वारा नै आर्जित सामग्रीले तीन अश्वमेध यज्ञ गराई पाण्डवको कीर्ति श्रीकृष्णले चारैतिर फिँजाए ।

यति भएपछि कृष्णजी द्वारका जान प्रस्थान मात्र के गर्नु भएथ्यो, त्यसैबखत डरले विकल हुँदै अर्जुनकी बुहारी, अभिमन्युकी पत्नी, राजा परीक्षितकी आमा विराट राजाकी छोरी 'उत्तरा' हे देव ! हे जगत्पते ! मेरो नास भएपनि मेरो गर्भ नास नहोस् भन्दै आइन् । अश्वत्थामाले हानेको ब्रह्मास्त्र पाँचै पाण्डव समक्ष आएको देखेर श्रीकृष्णले आफ्ना भक्तको सुदर्शन चक्रद्वारा रक्षा गरे ।

उत्तराको गर्भभित्र आफैँ प्रवेश गरी रक्षा गरे । त्यसपछि माता कुन्ती र पुत्र युधिष्ठिरले सुरूदेखि हालसम्म श्रीकृष्णले गरेको कृपाको स्मरण गर्दै स्तुति गरे । जस्तै कंशद्वारा झ्यालखानामा राखिएका देवकी र वसुदेवलाई मुक्त पार्नुभयो । विषबाट, अग्निबाट (लाहाघर) राक्षसहरूबाट, भुतबाट, वनवासको कष्टबाट, प्रत्येक युद्धमा अनेक महारथीहरूको कष्टबाट र अहिले तत्काल अश्वत्थामाको अस्त्रबाट हजुरले नै हाम्रो रक्षा गर्नुभयो । हजुर त निर्मल चित्त भएका परमहंसहरूलाई भक्ति युक्त पार्नको लागि नै अवतार धारण गर्नुहुन्छ ।

## ९. भीष्मको उपदेश र देहत्याग

अब युधिष्ठिर सबै धर्महरू जान्ने ईच्छाले कुरूक्षेत्र जहाँ भीष्म सरशैयामा थिए, भाइहरूसमेत त्यहाँ पुगे । व्यास, धौम्य आदि ब्रह्मर्षि, देवर्षि, राजर्षि सबै जम्मा भए, सबैलाई मनले स्वागत गरी श्रीकृष्णको पूजा गरे । अनि पाण्डवलाई सम्झाए । तिमीहरू सारै धर्मात्मा, फेरी कृष्णको साथ पाएकाले यस्तो दु:ख हुन नपर्ने थियो । तर म यो सबै कालको गति ठान्दछु । अनि युधिष्ठिरले धर्म सम्बन्धी धेरै प्रश्न गरे ।

भीष्मले पनि निवृत्ति प्रवृत्ति मार्गको साथै विभिन्न दान धर्म र मोक्षको, नारीको धर्म अनेक इतिहास बताए । त्यसै समयमा उत्तारायण आएकाले आफ्नो इच्छाअनुसार श्रीकृष्णमा आफ्नो एकोहोरो ध्यान दिएर विभिन्न पुकार गर्दै अन्त्यमा भित्र श्वास तान्दै ब्रह्ममा मिले र सधैंको लागि शान्त भए ।

## १०. श्रीकृष्ण द्वारका गमन

युधिष्ठिरलाई राज्य सिंहासनमा राखेपछि त्यहाँ हस्तिनापुरमा राम राज्य जस्तै भयो । त्यसपछि श्रीकृष्ण द्वारिकातिर प्रस्थान गर्न खोज्दा हस्तिनापुरवासीले उनको कीर्ति सम्झँदै उनको बिछोडका विलाप गर्दै उनको पूर्ण भरोसाको धेरै व्याख्या गरेर परसम्म सँगै गएका थिए । आखिरी युधिष्ठिरका रक्षक, सेना, हात्ती, घोडा, रथ र पैदलका चतुरंगिनी सेना फर्काएर श्रीकृष्ण उद्धवसँग अगाडि बढे ।

## ११. द्वारकामा भगवान्‌को स्वागत

फेरी द्वारकावासीले श्रीकृष्णलाई स्वागत गर्दै भने हाम्रा मातापिता, मित्र र पति हजुर नै हुनुहुन्छ । हाम्रा गुरु सबै प्रधान देवता हुनुहुन्छ, भन्दै साथै आठै रानीले खुसी प्रकट गर्दै स्वागत गरे ।

## १२. परीक्षितको जन्म

श्रीकृष्णद्वारा उत्तराको गर्भको रक्षा गरेर बालक जन्मेपछि युधिष्ठिरले कृपाचार्यद्वारा जात संस्कार गरी 'विष्णुराट' नाम राखे । विप्रले भने कि - यो बालक महात्मा, प्रजापालक, रामजस्तो सत्य, ब्राह्मणभक्त, दानी साथै तेजस्वी, दुस्तर, बलवान, सौम्य, क्षमावान, सहनशील, साम्यवादी, दयालु, प्रशन्न, आश्रयदाता, उदार, सबैको केन्द्र, धर्मात्मा, नेता र नायक हुनेछ र जन्मेजयको उत्पन्न गर्नेछ । आखिरी सर्पले डसेर मर्नेछ । अब युधिष्ठिरलाई पातक नाश गर्नका निम्ति अश्वमेध यज्ञ गर्ने तर प्रजाबाट उठेको करबाहेकको धनबाट सम्पन्न गर्ने इच्छा भयो । त्यसका लागि श्रीकृष्णले उपाय बताएको उत्तरतर्फ मरुद्रणको यज्ञमा सुनको भाँडोमा धन राखी ब्राह्मणले बढी भएर फ्याँकिएका छन् । त्यही धन बटुलेर ल्याउन युधिष्ठिरले भाइहरूलाई खटाए । श्रीकृष्णले आफैँ बसेर ३ राजसूय यज्ञ सुसम्पन्न गराइ युधिष्ठिरको कीर्ति फैलाए ।

## १३. विदुर तीर्थ यात्रा र धृतराष्ट्रलाई उपदेश

विदुर तीर्थयात्राको क्रममा हरिद्वार पुगेपछि मैत्रेय ऋषिसँगबाट भगवान् परमगतिमा प्राप्त भएको कुरा जानेपछि हस्तिनापुर फर्के ।

जब विदुरजी हस्तिनापुर पुग्नुभयो, तब हस्तिापुरवासीसहित भाइहरू साथमा लिएर युधिष्ठिर महाराज, धृतराष्ट्र, उनका छोरा युयुत्सु, शारद्धन, कुन्ती, गान्धारी, सुभद्रा, उत्तरा, कृपी तथा आ-आफ्ना परिवार स्त्री छोराछोरीसहित हर्षले यसरी दगुरे । जसरी एकपल्ट प्राण गएको मानिस फेरी बाँचेको होस् । सबैले नजिकै गएर अंकमाल गरे । धेरै दिनसम्म बिछोड भएकाले धेरैले प्रेमका आँसु बगाए । महाराज युधिष्ठिले स्वयं उनको पूजा गरे । स्नान र भोजन भईसकेपछि उत्तम आसनमा बसाले । तब राजा युधिष्ठिरले काकासँग विनयपूर्वक भन्न लागे - अरू नातेदार, आफन्त र सबै देशवासी वरिपरि बसेर सोही कुरा सुनिरहेछन् । युधिष्ठिर -

पंक्षीले जसरी आफ्ना चल्लालाई प्वाँखमा लुकाएर प्रेमपूर्वक रक्षा गर्छ । त्यसैगरी हजुरले नै हाम्री माता र हामीलाई विष, अग्नि आदि विपत्तिबाट बचाउनु भएको थियो । यत्तिका दिनसम्म हजुरले आफ्नो दिनचर्या कसरी बिताउनु भयो ?

पृथ्वीतलमा कुन कुन तीर्थमा भ्रमण गर्नुभयो ? हजुरजस्ता भगवतभक्त त स्वयं तीर्थ हुन्छन् - आफ्नो मनमन्दिरा नारायणलाई बसालेर सबै तीर्थलाई वास्तविक तीर्थ तुल्याउँदै हिंड्छन् । हजुरको यात्राको क्रममा यादव र श्रीकृष्ण त सुखपूर्वक छन् ? भेट भएको थियो अथवा कोहीद्वारा केही सुन्नुभएको थियो ? यसरी सोधिएको प्रश्नमा कृष्णधाम गएको कुरा र यादववंशी विनाशको कुराबाहेक आफ्नो यात्रा क्रम बताए । किनकी त्यो घटना निकै अप्रिय र दुःखद थियो । दयालु, विदुर पाण्डवलाई विपत्तिमा परेको हेर्न चाँहदैनथे । यसरी पूर्णरूपले सत्कार पाउँदै देवता तुल्य भएर ज्येष्ठ भ्राता धृतराष्ट्रको कल्याणार्थ ज्ञानोपदेश दिंदै केही दिनसम्म हस्तिनापुरमै बसे । विदुर शुद्र वंशमा उत्पन्न साक्षात यमराज हुन् । माण्डव्य ऋषिको श्रापले -चोरको बीचमा उक्त ऋषि पनि भएकाले चोरै हो भनी मार्नलाई शुली चढाइयो अनेक उपाय गर्दा पनि फाँसी नलागेपछि ऋषि भन्ने पत्ता लाग्यो । कयौं वर्षसम्म उनको सट्टा यमलोकको कार्यभार अर्यामाले गरे ।

यता ज्ञानी विदुरले धृतराष्ट्रलाई घर त्यागी जङ्गल जाने अर्ति दिए । किनकी टार्न नसकिने काल आइरहेछ । गान्धारी र धृतराष्ट्र उत्तरतिर जङ्गल लागे साथै विदुर पनि । युधिष्ठिरले गवल्गणका छोरा सञ्जयसँग सोध्दा थाहा नपाएको कुरा बताए । तब नारद आइपुगे र सब हाल बताइ संझाउन लागे । ती सप्त श्रोत पुगे, तिमी फिर्ता ल्याउन सक्तैनौ । अब शोक नगर ।

## १४. अर्जुनलाई युधिष्ठिरले द्वारका पठाउनु

युधिष्ठिरले अर्जुनलाई भगवान्को शुभ-अशुभ खबर ल्याउन द्वारिकापुरी पठाए । सात महिना बित्दा पनि अर्जुन फर्किएनन् । यता युधिष्ठिरले धेरै अपसकुन देख्न थाले । संसारमा अधर्म बढ्न थाल्यो ।

# १५. भगवान् परमधाम, परीक्षित राज्यारोहण, पाण्डव स्वर्ग, कलिको आगमान

युधिष्ठिर भाइहरूसँग अनेक तर्क गर्दा गर्दै अर्जुन आइपुगे र दाजुको पाउमा लम्पसार परे अनि युधिष्ठिरले अर्जुनसँग एकाएक गरेर सोधीसकेपछि तिमी किन निन्याउरो भएका ? केही गल्ती पो गऱ्यौ कि भन्दै कराउन लागे । तब अर्जुन जवाफ दिन्छन्- जसका शक्तिले राजा द्रुपदसँग स्वयंबरमा जाँदा मैले ताँदो खिँचेर छायामा हेरी रूखको माछो खसाली द्रौपदी ल्याएँ । इन्द्रलाई जितेर खाण्डव वन अग्निलाई दियौं । शत्रुबाट श्राप दिलाउन खानको निहुँ गरी पठाइएका दशहजार शिष्यसहित क्रोधि दुर्वासाको श्राप एक त्यान्द्रो साग खाइदिएर बचाए । जसको कृपाले स्वर्ग आधा पाएका थियौं । देवताहरू र इन्द्रलाई पनि निस्तेज पार्ने मेरो तेज या शक्ति अपहरण गरिलिए ती अन्तरयामी हामीलाई छोडेर गए । यदुवंश पनि मदिरा पिएर एकले अर्कालाई नचिनी हानाहान गरेर मारिए र भूमिको भार हटाए ।

जब कलि प्रकट भएर अधर्म, पाप बढेपछि युधिष्ठिरले पनि परीक्षितलाई राज्य सुम्पिएर प्राजापत्य यज्ञ गरे र अग्निपान गरे । आफ्नो इन्द्रिय र मनलाई वसमा राखी प्राणवायुलाई अपान वायुमा जिम्मा लगाइ बल्कल बस्त्र लगाई दायाँबायाँ कतै नहेरी द्रौपदी र भाइहरूका साथ उत्तरापन्थतिर लागे । विदुरले प्रवास क्षेत्रमा पुगेर देह त्याग गरे ।

# १६. परीक्षितको दिग्विजय, धर्म र पृथ्वीको संवाद

राजा परीक्षितले पनि आफ्नो शासन कालमा मामाकी छोरी ईरावतीसँग विवाह गरी जनमेजय समेत चार छोरा भए । कृपाचार्यलाई गुरु मानेर गंगा तटमा तीन राजसूय यज्ञ गरे । त्यसपछि दिग्वीजय गर्ने भनेर बाहिर निस्कदा सरस्वती नदीको तटमा परीक्षितले कलिलाई एक शुद्र राजाको भेषमा देखेर गाईरूपी पृथ्वी र धर्मरूपी गोरूलाई लात्तिले चुटेको देखेर गाईलाई सोधे - "किन दुःखी भई रोएकी भन" भन्दा गाई भन्छिन् - मानिस र यो संसारकै दुःख (कलिद्वारा) देखेर रोएकी हुँ ।

## १७. परीक्षितले कलिलाई पक्रनु

परीक्षितले शुद्रराजाको भेषधारी कलिलाई पक्रेर भने - 'तँ मेरो राज्यमा नबस् । यो राज्यमा किन दुःख दिन्छस् ? तँलाई मारिदिन्छु' उता एउटा गोडामात्रै टेकेर हिंड्ने गोरूको रूप लिएका धर्मलाई आश्वासन दिंदै दुःख नमान दुष्टलाई दण्ड दिने म परीक्षित छु भन्दै सम्झाए । तब कलिलाई मार्न परीक्षितले भने मेरो राज्यमा त भगवान् नारायणको सधैं र सबैले पूजा गर्छन् यस्ता ठाउँमा तिमी अधर्म कसरी बन्न सक्छौँ र ? अब कलिले चारैतिर परीक्षितलाई देख्न लाग्यो र थरथर काम्दै भन्छ - 'मलाई कतै बस्ने ठाउँ देऊ ।'

अनि परीक्षितले भने जुवातास, रक्सी, वेश्यालय, हिंस्रक ठाउँमा बस भनिदिए । अर्को असल ठाउँ पाउँ भन्दा अन्याय नगरीकन कमाएको सुनमा बस्न भनेका थिए । राजाले यसरी पृथ्वी र धर्मलाई शक्ति साहस दिएर तप, शौच, दयारूपी जुन तीन पाउ नष्ट भएका थिए, जोरी दिए ।

## १८. परीक्षितलाई श्रृङ्गिको श्राप

ती राजा परीक्षितले कलिलाई मृत्युदण्ड दिन नसक्नुको कारण कलि युगमा पवित्र कार्यको संकल्प गरेमात्र पनि त्यो सिद्ध हुन्छ । केवल कल्पनाको मात्र फल भोग्नु पर्दैन । राजा परीक्षित शिकारमा जाँदा तिर्खा लागेकोले गर्दा ध्यानमा बसिरहेका शमिक ऋषिको आश्रममा धेरैबेर कुरे । तर केही नमिलेपछि इर्ष्या र क्रोधले धनुषको टुप्पाले मरेको सर्प उचाली ऋषिको काँधमा हालिदिए र हिंडे । केहिबेर पछि शमिकका छोरा बालक श्रृङ्गिले दुःख मान्दै श्राप दिए । "मेरा पिताको अपमान गर्नेलाई आजको सातैदिनमा मबाट प्रेरित तक्षक नागले डसी मरोस्" भनी बाबु शमिकको छेउमा गै बसेर रून लागे । अनि ऋषिको तप भङ्ग भयो । त मरेको सर्प घाँटीमा, त्यसलाई आफैँले फाली छोरालाई सोधे किन रोएको ? भन्दा त श्रापको कुरा बतायो । सुन्नासाथ छोरालाई


गाली गर्दै भने हे अज्ञानी बालक ! अति ठुलो गल्ती भयो । ती राजा त हामीलाई पनि पाल्ने अत्यन्त धार्मिक राजा हुन् भन्दै ज्यादै पश्चाताप गर्दै ऋषिराजले भगवान्सँग क्षमा मागे ।

## १९. परीक्षित गंगा तटमा जानु शुकदेवको आगमन

अब राजा परीक्षित पनि त्यहाँबाट फर्केपछि पश्चाताप गर्न थाले । गल्ती भएकाले बडो विस्मात मान्दै थिए । उताबाट त्यसैबेला शमिक ऋषिले खबरका साथ पठाएका चेला आजका सातै दिनमा तक्षकले डसी मर्ने खबर लिएर आए । त्यो श्रापलाई वरदान ठानी राजाले आफ्नो राजपाठ आफूजस्तो सक्षम छोरो जनमेजयलाई सुम्पी रानीसँग बिदावारी भई आत्मउद्धारको लागि पवित्र गङ्गा तटमा गएर नारायणमा ध्यान दिए । अनि अनेकमुनि तीर्थ जाने निहुँमा त्यहाँ पुगे । तीनै ऋषिहरूको शरण पर्दै अब मलाई पवित्र कथा सुनाउनुहोस् । जुनसुकै योनिमा जन्म भएपनि भगवान्मा मेरो मन लागि रहोस् भन्ने वर मागे । कुशको मूल भाग पूर्व फर्काएर आफू उत्तर फर्केर बसे । अनि ऋषिहरू शास्त्र पल्टाउन थाले । त्यसैबेला कैलाश पर्वतमा तपस्या गरी बसेका शुकदेव स्वामीले सुन्नुभयो कि मेरो भाइ परीक्षित सर्पले टोकेर अगतिमा परेर मर्ने निश्चिय गरि ब्रह्म श्राप पर्‍यो भन्ने सुनेर भागवतको पुस्तक च्यापेर आइपुगे । उनको महिमा जान्नेहरू सबै आसनबाट उठेर स्वागत गरे । राजाले उही प्रश्न गरे कि अब मैले के गर्नुपर्छ ?

# श्रीमद्भागवत महापुराण

## द्वितीय स्कन्ध



# द्वितीय स्कन्ध

## सारांश

मानव जाति कै कल्याण हुने यस आत्मतत्त्व नबुझेको, गृहस्थीमा आसक्त मानिसको जीवन धन कमाउन र सन्तान पाल्नमा बित्छ । स्वास्नी छोराछोरी असत् हुन्, यी नाश हुन्छन् भने ज्ञान पनि रहँदैन । मोक्षको कामना गर्नेले श्रीहरिका लीला सुन्ने, कीर्तन गर्ने र स्मरण गर्ने गर्नुपर्छ ताकि मर्ने बेलामा भगवान्‌को सम्झना हुन सकोस् । यो भगवान्‌का लीला भएको भागवत पुराण हो जुन वेदव्याबाट अन्य सबैले पाए । यो पुराणमा श्रद्धा गर्नेको चित्तवृत्ति निष्कामभावले श्रीकृष्णको चरणकमलमा लाग्छ । योगीहरूले पनि भगवान्‌को नाउँको संकीर्तन गर्नुपर्छ । आसक्त जीवन अर्थहीन हुन्छ । दुई घडी कीर्तन गर्दा पनि भगवान् प्राप्ति गर्न सकिन्छ । यसको उदाहरण खटबाङ्ग राजा हुन् । उनले दुई घडी जीवन बाँकी हुँदा सर्वस्व त्यागे र आफूलाई श्रीहरिमा लीन गराए । हामीसँग त अझ थुप्रै समय बाँकी छ, त्यसैले उपाय गरी मर्न नडराई सत्कर्ममा लाग्नै पर्छ । ममता चुँडाउनुपर्छ, वैराग्य लिनुपर्छ । नुहाएर पवित्र भई ॐ जप्दै मनलाई दमन गर्नुपर्छ आदि जस्ता उपायहरूको निरूपण गरिएको पाइन्छ ।

सर्वप्रथम आसन सिद्धि गर्नुपर्छ र श्वासप्रश्वासमाथि नियन्त्रण गर्नुपर्छ र योगसाधनाले मनलाई शान्त बनाउनुपर्छ । त्यसपछि आसक्तिरहित भएर इन्द्रियलाई वशमा राख्नुपर्छ । बुद्धिको सहयोगले भगवान्‌को विराट् स्वरूपमा मन लगाउनुपर्छ । यो जगत् स्थायी हो । ब्रह्माण्ड नै भगवान्‌को विराट् शरीर हो । मुक्तिको कामना राख्नेले मनलाई यही विराट् स्वरूपमा स्थिर गर्नुपर्छ । भगवान्‌मा मन लगाउनाले आत्माको उद्धार हुन्छ भने अन्यमा आसक्त रहँदा आत्माको पतन हुन्छ भन्ने ज्ञानको भाव प्रकट भएको पाइन्छ ।

# द्वितीय स्कन्ध

## १. भगवान्‌को ध्यान विधि र विराटस्वरूप

**तत्र तु प्रथमेऽध्याये कीर्तनश्रवणादिभिः ।**

**स्थविष्ठे भगवद्रूपे मनसो धारणोच्यते ।।१।।**

राजा परीक्षितले शुकदेव स्वामीसँग यस्तो प्रश्न गर्नुभयो - "आजको सातदिनमा तक्षक नामक नागराजाले डसेर मर्ने ब्रह्म श्रापले निश्चय भएर म पिरोलिएर राजपाठ छोरालाई सुम्पी यहाँ गंगा तटमा आएर बसेको छु । मैले जीवनमा र ाजा भएर धेरै राम्रा र नराम्रा कर्म गरेहुँला, अधर्मका कार्य पनि भए होलान्, त्यसको प्रायश्चित र फेरी सर्पले टोकेर मर्ने त अगतिमा पर्ने रे ! अब मेरो समय पनि छोटो छ, ती सबै कुरालाई बीचारेर मेरो आत्मा उद्धारको उपाय बताउँनुहोस् ।"

शुकदेव भन्नुहुन्छ - "हे राजन ! मानिस अनेक थरिका कुरा सुन्न र बुझ्न मन गर्छन् तर जो गृहस्थ मानिस देह पाएर पनि आत्मतत्त्व जान्दैन । तीनको जीवन व्यर्थ हुन्छ । जो व्यक्ति अभय हुने र आत्मोद्धारको इच्छा राख्दछ । तिनको मुख्य कर्तव्य हो । सबैको आत्मामा विराजमान भगवान्‌का गुण सुनुन्, उनैका चरित्रको ज्ञान गरून् र उनको ध्यानमा लागिरहुन् । साङ्ख्य र योग यी दुबै शास्त्रको पनि यही निर्णय छ । जसले अन्त्य समयमा नारायणको स्मरण गर्न सकोस् ।

म पनि पहिला निर्गुण ब्रह्मतिर नै लागेको थिएँ तर मेरा पिता व्यासबाट यो भागवत पढेपछि उत्तम गुणले भरिपूर्ण भगवान् श्रीकृष्णको लीलाहरू सुनेर मेरो मन यतै श्रीकृष्ण भक्तितिरै तानियो । मैले मेरो पिता व्यासबाट जति आख्यान सुनेथैं । त्यो आज म हजुरलाई सुनाउँछु ।" हजुरले जो मेरो समय थोरै छ भन्नुभयो, यसबारेमा पूर्वकालमा एउटा खट्वाङ्ग नामका राजा थिए । उनको आयु बितिसकेको थियो । केवल एक मुर्हुत थियो । त्यसै समयमा सबै कुरा त्यागेर अभयदाता भगवान् समक्ष पुगेका थिए । हे राजन ! हजुरको त अझ सातदिन बाँकी छ । अहिलेदेखि त्यागरूपी खड्गले स्त्री, पुत्र र धन साथै माया मोह काटेर फाली शान्ति प्राप्त गर्न आत्मोद्धारको लागि ध्यानमा बस्नुहोस् । सबभन्दा पहिला आसन जित्नुहोस् । मनलाई विराट स्वरूप नारायणमा लगाउनुहोस् । ती विराट भगवान्को स्थूल शरीरबाट भूत, वर्तमान र भविष्य समस्त विश्व देखिन्छ । विराट मनलाई विराट स्वरूप भगवान्को कट्टीदेखि उँधो सात लोक र उँभो सात लोक गरी जम्मा चौध लोकको परिकल्पना गरिएको छ । जस्तै :

१) पैताला - पाताल लोक २) कुर्कुचा - रसातल ३) गोलिगाँठा - महाताल ४) पिँडुला - तलातल ५) घुँडामुनिको भाग - सुतल लोक ६) तिघ्रा - वितल लोक ७) जाँघ - अतल लोक ।

अब माथिका सात लोकमा १) कट्टी - भूर्लोक २) पेट - भूवर्लोक ३) छाती - स्वर्ग ४) घाँटी - महर्लोक ५) मुख - जनलोक ६) ललाट - तपोलोक ७) शीर - सत्यलोक । इन्द्र आदि देवता तिनका बाहु हुन् । दिशाहरू कान हुन् । अश्विनीकुमार नासिका, गन्ध नाक, अग्नि मुख, सूर्य नेत्र, वेद उनको शीर, यमद्वार, हास्य, माया, सृष्टि नै परेला उड्नु र तल झर्नु । यो संसारै उनको कर्म हो । यसरी मैले तपाईंलाई दिव्य विराट पुरुषको बारेमा बताएँ । जुन व्यक्तिले अरू कतै पनि नअल्मलिइकन मनलाई नित्य उनै नारायणमा लगाई राख्छन् भने त्यस व्यक्तिले गर्ने शेष केही रहन्न ।

# २. सद्यो मुक्ति र क्रम मुक्तिको विवेचना

शुकदेव स्वामी राजा परीक्षितलाई अझै भन्नुहुन्छ - "यो संसारका साधक गण आफ्नो त्यो बुद्धिलाई परब्रह्ममा नलगाएर यज्ञ यज्ञादिमा अल्झेर स्वर्गको चाहना गर्दछन् । यद्यपि त्यस कर्मले स्वर्ग प्राप्ति होला नै तर तिनलाई यो अखण्ड मोक्ष सुख प्राप्त हुँदैन । तसर्थः मोक्ष र सदा सुख चाहने व्यक्तिको कर्तव्य हो संसारिक पदार्थमा त्यति लोभ नराखोस् । जीवन निर्वाह हुने जति मात्रै धन भए पुग्छ, बढ्ता हैन । पृथ्वी छँदा छँदै अर्को शैया नखोज्नू । दुबै हातले तकियाको काम हुन्छ भने फेरी दोस्रो तकिया किन खोज्नू ? अञ्जली नै छन् भने अन्य पात्र किन ? दशै दिशाले वस्त्रको काम दिन्छन् भने लुगा किन ? बाटोमा फालेका लुगा छैनन् । भिक्षा दिने वृक्ष छैनन् । के जलका नदी सुके ? गुफा सबै भत्किए ? भगवान् अब आफ्ना शरणागतमा रक्षा गर्दैनन् ? यी सबै कुराहरू छन् भने विद्वानहरू किन मूर्ख झैँ धनको पदमा चाकरी गर्छन् ? यी सबै वस्तुहरू छाडेर एक मात्र नारायणलाई नै प्रिय वस्तु मानेर ध्यान गरोस् । आफ्नो धारणाअनुसार आफ्नो शरीररूपी आकाशमा एक कुरेतका भगवान्लाई शङ्ख, चक्र, गदा र पद्म धारण गरेको देखोस्, जसको प्रसन्न मुख, ठूला ठूला नेत्र, पहैँला वस्त्र, अमूल्य रत्न जडित सुवर्णमय हार लगाएका छन् । निधारमा उत्तम किरिट छ, कानमा कुण्डल, कौतुभमणी श्रीवत्स र रत्नमय हारले शोभित छन् । गलामा वन माला लगाएका, कम्बरमा कन्दनी, औँलामा औँठी, पाउमा नुपूर, हातमा कङ्कण छन् । कालो घुम्रिएको केश र मन्द मन्द मुस्कानले अनौठो चाल देखिन्छ । जबसम्म नारायणको भक्तियोग प्राप्त हुँदैन, तबसम्म ती भगवान्को स्थुल शरीरको ध्यान गरिरहोस् । जब शरीर त्याग्ने इच्छा हुन्छ, तब आनन्दपूर्वक यौटा आसनमा बसोस् र मनलाई देश कालमा नडुलाएर आफ्नो वसमा गरोस् र मनद्वारा प्राणलाई काबुमा ल्याओस् । बुद्धिद्वारा मनलाई वसमा पारेर त्यसलाई (प्राण) क्षेत्रज्ञमा मिलाओस् । क्षेत्रज्ञलाई शुद्ध ब्रह्ममा मिलाओस् । "म स्वयं ब्रह्म हुँ" यस्तो स्थिति प्राप्त होस् र महतत्त्व

र प्रकृतिले पनि केही गर्न सक्तिनन् भन्ने जानी देशको ममता त्यागेर सर्वपूज्य एकमात्र विष्णु भगवान्का चरण नै सम्झदै आफ्नो कुर्कुचाले गुद्धालाई बन्द गरेर प्राणवायुलाई नाभी (मणिपुरचक्र) मा रोकोस् । फेरी त्यस प्राणवायुलाई सिसुमारचक्र ब्रह्म नाडीद्वारा हृदय (अनाहतचक्र) मा लगोस् । त्यसपछि घाँटीनेर विद्यमान विशुद्धचक्रमा पुऱ्याओस् । अनि त्यस प्राणवायुलाई (सिसुमारचक्र) तालु प्रदेशमा लैजाहोस् । त्यसपछि आँखिभौँको माझमा विद्यमान आज्ञाचक्रमा लैजाओस् र त्यसबखत सबै द्वार बन्द गरेर त्यस प्राणवायुलाई ब्रह्मरन्धमा पुऱ्याएर छोडोस् । अनि आफ्नो शरीरलाई त्यागोस् ।"

## ३. विभिन्न कामनाले देवताको उपासना र भगवत भक्तिको प्रधानता

शुकदेव भन्नुहुन्छ - "मैले तिमीलाई निष्काम भावले ईश्वरार्पण भएर गरिने ध्यान र योग विधि बताएँ । अब सकाम मनुष्यका कामना पूर्तिका साधन भन्दछु सुन - वेदका विद्वान हुन खोज्नेले ब्रह्माको, सन्तानको इच्छुकले दक्षप्रजापतिको, शोभाको इच्छुकले दुर्गाको, बलको इच्छुकले शंकरको, तेजको इच्छुकले सूर्यको, धनको इच्छुकले अष्टवसुको, स्वर्गको इच्छुकले देवताहरूको, राज्यको इच्छुकले विश्वेश्वरको, आयु लामो खोज्नेले अश्विनीकुमारको, रूपको इच्छुकले गन्धर्वको, यशः खोज्नेले यज्ञको, धन खोज्नेले वरूणको, पत्नीको इच्छुकले पार्वतीको, छोरो चाहनेले पितृको र शत्रुको मरण गर्नेले राक्षसको पूजा गरून् । तर वैराज्ञ चाहने र मोक्षको अभिलाषा राख्ने व्यक्तिले प्रवल भक्तियोगद्वारा पूर्णपुरुष (विराट) नारायण कै आराधना गरोस् ।"

परम वैष्णव महारथी राजा परीक्षित, जो वाल्यकालमा पनि, अरू खेल नखेली कृष्ण पूजारूपी खेल नै मन पराउँथे । त्यस्ता राजा परीक्षितले शुकमुनिसँग फेरी भगवान् कै चर्चा गर्नुहोस्, मेरो समय व्यर्थ खेर नजाओस् भनेपछि शुकमुनिले अत्यन्तै प्रशन्न भएर बताउन लाग्नुभयो - "मनुष्यको आयु छोटो

छ । तसर्थः अन्य कार्यमा समय खर्चिनु व्यर्थ छ । मानिस बाँचिरहनु नै जीवनको फल हो त ? नत्र के वृक्ष भाँचिदैनन् ? गाउँका पशुले खाँदैनन् ? जसका कानले कहिल्यै नारायणको पवित्र कथा सुन्दैनन्, ती भित्ताका प्वाल हुन् । भगवान्को गान नगर्ने जिब्रो भ्यागुताको जिब्रो सम्झनु । भगवान्को अगाडि नझुक्ने मस्तक किरिट र कुण्डलले शोभित भएपनि त्यो भारी मात्र हो । भगवान्को पूजामा नलागेको हात सुनको कङ्कणले अलंकृत भएपनि मृतक हात जान्नू । नारायणको प्रतिमाको निरीक्षण नगर्ने आँखा मयूरको प्वाँख ठान्नू । तीर्थको लागि अघि नबढ्ने खुट्टा वृक्ष समान् हुन् । जसले आफ्नो निधारमा भगवत भक्तको चरणोरज लगाउँदैन, त्यो जिउँदो लास ठान्नु । भगवान्को नाम उच्चारण हुँदा हृदय द्रवीभूत भएन, आँखाबाट आँसु आएन र सारा शरीर गद्‌गद् भएन भने त्यो शरीरलाई काठको पुतली ठान्नु ।"

## ४. राजा परीक्षितको सृष्टिसम्बन्धी प्रश्न

राजा परीक्षितले शुकमुनिका मुखारविन्दबाट यति तत्त्वज्ञानका कुरा जानेपछि आफ्नो राजपाठ, स्त्री, पुत्र, सम्पत्ति, कुटुम्ब, कर्म सबै त्यागेर श्रीकृष्णमा आफ्नो बुद्धि लगाएर जति कथा सुन्दै गए, उती अज्ञान हट्दै गयो । तब भन्दछन् - "जानिनसक्नु विश्वको रचना कसरी भयो ? यो विश्वको पालन कसरी गर्छन् ?"

## ५. नारदलाई ज्ञानको साधना र सृष्टि क्रम

नारदले ब्रह्मालाई भने - "मैले त यो संसारमा सबैभन्दा ठूलो त हजुरलाई नै ठानेको थिएँ तर हजुरले पनि जुन तपस्या गर्नुभयो, यसले मलाई भ्रम र शंका उत्पन्न भयो । के हजुरभन्दा पनि ठूलो अर्को ईश्वर छ ?" जवाफमा ब्रह्माजीले भने - "हो तिमीले गरेको शंका साँचो हो । मभन्दा पनि पर अर्को महाशक्ति छ । त्यसैद्वारा मलाई काम गर्ने सामर्थ्य प्राप्त हुन्छ । ऊ ईश्वर कहलाउँछ । जो परमात्मा हो । तिमीलाई थाहा छैन ? त्यही महाशक्तिलाई सृष्टि गर्ने इच्छा

भएपछि म उसैको नाभीबाट उत्पन्न भएँ । ती परम पुरूष नारायणको अधीनमा रहने काल र त्रिगुणको भेदबाट महतत्त्वको उत्पन्न भयो ।

महतत्त्वबाट अहंकार, अहंकारबाट आकाश, आकाशबाट वायु, वायुबाट, तेज, तेजबाट जल र जलको पनि विकारबाट पृथ्वी उत्पन्न भइन् । तब भगवान्को शक्तिबाट प्रेरित भएर सत र असत यी दुबै प्रधान गुणका भाव एउटैमा मिसिएपछि आत्माका दुई देह बने । अनि हजारौँ वर्षपछि जलमा रहेको त्यो अचेत अण्डालाई परमात्माले सजीव पारे । अनि स्वयं परमात्मा त्यो अण्डालाई फोरेर बाहिर निस्किए । तिनका हजारौँ मस्तक, हजारौँ आँखा, हजारौँ बाहु । विद्वानहरूले तिनैका अङ्गबाट शेष कल्पना गरे ।"

## ६. विराट स्वरूप

जसरी सूर्यले आफ्नो भित्र र बाहिर प्रकाश पुऱ्याउँछ, त्यसै गरेर त्यो विराट पुरूषले स्वयं आफूलाई प्रकाश पार्दै संसारका सबै प्राणीसम्म प्रकाश पुऱ्याएको छ । उनै प्रधान पुरूषको आज्ञाले म ब्रह्मा सृष्टि गर्दछु । उनैको इच्छाले शिवजी संहार गर्छन् । ती मायापति स्वयं विष्णुरूप धारण गरेर यस संसारको पालन गर्दछन् । मेरो कुरा मिथ्या हुँदैन, विश्वास गर । मेरो बुद्धि दुष्ट मार्गमा लाग्दैन । भगवान्को आदि, अन्त्य र मध्य थाहा पाउन कठिन छ किनकी जो मायापति स्वयंले आफ्नो मायाको वैभवलाई त्यसैगरी जान्न सकेनन् । आकाश स्वयंले आफ्नो विस्तार जान्न सक्तैन भने हामी जस्ता व्यक्तिले उनलाई र उनको मायाको प्रपञ्चलाई कसरी जान्न सक्दछौँ र ? तिनको वास्तविक गति र प्रपञ्च जालोलाई न तिमी (नारद), न शिवजी, न म (ब्रह्मा) जान्न सक्तछौँ ? कोही पनि जान्न सक्तैन । उनै आदि पुरूष कल्प कल्पमा आफ्ना मायाद्वारा सृष्टि, पालन र संहार गर्दछन् । ज्ञानी मुनिहरू पनि मन शान्त पारेर मात्र उनलाई जान्दछन् । अशान्त पुरूषको हृदयमा पनि ती महापुरूषको ज्योति जागिरहन्छ तर ती दुष्टहरूको विभिन्न तर्कनाहरूद्वारा त्यो प्रकाश लुप्त हुन्छ ।

# ७. भगवान्का लीलावतारहरू

सुकररूप, रूचिकी पत्नी आकुतिबाट "सुयज्ञ", कपिल, दत्त, सनकादि, नरनारायण, पृथु, ऋषभ, हयग्रीव, मत्स्य, कच्छप, कुर्म, राम, त्यसपछि पृथ्वीको दुःख निवारण गर्न दाजु बलरामसहित कृष्ण भएर अवतार लिए र साधारण जनबाट नहुने जस्ता अक्षय काम गरे । जसले तिनको महिमाको विस्तार भइसकेको छ । त्यसबाट स्पष्ट हुन्छ ती ईश्वर हुन् । यदि ती ईश्वर नभए केवल सात दिनका बालकले पुतना मार्नु, एउटा खुट्टाले उफारेर शङ्खासुरलाई पल्टाइदिनु, घुँडाले हिंड्दै गएको यमलार्जुनलाई ओखलमा अल्झाएर उखल्नु, यमुनाको विषालु जल पिएर ब्रजका मृतक गाई र ग्वालालाई कृपाले हेर्दैमा जीवित पार्नु, वनमा डँडेलो लाग्दा सबैलाई आँखा चिम्लिन लगाएर दावानल पिउनु, आमा यशोदाले उपद्रो गऱ्यो भनेर धेरै डोरी जम्मा गरेर बाँध्दा पनि छोटै हुनु, यशोदाले प्यारका साथ चुम्बन गर्दा तीनै लोक र चौधै भुवन देखाइदिनु, यमुनामा नुहाउन जाँदा वरूणपासमा परेका नन्दलाई मुक्त पार्नु, राती निधाएका गोकुलवासीलाई बैकुण्ठ पुऱ्याइदिनु, इन्द्रले वर्षाइएको जलबाट बचाउन सातवर्षको केटाले गोवर्द्धन पर्वत उचाल्नु र शङ्खाचुणले गोपिनी खोस्दा उहाँले शङ्खाचुण मार्नुभयो । यस्तै प्रलम्भ, धेनुकासुर, बकासुर, कंश, कंशका पहलमानहरू, हात्ती, यवन, नरकासुर, विदूरथ, रूक्मी र काम्भोज, कुरू, कैकेय र सृजयादिमध्ये जुनजुन राजा युद्धमा धनु लिएर आए ती मध्ये कतिपयलाई बलराम, भीम र अर्जुनद्वारा र कतिलाई आफैँले मारे ।

# ८. राजा परीक्षितको भागवतसम्बन्धी प्रश्न

राजा परीक्षितले शुकमुनिसँग भागवतसम्बन्धी प्रश्न सोधे - "ब्रह्माजीको प्रेरणाले नारदले कस-कसका समक्ष ती गुणातीत प्रभुको गुणगान गरे ? मलाई यस्तो उपाय बताउनुहोस् कि आत्मस्वरूप भगवान्मा निशंका मन लगाएर यस कलेवर लाई त्यागी दिउँ । पृथ्वी, जल, वायु, आकाश र तेज यी पाँच तत्त्वद्वारा शरीर निर्माण हुन्छ तर यी तत्त्वभन्दा भिन्न गुणातीतबाट नै देहको रचना हुन्छ । यो

कामबिना कुनै प्रयोजनका लागि हुन्छ वा कामादिको कारणले हुन्छ ? कल्प र विकल्पको भेद बताईदिनुहोस् ।" यस प्रकारका भागवतसम्बन्धी प्रश्नहरू धेरै गरेपछि अत्यन्तै खुशी भएर शुकदेवजी भन्नुहुन्छ - "ती प्रश्नका उत्तरहरूको लागि जो ब्रह्म कल्पमा भगवान्ले ब्रह्मालाई भन्नुभएको थियो, त्यही भागवत तपाईंलाई बताउँछु ।"

## ९. भागवतको आरम्भ

राजा परीक्षितले शुकमुनिसँग फेरी प्रश्न गरे कि "परमात्मा स्वयं साधारण देह बन्दछ भने त्यसको भक्ति गरेर कसरी मोक्ष प्राप्त हुन्छ ?" शुकदेव - "त्यो परमात्मा त तत्त्व ज्ञान प्राप्त गराउन र जीवलाई मुक्त गराउन कै लागि देही बनेको हो । यसको आराधनाले प्राणी मुक्त हुन्छ विश्वास गर ।"

## १०. भागवतका दश लक्षण

१) सर्ग - पृथ्वी, आकाश, जल, वायु, ब्रह्माको सृष्टि सबै 'सर्ग' ।

२) विसर्ग - विराट पुरुषको पुरुषार्थद्वारा जगतको सृष्टि 'विसर्ग' ।

३) स्थान - भगवान् उत्पत्ति भएर स्थित रहनु 'स्थान' ।

४) पोषण - उनको कृपा 'पोषण' हो ।

५) मन्वन्तर - जसमाथि ती कृपा गर्छन्, त्यसलाई 'मन्वन्तर' भनिन्छ ।


६) उति - काम, विस्तार 'उति' भनिन्छ ।

७) इशानुकथा - नारायणको अवतारको चरित्र 'इशानुकथा' ।

८) लय - आफ्ना शक्तिका साथ परमात्मामा योग निन्द्रामा पर्नुलाई 'लय' भनिन्छ ।

९) मुक्ति - प्राणी जब ज्ञानलाई पनि जितेर ब्रह्मको समान भइसक्तछ, तब 'मुक्ति' भनिन्छ ।

१०) आश्रय - जसले सृष्टि र प्रलय गर्न सक्तछ, त्यो परमात्मा नै 'आश्रय' हो ।


श्रीमद्भागवत
महापुराण
तृतीय स्कन्ध

# तृतीय स्कन्ध

## सारांश

महाभारत कालमा पूर्खाको राज्यभित्र घटित घटनाका आधारमा महामुनि शुकदेवले परीक्षितलाई बताउने क्रममा भन्नुभयो कि अधर्मले गर्दा अन्धा धृतराष्ट्रको विवेकशक्ति गुमेको, छोराहरूको लहलहैमा लागेर भाइ पाण्डुका छोरालाई लाक्षागृहमा पठाएर आगो लगाउने प्रपञ्च गरेका, बुहारी द्रौपदीलाई सभामा चुल्ठो समाएर अपमान गर्दा मौन रहेर त्यस कुकर्मको समर्थन गरेका, दुष्कर्म रोक्न चासो नगर्ने, दुर्योधनले कपटपूर्ण जूवाखेलबाट पाण्डवलाई वन जान बाध्य पारे । वनबाट फर्केर आएपछि पाण्डवले आफूले उपभोग गरेको राज्य माग्दा नदिनु, श्रीकृष्णले बन्धुमा विग्रह नहोस् भनेर शुभवचन बोल्दा विवेकशून्य दुर्योधनले उल्टै अनादर गर्नु, धृतराष्ट्रलाई नीतिमा रहेर राजकाज गर्न सल्लाह दिने 'विदुर नीति' का प्रवर्तकले साक्षात् भगवान् कृष्ण पाण्डवको पक्षमा हुनुहुन्छ भन्दै युधिष्ठिरको राज्य फिर्ता दिन आग्रह गर्दासमेत दुर्बुद्धि भएको दुर्योधन उल्टै श्रीकृष्णसँग द्रोह गर्न तयार भइदिन्छ ।

त्यो कुरा दुर्योधनले थाहा पायो र रिसले विदुरलाई "हाम्रो अन्नले बाँचेको, हाम्रै कुभलो चिताउने, यसलाई शहरबाट निकाली देऊ," भन्यो । त्यस्तो दुर्वचन सुनेर विदुर दरबारको ढोकामा धनुष राखी त्यहाँबाट एक्लै हिँडे । उनी घुम्दै विभिन्न तीर्थ गए । उनी कसैले नचिनून् भनेर अवधूत भेषमा डुल्थे । सादा खाना खान्थे । भुइँमा सुत्थे । भगवान्लाई प्रसन्न राख्ने कर्म मात्र गर्थे । उनी घुम्दै प्रभासक्षेत्र पुगे । त्यहाँ उनले महाभारतमा कौरव आदि नाश भएका र युधिष्ठिर राजा भएको खबर सुने । विदुरले उद्धवसँगको कुराकानीमा बुद्धिहीन धृतराष्ट्रले राज्यबाट निकालेका कारणले नै आफूले विभिन्न तीर्थ घुम्न पाएको भनी अप्रत्यक्ष रूपले उनलाई धन्यवाद पनि दिएको दृष्टान्त समेत पाइन्छ ।

# तृतीय स्कन्ध

## १. मित्र ऋषिका छोरा मैत्रेयसँग विदुरको भेट

**तत्र तु प्रथमोऽध्याये बन्धून् हित्वागतायुषः ।**
**निर्गतस्योद्धवेनादौ संवादः क्षत्तुरूच्यते ।।१।।**

मित्र ऋषिका छोरा मैत्रेयसँग विदुरको भेट कसरी र उद्धव र मैत्रेयको भेट कहाँ भएको थियो ? साथै उद्धव र विदुरको भेट कसरी भयो ?

श्रीकृष्ण, जब धृतराष्ट्रले अधर्म काम गर्न लागे । पाण्डवलाई दुर्योधनले दुःख दिन थाल्यो, तब हस्तिनापुर जाँदा श्रीकृष्ण पापी दुर्योधनकहाँ नगई दरिद्र विदुर कहाँ जान्थे । एक पटक कुरू वंशमा राजा को हुने भनेर छलफल चलेछ । जेठा धृतराष्ट्र अन्धा, कान्छा विदुर राजसिंहासन बस्न नचाहने । माहिला पाण्डुलाई राजा बनाए । जङ्गलमा सिकारमा जाँदा ब्रह्मश्राप परेकाले स्त्रीभोग हुँदा (माद्रिसँग) पाण्डु राजाको मृत्यु भयो । पाण्डुका छोरा युधिष्ठिरले राज्य पाउने जेठा बा धृतराष्ट्रले हडपेर आफू राजा भए । त्यो राज्य युधिष्ठिरले आफ्नो भाग जेष्ठ पिता धृतराष्ट्रसँग आफैँले मागे तर थिएनन् । त्यसपछि श्रीकृष्णलाई राज्य दिउन भन्न पठाए तर मानेनन्, उल्टै गाली गरेर पठाए । यस बारेमा सल्लाह गर्न धृतराष्ट्रले कान्छा भाइ विदुरलाई बोलाए । विदुरले भने - "साधारण र धार्मिक युधिष्ठिरको आधा राज्य दिनु । फेरी कालो सर्पजस्तो भीमदेखि तपाईं डराउनुहुन्छ । फेरी कृष्ण पनि त उनैको साथमा छन् । उनी त सामान्य मानिस

होइनन् । यदि यो दुर्योधन मान्दैन भन्नुहुन्छ भने यो कृष्णको द्वेषी हो । यो कुपुत्र हो । यसले कूल नाश गर्छ । यसलाई त्याग्नुहोस् ।

विदुरको कुरा सुनेपछि दुर्योधनले रिसाएर "यो दासी पुत्र हाम्रो मानो खाएर हाम्रै शत्रुपक्षको हितमा बोल्दैछ । यसलाई हाम्रो राज्यबाट खाली हात निकाली दिनू" भन्ने हुकुम चलायो ।

यस्ता तीखा वाणरूपी वचन सुनेर विदुरले आफ्नो धनुवाण उसैको ढोकामा राखी दिए अनि प्रशन्नताका साथ निस्किएर तीर्थ यात्रामा हिंडे ।

यता युधिष्ठिरले शत्रु दुर्योधन आदिसँग राज्य जिति भूमण्डलको शासन गर्न थालेको कुरा विदुरले प्रभाष क्षेत्रमा पुगेपछि थाहा पाए । यात्राको क्रममा जब विदुर यमुना तटमा पुगेथे, उताबाट उद्धवजी आँसुका धारा बगाउँदै रूँदै रूँदै बडो कष्टले आइरहेको उनले देखे । विदुरले कृष्ण, बलरामको लगायत सारा यदुवंशीको खबर सोधे र उनलाई बढता स्नेह भएर छातीमा टाँसे । त्यसपछि आफ्ना बन्धु र प्रजाको, श्रीकृष्णको कुशल-क्षेम सोधे । विदुरले मेरा त सबै तीर्थ उनै कृष्ण हुन्, उनको हाल भन भनेपछि उद्धवजी श्रीकृष्णको बाललीलाको वर्णन गर्न थाले ।

## २. उद्धवद्वारा भगवान्को बाललीला वर्णन

पहिला त उद्धवजी बोल्न सकेनन् । प्रेमले घाँटी अवरूद्ध भयो । नहोस् पो कसरी ? पाँचवर्षको अवस्थामा पनि आमाले खान बोलाउँदा श्रीकृष्णको बाललिलाको अनुकरण गरेर पूजामा व्यस्त भएकाले खाना खान मन पराएनन् । अनि जीवनभरी उनकै सेवामा रहेका तिनलाई उनैको वृतान्त सोधेपछि तुरून्त उत्तर दिन कसरी सक्थे । उनको चरणको सम्झना हुनासाथै उद्धवजी विह्वल हुनु स्वभाविक नै थियो । यसरी स्तब्ध भएर भगवान्का चरणविन्दुरूपी अमृतमा

डुबुल्की मारेर उद्धवजी एकछिन चुप लागे । तिनको मन तीव्र भक्तिको अगाध समुद्रमा डुबुल्की मार्दै रह्‍यो । तिनलाई रोमाञ्च भयो । आँखा चिम्लिए र नेत्रबाट अविरल अश्रुधारा बग्न थाले । बढ्ता स्नेहले गर्दा ती भित्रभित्रै आनन्दित पनि भईरहेका थिए । यस्तो दशामा विदुरले उद्धवलाई कृतकृत्य ठाने ।

यसपछि विस्तार विस्तार आफ्नो मनलाई भगवान्‌को लोकबाट मानव लोकमा ल्याएर आँखा पुछेर केही विस्मित जस्ता भएर तिनी विदुरसित भन्न लागे - "श्रीकृष्णरूपी सूर्य अस्ताए । कालरूपी अजिङ्गरले हामी र हाम्रो घरद्वार निलिसक्यो । तब त्यो शून्य घरद्वाराको खबर के भनौँ ? म त भन्छु, कि सारा संसार अभागी हो । यदुवंशी त अझ बढता अभागी हुन् । किनकी ती नित्य उनैसँग बसेर पनि उनलाई जान्न सकेनन् । तिनको बुद्धिमा यो आएन कि यी साक्षात् नारायण हुन् । त्यस्ता श्रीकृष्ण त्यत्तिका दिनसम्म आफ्नो उत्तम शोभा देखाएर अर्न्तध्यान भए । आज ती आफ्ना प्रियतम जानाले शुद्धि-बुद्धि हराएर बसेका छन् ।" मैत्रैय - भगवान्‌को अर्न्तध्यान भएको र उनको गाथा सुनाउनुहोस् ।

## ३. नारायणको चरित्र

उद्धवजी विदुरलाई भन्छन् - त्यसपछि जब श्रीकृष्ण आफ्ना माता-पिताको कल्याणका लागि गोकुलबाट मथुरापुरी आइ शत्रु समुदायको स्वामी कंशलाई मारी त्यसपछि सान्दिपनि गुरूकहाँ गएर विद्या आर्जन गर्न लागे । गुरूसँग वेद र अरू धेरै विद्यासहित ६४ दिनमा ६४ कला सिकेर गुरूका मरेका छोरा ल्याएर गुरूदक्षिणा दिए ।

सत्यभामालाई खुशी पार्न स्वर्गबाट पारिजात ल्याएर दिए । यस्ता पराक्रमी र उदारवादी भगवान्‌लाई पनि वैराग्य उत्पन्न भयो र यादव र भोजवंशी बालकहरू खेलिरहेको ठाउँमा ऋषि श्राप परेर तिनको निर्मुल भयो ।

## ४ उद्धव विदुर संवाद

उद्धवजी विदुरलाई भन्दैछन् - "भगवान्ले जब मायाको त्यस्तो गति देख्नुभयो । तब सरस्वती नदीको किनारतर्फ लाग्नुभयो र एक पिपलको फेदमा बसी पद्मासनमा रहनुभयो । मलाई द्वारकामै आज्ञा भएको थियो तिमी बदरिकाश्रम जाऊ । म उनको वियोग सहन नसकी पछि पछि लागेँ । त्यहीं मैत्रेय ऋषि पनि टुप्लुक्क आइपुगे । हामी दुबैलाई श्रीकृष्णले तत्त्व ज्ञानका कुरा भन्न लाग्नुभयो हामीले शिर झुकाएर आनन्दर्पूक सुन्यौं । तपाईंलाई भगवान्ले के तत्त्वज्ञान दिनुभयो, मलाई पनि बताउनुहोस् । अब म बदरिकाश्रम जान्छु । तपाईं यो रहस्य जान्नलाई हरिद्वार मैत्रेय ऋषिसँग जानुहोस् । राजा परीक्षितले प्रश्न गर्नुभयो - भगवान्ले आफैले रचेका सारा यदुवंशी सखाप पार्नुभयो । आफन्त पनि सिध्याउनुभयो । आफू पनि धाम जानु भईसक्दा पनि उद्धवलाई किन बचाइ राख्नुभयो ?

शुकदेव भन्नुहुन्छ - यस अर्थले उद्धवजी बाँकी रहनुभयो कि भगवान् नभएपनि भगवान्को ज्ञानको प्रसार गर्ने व्यक्ति आत्म ज्ञानीमा श्रेष्ठ उद्धवजी नै थिए । अरूले त्यो ज्ञानको सदुपयोग गर्न सक्तैनथे । उद्धव भगवान् भन्दा अलिकति पनि कम थिएनन् । किनकि विषयभोग र कामिनी काञ्चनमा उनको मन चलायमान हुँदैन । त्यसपछि ती विदुर पनि उद्धवसँग छुटेर भगवान्का तत्त्व ज्ञानका कुरा सम्झेर अझै जान्ने बीचारले रूँदै रूँदै हरिद्वारतर्फ लागे, जहाँ मैत्रेय ऋषि थिए ।

## ५. मैत्रेयद्वारा सृष्टि क्रम

विदुरले मैत्रेयसँग भगवान् श्रीकृष्णका कथा, व्यथा, गाथा र लीला एवम् ज्ञानतत्त्वको कुरा जान्नका लागि धेरै प्रश्न गर्नुभयो ।

मैत्रेयजी अत्यन्त ज्ञानी भएर विदुरलाई भागवत कथा सुनाउन पाउने भए । भगवान्को पनि सुनाउनु भन्ने आज्ञा पाएकाले अत्यन्तै प्रफुलिल्त भएर श्रीकृष्णको आदिदेखि

अन्त्यसम्मको र लय-प्रलयको कुरा एवम् त्यसैभित्रबाट श्रीकृष्णमा भक्ति जान्नु नै ज्ञानतत्त्व हो भन्ने भाव बताउँदै गए ।

## ६. विराट स्वरूपको उत्पत्ति

मैत्रेय भन्दछन् - हे विदुर ! जब नारायणले आफ्नो महआदि शक्तिमा परस्पर मतभेद देखे, तब कालसंज्ञक प्रकृतिमा आफ्ना शक्तिसहित तत्त्व सबै मिलाएर प्रविष्ट भए । देवतासहित सबै लोकपाललाई जगाए । त्यो विराट पुरूष नै सबैको आत्मा भयो । त्यस पुरूषबाट देवताहरूको निवास स्थान भए । जब ती विराटको मुख उत्पन्न भयो, तब लोकपाल र अग्निले वासस्थान बनाए । जब तालु उत्पन्न भयो, तब वरूण आफ्ना जिह्वारूपी अंशसहित बसे । त्यसैबाट रसको उत्पत्ति भयो । नासिकामा अश्विनीकुमार बसे । गन्धको उत्पत्ति भयो । नेत्रमा सूर्य बसे, देख्ने शक्ति उत्पन्न भयो । जब विराटको छाया देखिन लाग्यो, वाशुदेव प्राण लिएर बसे । कान उत्पत्ति भए, तब सुन्ने शक्ति भयो । एवम् तरिकाले सबै कुराको उत्पन्न यिनै विराट पुरूषबाट भयो । जब तिनका खुट्टा देखिए, तब लोकपति विष्णु आफ्नो अंशरूप अङ्ग ठानेर बस्न लागे । त्यसबाट हिँड्ने डुल्ने प्रक्रिया हुन थाल्यो । हृदयबाट चन्द्रमा आफ्नो मनरूपी अङ्ग मानेर देवता बस्न लागे । आत्मामा कर्मरूपी अंश लिएर अभिमानी रूद्रदेव बसे । यसैबाट अहंकारयुक्त कर्तव्य उत्पन्न भयो ।

त्यस विराट पुरूषको मस्तकबाट स्वर्ग, पाउबाट पृथ्वी र नाभिबाट आकाश उत्पन्न भयो । सत्वगुणको प्रभावले स्वर्गमा देवता, रजोगुणको प्रभावले मनुष्यले पृथ्वीलोक र तमोगुणको प्रभावले पृथ्वी र स्वर्गको माथि भगवान्‌को नाभीरूपी आकाश मण्डलमा शिवका गण भूत-प्रेत, पिशाच भएर बस्न लागे ।

ती विराटको मुख ब्राह्मण, पाखुरा, क्षेत्रीय, पेट वैश्य र पाउ शुद्र भए । यी सबै उनै विराटकै अंश स्वरूप हुन् ।

## ७. विदुरका प्रश्नहरू

यो संसारमा जीवले विभिन्न प्रकारका द्वन्द सहनु मायाकै कारण हो । यस संसारमा सुख दुई किसिमका मानिए । एउटा सांसारिक भोगको सुख, जो क्षणिक छ तृप्त हुन सक्तैन । अर्को आध्यात्मिक सुख, जो सधैं सत्य पाइने सुख ।

## ८. ब्रह्माको उत्पत्ति

मैत्रेय ऋषिले विदुरलाई त्यो भागवत सुनाउन लागे कि एकपटक बलरामजी पाताल लोकमा बसेको देखेर तिनका लघु भ्राता श्रीकृष्ण चन्द्रको तत्त्वहरू जान्ने इच्छाले सनतकुमारहरूले साङ्ख्यायनलाई बताए । साङ्ख्यायनले पराशर र वृहस्पतीलाई सुनाए । पराशरले म (मैत्रेय) लाई सुनाएका थिए । त्यही भागवत आज म तपाईंसँग बताइरहेको छु ।

यो विश्व जब समुद्रमा निमग्न थियो, त्यतिबेला ब्रह्माजीको उत्पत्ति कथा विचित्र छ । किनकि आफू बसेको स्थान आफैँलाई पत्ता लागेन । उनले सय वर्षसम्म खोजिरहँदा बल्ल सेतो सर्पको फणीले वेष्ठित र रक्षित आफू बसेको कमलको फेदमा आराम साथ बसेको देखे । उनैको तेज र शक्तिबाट पृथ्वी र आकाश देखे । तब उनैको आज्ञाले सृष्टि गर्न थाले ।

## ९. ब्रह्माजीद्वारा भगवान्को स्तुति

जलमा शेषशायी नारायण भगवान्को गुण, चरित्र, यश, शक्ति, तेज, कार्य विधि, कठोरता र दयालुपनको मायाजाल रूपी एक कल्प वृक्ष र त्यसको हाँगा-बिँगामा मनु मरिची आदि जसबाट सन्तान फैलायो, त्यस्तै तरिकाले नारायणको गुण-गान गर्दै ब्रह्माजी बारम्बार नमस्कार गर्छन् ।

यसरी ब्रह्माले स्तुती गरेपछि भगवान् खुशी भएर भन्नुभयो - "तिमीले मेरो साकार रूप देखेर पनि वर्णन गर्दै निगुर्ण रूपमा मेरो स्तुति गरेका छौ । तसर्थः

म खुशी छु । अब तिमीलाई मायाले बन्धनमा बाध्न र दुःख दिन सक्तैन, तब पहिलाकै कल्पमाजस्तै फेरी सृष्टि गर ।"

## १०. सृष्टिको दश भेद

जब नारायणले ब्रह्मालाई लोक तथा सृष्टिका प्रकरण सबै बुझाइ सकेपछि ब्रह्माले सृष्टिको विचार कसरी गरेथे ?

नारायाणकै आज्ञाअनुसार दिव्य सय वर्षसम्म ब्रह्माले उग्र तप गरे । त्यसपछि जुन कमलमा थिएँ, त्यहींबाट उनको तपोवल र ज्ञानद्वारा त्यो पानी र हावा पिएर कमलको नाल आकाससम्म पुगेको देखे, तब तीनै लोकको सृष्टि गरे । जो ती लोकमा रहने जीवहरू सुकर्म-दुस्कर्म जस्तो गरेका हुन्छन्, त्यस्तै कर्मको भोगी हुन त्यहाँ जान्छन् ।

अब फेरी विदुरले सोधे - कालको कल्पना कसरी गरिन्छ ?

मैत्रेय - "सत्वादि गुणको महादादी परिमाण त्यसको कार्य नै काल भनिन्छ । त्यो काल विशेषतः शून्य र अप्रतिष्ठित छ । कहीं पनि त्यसको अन्त्य छैन । ती परमपुरुष परमात्माले कालरूपी कारणलाई लिएर क्रीडाको लागि आफूलाई नै विश्व रूपमा सिर्जना गरे । यो विश्व अहिले जस्तो छ, पहिले पनि त्यस्तै थियो र पछि पनि त्यस्तै रहनेछ ।

प्रकृति र विकृतिबाट उत्पन्न मनुष्य आदि जीव नौं प्रकारमा सृष्टि हुन्छन् । जस्तै - प्रकृतिबाट महतत्त्व, अहंकार, शक्ति, आकाश, शब्द, वायु, तेज, जल, पृथ्वी । दशौंमा उनै परमपुरुष शेषशायी नारायण, जसको कमलबाट ब्रह्माले विभिन्न प्रकारका सृष्टि गर्न सुरू गर्दछन् ।"

## ११. कालको परिणाम

परमाणु र अणु दुबै शून्य छन् । ती अव्यक्त हुन् । सबै पदार्थमा व्याप्त भई सबै व्यक्त पदार्थ भोग्दछ । जुन काल विश्व प्रपञ्चको भोग भोग्दछ, त्यसलाई

परम्महान र परमाणु भन्दछन् । दुई परमाणुको एक अणु र तीन अणुको एक त्रसरेणु हुन्छ । तीन त्रसरेणुको एक त्रुटी गनिन्छ । सय त्रुटिको एक वेथ कहिन्छ । तीन वेथको लमु कहिन्छ । तीन लमुको एक निमेष कहिन्छ । तीन निमेषको एक क्षण हुन्छ । यस्तो हुँदै ब्रह्माको पुरा आयुलाई पर भनिन्छ र तिनै ब्रह्माको आधा आयु (परको आधा) परार्ध कहिन्छ ।

## १२. सृष्टिको विस्तार

ब्रह्माले पहिले त सनतकुमारहरूको सृष्टि गरे । ती बालब्रह्मचारी भए । सृष्टि फैलाउन नसकेको कारणले ब्रह्माजीलाई रिस उठ्यो । तब उनको भृकुटीबाट निल लोहित रूँदै निस्के, जो रूद्र भए । त्यसपछि यी १० पुत्र उत्पन्न भए :

१) काखबाट - नारद २) औंलाबाट - दक्ष ३) श्वासबाट - वशिष्ठ ४) त्वचाबाट - भृगु ५) हातबाट - क्रतु ६) नाभीबाट - पुलह ७) कानबाट - पुलस्य ८) मुखबाट - अंगिरा ९) नेत्रबाट - अत्रि र १०) मनबाट -मरिची

त्यसपछि दाहिने स्तनबाट धर्म, पिठ्यूबाट अधर्म, यो अधर्मबाट मृत्यु जन्मियो । हृदयबाट कामदेव, ओठबाट क्रोध र लोभ जन्मिए । तिनको गुदाबाट राक्षसहरूको जन्म भयो । छायाबाट कर्दम प्रजापतिको उत्पति भयो । तिनको मन र देहबाट सम्पूर्ण विश्व उत्पन्न भयो । त्यसपछि ब्रह्माले सरस्वती नामकी एक कन्या उत्पन्न गरे । आफैँले सकाम भावले हेर्न थाले, तब मरिची आदि छोराहरूले प्रेम पूर्वक सम्झाउन थाले । तब ब्रह्माजीलाई लाज भयो र त्यो शरीर त्यागे, जसको फलस्वरूप उठेको कुहिरो आजसम्म पनि विद्यमान छ । फेरी अर्को शरीर धारण गरेर सृष्टि गर्ने विचार गरे । त्यही त्यागिएको शरीर दुई फ्याक भएर मनु र सतरूपाको जोडी उत्पन्न भयो ।

तीबाट दुई पुत्र र तीन पुत्री भए । जस्तै छोरामा प्रियवत र उत्तनापाद एवम् छोरीमा आकुति रूचीसँग, देवहुती कर्दमसँग र प्रसुतीको दक्षसँग विवाह भयो । यिनैबाट उत्पन्न भएका सन्तानबाट संसार भरियो ।

# १३. वराह भगवान्को अवतार

जब मनुको उत्पत्ति भयो, तब मनुले ब्रह्माजीको स्तुति गरे । अब मैले के गरौं ? जसमा मेरो यश पनि रहोस् र मोक्ष पनि हवस् भन्दा ब्रह्माले भने तिमीले अब आफू जस्तै असल सन्तान उत्पन्न गरेर संसार भर । त्यसैमा तिम्रो कल्याण हुनेछ भन्दा पृथ्वी त जलैजल छ, अब सृष्टि चाहीं कहाँ गर्ने ? भनेपछि तब ब्रह्माले चिन्ताले निःशब्द भएका बेला उनको नासिकाबाट भगवान्को अवतार वराह रूपको सानो बालक सुकर निस्कियो । हेर्दा हेर्दै हात्तिभन्दा ठूलो भयंकर पर्वत जत्रो जलभित्र पसी पृथ्वीको उद्धार गर्न खोज्दा हिरण्याक्ष नामक दैत्य देखियो । यसले कार्यमा बाधा पार्ला भनेर मारिदिनु भयो । त्यसपछि पृथ्वीलाई जलमाथि राखेर अन्तर्ध्यान भए ।

# १४. दितिको गर्भ धारण

मरिचीका छोरा कश्यपका पत्नीहरू तेह्र मध्ये दक्षका छोरी तेह्रैवटी दिएका थिए । जसमध्ये दितिले छोराको अभिलाषा राखेर आफ्नै पति कश्यपसँग भोगको इच्छा राखिन् । तर कश्यप ऋषिहरूको यज्ञशालामा दीक्षित भएर बसेका र साँझको बेला भएकाले एक मुर्हूतपछि भन्दा अस्वीकार गरी ढिपी गरिन् । तर रमण भयो । त्यसपछि कश्यप र दितिले नुहाएर आ-आफ्नो नित्य कर्म सकिएपछि दितिले सोधिन् - अब मेरा सन्तान कस्ता जन्मन्छन् ? कश्यपले हप्काउँदै जवाफ दिए कि "हे अभागिनी ! गर्भधारणको बेला एक त तिम्रो मन अशान्ति र अपवित्र थियो, दोश्रो सौर्यकाल, फेरी मेरो आज्ञाको उलंघन गऱ्यौ र रुद्र देवताको अपमान गऱ्यौ । त्यसैले तिम्रा छोरा अत्यन्तै दुस्तर र अधम भएर तीनै लोकलाई रूवाउने अटंककारी दुष्ट हुनेछन् । तिनले निरपराध र दीनहीन प्राणीलाई मार्ने र परस्त्री हरण गर्ने वाला हुनेछन् । आखिरी नारायणले वराह अवतारमा हिरण्याक्ष र नृसिंह अवतारमा हिरण्यकशिपुलाई मार्ने छन् । तिम्रो छोरा जुन हिरण्यकश्यपुबाट अत्यन्तै सज्जन विष्णुभक्ति चारैतिर

भगवान्को जस्तै यश गान गर्ने र कीर्ति फैलाउने संसारलाई उज्वल पार्ने संसारकै मणि प्रह्लाद जन्मने छ । यसरी छोराको मृत्यु भगवान्बाट हुने र नाति संसारकै उज्वल मणितुल्य हुने कुरा सुनेर दिति खुशी भइन् ।

## १५. जय र विजयलाई ऋषिकुमारबाट श्राप

यसरी कश्यप र दितिबाट गर्भधान भएर बालक जन्मेपछि जसलाई देवताबाट कष्ट भोग्नु नपरोस् भनेर दितिले सय वर्षसम्म गर्भमै राखेकी थिइन् । त्यसैले चन्द्र-सूर्यको प्रकाश नष्ट भयो र संसारमा अन्धकार बढेपछि देवताहरू ब्रह्माजीसँग गएर ठूलो भक्तिले स्तुति गरेपछि ब्रह्मा भन्छन् - सत्यलोकमा, जहाँ नारायण भगवान् विराजमान हुन्छन्, त्यहाँ जान भनी सनकादि मुनिले छ वटा ढोका पार गरी अन्तिमको भित्री ढोकामा पुग्दा दुई पहरेदारहरूले भित्र पस्न अनुमति दिएनन् जो भगवान्का पार्षद् जय र विजय थिए । भगवान्को दर्शनमा बाधा परेकाले रिस उठ्यो र श्राप दिए - "तिमीहरू यो भगवान्को द्वारपालमा योग्य रहेनछौँ । सुधारका लागि तिमीहरू पापीको लोक जाऊ ।" अब द्वारपालहरू भन्छन् - हामीले उचित दण्ड पाएका छौँ तर हामी जुन लोक र जुन योनिमा जन्मनु परेपनि नारायणको सम्झनाचाहीं आइरहोस् ।

यता ऋषिकुमार पनि नारायणको ध्यान गर्दै भन्छन् कि, हामीले हजुरका द्वारपाललाई श्राप दिएर ठूलो गल्ती गरेका छौँ, त्यस वापत हामी बारम्बार नरक भोग्नु परेपनि हाम्रो मनचाहीं हजुरको चरण कमलमा लीन होस् । हजुरको प्रत्यक्ष दर्शन पाएकोमा हामी धन्य ठानिरहेका छौँ ।

## १६. जय र विजयको वैकुण्ठबाट पतन

यति भएपछि भगवान्ले ऋषिकुमारलाई भन्नुभयो - यी मेरा द्वारपाल जय र विजयले मेरो इच्छा बुझेनन् । तसर्थः तपाईंहरूले दिएको श्रापप्रति म सहमत छु । तपाईंहरूको सेवाले मेरो शक्ति र भक्ति बढ्नेछ र मेरो पाउको

धुलोले सम्पूर्ण जगत पाप मुक्त हुन्छ । ब्राह्मणले गरेको भोजनबाट म तृप्त हुन्छु । अब मेरा यी पार्षद् जय र विजय राक्षस योनिमा जन्म भई कर्मको फल भोगी चाडै नै मकहाँ फर्केर आउनेछन् । शत्रु भावले पनि मेरो स्मरण गर्नेछन् । तपाईंहरू चिन्ता नगर्नुहोस् भनेर नारायणले सम्झाएपछि सनतकुमार त्यहाँबाट हिंडे ।

त्यसपछि नारायणले आफ्ना दुबै सेवकलाई बोलाएर भन्नुभयो - "मैले यो श्राप निस्तेज गर्न पनि सक्थे तर त्यसो गर्नु हुँदैन किनकि जब प्रलय कालमा म योग निन्द्रामा लीन रहेको अवस्थामा लक्ष्मी मसँग आइरहेकी थिइन् तिमीहरू दुबै भएर उनलाई छेकेका थियौ । त्यसैले यो श्रापको संकेत त त्यति बेरै भईसकेको थियो तर अब आत्तिनु पर्दैन । राक्षसी योनिमा प्राप्त भएर क्रोध योगद्वारा सिघ्र तिमीहरू यो श्राप भुक्तान गरी फेरी म कहाँ आउनेछौ ।" भगवान्का ती दुबै सेवक (जय र विजय) कश्यपको वीर्य दितिको गर्भबाट हिरण्याक्ष र हिरण्यकश्यपु भएर जन्मनेछन् ।

## १७. हिरण्याक्ष र हिरण्यकश्यपुको जन्म

दितिको गर्भमा सय वर्षसम्म रहेर हिरण्याक्ष र हिरण्यकश्यपु जब जन्मे तब संसारमा हाहाकार मच्चियो । विभिन्न उत्पात हुन थाल्यो । पाप बढ्न थाल्यो । चोरी, डकैती, पैठारी हुन थाले । यस्तो उल्का देखेर सबै लोक आत्तियो तर सनकादिहरू भने भयभित भएनन् । किनकी उनीहरूलाई यसको रहस्य थाहा भयो । ब्रह्माबाट केही गरे पनि नमर्ने वर पाएपछि ती दुई राक्षसले सबै लोक जिती सके । बलले मैमत्त भएर हिरण्याक्ष नामको दानवले वरूणलाई युद्धमा बोलायो । तर वरूणले भने - म युद्धको लायक छैन । बरू पुरा पुरूष नारायण बाहेक यो संसारमा तिम्रो जोडी मिल्ने र तिमो इच्छा तृप्ति पारिदिने अरू छैनन्; उनै कहाँ जाऊ ।

# १८. वराह भगवान् र हिरण्याक्ष संग्राम

नारद ऋषिका मुखबाट नारायण भएको ठाउँ पत्ता लगाई रसातल पुग्यो । जहाँ नारायण सुकररूपले समुद्रमा पसी पृथ्वीलाई उद्धार गरिरहनु भएको थियो । दैत्यले भगवान् सुकरलाई अनादर गरेर भन्यो - ए सेतो सुकर ! तँ यो पृथ्वीलाई यहिं छाडिदे । यो पृथ्वी त हामी पातालबासी दानवको हो । तँ यो लैजान सक्तैनस् । तेरो के पुरुषार्थ छ र आँट गरिस् ? आज तेरो वध गरेर मेरो वंशको उद्धार गर्नेछु । तेरो मस्तक धूलो पार्न सकिन भने देवता र ऋषि कसरी निर्मूल होलान् । यस्तो कटुवचन सुनेर भगवान्लाई रिस उठ्यो र सुँडोमा उचालेर पृथ्वीलाई थपक्क राखि ए दानव ! तिमीले जो प्रतिज्ञा गऱ्यौ मलाई मारेर आफ्ना वंशको आँसु पुछ । आफ्नो प्रतिज्ञा पुरा नगर्नेलाई संसारले नै मुर्ख भन्नेछन् । अब त्यो हिरण्याक्ष क्रोधले आत्तिएर विषालु सर्पझैं गदाको माध्यमबाट युद्ध गर्न थाल्यो । अन्य दर्शकलाई भयंकर डर लाग्यो संग्राम भयो । त्यो संग्राम हेर्न अनेक ऋषिगण सहित ब्रह्माजी त्यहाँ पुगे । ब्रह्मा - हे जगतपति भगवान् ! यतिबेला अविजित नामक योग छ । साँझमा यो झन् बलवान् हुने भएकाले साँझ अगावै यसलाई सखाप पारी हामी देवगणका साथै सम्पूर्ण जीवको कल्याण होस् भनेर स्तुति गरेका थिए ।

# १९. वराहद्वारा हिरण्याक्षको वध

तब भगवान्ले त्यो गदा आफ्नो खुट्टाले थिचेर आफ्नो हातको गदा उचाल्दै भन्नुभयो - हे दैत्य ! यदि तँ यस युद्धमा विजय चाहन्छस् भने आफ्नो शस्त्र उठा । यस्तो वचन सुनेर फेरी ठुलो गर्जन गर्दै आफ्नो गदा भगवान् माथि प्रहार गरेको थियो । तर भगवान्ले त्यसको हातबाट गदा खोसेर मुड्किले कन्पारोमा बजार्दिनु भएको थियो, त्यसका आँखा बाहिर निस्किएर ठुलो पर्वत ढलेझैं ढल्यो । प्राणपछि उडेर गयो । त्यतिबेला उसकी आमा दितिका स्तनबाट रगत बग्न थाल्यो । तब उनलाई आफ्ना पिता कश्यपको वचन स्मरण भयो । त्यतिबेला

देवगणहरूले त्यो राक्षस भगवान्को हातबाट प्राण त्यागेको देखेर भने - अहो ! कस्तो भाग्यमानी राक्षस रहेछ भन्दै भगवान् वराहको स्तुति गरे । हे हरे ! हजुर नै सबै यज्ञका विस्तार स्वरूप हुनुहुन्छ । यो सबैको कर्म मर्दन गर्ने दैत्यको मृत्यु र हजुरका चरण कमलको भक्तिले हामी आनन्दित भयौँ ।

## २०. सृष्टिको विस्तार क्रम

विदुरले मैत्रेयसँग प्रश्न गर्नुभयो कि ब्रह्माजीले मरीचि आदि प्रजापतिहरूको सृष्टि गरिसकेपछि अन्य सृष्टि कसरी भयो ? मैत्रेय भन्दछन् - जो तर्कना शक्तिभन्दा पर छ त्यसैद्वारा क्षुब्द भएर महतत्त्वको रचना भयो । जसबाट सत्व, रज, तम त्रिगुणमयी अहंकार भयो । त्यसबाट पञ्चमहाभूतादि तत्त्वको रचना भयो । तर एकल हुनाले सृष्टि सम्पन्न भएन । ती सबै मिलेर एउटा अण्डको सृष्टि गरिदिए । त्यो हजार वर्षसम्म जलमा रह्यो । त्यसैमा भगवान् आएर प्रवेश गरे । तीनै विराट पुरूषको नाभिबाट कमलमा ब्रह्माजीको उत्पत्ति भयो । तीनले सबैभन्दा पहिले आफ्नो छायाबाट तामिश्र, अन्धतामिश्र, तम, मोह र महातम यी पाँच अविद्याको सृष्टि गरे । तमोमय हुनाले यो शरीर त्यागिदिए । त्यही शरीर रात्रीको रूपमा रह्यो । त्यसबाट यक्ष र राक्षस भए । तीनलाई भोक र प्यासले व्याकुल भई ब्रह्मालाई नै खान खोजे फेरी दिन भएपछि ब्रह्माले देवताहरूको सृष्टि गरे । ब्रह्माले आफ्नै तिघ्राबाट असुरहरूलाई जन्म दिए । त्यो शरीर पनि त्यागे । त्यसबाट सन्ध्या नामकी कन्या उत्पन्न भईन् । त्यसपछि आफ्नो कान्तिबाट गन्धर्व र अप्सराको सृष्टि गरे र त्यो देह त्यागे । त्यसपछि आफ्नो अल्छिपनबाट नाङ्गा र कपाल फिजाएका भूत पिसाच सृष्टि गरेर शरीर त्यागे । त्यसबाट निद्रा र इन्द्रियहरूको ज्ञान उत्पन्न भयो । त्यसपछि पितृ र साध्ये गणको सृष्टि गरे । त्यसपछि ब्रह्माले सिद्ध र विद्याधरहरूको सृष्टि गरे । आफ्नो छायाबाट किम्पुरूषहरूको सृष्टि गरे । ब्रह्माले त्यो शरीर पनि त्यागेपछि त्यसबाट सर्परूपी नागहरू निस्किए । अब ती गन्धर्व नाम किम्पुरूष सबै जीवधारि मिलेर उनै ब्रह्माको प्रशंसा र गान गर्दै स्तुति गर्न लागे ।"

# २१. कर्दमको तपस्या

विदुरजी भन्नुहुन्छ - "हे भगवान् ! अब मलाई स्वयंभूव मनुको पवित्र वंश विस्तार सुनाउनुहोस् । जुन वंशबाट स्त्री पुरुषको संयोगमा प्रजाको वृद्धि भएको छ ।" मैत्रेय - हे विदुर ! जब ब्रह्माबाट तिमी प्रजाको उत्पति गर भन्ने आज्ञा पाएका थिए, तब कर्दमजी सरस्वती नदीको विन्दुसर तीर्थमा दशहजार वर्षसम्म निकै कठोर तपस्या गरे । हे विदुरजी ! यो सूर्य स्वरूप निर्मल तेजोमय घाँटीमा सेतो कमल कुमुदको माला, मुख कमल चिल्लो घाँटीमा विमल वस्त्र, शिरमा किरिट, कानमा कुण्डल, हातमा शङ्ख, चक्र, गदा लिएका तीनको मुस्कानले भरिएको हेराईले सर्वलोकका जीवको चित्त चोरिन्थ्यो । त्यस्ता वक्षस्थलमा चम्कने प्रभुको साक्षात् दर्शन पाएपछि अपार हर्षका साथ कर्दमजीले साष्टाङ्ग प्रणाम गरे । भगवान्ले कर्दमको तपस्या र स्तुति देखि प्रसन्न भएर भन्नुभयो - "हे प्रजापते ! मेरो आराधना कहिल्यै निष्फल हुँदैन । अझ जस्को चित्त सधैं ममा नै लीन रहन्छ ती विचित्र महात्माहरूले गरेको उपासनाको त झन् बढि महत्त्व हुन्छ ।" अब ब्रह्माजीका पुत्र स्वयंभूव जस्ले ब्रह्मावर्तमा राजधानी बनाएर सात समुद्र पर्यन्त फैलिएको पृथ्वीमा शासन गरेर सार्वभौम सम्राट भएर आफ्नो सुयशः सर्वत्र फिजाएका थिए । उस्ता मनु र शतरूपा की छोरी नवयौवना श्यामलोचना, शिल र सद्‌गुणले भरिएकी कन्याले तपाईंलाई पति वरण गरिसकेकी छन् । पर्सिको दिन स्वयंभूव मनु र शतरूपा सर्व लक्षणले सम्पन्न कन्या देवहुती समेत लिएर तपाईंलाई हेर्न आउँदैछन् । तीनलाई तपाईंले स्वीकार गर्नुहोला । तब तिनका भर्गबाट नौ कन्या हुनेछन् । तिम्रो वीर्य र देवहुतीको गर्भबाट मेरो प्रादुर्भाव भई साङ्ख्य शास्त्रको रचना हुनेछ ।

# २२. कर्दमको देवहुतीसँग विवाह

स्वयंभूव मनु र शतरूपाले आफ्नी गुण र शिलले भरिएकी परम सुन्दरी कन्या देवहुतीलाई समेत साथैमा लिएर ब्रह्मावर्त क्षेत्रबाट विन्दुसर तीर्थमा पुगेर कर्दम ऋषिलाई प्रणाम गरे । मेरो शौभाग्य हो । जो हजुरको

दर्शन पाएँ । मैले हजुरलाई योग्य ठानि प्रियव्रत र उत्तानपादकी बहिनी यौवनावस्था शील तथा गुणले आफूसमान पतिको इच्छुक छ । जब नारदजीका मुखबाट यिनले हजुरको शिल, विद्या, रूप, गुण यौवनको वर्णन सुनेपछि हजुर लाई नै आफ्नो प्राणतुल्य पति तुल्याउने अठोट गरेकी छिन् । स्वीकार गर्नुहोस् । कर्दम - तिम्रो संकल्प पुराहोस् भन्दै अद्वितीय सुन्दरी त्यस्ती रमणरत्नले स्वयं आएर प्रार्थना गरेपछि कुन पुरुषले अस्वीकार गर्ला र । पितृको पिण्डपानीका लागि र सृष्टि फैलाउनुपर्ने कारणले गर्दा मैले कमल नयनी कन्या देवहुती स्वीकार गरैं । तर एउटा पुत्र भएपछि मैले पुनः गृहस्थी त्यागि भगवत प्राप्तिमा लागि वनवासी हुनेछु भनेपछि दुबै पक्षको चित्त बुझीसकेको कारणले गर्दा सोही अभिप्रायअनुसार मनु र शतरूपाले प्रेमका आँसु पुछ्दै प्रशन्नता पूर्वक वस्त्र गहना गृहस्तिका सारा वस्तुहरू प्रसस्त छोरी ज्वाईंलाई दिएर योग्य वरलाई कन्यादान दिनाले राजारानी निश्चिन्त भएर आफ्नो राज्य ब्रह्मावर्ततिर फर्किए ।

## २३. कर्दम देवहुतीको जीवनी

यसरी विवाह भईसकेपछि पत्नी देवहुतीले पनि कर्दमको सेवा त्यसरी गरिन् जसरी पार्वतीले शिवजीको गरेकी थिइन् । कर्दमकी पत्नी देवहुतीको पतिव्रता र सेवाबाट प्रशन्न भएर वर माग्ने आज्ञा गरे । देवहुतीले भनिन् - एक सन्तान होओस् । फेरी सन्तान भएपछि हजुरले मलाई त्याग्ने भएकाले आफ्नो सम्पूर्ण व्यवस्था मिलाई दिनुपर्ने इच्छा प्रकट गरिन् । अनि ऋषिले योगबलद्वारा एउटा इच्छागामी विमान बनाइदिए । त्यसमा कुनै वस्तुको अभाव थिएन ।

## २४. कपिलको जन्म र कर्दमको वनवास

देवहुतीले एक रक्षक छोरो चाहियो भन्दा कर्दमजीले हतार नगर, तिम्रो गर्भबाट कपिल (मधुसुदन) भगवान्‌को जन्म भई मेरो कीर्ति फैलाउनुका साथै तिमीलाई

तत्त्वज्ञानको उपदेश दिनेछन् । कर्दमकी छोरी नौवटी भए । छोरीहरूको विवाह भईसकेपछि महर्षि कर्दमले छोरा कपिलसँग विदा भई वनतिर लागे । आफ्नो मन भगवान्मा लगाइ मुक्त भए ।

## २५. कपिलदेवले मातालाई भक्तिका लक्षण बताउनु

भगवान् अजन्मा भएपनि साङ्ख्य शास्त्रको आत्मज्ञान दिनको लागि अवतार भएका थिए । आमाले मुक्तिको बाटो बताउ भनेपछि कपिलदेव - मेरो विचारमा त अध्यात्मवादको योग नै प्राणीलाई मुक्ति दिने उत्तम बाटो हो । वास्तवमा मन नै बन्धन र मोक्षको कारण छ । विषयमा मन लाग्नाले बन्धन र जब त्यही मन भगवान्मा लाग्दछ तब मुक्ति प्राप्त हुन्छ । मोहबाट उत्पन्न काम, क्रोध, लोभ, मोहादि मल नरहेपछि मन शुद्ध हुन्छ, तब सुख प्राप्त हुन्छ । साधु पनि तिनै हुन्, जो सुख दुखादि द्वन्द सहन्छन् । जो परम दयालु र शान्त स्वभाव पारेर अनन्य भावले मेरो भक्ति गर्दछन् । मेरो निम्ति त्यो सबै त्यागिदिन्छन् । मेरो कथा भन्दै सुन्दै रहन्छन् । ती सज्जनलाई त्रिविध तापले कष्ट दिँदैन । तिनमा वासनाको लेश पनि रहन्न । हे माता ! तिनै सज्जनको संगत गर्नुपर्छ । जो मेरा अनन्य भक्त इहलोक र परलोक स्त्री, पुरुष, घरबार तथा अन्य सांसारिक वस्तुको परित्याग गरेर म सर्वव्यापकलाई भज्दछन् तिनलाई म भवसागरबाट पार तारिदिन्छु ।

**मुक्तिका ५ प्रकार :**

क) सालोक्य - मेरो लोकमा निवास ।

ख) सार्ष्टि - मेरो ऐश्वर्यको वरावर ऐश्वर्यको उपभोग ।

ग) सामिप्य - मेरो समीप निवास ।

घ) सारूप्य - मेरो रूपको हुनु ।

ङ) सायुज्य - 'म' मा मिल्नु ।

## २६. साङ्ख्यको आधारबाट तत्त्वको उत्पत्ति

भगवान्सँग प्रेम गर्ने भक्तिवाला त यी पाँचै प्रकारका मुक्तिलाई पनि तुच्छ ठानेर सदा सर्वदा भगवान्मा नै चित्त लगाएर रमाउन (रम्न) चाहन्छन् ।

(सत्व, रज र तम) यी तीनै गुण प्रकृति हो । जसबाट त्यो मायावी शक्तिलाई पनि आफ्नो अधीनमा राखेर (लिप्त नभईकन) यो जगतलाई लय प्रलय गराउँछ । हरेक पदार्थको कण कणमा रहेर अन्तर्यामी साक्षीको रूपमा सर्वव्यापी रहनेछ । त्यो परमात्मा नै अलौकिक पुरूष हो । कर्म त प्रकृतिको गुणको खेल हो । यिनै प्रकृतिका खेलको चमत्कार देखेर जीवात्मा भ्रममा गाढिन्छ । आफूलाई कर्ता पात्र ठानी कल्पौंकल्प जीवन मरणको चक्रमा पर्छ ।

माता देवहुतीले प्रकृति र पुरूष दुबैको लक्षण बताऊ भनेपछि कपिलदेव भन्छन् प्रकृति र पुरूष नै यो जगतको कारण जनक जननी हुन् ।

प्रकृति, त्रिगुणात्मिक र अव्यक्त, कार्य कारणात्मक धर्मबाट रहित भएपनि धर्मको आधार मानिन्छ । प्रकृतिका २५ तत्त्व मध्ये श्रोत्र, त्वक, चक्षु, जिह्वा, नासिका, वाणी, हात, पाउ, उपास्थ, वायु यी १० इन्द्रिय तथा मन, बुद्धि, अहंकार र चित्त यी ४ अर्न्तइन्द्रिय हुन् । पृथ्वी, जल, जेत, वायु र आकाश यी पञ्चमहाभूत हुन् । गन्ध, रस, रूप, स्पर्श र शब्द पञ्चतन्मात्रा हुन् । यी सबै मिलेर २४ तत्त्व भए । यी चौबिस तत्त्व प्रकृतिका हुन् । काल पच्चिसौँ तत्त्व हो ।

काल दुई किसिमका हुन्छन् । जीवलाई जसबाट भय रहन्छ, त्यो संहारक काल र जसद्वारा प्रकृतिलाई क्रियाशिलता प्राप्त हुन्छ, त्यो उत्पादक काल हो । यसरी भगवान् आफ्नो मायाद्वारा पुरूषरूपबाट प्राणीको भित्र र काल रूपबाट बाहिर विद्यमान रहन्छ । तिनै उपाधिरहित पुरूषले जीवादिको कर्मअनुसार क्रिया शक्ति र प्रकृतिमा चैतन्य रूप गर्भ स्थापित गरेपछि प्रकाशमय महतत्त्व उत्पन्न भयो । महतत्त्वबाट अहंकार, अहंकारबाट आकाश, आकाशबाट वायु, वायुबाट तेज (अग्नि), तेजबाट जल र जलबाट पृथ्वी ।

त्यही भगवान्‌बाट विश्वको विस्तार भयो । शक्तिशाली भगवान्‌ले त्यो अचेत अण्डभित्र प्रवेश गरेर अनेक साना प्वालहरू पारिदिए । जसको फलस्वरूप मुख उत्पन्न भयो । मुखबाट अग्नि उत्पादन भए । नाकको प्वालबाट प्राण वायु र घ्राणन्द्रियले प्रवेश गरे । त्यसपछि नेत्र गोलोक प्रकट भए । कर्णबाट दिशाहरू र श्रोत्रेन्द्रियले प्रवेश गरे । रौंका प्वाल र दाह्री, जुँगा, कपाल उत्पन्न भए । त्यसपछि अन्नहरू, औषधीहरू र सूक्ष्म इन्द्रिय प्रकट भए । जलभित्र वीर्य प्रवेश भएपछि गुदा उत्पन्न भयो । त्यसमा अपान वायुसहित मृत्यु प्रवेश गर्‍यो । हात उत्पन्न भए । त्यसपछि चरण उत्पन्न भए । त्यसपछि आफ्ना अधिष्ठाता विष्णुसहित गति प्रविष्टि भयो । नाडीहरू उत्पन्न भए । नदीसित रक्तले प्रवेश गर्‍यो । उदर प्रकट भयो, तब भोक प्यास प्रकट भए । हृदय उत्पन्न भयो, तब मन, बुद्धि, चित्त, अहंकार र चन्द्रमा, ब्रह्मा, रूद्र प्रवेश भए र आ-आफ्ना ठाउँबाट प्रवेश भई यी सबैले त्यो विराट पुरूषलाई उठाउन खोजे तर सकेनन् । जब हृदयमा चित्तसहित क्षेत्रज्ञ प्रवेश भए त्यसपछि विराट पुरूष जलबाट ठिङ्ग उभिए । यसै कारणले यही क्षेत्रज्ञलाई परम् पुरूष हो भन्ने ठानी उनै विराट पुरूषको चिन्तन र ध्यान गरोस् ।

## २७. प्रकृति र पुरुषको ज्ञानद्वारा मोक्षको रीति

देवहुतीले सोध्नुभयो - जसरी पृथ्वीबाट गन्ध र जल अलग गर्न सकिँदैन, त्यस्तै प्रकृति र पुरूषलाई पनि अलग गर्न सकिँदैन । किनकि यी दुबै नित्य र अन्योन्याश्रित छन्, तब प्रकृतिका गुण छँदा-छँदै पुरूष कसरी मुक्त हुन सक्छ ? कपिलदेव भन्छन् - "हे माता ! शुद्ध चित्त र निष्काम कर्मका कुरा सुन्नाले उत्पन्न भक्ति, तत्त्व ज्ञान, संसारबाट वैराग्य र ईश्वरप्रति अनुराग भरिएपछि समाधिद्वारा विस्तार-विस्तार पुरूषबाट प्रकृतिको सम्बन्ध त्यसैगरी छुट्छ, जसरी सपना देख्ने व्यक्तिलाई नै सपनाको घटनाले चिन्तित तुल्याएर असर पर्दैन, त्यसैगरी विवेकी पुरूष जब ममा आफ्नो चित्त लगाई दिन्छ, तब त्यसलाई

प्रकृतिको प्रभाव पर्दैन । त्यसले मेरो आश्रय स्थल कैवल्य पद पाउँदछ अनि फेरी यो संसारमा आउनु पर्दैन ।"

## २८. योगको स्वरूप

योग दुई किसिमका हुन्छन् - सजीव योग र निर्जीव योग । जुन साधकले मन शुद्ध गरेर आत्मस्वरूपमा लाग्न सक्छ, त्यो निर्जीव योग हो । विशुद्ध मनले भगवान्को ध्यान गर्नु सजीव योग हो । अब म सजीव योगको लक्षण बताउँछु । जुन विधि अवलम्बन गर्नाले विशुद्ध मन भगवान्तिर प्रवृत हुन्छ । सकाम धर्म, अर्थ कामबाट निवृति हुन्छ एवम् मोक्षमा मन लाग्छ, त्यही सजीव योग हो । जुन साधकको परिमित भोजन, एकान्त चाहनु, अहिंसा, सत्य र अस्तेयको (शरीर निर्वाह मात्र) चाहना, मौनको रूचि, आसनको साधनाद्वारा शरीरलाई स्थिर राख्ने । विस्तार-विस्तार प्राणयामका साथ विषयबाट इन्द्रिय र मन फर्काएर मूलधार चक्रमा मन र प्राण स्थिर राख्ने प्रवृति हुन्छ, त्यही सजीव योग हो । भगवान्का लीलाको चिन्तन गर्ने र भगवान्मै एकाग्र हुने अनेकौं व्रत तीर्थको माध्यमबाट विषय वासनालाई यो मनबाट हटाएर परमेश्वरमा लगाओस् ।

पवित्र ठाउँमा आसन बिच्छाएर सजिलोसँग बसोस् । अनि पुरक (तान्नु) कुम्भक (राख्नु) रेचक (छोड्नु) यो विधिले प्राणयामको प्रयास गरोस् । मनको चञ्चलता हटाएर शान्त पारोस् । यति भएपछि आगोमा पोलेको धातुजस्तै कञ्चन, योगिको जस्तो स्वच्छ, शान्त र पवित्र हुन्छ । यसरी कञ्चन भईसकेपछि नाकको टुप्पोमा दृष्टि लगाई भगवान्को यस्तो मूर्तिमा ध्यान गरोस् । जसको मुखमा मन्द हाँस्य छ, आँखामा लालीमा छ, श्याम वर्णको छ, शङ्ख, चक्र, गदा र पद्म धारण गरेका, पिताम्वर पहिरेका, हृदयमा श्रीवत्स शोभिएको, घाँटीमा कौतुभ मणि, वनमाला लगायका, बहुमूल्य हार, किरिट, कुण्डल, नुपूर, कम्बरमा कन्दनी भएका यस्ता भगवान् भक्तका हृदयमा विराजमान छन् । प्रभुको रूप दर्शनीय र शान्तिमय छ, भक्तगणमा उनको कृपा रहिरहन्छ । सारा विश्व उनको वन्दना

गर्दछ । उनको तरूण अवस्था छ । जबसम्म मन हट्तैन, तबसम्म यस्ता सर्वाङ्ग सुन्दर मूर्तिको ध्यान गरी नै रहोस् ।

जसलाई जस्तो भावना आउँछ, प्रभुको उभिएको, हिंडेको, हेरेको तथा बसेको विविध लीलाहरू गरेको, त्यस्तै ध्यान गरोस् । यसरी भगवान्‌को सर्वाङ्ग सुन्दर मूर्तिको ध्यान गरेपछि भगवान्‌का अङ्ग अङ्गको ध्यान गरोस् ।

## २९. भक्तियोग, कालको शक्ति

देवहुतीले प्रश्न गर्नुभयो कि "अब मलाई भक्ति मार्ग कस्ता–कस्ता र कति छन् ? त्यसबारेमा बताऊ ।" कपिलदेव भन्दछन् - "हे माता ! फल र संकल्पको भेदले भक्ति योगमा अनेक शाखा भईसकेका छन् ।"

१) तामसी - जो क्रोधी व्यक्ति आत्मा र परमात्मामा भेदभाव राख्तै पाखण्ड, हिंसा र मात्सर्य (डाह)ले प्रेरित भएर मेरो भक्ति गर्दछ, त्यो तामस कहिन्छ ।

यसका पनि ३ भेद हुन्छन् । क) अर्काको विनास (हिंसा) को निमित्त भक्ति गर्ने व्यक्ति अधम, ख) पाखण्डले प्रेरित भएर भक्ति गर्ने व्यक्ति मध्यम र ग) मात्सर्यले (मदले) प्रेरित भएर गर्ने भक्ति तामस कहिन्छ ।

२) राजसी - तीन भेद्‌बुद्धि राखेर विषय, यशः र ऐश्वर्यको लागि गरिने भक्ति राजस हुन् । क) विषय, चन्दन, माला, स्त्री आदि विषयको लागि गरिने भक्ति अधम हो । ख) यशःको प्राप्तिको लागि गरिने भक्ति मध्यम र ग) ऐश्वर्य पाउनको लागि गरिने भक्ति राजस कहिन्छ ।

३) भेद्‌बुद्धि राखेर जो व्यक्ति पापको क्षयको निमित्त ईश्वर प्रित्यर्थ र वेदविधिको पूर्तिको लागि भक्ति गर्दछ, त्यो क्रमशः अधम, मध्यम र उत्तम श्रेणीको सात्विक भक्त मानिन्छ ।

४) निर्गुण भक्ति एउटै किसिमको हुन्छ । सर्वान्तर्यामी परमात्माको भक्त वत्सलता

आदि गुणहरू सुनेर निष्काम भावले अविच्छिन्न, भेद्बुद्धिरहित भएर गरिने भक्ति नै निगुर्ण भक्ति हो । यस्ता निगुर्ण भक्ति गर्ने वालाले मेरा पाँचै प्रकारका मुक्तिलाई पनि (सालोक्य, सार्ष्टि, सामीप्य, सारूप्य र सायुज्य) चाहँदैन, केवल भक्ति मात्रै चाहन्छन् भने अरू पदार्थ त के खोज्लान र !

५) आत्यन्तिक भक्तियोग, त्यही हो, जसद्वारा साधक गुणत्रय (सत्व, रज, तम) देखि पर भएर ब्रह्मस्वरूप प्राप्त गर्दछ । निष्काम भएर नित्य नैमित्तिक कर्म गर्ने हिंसाबाट जोगिएर विधिअनुसार मेरो पूजन गर्ने । प्राणीमात्रालाई मेरो अनुभूति गर्नाले साधकको चित्त ममा लाग्दछ । धैर्य राख्ने, वैराग्यको भावना राख्ने, सत्पुरूषको सत्कार गर्ने दीनदुःखीमा दया दृष्टि राख्ने । ऐन -नियमको पालन गर्ने साधकको चित्त ममा लाग्छ । हरिनाम कीर्तन गर्ने, मनमा छलकपटलाई आउनै नदिने, सत्पुरूषको संगतिमा रहने, देहमा महत्त्व नदिने साधकको चित्तमा म देखिनेछु । म हरेक प्राणीको हृदयमा अन्तर्यामी रूपले रहन्छु । मेरो यो रूपको उपेक्षा गरेर जो मनुष्य केवल प्रतिमाको पुजन गर्दछ, त्यो पाखण्डी हो । जसको हृदयमा अर्न्तयामी रूपमा रहेको मलाई छाडेर मूर्खतावस मूर्तिको पूजा गरिरहनु खरानीमा हवन गरे जस्तै हो । हे माता ! जसको हृदय कलुषित रहन्छ, त्यो यदि उत्तम सामग्रीले मेरो पूजन गर्छ भने पनि म प्रसन्न हुन्न ।

मनुष्यले त्यसबेलासम्म नित्य-नैमितिक कर्म मेरो मूर्तिको पूजा गरोस् । जबसम्म त्यसलाई आफ्नो हृदयमा म सर्वान्तर्यामीको उपलब्धि हुँदैन । भेदबुद्धि हुने अज्ञानीलाई म मृत्युरूप भएर आवागमनको चक्करमा पछारी दिन्छु ।

## ३०. अधोगतिको वर्णन

देह गेहमा आशक्त तामसी मनुष्यको अधोगतिको वर्णन गरिएको छ । मायाको प्रभावमा परेर जीव अनेकथरी सुखको अभिलाषा बोकेर कष्टपूर्वक जुन-जुन वस्तुहरू प्राप्त गर्दछ । कालले सबैथरि वस्तुहरू विनष्ट गरिदिन्छ र जसका कारणले जीवले व्यर्थका अनेक शोकलाई प्राप्त गर्दछ । सम्पूर्ण दुःख कष्टको एकमात्र कारण यही

हो कि नाशवान शरीरादिलाई मोहवश नित्य मान्नु र जसका कारण अनेकतरहका अनर्थहरू प्राप्त हुन्छन् भगवान्‌को मायाद्वारा मोहित भएको जीव जुन-जुन शरीरमा पुग्दछ ती-ती शरीरमा अत्यन्त आशक्त भएर आनन्दित हुन थाल्दछ । यसरी देवमायाद्वारा विमोहित भएर स्त्री, पुत्र, धन र बन्धुबान्धव आदिमा ज्यादै आशक्त भएर यिनीहरूको विषयमा अनेकथरी कामना गर्दै आफूलाई भाग्यशाली ठान्दछ । यसरी झुटो मोहमा फसेर आफ्नो अमूल्य जीवन व्यर्थ बिताउँछ र अनेकथरी योनिहरूमा जन्मलिएर आफूले नै आर्जन गरेका शुभाहुभ कर्मफलहरू भोग्दै संसृति चक्रमा घुमिरहन्छ र विभिन्न किसिमका रोग, शोक, शारीरिक, मानसिक दुःखहरू सहन गर्दै दुर्वेसना ग्रस्त जीव पापकर्मपरायण भएर दुःखपूर्ण अज्ञानग्रस्त निन्दनीय नारकीय यातनालाई प्राप्त गर्दछ । र दुःखयुक्त निन्दित देहलाई प्राप्त गर्दछ ।

## ३१. गर्भवासको वर्णन

कपिलदेव - हे माता ! कर्मको फल ईश्वराधीन छ । अतः पूर्वजन्ममा गरिएका कर्मअनुसार प्राणी पुरूषका वीर्यकणद्वारा स्त्रीको उदरमा प्रविष्ट भएर महिला रजसँग मिश्रण हुन्छ । क्रमशः बुँद झैँ बाटुलो हुँदै दश दिनमा वयर जस्तै कडा हुन्छ । एक महिनामा शिर, दुई महिनामा हात खुट्टाको आकार, तीन महिनामा नङ, रौं वा लिङ्ग वा योनिको छिद्र बन्दछ । चार महिनामा सबै अङ्ग तयार हुन्छन् । पाँचौं महिनामा भोक प्यासले सताउँछ । छ महिनामा जरायुज (जालो) मा बेरिन्छ र बालक दाहिना कोखामा चल्दछ । मलमुत्रले परिपूर्ण गर्भाशयमा कष्टकर भएर बस्नैपर्छ । त्यहाँ त्यसको वृद्धि आमाले खाएका अन्न र जलको रसले हुन्छ । त्यस गर्भमा किराले टोक्दा पीडाले गर्दा मूर्छा पर्ने गर्छ । आमाले खाएको अमिलो, पीरो, तीतो, टर्रो, चीसो, तातो पदार्थको रसले कठोर कष्ट हुन्छ । पूर्वसंस्कार वश स्मरण शक्ति हुने भएकाले जन्मजन्मान्तरका पापपुञ्जहरू सम्झेर आत्तिन्छ । सातौँ महिनामा ज्ञानशक्ति पलाएपछि प्रसव वायुको शक्तिले छट्पट्

गर्दै व्याकुल भई हात जोरेर प्रभुको स्तुति गछ । हजुरको कृपाले जसरी मलाई यहाँ सबै ज्ञान बुद्धिको स्मरण भईरहेको छ । त्यसैगरी पृथ्वीमा अवतरित भएपछि पनि धैर्यपूर्वक प्रभुको भजन गर्नेछु । कपिलदेव - हे माता ! यस्तो निश्चय गरेर जीव गर्भमा स्तुति गर्दछ । नौ महिना बितेपछि त्यो तलतिर शिर भएर गर्भमा रहेको बालक माताको गर्भबाट बाहिर निस्कन्छ । त्यसपछि स्मरण शक्ति लुप्त हुन्छ । जन्मेपछि क्रमशः बालक, किशोर, युवा, प्रौढ हुँदै कर्मभोगानुसार जीवन विताएर अन्तिममा मर्त्युको मुखमा पुग्छ । अन्तिममा मृत्युको मुखमा पुग्दा जुन विषय, वस्तु नारी या पुरूष जुन वस्तुमा त्यसको ध्यान वा स्मरण आउँछ त्यसैमा उसको पुनः जन्म हुनेछ ।

## ३२. सात्विक गति र पुनरागमन

कपिलदेवले माता देवहुतीलाई भने - जो व्यक्ति गृहस्थाश्रममा सकाम कर्ममा नै अल्झिरहन्छ । उसले ती कर्मबाट कहिल्यै मुक्ति पाउँदैन । भगवत भक्तिबाट विमुख अज्ञानी पुरूष यज्ञयज्ञादिद्वारा देवगणलाई र पितृको श्रद्धापूर्वक आरधना गर्नाले चन्द्र लोक जान्छन् र पुण्य सकिएपछि फेरी यही संसारमा फर्कन्छ । मरिची आदि ऋषिहरू योग प्रवर्तक सनत कुमार आदि महात्माको त के कुरा विधाता ब्रह्माजी निष्काम कर्म गरेर पनि भेद दृष्टि राख्ने र कतृत्वको अभिमानले गर्दा यस संसारमा आउनै पर्छ । जो श्रद्धापूर्वक नित्य नैमितिक कर्म नै गर्छन् । जसको मनमा रजोगुण छ, इन्द्रियहरू बसमा छैनन् सदा दिन पितृको आराधना पनि गर्छन् । धनको वासनामा छ भगवान्को गुणगान गर्दैनन् र शूकर जस्तै राम्रा वस्तु छाडेर विष्टातिर दर्गुछ । भगवान्को कथामृत छाडेर व्यर्थका कुरामा अल्झिन्छ । ती ठुला अभागी हुन् । पितृको विधिपूर्वक संकार गर्नेपनि पितृलोक पुगी पुण्यक्षण हुनासाथ देवताले मर्त्य लोकमै पठाई दिन्छन् ।

अतः हे माता ! तपाईं भक्तिपूर्वक भगवान्को भजन गर्नुहोस् । जो निष्काम भावले

निःशंका भएर ईश्वरार्पण बुद्धिद्वारा, अहंकार शून्य, ममता रहित, निवृत्तिमार्गलम्वी मोक्षार्थी सत्व गुण प्रधान कर्म गरेर अर्चिरादि मार्गबाट चराचरका नियन्ता पूर्ण पुरूषलाई प्राप्त गर्दछ ।

## ३३. देवहुतीको जीवन मुक्तित्व

मैत्रेय - हे विदुर ! कपिल भगवान्को उपदेशद्वारा माता देवहुतीको सबै माया मोह हट्यो । अनि भन्छिन् - हे भगवान् ! हजुर कार्य कारण वीजस्वरूप र गुणत्रयका नियन्ता पञ्चभूत, इन्द्रिय, विषय र मन यी सबै हजुरका नै व्यक्त स्वरूप हुन् । हजुर सत्य संकल्प हुनुहुन्छ । हजुरका शक्ति अचिन्त्य र अनन्त छन् । हजुर नै उत्पत्ति, लय र प्रलय गर्नुहुन्छ । प्रलय कालमा जो विशाल ब्रह्माण्ड आफूमा लीन गरेर वरको पातमा आनन्दले पल्टेर खुट्टाको बुढिऔंला चुस्ने हजुर मेरो उदरमा कसरी अटायौ । यो सबै तिम्रै कृपा हो भन्ने लागेको छ । अतयवः जस्को जिब्रोमा हजुरको नाम झुण्डिएको छ । जो सधैं हजुरको भजन गर्छ त्यो चाण्डाल भएपनि सबैभन्दा श्रेष्ठ हुन्छ । हजुर नै परब्रह्म र परम पुरूष हुनुहुन्छ । हजुरको कृपाबाट मात्र जीव जन्म मरणको चक्रबाट मुक्त हुन्छ । हजुर नै वेदका प्रधान हुनुहुन्छ । म प्रणाम गर्छु । देवहुतीको स्तुति सुनेर कपिलदेवले भने - "हे माता ! मैले बताएको यो सरल भक्तिमार्गमा हिंडेर तपाईं जीवन मुक्त हुनुहुनेछ ।" माता देवहुतीलाई यति उपदेश गरेर कपिल भगवान् त्यहाँबाट विदा भई हिंडे । त्यसैबेलादेखि देवहुतीले कपिलले बताएको विधि अवलम्वन गरी एकाग्र चित्त गरी सरस्वती तटवर्ती विन्दुसरमा गएर योगभ्यास गर्न लागिन् । निकै वैभवको ऐश्वर्य देखेर इन्द्रपुरीका ललनाहरू लालाहित थिए । यस्तो ऐश्वर्यलाई त्यागेर कपिलले देखाएको बाटोमा कत्ति पनि विचलित नभईकन छोटै समयमा नै देवहुतीलाई नित्ययुक्त आत्मस्वरूप परब्रह्मको प्राप्ति भयो । देवहुतीले तपस्या गरेको भूमि विन्दुसर पुण्य क्षेत्र, सिद्धपदको नामले तिनै लोकमा प्रसिद्ध छ । देवहुतीले त्यागेको देहबाट सिद्धिदा नामको नदीमा परिणत भयो ।

# श्रीमद्भागवत महापुराण

## चतुर्थ स्कन्ध



# चतुर्थ स्कन्ध

## सारांश

स्वायम्भुव मनुका रानी शतरूपाबाट जन्मेका छोराहरू प्रियव्रत र उत्तानपाद थिए । तिनै रानीले आकृति, देवहूति र प्रसूति नाउँका छोरी पनि जन्माइन् । मनुले अर्की छोरी आकृत्तिलाई निजको भाइ भएपनि शतरूपाको अनुमतिले पुत्रिका धर्म (छोरीको जुन पहिलो छोरो हुन्छ त्यसलाई छोरीका पिताले लैजाने शर्तमा गरिने बिहे) अनुसार रूचिप्रजापतिसँग बिहे गरिदिए । रूचिको सन्तानको रूपमा आकूतिका गर्भबाट एक छोरो र एक छोरी जन्मे । पुरूष सन्तान साक्षात् यज्ञस्वरूपधारी विष्णु भगवान् र स्वीचाहिँ भगवान्सँग अलग भएर नरहने लक्ष्मीको अंशरूपा दक्षिणा भइन् । त्यसपछि मनुले छोरी आकृतिका परमतेजस्वी पुत्रलाई घरमा ल्याए । पुत्री दक्षिणा भने रूचिसँग नै रहिन् । उमेर पुगेपछि दक्षिणालाई यज्ञपुरूष भगवान्ले बिहे गर्नुभयो । तिनीबाट भगवान्का १२ पुत्र जन्मे । मनुका दुई भाइ छोरा थिए, प्रियव्रत र उत्तानपाद। तिनीहरूले बिहे गरेर अनेकौ सन्तति पैदा गरे । मनुले कान्छी छोरी प्रसूतिको विवाह ब्रह्माजीका छोरा दक्षप्रजापतिसँग गरिदिए । त्यो जोडीबाट पनि धेरै सन्तति भए ।

अत्रि मुनिलाई ब्रह्माजीले सृष्टि गर्ने काम लगाए । तर उनी पत्नी अनुसूयालाई साथमा लिई आरक्ष पर्वतमा गई त्यहाँको मनोरम स्थलमा लामो समयसम्म तपस्या गरे । त्योबेला उनको मनमा ईश्वरसमानको पुत्रको कामना थियो । त्यो तपको प्रभावले लोक नै अशान्त बन्यो । मानिसहरू आत्तिएर तिनै मुनिका शरणमा परे । मुनि गन्धर्व आदिले पनि उनको पूजा गरे । ती मुनिले आँखा खोलेर आफ्ना सामु तीनै ब्रह्मा, विष्णु र महेशलाई देखे, फेरी आँखा चिम्लिती देवताको स्तुति गर्दै भने, 'विश्वको उत्पति स्थितिका निमित्त प्रत्येक युगमा भिन्न भिन्न शरीर धारण गर्ने वा विष्णु र महादेवहरूलाई प्रणाम गर्छु । मैले सन्तान प्राप्तिका लागि बोलाएका र तपाईहरूमध्ये एकलाई मात्र हो; तीनै जना किन आउनुभएछ भनी रहस्यम जान्न लालायित भए ।

# चतुर्थ स्कन्ध

## १ स्वयंभूव मनुका दुई कन्याको वंश विस्तार

**तत्र तु प्रथमोऽध्याये मनुकन्यान्वयाः पृथक् ।**
**वर्ण्यते यत्र यज्ञादिमूर्तिभिः प्रभवो हरेः ।।१।।**

ब्रह्माबाट उत्पन्न मनु र सतरूपाबाट दुई छोरा र तीन छोरीहरू भए । छोरामा प्रियव्रत उत्तानपाद हुन् । छोरीमा आकुतीको विवाह मरिचीका छोरा रूचीसँग भयो । देवहुती कर्दमलाई दिए र प्रसूति दक्षलाई दिए । कर्दम र देवहुतीबाट जन्मेका नौ कन्या ब्रह्माजीका १० भाइ छोराहरूमध्ये नारद बाहेक ९ भाइ ब्रह्म ऋषिलाई दिए । ब्रह्माले ज्ञानीमा श्रेष्ठ अत्रीलाई सृष्टि गर्ने आज्ञा दिए । पत्नी अनुसूयासहित ऋक्ष पर्वतमा अत्रीले एउटै खुट्टा मात्रै टेकेर उभिई सृष्टिका लागि भगवान् जस्तै पुत्र पाउन तपस्या गरेका थिए । जसमा अत्रिका पत्नी अनुसूयाबाट श्रीविष्णुका अंशबाट दत्तात्रय, महादेवको अंशबाट दुर्वासा र ब्रह्माजीको अंशबाट चन्द्रमा नामका तीन पुत्र भए ।

## २. शिव र दक्षको शत्रुताको कारण

पूर्वकालमा ब्रह्माजीका छोरा मरिचीले प्रयागमा गरेको ब्रह्मसत्र यज्ञमा सबै ऋषिहरू जम्मा भएका थिए । जसमा दक्ष प्रजापति आएको देखेर सबैले आ-आफ्नो आसनबाट उठेर स्वागत गरे तर ब्रह्मा र शिव उठेनन् । दक्ष रिसले चुर भएर ब्रह्माजीलाई नमस्कार गरी शिवलाई यज्ञभाग नपाए भन्दै घरतिर लागे ।

यसरी श्राप दिएको सुनेर शिवको तर्फबाट नन्दिश्वरले पनि दक्षको श्राप समर्थन गर्ने ब्राह्मणहरूलाई भयंकर श्राप दिँदै भने - तत्त्वज्ञानबाट विमुख होला । वेदबाट विमुख होला । भ्रान्त बुद्धि भएर विषय सुखको इच्छाले कपट धर्ममय गृहस्थीमै आसक्ति भई सदा कर्मकाण्डमै डुलिरहोस् । अविद्या मै आत्म तत्त्व बिर्सिएर स्त्रीलम्पट होस् । शिवजीलाई दुर्वाच्य बोल्ने दक्षको मुख बोकाको होस् । दक्षका सहयोगी ब्राह्मणहरू पनि केवल पेट पाल्नका लागि विद्या, तप, व्रत, आदिको आश्रय लिएर धन शरीर एवम् इन्द्रिय भोगी भिक्षुक बनेर पृथ्वी डुलीरहुन् ।

फेरी साटो फेर्दै भृगुले भने शिव भक्त जति सबै सत्य छाडेर पाखण्डी धर्ममा लागुन् । शौचहीन बुद्धिहीन भएर चरित्र भ्रष्ट हुन जाला । यति सुनेपछि शिवजी जुरूक्क उठेर हिंडे ।

## ३. पिताको यज्ञमा जान सतीको हठ र आग्रह

ब्रह्माजीले दक्षलाई सबै प्रजापतीहरूको अधिपति बनाएपछि झन् दक्षको अहम् बढ्दै गयो । अनि शिवलाई यज्ञ भाग नदिइ दक्षले वाजपेय यज्ञ गरे । त्यस यज्ञमा सबैलाई निम्ता दिए तर शिवलाई बोलाएनन् ।

अब सतीलाई छटपट भयो । सबै देवगणहरू विमानमा गएको सतीले देख्ता सहन नसकी शिवजीसँग बिन्ती गर्छिन् पिता, माता, गुरु, पति र अन्य सुहृद कहाँ जानलाई निम्ता चाहींदैन । मलाई दिदी, बहिनी, आमा, सानिमा र साथी संगिनीसँग भेट्ने प्रवल इच्छा भएकाले हजुर नगएपनि आज्ञा भए जाने थिएँ भन्दा शिवजीले हरतरहले सम्झाए प्यारी ! सबै ठाउँमा जान हुन्छ तर मानहानी हुने ठाउँमा जान हुँदैन । तसर्थः त्यहाँ तिम्रो कल्याण हुँदैन नजाऊ ।

## ४. सतीको देह त्याग

त्यसपछि सतीले शंकर भगवान्को कुरा सुनेको नसुन्यै गरी आफ्नो अतालिएको स्त्री स्वभाव देखाउँदै कहिले भित्र र कहिले बाहिर गर्ने स्थिति देखेर शंकर भगवान् सतीको देह त्यागको कुरा जानेर पनि चुप लागे । सती वर्षिका बुटा

नाघ्दै माइतितिर लागिन् । रक्षाका लागि नन्दिश्वर पछि लागे । पिताको यज्ञमा पुगेर आमा, दिदी, बहिनी, साथी र सबै सुहृदसँग भेट भयो तर आफ्ना पिताले केही आश्वासन नदिनु, उल्टो शिवको निन्दा गरेको सुनेपछि सतीलाई आफ्ना पतिको निन्दा सही सक्नु भएन र यज्ञमा बसेर योग आसन समाधि बाधिन र योग अग्निको कल्पना गरेर प्राण आहुती गरिन् ।

## ५. वीरभद्रद्वारा दक्षको यज्ञ विध्वंस र दक्षवध

जब शंकरले नारदको मुखबाट सतीले देह त्याग गरेको र भृगुगणद्वारा आफ्ना सेना भगाइएको खबर सुनेथे, तब रिसले ओठ टोक्तै जटाबाट एउटा रौं उखेलेका थिए । त्यसबाट विकराल स्त्री नेत्र भएको वीरभद्र अगाडि उभियो । शिवको आदेशले दक्षको यज्ञमा पुगी विध्वंस गरी पशुपति भगवान्द्वारा दक्षको घाटी काटेर यज्ञमा हालेपछि फर्कियो ।

## ६. सबै देवताले शंकरको स्तुति गर्नु

सबै देवताहरू मिलेर ब्रह्मा कहाँ गएर सबै वृतान्त बताएपछि ब्रह्माजी सबै देवगणसहित कैलाश पर्वतमा गई शिवजी समक्ष स्तुति गान गर्दै बिन्ति गर्न लागे- हे दयाका सागर भएका भगवान् ! दक्ष र तिनका सहयोगीले जानेनन् । क्षमा गरी दक्षको यज्ञ पुरा गरी जस्ताको तस्तै गराइ जसका हात छैनन्, होउन् । जसका दाह्री छैनन्, जसको शिरै छैनन्, ती सबै पुरा होउन् ।

## ७. दक्षको यज्ञ पूर्ण हुनु

जब शिव खुशी भएर भन्नुभयो- दक्षको शिर बोकाको जोडी दिनु किनकि त्यसले पशु व्यवहार गरेको थियो । आँखा नहुने भएकाले आँखा देखुन् । पुषाका दाँत भाच्चिएकाले अन्न खान सक्ने होउन् । त्यसपछि ब्रह्मा शंकर र सबै देवतालाई लिएर दक्षको यज्ञमा गइ शंकरको कथनअनुसार पुरा गराएर सबैले भगवान् नारायणको स्तुति गरे ।

## ८. ध्रुवको वनागमन

वासुदेवका कलाबाट ब्रह्मा, ब्रह्माबाट मनु, मनुबाट उत्तनापद, उत्तनापादबाट ध्रुव र ध्रुवबाट वत्सर भए । वत्सरबाट पूर्णिमा र पूर्णिमाबाट व्युष्ट, व्युष्टबाट सर्वतेजस् । सर्वतेजसको चक्षुबाट पुरु, पुरुबाट उल्मुक, उल्मुकका छोरा अङ्ग । अङ्गबाट वेन, वेनको मृत शरीरबाट विष्णु र लक्ष्मीको अंश स्वरूप पृथु र अर्चीको उत्पत्ति भयो ।

ध्रुवले सौतेनी आमाका क्रोधित वचनले यमुना निकट मधुवनमा तपस्या गरे, तब सबै देवता लगायत ब्रह्माले नारायणको स्तुति गरेपछि प्रभुले ध्रुवको ध्यान साकार पारी दिनुभयो । त्यसपछि वर दिंदै भगवान्ले भन्नुभयो अब छत्तिसहजार वर्ष पृथ्वीमा धर्मका साथ राज्य गरेर ध्रुवलोकमा ध्रुवपद तिमीले पाउने छौ । जो संसारमा कसैले पनि पाउन सकेको छैन ।

## ९. ध्रुव घर फर्कनु

यति भईसकेपछि भगवान् नारायणले ध्रुवलाई भन्नुभयो– "लौ ! अब आफ्नो पुस्करावर्त क्षेत्रको राज्य गर । परमात्मालाई कहिल्यै नभुल ।" ध्रुव घर फर्केर पहिला सौतेनी आमालाई ढोगिदिए । राजा उत्तानापादले पनि छोरा ध्रुवलाई राज्यभार सुम्पी जङ्गल पसी ईश्वरको ध्यानमा निमग्न भए ।

## १०. ध्रुवका भाइको वध यक्षसँग संग्राम

ध्रुवको राज्यकालमा भाइ उत्तम शिकारमा जाँदा यक्षहरूसँग घमासान युद्ध भयो । त्यही युद्धमा उत्तमको मृत्यु भएपछि भाइ मार्ने यक्ष भनेर धेरै यक्षहरू मरे ।

## ११. मनुले युद्ध रोक्नु

यसरी निर्दोष यक्ष राक्षस मारिएपछि पितामह मनु आएर ध्रुवलाई सम्झाए यसरी मार्नु हाम्रो कुलको धर्म हैन । यी कुवेर सेवकहरूले तिम्रो भाइ मारेको हैन । यो

सबै पूर्वजन्मको फल हो । त्यही फल परमात्माले भोगाएको हो । अरू कसैको दोष छैन । तसर्थः तिमी उनै परमात्माको ध्यानमा लाग ।

## १२. ध्रुवलाई कुवेरको वरदान र ध्रुवलोक प्राप्ति

अब ध्रुवको चित्त शान्त भयो । युद्ध छाडीदिए । अनि कुवेर खुशी भएर भन्दछन् - "हे वीर क्षत्रीय राजन ! न तिम्रो भाइलाई यक्षले मार्‍यो न यक्षलाई तिमीले मार्‍यौ । यो त कालको कारण हो ।" अब वर माग भन्दा ध्रुवले भने भगवान्को सदा स्मरण भईरहोस् । वर दिएर कुवेर अन्तर्ध्यान भए ।

यता ध्रुवले धर्मपूर्वक छत्तिसहजार वर्ष राज्य गरेर अन्त्यमा छोरालाई राज्य दिएर बद्रिकाश्रममा हिंडे । त्यहाँ भगवान्को अत्यन्त प्रेमपूर्वक ध्यान गर्दै रहे । त्यहाँ विमान आयो र भगवान्का पार्षद सुनन्द र नन्दले भने तिमीदेखि भगवान् खुशी भएर (ध्रुव) विष्णुपद दिएका छन् । तसर्थः तिमी यो विमानमा बसभन्दा जब ध्रुवले विमानमा खुट्टा उचाले, तब काल अगाडि उभियो । त्यसैको मस्तकमा पाइला राखी विमानमा चढे र सबैलाई नमस्कार गरे । सबैले खुशीले बाजा बजाएर हर्ष प्रकट गरे ।

## १३. ध्रुवको वंश विस्तार र अङ्गको चरित्र

विदुरले मैत्रेय ऋषिसँग प्रश्न गर्नुभयो यस्तो धर्मशील र पवित्र ध्रुवकुलमा यो पापिष्ट वेन जन्मनुको कारण के हो ?

जवाफमा मैत्रेय भन्छन् - "जब ध्रुवले आफ्नो छोरा उत्कललाई राज्य जिम्मा दिए तर उनले अलिकति पनि राज्यको इच्छा गरेनन् ।" ती त जन्मैदेखि शान्त चित्त, समदर्शी आत्मा र परमात्मा जान्ने थिए । त्यसैकारणले अर्को भाइलाई राजा बनाए ।

यही ध्रुव वंशमा उल्मुकको छोरो अङ्ग राजा भए । यी राजा अङ्ग त ब्राह्मण भक्त, समदर्शी र धर्मात्मा थिए । तर एक समयमा राजा अङ्गले अश्वमेध

नामको यज्ञ गरेका थिए । त्यस यज्ञमा ब्राह्मणहरूले विधिपूर्वक आह्वान गर्दा पनि देवताहरू आफ्नो भाग लिन आएनन् । ब्राह्मणहरूले यो विन्ती जाहेर गरेपछि राजा अङ्ग खिन्न भएर भन्छन् मद्वारा यस्तो के अपराध भयो र यस्तो हुन गयो । राजाको कुरा सुनेर ऋत्विजहरू भन्दछन् - "तिमीले तयार पारेको हवि सामाग्री सबै पवित्र छ र हामी ब्रह्मचार्यमा रहेका ब्राह्मणवर्ग पनि पवित्र छौँ । यसको कुनै दोष छैन । तिमीले यस जन्ममा त कुनै अपराध गरेका छैनौँ तर पूर्वजन्ममा एक अपराध भएकाले तिम्रा सन्तान छैनन् । तसर्थः तिमीले पहिला एक सन्तान हुने यज्ञ गर । त्यस यज्ञमा भगवान् यज्ञपति श्रीहरिको शरण परौला, तब देवताहरूले तिमीले दिएको आ-आफ्नो भाग ग्रहण गर्नेछन् । तिमीलाई एक पुत्र अवश्य हुनेछ । तिम्रो मंगल होस् ।"

ब्राह्मणहरूले उक्त यज्ञ गराए । हवन सकिएपछि यज्ञबाट सुनको थालीमा एक पुण्यदायक पायस आयो । ब्राह्मणले राजालाई दिए । राजाले त्यो रानीलाई दिए । रानीले त्यसलाई खाइन् र समय पुगेपछि एक पुत्र पैदा भयो । जसको नाम वेन राखे । त्यो वेन बाल्यकाल देखिनै अधर्मी, दुष्ट, पापिष्ट, धनुवाण लिएर हिंड्थ्यो । क्रुर र निर्दयी हुनाले सबै मानिस ऊदेखि डराउँथे । उसले देखे, भेटेका सबैलाई मारिदिन्थ्यो । छोराको यस्तो दुर्व्यवहार देखेर राजालाई सही सक्नु भएन । खिन्न भइ मध्यरातमा आफ्नी रानी मस्त निदाएको समयमा आफ्नो परमेश्वर्यपूर्ण महल त्यागेर अज्ञात स्थानतिर लागे । राज्यमा राजा पद खाली भएकाले अन्याय अत्याचार बढेर कोलाहल मच्चियो, तब संसारका शुभचिन्तक वेदवादी भृगु जस्ता ऋषिहरूले रानी सुनिथासँग परामर्श गरी वेनलाई राज्यभिषेक गरिदिए ।

## १४. वेनको वृतान्त

बालकपनदेखि पापको उदण्ड मच्चाउँदै हिंडेको वेनले राजा भएपछि यस्तो आदेश जारी गर्‍यो कि यो राज्यभरमा कसैले पनि धर्म-कर्म गर्न पाउने छैन । यस्तो उर्दी लगाएर चारैतिर झ्याली पिटायो र राज्यभर पाप फैलायो । अब

ऋषिहरूलाई कठिन भयो । ऋषिहरू जम्मा भएर सल्लाह गरी वेनलाई सम्झाउन लागे । तिमीले दुनियालाई सुख दिन्छौ भनेर राजा बनाए तर दुःख दियौ यसो नगर । भगवान्को आराधना गर्न अरूलाई पनि देऊ र आफू पनि गर । त्यसैमा सबैको कल्याण छ । ऋषिहरूको कुरा सुनेपछि वेनले क्रोधित भएर भन्यो- भगवान् मै हुँ । मेरो पूजा गर । राज्यभित्र बस्ने जनताले राजाको पूजा गर्नु धर्म हुन्छ । उसबाट यस्तो जवाफ पाएपछि ऋषिहरूलाई रिस उठ्यो र हुंकार भन्ने मन्त्र लगाएर वेनलाई नष्ट गरे ।

## १५. भगवान् पृथुको जन्म

त्यसै मृतक वेनको तिघ्रा मथ्दा एक कालो काग जस्तो बाहुन्ने पुरूष निस्कियो । त्यो पापिष्ट राजा वेनको पाप थियो । त्यसलाई त्यही रहन अनुमति दिए र त्यसका वंशहरू भिल्ल भए । जो अहिलेका कुशुण्डा । फेरी वेनको बाहु मथ्दा पृथु र अर्चि निस्किए । तब पृथको जन्म भयो ।

## १६. वन्दिजन द्वारा पृथुको स्तुति

अब मृतक वेनको बाहु मथ्दा एक स्त्री पुरूषको जोडी विष्णु-लक्ष्मीको अंश राजा पृथु र रानी अर्ची भए । खुशीले ब्राह्मण भगवतप्रेमी र वन्दिजनले पनि स्तुति गर्न लागे ।

## १७. राजा पृथु पृथ्वीसँग कुपित हुनु र पृथ्वीले स्तुति गर्नु

बन्धुजनहरूले समेत यसरी स्तुति गरेपछि पृथु खुशी भएर राजसिंहासनमा बसे तर पृथ्वीले जो दिने अन्न रूपी अनेक औषधीहरू नदिएपछि पृथु रिसाए र कुपित भएर धनुषले पृथ्वीमा हान्ने प्रयास गरे । पहिला त पृथ्वीले घमण्ड गरिन् र भनिन्- "तिमी जस्ता राजा कति आए कति गए, म त जस्ताकितस्ती छु । तिमी रिसाएर मेरो के हानी ?" त्यसै अवसरमा राजा झन् क्रोधित भएर धनुले प्रहार गर्न निश्चय भएपछि राजाको छाँट काँट बुझ्दा त भगवान् विष्णु

पो रहेछन् भन्ने जानिन् र डरले थरथर काप्तै माफी माग्न लागिन् र भनिन् गाईको रूप धरेर "हे शरणागतवत्सल राजा ! मेरो रक्षा गर । मलाई नष्ट पारेर यो जगत् कसरी अड्याउँछौ ?

राजा भन्दछन्- "तैले मेरो आज्ञा उल्लंघन गरिस् । यज्ञको भाग चाहीं लिने, हामीलाई अन्नरूपी धन चाहीं नदिने, अब म तेरो वध गर्छु ।

पृथ्वीरूपी गाई शरण पर्दै भन्छिन् - राजा वेनको पालामा सबै जनता र मलाई सही नसक्नुको दुःख दिएकाले पृथ्वीमा छर्ने बीउ नै भुटिदिने भयो भन्ने ठानी मैले जतनले सबै पदार्थ जोगाएर राखेकी छु तर अब यसलाई प्रकट गर्न म गोरूपी भएकाले एक योग्य बाच्छाको आवश्यकता पर्छ । तसर्थः असल बाच्छो बनाएर यो पृथ्वी दोहन गर्नुहोस् । हजुरको धनुषको टुप्पाले मलाई सम्याउनुहोस् ।

## १८. पृथुद्वारा पृथ्वीको दोहन

अब मनुलाई बाच्छो बनाएर आफ्नै हातमा आफ्नै इच्छा अनुसार पृथ्वीलाई पृथुले दुहे । त्यस्तै ऋषिहरूले वृहस्पतिलाई बाच्छो बनाएर इन्द्ररूपी पात्रमा वेदरूपी दूध दोए । स्वर्गका देवताले इन्द्रलाई बाच्छो बनाएर सुवर्णको पात्रमा अमृतरूपी शक्ति दुहे । यसै गरेर सबै वर्गले आ-आफ्नो तर्फबाट दोहन कार्य समाप्त भएपछि राजा पृथुले खुशी भएर आफ्नो धनुषका टुप्पाले पृथ्वीलाई सम्याए र पृथ्वीलाई छोरी माने ।

## १९. यज्ञको घोडा चोर्नाले पृथु रिसाउनु

सरस्वती नदीको तटमा महाराज मनुको ब्रह्मवर्त क्षेत्रमा राजा पृथुले सय अश्वमेध यज्ञ गर्ने दीक्षा लिए । इन्द्रलाई यो कार्य सहन भएन । त्यस यज्ञमा यज्ञपति विष्णु, ब्रह्मा, रूद्र लगायत सबै देवताहरू उपस्थित थिए । पृथ्वीले कामधेनु रूपले यज्ञका सबै सामग्री दिइन् । इन्द्रले गुरूको रूप धरी यज्ञलाई विध्वंस पारी घोडा चोरेर भागे । इन्द्रले घोडा चोरेको अत्रि ऋषिले देखे । पृथुको

छोरा विजितास्वलाई अत्रिले उकासी इन्द्रलाई मार्ने आज्ञा गरे । लखेट्तै जाँदा इन्द्र गुरु भेष छाडी घोडा समेत छाडेर भागे । ती राजपुत्र विजितास्व घोडा लिएर आए । फेरी पनि इन्द्रले घोडा चोरेपछि पृथु आफैं इन्द्र मार्न उद्धत भए तर ऋत्विजहरूले उनलाई रोक्दै भने हामी नै मन्त्रद्वारा हवन गर्छौं । तिमीले इन्द्रलाई नमार । ऋषिहरूले इन्द्रको आह्वान गरेर होमिरहेका ब्राह्मणहरूलाई रोक्दै ब्रह्माले भने यो यज्ञको पनि महापुरूष भगवान्को अंश उनै इन्द्र पनि त हुन् । पृथु पनि उनै भगवान् अंशरूपी हुन भने आफूले आफैँमा किन झगडा ? अब यसो नगर । यति उनान्सय यज्ञमै पर्याप्त मानी यो काम यहीं रोक भन्दा सबैले माने र यज्ञ रोकियो ।

## २०. पृथुले विष्णुको दर्शन पाउनु

ब्रह्माजीले पृथुलाई सम्झाउनुभयो तिमी र इन्द्र दुबै विष्णुकै अवतार भएकाले तिमीले इन्द्रसँग सम्झौता गर्नुपर्छ । तिमीले आफ्नै रूप इन्द्रसित रिस गर्नु हुँदैन । तिमी आदरपुर्वक मैले भनेको मान किनकि जुन पुरूष विधाताले (नदिएको) बिगारेको कर्मलाई पूर्ण गर्न खोज्छ, त्यसको मन क्रोधमा भरिएर मोहमा डुल्दछ र बुद्धि बिग्रन्छ । त्यसपछि भगवान् विष्णुको इन्द्रलाई साथैमा लिएर पृथु समक्ष सवारी भयो । त्यसपछि पृथुलाई उपदेश दिन लाग्नुभयो हेर पृथु ! यी इन्द्रले तिम्रो यज्ञमा बाधा पु-याएर यज्ञ अपूर्ण पारिदिए । यो कुरा सत्य हो तर स्वर्गका राजा भएर तिमीसँग क्षमा माग्न आइरहेका छन्, जो क्षमा पाउनलाई दुःखी बनिरहेका छन् । यिनलाई क्षमा गर किनकि हे राजन ! जो बुद्धिमान् साधु श्रेष्ठ व्यक्ति छन् । तिनले यो संसारका कुनै जीवसँग विद्रोह गर्दैनन् । तिमी अत्यन्त गुणवान राजा छौ । तिम्रो गुण र स्वभाव देखेर म अति खुशी भएँ । तिमीले अब अरू सिद्ध पुरूषको पनि दर्शन पाउनेछौँ । पृथु - म भौतिक चिज त केही पनि भन्दिन, प्रभुको कीर्ति, कथा, लीला, र चरित्र तत्त्व सुन्नको लागि दशहजार कान पाउँ । तर माता लक्ष्मीसँग मेरो झगडा नहोस् ।

# २१. पृथुले प्रजालाई उपदेश दिनु

पृथुका राज्यमा निवासी तमाम जनताले पृथुको त्यस्तो स्वागत गरे कि, घर-घर, गल्ली-गल्ली, शहर-गाउँ सबैतिर तोरण, चदुवा, फूलमाला र अबिरले सिंगारिएको र सबैको मन हर्षले उल्लास भएको वा यस्तो तरिकाले पृथुको स्वागत भयो । ब्राह्मणहरूले वेदको ध्वनिबाट स्वागत गरे । त्यस समयमा पृथु यस्ता देखिन्थे कि जस्तो तारागणका बीचमा चन्द्रमा जस्ता ठिङ्ग उभिएका ।

राजा पृथुले तमाम देसवासीलाई यसरी उपदेश दिए - जुन राजा प्रजालाई धर्म मार्गको शिक्षा दिंदैन र प्रजाबाट कर लिन्छ, त्यो राजा प्रजाको पापको भागी बन्दछ । अत एव हे प्रजागण ! तिमीहरू दोष दृष्टिले रहित भई, 'नारायणको' इच्छाअनुसार धर्म पालन गर । मप्रतिको तिमीहरूले गरेको कृपा त्यही हो । अब देवता पितृ र विप्र साधु साधु भन्दै हर्षित भए  उनले फेरी भने पुत्रका कर्मले पिता पुण्य लोक प्राप्त गर्छन् । जस्तै पापी राजा वेन ब्राह्मणका श्रापले नष्ट भएपनि आफ्ना पुत्र महाराज पृथुको प्रभावले नरक लोकलाई नाघ्न सकेका छन् । त्यस्तै हिरण्यकश्यपु पनि भगवान्को निन्दा गर्नाले नरक पर्न आँटेकोमा छोरो प्रह्लादका पुण्यले नरक नाघी सकेको छ । यसरी ती वीप्रहरूले पाखुरामा वैष्णव तेज धारण गर्ने राजा पृथुको संसारभरी प्रशंसा गरे ।

# २२. पृथुलाई सनकादिको उपदेश

भगवान् विष्णुको आज्ञा अनुसार सिद्ध पुरुषहरू भनेका सनकादि मुनिहरू, राजा पृथुको दरवारमा ओर्लन लागेको देखेर पृथु आफ्ना अनुचरसहित जुरूक्क उठेर स्वागत शिष्टाचारका साथ सुवर्ण आसनमा राखी चरणोदक शिरोधार्य गरे । पृथु भन्छन् - मैले कस्तो शुभ कर्म गरेछु योगीहरूले पनि दर्शन पाउन दुर्लभ शंकरका अग्रज सिद्ध महानुभावको दर्शन पाएँ । हजुरहरू आफ्नै आत्मामा रमाउनुहुन्छ । यस्ता सिद्ध महापुरुषसँग म एउटा प्रश्न गर्छु । संसारमा मनुष्यहरूको

कसरी सजिलै कल्याण हुन्छ ? पृथुको लोककल्याणकारी प्रश्नको जवाफ दिन पाउने भयौं भनेर खुशीले मुसुक्क हाँस्तै भने - हे राजन ! गुरु तथा शास्त्रका वचनमा विश्वास राख्नाले, भगवत धर्मको आचरण गर्नाले, श्रीहरिको पावन कथाहरू सुन्नाले, भगवत गुणरूपी अमृतपान गर्नाले, सधैं आत्मामा नै प्रशन्न रहनाले, जीवलाई कष्ट नदिनाले, परमहंसको आचारण गर्नाले, भगवान्को स्मरण गर्दै रहनाले, कसैको निन्दा नगर्नाले, बढेको भक्तिद्वारा मनुष्य सबै प्रपञ्चबाट पृथक होइजान्छ र निगुर्ण ब्रह्ममा निश्चल प्रिति हुन्छ । तसर्थः अज्ञानरूपी घोर अन्धकार तर्ने पुरुषले कहिल्यै पनि विषयको सङ्ग नगरून् ।

## २३. राजा पृथुको तपस्या र परलोक गमन

जुन कामका लागि जन्म लिएका थिए, उही ईश्वरको आज्ञा पालन भई सकेपछि पृथु आफ्नो अवस्था वृद्ध र पृथ्वीको अवस्था पनि देखेर यी सबै कुरा र राज्यभार पुत्र विजितास्वलाई जिम्मा लगाइ पत्नी अर्चीसहित जङ्गलमा तपस्या गर्न हिंडे । पृथुले अत्यन्त उच्च योगासन मै प्राण त्यागिदिए । पत्नी अर्चीले पृथुको मृतदेहलाई चितामा राखी श्रद्धाञ्जली दिंदै आफू पनि सती जाँदि भइन् ।

## २४. रुद्रगीत

मैत्रेयले विदुरलाई भन्नुभयो - "राजा पृथुको शेषपछि पुत्र विजितास्व राजा भए । उनी भातृवत्सल थिए । तसर्थः आफ्ना चारै पट्टिका राज्य चारै भाइलाई दिए । यी राजा विजितास्वले इन्द्रबाट अन्तर्ध्यान हुने विद्या सिकेका थिए । त्यसैले यिनको नाम अन्तर्ध्यानी हुन गयो ।" विजितास्व (अन्तर्ध्यानी) को छोरो हविर्धान र हविर्धानको पनि छोरो महाराज वहिर्षद कर्मकाण्डमा प्रवीण थिए । यी राजाले यज्ञ गर्दा-गर्दा पृथ्वीको पूर्वतिर अग्रभाग पारेर फैलाएका कुशहरूले आच्छादित भएको थियो । यसैले उनको नाम प्राचीनवर्हि कहियो । समुन्द्रकी कन्या शतद्रुती र प्राचीनबर्हिका प्रचेता नाम भएका १० पुत्र उत्पन्न भए । यो सांसारिक सुखमा नलागि समुन्द्रभित्र पसेर तपस्या गर्न भनी तिनीहरू निस्के । बाटामा श्रीमहादेवजीलाई भेटे । उनैका आदेशअनुसार ध्यानमा लागे ।

रूद्रगति - "हे परमात्मा प्रभो ! हजुरको अभ्यूदय भक्तजनको कल्याणकै लागि हुन्छ । अतः मेरो पनि मन र इन्द्रियका अधिष्ठाता अनिरूद्रलाई, आफ्नो तेज समस्त जगतलाई व्याप्त पार्ने सूर्यस्वरूप हजुरलाई नमस्कार । हामी दश प्रचेता हजुरको दर्शन गर्न खोज्दैछौँ, दर्शन दिनुहोस् । हामीलाई तृप्त पार्नेवाला हजुरको रूप देखाउनुहोस् । जो पुरूष हजुरको तीर्थमा स्नान गरेर भित्र बाहिर पापहिन भइसकेका छन् । जो सुन्दर स्वभावले युक्त छन्, तिनको सँग हामीलाई सधैं प्राप्त भइरहोस् । यही हजुरको हामीमाथि कृपा मानिनेछ ।"

महादेव आज्ञा गर्छन् - "हे राजकुमार हो ! यो मैले बनाएको मन्त्र जप गर्दै जलमा दशहजार वर्षसम्म तपस्या गर्दै रहे ।"

## २५. पुरञ्जनोपाख्यान

जब प्राचीनवर्हि राजाका छोरा प्रचेताहरू समुद्रमा तपस्या गर्न गए, तब नारद नाम गरेका ऋषि यी राजाको दरवारमा आएर आत्मतत्त्वको उपदेश दिन थाले । राजाले गरेका कार्यहरूबाट दुर्गतिमा पर्छन् भन्ने डरले नारद भन्दछन्- हे राजन ! यी तिमीले गरेका कार्यहरूबाट के श्रेय खोज्छौ ? किनकि दुःख नाश र सुखको प्राप्ति त कर्मयोगबाट हुन सक्तैन ।

नारदजीको कुरा सुनेपछि राजा भन्दछन् - हे महाभाग नारदजी ! मेरो बुद्धि यही कर्ममा व्यस्त छ । यो वाहेक अरू कुनै कल्याणको बाटो जान्दिन । पशु यज्ञको कर्म गरेर मासु खान र मोज मस्तीमा सदा रहनु भन्दा अरू कुनै कल्याणकारी बाटो जान्दिन । तसर्थः प्रभु ! मलाई निर्मल ज्ञानको उपदेश दिनुहोस् ।

नारदजी भन्दछन् - हे प्राचीनवर्हि राजा ! अब मेरो आत्मीय योगशक्तिद्वारा पनि तिमी हेर, जति तिमीले यज्ञमा हजारौँ प्राणीको निर्दयतापूर्वक बली दिएका छौँ तिनलाई आकाशमा हेर ती सबै तिमीले दिएको पीडालाई सम्झेर तिमीलाई त्यसैगरी मार्न तिम्रो बाटो बथानी रहेका छन् । तिम्रो मृत्यु पश्चात फलामले बनेझैँ आफ्ना सिङ्गले मार्न तत्पर छन् । यसै विषयमा तिमीलाई म पुरञ्जनो

पाख्यान सुनाउँदछु । हे राजन ! पूर्वकालमा पुरञ्जन नामका एक ठुला राजा थिए । उनको एउटा अविज्ञात नामको मित्र थियो । त्यो मित्रको कर्म कोही पनि जान्दैनथ्यो । ती पुरञ्जन राजालाई विलासिताले सुसम्पन्न सहरमा भोगी भएर जीवन बिताउने प्रवल इच्छा थियो तर सारा देश विदेश भ्रमण गरी सके पाएनन् । एकदिन हिमालयको काखमा उनले चाहे जस्तो नौ द्वारले युक्त एउटा नगर देखे । त्यस नगरको बाहिरी र भित्री श्रृंगार, ध्वजा, पतङ्गा, तोरण, पटांगिनी, निलमणी, चोक, गल्ली, सभाघर, क्रीडाभवन, विश्रामस्थल र मुगाका वेदीहरूले परिपूर्ण थियो । त्यस नगरको वरिपरि अत्यन्तै मनोहर शितल छहारी भएको वन थियो । त्यस बीचमा राजाले एउटी अति सुन्दरी रमणी केटीलाई दश सेवकसित आउँदै गरेको देखे । ती केटी आफ्नो द्वारपालरूपी पाँच फणा हुने सर्पद्वारा चारैतिर सुरक्षित भइ एक उत्तम पतिको खोजीमा थिइन् । राजाले पनि सुन्दरीको सौन्दर्य र हाउभाउ देखेर मिठो वाणीमा बोले– हे सुन्दरी ! तिमी को हौ ! कसकी छोरी हौ ? यस सुन्दर पुरीमा तिमी के गर्न खोजिरहेकी छौँ ? यी जुन दश ठुला-ठुला सुरवीर को हुन् ? यो तिम्रो अगाडि लाग्ने सर्प को हो ? यस्तो मुनिले तप गर्ने जस्तो शान्त स्थानमा बस्ने तिमी के पार्वती, लक्ष्मी र सरस्वती त होइनौं ? अब मेरो साथमा रहेर यो सुन्दर नगरको शोभा बढाउन चाहन्छौँ ? तिम्रो लज्जापूर्ण मुस्कान सुन्दरताले गर्दा मलाई कामदेवले दुःख दिइरहेछ ।

त्यस सुन्दरीले राजाको सौन्दर्यमा लोभिएर मुग्ध हुँदै भनी– हे पुरुष श्रेष्ठ ! म आफ्ना पिता गोत्र केही पनि जान्दिन । यो पुरी कसले बनायो, त्यो पनि थाहा छैन । यी सबै पुरुष स्त्रीहरू मेरा सहेली मित्र हुन् । जब म निदाउछु तर यो सर्प पुरीको रक्षा गर्छ । यदि हजुरलाई पनि विषय भोग गर्ने इच्छा छ भने हजुरको विलासी भोग पुरा गर्ने छु । सय वर्षसम्म भोग हुनेछ । त्यसपछि ती स्त्री पुरुषले एक आपसमा सपथ खाएर सय वर्ष भोग गर्दै रहँदा भए । त्यो पुरीका नौं द्वारमध्ये पाँच पूर्व, एक दक्षिण, एक उत्तर र दुई पश्चिम थिए । यिनै नौं द्वारबाट निस्किएर आफ्नो मनोमालिन्य पुरा गर्थे या नौं शहरको भ्रमण गर्थे ।

राजा पुरञ्जन यसरी विविध कामनामा अल्झेर विषयमा आसक्त, विचरा स्त्रीभोगबाट ठगिएका राजाले कामनामा लठ्ठिएर अरू सबै भुलेर रानीले जसो -जसो गर्थिन् ऊ पनि उसै उसै गर्दथे । जसरी खेला देखाउन पालेका पशु आफ्नो मालिकको आज्ञा पालन गर्छ, त्यस्तै भयो ।

## २६. राजा शिकारमा जानु, रानी रिसाउनु

नारद भन्दछन् - हे राजन ! एकदिन राजा पुरञ्जन त्यस्तो रथ, जसमा पाँच घोडा जोतिएका दुई दण्डीकाहरू, दुई चक्का, एउटा धुरी, तीनवटा बाँस, पाँच बन्धन, एउटा डोरी (लगाम), एक सारथी, एउटा बस्ने स्थान, पाँच शस्त्र, सात पदार्थ, पाँच प्रकारका गतिहरू र सुवर्णमय आभूषणले विभूषित थियो । त्यस्तो सिग्रगामी रथमा एक धनुष, सुवर्णमय कवच, अक्षय ठोक्रामा वाण लिएर आफ्नो एघारौं सेनापतिसँग उक्त रथ चढी त्यो पञ्चप्रस्थ नामको वनमा गयो र शिकारमा व्यस्त रह्यो । वनका सारा निर्दोष पशुपंछी मारेर सोत्तर बनायो तर घर फर्किने समयमा प्रारब्धको भोग टुटेर होला रित्तै घर फर्कियो । दरवार आएर घुमीघुमी चाहाऱ्यो । रानीलाई देखेन । दुःख मान्दै संगिनीसँग सोध्यो । उनलाई नाङ्गो पलङ्गमा रिसाएर सुतेकी देख्यो र हर तरहले सम्झायो ब्राह्मणबाहेक तिम्रो चित्त दुखाउने जो भएपनि त्यसलाई म मारीदिन्छु । मेरो अगाडि कोही पनि टिक्न सक्तैन ।

## २७. पुरञ्जन पुरीमा चण्डको वेग र कालकन्याको आगमन

यसरी फकाउदा बल्ल बल्ल खुशी पारेर उनै रानीको हातको तकिया गरेर बहुमूल्य शैयामा पल्टिरह्यो । अज्ञान अन्धकारले ढाकिएको हुनाले भगवान्को कुनै सम्झना भएन । युवावस्था बितिसक्यो । यस रानीसँगबाट सय छोरा र एकसय दश छोरी भए । ती कन्या पौरजनी कहिए । पाञ्चाल देशका राजा पुरञ्जनले छोरा अनि छोरीहरूको विवाह गरी दिए । ती छोराहरूका पनि सय, सय भाइ छोराहरू भए । त्यो देश यिनै वंशहरूले फैलायो र पाञ्चाल देश

भरियो । यो पाञ्चाल देशमा अनेक पशु हिंसामय भयंकर यज्ञहरू गरेर मासु खान थाले । यसरी धेरै समय बितेपछि राजा पुरञ्जन वृद्ध भए । कामीपुरुषलाई यो वृद्ध अवस्था मन पर्दैन ।

नारदजी भन्छन् - हे राजन ! एकदिन चण्डवेग नाम गरेको एक गर्न्धव थियो । त्योसँग तीनसय साठ्ठी अरू बलवान लडाकू थिए । कृष्ण, शुक्ल गरेर त्यत्ति नै गन्धर्व थिए । यिनैले राजाको मुलुकमा लुटमार गरिरहन्थे । प्रजागर नामको त्यो पाँच फणा हुने सर्पले तिनलाई रोक्न खोज्दा पनि सकेन । उसै बखतमा कालकी पुत्री (कालकन्या) योग्य वर खोज्दै तीनै लोकमा डुली तर वर पाउन सकिन । एकपल्ट म (नारद) ब्रह्मलोकबाट पृथ्वीमा आउँदा ब्रह्मचारी जानेर पनि मलाई पति तुल्याउन खोजी । मैले स्वीकार नगरेकाले उसले मलाई 'तिमी एक ठाउँमा धेरै बेर टिक्न सक्नेछैनौँ' भन्दै ऊ उही यनव राजासँग गएर रून लागी । यनवले पत्नी अस्वीकार गरी भने तँ सबैको अनिष्ट गर्ने भएकाले कसैले पनि तँलाई स्वीकार्दैन । तसर्थः ती सबै लोकलाई हठपूर्वक गुप्तरूपले भोगे । तँ मेरा सेनासँग जा । तँद्वारा सारा प्रजाको नाश हुनेछ । यो प्रज्वार मेरो भाइ हो । तँ मेरी बहिनी होस् ।

## २८. पुरञ्जनलाई स्त्री योग प्राप्त, अविज्ञताको उपदेशले मोक्ष

नारद भन्दछन् - "हे राजन ! मय नामक यवन राजाका आज्ञाकारी सेना प्रज्वार कालकन्यासित पृथ्वी तलमा गुप्त रूपले डुल्न लागे । एकदिन त्यो बूढो सर्पले रक्षित सबै भागेकाले सम्पन्न त्यस पुरञ्जन नगरलाई घेरी तहसनहस पारेर पुरी ध्वस्त बनाएको र श्रीहीन, बुद्धिहीन र ऐश्वर्यहीन आफ्नो पुरीलाई नष्ट भ्रष्ट पारेको देखेर दीनदुःखी भएर सारहीन भएकोले छोडन मन नहुँदा नहुँदै पनि काल कन्याले पीडित पुरीलाई अनिच्छाले त्याग्ने विचार गऱ्यो । त्यसै अवसरमा यवनको भाइ प्रज्वार आएर दाजुको भलो गर्ने विचारले सारा पुरीमा ज्वरोरूपी

आगो लगाइदियो । आगो लागेपछि सारालाई कष्ट भयो । यवन राजाका सेनाबाट यसरी पिडीत यो पुरीलाई रक्षक सर्प दुःखित भइ नगरको रक्षा गर्न असमर्थ भइ निस्केर भाग्यो ।"

राजा पुरञ्जनलाई यवनका सेनाले खुबै सताएपछि र पुरी र आफन्तको विपत्ति देखेर ऊ भाग्ने विचार गर्‍यो तर भाग्न दिएनन् । चिन्ताग्रस्त भई सोच्न थाल्यो ।

मेरी प्रियतमा यो रानी म नभएपछि कसरी रहन सक्लि ? जो कि मलाई खुवाएर मात्रै खान्थी, म बोले बोल्ने, हाँसे हाँस्ने, रोए रूने यस्ती ममारत रहेकी अब मेरो वियोगमा यो गृहस्थी सम्हालेर कसरी रहन सक्लि ? यिनै सुन्दरी युवती रानीको चिन्तारत हुँदा हुँदा स्त्रीको संगतिले बुद्धिभ्रष्ट राजाले त्यो देह त्यागी विदर्भ देशका राजाका पुत्रीका रूपमा जन्मियो । ती विदर्भ कुमारीलाई पाण्डेय देशका नरेश मलयध्वजले विवाह गरे ।

यसरी त्यो पुरञ्जन राजा मलयध्वज राजाकी रानी भए पतिव्रता धर्म पालन गरी आफ्ना पतिको सेवा चाकरी गरी धेरै सन्तान फैलाइन । अन्त्यमा राजा रानी दुबै चन्द्रवासा, ताम्रपर्णी र वटोदका तीन नदीको संगममा गएर कठोर तपस्या गर्दै रहे । आत्मा र परआत्मालाई एकै देख्ने भएर राजाले शरीर त्यागी दिए । राजाको सेवामा तल्लीन रानी मृतक पतिको पनि सेवा गर्दै रहिन् । पाउको सेवा गर्दामा चिसो अनुभव गरिन अनि मृगको समुहबाट छुटेको मृगझैँ विलाप गर्न लागिन् । काठको चिता बनाएर मृतक पतिलाई चितामा राखेर पतिसँग सती जाने निश्चय गरिन् ।

त्यसै अवसरमा अविज्ञाता भन्ने पूर्व जन्मको मित्र एक ब्राह्मणको भेष धरेर अइपुगे । ती अबोला नारीलाई भने - पूर्वजन्ममा तिमी पुरञ्जन नामका राजा थियौ । म तिम्रो मित्र थिएँ । तिमी भोग विलासलाई रोजेर मलाई भुल्यौ । तिमी र म मानसरोवर स्वरूप आफ्नो अन्तस्करणमा विराजमान हंस जस्तै शुद्ध स्वभावमा रमाउथ्यौं । तिमी पाञ्चाल देशतिर लागेर मलाई भुल्यौ । के तिमीलाई सम्झना छ ? अहिले तिमी पाण्डेय देशकी रानी हौ । सत्य कुरा यो हो कि

त्यही पाञ्चाल नगरमा यौटी सुन्दरीसँग मोहित भएर आफ्नै स्वरूप आत्मालाई समेत बिर्सिदियौ । तिमी विदर्भ नरेशकी छोरी पनि होइनौ । यो मृतक वीर पनि तिम्रो पति हैन । त्यो पुरञ्जनी युवतीको पति पनि तिमी हुन सक्तैनौ । तिमी अहिले जो सती नारी ठानेकी छौ, यो मेरो रचित माया हो । वास्तवमा तिमी यो केही होइनौ । जो हाम्रो सच्चा स्थिति हो, त्यो सुन र जान । हे मित्र ! जुन म हुँ, उही तिमी हौ । मसित भिन्न हुन सक्तैनौ, जो तिमी हौ, उही म हुँ, यस्तो निश्चय जान । बुद्धिमान व्यक्तिले हामी दुबैमा अलिकति पनि भेद देख्दैन । जस्तो एकै व्यक्तिले आफ्नो एउटै रूपलाई ऐनामा र व्यक्तिका आँखामा दुई प्रकारको देख्दछ । त्यस्तै नै हामी दुई हौँ ।

यसरी हंसरूपी ईश्वरद्वारा सावधान गराइएपछि उसले वियोगले भुलेको मित्र 'आत्मज्ञान' पुनः प्राप्त भयो ।

## २९. पुरञ्जनोपाख्यान

फेरी राजा प्राचीनवर्ही भन्दछन् - हे नारद भगवान् ! मैले हजुरका वचनको वास्तविक अर्थ बुझिनँ । नारदजी भन्दछन् - पूर्वोक्त पुरञ्जनलाई जीव मान । मानव शरीररूपी नगर जान । त्यसको पूर्वोक्त मित्र ईश्वर हो । बुद्धिलाई स्त्री मान । मानव शरीरका दश इन्द्रिय नै त्यो स्त्रीका सुहृद हुन् । पाँच वृत्ति भएको प्राण नगरको रक्षक सर्प हो । इन्द्रियको अधिपति 'मन' नै बृहदवल नामको मुख्य योद्धा मान्नुपर्छ । शब्द, स्पर्श, गन्ध, स्वाद र दृश्य यी पाँच विषय नै पाञ्चाल देश हो । यसैमा यो नौं द्वारको नगररूपी देह बसेको छ । जसका दुई नेत्र, दुई नासिका र मुख यी पूर्वी पाँच द्वार हुन् । दाँया कानलाई दक्षिण र बाँया कानलाई उत्तर द्वार जान । गुदा र लिङ्ग यी दुबै पश्चिम द्वार कहिन्छन् । स्वप्नवाला शरीर नै रथ हो । इन्द्रियरूपी पाँच घोडा हुन् । पुण्य र पाप यसका चक्का हुन् । मन उसको डोरी, बुद्धि सारथी जान्नु । यति भएपछि जीव मृगतृष्णा सरी मिथ्या विषयतिर दगुर्छ । एघार इन्द्रिय उसका सेना हुन् ।

त्यस अज्ञानको नाश त्यतिबेला हुन्छ, जब आफ्ना गुरुमा भक्ति हुन्छ । हे प्राचीनवर्ही राजा ! "जबसम्म मानिसले यो कर्मकाण्ड छोडेर भक्तिमार्गमा लाग्दैन, तबसम्म व्यक्ति जीवनमुक्त हुन सक्तैन ।"

त्यसर्थः तिमी यी पुराना सबै हठ त्यागेर ती अज्ञानले गरेका कर्मकाण्ड र पशुवली रोकेर त्यस कर्म बन्धनबाट मुक्त हुनको लागि समस्त विश्वलाई भगवतरूप ठान्दै तिमी तन मनले ती भगवान्‌को भजन गर, जुन भगवान्‌बाट यस जगतको लय, प्रलय र पालन हुन्छ ।

यतिभनेर नारद आफ्नो सिद्ध लोकतिर लागे । राजा प्राचीनवर्ही पनि छोरा (दश प्रचेता) लाई राज्य सुम्पेर तपस्याका लागि कपिलाश्रममा जान भनी हिंडे ।

## ३०. प्रचेतालाई विष्णुको वरदान

विदुर प्रश्न गर्छन् ? हे ब्राह्मण, मैत्रेयीजी ! यी राजा प्राचीनवर्हीका छोराहरू "प्रचेताहरू" ले शंकरको कृपाले विष्णुको ध्यान गर्ने भएका थिए भन्नुभयो ? तिनले यही लोक र परलोकमा के पाए ?

मैत्रेयजी भन्दछन् - ती प्रचेताहरूले दश हजार वर्षसम्म जलमा बसेर तपस्या गरेकाले विष्णु भगवान्‌को दर्शन पाए । भगवान्‌ले भन्नुभयो - "हे राज पुत्रहरू हो ! तिमीहरूको कल्याण होस् तिमीहरू धेरै भएर पनि एउटै भावनाले मेरो ध्यान गरेका छौँ । तसर्थः म प्रशन्न छु । इच्छित वर माग, जो पुरुष नित्य सायंकालमा तिम्रो स्मरण गर्ला, त्यसको आफ्ना भाइहरूमा स्नेह र सबै प्राणीमा प्रेमभाव प्राप्त होला । जसले प्रातः र सायंकालमा एकाग्र मनले रुद्रगीतद्वारा मेरो स्तुति गर्छ, त्यसलाई म इच्छित तथा परम पवित्र वर दिन्छु । यस लोकमा तिमीहरूको उत्तम कीर्ति फैलिनेछ । पछि तिम्रो यौटा यस्तो पुत्र हुन्छ, जसको गुण ब्रह्माजी समान हुनेछ तिम्रो पिताले सन्तान उत्पादन गर्ने आज्ञा दिएकाले विहे गर्नुपर्दछ । महर्षि कुण्डुकी पत्नी प्रम्लोचाबाट एक कमलनयनी कन्या 'मारिषा' उन्पन्न भएकी छिन् तिनैसँग विहे गर । मेरो कृपाले हजारौँ वर्षसम्म दिव्य भोग भोगेर मेरो भक्तिको प्रभावले अन्त्यमा मेरै परमधाम पाउनेछौ ।"

प्रचेताले स्तुति गर्छन् - सबै प्राणीका आश्रयस्थल, सबैका साक्षी परमेश्वरलाई प्रमाण ! प्रकृतिभन्दा पर परमपुरुष ! हजुरसँग एक वर माग्छौँ - जसरी भमरा कल्पवृक्ष पाएपछि अरू वृक्षमा जादैन, त्यस्तै हजुरको चरण कमल पाएर पनि अरू के वरदान मागौ ? हे नाथ ! जबसम्म हामी हजुरको मायाले मोहित भएर कर्मानुसार संसारमा भौतारिरहन्छौँ, तबसम्म हामीले हजुर कै भक्तको संगति पाउँ । जस्तो कि, हजुरका सखा साक्षत शंकरजीको एकैछिनको संगतिले आज हामी जन्म मरणरूपी अत्यन्तै दुस्साध्य रोगका श्रेष्ठ वैद्य हजुर परमेश्वरको शरणमा आईपुग्यौं । हामीले जो पानीभित्र बसेर कठोर तप गऱ्यौं, हजुरको पूजा, अर्चना गऱ्यौं, कथा कहानी सुन्यौं, कीर्तन भजन गऱ्यौं । हजुरको सम्झना गरी जे जति गऱ्यौं, त्यो सबै हजुर सर्वव्यापक पुरुषोत्तमको सन्तोषका लागि नै होस् । यही वर हामीले हजुरसँग मागेका छौँ । यसरी प्रचेताहरू भगवान्को अद्‌भूत रूप र कमलनयन पाउको ध्यान गर्दा गर्दै र प्रचेताहरूको छुट्टिने इच्छा नहुँदा नहुँदै पनि तथास्थु भन्दै भगवान् परमधाम पाल्नुभयो ।

जब प्रचेताहरू जलबाट निस्किए, तब ती अग्ला अग्ला वृक्षहरूले स्वर्ग र अन्य लोक जाने बाटो छेकेको ठाने र ती वृक्ष लतार्न थाले । मुखबाट अग्नी र वायु निकालेर छाडे । यस प्रकार जङ्गल विनाश हुन लागेको देखेर ब्रह्माजी आएर शान्त पार्नुभयो । ती डराएका वृक्षले ब्रह्माजीको कथन अनुसार उनीहरूका साथमा रहेकी मारिषा कन्या प्रचेताहरूलाई जिम्मा दिए र प्रचेताहरूको तिनीसँग विहे भयो । तिनैबाट दक्षको पुनर्जन्म भयो । जसले चक्षुषा मन्वन्तरमा सृष्टि नष्ट भएपछि भगवान्को इच्छाले नवीन प्रजाको सृष्टि गरेका थिए ।

## ३१. नारदद्वारा प्रचेतालाई उपदेश र परमपद प्राप्ति

मैत्रेय अगाडि भन्दछन् - "हे विदुरजी ! त्यसपछि प्रचेताहरूलाई ज्ञान भयो । तब आफ्नी पत्नी 'मारिषा' का पुत्र दक्षलाई राज्यभार सुम्पेर एक समुद्र किनार, जहाँ जाजली मुनिले सिद्धि प्राप्त गरेका थिए, त्यहीं पुगे । ध्यानग्रस्त भएर

बसेका थिए । सहशा नारद आइपुगेको देखे । प्रचेता भन्छन् - हे सूर्य समान चम्किला नारदजी ! तपाईं लोकको हितको लागि डुलिरहनुहुन्छ । हामीलाई पहिला विष्णु र शंकरले दिएको तत्त्व विधि गाएका छौँ । तसर्थः परमार्थ तत्त्वका ज्ञाता हजुरले पुनः जागृत पारिदिनुहोस् ।"

नारद भन्दछन् - "हे राजा हो ! जसरी तेज सूर्यबाट फरक छैन, त्यस्तै नै यो जगत भगवान्देखि पृथक छैन । सृष्टिमा भगवान्बाट उत्पन्न र प्रलयमा उनैमा मिलन हुन जान्छ ।" जस्तै - बादल तथा प्रकाश आकाशबाट प्रकट हुन्छन् र त्यसैमा जान्छन्, त्यस्तै सत्व, रज र तम यी तीनै शक्तिहरू भगवान्बाट उत्पन्न भएर उनैमा विलिन हुन्छन् । यस्तै प्रकारले जगतको प्रवाह चलिरहन्छ । सबै थरिका वासना हराएपछि शान्तहरूको शुद्ध चित्तमा भगवान्को भावना तानिदै जान्छ र भगवान् स्वयं भक्तको हृदय कहिल्यै छोडदैनन् । नारदले प्रचेतालाई परमार्थी ज्ञानका कुराले अनेक तरिकाले सम्झाई सकेर ब्रह्मलोक गए । प्रचेताहरू पनि संसारको मल नाश गर्ने भगवत चरित्र नारदको मुखबाट सुनेर उनै भगवान्को चरण कमलको निरन्तर चिन्तन गर्दै प्रभुको परम पद प्राप्त गरे । हे विदुरजी ! तिमीले मसित नारद र प्रचेताको जुन संवादरूपी हरिकीर्तन सोधेका थियौ, त्यो मैले तिमीलाई सुनाएँ ।

# श्रीमद्भागवत महापुराण

## पञ्चम स्कन्ध



# पञ्चम स्कन्ध

## सारांश

राजा परीक्षितले शुकदेवजीसमक्ष जिज्ञासा राख्दा महामुनि भन्दछ कि जसको चित्त श्रीहरिको स्मरणमा मग्न रहन्छ, तिनीहरू हरिकथालाई नै कल्याण मार्ग ठान्छन् र त्यसबाट पन्छिदैनन् । पिता स्वायम्भुव मनुले नै छोरो प्रियवत आत्मचिन्तनमा मात्र लाग्ने छाँट देखेर उनलाई राजकाज चलाउने आज्ञा दिए । तर विषय र सन्ततिमा भुल्नु पर्ने ठानेर उनले पिताको आज्ञा स्वीकारेनन् । प्रियवतको राज्य गर्ने चाहना नभएको बुझेर चारै वेद, मरीचि आदि पार्षदहरूलाई साथमा लिएर ब्रह्माजी पनि सत्यलोकबाट प्रियव्रत भएका ठाउँमा आउनुभयो । उहाँ पुग्नुभन्दा पहिले नै प्रियव्रतलाई आत्मविद्याको उपदेश दिन त्यहाँ देवर्षि नारद आइसकेका थिए । नारद र प्रियव्रत राजाले ब्रह्माजीलाई देखेर प्रणाम गर्नुभयो । त्यसपछि ब्रह्माजीले प्रियव्रतलाई हेर्दै भन्नुभयो, "तिमीले श्रीहरिप्रति दोषदृष्टि राख्नु हुँदैन । महादेव, स्वायम्भुव मनु, नारद र म पनि उहाँको आज्ञा उल्लंघन गर्दैनौँ । हामी उनै ईश्वरको इच्छाअनुसार नै कर्म गर्छौं । उहाँले हाम्रा लागि जे व्यवस्था गर्नुहुन्छ, त्यहीअनुसार हामी भोग गर्छौं । भगवान्को इच्छाअनुसार शरीर धारण गरेर भोग गरेपनि मुक्त पुरूषमा शरीर आदिको अभिमान हुँदैन । इन्द्रियलाई जित्न नसक्नेले जन्ममरणको भयमा नै बाँच्नुपर्छ । मन र पाँच ज्ञानेन्द्रियरूपी शत्रुले उसलाई छोड्दैनन् । काम, क्रोध आदि ६ ओटा शत्रुलाई जित्ने इच्छा भएको पुरूषले घरमै रहेर तिनलाई वशमा राख्ने प्रयत्न गर्नुपर्छ । काम, क्रोध आदि शत्रु कमजोर भएपछि विद्वान पुरूष विचरण योग्य हुन्छ । तिमीले भगवान्को कृपाले यी ६ ओटै शत्रुलाई जितिसकेका छौ, तापनि उहाँले दिएको ऐश्वर्य भोग गर, अनि परब्रह्मलाई भज ।"

# पञ्चम स्कन्ध

## १. राजा प्रियव्रतको चरित्र

**तत्र तु प्रथमेऽध्याये ज्ञानिनो राज्यनिर्वृतिः ।**
**पुनश्च ज्ञाननिष्ठेति प्रियव्रतकथाऽद्भुता ।।१।।**

राजा प्रियव्रतले गृहस्थिबाटै मुक्ति पाए । कारण उनले बालापनमै नारदजीबाट बढी ज्ञान पाएर आफ्नो शरीरमै जुन शत्रु हुन् - काम, लोभ, क्रोध, मोह र मात्सर्यलाई जितेर काबुमा ल्याइसकेका थिए । फेरी ब्रह्माजीले पनि उनलाई भने गृहस्थ मै रहनु, तिमी नारदबाट निस्पिय भइसकेकाले गृहस्थबाटै परम पद पाउनेछौँ ।

गृहस्थीमै रहेर पनि पाँच ज्ञानेन्द्रिय र एक मन गरी छ शत्रुलाई जिती विषय भोगलाई जितेर आत्माबाहेक अन्य विषयमा प्रेम रहन्न भन्ने जितेन्द्रिय विद्वानलाई गृहस्थाश्रमले के बाधा पर्छ ? ती छ शत्रु त जहाँ गए पनि सँगै छन् । तसर्थः गृहस्थाश्रम त विषयी इन्द्रियहरूलाई वश गराउने एक दुर्ग हो । राजा प्रियव्रतले पनि यसै गरे । सूर्यनारायणले दिउँसो मात्रै उज्यालो पारेको देखेर राजा प्रियव्रतलाई राती पनि उज्यालो पार्ने विचारले पृथ्वीलाई सातपल्ट चक्कर

लगाए । तब तिनै ब्रह्माजीले रोके । यसरी राजा प्रियव्रतले प्रकाशिदै हिंडेको रथले कहीं उच्चा र कहीं निचा भएकोले र सातपटक परिक्रमा लगाएकोले नै सप्तद्वीप भए । निचा भाग सात समुद्र भए । अन्त्यमा ब्रह्मा र नारदको उपदेश अनुसार रानीलाई छोराको जिम्मा लगाइ हरिको ध्यानम गए ।

## २. आग्निध्र र पूर्वचितीको समागम

राजा अग्निध्र घर छोडी पुत्र प्राप्तिका लागि सुरसुन्दरीको क्रीडास्थल मन्दराचल पर्वतको कन्दरामा पुगेर ब्रह्माजीको ध्यान गरे । ब्रह्माजीले पनि आग्निध्रको इच्छा जानेर आफ्नै सभामा गान गर्ने 'पूर्वचिती' नामकी अप्सरा पठाइदिए । ती कन्याबाट आग्निध्रले नौं पुत्र उत्पन्न गरे । 'पूर्वचिती' राजा आग्निध्रलाई छाडेर फेरी ब्रह्माजी कहाँ फर्किन् । आग्निध्रका ती पुत्रहरूको नाम हो नाभि, किम्पुरुष, हरिवर्ष, इलावृत, रम्पक, हिरण्मय, भद्राश्व र केतुमाल ।

## ३. नाभिको चरित्र

आग्निध्रका छोरा नाभिले धेरै ऋषिहरू बेलाएर भगवान् जस्तै पुत्रको लागि यज्ञ गरे । जसमा भगवान् नारायण स्वयं प्रकट भएर खुसीले दर्शन दिनुभयो । भगवान्‌ले वर माग भन्दा ऋषिहरूसहित भएर भगवान्‌को स्तुति गर्दै भने - यी राजा नाभी हजुर जस्तै एक पुत्र चाहान्छन् । भगवान्‌ले वर दिंदै भन्नुभयो - "राजा नाभी र रानी मेरूदेवीको सामुन्नेमा ब्राह्मण मेरा मुख हुन् । ब्राह्मणको वचन मिथ्या हुँदैन । तसर्थः राजर्षि नाभीको घरमा मैरै समान पुत्र होस् ।" अब म स्वयं आफ्नो अंश कलाले आग्निध्रको छोरा नाभिको घरमा ऋषभदेव नामले जन्मनेछु ।

शुकदेवले परीक्षितलाई भन्नुभयो - "उनै परम्पुरुष भगवान्‌को कृपा अनुसार राजा नाभिका घरमा रानी मेरूदेवीको गर्भबाट दिगम्वर सन्यासी तथा उर्ध्वरेता मुनिहरूको धर्म प्रचार गर्नको निमित्त विशुद्ध सत्वमय शरीर ऋषभदेवको रूपमा जन्म लिए ।"

# ४. ऋषभदेवको शासन

शुकदेवले भने - "हे राजन ! यी ऋषभदेव नामका बालक जन्मदेखि विष्णुका चिह्नहरू वज्र, अंकुश, समता, उपसम, वैराग्य तथा ऐश्वर्य आदि महाविभूतिहरूले गर्दा बढ्दो प्रभाव देखेर सबै मन्त्रीगण, प्रजागण, विप्रगण र देवताहरूमा पनि यिनले राज्य सम्हाले भने, लोक निवासी सबैले सुखको अनुभव गर्लान् भन्ने दृढ विश्वास थियो ।

ऋषभदेव राजा भएपछि इन्द्रले ईर्ष्यावस उनको राज्यमा पानी पारेनन् । इन्द्रको यस्तो मूर्खता बुझेर योगेश्व ऋषभदेवले हाँस्तै आफ्नो योग वलले आफ्नो राज्य अजनाभ खण्डमा खुव पानी पारे । जब राज्यमा ऋषभदेवले वर्षा गराए, तब राज्यमा तमाम लोकवासी खुशी र सन्तुष्ट देखिए । यही खुसीको अवसरमा छोराको देशवासीसँग बढेको अनुरागलाई ठिक ठानी पिता नाभिले ऋषभदेवलाई राज्याभिषेक गरिदिए । उनको सहयोगार्थ ब्राह्मणहरूको एक समिति सभा बनाइदिए र राजा नाभि तपस्याका लागि बदरीकाश्रमतिर लागे । रानी मेरुदेवी पनि पछिपछि लागिन् ।

ऋषभदेवले इन्द्रद्वारा पाएको पुत्री जयन्तीसँग विहे गरी आफूजस्तै गुणवान् सय छोरा जन्माए । जसमध्ये जेठा छोरा भरत सबैभन्दा गुणी थिए, जसका नामबाट भारतवर्ष भन्ने नाम भएको हो ।

ऋषभदेवका सय भाइ छोराहरूमध्ये कवि हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्ললायन, आविहोत्र, द्रुमिल, चमस र करभाजन, यी कुमार भागवत धर्मका प्रवर्तक तथा परम भगवत्भक्त थिए ।

कान्छा भाइ कुशावर्त, इलावर्त, ब्रह्मावर्त, मलय, केतु, भद्रसेन, इन्द्रस्पृक, विदर्भ र कीकट नौं राजकुमारहरू भरतका अनुयायी तथा शेष नब्बे भन्दा श्रेष्ठ थिए । उनका बाँकी एकासी पुत्रहरू पिताका आज्ञापालक, महान देवज्ञ यज्ञशील थिए, ब्राह्मण थिए ।

## ५. ऋषभदेवको पुत्रलाई उपदेश

ऋषभदेवले डुल्दै जाँदा एक समयमा ब्रह्मवर्त देशमा ब्रह्मऋषिहरूको सभामा आफ्ना छोराहरूलाई देखे । अनि उपदेश गर्न लागे हे छोरा हो ! यस मर्त्य मण्डलमा मानव शरीर पाएर पनि विष्टा, भोजी र शुकरादी जस्तै विषयमा लिप्त नहुनु । महापुरुषको सेवा नै मुक्तिको द्वार हो । ब्राह्मणको अवज्ञा अपमान कहिल्यै पनि नगर्नू । तिनलाई त मैले पनि पुज्नु पर्दछ । ब्राह्मण मेरा मुख हुन् । तसर्थः अग्निको हवनभन्दा ब्राह्मणको मुखमा श्रद्धापूर्वक हवन गरे अन्त्यमा म प्रसन्न रहनेछु । जो सांसारिक सबै कुरा छाडेर परमात्मामा प्रेम गर्दछ, त्यसले सबै गर्नुपर्ने कार्य गरिसके भन्ने जान्नु । यस्ता असंख्य शिक्षा आफ्ना छोराहरूलाई दिइसकेपछि सबैभन्दा जेष्ठ र गुणवान भरतलाई पृथ्वीको रक्षार्थ राज्य दिइ भक्ति ज्ञान र वैराज्ञरूपी पारमहंष्यक धर्मको प्रचार गर्दै दिगम्वर वृत्तिको अनुसार विरक्त भावले ब्रह्मवर्त देशबाट निस्किए ।

## ६. ऋषभदेवको देह त्याग

भगवान् ऋषभदेव इन्द्र आदि र लोकपालहरूका समेत भूषण भएर जडपुरुष झैँ अवधुत भेष, भाषा र आचरणले आफ्नो ईश्वरीयपन लुकाएर योगीहरूलाई देह त्यागको विधि सिकाउनको लागि योगमायाको बलले पृथ्वीमा वीचरण गर्दै कोंक वेंक र कुटक आदि दक्षिण कर्नाटक प्रान्तको देशमा कपाल फिजारेर उन्मत्त झैँ दिगम्वर वृत्तिले वनवनमा डुल्न थाले । त्यसैबेला वायुवेगले हल्लने बाँसको संघर्षबाट उत्पन्न दावानलले ऋषभदेवको शरीरसमेत वनलाई भष्म पारिदियो । यसरी ऋषभदेवले संसारबाट उपराम (विराम) लिए ।

## ७. भरतको चरित्र

महाराज भरत परम भगवत भक्त थिए । जब पिता ऋषभदेवले आफूलाई राज्यभार सुम्पने चेष्टा गरे, तब विश्वरूपकी कन्या पाञ्चजनीसँग विहे गरे ।

भरत र पाञ्चजनीका, सुमती, राष्ट्रभृत, सुदर्शन, आवरण र धूम्रकेतु गरी पाँच पुत्र भए । महाराज भरत सबै शास्त्रका मर्मज्ञ दिए । तसर्थः आफ्ना पूर्वजले झैँ प्रजालाई वात्सल्य भावले पालन गर्दथे । बेला बेलामा यज्ञ र भगवान्को पूजन गर्थे । यसप्रकार दशहजार वर्षपछि छोरालाई आफ्ना पूर्वजको राज्य सम्पति शास्त्र विधिले चढाइदिए । आफूले सबै थोक त्यागी हरिद्वार क्षेत्रतिर पुलहाश्रममा गए, जहाँ भगवान् श्रीकृष्ण त्यहाँ बस्ने आफ्ना भक्तको इच्छाअनुसार विविध रूप धारण गरी आफू पनि सधैं तिनै भक्तको नजिकमा रहन्छन् । तिनी त्यस पवित्र क्षेत्र हरिद्वारमा बढी आनन्दित भएर रमाए ।

## ८. भरतको मृगजन्म

राजा भरतको गण्डकी नदी जल किनारमा स्नान गरी नित्य नैमित्यिक कर्म गरेर ब्रह्माक्षर ॐ कारको जप गर्दै तीन मुर्हूत जल किनारामा बस्ने नियम थियो । त्यसै अवसरमा एकपल्ट एउटी गर्भिणी मृगी प्यासले व्याकुल भएर पानी पिउन लागेकै बेला नजिकैबाट एक सिंहको भयंकर गर्जन सुनेर डरले नदीको अर्कोपट्टी उफ्रदा पेटको बच्चाले ठाउँ छोडी योनिद्वारबाटै खसेर जलमा पर्‍यो । त्यो मृगिणी भागेर जङ्गलको एक गुफामा पुगेर लम्पसार परेर मरी ।

राजा भरतले आफ्नो अगाडि यस्तो दयनीय र संवेदनशील अवस्थामा रहेका मृगको बच्चा देखेर बाँचोस् भन्नाका लागि आफ्नो कुटीमा ल्याएर खानपान गराउन लागे । दिनदिनै मृगमा प्रेम बढ्दै गयो तर भक्तिमा प्रेम कम हुँदै गयो । एवम् रितले धेरै दिन व्यतित भएपछि अन्त्यमा उनको योगभाव त्यसै बच्चालाई हेर्दा हेर्दै त्यसैमा मन चित्त लागेर आफ्नो शरीर त्यागेर भरतले मृहदेह पाए । तैपनि पूर्वजन्मको सम्झना हुन्थ्यो । त्यो मृगरूप लिएर त्यही शान्तिशील भूमि गण्डकी किनार जङ्गलमा मुनिको आश्रयस्थल नै उपयुक्त ठानी मृगदेह त्याग्न कालको प्रतीक्षा गरिरहे ।

## ९. जडभरत (ब्राह्मण कूलमा जन्म)

अंगिरस गोत्रका जाएमानको एक पुत्र र एक पुत्री भए । तिनै पुत्रचाहीं मृगदेह त्याग गरेर ब्राह्मत्व प्राप्त भएर जन्मिएका भरत थिए । पूर्वजन्मको कुरा नबिर्सिने भएकाले उनी भगवतभक्त भई स्वतन्त्ररूपले देश विदेशमा वीचरण गर्न लागे ।

हेर्दा तिनी बौलाहा, अन्धो र पागल जस्तो देखिने भए । भरतका पिता जाएमानले भरतलाई वेदवादी गृहस्थी जीवनमा लगाउन अनेक शिक्षा दिने कोसिस गरे तर भरतको भिन्न विचार थियो । जसको फलस्वरूप पितासँग उनको विचार मिलेन । बाबु आमा दुबै मरेपछि भाइहरूसँग झनै विचार नमिली वनको साँढे गोरू झैँ डुली हिंड्थे । उनलाई शुद्ध आत्मज्ञान प्राप्त भइसकेको थियो । जे जस्तो मिल्थ्यो, उनी त्यस्तै खान्थे केवल बाँच्नको लागि । हर्ष, शोक र द्वन्दका सुख, दुःख आदिले उनलाई कुनै असर पुऱ्याउँदैनथ्यो । ती शीत, ग्रीष्म, वर्षा वा आँधीबेरीमा पनि त्यही साँढे डुले झैँ डुलिरहन्थे तर भगवत आनन्द पाएर होला सबै अङ्ग स्थूल र परिपुष्ट थिए । भूमिमा पल्टने तर स्नान नगर्नाले शरीरमा धुलै धुलो हुन्थ्यो, जसमा बहुमूल्य मणि लुकेको हुन्थ्यो । अज्ञानी जनले अधम ब्राह्मण भनेर अपमान गर्थे । अर्काको काम गरेको देखेर भाइहरूले खेत खन्ने काम लगाउन्थे तर त्यसमा ध्यान दिँदैनथे । एक समयमा कुनै शुद्र राजाले पुत्र प्राप्तिका लागि भद्रकालीलाई मनुष्यको वली भाकल गरेछ र दूतहरूलाई खोज्न पठाएकोमा यिनै भरतलाई भेटी पक्रेर भद्रकाली देवीको मन्दिरमा लगे । नुहाई धुवाई पवित्र पारेर पूजा गरेर नैवेद्य खुवाए । मन्दिरका पुजारीले वधका लागि खड्ग उचालेपछि अनि देवी प्रकट भएर त्यही अभिमन्त्रित खड्गले ती पापी दुष्टहरूको शिर काटी दिइन् र खुशीले रमाउदै खेल्न लागिन् । यसरी सज्जनका लागि गरेको कुकर्मले आफ्नै सर्वनाश हुन्छ ।

## १०. जडभरत र रहुगणको मिलाप

शुकदेवजी भन्छन् - हे राजन ! एक दिनको कुरा हो, सिन्धुसौवीर देशका राजा रहुगण म्यानामा बसेर इक्षुमती नदीको तटमा तीर्थ जान भनेर पुगेछन् ।

सहसा त्यहाँ पुगेपछि एउटा डोलेको आवश्यक परेछ । तिनै जडभरत वेकाममा हिंडिरहेको, मोटो, बलियो र जवानी देखेर म्यान बोक्न लगाए । भरत हिंड्दा कुनै जीव किचिएर मर्ला भन्ने डरले वरपर टेक्ता अर्को जोडी डोलेसँग हिंडाइको अन्तर नमिली पाल्की हल्लिन थाल्यो । राजा रहुगणले झोक्किदै भने - ए डोले हो ! किन हल्लिएको छ ? सोझो गरेर आदरपूर्वक हिंड भन्दा डोलेहरूले दण्ड पाउने डरले काप्तै भने– हे स्वामीज्यू ! यही नयाँ डोलेको काम हो । हामी त ठिकसँग हिंडेका छौँ । रहुगणलाई क्रोध हुन गयो कि म राजालाई यी सेवकले अपमान गरे । तब ती खरानीभित्रको अग्नि झैँ ब्रह्म तेजले भरिएका द्विजश्रेष्ठ भरतलाई तिनले भने - ए डोले ! तँ थाकेको पनि छैनस् । तैले मात्रै एक्लै बेकेको पनि हैन । तँ मोटो रूष्ट पुष्ट र जवान छस् ? के कारणले लरखरायो भनेर धेरै झपार्दा पनि भरतले चुपचाप लागि बोकी नै रहे । फेरी उही किसिमको हिंडाइले गर्दा पाल्की हल्लियो । अत्यन्तै रिसले राजाले भने अरे यो के कुरा हो ? तँ जिउँदै मृत्युको मुखमा जान चाहन्छस् ? तँ बडा मालिकलाई हेला गर्ने उन्मत्त र मुर्ख ! म यमराजका झैँ दण्ड दिने राजा हुँ । तेरो यो मुर्खताको औषधी गर्छु । अब ती ब्राह्मण देवता भरतले खुशीका साथ मुसुमुसु हाँस्तै भने - हे राजन ! तिम्रो भनाइ यथार्थमा ठिक हो किनकि यो भारी बोकेर हिंड्ने शरीर नै हो, आत्मा हैन । मोटोघाटो र जवानी शरीरका नै हुन् । ममा देह भएपनि यी कुराहरू अलिकति पनि छैनन् । यो तत्त्व ज्ञानीको वचन हो । जो मर्ने र बाँच्ने कुरा गर्‍यो, त्यो कुरा त संसारमा भइ नै रहन्छ ।

नोकर र मालिकको भावमा परमार्थी दृष्टिले हेर्दा को कसको सेवक ? को कसको नोकरः पूर्वजन्ममा तिमी मृग थियौ म राजा थिएँ । अहिले तिमी राजा भयौ म नोकरै भएँ । त अब भन म तिम्रो के सेवा गरौं ? हे वीर राजा ! म जस्तो मत्त, उन्मत्त र आफ्नै स्थितिमा रम्नेलाई तिमीले औषधि गर्ने र दण्ड दिनाले के प्रयोजन हुन्छ र ? तिमीले दिएको दण्डले मलाई पृष्ठपोषण पो हुन्छ । रहुगण म्यानाबाट आत्तिएर यस्तो हृदयग्रन्थी छिन्नाल्ने वचन सुनेर राजमदलाई त्यागेर तत्त्वदर्शी भरतका पाउमा परेर आफ्नो अपराधका लागि क्षमा मागे । हजुर को हुनुहुन्छ ? मैले चिन्न सकिन । म कपिलदेवको स्थानमा यही तत्त्व ज्ञान सोध्न जाँदै थिए । हजुर उही त हैन ? हे दिनवन्धु ! तपाईंका

तत्त्व ज्ञानका कुराबाट मेरो राजत्वको अभिमान नाश भयो । मैले हजुरजस्ता साधु श्रेष्ठ तत्त्वदर्शी द्वीजको अपमान गरैं । अब म हजुरको कृपा दृष्टिबाट यो पापबाट मुक्त हुन पाउँ ।

## ११. रहुगणलाई भरतबाट ज्ञानोपदेश

हे राजा रहुगण ! पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय एक अहंकार गरेर मनका यी एघार वृत्ति छन् । पाँच प्रकारको कर्म, पाँच तन्मात्रा र एक शरीर यी एघार वृति तिनका आश्रय स्वरूप मानिएका छन् । गन्ध, रूप, स्पर्श, रस तथा शब्द यी पाँच ज्ञानेन्द्रियहरूको विषय मानिन्छ । मल त्याग, भोग, गमन, भाषण, लिनु, दिनु आदि व्यापार कर्मेन्द्रियका विषय हुन् । जबसम्म मनुष्यले आफ्नो ज्ञानोदयद्वारा यी शत्रुको भाव बुझी माया र मनलाई दुःखको कारण हुन भनी बुझेर ती प्रवल कपटी शत्रुलाई श्रीगुरुको माध्यमद्वारा श्रीहरिका चरणको सेवारूपी शस्त्रले काट्तछ, तबमात्र कल्याण हुन्छ ।

## १२. रहुगणको प्रश्न

हे योगेश्वर ! हजुरका मुखबाट मैले सुने कि कर्मको फल दृष्यमान व्यवहारको कारण भएपनि सत्य छैन । यसको रहस्य मैले जानिन ।

भरतले भने - हे राजन ! यो शरीर यही पृथ्वीको विकार पञ्च तत्त्व, आकाश, वायु, जल र तेजबाट निर्मित हो । यसै कारणले यो पृथ्वीमा डुलिरहन्छ । अतः यसका विभिन्न नाम भइरहन्छन् । यसका दुई चरण र गोलिगाँठा, घुँडा, जंघा कटिप्रदेश, वक्षस्थल, कण्ठ तथा काँध यी अङ्ग हुन् । काँधमा पाल्की राखेको छ । त्यसमा सौवीर राजा नामको एउटा पार्थिववाला विकार बसेको छ, जसमा ममता राख्नाले तिमी म सिन्धु देशको नरेश हुँ भन्ने यस्तो दुर्गतिले अन्धो भएका छौँ । यो विचार अत्यन्त दीनदुःखी र सोचनीय छ । जो अहंकारका साथ डोलेलाई समात्यौ । म प्रजाको रक्षक हुँ, भनेर लामु लामु धाक लगायौ । यसबाट तिमी क्रुर र धृष्ट देखिन्छौ । त्यसले शोभित हुँदैनौ । पृथ्वी नै लय र प्रलय हुन्छ भने अरू व्यवहार र सांसारिक पदार्थको के कुरा ?

## १३. संसारूपी वनको वर्णन र रहुगणको शंका समाधान

हे राजन ! यो पृथ्वीमा भएका सम्पूर्ण प्रकृति र भौतिक सामाग्रीलाई नै संसाररूपी वन भनेको हो । भगवान्को त्रिगुणरूपी मायाद्वारा दुर्गम प्रवृत्ति मार्गमा लागेका कर्मको फल देख्ने सुखरूपी धनमा आसक्त जीव भौँतारिदै संसाररूपी वनमा आउँछ । हे राजन ! उसका साथमा ज्ञानेन्द्रिय र मन यी छ, चोर रहने भएकाले यो संसारूपी वनमा केही सुख पाइदैन ।

## १४. भवाटवी व्याख्या

राजा परीक्षितले भन्नुभयो - हे शुकदेवजी ! हजुरले यो सांसारिक मार्गको रूपबाट बुद्धिमान पुरुषले बुझ्ने गरी उपदेश दिनुभयो । जुन हामी जस्ता साधारण मनुष्यको बुद्धिमा पस्न सक्तैन । हजुर ठूलो विद्वान हुनुहुन्छ । तसर्थः अझै बुझाउनुहोस् भनेपछि शुकदेवजीले भवाटवीको व्याख्या गर्न लाग्नुभयो ।

हे राजन ! देहको अभिमानले विविध प्रकारका देहसित संभोग भइ यही संसार प्राप्त गर्दछन् । मनका छ इन्द्रियहरूद्वारा प्रेरित त्यो जीव बाटो विराएर यो संसाररूपी भयंकर वनमा भौतारिदै भगवान् विष्णुको आश्रित रहने मायाको प्रेरणाले अत्यन्त कठोर बाटो अवलम्वन गरी आफ्ना शरीरले गरेका कर्मको फल भोग्दै श्मसान अति अशुभ दुःखी वन संसारमा पुग्छ । मनको व्यापारमा अनेक विघ्न र विफल भोग्दा पनि अन्त्यसम्म यस्तो संसाररूपी दुःखलाई निवारण गर्ने भगवान्का चरणको अनुशरण गर्दैन ।

## १५. भरतको वंश विस्तार

जाएमानका छोरा भरत, भरतका छोरा देवजीत, देवाजीतको छोरा देवद्युग्न, देवद्युग्नका छोराहरू परमेष्ठी र प्रतीह (दुई स्त्रीबाट) प्रतीहको छोराहरू प्रतिहर्ता, प्रस्तोता र उदगता, प्रतिहर्ताको छोराहरू अज र भूमा, भूमाको छोराहरू उदीगत र प्रस्ताव (दुई स्त्रीबाट), प्रस्तावको छोरा विभु, विभुको छोरा पृथुषेण,

पृथुषेणको छोरा नल, नलको छोरा गय, गयका छोरा चित्ररथ, सुगति र अवरोधन, चित्ररथको छोरा सम्राट, सम्राटको छोरा मरीचि, मरीचिको छोरा विन्दुभान, विन्दुभानको छोरा मधु, मधुको छोरा वीरव्रत, वीरव्रतको छोराहरू मन्धु र प्रमन्धु, प्रमन्धुको छोरा भौवन, भौवनको छोरा त्वष्टा, त्वष्टाको छोरा विरज, विरजको छोरा शतजित आदि सय पुत्र र एक कन्या उत्पन्न भए ।

## १६. भुवनकोशको विस्तार

परीक्षित - हे योगिराज महामुने ! जुन पृथ्वीभरि राजा प्रियव्रतको रथको पांग्राको लिगबाट सात समुद्र र सात द्वीपको रचना भयो भन्नुभयो । त्यसको बारेमा सुन्नपाउँ । शुकदेव - हे महाराज ! हामी जुन द्वीपमा बस्छौँ यो ब्रह्माण्ड कमलको कोश झैँ विद्यमान छ । यो एकलाख योजन र बाटुलो छ । यसमा नौ नौ हजार योजनमा नौ देश छन् । माझमा इलावृत देश छ । पर्वतहरूको राजा सुमेरू पनि सबै पर्वतको माझमा छ । सुमेरू पर्वको विस्तार बत्तिस हजार योजन छ । यसको सोह्र हजार योजन गोलाइ र त्यति नै पृथ्वीभन्दा तल घुसेको छ । इलावृत भन्दा उत्तर क्रमशः नील श्वेत श्रृङ्गवान तीन पर्वत छन् । जसले रम्यक, हिरण्यमय र कुरू देशको सीमा निर्धारित छ । यस्तै इलावृतको दक्षिणतिर निषध, हेमकूट र हिमालय पर्वत छन् । पूर्व-पश्चिम फैलिएका दश हजार योजन अग्ला छन् । यिनबाट पनि इलावृत, किम्पुरूष र भारतवर्षको सीमा विभाजन हुन्छ । इलावृत खण्डको पूर्व पश्चिम र निल र निषध पर्वतसम्म फैलिएका गन्धमादन र माल्यवान पर्वत छन् । केतमाल र भद्रश्व देशको सीमा बनेका छन् । यिनको अतिरिक्त मन्दर, मेरू, मन्दर सुपार्श्व र मुमुदमा ध्वजा झैँ देखिने आँप, जामुनो, कदम र वरका वृक्ष छन् । हे राजन ! यी पर्वतमा घिउ, मह, उखुको रस बराबरको मिठो पानी भएका चार सरोवर छन् । जसमा नुहाउने जीव सिद्धि प्राप्त गर्दछ । यिनै पर्वतमा नन्दन, चैत्ररथ, बैभ्राजक र सर्वतोभद्र नामका उपवन पनि छन् । मन्दराचल पर्वतको काखमा एउटा आँपको वृक्षबाट चुहेको सुगन्धित र स्वादिष्ट रसबाट अरूणोदा नदी भएर मन्दरा चलको शिखरबाट इलावृत खण्डसम्म सिञ्चित पार्दछिन् । उसै पर्वतबाट जामुनको रसद्वारा जम्बु नामकी नदीले इलावृत खण्डको

दक्षिणी भाग सिञ्चित पार्दछिन् । उही सुमेरूकै सुपार्श्व पर्वतमा कदम्बको वृक्षको पाँच महका धाराबाट इलावृतको पश्चिम भाग सिञ्चित पार्दछिन् । त्यस्तै कुमुद पर्वतमा शत वल्श वृक्षबाट दुध, दहि, घिउ, सख्खर अन्नादि आभूषणादि निस्कन्छन् । इलावृतको उत्तरीभाग सिंचित छन् । ती नदीका जलको प्रभावले त्यहाँ बस्ने मानिसका छाला चाउरी पर्दैन, थकाई लाग्दैन, पसिना आउँदैन, कुनै दुर्गन्ध निस्किदैन । सर्दी गर्मी शरीरको कान्ति बदलिनु आदि विघ्नले दुःख दिँदैन ।

## १७. गंगाको उत्पत्ति

वामन भगवान् बलीको यज्ञमा तीन पाउ भूमि माग्न जाँदा पाउ बढाउने क्रममा वाँया पाउको बुढी औंलाले (नङ) ब्रह्माण्ड छेडिन पुगी जल उत्पन्न हुनगयो । ब्रह्माले आफ्नो कमण्डलुको जल सोहि पाउमा खन्याई दिनुभयो । जसबाट गंगा नामले तीन धारा भएर बगिन् । त्यसमध्ये एक धारा स्वर्गमा मान्धाकी नामले प्रख्यात भइन् । दोस्रो भूमण्डलमा गंगा नामले प्रख्यात भइन् । तेस्रो धारा पाताल लोकमा भगवती नामले प्रख्यात छन् । सीता ब्रह्मपुरीबाट निस्केर केसराचलको शिखर हुँदै तल बगेर गन्धामादनको शिखर झरेर भद्राश्ववर्षलाई सेचन गर्दै पृथ्वीको पूर्वी भागबाट बगेर पवित्र पार्दै नुनिलो समुद्रमा मिल्छिन् । चक्षुले पश्चिम भागलाई पवित्र पार्दै उनै समुद्रमा मिल्छिन् । भद्रा पृथ्वीको उत्तर दिशाबाट पवित्र पार्दै उनै क्षार समुद्रमा मिल्छिन् र अलकानन्द पृथ्वीको दक्षिण भागबाट पूर्ण भारत वर्षको भूमिलाई आलक्षित पार्दै उनै क्षार समुद्रमा मिल्छिन् ।

गंगाजीका नाम

१) स्वर्ग, मर्त्य र पाताल जानलाई तीन धारा भएर बगेकी हुनाले त्रिपथगामिनी ।

२) स्वर्गबाट आएकीले स्वर्गधुनी ।

३) हिमालबाट ठोकिएर बगेकीले हिमवती ।

४) मेरू शिखर हुँदै मन्द गतिले बगेकीले मन्दाकिनी ।

५) जह्नु ऋषिले जाँगबाट पठाएकीले जाह्नवी ।

६) भगिरथ राजाले कुल उद्धार गर्न तपस्या गरेर ल्याएकाले भागिरथी गंगा ।

# १८. विभिन्न देश

श्रीशुकदेव भन्छन् -

१) “**भद्रस्व खण्ड**”मा साक्षात् भगवान् वासुदेवको हयगृव नामको धर्ममयी प्रिय, मूर्तिलाई परम समाधिले आफ्नो हृदयमा स्थापित गरेर यो मन्त्र “चित्तलाई पवित्र पार्न साक्षात् धर्म, भगवान्लाई” नमस्कार भनेर भद्रश्रवाहरू स्तुति गर्छन् । यो समयमा मधुकैटभले हरियको वेद कविहरूले मागेपछि रसाताल गएर यही हयगृव रूपले ल्याई दिनुभयो ।

२) “**हरिवर्ष खण्ड**”मा नृसिंहरूपले विराजमान रहनुहुन्छ । आफ्नो कुललाई पवित्र पार्ने स्वभाव भएका सदाचारयुक्त परम भगवान् भक्त प्रह्लादजी त्यो हरिवर्ष खण्डमा निवासीका साथै अन्य भक्तिभावले त्यो प्रिय नृसिंहको रूपको स्तोत्रका साथै नृसिंह भगवान्लाई नमस्कार । यो मन्त्रले ध्यान गर्दछन् ।

३) “**केतुमाल खण्ड**”मा लक्ष्मीजी, सम्वत्सर प्रजापतिका छोरा तिनकी कन्याहरूको कल्याण गर्ने भगवान् कामदेवको रूपमा विराजमान छन् । भगवान् नारायणको चक्रको शक्तिले ती कन्याहरूको गर्भ अन्त्यमा तुहेर जान्छ । “ॐ ह्राँ ह्रीं हुं” यो बीज मन्त्रद्वारा भगवान् कामदेवलाई नमस्कार ।

४) पूर्व समयमा “**रम्यक देश**”मा भगवान्ले त्यहाँको अधिपति मनुलाई आफ्नो प्रिय मत्स्यावतारको रूप देखाउनु भएको थियो । अहिले पनि भगवान्को त्यही रूपको भक्तियोगद्वारा उपासना गर्दै यस मन्त्रको जप गर्दछन् । सर्वप्रधान, सत्गुणी, सुत्रात्मा, मानसिक र बलले युक्त महामत्स्यरूपधारी भगवान्लाई नमस्कार ।

५) “**हिरण्यमय वर्ष**” मा भगवान् कुर्मरूप धारण गरेर रहनुहुन्छ । त्यहाँका निवासीसहित पितृराजा अर्यमा भगवान्को प्रिय मुक्तिको उपासना गर्दै यो मन्त्र जप्तछन् । जो सबै सात्विकगुणले युक्त रहन्छन्, जसको स्थानको

कुनै निश्चित ठेगाना छैन, जो कालको मर्यादाबाट बाहिर छ, ती सर्वव्यापक र सर्वात्मा कश्यप भगवान्‌लाई मेरो नमस्कार ।

६) **"उत्तर कुरू खण्ड"** मा भगवान् योग्यपुरूष वराह रूप धारण गरेर विराजमान छन् । त्यहाँका निवासीसहित साक्षात पृथ्वीले अवीचल भक्तियोगले उपासना गर्छन् । शुद्ध कर्ममय त्रिगुणमूर्ति श्रीवराह भगवान्‌लाई बारम्बार नमस्कार ।

# १९. किम्पुरुष र भारत वर्षको वर्णन

श्रीशुकदेव भन्छन् - राजन ! किम्पुरूष वर्षमा आदि पुरूष श्रीरामका चरणमा परम भगवान् श्रीहनुमान (किम्पुरूष) र अरू किन्नरहरूसहित अवीचलित भक्तिले रामको उपासना गर्छन् । भारतवर्षमा, जो नरनारायणको नामले अवतीर्ण भइ प्रख्यात हुनुहुन्थ्यो । त्यो तमाम जनमानसमा आत्मोद्धारको लागि गरिने भक्तिमार्ग नै सिकाउनु भएको थियो ।

# २०. अन्य छ द्वीप र लोकालोक पर्वको वर्णन

१) **जम्बुद्वीप** - यो नुनिलो जलको समुद्रले परिवेष्टित जम्बुद्वीपमा ठुलो जामुनको बोट छ । यहाँ सात जिह्वा भएका अग्निदेव विराजमान छन् । यो जीवको अधिपति प्रियव्रत पुत्र 'इध्म्यजिह्व' थिए । इध्म्यजिह्वले यो जम्बुद्वीपलाई सात भागमा बाँडेर आफ्नै सात पुत्रहरू शिव, यवश, शुभद्र, शन्त, क्षेम, अमृत र अभयलाई जिम्मा दिइ आफू आध्यत्म योगको आश्रम लिएर उपरत भए ।

२) **प्लाक्षद्वीप** - यो द्वीपलाई इक्षुरसका समुद्रले घेरिएको छ । योभन्दा दोब्बर ठूलो शक्तिमति द्वीप छ, जो मदिराको सागरले घेरिएको छ । प्लाक्षद्वीपमा प्लाक्ष वृक्ष छ । त्यस बराबरको सालमता वृक्ष छ । आफ्नो वेदमय पंखाले भगवान्‌को स्तुति गर्ने पंक्षीराज गरूडको निवास स्थान यही वृक्षमा छ । यही वृक्षबाट यो द्वीपको नाम रहन गएको हो । यो द्वीपका अधिपति प्रियव्रत पुत्र महाराज यज्ञवाहु थिए । यी राजाले यस द्वीपलाई सुलोचन,

सौमनस्य, रमणक, देववर्ष, परिभद्र, आप्यायन र अविज्ञात नामले सात भाग गरेर त्यही नामका आफ्ना सात पुत्रलाई बाँडी दिए ।

३) **कुशद्वीप** - यो द्वीप पनि उनिकै समान विस्तार भएको घृत समुद्रले घेरिएको छ । जसमा भगवान्‌बाट रचिएको कुश झाडी छ । यसैबाट यो द्वीपको नाम निश्चित भएको छ । यो द्वीपको अधिपति प्रियव्रत पुत्र महाराज हिरण्यरेता थिए । उनले यस द्वीपलाई सात भागमा बाँडेर उस्तै नाम हुने आफ्ना सात छोराहरू वसु, वसुदान, दृढरूची, नाभिगुप्त, स्तुत्यव्रत, विविक्त र वामदेवलाई दिए ।

४) **कौञ्चद्वीप** - यो पनि आफू समानको दूध समुद्रले घेरिएको छ । यसमा एउटा काँच नामको ठूलो पर्वत छ । यसैबाट कौञ्चद्वीप भएको हो । यो द्वीपका अधिपति प्रियव्रत पुत्र महाराज घृतपृष्ठ थिए । उनले यसलाई सात भागमा विभक्त गरेर समान नामका आफ्ना सात पुत्रहरू आम, मधुरूह, मेघपृष्ठ, सुधामा, भाजिष्ठ, लोहितार्ण र वनस्पतिलाई जिम्मा दिइ आफू श्रीहरिका चरणमा परी वनतिर लागे ।

५) **शाकद्वीप** - यो द्वीपलाई मोहीको समुद्रले घेरिएको छ । यसमा शाक नामको एउटा ठूलो रूख छ । त्यही रूखका नामबाट यो द्वीपको नामाकरण गरियो । राजा प्रियव्रतका छोरा मेधानिधि यस द्वीपका अधिपति थिए । उनको यो द्वीपलाई सात खण्डमा विभाजन गरेर उस्तै नामका आफ्ना सात छोराहरू : पुरोजव, मनोजव, पवमान, धुम्रानिक, चित्ररेफ, वहुरूप र विश्वाधारलाई अधिकारी नियुक्त गरे र आफू तपस्यामा गए ।

६) **पुष्करद्वीप** - यस द्वीपलाई गुलियो उखुवाला समुद्रले घेरिएको छ । त्यहाँ स्वर्णमय पात भएको ठूलो स्वर्णमय पुष्कर (कमल) छ । जुन ब्रह्माको आसन मानिन्छ । त्यो द्वीपको बीचमा पूर्व र पश्चिमी विभागहरू निश्चित गर्ने मानसोतर नामको एउटा पर्वत छ । यसको माथि चारै दिशामा इन्द्रादि लोकपालका चार शहरहरू छन् । मेरू पर्वतको चारैतिर घुम्ने गर्दछन् । त्यो द्वीपका अधिपति प्रियव्रतका पुत्र वीतीहोत्रले आफ्ना छोराहरू र मणक र धातर्कीलाई दुई भागको अधिपति बनाएर आफू भगवत सेवामा लागे ।

७) **लोकालोक पर्वत** - पुष्करद्वीपको अगाडि यो लोकालोक नामको पर्वत छ । यो पर्वत पृथ्वीका चारैतिर सूर्यद्वारा प्रकाशित र अप्रकाशित प्रदेशका बीचमा तिनीहरूको विभाजन गर्न रहेको छ ।

भगवान् सूर्य (हिरण्यमय) ज्योतिर्मय ब्रह्माण्डबाट प्रकट हुनु भएकोले उहाँलाई 'हिरण्यगर्भ' पनि भन्दछन् ।

## २१. सूर्यको रथ र त्यसको गतिको वर्णन

शुकदेव भन्छन् - हे राजन ! भूर्लोकको गति विस्तारमा मैले सुनाए । द्युलोकको पनि परिणाम बताउँछु । द्युलोक र भूर्लोक बीचमा अन्तरिक्ष लोक छ । यी दुबैको सन्धि अन्तरिक्ष लोकले गर्छ । अन्तरिक्षको मध्य भागमा रहेर ग्रह र नक्षत्रहरूको अधिपति भगवान् सूर्य ताप र प्रकाशले तीनओटै लोकलाई तताउँदै र उज्यालो पार्दै रहनुहुन्छ । उहाँ उत्तरायण, दक्षिणायन र मध्य मार्गबाट क्रमशः मन्द, शीघ्र र समान गतिले वीचरण गर्दै समय अनुसार मकरादि राशिमा माथि, तल र समान स्थानमा गएर दिन र रातलाई लामो र छोटो वा समान पार्नु हुन्छ ।

## २२. ग्रहको स्थिति र गति वर्णन

भगवान् सूर्य राशिहरूतिर जाँदा मेरू र ध्रुवलाई दाँया पारेर जानुहुन्छ । सूर्यनारायण पृथ्वी र द्युलोक बीचमा आकाश मण्डलभित्र रहेर बाह्र महिनालाई भोग्नु हुन्छ । सूर्यको किरणभन्दा एकलाख योजन माथि चन्द्रमा छन् । उनको चाल ज्यादै छोटो छ । चन्द्रमाले सूर्यको एक वर्षको बाटो एक महिना, एक महिनाको बाटो साँढे सवा दुई दिनमा र एक पक्षको बाटो एकैदिनमा पार गर्छन् । चन्द्रमाभन्दा तीनलाख योजनमाथि अभिजितसहित अट्ठाईस नक्षत्रहरू छन् । यीभन्दा दुईलाख योजनमाथि शुक्र देखिन्छन् । शुक्रअनुसार नै बुधको गति सम्झिनुपर्छ । बुध (चन्द्रमाका छोरा) शुक्रभन्दा दुईलाख योजन माथि छन् । यिनले जब सूर्यको गतिलाई उलङ्घन गरेर चल्छन् तब ज्यादै धेरै आँधी, वादल र सुख्खा

हुने सङ्केत गर्छ । शुक्रभन्दा दुईलाख योजनमाथि मङ्गल छन् । यीभन्दा दुईलाख योजनामाथि वृहस्पति छन् । यीबाट दुईलाख योजनमाथि शनिश्चर छन् । यीभन्दा एघारलाख योजनमाथि कश्यप आदि सप्त ऋषि छन् । यी सबैले ध्रुवलोक परिक्रमा गर्छन् ।

## २३. शिशुमार चक्रको वर्णन

सप्तऋषिभन्दा तेह्रलाख योजन माथि ध्रुवलोक छ । जसलाई भगवान् विष्णुको परमपद भन्दछन् । यहाँ उत्तनापादका छोरा ध्रुव विराजमान छन् । जुन प्रकारले दाँइ गर्दा अनाजलाई कुल्चन पशु छोटो लामो डोरीमा बाँधिएर क्रमशः नजिक र टाढा भएर मियो वरिपरि चक्कर लगाउँछन्, त्यस्तै सारा नक्षेत्र तथा ग्रहगण ध्रुव लोककै आश्रय लिएर वायुको प्रेरणाले कल्पको अन्त्यसम्म घुम्दै रहन्छन् ।

कोहीले यस्तो पनि भन्दछन् - यसलाई भगवान्को योग मायाका आधारमा स्थित रहेको रूपमा लिइन्छ । यो शिशुकुमार कुण्डलाकार भएर टाउको उँधो पारेर बसेको छ । पुच्छरको रौंमा ध्रुव, मध्यभागमा प्रजापति, अग्नि, इन्द्र र धर्म र फेदमा धाता र विधाता छन् । यसको कटी प्रदेशमा सप्तऋषि छन् । यो शिशुकुमारको दाहिने भागमा उत्तरायणका चौध नक्षत्र अभिजितदेखि पुर्नवषुपर्यन्त र पुष्यदेखि उत्तराषाढासम्म दक्षिणायणका चौध नक्षत्र वायाँ भागमा छन् ।

## २४. राहुको स्थिति र अतलादि लोकहरू

अन्तरिक्षमा रहने सूर्यभन्दा दशहजार योजन तल राहु नक्षेत्रहरू जस्तै घुम्छन् । अमृतपानको बेलामा राहुले देवताको भेषमा सूर्य र चन्द्रमाको बीचमा बसेर अमृतपानमा तत्पर भएपछि तिनै चन्द्रले यसको भेद खोलिदिएकाले यो वैरभावलाई सम्झेर यसले औंशी र पूर्णिमाका दिन सूर्य र चन्द्रमाथि आक्रमण गर्दछ । यसबाट सुरक्षाको निम्ति ती दुबै कहाँ भगवान् विष्णुले आफ्नो प्रिय सुदर्शन चक्र नियुक्त गरिदिनु भएको छ । तसर्थः तुरून्त फर्केर जान्छन् । राहुभन्दा तल सिद्ध, चारण र विद्याधर रहन्छन् । त्यसको मुनि जहाँसम्म

वायुको गति छ र वादल देखिन्छ, त्यो अन्तरिक्ष लोक हो । यो स्थान राक्षस, पिशाच, प्रेत र भूतहरूको हो । त्योभन्दा मुनि सययोजनको दुरीमा यो पृथ्वी छ । जसको मुनि अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल नामका सात लोक छन् ।

१) **अतल** - यो लोकमा मय नामक दानवको पुत्र असुर 'वल' बस्दछन् । उसले छयानब्बे प्रकारका मायाहरू रचेको छ ।

२) **वितल** - यस लोकमा हाटकेश्वर नामका महादेव आफ्ना पार्षद भूतगणसित बस्नुहुन्छ ।

३) **सुतल** - बलि यसै लोकमा बस्तछन् । जो बलिले पहिला प्राप्त गरेका तीन लोक एक मन्वन्तरसम्म मात्र रहन्छ । बलि त भक्तिवाला हुनाले पहिला नै ऐश्वर्यको भोग त चाहदैनथे । भगवान् नारायण हातमा गदालिई सदा सुतल लोकमा राजा बलिको ढोकामा उपस्थित रहनुहुन्छ ।

४) **तलातल** - यहाँ त्रिपुराधिपति दानव राजा मय बस्दछ । पहिला तीन लोकलाई शान्ति प्रदान गर्न शंकरले उसका तीनवटै पुर भष्म गर्नुभएको थियो । यो दानव महादेवद्वारा सुरक्षित हुनाले सुदर्शन चक्रबाट पनि उसलाई भय थिएन ।

५) **महातल** - यो लोकमा कद्रुबाट उत्पन्न अनेक टाउका भएका क्रोधवंश नामको सर्पको समुदाय बस्तछ । त्यसमा कुहक, तक्षक, कालिक र सुषेण प्रधान हुन् ।

६) **रसातल** - यस लोकमा प्राणी नामका दैत्य र दानव छन् । यिनको देवतासँग विरोध छ ।

७) **पताल** - यहाँका प्रधान वासुकी हुन् शङ्ख, कुलिक, महाशङ्ख, स्वेत, धनञ्जय, धृतराष्ट्र, शङ्खचुर्ण, कम्बल, अश्वतर र देवदत्त आदि ठूला फणा हुने क्रोधी नागहरू बस्तछन् । तिनीहरू आफ्ना मणिले नै लोकलाई उज्यालो गराउँछन् ।

## २५. शंकर्षणदेवको विवरण

पलात लोकको मुनि तीसहजार योजनको दुरीमा अनन्त नामले विख्यात भगवान्को तामसी नित्य कला छ । यो अहंकार रूप हुनाले यिनले द्रष्टा र दृष्यलाई खिचेर एक पारिदिन्छन् । यसैकारण भक्तजन यिनलाई संकर्षण भन्दछन् । यी भगवान् अनन्तका एकहजार मस्तक छन् । यिनीहरूमध्ये एउटामा राखिएको यो सारा भू-मण्डल सर्स्यूँको दाना समान देखिन्छ । प्रलयकाल आएपछि विश्वको उपसंहार गर्ने इच्छाले क्रोधपूर्वक घुमेको आँखिभौंको बीचबाट एक संकर्षण नामका रुद्र प्रकट हुन्छन् । उनको व्यूह संख्या एघार हुन्छ । त्यो लोकको रक्षार्थ त्यहाँका नाग कन्याहरूले तिनको प्रार्थना, चन्दन लेपन र करस्पर्श गरेर शान्त पार्छन् । ती संकर्षण भगवान्का सुन्दर हात हलोको मूठ्यमा राखिएको हुन्छ । तिनी गलामा वैजयन्ती माला लगाउँछन् । ती उनै शेष भगवान् हुन् ।

## २६. विभिन्न नरकको वर्णन

कर्म गर्ने मानिस सात्विक, राजस र तामस तीन प्रकारका कर्म गर्छन् र श्रद्धामा पनि भेद हुन्छ । यही असमानताले गर्दा सबैले समान फल पाउँदैनन् । नरक त्रिलोकभित्रै पृथ्वीको तल दक्षिणपट्टी पानीको माथि रहन्छ । मुख्य नरक जम्मा एक्काइस बताइएका छन् । ती हुन् तामिस्र, अन्धतामिस्र, रौरव, महारौरव, कुम्भीपाक, कालसूत्र, असिपत्रवन, सुकरमुख, अन्धककूप, कृमिभोजन, सन्देश, तप्तसूर्मी, वज्रकण्ट, कशाल्मली, वैतरणी, पुसोद, प्राणरोध, विशासन, लालाभक्ष, सारमेयादन, अवीचि र अयस्पान । यी वाहेक क्षारकर्दम रक्षोगणभोजन, शूलप्रोत, दन्तशूक, अवरनिरोधन, पर्यावर्तन र सूचीमुख, यी सातवटा समेत गरी जम्मा अट्ठाइस नरक थरी थरीका यातना भोग्ने स्थान हुन् । यमलोकमा यस्ता हजारौँ नरक छन् । जीव आ-आफ्नो कर्मअनुसार गरिएका पाप भोग्न ती हजारौँ नरकमा जानुपर्छ ।




विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण वक्ता
**बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**को
प्रस्तुति



# श्रीआत्म पुराण

जीवन र जगत्‌को यथार्थ जान्न/बुझ्न तथा गहिरिएर तत्त्ववोध गर्नका निमित्त आद्य शंकराचार्यद्वारा प्रतिपादित सनातन आध्यात्मिक धरोहरको रूचिपूर्ण कथा शैलीमा नेपाली अनुवाद...


श्रीमद्भागवत
महापुराण
षष्टम स्कन्ध

# षष्टम स्कन्ध

## सारांश

"पाप परम शत्रु हुँदा हुँदै पनि मानिस पाप कर्ममा किन प्रवृत्त हुन्छन् र कसरी प्रायश्चित्त गर्ने" भन्ने जिज्ञासामा महामुनि भन्नुहुन्छ कर्मद्वारा कर्मको पूरै नाश हुन सक्तैन, शेष बाँकी रहन्छ । कर्म गर्ने अविद्याले ग्रस्त हुन्छन् । अविद्या रहुञ्जेल पापकर्महरू बराबर भइरहन्छन् । भगवत्स्वरूपको ज्ञान भएपछि कर्म-वासनाको जरो उखेलिन्छ । भगवान्सँग आत्मसमर्पण गर्दा छिट्टै आत्मशुद्धि हुन्छ । संसारमा भक्तिमार्ग नै सर्वश्रेष्ठ, भयरहित र कल्याणस्वरूप छ । भगवत् परायण साधुहरू यही मार्ग अपनाउँछन् । भगवान्सँग विमुख हुनेले जति प्रायश्चित्त गरेपनि आत्मशुद्धि प्राप्त गर्न सक्तैन । वेदमा उल्लेख भएको कर्तव्य नै धर्म हो । त्यसको विपरीत आचरण अधर्म हो । वेद भगवान्को स्वरूप हो । वेद भगवान्ले नै उत्पन्न गर्नुभएको हो भन्ने सुनेका छौँ । सबै प्राणीहरू भगवान्मै आधिन हुन्छन् । सूर्य, अग्नि, वायु, चन्द्रमा, सन्ध्या, रात, दिन, दिशा, जल, पृथ्वी, काल आदि सबै जीवले गरेको कर्मका साक्षी छन् । यिनैद्वारा कसैले गरेको अधर्मबारे थाहा पाइन्छ र दण्ड दिइने पात्र र विधि निश्चित गरिन्छ । प्राणीहरू आफूले गरेको कर्मअनुसार नै दण्डका हकदार हुन्छन् । प्राणी कर्म नगरी रहन सक्तैन । पाप वा पुण्य हुने कर्महरू विनाप्रयास भइरहन्छन् । यस लोकमा गरेका धर्म र पापकै आधारमा परलोकमा फल प्राप्त हुन्छ । पृथ्वीमा तीन गुण प्रधान भएका मानिस हुन्छन् भने परलोकमा पनि त्यस्तै हुन्छन् । मायासँगको सम्बन्धको कारणले जीवले लिङ्गशरीरलाई नै प्रमुख ठान्छ । तर यो जीव भगवान्को भजनमा तत्पर भयो भने त्यो संसारचक्रबाट तुरुन्तै मुक्त हुन्छ ।

# षष्टम स्कन्ध

## १. शुकदेवले राजा परीक्षितलाई भन्नु

**तत्रादौ प्रथमे विष्णोर्दूतैः पातकिमोचने ।**
**तत्पापख्यापनायोक्तं याम्यैर्धर्मादिलक्षणम् ।।१।।**

शुकदेवले राजा परीक्षितलाई भन्नुभयो - मानिसका कृच्छाचान्द्रायण या तीर्थ र व्रतद्वारा पनि पापको प्रायश्चित हुन्छ तर त्यस मानिसमा अज्ञानै भइरहने हुँदा फेरी पनि पाप नै गर्छ । जस्तो कि "हात्तीले नुहाएजस्तो ।"

सच्चा प्रायश्चित चाहीं केवल भागवत स्वरूपको ज्ञान नै हो । हे राजन ! पापी पुरूष आफ्नो सबै इन्द्रिय भगवान्मा लगाएर उनकै भक्तको संगत गरेर जसरी संयम हुन्छ । त्यस्तो तप आदि अन्य उपायले हुन सक्तैन । संसारमा भक्तिमार्ग नै सबैभन्दा कल्याणमय श्रेष्ठ र भयरहित छ । जसमा नारायण परायण सुशील साधु पुरूष हिंड्छन् ।

## २. अजामिल कथा

प्राचीन कालको इतिहासमा कान्यकुञ्ज प्रदेशमा एउटा अजामिल नामको दासीका पति ब्राह्मण बस्दथे । कुकर्म गर्नाले दुषित र अपवित्र भएका ब्राह्मणले दशौं पुत्रप्रति अति प्रेम हुनाले आफ्नो मृत्युकालमा पनि यमराजका दूत देखेर डराई त्यही प्यारो पुत्र नारायणलाई बोलाए । तब हरिकीर्तन भएको ठानी विष्णु भगवान्का दूत आएर यमराजका दूतलाई रोक्तै भने यो अजामिलले जति पाप गरेको भएपनि चोर, मद्यपान, मित्रद्रोही, ब्रह्महत्या, गुरूपत्नीगामी, स्त्री, राजा, माता पिता तथा गाईको हत्यारा अथवा

अरू जति पनि पाप छन्, ती सबै पापको निम्ति विष्णु भगवान्को नाम लिनु नै सबैभन्दा ठूलो प्रायश्चित हुन्छ । त्यसैले यसका सबै पाप नष्ट भईसके । विरामीले औषधि नजानेरै खाए पनि व्यथा निको भए झैँ अन्जानमै भएपनि अन्तिममा नारायण भन्ने चार अक्षर उच्चारण भएकोले सबै पाप नष्ट भईसकेका छन् । अब यसलाई छोडीदेऊ भन्दा यमराजका दूतले छोडीदिए । भगवान्का पार्षद अन्तर्ध्यान भए । अब त्यो अजामिल ब्राह्मणलाई ज्ञान भएकाले कुकर्म छाडेर सुकर्मतिर लाग्दै ऊ हरिद्वारतिर लाग्यो । नारायणमा चित्त लगाइ मनलाई परब्रह्ममा लीन गराएर तप गर्न थाल्यो । अनि वैकुण्ठबाट विमान आयो र त्यसैमा बसी विष्णुलोक पुग्यो ।

## ३. यमबाट दूतलाई भगवान्को महिमा

यमदूतहरू पापीलाई लिएर आफ्ना मालिक महाराज यमराजलाई बुझाई दण्डीत गराउन आएका तर रित्तै फर्कनू पर्दा आफ्ना मालिक यमसँग प्रश्न गरे "के हजुर भन्दा बाहेक अर्को पनि कोही पापीलाई दण्ड दिने राजा छ ?"

जवाफमा यमले भने - त्यसो हैन । मभन्दा माथि जो परब्रह्म नारायण छन् । तिनको नाम जान्नेवालाले हाम्रो राज्यमा आएर दण्ड भोग्नु पर्दैन । तीभन्दा बाहेकका पापी जनलाई मात्र मैले दण्ड दिने हो । यसमा दुःख नमान ।

## ४. दक्षले हंसरूपले भगवान्को स्तुति

राजा प्राचीनवर्हीका छोरा 'दश प्रचेता' र दशप्रचेताका छोरा दक्षले आफ्नो मनबाट आकाश, स्थल तथा जलचर, देवता, असुर र मनुष्य मनबाट प्रकट गरे तर सन्तान वृद्धि भएनन् । त्यसपछि विन्ध्याचलको निकटवर्ती पर्वतमा गएर तपस्या गर्न लागे । उनले हंसगुह्य स्तोत्रद्वारा उनै अधोक्षय भगवान्को स्तुति गरे । भगवान्ले भन्नुभयो - हे प्रचेताका पुत्र दक्ष ! तिमीलाई तपद्वारा उत्तम प्रकारको सिद्धि प्राप्त भईसकेको छ । संसारमा प्राणीहरूको वृद्धि गर ।

# ५. नारदलाई दक्षको श्राप

दक्ष प्रजापतिका छोराहरू हर्यश्व र शवलाश्व सिन्धु समुद्रमा गएर सन्तान वृद्धिका लागि तपस्या गर्दै थिए । नारदले देखेर भने- यो संसारको अन्त्य नै तिमीहरूले देखेका छैनौ भने के सन्तान फैलाउँछौ ? पहिले पृथ्वीको अन्त्य हेर भन्दा उनीहरूलाई चित्त बुझी विष्णु र उनका ज्योतिलाई छाडेर व्यर्थ अरू कर्म गरेर के फाइदा भन्ने ठानी नारदलाई प्रणाम गरी त्यो बाटो पक्रिए, जहाँबाट कहिल्यै फेरी फर्किन पर्दैन । दक्षले छोराहरूलाई यस्तो मार्गमा लगाएको देखेर नारदलाई श्राप दिए - "तेरो कहिल्यै पनि निश्चित अडिने स्थान हुने छैन" । नारदले आफूलाई दक्षले दिएको श्राप स्वीकार गरेर हिंडे । यो साधुको कर्तव्य हो ।

# ६. दक्षका साठ्ठी कन्या

त्यसपछि दक्षले आफ्नी भार्या असिक्नीबाट साठ्ठी कन्या उत्पन्न गरे । तीमध्ये दश वटी धर्मलाई दिए । तेह्र वटी कश्यपलाई, सत्ताइस वटी चन्द्रमालाई, दुई वटी अंगिरालाई, दुई वटी भूतलाई, दुई वटी कृशाश्वलाई र बाँकी चार वटी कन्या तार्क्ष्य (कश्यप) लाई दिए । यिनबाट सन्तान बढ्यो र विश्व भरियो ।

# ७. वृहस्पतीको अपमान विश्वरूप पुरोहित

एक समयमा देवताका गुरु र पुरोहित समेत भएका वृहस्पतिलाई स्वर्गका राजा इन्द्रसँग भेट गर्ने इच्छा भएछ र इन्द्रकहाँ जाँदा त उनलाई सबै स्वागत गरेर खुसी पार्न घेरिएका इन्द्रायणीसहित अप्सरागण तथा देवगण साराले स्तुति गरिएका उच्च सिंहासनमा ऐश्वर्य मदमा मात्तिएर बसिरहे तर गुरु वृहस्पतिको स्वागत भएन । अनि परम समर्थ तथा त्रिकालदर्शी विद्वान् वृहस्पतिले यो ऐश्वर्यको विकार हो भन्ने कुरा जानेर नबोली घर फर्के । जब इन्द्रलाई होस् आयो अनि पछुतो भयो । यस्तो इन्द्रलक्ष्मीको पनि कुन बुद्धिमानले इच्छा गर्ला ? अब के गर्ने भनी इन्द्र ब्रह्मालाई सोध्न गए । ब्रह्माजीले बताउनुभयो - "त्वष्टा ऋषिका छोरा विश्वरूप (त्रीशिर) बडा विद्वान् र वैष्णवी ज्ञान जानेका छन् । उनैलाई पुरोहित बनाउनु, तब त्यसबाट शान्ति भइ कल्याण होला ।"

## ८. वैष्णवी ज्ञान र नारायण कवच

विश्वरूप भन्दछन् - हे इन्द्र ! पहिले हातपाउ धोएर आचमन गर्नु । कुशको पत्रिव धारण गरेर द्वादशाक्षर मन्त्रले अङ्गन्यास गरोस्, जसले आफ्ना चरण गरूडको पिठ्यूँमा राखेका छन् । जो शङ्ख र चक्र षठ्शक्ति सम्पन्न छ, त्यस्तो परमात्मामा ध्यान गरोस् । भगवान्को शङ्ख, चक्र, ढाल, खडग, गधा, धनुष, वाण र पाश यी आठ आयुध छन् । ती अणिमादि आठ ऐश्वर्य तथा आठ भूजाले सम्पन्न भगवान्ले मेरो रक्षा गरून् । मत्स्यरूपले पानीमा, वरूणरूपले जलमा, वनमा नृसिंहले, वामनले स्थलमा, परशुरामले बाटामा, वराहले पर्वतमा, विदेशमा रामचन्द्रले र मेरो सबै प्रकारका कर्म बन्धनबाट कपिलमुनिले रक्षा गरून् । अज्ञानबाट व्यासले, पूजामा नारदले र नरकबाट कक्षपले पनि मेरो रक्षा गरून् । यस कवचका भरले दैत्य शत्रु जित्नेछौँ ।

## ९. वृत्तासुरको जन्म

विश्वरूपका तीन शिर थिए । जसले देवताको यज्ञमा गुप्त रूपले मातृस्नेहवस दैत्यलाई हवि दिए किनकि देवता तिनका पितृ पक्ष र दानव मातृ पक्षका थिए । तब इन्द्रले विश्वरूपको शिर काटिदिए । त्यसबाट निस्केको ब्रह्महत्या अञ्जुलीमा थापे । आफ्नो शुद्धिको लागि त्यसलाई चार भाग लगाई पृथ्वी, जल, स्त्री र वृक्षमा बाढीदिए । अब विश्वरूपको बाबु त्वष्टाले आफ्नो र छोराको शत्रु इन्द्रलाई मार्न हवन गराए । त्यस अग्निबाट एक भयंकर दैत्य उत्पन्न भयो, त्यही वृत्तासुर कहियो । वृत्तासुर संसारका सबै लोक जितेर तहसनहस बनायो । त्यसपछि सबै देवता र लोकपालहरू मिलेर परमात्माको स्तुति गरे । भगवान् प्रकट भएर भन्नुभयो - हे इन्द्र तिमीहरू अब तुरून्तै दधिचिसँग उनको हड्डी मागी ल्याओ र त्यसको अस्त्र बनाएर समुद्रको फिँजमा लट्पटाएर इन्द्रले ऐरावत हात्तीमा चढेर मेरो शक्तिले यस वृत्तासुरलाई मारेपछि तिमीहरूको हराएको शक्ति र तेज आउनेछ ।

## १०. दधिचिको हाड र वृतासुरसँग युद्ध

शुकदेवले भन्नुभयो - हे राजन ! जब भगवान्‌ले इन्द्रलाई आज्ञा गर्नुभयो । तब ती देवताहरूले गएर दधिचि ऋषिसँग याचना गर्दै उन्को एक कुरेतको हाड पाउन विनम्र अनुरोध गरे । तब ऋषि प्रसन्न भएर हाँस्तै भने - हे देवता हो ! आफ्नो शरीर त्यागेर हाड दिनमा कुन पुरुष खुशी होला ? तर यो संसारमा दुर्जनको क्षय र सज्जनको कल्याण हुन्छ भने म मेरो शरीरको हाड दिन तयार छु । आखिरमा एक दिन त यो भौतिक शरीर त्याग्नु नै छ । शुकदेव - हे राजन ! यस प्रकारको मत निश्चय गरेर अथर्ववेदि दधिचिले आफ्नो मन परमात्मामा लिन गरेर देह त्यागि दिए । सोहि हाड विश्वकर्माद्वारा बनाइएको वज्रलाई समुद्रको फिँजमा लट्पटाएर साँझको प्रहरमा ऐरावत हात्तीमा चढेर सुसोभित भई प्रथम चतुर्युगको आरम्भमा नर्मदा नदीको किनारमा रुद्र, वसु, आदित्य, अश्विनीकुमार, पितृगण मरूत गण समेत साथमा लिई इन्द्रले ती दानवी सेना ममुचि, शम्वर, ऋनर्वा, द्विमूर्धा, ऋषभ, अम्बर, हयगृव, शंकुसिरा, विप्रचिति वृषपर्वा, उत्कल आदि समेत त्यो बलवान वृतासुरसँग घोर घमासनाको युद्ध भयो ।

## ११. प्राण त्याग्ने बेला वृत्तासुरको पुकार

विश्वरूपको भाइ वृत्तासुरले मर्ने निश्चय जानेर हाँस्तै इन्द्रलाई गाली गऱ्यो । विभिन्न देशका यज्ञशालाबाट घोडा चोरिस् ! ऋषिपत्नी भोग गरिस् ! देवताहरूको पुरोहित मेरो दाजु मारिस् ! तैले असंख्य पापहरू गरेको छस् ! तेरो यस कुकर्मलाई देखेर मनुष्यधारी राक्षसहरू पनि निन्दा गरिरहेका छन् । अहिले तेरो हृदयमा त्रिशुलले फोरेर सदाको लागि भातृऋणबाट अऋणि हुनेछु । अब ममाथि तेरो त्यो अमोध वज्र किन प्रहार गर्दैनस् ? मैले भगवान्‌को चरणमा मन लगाएपछि तेरो वज्रले विषय वन्धन काटिदिनाले यो शरीर त्यागेपछि म योगीको गति पाउँनेछु ।

## १२. ईन्द्रद्वारा वृत्तासुरको वध

शुकदेव - हे राजन परीक्षित ! इन्द्र र वृत्तासुरको यो घोर घमासानको युद्धमा इन्द्रले वृत्तासुरको एउटा पछि अर्को गर्दै दुबै हात काटेर खसालिदिए । त्यसपछि वृत्तासुर रिसले विकराल रूप लिएर चिउडोले पृथ्वी र ओठले स्वर्गलाई टाँसेर सर्पको जस्तो डरलाग्दो जिव्रो र मृत्यु समान लामा दाह्राले त्रीलोकलाई नै निल्न लागे झैँ आफ्नो पाउले पृथ्वी थर्काउँदै पर्वतलाई धक्याउँदै ठूलो अजिंगरले हात्तीलाई सलक्क निले जसरी ऐरावत समेत इन्द्रलाई निलिदियो तर विष्णुको मायाको प्रभावले बाहिर निस्किए र आफ्नो शत्रु वृत्तासुरको शिर काटिदिए । तब वृत्तासुरले देह त्याग्यो । त्यसबाट निस्केको दिव्य ज्योति सबैले हेर्दाहेर्दै भगवान्मा मिल्यो ।

## १३. इन्द्रलाई ब्रह्महत्या

यस तरिकाले वृत्तासुरलाई मारेपछि फेरी इन्द्रलाई ब्रह्महत्या आयो । अश्वमेध यज्ञ र भगवान् नारायणको नाम र मन्त्रबाट साम्य भयो । यसभन्दा पहिला नै दैत्यहरू संग्राममा उत्रिएपछि डरले इन्द्र मानसरोवरमा लुकेका बेला स्वर्गको राज्य राजा नहुषले गरेका थिए तर धन र ऐश्वर्यको मदले बुद्धि भ्रष्ट भइ इन्द्रायणीद्वारा तिर्यक (अजिंगर) योनिमा पुऱ्याइदिए ।

## १४. वृत्तासुरको पूर्व जन्मको वृतान्त

शुरसेन देशको चित्रकेतु राजाको एक करोड रानीहरू थिए तर सन्तान थिएनन् । एकदिन अङ्गीरा ऋषि आएका थिए । निसन्तानीको कारणले चित्रकेतुलाई चिन्ता परेको बुझि यज्ञ गर्ने सल्लाह दिए । जसमा त्वष्टा नामको चरू तयार पारी जेठी रानीलाई खान दिए । बालक जन्मियो । ऊ खुव प्रेम गर्न लाग्यो । सौता रानीहरूलाई रिस उठ्यो र त्यो बालकलाई विष खुवाएर मारे । चित्रकेतु र रानी शोकमा डुबेका बेला अंगिरा र नारदले दर्शन दिंदै भने - तिमीलाई

पहिले नै ज्ञानोपदेश दिएको भए मान्दैनथ्यौ । अब त छोराको रहर पनि पुग्यो होला । त्यो भएकाले मन एकाग्र पारेर मन्त्रोपनिषद् गर, तिमी सातौँ दिनमा संकर्षण भगवान्को दर्शन पाउने छौँ ।

## १५. चित्रकेतुलाई नारद र अंगिराको उपदेश

हे राजा चित्रकेतु ! तिमीले देखेका सबै पदार्थहरू मिथ्या हुन् । ती केही क्षणमै लोप भएर जान्छन् । यिनै पदार्थको मोह राखी चिन्तन हुनाले जीवात्मालाई क्लेश बन्दछ । अतः तिमी शान्त चित्तले त्यो क्षणिक पदार्थमा वृत्ति हटाएर आत्मस्वरूपको चिन्तन गरी शान्ति प्राप्त गर । सातौँ दिनमा संकर्षण भगवान्को दर्शन पाउने छौँ ।

## १६. नारदको उपदेश र संकर्षणको दर्शन

शुकदेव - त्यसरी नारद र अंगिरा कै प्रेरणाले जन्मिएको छोरो सौतेनी आमाहरूले विष खुवाएर मृत्युमा पुगेपछि चित्रकेतुलाई आफ्नो एकमात्र छोरो मायाको डोरो भएको कारणले ठूलो सन्तापमा परे । कुनै शुत्रले पनि सम्झाउन सकेनन् । नारदले भने - हे राजन ! जुन बालकको निम्ति तिमी शोक गरहेका छौ, यो बालक यस वखत र यो भन्दा पहिले र अब पछिको जन्ममा तिम्रो को थियो र तिमी यसका को थियौ ? जस्तै नदीको वालुवा पानीका बलले छुट्टिने गर्छ । फेरी मिल्ने पनि गर्छ । त्यस्तै हामी र यी जीव पनि आउने र जाने भई नै रहन्छ । यस्ता धेरै प्रकारले सम्झाउँदा पनि चित्रकेतु राजाको शोक निवारण नभएपछि अङ्गिराले भने - हे नृप ! तिमी भगवत भक्त हौ । तर पुत्र शोकले गर्दा तरिनसक्नु अन्धकारमा डुबेका छौ । हामी तिम्रो कृपाको लागि नै आएका हौ । यी तिमीले देखेका पदार्थ सबै मिथ्या हुन् । यी स्थायी हैनन् । तसर्थः क्षणमै नासिएर जानछन् । वासनामा प्रेरित भएर विषयको चिन्तनलाई छाडिदेऊ । अतः तिम्रो शान्त चित्तले आत्मा स्वरूपको चिन्तन गरेर शान्ति प्राप्त गर ।

# १७. चित्रकेतुलाई भवानीको श्राप

चित्रकेतु राजाले नारदको उपदेश अनुसार स्तुति गरेर देह त्यागेपछि विद्याधरीको रूपमा आकाश चाहर्न डुल्न लागे । एक दिनको कुरा हो । विष्णुले दिएको वाहनमा बसेर उनी डुलिरहेका थिए । त्यसैबेला उनले सिद्धगणले घेरिएर भगवान् शंकर मुनिहरूको माझमा भगवती पार्वतीसँग आलिङ्गन गरेर बसेका देखे । तब निन्दा गर्दै हाँसेर भने - यी सबै लोकका गुरु हुन् । धर्ममार्गको उपदेश दिन्छन्, तैपनि समाजको माझमा यो के हो ? बरू सांसारिक पुरूष पनि यस्तो कार्य एकान्तमै गर्थे । यो कुरा सुनेपछि पार्वतीलाई रिस उठ्यो । भगवान् शंकरलाई भृगु, नारद, सनकादिमुनि र कपिलदेव कसैले उपदेश गर्दैनन् तर यो पापी र ाजा चित्रकेतु हामीलाई उपदेश गर्ने भएछ ! तँ अतिशय अधम आसुरी योनिमा जा । त्यसपछि त्वष्टा ऋषिका दक्षिण अग्निबाट उत्पन्न वृत्तासुर दैत्य भएर प्रशिद्ध भए ।

# १८. मरूत्गणको उत्पत्ति

दितिका गर्भबाट दैत्यगण हिरण्यकश्यपु र हिरण्याक्ष दुई छोराहरू भए । हिरण्यकश्यपुकी पत्नी कयादुले चार छोरा जन्माईन् । जस्तै सह्लाद, अनुह्लाद, प्रह्लाद र लाद । दितिकी बहिनी सिंहिकाले प्रियचिर्ति नामको दानवद्वारा राहु नामको एक पुत्र उत्पन्न गरिन् ।

जसलाई समुद्र मन्थनको अमृतपानको अवसरमा भगवान्ले शिर काटिदिनु भयो । मरूतगण सबै दितिका छोरा हुन् । मरिचिका छोरा कश्यप र दितिका गर्भबाट हिरण्यकशिपु, प्रह्लाद, विरोचन, बली, वाणपुर, बज्रङ्ग, बर्जरी, ताराकासुर यी भए दानव राजाका वंशावली । जब दितिका पुत्र हिरण्यकश्यपु र हिरण्याक्ष नामका दानवलाई भगवान्ले नृसिंह र सुकर रूप लिएर मारिसकेपछि दितिले देवताहरूकै खेल र कपटबाट भएको हो भन्ने ठानी देवतामा सर्वश्रेष्ठ इन्द्र मार्ने एक छोरो पाउँ भनेर आफ्नै पतीसँग वर मागिन् ।

कश्यपले पनि आफ्नो वचन पुरा हुने र इन्द्र पनि नमर्ने गरी भनीदिए एकवर्षसम्म पुंसवन नाम गरेको व्रत बस्न सक्छौँ भने त्यस्तो तिमीले चाहेजस्तो छोरो हुन्छ नत्र देवतैमा मिल्नेछन् । यो वचन दितिले स्वीकार गरी व्रत बसेकी थिइन् । एकदिन कुल्ला नगरी हातमुख नधोई सुतिछिन् । उता बहिनी अदितिको छोरा इन्द्रले बेला यहि हो भन्ने ठानी सानीमा दितिको उदरमा पसी गर्भलाई सुवर्णरूपी छुराले सात टुक्रा पारे फेरी एक टुक्राको सात सात टुक्रा पारिदिए । ती भए मरूतगण । ती उनन्चास भाइले इन्द्रसँग बिन्ती गरेकी हामी तिम्रा भाइहरू हौं । नकाट भनी शरणमा परेकाले इन्द्रले पनि भाइ भनि स्वीकार गरी ४९ देवता भए ।

जब दितिले सोधिन - हे इन्द्र ! मैले एक पुत्र मागेथे किन र कसरी ४९ पुत्र भए ? इन्द्रले भने - हे माता ! पिताले वर दिने समयमा व्रत पूर्ण हुँदैन भन्ने भाव उत्पन्न भएको र तपाईंको व्रत भङ्ग भएको मौकामा म स्वयं तपाईंको गर्भमा प्रवेश गरी यो कर्म गरेको हुँ भनेर सबै विस्तार बताइदिए र माता दितिसँग आफूले गर्भभित्र पसि गरेका सारा कर्मप्रति क्षमा मागी मरूत गणलाई साथमा लिइ इन्द्र आफ्नै लोकतिर लागे ।

## १९. पुसंवन व्रतको विधान

मार्ग शुक्लपक्षको परेवाबाट आरम्भ गरी मरूत गणको कथा सुन्नुपर्छ । लक्ष्मी नारायणको पूजा गर्नुपर्छ । ॐ महापुरूषाय महाविभूति भनि भगवान्लाई महाविभूतिहरू सहित नमस्कार भनेर साष्टाङ्ग नमस्कार गर्नु । यो पति-पत्नी सत्भावनाले गर्छन् भने दुबैले गर्न उत्तम नत्र दुई मध्ये एकले मात्र गरेपनि दुबैलाई फल प्राप्त हुनेछ । किनकि यो वैष्णव व्रत भएकाले आरम्भ गरेर बीचमा कहिल्यै नछाड्नु । सधवा ब्राह्मणीको पूजा गर्नु । भगवान्को लोक जाने इच्छा राख्दै प्रसादी ग्रहण गरोस् । यसरी विधिवत व्रत बसेर जब १२ महिना पुगेपछि कार्तिकको अन्तिम दिन उद्यापन गरी उपवास पूजन गरोस् जसलाई जे वर चाहींए पनि पाउनेछन् ।






Rangoli-1545


श्रीमद्भागवत
महापुराण
सप्तम स्कन्ध

# सप्तम स्कन्ध

## सारांश

राजा परीक्षितले जिज्ञासा राख्ने क्रममा शुकदेवजीसँग सोध्दछ, "इन्द्रादि देवतासँग निरपेक्ष हुँदाहुँदै पनि भगवान्‌ले दैत्यहरूको बध गर्नुपर्नाको कारण बारे भन्नुहुन्छ कि भगवान् निर्गुण र प्रकृत्तिदेखि भिन्न हुनुहुन्छ । उहाँमा रागद्वेष केही छैन तर उहाँ मायाका गुणलाई स्वीकार गरी मर्ने र मार्ने कार्यमा संलग्न रहनुहुन्छ । सत्त्वगुणको प्रधानतालाई स्वीकार गरेको अवस्थामा देवता र ऋषिको शरीरमा प्रवेश गरी उनीहरूको अभ्युदय गर्नुहुन्छ । त्यसैगरी रजोगुण र तमोगुणको प्रधानता हुँदा असुर, यक्ष तथा राक्षसहरूको शरीर प्रवेश गरी उनीहरूको कल्याण गर्नुहुन्छ । उहिले युधिष्ठिर महाराजले गरेको राजसूय यज्ञमा भगवान् वासुदेवले शिशुपालको वध गर्दा पनि उसले सायुज्य मुक्ति प्राप्त गरेको थियो । त्यस घटनामा आश्चर्य प्रकट गर्दै युधिष्ठिरले नारद आदि मुनिहरूलाई त्यसको कारण सोधेका थिए ।

देवर्षि नारदले युधिष्ठिरको सन्देह हटाउँदै भने, "हे महाराज ! यो शरीर निन्दा, स्तुति, सत्कार, तिरस्कार आदि अनुभव गर्न नै रचना भएको हो । यो शरीरलाई नै आफ्नो आत्मा मान्नाले मानिसमा 'म र मेरो' भाव पैदा हुन्छ । यो भावले नै मानिसमा निन्दा एवं दुःखको अनुभव हुन्छ । 'म हुँ' भन्ने अभिमान हुने शरीरको बध हुँदा प्राणीलाई आफ्नो वध भएजस्तो लाग्छ । जीवमा हुने यस्तो अभिमान भगवान्मा हुँदैन किनकि उहाँ सर्वात्मा हुनुहुन्छ । उहाँले अरूलाई दण्ड दिनु भनेको उनीहरूकै कल्याणको निम्ति हो, रिस वा द्वेषले होइन ।

# सप्तम स्कन्ध

## १. नारद युधिष्ठिर सम्वाद

**तत्र तु प्रथमेऽध्याये हिरण्यकशिपोः सुते ।**
**विष्णुभक्तते विरोधस्तु विप्रशापज ईर्यते ।।१।।**

पाण्डवहरूले गरेको राजसूय यज्ञमा शिशुपाललाई श्रीकृष्णले मारेको र शिशुपालको आत्मा श्रीकृष्णमा मिल्न गएको देखेर युधिष्ठिरले यज्ञमा बसिरहेका नारदलाई सोधे - यो पापी कृष्णको द्वैषी कसरी मुक्त भयो । सत्य युगमा भगवान्का पार्षद जय र विजय, कश्यप र दितिका पुत्र हिरण्यकश्यपु र हिरण्याक्ष भए । त्रेतामा आएर केशिनीबाट रावण र कुम्भकर्ण भए । त्यस्तै द्वापरमा दमघोषका छोरा शिशुपाल र वृद्धशर्माका छोरा दन्तवक्र भएर परमात्मा श्रीकृष्णका हातबाट मुक्त भए ।

## २. पुत्र शोकमा परेकी दितिलाई सम्झाउनु

जब वराह भगवान्ले भाइ हिरण्याक्षलाई मारेर पृथ्वीलाई उद्धार गर्नु भएथ्यो । हिरण्यकश्यपु रिसले जलेर आफ्नो भाइहरू सम्बर, इल्वल, शकुनी आदिलाई गाली दिंदै जसले मेरो सहोदर भाइ हिरण्याक्षलाई माऱ्यो त्यस शत्रु विष्णुलाई मेरो त्रिशुलले कण्ठ काटेर भाइको तर्पण गरूँला तब मेरो मनको आगो निभ्नेछ । चिन्ता नगर हे माता ! हे भ्राता हो वीर पुरुष त शत्रुको सामुन्ने शरीर त्यागनु नै पुरुषार्थ ठान्छन् ।

## ३. हिरण्यकश्यपुलाई वर प्राप्ति

हिरण्यकश्यपुले अजर अमर हुने इच्छाले मन्दराचलको कन्दरामा, आकाशमा दृष्टि लगाई जमिनमा खुट्टाको बुढी औंलाले मात्रै टेकि तपस्या गर्न लाग्यो । कालान्तरमा त्यसको जीउबाट अग्नि उठ्यो र संसारै जलाउन लाग्यो । देवताहरू स्वर्गमा टिक्न नसकि ब्रह्मलोक गइ ब्रह्मालाई भने - अब शान्त गराईदिनुहोस् । ब्रह्माजी हिरण्यकश्यपुको आश्रममा गई कमण्डलुको जल छर्किदिएपछि शक्ति र तेजले भरिपूर्ण भइ युवक भएर भन्यो - म अमर हुन पाउँ भन्दा अमर चाहीं हुँदैन । निमित्त राख भन्दा ब्रह्माले सृष्टि गरेका चिजबाट नमरौं । भित्र र बाहिर, जल र स्थल, आकाश र पाताल, दिन र रात कहीं पनि नमरूँ । हजुरकै जस्तो वैभव प्राप्त होस् । ब्रह्माजीले ती सबै वर दिएर त्यहाँबाट हिंडे ।

## ४. हिरण्यकश्यपुको उत्पात

त्यसरी ब्रह्माजीबाट अजय वर पाएपछि भाइ मार्ने नारायणसँग द्वैष गर्न लाग्यो । सबै लोकपालको राज्य खोसि संसारै हल्लायो । ब्रह्मा, विष्णुबाहेक अरू सबै देवी देवतालाई जितेर तिनले उसैको नित्य पूजा गर्न थाले । त्यो असुर इन्द्रलाई पनि जितेर इन्द्रासनमा बस्यो । सबैले उसैको सराना र स्तुतिगान गर्न लागे ।

संसारका सबै सुखभोग गरिसकेपछि पनि अजितेन्द्रिय भएकाले तृप्त चाहीं हुन सकेन । शास्त्र विधि छाडेर गरिएका कामले धेरै समय बितेपछि सबै लोकपालहरू विष्णुका शरणमा गइ हामीलाई शान्ति भएन भन्दा त्यहाँबाट आकाश वाणी सुनियो । त्यो राक्षसलाई समय पुगेपछि मैले मार्नेछु । तब तिमीहरूको कल्याण हुनेछ । शान्त रहुँ । अब लोकपालहरूले दैत्य मरे जस्तै ठानी फर्किए ।

## ५. प्रह्लादको वध गर्ने उपाय

जब हिरण्यकश्यपुले आफ्नो कान्छो छोरो प्रह्लादलाई कुलगुरु शुक्राचार्य समक्ष पठाएथे । गुरुको छोरा शण्ड र मर्क नामका गुरुले दानवी शिक्षा पढाउँथे । तर प्रह्लाद भने खाली विष्णुकै गुनगान गर्थे ।

त्यस्तो थाहा पाएर एकदिन दानवले बालकलाई काखमा राखेर प्रेमका साथ माया गर्दै सोधेथ्यो । तब प्रह्लादले नवधा भक्ति बताए । त्यसपछि हिरण्यकश्यपुले गुरुकुल पनि थर्कायो । तर बालक नसुध्रिएको देखेर बालकलाई काखबाट फालिदियो र भन्यो ए राक्षस हो ! यो बालक मार्न योग्य छ । हाम्रो राक्षसरूपी वनमा यो श्रीखण्डरूपी चन्दन कसरी आयो ? अनेक उपायले यसलाई मारिदिनु भन्ने आज्ञा गऱ्यो । तब सबै मार्ने उद्योग विफल भए । हात्तीलाई कुल्चाए, सर्पलाई डसाए, यन्त्र मन्त्र गराए, पर्वतको टाकुराबाट घचेटे, विष खुवाए, भोकै राखे, शित, वायु, जल, अग्निमा राखे तैपनि त्यो निर्दोष बालक मार्न नसकी यो अजितेन्द्रिय दानव हिरण्यकश्यपु नतमस्तक भएर एकान्तमा झोक्राउन लाग्यो ।

## ६. असुर बालकलाई प्रह्लादको उपदेश

आफ्ना गुरुहरू नभएको समयमा र खेलको समयमा प्रह्लाद आफ्ना दानवी साथीहरूलाई यसरी उपदेश दिन्थे - हे बालक हो ! जसले चोर, सेवक र व्यापारीलाई आफ्ना प्राणको साटो किन्दछन् । जसको मन प्रियतमाको सँगै एकान्त सहवास, मनोहर वार्तालाभ चाहन्छन् । बालकको तोतेबोलीमा अल्झेको छ । त्यो त्यति विरक्त हुन सक्तैन । जो आफ्ना कुटुम्वको पालन पोषणमा लागि रहन्छ । त्यो विद्वान् भएपनि आत्मज्ञान पाउन सक्दैन, दानवहरू त्यस्तै छन् । तसर्थः हे बालक हो ! तिमीहरू पनि दैत्यको संगतिलाई परैदेखि त्यागेर नारायणको शरण पर ।

## ७. प्रह्लादले गर्भमै नारायणको उपदेश पाउनु

प्रह्लादले आमा कयादूकै गर्भमा नारदबाट शिक्षा पाएका थिए । पहिला नै हिरण्यकश्यपु मन्दराचलमा तपस्या गर्न जाँदा उसैको पापले जलेर मर्‍यो रे भन्ने पारेर अब तिमी यहाँ नबस भनि इन्द्रले मेरी आमा कयादूलाई पक्रेर मार्नको लागि स्वर्गतिर लादै गर्दा बाटामा नारद भेटिए । नारदले भने यिनको गर्भमा राक्षसको वीर्य छ तापनि भगवान्भक्त, गुणवान प्रह्लादको जन्म हुन्छ छाडिदेउ भनेकाले मेरी आमालाई छाडिदिए । अनि नारदले मेरी आमालाई आफ्नै आश्रममा लगेर पिता हिरण्यकश्यपु तपस्याबाट नफर्केसम्म त्यहीं बस्ने अनुमति दिए । त्यसैबेला नारदले मेरी आमालाई धर्मको विशुद्ध ज्ञानोपदेश दिएका थिए । ऋषिको कृपाले त्यो ज्ञान म मा छ । तर धेरै काल बितेकाले माताजीमा छैन ।

## ८. नृसिंह भगवान्ले हिरण्यकश्यपुको वध

यसरी प्रह्लादले असुर बालकलाई समेत वैष्णवी शिक्षा सिकाएको कुरा शुक्राचार्यका छोरा शण्ड र मर्कले हिरण्यकश्यपुसँग गरेपछि यस्तो उल्टो विद्या कसरी र कोसँग जानिस् भन्दा प्रह्लादले पितालाई भने– हजुर पनि यो असुरभाव त्यागी शत्रु कोही छैन समदर्शी भावमा भगवान् र शास्त्रमा श्रद्धा राखी यो भगवत तत्त्वको ज्ञान लिनुहोस् ।

पिता हिरण्यकश्यपु भन्छ - अब तेरो शिर छिनाउन अरू कसैले पनि सकेनन् म आफैँ छिनाई दिन्छु । तेरो आस्थावाला भगवान्ले कसरी रक्षा गर्दोरहेछ हेरौं भन्दै सिंहासनबाट हामफाली एक स्फटिकको खम्बामा बेसरी मुड्की बजार्‍यो । त्यहाँबाट भयंकर आवाज सुनियो । सबै थर्कमान भए । त्यसै बखत अब बेला भयो भन्ने ठानी भगवान्ले आफ्नो नृसिंह अवतार प्रकट भई आधा मानिस, आधा पशु भएर उभिएको देखेर हिरण्यकश्यपु अचम्म मानेर डरले बेसित्त करायो । नृसिंह भगवान्ले हिरण्यकश्यपुलाई जाँघमा राखी नग्राले च्यातेर मारी भूमिमा पछारे । त्यसैका शस्त्र खोसी सहयोगी समेत नष्ट पारे ।

## ९. प्रह्लादले नृसिंहको स्तुति

नृसिंह भगवान्ले हिरण्यकश्यपु वध गर्न जान क्रोधपूर्ण डरलाग्दो रूपमा प्रकट हुनुभएको थियो । त्यो रूप शान्त गराउन ब्रह्मा, शिव सबै देव वर्गले स्तुति गरे । देवताले लक्ष्मीलाई समेत पठाए । गन्धर्वहरू, नागहरू, विद्याधरहरूले स्तुति गरे । तर भगवान् नृसिंको क्रोध शान्त भएन र उनको तेजले यो संसारै धपधप बल्ला जस्तो भयो । तब ब्रह्माजीले भने भगवान्ले आफ्नै प्रिय भक्त खोज्दछन् पक्कै तिमी सक्छौ भनेर प्रह्लादलाई पठाए । प्रह्लादले स्तुति गरे - प्रभु ! म दानव, दानवी कुलको बच्चाले के खुशी पारूला र तैपनि एउटा गजेन्द्रदेखि पनि खुशी भएर मोक्ष दिनु भएको थियो । मलाई विश्वास छ कि अब प्रभु खुशी भएर पहिलाकै रूप प्रकट गर्नुहुनेछ । नृसिंह भगवान्बाट निस्किएको तेज पुञ्ज हुन् ती अग्निका झिल्का जस्तै गएर १०८ नारायण भए । चाँगु नारायण, बुढानिलकण्ठ नारायण, बद्रि नारायण, मुक्ति नारायण, शङ्ख नारायण, मोक्ष नारायण, शेष नारायण र विशङ्खु नारायण इत्यादी । तब नृसिंह भगवान् खुसी भई तिम्रो कल्याण होस् भन्नुभयो ।

## १०. प्रह्लादको राज्य र त्रीपुर दहन

यसरी भगवान् प्रशन्न भइ प्रह्लादलाई धेरै कुरा बताएपछि प्रह्लादले भने - मेरा पिता यस्तै कुकर्मी दानव भएपनि नरकमा नपरून भनेपछि तिमी मेरो प्यारो भक्त, यस्तो गुणवान भक्त जन्माउने बाबु कसरी नरक जानु र ? तिमी चिन्ता नगर । मेरो हातबाट मर्ने, तिम्रा २१ कुलसम्मका पितृ पनि पवित्र भई सके । अब पिताको काजक्रिया विधि अनुसार गरेर राज्य सम्हाल । यति भईसकेपछि ब्रह्माजीले प्रह्लादलाई राज्याभिषेक दिनुभयो ।

भगवान्ले ब्रह्मालाई भन्नुभयो - हजुरले यस्तो वर दिन उपयुक्त थिएन । किनकि सर्पलाई अमृत पिलाएर राखे जस्तो हो । त्यसैले अनिष्ट भयो भन्दै नृसिंह भगवान् अन्तर्ध्यान हुनुभयो ।

**त्रीपुर दहन**

पूर्वसमयमा जब महामायावी मय नामको असुरले रूद्रको सूयशः नष्ट पारेको थियो । तर भगवान् शंकरले आफैँले पुनः सूयशः फिँजाएका थिए । जब देवता र असुरको युद्धमा देवताले जिते । तब सबै असुर त्यहीं मय दैत्यको शरणमा परेर दुःखले विलापिंदै रोए । तब त्यो मायावी दैत्य मयले सुन, चाँदी र फलामका तीन पुर बनाएर तिनलाई दियो । ती पुरी यस्ता थिए कि तिनको आगमन तिनको नष्ट कसरी हुन्छ कसैलाई थाहा थिएन, तीनै पुरीमा लुकेर शत्रु देवता र तीनै लोकलाई नष्ट पार्न लागे । इन्द्रलगायत सबै देवताले शिवजीलाई बिन्ती गरे । शंकरले पनि आफ्नो पाशुपतास्त्र छाडिदिए । दैत्यहरू त मरे तर अमृतको कुण्डमा चोपलेर वचाय फेरी लड्न थाले । आफ्नो संकल्प पुरा नभएकोमा शिवलाई खिन्न देखेर विष्णुले एउटा उपाय खोजे । तदनुसार ब्रह्मा बाच्छो विष्णु गाई बनेर मध्यान्ह कालमा त्रीपुरमा गएर अमृतका कुप पीइदिए । अनि विष्णुले सबै युद्धसामग्री तयार पारी आफ्नो शक्तिका साथ शिवलाई दिनुभयो । तिनै वाण र धनुषले सुसज्जित भई रथमा बसी अभिजित मुर्हूतमा तिनैपुरी एउटै रेखामा रहेको बेलामा प्रहार गरी तीनै पुरका निवासी ध्वस्त पारे । त्रीपुर ध्वस्त पारेर ब्रह्माबाट पूजित भइ अप्सरा, गन्धर्वबाट स्वागत पाएर शिवजी त्रिपुरारी स्वधाम जानुभयो ।

## ११. चारै वर्ण र नारी धर्मको निराकरण

सर्ववेदमयी विष्णु भगवान्, तत्त्वज्ञानी महर्षिहरूका स्मृतिहरू र चित्त प्रसन्न पार्ने, आचारण नै धर्मका मूल हुन् ।

सत्य, दया, तप, शौच, तितिक्षा, युक्तायुक्तको विचार, शम, दम, अहिंसा ब्रह्मचार्य, त्याग, स्वाध्याय, सन्तोष, समदर्शित्व, महात्माहरूको सेवा अभ्यासद्वारा सांसारिक भोगबाट निवृत्ति पाउन मनुष्यलाई तिनको प्रयत्न विपरितै फल मिल्छ यस्तो वीचार्नु । मौन रहनु, आत्मा चिन्तन गर्नु, सबै प्राणीलाई समूचित भाग दिनु सबै

प्राणीहरूमा विशेष गरेर मनुष्यमा इष्टदेवको बुद्धि राख्नु, श्रीहरिको श्रवण कीर्तन, स्मरण, सेवा, पूजा, नम्रता, दास्य र सखाभाव राख्नु, आत्मसमर्पण गरिदिनु, यी तीस थरिका आचरण नै मनुष्यका धर्म हुन् । जसका गर्भाधानादि संस्कार अविछिन्न रूपले भएका छन् । सोह्रकर्महरू त्यहीं ब्राह्मण हो । अध्ययन-अध्यापन, दान लिनु-दिनु, यज्ञ-गर्नुगराउनु यी सबै कर्म ब्राह्मणका हुन् ।

क्षेत्रीलाई दान लिने अधिकार छैन । प्रजाबाट कर लिइ दण्ड सजायको नियम पालना गरी प्रजाको रक्षा गरून् । वैश्यले ब्राह्मणको अनुमतिले कृषि वाणिज्यबाट जीविका गर्दै द्विजको सेवा गरून् । शुद्रले आफ्नो जीविका आफ्ना स्वामीसित प्राप्त गरून् ।

स्त्रीको धर्म - पतिको सेवा गर्नु, पतिको अनुकुल रहनु, पतिका नियमलाई पालना गर्नु, ब्राह्मणको रक्षा गर्नु, पतिव्रता स्त्रीका धर्म हुन् । सती स्त्रीले घर, कुचो, लिपपोत, टालटुल गरेर घरलाई राम्रो पार्नु । आफूलाई जे मिल्दछ त्यसैमा सन्तुष्ट रहनु । लक्ष्मी झैँ पतिपरायण जो स्त्री पतिलाई भगवत भावले भज्दछन् ती बैकुण्ठमा विष्णुको सारूप्य प्राप्त गरी पतिका साथमा आनन्दित हुन्छे । जसरी भगवान्सँग लक्ष्मी सुख भोग्छिन् ।

## १२. ब्रह्मचारी आश्रमको नियम

ब्रह्मचारीले गुरुकुलमै रहनुपर्छ । इन्द्रिय संयम गरेर, दास झैँ सानो मानेर गुरुको हित चिताउनुपर्छ । बिहान बेलुका गुरु, अग्नि, सूर्य र देवतालाई आराधना गरी सन्ध्योपासना गर्नु । वेदको अध्ययनमा गुरुले दिएको पाठ सुरू गर्नु पहिला र पछि गुरु चरणमा शिर राखी ढोगिदिनु । वेद विधिले मेखला, मृगचर्म, वस्त्र, जटा, दण्ड, कमण्डलू, यज्ञोपवित धारण गरेर हातमा कुश लियोस् । सायं तथा प्रातःमा भिक्षा मागी गुरुलाई अर्पण गरोस् । गुरुको आज्ञाले मात्र खाओस् । ब्रह्मचारीले स्त्रीको चर्चा सदा त्यागिदेओस् । शक्ति भए गुरु दक्षिणा देओस् र गुरुको आज्ञाले गृहस्थाश्रम या संन्यास आश्रममा प्रविष्ट हुन सक्तछ । नत्र सदा ब्रह्मचारी बनेर जीवन भरी उनै गुरुकै घरमा रहनुपर्छ ।

वानप्रस्थीले - जोतेको भूमिमा फलेको अन्न नखानु । पकाएको भन्दा केवल सूर्यको तापले पाकेका कन्दमुल नै खानु । वनका धान, निवारबाट बेला-बेलामा हवन गर्नु । पर्वत-कन्दराको पूर्णकूटीको आश्रय लियोस् । जति सक्छ १२, ८, ४, २ तथा १ वर्षसम्म वानप्रस्थ आश्रममा रहोस् । जब वृद्धावस्थाको अनुभव हुन्छ । तब अनशनादी व्रत धारण गरेर अहंता-ममता त्यागेर भगवान्द्वारा प्राप्त शरीरलाई आकाशादि पञ्चतत्त्वमा लय गराओस् ।

## १३. संन्यास आश्रम नियम

हे महाराज ! सामर्थ्य भए संन्यास लेओस् र शरीरबाहेक अरू सबै वस्तुहरू त्यागिदेओस् । एउटा गाउँमा एकरात मात्र बस्ने नियम लिएर केही पनि इच्छा नराखेर पृथ्वीमा स्वच्छ वीचरण गरोस् । यदि लुगा लगाउने इच्छा भए केवल कौपीयन मात्र लगाओस् । सबै प्राणीको हितैषी, शान्त चित्त तथा नारायण-परायण भएर कसैको आश्रय नलेओस् र आत्मराम भावले एक्लै नै डुलोस् । शिष्यहरू जम्मा नपारोस् । धेरै ग्रन्थ अभ्यास नगर्नु । शास्त्रहरूको व्याख्या नगर्नु । मठस्थापनादी नयाँ काम आरम्भ नगरोस् । ज्ञानी, बुद्धिमान भएपनि अरू व्यक्तिको समक्ष बालकझैँ लाटोझैँ जनाओस् । जस्तै - दत्तात्रयबाट प्रह्लादलाई परमहंसरूपी ज्ञान - एक समयको कुरो हो । भक्त प्रह्लाद लोक तत्त्वको जिज्ञासाले केही मन्त्रिसहित डुलिरहेको अवस्थामा सैह्य पर्वतको टाकुरामुनि कावेरी नदीको तटमा मुनिश्वर दत्तलाई भूमिमा पल्टिरहेको देखे । तिनको विमल तेज धुली धुस्रित अङ्गले ढाकिएको थियो । त्यहाँ प्रह्लादले साष्टाङ्ग गरी जिज्ञासु भावले सोधे - हजुर साधु पुरूष हुनुहुन्छ । तर भोगी र उद्योगीको जस्तो हृष्ट पुष्ट देखिनुहुन्छ यसको कारण के हो ?

हे असुर श्रेष्ठ ! तिमी साधुहरूमा श्रेष्ठ छौँ । पवित्र भक्तिले गर्दा भगवान् सदा तिम्रो हृदयमा छन् । अरू जन्मलाई छोडेर मोक्ष दिनमा मानव जन्म नै प्रभावकारी छ । यो संसारमा निवृत्तिको निम्ति अनवरत प्रयास गरेपनि विपरीतै फल प्राप्त भईरहेको देखर

म यो संसारका कर्मबाट पृथक भएको छु । सबै भोगहरूलाई तुच्छ ठानेर म प्रारब्ध भोगमै रमाएर यहाँ थुप्रिइरहन्छु । अजितेन्द्रिय धनका लोभीको गति, यस्तो छ सर्वत्र सधैं संदेह र भयले राजा, चोर, शत्रु, स्वजन, पशुपंक्षी, कालसँग पनि भय बनिरहन्छ । अतएवः बुद्धिमान पुरूष शोक, मोह, भय, क्रोध, आशा र संग्रह त्यागेर जस्तै महको मौरी नहुनु यी दुबै परम गुरु हुन् । यिनैसित शिक्षा लिएर मैले वैराग्यमै सन्तोष पाएको छु । म अजिंगर जस्तै निष्चेष्ट भावले लडिरहन्छु । दैवले जे मिल्छ त्यसैमा सन्तुष्ट छु ।

# १४. गृहस्थीको नियम

गृहस्थाश्रमी पुरूष गृहकार्यलाई भगवत अर्पण गर्दै शान्त पुरूषहरूसित बसेर भगवान्का अमृतमय अवतार कथाहरूलाई श्रद्धापूर्वक सुनोस् र महामुनिहरूको सेवा गरोस् । उदर पूर्तिको लागि मात्र सम्पत्तिको अधिकार हुन्छ । योभन्दा बढ्ता होइन । त्यो त चोरझैँ दण्डको भागी हुन्छ । आफूले आर्जन गरेको अन्न आदि धन जो छ त्यो पशुपंक्षीदेखि महामानवसम्म सबैमा बाँडेर खाओस् । यज्ञका काम गरोस्, अन्न हवन गरोस् । पहिला ब्राह्मणको पूजा गरोस् अनि पछि अरूको गरोस्, मातापिताको श्राद्ध गरोस् । त्यसपछि धनी भए बन्धुको पनि श्राद्ध गरोस् । ब्रह्माण्डरूपी वृक्षका मूल श्रीअच्यूत नै भएकाले उनैको पूजा गरोस् ।

# १५. गृहस्थीको मोक्ष


गृहस्थीको निमित्त मोक्ष या अनन्त फल पाउन नै हव्य र कव्य ज्ञानी विप्रलाई प्रदान गरून् । यदि त्यस्ता ब्राह्मण पाइएनन् भने अन्य ब्राह्मणलाई उनको योग्यता अनुसार हव्य र कव्यको दान दिउन् । पितृ कार्यमा र देव कार्यमा एक एक जना ब्राह्मण भोजन गराउनु । किनकि धेरै स्वजनलाई डाकेर श्रद्धा, खाने पदार्थ, पात्र पूजनको उचित व्यवस्था हुन सक्तैन । यदि देश कालअनुसार मुनिजनको योग्य खानेकुरा भगवत समर्पण गरेर श्रद्धापूर्वक


सूयोग्य व्यक्तिलाई खान दियो भने त्यसैले सबै कामनाहरू पूर्ण पार्दछ । अक्षय फलदायी हुन्छ । सबै प्राणीमा अन्न भाग दिनु र सबैलाई परमात्माको रूपमा देखोस् ।


जो प्राणी संन्यासी भएर पनि फेरी उनै गृहस्थ धर्मको सेवन गर्छ भने त्यो आफ्नै वमन खाने निर्लज्ज पुरूष हो । गृहस्थीले कर्म नत्याग्नु, ब्रह्माचारीले व्रत नत्याग्नु, तपस्वीले गाउँमा नबस्नु र संन्यासीले इन्द्रिय लोलुप्त नहुनु यी चार थरि नित्य कर्म हुन् ।

**नारदको पूर्व जन्म**

नारद ऋषि गत महाकल्पमा गन्धर्वहरूको पनि सम्मानित उपवर्हण नामको गन्धर्व थिए । रूप सुकुमारता र मनोहर सुगन्धले गर्दा सबैले झन् स्त्रीहरूले त खुब मन पराउँथे । त्यसैले उनी नित्य उन्मत्त रहन्थे । यस्तै समयमा प्रजापतिहरूले भगवान्को चरित्र गाउनको निमित्त अनेक गन्धर्व र अप्सरागण बोलाए । यस्तो खवर थाहा पाएपछि (नारद पनि) पहिलाका उपवर्हण गन्धर्व पनि अगणित स्त्रीहरूका साथ उन्मत्त भइ गए । उनको उच्छृंखला देखेर प्रजापतिहरूले श्राप दिए । "तत्काल श्रीहीन भएर शुद्र योनिमा जा" त्यसैले उनी एउटी दासीको गर्भमा जन्मन गए । तर त्यहाँ पनि ब्राह्मणहरूको संगत पाएर तपस्या गरी ब्रह्माजीको पुत्र नारद भएर उत्पन्न भए ।






श्रीमद्भागवत
महापुराण
अष्टम स्कन्ध

# अष्टम स्कन्ध

## सारांश

महाराज परीक्षितले शुकदेवजीसँग अब मनुको वर्णन, भगवान्ले अवतार गहण गरी जेजस्ता लीलाहरू गर्नुभयो तथा पछि हुने लीलाबारे पनि जिज्ञासा राखे । यसबारे बोल्दै महामुनि शुकदेवजीले भन्नुहुन्छ कि यस कल्पमा स्वायम्भुव आदि गरिएका ६ मन्वन्तर बितिसकेका छन् । मैले तपाईलाई स्वायम्भुव मनुकी छोरी देवहूतिको गर्भबाट जन्मेका भगवान् कपिलका बारेमा बताइसके को छु । अब स्वायम्भुव मनुकी छोरी आकृतिबाट जन्मेमा भगवान् यज्ञपुरूषले गर्नुभएका कर्महरूबारे बताउँछु । शतरूपाका पति स्वायम्भुव मनुले कामना र भोगबाट विरक्त भई पत्नीसहित वानप्रस्थ आश्रम ग्रहण गरे । सुनन्दा नदीको तीरमा एक खुट्टाले भुइँमा उभिएर तपस्या गर्दा उनी भगवान् को स्तुति यसप्रकार गर्थे, "विश्वमा समस्त चराचर प्राणीमा व्याप्त र हने परमात्मालाई आफ्नो सबै कुरा अर्पण गर्नुपर्छ र जीवन निर्वाहलाई पुग्ने धनबाट सन्तुष्ट हुनुपर्छ, अर्काको धनको लोभ गर्नु हुँदैन । भगवान् को भजनमा मन केन्द्रित गर्नुपर्छ । भगवान्को न आदि छ, न मध्य, न त अन्त्य नै छ । उहाँका न कोही आत्मीय छन्, न त कोही पराई । भगवान् आफू पनि कर्म गर्नुहुन्छ तर उहाँ ती कर्ममा लिप्त नभई । उहाँका भक्तहरू पनि अनासक्त भई कर्म गर्छन् र कर्म-बन्धनबाट मुक्त हुन्छन् । भगवान् ज्ञानस्वरूप हुनुहुन्छ । त्यसैले उहाँमा कुनै वस्तुप्रति कामना पनि हुँदैन । त्यस मन्वन्तरमा इन्द्रको नाउँ रोचन थियो । त्यसै समयमा वेदशिरा ऋषिकी पत्नी तुषिताको गर्भबाट विभु पैदा भए । विभुले कुमार अवस्थादेखि नै ब्रह्मचर्य व्रत पालन गरे । उनको अनुसरण गरेर अरु अठासी हजार ऋषिहरूले पनि ब्रह्मचर्य बतको पालन गरे । त्यसैताका धर्मकी पत्नी सुनृताको गर्भबाट भगवान् पुरूषोत्तमले सत्यसेन नाउँले विख्यात भएर अवतार लिनुभएको थियो । उहाँले त्यही अवतारकालमा ग्राहको मुखबाट गजेन्द्रको उद्धार गर्नुभयो ।

# अष्टम स्कन्ध

## १. मन्वन्तरको वृतान्त

**तत्र तु प्रथमे स्वायंभुवः स्वारोचिषस्तथा ।**
**उत्तमस्तामसश्चेति चतुर्मनुनिरूपणम् ।।१।।**

मन्वन्तरको वर्णन सतरूपाका पति मनुले सबै कामना र भोग त्यागेर सुनन्दा नदीको तटमा केवल एउटै खुट्टाले मात्र उभिएर, यो जगतका स्वामी जसले सारा जगत उत्पन्न गरेको छ त्यही सत्य र पूर्ण ब्रह्म हो, जो विश्वरूप नामको ईश्वर सत्य रूप अजन्मा र पुरातन छ, उनै भगवान् परमात्माको तप गरेका थिए ।

१) यिनै स्वायम्भुव मनु पहिला मनु भए ।

२) दोश्रोमा अग्निपुत्र स्वरोचिष नामका मनु भए ।

३) तेश्रोमा प्रियव्रतका छोरा उत्तम मनु भए ।

४) चौथो मनुमा उत्तमका भाइ तामस मनु भए ।

५) पाँचौं मनुमा तामस मनुका भाइ रैवत मनु भए ।

६) छैटौं मनुमा चच्क्षुका छोरा चाक्षुष भए ।

७) सातौँ मनुमा सूर्यका छोरा श्रद्धदेव वैवस्वत मनु भए । (वैवस्वत हालको मन्वन्तर)

८) आठौँ मन्वन्तरमा सावर्णि मनु भए । (छायाका पुत्र)

९) नवौँ मन्वन्तरमा वरूणका छोरा दक्षसावर्णि मनु भए ।

१०) दशौँ मन्वन्तरमा उपश्लोकका छोरा ब्रह्मसावर्णि मनु भए ।

११) एघारौँ मन्वन्तरमा धर्मसावर्णि मनु भए ।

१२) बाह्रौँ मन्वन्तरमा रूद्रपुत्र सावर्णि मनुभए । यी अर्कै सावर्णि हुन् ।

१३) तेह्रौँ मन्वन्तरमा देव सावर्णि मनु भए । रूची नामका मनु ।

१४) चौधौँ मन्वन्तरमा इन्द्रसावर्णि मनु भए । भौम नामका मनु ।

## २. गजराज गोहीद्वारा पक्रिनु

त्रिकूट नामको एक विख्यात पर्वतमा एउटा हात्ती बथानको साथमा बस्दथ्यो । त्यसै पर्वतको जङ्गल बीचमा एउटा सरोवर रहेछ । अनेक जातका वृक्षले घेरिएको थियो । त्यो हात्ती आफ्नो ढोई र धेरै बच्चा समेत त्यो सरोवरमा डुल्ने र खेल्ने गर्थ्यो । त्यो हात्ती बलियो र बाठो हुनाले अरू धेरै हात्ती पछि लाग्थे । आफ्नो सुँडमा उठाएर ती अन्य हात्ती र बच्चालाई समेत जलले नुहाइदिन लागेकै बेला अचानक एक ग्राहले हात्तीको खुट्टा समात्यो । अरू सबै हात्तीसमेतले भएर तानातान गर्दा पनि एक हजारवर्ष बितेछ तर फुत्किन सकेन ।

## ३. श्रीहरिको स्तुतिद्वारा गजेन्द्र मुक्त

यस्तो सकसमा परेपछि गजराजले जब अन्तरात्मा देखि नै सर्वव्यापक परमात्माको स्तुति र गानबाट प्रशन्न भई गजको सामुन्ने देखिनु भयो । अनि ग्राहसहितको गज पानीबाट बाहिर निकाली चक्रले ग्राहको थुतुनो काटी गजलाई काँधमा बोकी खुशीले घुमाउनुभयो ।

# ४. गज र ग्राहको पूर्व जन्मको वृत्तान्त

त्यो ग्राह पूर्वजन्ममा गन्धर्वहरूको श्रेष्ठ हुहु नाम गरेको गन्धर्व थियो । अब भगवान्‌को कर स्पर्शले गर्दा पूर्वजन्ममा महात्मा देवल ऋषिको श्रापबाट मुक्त भएर तुरून्त आश्चर्यपूर्ण ढंगले दिव्य शरीर धारण गऱ्यो । त्यसपछि कीर्तनीय गुण र चरित्र हुने, कीर्तिधाम र उत्तमलोकमा रहने अविनाशी जगदिश्वरलाई त्यो ग्राहले प्रणाम गरेर उनकै सूयशः गाउन लाग्यो । त्यो हुहु नाम गरेको गन्धर्व अहिलेको ग्राह भगवान्‌को कृपा प्राप्त गरेर उनको श्रीहरिको परिक्रमा गरेर सबैको समक्ष भगवान्‌लाई प्रणाम गरी सबै पाप नष्ट पारेर आफ्नो लोक गयो । गज पनि भगवान्‌को स्पर्श पाएर अज्ञानबाट मुक्त भई चतुर्भुज रूप धारण गरेर भगवान्‌को सामीप्यमा प्राप्त भयो । त्यो गजेन्द्र पूर्वजन्ममा द्रविड देशको इन्द्रधुम्न नामको सम्राट थियो । त्यो सर्वश्रेष्ठ सम्राट श्रीहरिको ध्यानमा लागेको बेला ऋषिगणसहित अगस्त्यमुनि त्यहाँ पुगे । ऋषिले ठानेकी म आएको देखेर राजा चुपचाप लागे । राजामाथि रिस उठेर श्राप दिँदै भने मेरो अपमान गरेकाले तँ हात्तीकै योनिमा जा ।

राजा इन्द्रधुम्नले त्यस श्रापलाई प्रारब्ध भोग नै ठानेर, पछि हात्तीकै योनिमा जन्म लिएर पनि आत्मा स्वरूपको ज्ञान भईरहेकाले भगवान्‌ले साथै लिएर धाम जानुभयो ।

# ५. दैत्यद्वारा देवता पराजित

एकदिन दुर्वासा ऋषि वैकुण्ठतिरबाट आइरहेका थिए । बाटोमा ऐरावतमा चढेर देवराज इन्द्र आइरहेको देखे । दुर्वासाले इन्द्रलाई त्रिलोकाधिपति जानेर भगवान्‌को प्रसाद स्वरूप फूलको माला दिए । इन्द्रले मदमत्त भएर त्यसको केहीपनि आदर नगरी त्यो माला ऐरावतको मस्तकमा फ्याँकिदिए । ऐरावतले पनि त्यो माला सुँडमा लिएर खुट्टाले कुल्चिदियो । अनि दुर्वासाले रिसाइ इन्द्रलाई श्राप दिए । तिमी "तिनै लोकसहित शीघ्र श्रीहीन होऊ" यही दुर्वासाको श्रापका कारणले

गर्दा देवता र दानवको घनघोर युद्ध भयो । त्यसबेला असुरका तीक्ष्ण आयुधले प्राणहीन भएर देवता भूमिमा ढले । अधिकांश देवता उठन सकेनन् । दुर्वासाका श्रापले इन्द्र श्रीहिन भए र यज्ञादि कर्ममा बाधा पर्‍यो । यो दुर्दशा देखेर जब इन्द्रले वरूणलाई गुहारे तर उपाय भेटिएन । ब्रह्मासँग गए र शिवसहित भएर दानव आदि सबै मिलेर उनै नारायणसँग गई ध्यान गर्न लागे । जरायुज, अण्डज, स्वेदज र उद्वीज यी चारै थरिका प्राणीका निवास स्थान, पृथ्वी नै जसका चरण छन् । यस्ता स्वतन्त्र परमेश्वर हामी उपर प्रशन्न हुनुहोस् भनेपछि श्रीहरि प्रकट भए ।

# ६. विष्णुको आज्ञाले समुद्र मन्थनको तयारी

देवताहरूको स्तुतिबाट खुसी भई देवतालाई भगवान् भन्नुहुन्छ - तिमीहरूको अभ्यूदयको बेला भएको छैन । दानवहरूको अनुकूल छ तसर्थः सन्धि गर, तिमीहरूको कल्याण हुनेछ । आफ्नो काम साध्य गर्न शत्रुसँग मिल्नुपर्छ । अब दैत्यसँग मिलेर समुद्रबाट अमृत झिक्ने उद्योग गर जसद्वारा मरेका जीव फेरी बाच्दछन् त्यसको फल देवताहरूले नै पाउँनेछौँ । यति भनेर भगवान् त्यहाँबाट अन्तर्ध्यान हुनुभयो ।

देवताहरू तुरून्त बलिकहाँ गएर इन्द्रले मधुर वचनमा बलिलाई समुन्द्र मन्थनको कुरा बताए, बलिको पनि चित्त बुझी आफ्नो सेनापतिलाई युद्ध रोक्ने अनुमति दिए । तब देवता र दानवको सन्धी भयो । अब अमृत प्राप्त गर्नको निम्ति दुबै थरि मिलेर सामान जुटाउने उद्योग गरे । ढुङ्गा, मुडा, तला, लहरा, सुकेका -हरिया वृक्ष हाले, वनस्पती जडिबुटी सबै हाले मन्दराचल पर्वतलाई मदानि बनाउनको लागि लिन गएथे । आउँदा बाटामा दुबै थरी थाकेर गलेर पर्वत पछारिन गयो । तब दुबै पक्षका सेना घाइते भए, बेहोस भए, कोही मरे । त्यतिबेला भगवान् प्रकट भई सबैलाई वचाय पर्वतलाई समुद्रमा पुर्‍याए ।

## ७. शिवजीद्वारा विष पान

भगवान् श्री हरिले देवता र दानवबाट ठूलो उद्योगले मन्थन गरी निस्केको पदार्थलाई साझा हुने कुरा निश्चित गराएर नागका राजा वासुकीलाई आमन्त्रित गरी मन्दराचल पर्वतमा डोरी भई बेरिन लगाएर देवता र दानवलाई मथ्न लगाए । पहिला श्रीहरिले वासुकीको मुखपट्टि समाएकाले देवताले पनि त्यतै समाए । तर दानवलाई चित्त बुझेन र यो सूर्य-चन्द्रले अमङ्गल ठानेको अङ्ग पुच्छर हामी दानव समाउँदैनौं भनेपछि श्रीहरि मुसुक्क मुस्कान छरेर पुच्छरतिर गएपछि देवताहरू पनि त्यही पुच्छरपट्टि समाते र दानवले रोजेकै अङ्ग मुख समाए र दुबै प्रशन्न भई मिलेर समुद्र मथ्न थाले । मथ्दा मथ्दै पर्वत भयङ्कर हुनाले भासिन गयो । देवता र दानव बलवान भएर पनि पर्वत थाम्न सकेनन् । त्यसै अवसरमा भगवान्ले कूर्मरूप धारण गरि पर्वत उठाउनुभयो । फेरी मथ्न लागे, तर अमृत ननिस्किएकाले दानव खिन्न भएपछि श्री हरि आफैँ मथ्न लाग्नुभयो । पहिला कालकुट विष हलाहल निस्कियो । शिवजीले अञ्जुलीमा थापेर पिइदिनुभयो । जसको संकेत कण्ठमा निलो भाग छँदैछ, निलकण्ठ ।

## ८. समुद्रबाट अनेक रत्न र अमृत निस्कनु

१) त्यसपछि कामधेनु गाई निस्किन् । अग्नि-होतृ यज्ञका निमित्त मुनिहरूले लिए ।

२) उच्चैश्रवा घोडा निस्कियो इन्द्रले लिए ।

३) ऐरावत हात्ती निस्कियो इन्द्रले लिए ।

४) कौस्तुभ मणि निस्कियो श्रीहरिले ग्रहण गर्नुभयो ।

५) कल्पवृक्ष निस्कियो इन्द्रले लिए ।

६) अनेक अप्सराहरू निस्किए स्वर्गको लागि इन्द्रले लिए ।

७) लक्ष्मीप्रकट भइन् श्रीहरिलाई नै स्वीकार गरिन् ।

८) लक्ष्मीलाई समुद्रले रेशमी पीताम्बर, अरूणले वैजयन्ती माला, सरस्वतीले हार, नागले कुण्डल, ब्रह्माले कमल, विश्वकर्माले विभिन्न आभुषण दिए ।

९) वारणी नामकी कन्या निस्किन असुरहरूले लिए ।

१०) अमृतसहित धन्वन्तरी निस्किए, देवताले लिए ।

११) मोहिनी रूपका भगवान् देवताकै लागि थिए ।

# ९. मोहिनी रूपद्वारा देवताले अमृत पान

जब भगवान्कै रूप धन्वन्तरीले अमृतको कलश लिएर निस्कथे । तब बलिया असुरहरूले मौका छोपी खोसेर लिए । अनि आपसमै तँ पहिला कि म पहिला खाने भनेर खोसाखोस गरेर झगडा मच्चाउन थाले । तर देवताहरू हरिका शरणमा परे । यसरी दुबै पक्षको चाला बुझेर श्रीविष्णु भगवान्ले अति अद्‌भूत स्त्रीको मोहिनीरूप धारण गरी देखाएपछि, उनैको शौन्दर्यतामा लठ्ठ भई यो अमृत बाँडिदेउ भन्न लागे अमृतको कलश मोहिनी भगवान्लाई सुम्पिदिए । मोहिनी भगवान्ले पनि वाचा गराउँदै भन्नुभयो - हे कश्यप पुत्र हो ! एक त म स्त्री हुँ मेरो विश्वास नगर, यदि गर्छौं भने मैले राम्रो नराम्रो जे गरेपनि चित्त बुझाउनुपर्छ । त्यो वचन देवता दानव दुबैले स्वीकार गरे ।

देवता र दानवको अलग अलग पङ्ति मिलाएपछि मोहिनीरूप भगवान्ले राक्षसहरूलाई कटाक्षले हेर्दै लठ्ठपारी देवतालाई अमृत पिलाउनु भयो । ती सबै असुरले स्त्रीसँग झगडा गर्नु उचित नठानि चुपै रहे । त्यसैबेला राहु नामका दैत्यले देवताको भेष लगाएर देवताकै माझबाट हात छिराई अमृत थापेर पिइ हाल्यो । तत्काल सूर्यचन्द्रले यो कुरा भगवान्लाई सुनाएपछि भगवान्ले सुदर्शन चक्रले शिर छुटाइ दिनुभयो । अमृतको संसर्ग नभएकाले धड मऱ्यो । शिर अमर हुनाले ब्रह्माजीले राहु नामक ग्रह बनाइदिनु भयो । पूर्वको वैरत्वले अझ पनि पर्व दिन र औंशी पूर्णिमामा (ग्रहणको रूपमा) चन्द्र-सूर्यलाई आक्रमण गर्दैछन् ।

# १०. देवासुर संग्राम

यसरी दानवलाई छक्याई देवतालाई अमृत पिलाएर भगवान् त्यहाँबाट अन्तर्ध्यान भएको देवताहरूले अमृत पिएर अमर भएको र ऐश्वर्य भोग गरेका देखेर आफूहरूले अमृतपान गर्न नपाएकाले खिन्न र शत्रु देवतासँग क्रोध गरेर क्षीर सागरको किनारमा दैत्य उत्रिए । अमृत पिएर सवल भएका देवता पनि दैत्यसँग युद्ध गर्न उत्रिएपछि क्षीर सागरको तटमा देवासुर नामको घनघोरको भयंकर एवम् रोमञ्चकारी युद्ध भयो । दुबैतर्फबाट युद्धका बाजाहरू बजाए । युद्धमा रथिसँग रथि, पैदल सेना सँग पैदल सेना । घोडाको सवारका साथमा घोडाकै सवार, गजरोहीसँग गजरोही नै लडे । इन्द्र र बलि, तारकासुर र स्वामीकार्तिकेय, त्वष्टा र सम्बरासुर, सविता-विरोचन, अश्विनी कुमार र बलिका सय भाइ छोरा, राहुसित चन्द्रमा, महिसासुरसँग अग्निदेव, शुक्राचार्यसँग वृहस्पति, कामदेवसित दुमर्ष, यसरी जोडिदार युद्धमा आ-आफ्नो तर्फबाट वाण, तरवार, भालाहरू प्रयोग गरे । कती सैनिक छिन्नभिन्न भई मुकुट खसे । हात्ती, घोडा, गदा, ऊँटका सवार उफ्रिए र मरेका सैनिकका धड खसेर धुलो उडी आकाशमा छायो । देवताहरू मरेपनि अमृत खाएकाले फेरी लडन लागेको देखेर बलिले देवताहरूलाई धुलो पार्न लागेको देखेर देवताहरूले विष्णुलाई सम्झेपछि भगवान् प्रकट भई कालनेमि आफूमा आइलागेकाले कालनेमिलाई बाहनसहित मारिदिनुभयो । माली र सुमाली नामका दैत्यलाई पनि युद्धमा धरासायी पारिदिनुभयो । त्यसपछि भगवान्‌ले प्रचण्ड गदाले आफ्नो बाहन गरूडलाई प्रहार गर्ने भएको माल्यवानलाई चक्रले शिरोच्छेदन गरिदिनुभयो ।

# ११. देवासुर संग्राम अन्त्य

देवता र असुरको युद्ध साम्य हुने छाँट नदेखेपछि ब्रह्माले नारदलाई पठाउनु भयो । नारदले युद्धबाट रोक्तै भने - भगवान्‌का कृपाले तिमीहरूले अमृत पान गर्न पायौ र लक्ष्मीको कृपाले तिमीहरूले वैभव पायौ । अब युद्धबाट

विश्राम गर नारदको वचन सम्मान गर्दै देवता स्वर्गतिर लागे । नारदकै आज्ञाले त्यस भीषण युद्धबाट बलिले असुरलाई अस्ताचलतिर लगे । ती मृतक असुरलाई शुक्राचार्य गुरूले आफ्नो सञ्जीवनी विद्याले पुनः जीवित पारेका थिए । राजा बलि संसारको तत्त्व जान्ने हुनाले पराजित भएपनि क्लेश भएन ।

# १२. शंकरजीले मोहिनी रूप हेर्नु

शंकरजीले भगवान्को अन्य सबै रूप हेरिसकेको, तर मोहिनी रूप जुन देवतालाई अमृत पान गराएको थियो नदेखेको हुनाले हेर्ने इच्छा भएकाले भगवानसँग बिन्ति गर्नुभयो । भगवान्ले पनि मुसक्क हाँसेर हुन्छ भनेर अन्तर्ध्यान हुनुभयो । शिवजी फर्किन लाग्नुभएको थियो । बाटामा अनेक माला र पहिरनले सुसम्पन्न अति उत्तम भेष लगाएकी एउटी रूपमा बलेकी शिलामा ढलेकी, हाँस्ता मुखबाट बराबर फूलै बर्साउने अति उत्तम सुन्दरी श्रीमहादेवले देखे । त्यस्ती परम सुन्दरी युवती खेलौना उफार्दै आफैँतिर आइरहेकी देखेर शिवजी आकर्षित र आशक्त भई मन त्यसैमा अल्झियो । शिवजीको विवेक हरण भई ती सुन्दरीको चेष्टाले पार्वतीलाई पनि छाडेर ती सुन्दरी पछि पछि दगुरे । शंकरलाई आफ्नो नजिकै आएको देखेर लाजले ती युवती एक ठूलो वृक्षको आडमा लुकिन् । तर शंकरको इन्द्रिय हरण भई सकेकाले तिनकै पछि पछि दगुरे । जसरी मत्तहात्ती ढोईको पछि दर्गुछ । शिवले तिनको केशपास समाते र उनको इच्छा नभए पनि दुबै हातले आलिङ्गन गरे । सुन्दरीले हातखुट्टा फाल्दै त्यहाँबाट उम्कने प्रयास गरिन्, त्यहाँबाट भागिन । शंकर पछि पछि दगुर्दै जाँदा अमोध वीर्य हुने शिवजीको जहाँ जहाँ वीर्य खलित भयो त्यहाँ त्यहाँ सुन, चाँदी, तामा, फलाम खानी, उत्पन्न भए । नदी, पर्वत, जहाँ ऋषिहरू बस्थे ती सबै ठाउँमा शंकर भगवान् ती मोहिनी रूपकी कन्यालाई लखेट्दै दगुरे । वीर्य स्वखलित भईसकेपछि शंकरजीलाई होस् भयो कि म भगवान्को मायाले मोहित भएछु भन्ने ठानी शान्त भए ।

शिवजी नतमस्तक भएर बसेकाले मधुसुदन भगवान्ले भन्नुभयो - मेरो मायामा अल्झेर पनि पारि तर्नुभयो । तपाईंलाई अब मेरो गुणमयी मायाले कहिल्यै पनि जित्न सक्ने छैन । यति भएर श्रीहरिद्वारा सत्कार पाएर स्वधाम पाल्नुभयो र पार्वतीसँग भगवान्को मोहिनी रूपको प्रशंसा गर्न लाग्नुभयो ।

## १३. वैवस्वतादि अरू सात मन्वन्तरको वर्णन

विवस्वान (सूर्य) का छोरा श्राद्धदेव भनिने वैवस्वत सातौं मनु हुन् । उनको समयमा सूर्य आदि देवता र पुरन्दर इन्द्र भए । यस्तै, कश्यप, अत्रि, वसिष्ठ, विश्वामित्र, गौतम, जमदग्नि र भरद्वाज सप्त ऋषि थिए । यसै मन्वन्तरको अन्तमा कश्यप–अदितिका कान्छा छोराको रूपमा वामन अवतार भएको थियो । विवस्वानका संज्ञा र छाया २ पत्नी थिए । यसैगरी आठौं मनु सावर्णि हुन् । उनको समयमा सुतपा आदि देवता भए । गालव आदि सप्तर्षि भए । इन्द्र बलि भए । नवौं मनु दक्षसावर्णि भए । उनको समयमा पार आदि देवता, द्युतिमान आदि सप्तर्षि भए । त्यसवेलामा भगवान्ले ऋषभ अवतार लिनुभयो । दशौं मनु ब्रह्मसावर्णि भए । त्यसवेला सुवासन आदि देवता, हविष्मान आदि सप्तर्षि, शम्भु इन्द्र भए । त्यसैबेला भगवान्ले विष्वक्सेन अवतार लिनुभयो । एघारौं मनु धर्मसावर्णि भए । उनको समयमा विहङ्गम आदि देवता, अरूण आदि सप्तर्षि, वैधृति इन्द्र भए भने भगवान्ले धर्मसेतु अवतार लिनुभयो । बाह्रौं मनु रूद्रसावर्णि भए । त्यसवेलामा हरित आदि देवता, आग्नीन्ध्र आदि सप्तर्षि र ऋतधामा इन्द्र भए । त्यसवेलामा भगवान्को स्वधामा अवतार भयो । तेह्रौं मनु देवसावर्णि भए । उनको समयमा सुकर्मा आदि देवता, निर्मोक आदि सप्तर्षि, वृहस्पति इन्द्र भए । त्यसबेला भगवान्को योगेश्वर अवतार भयो । चौधौं मनु इन्द्रसावर्णि भए । त्यसवेलामा चाक्षुष आदि देवता, अग्नि आदि सप्तर्षि र शुचि इन्द्र भए । भगवान्को वृहद्भानु अवतार भयो । यी चौध मन्वन्तर बितेपछि ब्रह्माजीको १ दिन (वा एक कल्प) हुन्छ ।

## १४. मनुहरूको कर्म निर्देश

भगवान्कै प्रेरणाले मनु आदिले संसार यात्राको सञ्चालन गर्दछन् । चतुर्युगको अन्त्यमा कालको मुखमा परेकी श्रुतीको आफ्नो तपोबलले त्यस सनातन धर्मको रक्षा भइ रहन्छ । स्वयं श्रीहरि सनकादि सिद्धहरूको रूपमा अवतार लिएर सबैलाई ज्ञानोपदेश दिन्छन् । भगवान्को मायाले मोहित व्यक्ति शास्त्रले निरूपित गरिए पनि कसैले जान्दैनन् ।

## १५. दैत्यराजा बलिको स्वर्ग विजय

देवासुर संग्राममा जब शुक्राचार्यले प्राणवीहिन भएका बलि राजालाई जीवनदान दिएका थिए । यही गुनको कारणले बलि र अन्य दानवले भएर शुक्राचार्यलाई सर्वस्व अर्पण गरेर सेवा गर्दथे । त्यो सेवाले प्रशन्न राजा बलिलाई ऐन्द्र महाभिषेक गरेर विश्वजित यज्ञ गराए । त्यस यज्ञबाट इन्द्रका घोडा सुवर्णले मोरिएको रथ र धनुष, वाण, ठोक्रो, कवच र अनेक दिव्य चिज निस्किए । पितामह प्रह्लादले पुष्पमाला दिए । शुक्राचार्य गुरूले शङ्ख दिए । ती सबै सामानले अलंकृत भई सुसज्जित भएर शुक्राचार्यका शक्तिले चम्कदै आकाशै निल्ने जस्तो गरी त्यो ऐश्वर्यशाली दैत्य युथपति असुर सेना साथ लिएर इन्द्रपुरी गए । स्वर्गको चारैतिरबाट सेनाले घेरी शुक्राचार्यले दिएको ठूलो शङ्ख बजाए ।

यसरी शत्रुले युद्धको संकेत दिएपछि इन्द्र पनि त्रसित भई आफ्ना गुरु वृहस्पतिसँग सोध्न गए । गुरूले भने - यो वली उसैका गुरु शुक्राचार्यबाट शक्ति ग्रहण गरी ऐश्वर्यशाली भएर आकाश निल्दै संसार चाहर्दै आएको छ । तसर्थः प्रभूबाहेक अरू टिक्न सक्दैनन् । अतः तिमीहरू यो स्वर्ग छाडेर कतै लुकेर बस र शत्रुको बल निस्तेज पार्ने प्रतीक्षामा बस । अहिले शुक्राचार्यको ब्रह्मतेज पाएर समृद्ध भएको छ । जब यसले फेरी ब्राह्मणको अपमान गर्ला तब स-कुटुम्भ नष्ट भएर जानेछ । अनिमात्र तिम्रो विजय होला । यसरी गुरु वृहस्पतिले

दिएको उपदेश अनुरूप देवताहरू यता उता लुक्न थाले । यसरी देवता लुकेको देखेर बलिले तीनै लोकलाई आफ्नो अधीनमा राखि शासन गर्न थाले । दैत्य गुरु शुक्राचार्यले विश्व विजयी बलिकै हातबाट सय अश्वमेध यज्ञ गराए । यसरी चारैतिर आफ्नो कीर्ति फैलाएर देवता र ब्राह्मणद्वारा प्राप्त त्यो राज्य भोगी शासन गर्न थाले ।

## १६. कश्यपद्वारा अदितिलाई पयोव्रतको उपदेश

एकदिन कश्यप समाधिबाट उठेर देवताहरूकी माता आफ्नी पत्नी अदितिको आश्रममा जानुभयो । जहाँ दैत्यको अत्याचारले डराएको देखेर आफ्ना छोरा इन्द्र लगायतका देवताहरू स्वर्ग छाडेर भाग्नु परेको देखेर अनाथझैँ विलाप गर्दै थिइन् । कश्यप - हे भद्रे ! अब तिमी प्राणीका अन्तःकरणमा बसेका जगतगुरु भगवान् जनार्दनको आराधना गर । उनैले तिम्रो सबै कामना पुरा गरिदिनेछन् ।

फाल्गुन शुल्क पक्षमा १२ दिनसम्म केवल दूध पिएर रहोस् र अन्त्यसम्म भक्तिपूर्वक विष्णुको पूजा गरोस् । औंशीको दिन शूकरले खनेको माटो शरीर मा धसी नदीमा स्नान गरोस् । भगवान्का विभिन्न नाम र विभिन्न मन्त्रद्वारा ऋषिकेश भगवान्को पञ्चोपचारले पूजा गर्नू । प्रभुलाई पनि दुधैले नुहाउनू । धन छ भने दूधमा पकाएको घ्यू सख्खर, मिसेको चामल नैवेद्यले द्वादशाक्षर मन्त्रले हवन गर्नू 'ॐ नमो भगवते वासुदेवाय' यसले १०८ जप गरोस् । सके दुई जनासम्म ब्राह्मणलाई भोजन गराउनू ।

रातभर ब्रह्मचर्यमा रहेर प्रतिपदाको दिन नुहाएर समाहित चित्तले भगवान्लाई विधिवत स्नान गराएर व्रत समाप्तिसम्म नित्य यस्तै गरी पूजा गर्दै जानू ।

प्रतिपदादेखि शुक्लद्वादशीसम्म १२ दिनसम्म त्रिकाल स्नान गरेर ब्रह्मचार्यमा रहनु । सके ब्राह्मणलाई वस्त्र, आभुषण, गाई दान दिनू, अतिथि भए सेवा गर्नू । यसरी यो व्रत पुरा गऱ्यो भने हे देवी अदिति ! तिम्रो मनको कुरा पुरा हुनेछ ।

## १७. अदितिको पयोव्रतबाट प्रसन्न भगवान् प्रकट

यसरी अदितिले आफ्ना पति कश्यपजीसँगबाट उपदेश पाएपछि फाल्गुण शुक्लपक्षमा परेवा तिथिदेखि द्वादशीसम्म १२ दिनको पयोव्रतको अनुष्ठान गरिसकेपछि भगवान् आदिपुरूष प्रकट भइ भन्नुभयो - तिमीले आफ्ना छोराहरूको रक्षाको लागि मेरो आराधना गरेकी हौ । मैले बुझेको छु । तर अहिले यी असुरहरू शुक्राचार्यका शक्तिले अजेय छन् । अतः म स्वयं आफ्नो अंशले कश्यपको वीर्यबाट उत्पन्न भइ तिम्रो छोराहरूको रक्षा गर्नेछु भन्दै भगवान् अर्न्तध्यान हुनुभन्दा अगाडि भन्नुभयो - हे देवी ! कश्यपलाई नै मेरो रूप जानेर सेवा गर । यस विषयमा कसैलाई केही नबताउनु । देवताहरूका काम गुप्त नै सिद्ध हुन्छन् ।

## १८. वामनको जन्म र बलिको यज्ञशालामा जानु

जब देवताकी माता अतिदिका गर्भमा शङ्ख, चक्रधारी चतुर्भुज प्रकट भए रे भन्ने जानेपछि ब्राह्मणले गुप्त रूपले स्तुति गरिसकेका थिए । जब चन्द्रमा श्रवण नक्षत्रमा गए, श्रावणको द्वादशी अभिजित मुर्हुतमा दिउँसो मध्यमा वामन भगवान्ले अवतार लिए । त्यो द्वादशी विजया द्वादशीले प्रख्यात भयो । वामन भगवान्को वृहस्पतिद्वारा जातकर्म संस्कार गराई यज्ञोपवित जनै लगाइदिए । सविता देवताले गायत्री मन्त्र लिए । स्वयं कश्यपले मेखला, पृथ्वीले मृगचर्म, चन्द्रमाले दण्ड, माता अदितिले कौपिन र स्वर्गले छत्र दिए । वामन बलिको यज्ञशालातिर लागे ।

## १९. वामनले तीन पाउ भूमि माग्नु

वामन भगवान् सबै सबै आभूषणले सु-सज्जित भई आफ्नो यज्ञतिर आइरहेको देखेर यज्ञशालामा रहेका ब्राह्मणहरू बटुक ब्राह्मणको सौन्दर्य आकृति र तेज देखेर निस्तेज भए ।  यस्तै सुन्दर बटुक ब्राह्मणलाई देखेर बलि अत्यन्तै प्रशन्न

भएर भने आज यो सुन्दर ब्राह्मणलाई दान दिन पाउने भएँ । भन्नुहोस् हजुरलाई के को इच्छा छ ? गाई, सुवर्ण, सामग्री समेतको घर, अन्न, विप्रकन्या, सम्पत्ति, ग्राम, हात्ती, घोडा । वामन - हे राजा बलि ! तिमीले भनेको कुरा साँचो हो । किनकि तिम्रो वंशमा पुर्खाहरू कोही पनि कञ्जुस थिएनन् । हिरण्यकश्यपु वडा वीर थिए । उनका छोरा प्रह्लाद भगवान् भक्त थिए । उनका छोरा तिम्रा पिता विरोचन प्रवल ब्राह्मण भक्त थिए कि उनले ब्राह्मण भेषधारी देवतालाई मागेपछि आफ्नो आयु पनि दिएका थिए । यस्ताका छोरा तिमी बलि दानीमा झनै संसारमा प्रख्यात छौँ । तर तिमीसँग म केवल मेरा पाउने तीन पाऊ मात्र भूमि माग्दछु । अलि धेरै माग्नुहोस् भन्दा वामन - अजितेन्द्रिय ब्राह्मण तीनै लोक पाएर पनि सन्तुष्ट हुँदैन । आफैँ आईलागेको पदार्थले सन्तुष्ट ब्रह्माको तेज बढ्दछ असन्तोषले तेज घट्दछ । जति सामग्री प्राप्त हुन्छ त्यतिमा सन्तुष्ट हुनु नै मोक्षको कारण हुन्छ र असन्तुष्ट जन्म मरणको कारण हुन्छ । तसर्थः मलाई त्यति भए काम चल्छ । बलिले हाँस्दै हुन्छ तिम्रो जे इच्छा त्यही लेउ भनेर तीन पाउ पृथ्वी दान दिन जल उचाले ।

तब गुरु शुक्राचार्य बोले - हे शिष्य बलि ! जो तिमीले सुन्दर बटुक ब्राह्मण दान दिन लायक देख्छौँ यी त कश्यप र अदितिका गर्भबाट उत्पन्न भगवान् हुन् । जो देवताको कार्य सिद्ध गर्न यहाँ आएका हुन् । यिनलाई दान दिनु हुँदैन । सम्पूर्ण दानवको सर्वनाश हुनेछ । यसलाई दान दिन्छु भनेर नदिएकोमा तिमीलाई दोष नलाग्ने कुरा म बताइदिन्छु सुन । स्त्रीसित परिहासको बेलामा, अनाथको बिहेको लागि, आजीविका रक्षाको लागि, कसैको प्राण बच्छ भने गाई ब्राह्मणको कल्याणका लागि पनि झुट बोले पनि दोष लाग्ने छैन ।

## २०. बलिले भूमि दान दिनु र वामनको विश्वरूप

हे गुरु ! अब मलाई सम्झाउने कोशिस नगर्नुहोस् । हिरण्यकश्यपुको पनाति प्रह्लादको नाति, विरोचनको छोरा म बलिले ब्राह्मणलाई एकचोटी दिन्छु भनिसकें । अब

फेरी दिन्न कसरी भन्नु ? अघि दधिची र शिवीले अर्काको कल्याणार्थ प्राण समेत दिएका थिए भने जाबो भूमि किन नदिने ? भन्दा दानवहरूका गुरु शुक्राचार्यले - मेरो वचन उलंघन गरिस् "तेरो ऐश्वर्य नष्ट भएर जाओस्" यति श्राप पाउँदा पनि बलि सत्यबाट वीचलित नभइ ब्राह्मणलाई तीन पाउ जमिन दिन लागे । रानी विन्ध्यावली मोति आभूषणहरू लिएर सुनको कलशमा जल लिएर आइन् र बलिदान दिन लागे । ब्राह्मणले पनि एक पाउले सारा पृथ्वी ढाकिलिए र शरीरले आकाश तथा भुजाहरूले सबै दिशाहरू ढाकिलिए । जब दोश्रो पाउले स्वर्गलाई ढाकेर पनि बढाउँदै सत्यलोकसम्म पुगेकाले तेश्रो पाउ राख्ने ठाउँ भएन ।

## २१. वामनको तीन पाउ र बलि राजा

यसरी वामनले कपट भई ब्राह्मण भेष धारण गरी आफ्ना स्वामी राजा बलि र दैत्यगणकै आधिपत्य खोसिएकोमा बलिको इच्छा नहुँदा पनि उनका सेनाले शस्त्र, अस्त्रले देवतामाथि आइ लागे । ठूलै युद्ध भयो । तर भगवान्का पार्षदहरू नन्द, सुनन्द, जय, विजय, प्रबल, बल, कुमाद, कुमादक्ष, विश्वसेन, गरूड, जयन्त, सुतदेव, पुष्पदन्त र सात्वत यस्ता प्रभावशाली १०/१० हात्तीका बल भएका पार्षदहरूले सारा असुर सेना ध्वस्त पारिदिए । बलिले आफ्ना रिसाएका सेना मरेका देखेर, शुक्राचार्यको श्राप स्मरण गर्दै युद्ध रोके । बलिले भने - हाम्रो मङ्गल समयमा हामी विजयी भएका थियौँ र यो ऐश्वर्य पायौं अहिले मङ्गल समय छैन भनेर दैत्यहरूलाई सम्झाउँदै रसातलतिर पठाए । विराट भगवान्को अभिप्रायः बुझेर यज्ञ समाप्त हुने दिन राजा बलिलाई वरूण पासले बेसरी टन्काए । अनि वामनले भने - दुई पाउ त राखें अब एक पाउ राख्ने ठाउँ देउ नत्र तिमीले मलाई भने बमोजिम दिन नसकेकोमा नरकगामी हुनुपर्छ ।

## २२. वामनद्वारा बलिलाई सुतललोक पठाउनु

बलि - मेरो वचन झुठो नमान्नुहोस् । हजुरको तेस्रो पाउ मेरो माथमा राख्नुहोस् भनि बलि भगवान्को स्तुति गर्दै थिए । हजुरबा प्रह्लाद पनि त्यहीं आइपुगे । बाँधिएका हुनाले प्रणाम गर्नमा असमर्थ भई लाजले मुन्टो निहुर्‍याएर बसे । प्रह्लादले भगवान्लाई प्रणाम गरी बलिको सर्वस्व खोसिएकामा खुशी प्रकट गर्नुभयो । वैभवको मदले मात्तिएपछि भगवान्लाई भुल्दछन् । बलिकी पत्नी विन्ध्यावली सर्वस्व खोसिएकोमा डरले रूँदै विलाप गर्न लागिन् । ब्रह्माजीले भने - प्रभु ! यसको सर्वस्व खोसिएको छ । अब यसलाई छोडिदिऊँ भनेपछि बलिलाई सुतललोक जान अनुमति दिनुभयो । त्यहाँ तिम्रो मङ्गल रहनेछ । ती तिम्रा दैत्य प्रजाले तिम्रो वचन उल्लङ्घन गरेमा मेरो चक्रले नष्ट हुनेछ । हरतरहले तिम्रो रक्षा गर्नेछु र जुन असुर भाव हो मेरो प्रभावले नष्ट हुनेछ ।

## २३. बलि सुतलोक जानु र वामनले उपेन्द्र पद पाउनु

यसरी वामन भगवान्ले स्वर्गलोक बलिसँगबाट खोसी इन्द्रलाई दिए । जुन अदितिको चाहना थियो त्यो पूर्ण पारे । प्रह्लादलाई पनि आफ्ना वंशसँगै सुतललोक जाने अनुमति दिनुभयो । वामन भगवान्ले बलिसँग पृथ्वी मागेर आफ्ना भाइ इन्द्रलाई स्वर्ग लोक दिए । मुनि वर्ग, देव वर्ग, ब्रह्मा समेतले वामनलाई सबै रक्षा गर्नमा समर्थ भएकाले उपेन्द्र पद दिइ परम ऐश्वर्य विमानमा चढाई इन्द्रले आफ्ना स्वर्गलोक लगे । त्यसपछि सबै आ-आफ्नो लोक गए ।

## २४. भगवान्को मत्स्यावतार

गत महाकल्पमा सूर्यका छोरा श्राद्धदेव नामका राजा नदीमा स्नान गर्न गएका उनको अञ्जुलीमा एउटा सानो माछो आयो । राजाले जलैमा हालिदिन खोज्दा, म हिंसाको डरले आएको हुँ । मेरो रक्षा गर भन्दा आफ्ना कमण्डलुको जलमा राखि आफ्नै आश्रम लगे । त्यो माछो अत्यन्त द्रुत गतिमा बढेकाले एकै

रातमा कमण्डलुमा अटेन । माछाकै आज्ञाअनुसार गाग्रामा राखे । त्यसमा पनि नअटेपछि एउटा तलाउमा लगे । त्यहाँ पनि नअटेपछि झनझन ठूलो तलाउमा राख्दै गए र अन्त्यमा समुद्रमै हालिदिए । अनि माछो बोल्यो - मलाई जल जन्तुले आहाराका रूपमा खाने भएकाले समुद्रमा नफाल । राजा - यो विचित्र मत्स्यरूपले मलाई मोहित पार्ने हजुरको हुनुहुन्छ ? पक्कै लोकको कल्याणार्थ नारायण भन्नुहुन्छ । मत्स्य भगवान् - आजका सातौँ दिनमा तीनै लोक समुद्रमा डुब्छ । मेरो प्रेरणाले तिम्रो नजिकै एउटा डुङ्गा आउँदछ । सप्तऋषिसहित तिमीलाई तान्दै प्रलयकालको समुद्रमा डुब्नेछ । त्यसपछि तिमीले म परब्रह्माको महिमा जान्नेछौ । राजा सत्यव्रत (श्राद्धदेव) त्यसैको प्रतीक्षामा उनैको ध्यानमा थिए । अकस्मात महामेघ बर्सियो । समुद्रले मर्यादा नाघेर पृथ्वी डुबायो । अनि राजाले भगवान्ले बताएको कुरा स्मरण गर्दै थिए । एक विशाल डुङ्गा देखियो । त्यसैमा औषधी र वीज लिएर सप्तऋषिसँग चढे । ऋषिको आदेश अनुसार राजाले उनै भगवान्को ध्यान गरे । तब लाख योजन विस्तृत (ठूलो) एक सुवर्णमय माछो देखे । भगवान्ले बताए जस्तो वासुकीको डोरीले त्यसको सिङमा बाँधिदिए । उनैले आत्मतत्त्वको उपदेश दिए । मस्त्य भगवान्ले साङ्ख्य योग र कर्मको उल्लेख भएको मत्स्य पुराणको पूर्णज्ञान सप्तऋषिका साथमा बसेर सुनाए । जब प्रलयको अन्त्य भयो ब्रह्माजी पनि सुतेर उठे तब ब्रह्माजी निदाएको अवस्थामा खोसिएको वेद त्यहीं हयग्रीव दैत्यबाट खोसी ब्रह्माजीलाई जिम्मा लगाइदिए, भगवान्कै कृपाले ती राजा श्राद्धदेव (सत्यव्रत) यस कल्पमा वैवस्वत मनु भए ।


श्रीमद्भागवत
महापुराण
नवम स्कन्ध

# नवम स्कन्ध

## सारांश

प्रलयकालमा सम्पूर्ण प्राणीको आत्मा रहनुभएका परमपुरूष नारायण मात्र हुनुहुन्थ्यो । उहाँको आँखाको नानीबाट सुनौलो कमलकोष प्रकट भयो। त्यसबाट चतुंमुखी बस्माजी उत्पन्न हुनुभयो । त्यसैले उहाँलाई स्वयम्भू भन्छन् । बल्माजीको मनबाट प्रचि उत्पन्न भए। मरीचिका छोरा कश्यप भए । कश्यपको पत्नी अदितिबाट विवस्वान (सूर्य) को जन्म भयो। विवस्वानकी पत्नी सज्ञाबाट श्राद्धदेव मनु जन्मे । जनै श्रद्धदेव मन्लाई वर्तमानमा वैवस्वत मनु भनिन्छन । श्राद्धदेवले पत्नी बडाबाट इक्ष्वाकु नृग शांति, दिष्ट, घुष्ट करूष, नरिष्यन्त, पुषध, नभग र कवि दश छोरा जन्माए । उनले पत्रको कामना राखी गरेको मित्रावरूण यज्ञमा होताले संकल्पमा ने गल्ती गरेकाले 'इत्ता' नाउँकी छोरी जन्मिन् । श्राद्धदेवले त्यसको कारण बसिष्ठबाट बुझे । वसिष्ठले नै भगवान्को सहयोग लिएर ती कन्यालाई पुरूष बनाइदिए । तिनको नाउँ सुद्युम्न रह्यो ।

एकदिन व्रतधारी महर्षिहरू आफ्ना तेजले अन्धकार हटाउँदै भगवान् शंकरको दर्शन गर्न त्यस वनमा गएका थिए । उनीहरूलाई देख्दा बनका बीचमा नाङ्गै रहेकी भगवान् शंकरकी पत्नी अम्बिकादेवीजी (पार्वती) लाई लाज भयो । उहाँले शंकर भगवान्को काखबाट उठेर हतारहतार लुगा पहिरिनुभयो । आफूहरू अनुचित समयममा आएको बुझेर त्यहाँबाट फर्की सबैजना भगवान् नारायणको आश्रममा गए । अम्बिकादेवीजी अचानक आइपरेको समस्या बुझेर उहाँलाई प्रसन्न पार्न भगवान् शंकरले त्यहाँ आउने अन्य पुरुष स्त्रीरूपमा परिवर्तन हुनेछ भनी श्राप दिनुभयो । त्यसबेलादेखि त्यस वनमा पुरूषहरू प्रवेश गर्न छोडे ।

# नवम स्कन्ध

## १. वैवस्वत मनुका छोरा सुद्युम्न

**तत्र तु प्रथमेऽध्याये वैवस्वतसुतान्वये ।**
**सोमवंशप्रवेशोक्त्यै सुद्युम्नस्त्रीत्वमुच्यते ।।१।।**

पहिलो कल्पमा – ब्रह्माका छोरा मरिची, मरिचीका छोरा कश्यप, कश्यपका छोरा विस्वास्वान, विस्वास्वानको छोरो श्राद्धदेव मनु भए । श्राद्धदेवका छोरा इक्ष्वाकु, नृग, शर्याति, दिष्ट, धृष्ट, करूष, नरिष्यन्त, नभग, कवि, पृषध्र ।

दोश्रो कल्पमा – सूर्यनारायणका छोरा वैवस्वत मनु भए । उनका सन्तान थिएनन् । वशिष्ठद्वारा मित्रवरूण नामक यज्ञ गराए । मनुले छोरा हुने यज्ञ गराएकोमा पत्नी श्रद्धाले होता ब्राह्मणसँग छोरी मागिन् । इला नामकी छोरी भइन् । राजाले दुःख मानेर कसरी वीपरित फल हुन गयो भनेर गुनासो गरेपछि वशिष्ठले शिवजीको शक्तिद्वारा सुद्युम्न नामको पुत्र बनाइदिए । शिकारमा जाँदा सुमेरूपर्वतमा पुगेपछि अचानक स्वतः छोरी नै भइन् । यसैगरी डुल्दै जाँदा ती सुद्युम्नरूपी कन्यालाई चन्द्रमाका पुत्र बुधले देखे । एक छोरो पुरूरवा नामको पुत्र उत्पन्न गरे । स्त्री सुद्युम्नको निवेदन अनुसार वशिष्ठले दया गरेर १ महिना पुरूष र १ महिना स्त्री हुने बनाइदिए । महाराज सुद्युम्नका उत्कहल, गय, विमल आदि तीन छोरा भए । कालान्तरमा वृद्ध भएपछि प्रतिष्ठान नगरको राज्य छोरो पुरूरवालाई सुम्पी वन गए ।

## २. मनुपुत्र पृषध्र आदिको वंश वर्णन

यसरी मनुपुत्र सुद्युम्न वन गएपछि वैवस्वत मनुले यमुनामा सयवर्ष तपस्या गरी इक्ष्वाकु आदि १० पुत्र भए । एउटाको नाम पृषध्र थियो । बाघ मार भन्दा गाई मार्न गएकोमा गुरूबाट शुद्र हुने श्रापलाई स्वीकारी वन गई परब्रह्म प्राप्ति गरे । अर्को मनुपुत्र करूषबाट क्षत्री उत्पन्न भए । तीबाट धेरै सन्तान भए ।

## ३. च्यावन ऋषिको वृतान्त, बलराम-रेवतीको विवाह

वैवस्वत मनुका छोरा शर्याती नामका राजा छोरी सुकन्याका साथमा फौजीजत्था समेत लिएर वनमा सिकार खेल्न गएछन् । जुन सदावहार वनमा च्यावन ऋषिको आश्रम रहेछ । त्यहाँ धमिराले थुपारेको जस्तो माटोको थुप्राबाट दुई ज्योति बलेको देखेर राजाकी छोरी सुकन्याले घोची दिइछन् । त्यहाँबाट रगत बग्यो । सुकन्या खेल्दै गएकी थिइन् । डरले भागिन् । त्यसपछि राजा शर्यातिका सेनाको मलमुत्र अवरूद्ध भयो । के अचम्म भयो भनेर खैलाबैला भयो । राजाले सैनिकलाई भने - तिमीहरूले यो वनमा अवश्य केही गल्ति गरेका छौ । सैनिक तर्फबाट गल्ति नभएको जवाफ आईरहेको बेला सुकन्याले भने असाध्यै डराउँदै भनिन् - पिताजी मैले थाहा नपाएर दुईटा बलेका ज्योतिमा घोचीदिएकी छु । अब राजा शर्याति आत्तिएर च्यावनका आश्रममा पुगि नम्र भई अनेक तरहले बुझाउन थाले । यी मेरी बाल कन्याले अज्ञानवस यस्तो हुन गएकोमा क्षमा दिनुहोस् । अन्त्यमा च्यावनले आफू दुबै आँखाले अन्धो भएकाले सेवाको लागि सुकन्याको आवश्यक भन्ने भाव बुझेर सुकन्या उनैको सेवामा अर्पण गरी तत्काल श्रापको संकटबाट राजा मुक्त भएर आफ्नो राज्यमा फर्किए । सुकन्याले पनि अति वृद्ध च्यावनलाई पति पाए पनि पतिव्रता धर्मको मर्यादामा रही उनको मनोवृति जानेर जसरी पार्वतीले शिवजीको सेवा गरेकी थिइन् । त्यसैगरी सेवा गरेर च्यावनलाई प्रसन्न पारेकी थिइन् ।

एकदिन च्यावनको आश्रममा दुबै अश्विनीकुमारहरू आएको देखेर च्यावनले भने - मलाई जवान युवक भइ युवतीलाई मनपर्ने बनाईदेऊ । त्यसको बदलामा म

तिमीहरूलाई यज्ञमा सोमपानको अधिकार नभए पनि प्रदान गरूँला । ती वैद्य श्रेष्ठ अश्विनीकुमारले च्यवनलाई आफूहरूसहित सिद्धगणले बनाएको कुण्डमा स्नान गरी निस्कँदा त तीनैजना सूर्य जस्तै तेजस्वी र यौवन देखेर सुकन्याले च्यावनलाई चिन्न सकिनन् । सुकन्या माला लिएर निस्केकी थिइन्, तिनै अश्विनीकुमारको शरण परेपछि, चिनाइदिए जसमा देवताले जमिनमा टेक्दैनन् र छाया पनि पर्दैन । ऋषिले जमिनमा टेकेका छाया पनि परेको माल्यार्पण गरिन् । अश्विनीकुमार विमानमा बसी स्वर्ग गए ।

एकदिन राजा शर्यातिलाई यज्ञ गर्ने विचारले च्यावन ऋषिको कुटिमा जाँदा त सूर्य जस्तै तेजस्वी युवकसँग छोरी सुकन्या देखेर राजाले सुकन्यालाई रिसले चर्को स्वरमा भने - कुन केटाको साथमा बसेकी छस्, कुलमा कलंक लगाइस् ? सुकन्या खुशी भएर हाँस्दै भन्छिन् - यी हजुरका ज्वाइँ भृगुवंशी च्यावन नै हुन् । यौवन र तेजस्वी हुनाको कारण बताइदिइन् । अनि च्यावनले शर्यातिको इच्छाअनुसार सोमयज्ञको अनुष्ठान गराई अश्विनीकुमारलाई सोमपानको भाग कबुल अनुसार प्रदान गरे । वैद्य भएको कारण पहिला यज्ञ भाग लाग्दैनथ्यो, त्यसैबेलादेखि चल्यो ।

श्राद्धदेव - (वैवस्वत) मनुका छोरा शर्याति, शर्यातिका तीन छोरा उत्तानबर्हि, अनार्त र भूरिषेण आनर्तका छोरा सय मध्ये जेठा कुकुदमी, यिनकी छोरी रेवती जसलाई ब्रह्माजीको आदेश अनुसार बलरामलाई दिएर राजा कुकुदमी तपस्याका लागि बदरीवनतिर लागे ।

## ४. राजा अम्वरिषको वृतान्त

श्रद्धादेव वैवस्वत मनुका छोरा नभग, नभगको छोरा नाभाग गुरूकुलमा पढ्न गएका थिए । फर्केर आउँदा घरमा सबै अंशवण्डा भइसकेछ । मेरो अंश खोई भन्दा त उनका जेठा दाजुले आफ्नो कान्छो भाइलाई भने - तिम्रो अंश भाग यिनै पिता हुन अरू केही छैन भनेपछि नाभाग आफ्ना पिताको छेउमा गएर भने - हजुर त मेरो भागमा पर्नु भएको छ रे ? पिता - बाबु ! तँ यिनका कुरा

स्वीकार नगर । यहाँबाट धेरै पर अंगिरस गोत्रका ब्राह्मणहरू यज्ञ गर्दैछन् । तिनले यज्ञको अन्तिममा विधि बिर्सनेछन् । तँ गएर भन्नु कि 'इन्द्र मिथ्या रौद्रम' 'यज्ञनादक्षिणाय' यज्ञ समाप्त गरेर जब स्वर्ग लोक जानेछन् तब त्यो धन सबै तिमीलाई दिनेछन्, नाभागले त्यसै गरे । अन्तिममा उब्रेको सबै धन दिए ।

तर उत्तरदिशाबाट आएर रूद्रले भने - "यो यज्ञमा उब्रेको धन त मेरो हो ।" दुबैले दावी गरेपछि रूद्रले भने झगडा नगरौ तिम्रै पितालाई सोध जे भन्छन् त्यही गर । पिताले नियम सम्मत भने कि यस यज्ञशालामा उग्रेको बाँकी धन रूद्रकै हुन्छ । नाभागले भने हाम्रा पिताको वचन यो उग्रेको धन हजुरकै हो । मलाई क्षमा दिनुहोस् । तब रूद्र भन्छन् - "तिम्रा बाबुले धर्मसम्मत वचन बोलेर तिमी पनि सत्य बोलिरहेका छौँ । तसर्थः तिमीलाई म ब्रह्मज्ञानको उपदेश दिन्छु साथै यो धन पनि तिमी नै लैजाउ" भनेर अर्न्तध्यान भए । उनै श्राद्धदेव वैवस्वत मनु वंशमा नाभागका छोरा अम्वरिष उद्धार स्वभावका, ठूला भगवतभक्त ब्रह्मपाशले पनि स्पर्श गर्न नसक्ने थिए । आफ्ना सम्पूर्ण अङ्ग, प्रत्यङ्ग, धन, कुटुम्बी र आफ्नो कर्मसमेत भगवान्मा अर्पण गरिसकेका अम्वरिषले ब्रह्माको आदेशले राज्य गर्न थाले । एकपटक उनले सरस्वती नदीको सम्मुखमा वशिष्ठ आचार्यद्वारा महान अश्वमेध यज्ञद्वारा यज्ञपुरूष नारायणको भजन गरे । महाराज अम्वरिषको भक्तिभाव देखेर भगवान्ले उनलाई भक्तको रक्षा र विरोधीलाई भयदायक सुदर्शन चक्र दिएका थिए । एक समय राजा अम्वरिषले भगवान् कृष्णको उपासनार्थ रानीसहित एकवर्षसम्म एकादशीको व्रत बस्ने संकल्प गरे । वर्ष पुगेकाले कार्तिक महिनामा उपवास बसी श्रीकृष्ण भगवान्को पूजा गरे । ब्राह्मणहरूलाई विभिन्न दान दिए र मिठो भोजनादिले सन्तुष्ट गराए । उत्तम गाई दान दिए । जो साठ्ठीकरोड थिए । सबै कुरा समाप्त गरेर ब्राह्मणकै आज्ञाअनुसार पारायण गर्ने बेलामा दुर्वासा राजाका अतिथि हुन आए । विधिवत पूजा सेवा गरी भोजनको निमित्त प्रार्थना गर्दा स्वीकार गरी नित्य कर्मका लागि यमुनातर्फ लागे । जब द्वादशी आधा मुर्हूत मात्रै रह्यो तर धर्मज्ञ अम्वरिषले ठूलो धर्मसंकटमा

परी पारायण गर्ने विषयमा ब्राह्मणहरूसँग परामर्श मागे । किनभने अतिथि वा ब्राह्मणहरूलाई भोजन नगरी खानु र द्वादशीमा पारायण नगर्नु नै दुबै समान दोष हुन् । पानी मात्र पिउनु वा भोजन गर्नु दुबै समान हुन् भन्ने कुरा श्रुतिको छ । अम्वरिष केवल पानी मात्र पिएर श्रीअच्युत भगवान्को चिन्तन गरिरहेका छन् । दुर्वासालाई कुरिरहेका थिए टुप्लुक्क आइपुगे । राजाले पारायण गरिसकेको चेष्टा जानेपछि धेरै भोकाएका ऋषि अम्वरिषसँग रिसाएर जट्टाको रौं उखेली प्रलयाग्निका भीषण कृत्य उत्पन्न गरे । ती कृत्यले हातमा खड्ग लिइ राजा अम्वरिषलाई झम्टिन् । तर भगवान्द्वारा प्राप्त भक्तको रक्षा निमित्त सुदर्शन चक्रले त्यस कृत्यलाई पोलेर भष्म पारिदियो । अनि सो चक्र दुर्वासातर्फ आएको देखेर दुर्वासा सुमेरू पर्वतमा लुक्न गए । त्यहाँ शान्ति नपाएर ब्रह्माजीकहाँ पुगे । विष्णुको भक्तसँग विरोध गर्नेलाई रक्षा दिन सक्दिन भनेपछि शिवजीकहाँ पुगे । शिवले पनि यो परमात्माको चक्रशक्ति रहेछ मबाट हुँदैन भनेपछि उनै विष्णु कहाँ जाँदा विष्णुले भन्नुभयो - म सधैं भक्तको अधीनमा छु । मेरो हृदयमा भक्तले अधिकार जमाइसकेका छन् । म पनि ती भक्तप्रति सधैं प्रिय छु । अरू कति भनौँ ती साधु पुरुष साक्षात् मेरो हृदय हुन् र म उनको हृदय हुँ ।

तै पनि म तिमीलाई उपाय बताउँछु सुन - तिमीले राजा अम्विरिषमाथि कुविचार गरेका कारणले तिमीलाई यो विपत्ति र विपरीत फल प्राप्त भयो । अब तिमी उनै अम्वरिषसँग गएर आफ्नो अपराध क्षमा गराऊ ।

# ५. दुर्वासाको कष्ट निवारण

भगवान्बाट यस्तो आज्ञा पाएपछि सुदर्शन चक्रले सन्तप्त दुर्वासा अम्वरिषकहाँ पुगेर अत्यन्त दुःखी भइ नम्रताका साथ पाउ समातेर प्रणाम गरे, क्षमा मागे । दुर्वासाको भाव बुझेर अम्वरिषले सुदर्शन चक्रको स्तुति गर्न लागे । हे सुदर्शन ! तिमी अग्नि, सूर्य, चन्द्र, जल, पृथ्वी, आकाश र सम्पूर्ण इन्द्रिय हौ । यदि मैले आफ्नो धर्मको पालन राम्रोसँग गरेको भए यदि हाम्रो कुल सदा ब्राह्मणभक्त रहँदै आएको भए, यी वीप्रलाई सबै तरहको दुःखबाट मुक्त होऊन् ।

अब दुर्वासालाई चारैतिरबाट पोल्ने चक्र शान्त भयो । यति भएपछि दुर्वासाले राजा अम्वरिषलाई आशीर्वाद दिँदै प्रशंसा गर्न लागे । जो दुर्वासाको प्रतीक्षामा बसेका राजा अम्वरिषले दुर्वासालाई प्रशन्न पारेर भोजन गराए । तब ऋषि ब्रह्मलोक गए । यसरी सुदर्शन चक्रदेखि भागेका दुर्वासा फर्केर नआएसम्म एकवर्ष पानीमात्र पिएर बसेका थिए । दुर्वासालाई खुवाएर मात्रै अन्न भोजन गरे यस्ता तत्त्व ज्ञानी अम्वरिषले स्वर्गलाई पनि नर्कझैँ तुच्छ ठानी राज्य आफूजस्तै स्वभावका छोरालाई दिएर भगवान् वासुदेवमा मन लगाइ वनबास भए । संसार बन्धनबाट सदाको लागि मुक्त भए ।

## ६. इक्ष्वाकुको वंश वृत्तान्त सौभरी ऋषिको चरित्र

श्रद्धादेवको नाकबाट हाछ्यूँ गर्दा इक्ष्वाकु जन्मे, जसका सय पुत्रमा विकुक्षि, निमि र दण्डक यी तीन पुत्र सर्वश्रेष्ठ थिए । यी भन्दा साना २५ आर्यवर्त देशको पूर्वी भागमा र अरू २५ भाइ आर्यावर्तको पश्चिम भागमा राजा भए । ती सबै श्रेष्ठ तीन पुत्रमध्ये भागमा र अरू ४७ भाइ दक्षिणादि अन्य देशका राजा भए ।

इक्ष्वाकुको छोरो विकुक्षि र छोरा पुरञ्जयको राज्य कालमा सत्य युगको अन्त्यमा देवता र दानवको घनघोर युद्धको बेला विष्णुका आज्ञाले इन्द्र ठूलो गोरू बने । त्यसैको जुरोमा बसेर राजा पुरञ्जयले आफ्ना अगाडि आएका दानवलाई यमराजको घर पठाएका थिए ।

पुरञ्जयका छोरा अनेना, पृथु, विश्वरन्धि, चन्द्र युवनाश्व, शावस्त र वृशदश्व, कुवलयाश्व, दृढश्व हर्यश्व, निकुम्भ, बहणाश्व कुशाश्व, सेनाजित, युवनाश्व यिनका पुत्र नभएर वन पसे । त्यहाँ ऋषिहरूले इन्द्र नामका यज्ञ गराए । राजा आफैँले यज्ञको कलशको पानी पिएकाले गर्भ रहन गयो । तसर्थः दाहिने को खो चिरेर बालक निकाले । जसलाई इन्द्रले औंला चुसाएर बचाएकाले मान्धाता नाम हुन गयो । मान्धाताका छोरा मुचुकुन्द । मानधाताका ५० कन्याले सौभरी ऋषिलाई पति छाने ।

जलभित्र बसेर तपस्या गर्ने ऋषि सौभरीलाई माछाको क्रीडा देखेर पत्नीका साथ गृहस्थ गर्ने विचार भयो र राजा मान्धातासँग कुरा गर्दा एक कन्या दिने विचार गरे । तर सौभरीले आफ्नो योग बलले युवक बनेर गएकाले राजाका पचासै कन्याले पति स्वीकारी पछि लागे । उनीहरूबाट सौभरीका पाँच हजार पुत्र भए । अन्त्यमा राजाले एक माछाको क्रीडाको कारण आफ्नो पतन हुने कुरा जानेर जङ्गल लागे र रानी पनि सँगै गइन्, परमात्माको ध्यान गरेर शरीर सुकाएर मुक्त भए ।

## ७. त्रिशंकु र हरिश्चन्द्रको वृत्तान्त

इक्ष्वाकुकै वंशमा त्रिबन्धनका छोरा त्रिशंकु, त्रिशंकुका छोरा हरिश्चन्द्र भए । जसको निम्ति विश्वामित्र र वशिष्ठका श्रापले पंक्षीरूप युद्ध भई रहन्थ्यो । हरिश्चन्द्रका छोरा थिएनन् ।

त्रिशंकु गुरु वशिष्ठका श्रापले चाण्डाल भएका थिए । तापनि विश्वामित्रको तपोबलले सशरीर स्वर्गलोक गएका थिए, त्यहाँबाट देवताले तल टाउको पारेर घचेटि दिए । तर उनै विश्वामित्रको तपोवलले हठात बीचैमा रोकिनाले अझसम्म पनि ती आकाशमै झुण्डिरहेका देखिन्छन् । हरिश्चन्द्रका छोरा नभएकाले खिन्न भएर नारदको उपदेश अनुसार वरूणको शरणमा गएर 'मेरो पुत्र होस्' भने र त्यसैको वलि दिएर तिम्रो पूजा गर्नेछु भन्ने कवुल गरेथे । तब वरूणले लौ हुन्छ भनेर स्वीकार गरे फलस्वरूप रोहित नामक पुत्र जन्मियो अनि वरूण आएर भने लौ मेरो पूजा गर भनेपछि राजा - जब १० दिनको होला तब पवित्र होला । फेरी आए तब दाँत आओस् भने । फेरी भने दाँत साटिओस् फेरी आउँदा राजाको छोरो त कवच धारण गरेपछि मात्र योग्य हुन्छ भने । अब रोहितलाई पिताको संकलिपत समयको ज्ञान भएकाले आफ्नो प्राण बचाउन जङ्गलतिर लागे । केही समयपछि वरूणबाट ग्रसित आफ्ना पितालाई पेटको रोग लागेको कुरा सुनेर घरतर्फ लाग्दा इन्द्रले रोक्दै भने पशुवलि हुन जानु भन्दा त विभिन्न तीर्थयात्रा

गरेर घुम्नु नै बढिया हुन्छ । रोहित वनमै फर्केर अरू ५ वर्ष बिताए । छैटौं वर्षको पनि अन्त्यमा अजीगर्तको शुनःशेप नामक माहिलो छोरो किनेर यज्ञ पशुका रूपमा दिनको लागि पितालाई जिम्मा दिए । हरिश्चन्द्रको पनि उदर रोगबाट मुक्ति पाउन नरमेध यज्ञद्वारा वरूण देवताको आराधना गरे । त्यसै अवसरमा विश्वामित्रले त्यो वलि चढाउन ल्याएको बालकलाई वरूणको मन्त्र जप्न अनुमति दिए । त्यो बालकले त्यो मन्त्र जपेका कारण वरूणदेव खुसी भएर भन्नुभयो - भो मलाई अब वलि चाहिंदैन म सन्तुष्ट भएँ भनेपछि हरिश्चन्द्रको गुमेको राज्य सहितै सबै सम्पति फिर्ता भयो । अब जुन वलि दिन ल्याएको केटो कस्को छोरो हुन्छ भनेर ऋषि महर्षिको छलफल भएछ । निष्कर्षमा जस्ले बचायो उसैको छोरो हुन्छ भनेपछि यिनै विश्वामित्रको मन्त्रको कारणले बाँचेको हुँदा विश्वामित्रकै छोरो ठहरियो । तर विश्वामित्रका १०० भाइ छोरा मध्ये ५० भाइले आफ्ना भाइमैं स्विकार गरे ५० भाइले गरेनन् । ती अस्विकार गर्ने र तिनका सन्तान मुस्लिम ब्राह्मण भए । राजा हरिश्चन्द्रको सत्यमा दृढता देखेर विश्वामित्रले तत्त्व ज्ञानको उपदेश दिए ।

## ८. राजा सगरको चरित्र

श्राद्धदेव मनुका छोरा इक्ष्वाकु वंशमा त्रिशंकुका छोरा हरिश्चन्द्र हरिश्चन्द्रका छोरा रोहितबाट चम्प, चम्पबाट सुदेव, सुदेवबाट विजय मरूक र वृक बाहुक । यी बाहुक शत्रुद्वारा राज्यहरण भएकाले स्त्रीहरू समेत वन पसे । वृद्धावस्थामा राजा मरेपछि सती जान खोज्दा गर्भिणी हुनाले महर्षि और्वले रोके । तिनका सौताहरूले यो समाचार थाहा पाए । तब खानेकुरामा विष मिलाइ खान दिए । भगवान्को निगाहा विषका साथ बालक जन्मियो । जसको नाम 'सगर' यी चक्रवर्ती राजा भए । राज्यमा भएको पापको प्रायश्चित होस् भनी और्व ऋषिको उपदेशले अश्वमेध नामको यज्ञ गरे । जसमा यज्ञमा छोडिएको घोडा इन्द्रले हरण गरे । सगरका छोराले घोडा सारा पृथ्वी खनि खोज्दा आखिरी कपिलमुनिको स्थानमा देखे । सगर राजाका साठ्ठीहजार छोराले घोडा

चोर यही हो भनी मार्न भनी लम्के तब मुनिको ध्यान खुल्यो, जसका आँखाका तेजले डढेर खरानी भए । अंशुमानले खरानीकै थुप्रोनेर घोडा उभिएको देखेर कपिलको स्तुति गरेपछि मुनि खुशी भएर घोडा लैजाने अनुमति दिनुभयो । त्यो घोडा लगेर सगरले आफ्नो यज्ञ पुरा गरे । त्यही अंशुमानलाई राज्य दिएर औंर्व ऋषिको उपदेशले परम पद पाए ।

## ९. गङ्गाको आगमन र राजा सौदास वृत्तान्त

राजा अंशुमानले गंगाजी ल्याएर आफ्ना वंशजको उद्धार गर्न प्रयास गर्दागर्दै परमधाम भए । त्यस्तै उनका पुत्र दिलिपले पनि असफल भई देह त्यागे । त्यसपछि दिलिप पुत्र भगिरथले आफ्ना वंश तार्नु पर्ने वृतान्त रहस्य बताएपछि गंगाले भनिन् - म स्वर्गबाट पृथ्वीमा आएपछि यो काम गरौंला । तर पृथ्वीमा सबैले आफ्नो पाप ममा पखाल्ने छन् तर मेरो पाप कहाँ पखाल्ने ? अर्को कुरा मेरो वेग थाम्न सक्ने कसको तागत छ ? भन्दा भगिरथले भने - सर्वपापहारी शिवजीले यो वेग थाम्न सक्तदछन् । भगिरथले शिवजीको स्तुति गरी प्रसन्न पारेर तथास्तु भनि स्वीकार गरिलिए । विष्णुको चरणोदक भनिएको गंगालाई शिवजीले आफ्नो मस्तकमा धारण गरेर त्यहाँबाट भगिरथ राजा गंगालाई आफ्ना पितृ भष्मिभूत भएको ठाउँमा लिएर गए । त्यो जल खरानीमा पर्नासाथ सगर पुत्र स्वर्ग गए ।

भगिरथको छोरो श्रुत - नाम, सिन्धुद्वीप, अयुतापु, ऋतुपर्ण, जसले नल राजासँग पासा फ्याक्ने विद्या र नलको अश्व विद्या साटासाट गरेका थिए । ऋतुपर्णको छोरा सर्वकाम सुदास सुदासको छोरा सौदास जो दमयन्तीका पति थिए ।

दमयन्तीका पति सौदासले एकदिन वनवासी ब्राह्मणका दम्पत्ती सहवासकै बेला देखेर खान खोज्दा ती ब्राह्मणी तृप्त नभएकाले र सन्तान इच्छुक पनि हुनाले मेरा पतिलाई नखाऊ बरू मलाई खाउ यी ब्राह्मण बिना म रहन सक्तिन भनिन् । यसरी ती ब्राह्मणीले दुखित भई विलाप गरेपनि वशिष्ठको श्रापबाट राक्षस भएकाले खाइदियो । ती बाहुनीले दुखित भई भनिन् - "तेरो पनि गर्भाधान कै

कारणले मृत्यु होस्" भन्दै ब्राह्मणका बाँकी हाड बटुली आफैँ पनि सतीभई पतिकै गतिमा गइन् । त्यही बाहुनीका वचनले सौदास जीवनभरी सन्तानहीन भएर रहेको थियो ।

त्यो सौदास बाह्रवर्षपछि रानी दमयन्तीसँग सहवासका बेला उनै बाहुनीको वचन सम्झेर सन्तान नभएकाले उनैको अनुमतिले वशिष्ठजीले दमयन्तीमा गर्भाधान गरे । सातवर्षसम्म बालक उत्पन्न हुन नसकेकाले उनै वशिष्ठले ढुंगाले पेटमा आघात गर्दा बालक उत्पन्न भयो र त्यो बालक अश्मक नामले प्रख्यात भयो । अश्मकबाट मूलक भए जो परशुरामले पृथ्वीलाई क्षेत्रिय विहीन पार्दा यी मूलकलाई स्त्रीहरूले बचाएका थिए । त्यही क्षेत्रिय वंशको मूल भयो । मूलकका दशरथ, दशरथका इडविड, इडविडबाट राजा विश्वसह यिनका छोरा चक्रवर्ती राजा खट्वाङ्ग भए ।

## १०. रामचन्द्रको चरित्र

राजा खट्वाङ्गबाट दीर्घबाहु दीर्घबाहुबाट रघु, रघुबाट अज, अजबाट महाराज दशरथको जन्म यो । महारज दशरथका सन्तान नभएकाले वशिष्ठको सल्लाहअनुसार यज्ञको माध्यमबाट श्रीहरि आफ्नो अंशाशले पुत्रको रूपमा श्रीराम, लक्ष्मण, भरत, शत्रुघन भइ पादुर्भाव भए । पिताको आज्ञा पालना निमित्त वन विहारी भए । हनुमान र लक्ष्मण बाटामा बाधा हटाउने हुँदाहुँदै पनि रावणकी बहिनी सुर्पणखालाई विरूप पार्नाले र समुद्रमा पुल बाँधी दुष्टको लागि दावानल सिद्ध भएका थिए । जसले सीता स्वयं वरमा ५,००० वीरले ल्याएको शिवको पिनाक नामक प्रचण्ड धनु उखु भाँचेकै ख्याल ख्यालमै तादो खिच्दा भाँची पुरूषार्थ र वीरता देखाई सीता जस्ती लक्ष्मी ग्रहण गरे । जनकपुरबाट वरियातीका साथ फर्किदा बाटामा एक्काईस पटक पृथ्वीलाई क्षत्रीय विहीन पार्ने वीर परशुरामको बढेको गर्वलाई नष्ट पारिदिए । विभीषणले देखाएको बाटो र वानरी फौजको सहायताले सीता हरेर लाने रावणसँग युद्धका साथ हरेर अशोकको वनमा बसेकी सीतालाई ल्याउनुभयो । चौधवर्ष वनमा बस्ने प्रतिज्ञा पुरा गरी आफ्नो अयोध्या पुरी फर्केर आउनुभयो ।

## ११. श्रीरामका अन्य चरित्र

जब अयोध्यामा राम राज्य चलाएर रहनु भएको थियो । प्रजाका आफूप्रति भाव कस्तो कस्तो रहेछ भनेर रात्रीमा डुलिरहेको बेला एउटा धोवीको घरमा धोवी र धोविनीको कलह सुने, जसमा चर्को स्वरमा भनिरहेको थियो कि म राम जस्तो एक पटक त्यागेर अर्काले लगेकी स्त्रीलाई फेरी ग्रहण गर्ने नीच हैन । यसरी आफ्नो मर्यादामा आँच आएको देखेर गर्भवती सीतालाई लक्ष्मणको माध्यमबाट वाल्मिकी आश्रममा पुऱ्याए । जसबाट लवकुश उत्पन्न भई वाल्मिकीले शिक्षादीक्षा दिए । हे राजन ! लक्ष्मणका अङ्गद र चित्रकेतु, भरतका तक्ष र पुस्कल । सुबाहु र श्रुतसेन शत्रुघ्नका पुत्र थिए । त्रिभूवन पति रामले राजसिंहासनमा बसेपछि आफ्ना भाइहरूलाई दिग्विजय गर्ने आज्ञा दिए । आफू पुरको रक्षा गर्दै दर्शन दिन थाले ।

## १२. इक्ष्वाकुका बाँकी राजाको वर्णन

रामका छोरा कुश भए । कुशका अतिथि - निषध - निवाधानभ - पुण्डरिक - क्षेमधन्वा - देवक - पारियात्र - बलस्य - वज्रनाभ - खगण - विधृत - हिरण्यनाभ - पुष्प - ध्रुवसन्धि - सुदर्शन - अग्नि - वर्षा - शीर्घ - आयमान भए । जुन यस वखत योग सिद्धि गरेर कलापग्राममा बसिरहेका छन् । कलिको अन्त्यमा नष्ट भएका सूर्य वंशलाई पुनः फिजाउने कार्य गर्नेछन् ।

मरूका प्रसुश्रुत - सन्धि - अधमशेण - महश्वान - विश्वस्वान -प्रसेनजित - तक्षक - वृहद्बल पुत्र जन्मे । जसलाई हे परिक्षित तिम्रा पिता अभिमन्युले युद्धमा मारे । यी सबै ईक्ष्वाकु वंशका पूर्वकालका राजा हुन् । अब अगाडि हुने राजाहरूमा वृहद्बलको छोरा विहद्रण हुनेछ । वृहद्रणका उरूक्रिय - वत्सवृद्ध - प्रतिव्योम - भानु - दिव -विर - सहदेव - बृहदश्व - भानु - प्रतीकाय - सुप्रतीक - मरूवेन - सुनक्षत्र - पुष्कर - अन्तरिक्ष र अमित्रजित - बृहद्राज - बर्हि - कृतञ्जय - रणाञ्जय - शाक्य - शुद्धोद - लांगल - प्रसेनिन - क्षुद्रक - रणक - सुरथका वंशमा अन्तिम राजा सुमित्र हुनेछन् । त्यसपछि कलियुगमा यस वंशको अन्त्य हुनेछ ।

# १३. निमि वंशको वृत्तान्त

राजा इक्ष्वाकुका छोरा महाराज निमिले वशिष्ठद्वारा यज्ञ आरम्भ गराए तर उनको अनुपस्थितिमा अरु ब्राह्मणबाट यज्ञ संचालन गराए । जब वशिष्ठ इन्द्रकहाँबाट यज्ञ समाप्त पारी फर्केर आए र म नआएसम्म पर्खनु भनेकोमा आफ्नो आज्ञा उल्लंघन गरेको भन्दै आफूलाई पण्डित ठान्ने "तिम्रो देह पतन होस्" भनेर वशिष्ठले श्राप दिए । निमिले भने - तिमी पनि लोभमा परि आफ्नो धर्म जान्न सकेनौ । "तिम्रो देह पनि नष्ट होस्" । यति भनेर निमिले शरीर त्यागिदिए । वशिष्ठ मित्रवरूणको वीर्यबाट उर्वशीको गर्भबाट जन्म लिए । यता निमिको देहलाई यज्ञ समाप्त भएपछि त्यहाँ उपस्थित देवतालाई ब्राह्मणले भने - यस यज्ञबाट देवता खुशी छन् भने निमिको देह सजीव हओस् । देवताले तथास्तु भने, तब निमि उठेर मलाई देहको सम्बन्ध प्राप्त नहोस् किनकि यस देहबाट बिछोडिने डरले देहको संयोग कोही पनि मुनिजन चाहँदैनन् भने । यही देहले नै दुःख, शोक र भय गराउने भएकाले मलाई यो देहको अलिकति पनि इच्छा छैन । देवताले भने - यी निमिले उनैका अनुसार शरीर धारण नगरेर पनि देहधारिका परेलामा निवास गर्नेछन् । त्यसपछि राजाविना मनुष्यहरूमा अराजकता फैलने भएकाले महर्षिहरूले निमिको शरीर मथे । जसबाट एउटा बालक उत्पन्न भयो । शरीरबाट जन्म भएकाले जनक, विदेह विना शरीरबाट उत्पन्न हुनाले वैदेह, मन्थनबाट उत्पन्न हुनाले मिथिल नाम रह्यो । उनैले मिथिलापुरी बसालेका थिए । देहधारीका परेलामा रहने भएकाले निमि नाम पनि रह्यो । जनक महाराज शिरध्वज कहिए । यिनैले यज्ञको लागि सुनको हलोले भूमि जोतेका थिए । फालि या हलाको सियोबाट सीता निस्केकी थिईन् । शिरध्वजका कुशध्वज, धर्मध्वज, धर्मध्वजका दुई पुत्र कृतध्वज र मतध्वज, कोशिध्वजबाट कृतध्वजबाट कोशिध्वज र मितध्वजको खण्डियेय, भानुमान, शतद्युम्न, सुची सनद्धाज, उर्ध्वकेतु, अज, पुरुजित अरिष्टनेमी, श्रुतायु, सुपार्श्वक, चित्ररथ, क्षेमधी, समरथ, सत्यरथ, उपगुरु, उपगुप्त, वश्वनन्त, युयुध, सुभाषण, श्रुत जय विजय, ऋत, शुनक, वीतहव्य, धृति, बहुलाश्व, कृति, महावशी यी मिथिला वंशमा उत्पन्न राजाहरू गृहस्थीमा रहेर पनि आत्म विद्यामा निपूर्ण र सबै प्रकारका द्वन्द्वबाट अलग्गै थिए ।

# १४. चन्द्रवंशी राजाहरूको वृत्तान्त

बुधको जन्म र राजा पुरूरवाको चरित्र - ब्रह्माजीबाट उत्पन्न अत्रि र अत्रिका नेत्रबाट अमृतमय चन्द्रमा । यिनलाई ब्राह्मण वर्ग र औषधि नक्षत्रहरूका अधिपति बनाए । यही अभिमानले गर्दा बृहस्पतिकी पत्नी तारा अपहरण गरे । वृहस्पतिले बारम्बार माग्दा पनि चन्द्रमाले नछाडेपछि यी दुबैको मनमुटाव भयो । जसको फलस्वरूप देवता र असुरको नास पारिदिने घोर तारकामय संग्राम हुने भयो । जसमा शुक्राचार्यले आफ्ना शिष्य असुरसहित चन्द्रको पक्ष लिए । शिवजीले सबै भूत गणका साथ गुरु वृहस्पतिको मद्दत दिने भए । अब ब्रह्माजीले अंगिराद्वारा सूचना पाएपछि चन्द्रमालाई बेसित्त हप्काएर तारा बृहस्पतिलाई नै दिलाए । तर गर्भिणी भएकाले एउटा सुवर्ण समान कान्तिवाला बालक जन्मियो । कान्तिमय राम्रो हुनाले दुबैले मेरो भनी दाबी गरे । बालकले पनि बताऊ भने आमालाई । तब ब्रह्माले सुध्याएपछि ताराले भनिन् चन्द्रमाको बालक हो, जसको नाम बुध राखे ।

बुधद्वारा इलाको गर्भबाट पुरूरवाको जन्म भयो । पुरूरवाको रूप शील र सम्पत्तिको प्रशंसा नारदद्वारा सुनेर वरूणद्वारा मर्त्यमण्डल जाने श्राप पाएको उर्वशी कामनाले युक्त भएर पुरूरवाको सामुन्ने बसेर भनी तिमीसँग सधैं रमण गर्ने इच्छा छ । तर यी भेडाका बच्चा नासोको रूपमा दिन्छु । तिमीले रक्षा गर्नुपर्छ । फेरी मेरो आहारा केवल घिउ नै हुनेछ । मैथुनमा बाहेक तिमीलाई नाङ्गो देख्न चाहन्न । पुरूरवाले पनि ती देवाङ्गना उर्वशी देख्ता तान्निएको मन हुनाले खुशीले स्वीकार गरे । तर एकदिन स्वर्गमा इन्द्र ती उर्वशी नदेखेर स्वर्ग नै छाड्ने विचार गरे । तब गन्धर्वहरूलाई लिन पठाए ।

रातिको अँध्यारो समयमा ती दुबै भेडाको बच्चालाई लिएर भागे । ती उर्वशीले भेडाकोबच्चा चोरी भएकोमा राजालाई तिखा वाणरूपी वचन प्रहार गरिन् । तब राजा भेडाकोबच्चा खोस्न नाङ्गै दौडिए । भेडाको बच्चा खोसेर ल्याए, तर आफ्ना पति राजालाई उर्वशीले नाङ्गै देखिन् र कबुल भङ्ग हुन गएकाले राजालाई छाडी स्वर्ग गइन् ।

# १५. जमदग्नि र परशुरामको चरित्र

ऋचिकका छोरा जमदग्नि, जमदग्निका छोरा परशुराम जसले हैहय वंशको अन्त्य गरेर एक्काइसपल्ट पृथ्वीलाई क्षत्रीय विहीन पारे । कारण यी हैहयराज सहस्रार्जुनले भगवान्का अंशि दत्तात्रयको स्तुति गरी उनकै कृपाले हजार हात, शत्रुबाट अपराजित, धन, तेज, यश, बल, अणीमादि सबै सिद्धी पाएका थिए । यहि घमण्डले गर्दा नदीको प्रवाह रोकिदिए । नदी उल्टो बग्न थाल्यो । रावणको शिविर डुब्न लाग्यो । आफूलाई ठूलो वीर मान्ने रावणले सहस्रार्जुनको पराक्रम सहन सकेन । तर सहस्रार्जुनले रावणलाई माहिष्मती पुरीमा लगेर थुनिदियो । पुलस्त्यले मेरो नाति भनेर विनय गरेर छुटाउनुभयो । एकपटक यी माहिष्मती पुरीका हैहय वंशी राजा सहस्रार्जुनले सिकारमा जाँदा जमदग्नि ऋषिको ऐश्वर्य देख्दा डाह भयो । कामधेनु गाई हरण गर्ने अनुमति आफ्ना सेनालाई दिए । यसरी कामधेनु हरण भएपछि परशुरामको र सहस्रार्जुनको सहयोगी कार्तवीर्यको घनघोर युद्ध भयो । जसमा परशुरामले एक्लै सबै शत्रु फौज मारेर रगतको खोलो बगाएको देखेर सहस्रार्जुन आफैँ लड्न थाल्यो । त्यो सहस्रार्जुनका हजारै हात काटी शिरसमेत काटीदिए र आफ्नो कामधेनु गाई, बाच्छोसहित घरतिर लगि पिता जमदग्निलाई सुम्पी दिए ।

# १६. परशुरामद्वारा क्षत्रीको संहार विश्वामित्रका सन्तति

यसरी माहिष्मती पुरीका हैहय वंशी राजा सहस्रार्जुनलाई मारिएकोमा ब्राह्मण वधभन्दा ठूलो पाप पिताले बताएपछि उनैको आज्ञा अनुसार १ वर्षको तीर्थ यात्रा गरेर फर्किएपछि एकदिन जमदग्निकी पत्नी रेणुका पानी लिन जाँदा चित्ररथलाई अप्सरासित विहार गरेको देखेर घर फर्कन ढिलो भएछ । ऋषिको होमको समय बितेकोले रिसाएर पुत्रहरूलाई आमा मार्ने आज्ञा गरे । तर अरू दाइहरूले मानेनन् कान्छा परशुरामले आमा र दाजुहरूलाई मारे । पिता फेरी खुशी भएर वर माग भन्दा दाजु र आमा बाँचुन् भने । तब सबै बाँचे । एकदिन

परशुराम दाजुहरूसमेत वनमा गएका थिए । त्यसै अवसरमा बाबुको मृत्युले रूष्ट सहस्रार्जुनका छोराहरूले जमदग्निको शिर काटेर भागे । परशुराम आएपछि बाबुको मृत शरीर दाजुलाई जिम्मा लगाए । परशु बोकेर ती राजपुत्रको देश माहिष्मती पुरी पुगेर तिनका शिर काटेर थुप्रो बनाए । यसरी क्षत्रिहरू अत्याचारी भएपछि पिताको बध नै निमित्त बनाएर वासुदेवका अंश महाप्रभु परशुरामले पृथ्वीलाई क्षत्रीय विहीन पारे ।

ब्रह्माबाट अत्रि - चन्द्रमा, बुध, पुरूरवा, विजय, भीम, काञ्चन, होत्र जहु, पुरू, बालक, अजक कुश, कुशाम्बु गाधिबाट विश्वामित्रको जन्म भयो । उनको तपस्या गरेर क्षत्रीयत्व त्यागेर ब्रह्मतेज पाएका थिए । विश्वामित्रले भृगुकुलमा उत्पन्न आफ्ना भान्जा अजीगर्तका छोरा सूनसेफ (देवरात)लाई राजा हरिश्चन्द्रले छोराको साटो बलि दिन किनेर ल्याएकोमा आफूले बचाएर छोरो स्वीकारे । उनका एक सयभाइ छोरामा पचास भाइले त्यसलाई भाइ नै मानेर स्वीकार गरे तर पच्चास भाइले स्वीकार गरेनन् । त्यसपछि विश्वामित्रले तिनीहरूलाई म्लेच्छ हुने श्राप दिए र तिनको वंश विस्तार भयो ।

## १७. क्षेत्रवृद्ध रजि रम्भ र अनेनाको वंश विस्तार

श्रीशुकदेव भन्नुहुन्छ - हे राजन ! पुरूरवाको आयु नामक छोरोबाट नहुष, क्षेत्रवृद्ध, रजि, रम्भ र अनेना पाँच छोरा भए । क्षेत्रवृद्धको छोरो सुहोत्र र सुहोत्रका काश्यप, कुश र गृत्समद तीन पुत्र भए । गृत्समदका शुनक, शुनकका शौनक ऋग्वेदिमा श्रेष्ठ छोराहरू भए । काश्यका काशीराज, काशीराजका दीर्घतमा, दीर्घतमाका आयुर्वेदका प्रवर्तक धनवन्तरी पुत्र भए । यी वासुदेवका वंश थिए । आयुका पुत्र रजि, उनका तेजस्वी पाँचसय पुत्र उत्पन्न भए । ती रजिले देवताको आग्रह मानेर दैत्यहरू मारिदिए र इन्द्रलाई स्वर्ग दिलाए ।

# १८. राजा ययातिको चरित्र

एकदिन गुरुपुत्री देवयानी र दानवराज वृषपर्वाकी छोरी शर्मिष्ठा अनेकौं साथीसँग वन विहारमा जाँदा एक तलाउ सुन्दर देखेर जलक्रीडा गर्न थाले । त्यसै अवसरमा शिव पार्वती साँढेमा चढेर गए । लाजले हत्तनपत्त शर्मिष्ठाले गुरुपुत्री देवयानीका कपडा पहिरिछन् । देवयानीले रिसाएर दासीको यत्रो हिम्मत भनिछन् । शर्मिष्ठा झनै रिसाएर मागी खाने वंश तेरो भन्दै आफ्ना लुगा खोसी कुवामा घचेटिदिइन् । शर्मिष्ठा घर गएपछि राजा ययाति शिकारमा जाँदा त्यही पुगेर नाङ्गी देवयानीलाई कुपमा देखे । राजाले त्यहाँबाट उद्धार गरी आफ्नो पछ्यौरा दिए । तब ती शुक्र कन्या देवयानी तपाईंले मेरो हात समात्नु भएको छ । पूर्वकालमा बृहस्पति पुत्र कचको श्राप पनि यस्तै छ, तसर्थः यो भेट ईश्वराकृत हो । मलाई पाणी ग्रहण गर्नुहोस् दुबैले स्वीकार गरी आ-आफ्ना घर गए । देवयानीले शर्मिष्ठासँग भएको सर्म्पूण घटना पिता शुक्रलाई सुनाईन । शुक्राचार्य रिसाएर दानवलाई मेरी छोरी जे भन्छिन्, त्यही गर भने । तब देवयानीले भनिन् जब मेरो विवाह ययातिसँग हुन्छ तब यी शर्मिष्ठा सखिहरूसहित मलाई दाईजो दिनु आखिरी शुक्राचार्य छोरीको वचन हार्न नसक्ने, दानव युद्धमा सहयोग पाएकाले शुक्राचार्यको वचन नाग्न नसक्ने भएकाले देवयानीले भने बमोजिम नै विवाह गरिदिए । देवयानीबाट यदु र तुर्वसु, शर्मिष्ठाबाट अनु र पुरु पुत्र भए । छोरी देवयानीबाट शुक्राचार्यले थाहा पाए कि नोकर्नी शर्मिष्ठालाई पत्नी तुल्याए भने पछि ययातिलाई श्राप दिए । मनुष्यलाई कुरूप पार्ने, 'वृद्धावस्था होस्' ययाति भन्छन् - मलाई तिम्रो छोरीको भोगबाट तृप्त भएको छैन । त्यसो भए कोहीसँग जवानी साट्न सक्छौ । अरू कसले दिन्थे र आफ्नै छोराहरूमा जेठा यदुले दिएनन् । तुर्वसू र द्रुहुले पनि मानेनन् । अब कान्छो छोरा पुरुसँग मागे, खुशीले दिएर विषय भोगिरहे, तृप्त हुन सकेनन् ।

# १९. ययातिको गृह त्याग

एकदिन राजा ययातिले यो विषय भोगबाट पतन हुने चेष्टा बुझेर पत्नी देवयानीसँग एउटा गहीरो कुपमा परेकी बाख्रीलाई एउटा बोकाले सिंगले खनि बाटो बनाएर उद्धार गरी पति पत्नी भई बिताएको जीवनी र त्यो बोका बलियो दाह्रीवाला रतीक्रियामा सुखदायक देखेर अरू बाख्रीले समेत पति तुल्याउँदा पनि तृप्त नभएको कथा सुनाउँदै भने– हे प्यारी ! म पनि तिम्रो प्रेम पासमा बाँधिएर विषय लोलुप भई घिउको आहुती पाएको अग्नि झैं झन् बढ्दै जानेछ । इन्द्रियहरू बलिया हुन्छन् । बडो विचारशील व्यक्तिलाई पनि इन्द्रियले वीचलित पारिदिन्छ । हेर न मैले विषय सेवन गरेको एकहजार वर्ष बितिसक्यो, तृप्त हुन सकेको छैन । यसकारण अब म विषयको आशा त्यागेर आफ्नो मन परब्रह्ममा लगाएर परलोकको बाटो सपार्छु । देवयानीले पनि यति सुनेर यो विषय भोग र संसारलाई स्वप्न झैँ मिथ्या ठानेर शरीर त्यागिन् ।

# २०. पुरु वंश, राजा दुष्यन्त र भरतको वृत्तान्त

शुकदेव - हे राजन ! जुन वंशमा तिमी जन्मियौ यसमा अनेकौं राजर्षि र महर्षि भईसकेका छन् । पुरुबाट जनमेजय, प्राचीन्व, प्रवीर, नमस्यु, चारूपद, सुद्यु, बहुगण, ययाति, अहंयाति, रौद्राश्व भए । यी रौद्राश्वको दश पुत्र भए । जस्तै : ऋतेयु, कुक्षेयु, स्थण्डिलेयु, कृतेयु, जलेयु, सन्ततेयु, धर्मयु, सत्ययु, व्रतेयु, वनेयु । ऋतेयुका रन्तिभार र उनका सुमति, धुव्र, अप्रतिरथ, अप्रतिरथका छोरा कण्व जन्मिए । यिनका मेधातिथि भए । सुमतीका छोरा रैभ्य र रैभ्यका दुष्यन्त नामले प्रख्यात भए ।

एकदिन राजा दुष्यन्त सैनिकका साथ शिकारमा जाँदा कण्व मुनिको आश्रममा पुगेछन् । त्यहाँ लक्ष्मी जस्ती मनोहरिणी कन्या शकुन्तलालाई देखे लोभी भई

तिमी को हौ ? किन यहाँ डुल्छ्यौ ? तिमी पक्कै क्षत्रीय कन्या हौ क्यारे, किनकि हामी पुरुवंशीको मन कहिल्यै पनि पापमा जाँदैन ।

शकुन्तला - "हजुरको वचन मिथ्या छैन । म मेनका अप्सराबाट उत्पन्न विश्वामित्रकी छोरी हुँ । यी सबै कुरा कण्व ऋषि जान्दछन् ।" त्यसै आश्रममा बसी रात बिताए । प्रेमास्पर्श भयो । ऋषिको सल्लाह भएरै दुष्यन्तले सुन्दरी शकुन्तलासित गन्धर्व विवाह गरे । शकुन्तला गर्भाष्ट भएपछि बिहानै आफ्नो नगरतिर लागे । यता शकुन्तलाले एउटा पुत्र रत्न जन्माइन् । कण्वले जात संस्कार गरे जसको नाम रह्यो भरत । केही समयपछि बालकसहित शकुन्तला पति दुष्यन्त कहाँ गइन् । दुष्यन्तले अस्वीकार गरे । आकाशवाणी भयो । यस गर्भका स्थापक तिमी नै हौ, आमा त केवल कामीको खलाँती जस्तै हुन पुत्र पिताकै हुन्छ । तसर्थः पालनपोषण गर । राजा भरतले यज्ञमा तेत्तीससय घोडा दान दिए । गंगा तटमा पचपन्न अश्वमेध यज्ञ गरे । यसरी अरू राजाहरूलाई समेत चकित तुल्याएर देवताको ऐश्वर्य पनि सानो देखाएर श्रीहरिलाई प्राप्त गरेका थिए ।

## २१. भरत वंशको विस्तार र राजा रन्तिदेव

वृहस्पतिको वीर्यबाट उत्पन्न बालकलाई भरद्वाज नाम राखे । अन्यायले पैदा भएकाले वितथ भन्न थाले मरूदगणले भरतलाई दिए । यिनैका छोरा मन्युबाट बृहस्क्षत्र, जय, महावीर्य नर गर्ग पाँच पुत्र उत्पन्न भए । ती मध्ये नरका संकृति हुन । संकृतिबाट राजा रन्तिदेवको जन्म भयो । रन्तिदेव राजा यस्ता दानी थिए एक पटक पानी पनि नपिइकन उनन्चास दिनसम्म परब्रह्ममा मन लगाएर व्रत बसे । जसमा त्यसैदिन जलका साथ घिउ, खिर, हलुवा र जल मिल्यो । खान तयार भएका थिए, अकस्मात एक ब्राह्मण आएर खाना मागे । भगवान् नै विराजमान भए भनेर श्रद्धाका साथ केही निकालेर दिए । शेष अन्न खान बसेका थिए । एउटा शुद्र अतिथि बनेर आयो । त्यसलाई पनि भगवान् नै हो भन्ने ठानी केही दिए । शुद्र हिंडेपछि एउटा कुकुरसहित पाहुना आयो । खान

पाइन भनेपछि त्यसलाई पनि केही अन्न दिए । अन्त्यमा केवल जल मात्र बाँकी रऱ्यो । त्यही पिउन ठिक्क पारेका थिए । एउटा चाण्डाल आयो र यो जल म नीचलाई देऊ भन्यो । तब राजाले अमृतमय वचन बोल्दै - मलाई भगवान्को अष्टैश्वेययुक्त परमगति र मुक्ति पनि चाहिंदैन । म त सबै देहधारिहरूको हृदयमा बसी तीनको कष्ट आफैँ सहन चाहन्छु भन्दै जल पिलाए । तब भगवान् खुशी भएर ब्राह्मण र शुद्रको रूप छिपाएर ब्रह्मा, विष्णु र महेश्वरको प्रत्यक्ष दर्शन दिए । अहिल्या र गौतमद्वारा शतानन्द भए शतानन्दका पुत्र सत्यधृति, सत्यधृतिबाट शरद्वान जन्मिए । जसको विर्यबाट कृपाचार्य र छोरी कृपीको जन्म भयो । यी दुबैलाई जङ्गलमा भेटेर शन्तनुले पालेथे । छोरी कृपी द्रोण पत्नी भइन् र छोरा कौरवका गुरु कृपाचार्य भए ।

## २२. पाञ्चाल, कौरव र मगद राजाको वर्णन

तिनै वृहस्पतिको विर्यबाट उत्पन्न वितथ भारद्वजलाई मरूतले भरतको वंशनाश भएको देखेर दिएका थिए । यिनै भारद्वाज वितथ वंशमा पृषतका छोरा द्रुपद भए द्रुपदका छोरा धृष्टद्युम्न र छोरी द्रौपदी भए । धृष्टद्युम्नको धृष्टकेतु जन्मे । यी पाञ्चाल कहलिए । अजमिढको अर्का छोरा ऋक्षबाट संवरणबाट कुरूदेशका अधिपति कुरूको जन्म भयो । यिनै बृहद्रथबाट वंश विस्तार हुँदै दिलिपका पुत्र प्रतीप प्रतीपका शन्तनु, भीष्म । शन्तनुकै सत्यवतीबाट चित्राङ्गद र विचित्रवीर्य । चित्राङ्गदको विहे नभइकन गन्धर्वद्वारा युद्धमा मृत्यु भयो । विचित्रवीर्यका अम्बिका र अम्बालिका दुई पत्नी थिए । विचित्रवीर्यलाई पनि क्षय रोग लागेर मरे । गङ्गा पुत्र भीष्मले विवाह नगर्ने प्रतीज्ञा गरेकाले अब राजा शन्तनुको वंशमा निःसन्तान भई राजकाज गुम्ने भयो । सत्यवती र भीष्मको परामर्श अनुसार उनै सत्यवतीबाट उत्पन्न भगवान्का अवतार वेदव्यासद्वारा भाइका स्त्री अम्बिकाबाट धृतराष्ट्रको अम्बालिकाबाट पाण्डु र उनकै दासिबाट विदुर नामका ३ छोरा जन्माए । धृतराष्ट्रका सयभाई छोरा भए । पाण्डु पूर्व कालमा मृगश्राप परेर सन्तान हुनुमा रोकिएकाले पत्नी कुन्तीबाट धर्म, वायु, इन्द्रबाट क्रमशः युधिष्ठिर भीम र अर्जुन

तथा माद्रीका अश्विनी कुमारबाट नकुल र सहदेव जन्मे । ती पाँच पाण्डवका द्रौपदीद्वारा पाँच पुत्र जन्मे । युधिष्ठिरका प्रतिविन्ध्य भीमसेनका श्रुतसेन, अर्जुनका श्रुतकीर्ति, नकुलका शतानिक, सहदेवका श्रुतवर्मा पुत्र भए । यी बाहेक युधिष्ठिरकी पौरवीबाट देवक, भीमका हिडम्बाबाट घटोत्कच र कालीबाट सर्वगत, सहदेवकी विजयाबाट सुहोत्र, नकुलकी रेणुमतीबाट नरमित्र, अर्जुनकी सुभद्राबाट तिम्रा पिता अभिमन्यु जन्मिए । अभिमन्युद्वारा उत्तराको गर्भबाट परीक्षित तिमी जन्मियौ ।

## २३. यदु वंशको वृत्तान्त

ब्रह्माबाट अत्रि, अत्रिबाट चन्द्रमा, चन्द्रमाबाट बुध, बुधबाट पुरूरवा, पुरूरवाबाट नहुष, नहुषबाट ययाति, ययातिबाट यदुको जन्म भयो । जसको वंशमा परमात्मा श्रीकृष्णको जन्म भएको थियो । यो पवित्र वंशमा यदुका सहस्रजित, क्रोष्टा, नल र रिपु चार छोरा थिए । यसै वंशमा हैहयका छोरा धर्मबाट कुन्तीका पिता नेत्रको जन्म भयो । यही वंशमा मधुका सय भाइ छोरामध्ये वृष्णी प्रमुख थिए । यी मधु, वृष्णी र यदुकै कारणले यो वंश माधव वार्ष्णेय र यादव यी नामले विख्यात थियो ।

## २४. विधर्भ वंशको वर्णन

यही पुरूरवाको वंशमा अनमित्रका तीन भाइ छोरा शिनि, वृष्णी र निम्न, निम्नबाट सत्राजित, प्रसेन भए । वृष्णीबाट स्वफल्क र चित्ररथ दुई पुत्र थिए । स्वफल्कद्वारा गान्दिनीको गर्भबाट आसंग आदि बाह्र पुत्र भए । त्यस्तै अक्रुरका छोरामा देववान र उपदेव । स्वफल्कका भाइ चित्ररथका छोरा पृथु, विदुरथ आदि वृष्णीवंशी यादव भए । यही वंशमा आहुकका छोरा देवकर उग्रसेन, देवकका देववान, उपदेव, सुदेव र देवकी । यी सबैको विवाह वसुदेवसँग भयो । उग्रसेनका छोरा कंश, सुनाम, न्यग्रोध, कंक, शंकु, सुहु, राष्ट्रपाल, सृष्टि र तुष्टिमान हुन् । उग्रसेनको छोरामा कंश, कंशवती, कंका, शुरभु र राष्ट्रिपालिका वसुदेवका भाइहरू देवभाग आदिका पत्नी भए ।


श्रीमद्भागवत
महापुराण
दशम स्कन्ध

# दशम स्कन्ध

## सारांश

लीलाको वर्णन गर्ने क्रममा भगवान्को गुणगान मुक्ति पाउने एक मात्र उपाय हो भन्दै यो संसारमा बाँच्ने क्रममा भोग्नुपर्ने अनेक कष्टको औषधी हो, विषय प्रेमीहरूका मन पनि यसमा रमाउँछन्, पशुघाती र आत्मघातीलाई हरिकीर्तन मन पर्दैन । भगवान् कृष्णसित हाम्रो कुलको घनिष्ट सम्बन्ध छ । उहाँले कुरूक्षेत्रमा भएको महाभारत युद्धमा भीष्म पितामहजस्ता महारथीहरूलाई पराजित गरेर हाम्रा तपाईंका पितामह पाण्डवहरूलाई विजयी बनाउनुभयो । म गर्भमा रहेको अवस्थामा मेरी आमालाई पीडा दिई मलाई डढाएर मार्ने योजना बनाएर अशोत्वामाले ब्रह्मास्त्र प्रयोग गरेका थिए । भगवान्ले नै हातमा चक्र लिई मेरी माताको गर्भमा प्रवेश गरेर मेरो रक्षा गर्नुभयो । त्यस्ता भगवान्को उपासना गर्ने शरीरधारीहरू अमृत अर्थात् मुक्तिमा प्राप्त हुन्छन् र विषयमा भुल्नेहरू मृत्युको पञ्जामा परेर जन्ममृत्युको चक्रमा फस्छन् । हे महामुनि ! मलाई ती भगवान्को लीलाको वर्णन गरेर सुनाउनुहोस् । तपाईले बलरामजीलाई रोहिणीको छोरा भन्नुभयो र फेरि देवकीको सातौ पुत्रमा पनि उनको गणना गर्नुभयो । अर्को शरीर धारण नगरीकन देवकीको गर्भसित उनको सम्बन्ध कसरी हुनगयो ? कृष्ण भगवान् आफ्ना पिताको घर छाडेर व्रज किन जानुभयो ? उहाँ आफ्ना जातिभाइहरूको साथमा कहाँकहाँ बस्नुभयो ? व्रज तथा मथुरापुरीमा बस्ता उहाँले कुनकुन लीला गर्नुभयो ? आफ्ना मामा कसलाई किन मार्नुभयो ? उहाँ कति वर्षसम्म द्वारकापुरीमा यादवहरूसँग बस्नुभयो ? उहाँका कति बटी रानी थिए ? मैले सोधेका सबै प्रश्नको सविस्तार उत्तर दिनुहोस्। मैले अन्त मात्र होइन, जल पनि त्याग गरेको छु। भोक खप्न गाढो हुनुपर्ने अवस्था भएपनि तपाईले भनेको हरि कथारूप अमृतको पान गर्नाले मलाई भोकप्यासले सताएको छैन ।"

# दशम स्कन्ध

## १.पृथ्वीलाई आश्वासन वसुदेव देवकीको विवाह

**न माता न पिता तस्य न भार्या न सुतादयः ।**
**नात्मीयो न परश्चापि न देहो जन्म एव च ।।**

जब पृथ्वीका उन्मत्त राजाहरूको रूपमा असंख्य दैत्य मनपरी अत्याचार गर्न लागेपछि तिनको भारले पीडित पृथ्वी गोरूप धारण गरेर खिन्न भई आँसु खसाल्दै विलाप गर्दै ब्रह्माजी कहाँ पुगिन् । तिनको विलाप सुनी ब्रह्माजी पृथ्वीसहित देवगण लिएर क्षीर समुद्रको तटमा पुगेर जगत्पति भगवान्को पुरूषसूक्तले स्तुति गरे । भगवान्बाट आकाशवाणी भयो कि जबसम्म पृथ्वीको भार हर्नको लागि भूलोकमा रहुँला तबसम्म आ-आफ्ना अंशले गोकुलमा उत्पन्न भएर बस ।

पूर्वकालमा राजा शुरसेन मथुरापुरीमा बसेर माथुरमण्डल र सूरसेनमण्डलको शासन गर्दथे । मथुरापुरी नै यदुवंशको राजधानी थियो । जहाँ भगवान् सदैव विराजमान रहन्छन् । एकपल्ट त्यही मथुरा नगरीमा शूरसेन नन्दन वसुदेव देवकीसँग विवाह भएर घर फर्कदा बिदाइको निमित्त उग्रसेनको छोरो कंश १८ सय रथसहित दाईजो दातव्य सबै रथमा राखी बहिनी ज्वाईंलाई पुऱ्याउन हिंडे । बाटामा अकस्मात् आकाशवाणी सुनियो कि "हरे मूर्ख यिनै देवकीको आठौँ बालकले तँलाई मार्नेछ" । यस्तो सुन्ना साथै कंश तरबार

लिएर देवकीको चुल्ठो समाती मार्न तयार भए । जेठानको यस्तो क्रुर तथा निर्लज्ज कर्म गर्न लागेको देखेर वसुदेवले नम्र भावले बुझाउँदै भने - हे भोज वंशी कंश ! तिमी त भोज वंशको शुरवीर यशः फैलाउने प्रशंसनीय वीर पुरुष हौ । तिम्रा हातबाट वीचरी यी अवला नारी, तिम्री छोरी जस्ती बहिनीलाई; जसलाई तिमीले नै हुर्कायौ, यिनी मार्न योग्य छैनन् । तिम्रो मान मर्यादामा आँच आउँछ भन्दा पनि नमानेपछि तत्कालको समस्या टार्नको लागि वसुदेवले भने - भविष्यवाणीअनुसार यी देवकीबाट जन्मेका सबै बालक हजुरलाई नै जिम्मा लगाउँला, यी नारीलाई छाडिदेउ भन्दा प्रारब्धवस कंशको पनि चित्त बुझी घर फर्क्यो । कालक्रमले सर्वदेवमयी देवकीको गर्भबाट एक, एक गरेर आठ पुत्र भए । एउटी कन्या जन्मिइन् वसुदेव दुःखी भएर रूँदै पहिलो छोरो कंशलाई दिए । तर त्यसबाट कंशको वध नहुने भएकाले फिर्ता दियो । यसै अवसरमा नारदले गोप्य भेद खोलेर गएपछि कंशले आफ्ना पिता उग्रसेनलाई पनि झ्यालखानामा राखेर सूरसेन राज्य गर्न थाले । वसुदेव र देवकीलाई पनि पक्राउ गरि थुनायो ।

## २. भगवान् गर्भमा प्रवेश

महावली कंशले भविष्यवाणीको बारेमा आफ्ना निकट दानवी मन्त्रीहरूसँग सल्लाह गरेर सोहीअनुसार जरासन्ध, प्रलम्बासुर, वकासुर, भीमासुर, चाणुर, तृणाव्रत, केशी, धेनुक, वाणासुर आदि दैत्य राजासँग मिलेर यादवहरूलाई दुःख दिन लागे । केही यादव अन्य देश गएर बसे । त्यहाँ बस्नेले पनि कंशको चाकरी गर्नुपर्थ्यो ।

कंशले देवकीका छजना छोरा मारी सकेर अब सातौँ गर्भमा भगवान्कै अंश शेषजी थिए । तब भगवान्ले आफ्नो योगमायालाई भन्नुभयो - मेरो अंशबाट शेष नामक तेज देवकीको गर्भमा छ । तिनलाई झिकेर रोहिणीको गर्भका प्रविष्ट गराऊ र तिमी नन्द पत्नी यशोदाको गर्भमा जन्म लेऊ । म देवकीको गर्भमा प्रविष्ट भइ पुत्र हुनेछु । जब सातौँ गर्भ शेषलाई योगमायाले रोहिणीका गर्भमा सारि दिईन् अनि देवकीको गर्भ तुहियो भन्न लागे । जब आठौँ गर्भमा भगवान्

प्रविष्ट भएपछि ब्रह्मा र शिव देववर्ग गुप्तरूपले कारागारमा पुगी भगवान्को स्तुति गर्न लागे ।

## ३. देवकीबाट भगवान् जन्मनु

भविष्यवाणीअनुसार आफ्नो काललाई मार्न कुरिरहेको कंशलाई चिन्ता भई छटपट हुन लाग्यो । सुशान्त र निर्मल तथा उत्तम समय भएपछि अजन्मा भगवान् हरि देवकीको गर्भबाट प्रकट भए । अन्तर्यामी भगवान् अद्भूत बालक पुत्ररूपमा सबै श्रृंगारले शुसोभित भई अवतीर्ण भएको देखेर खुसीले ज्ञान पनि खुल्दै गयो । तब देवकी र वसुदेवले यो अद्भूत बालक ईश्वर नै हो भन्ने ठानी स्तुति गर्न लागे । प्रभु ! हामीले त छोरो पो मागेका थियौँ । हजुर स्वयं प्रकट हुनुभयो भनेपछि बालकले भने डराउनु पर्दैन, यदि कंशको डर छ भने मलाई गोकुलमा लगेर नन्द यशोदाको घरमा राख र यशोदाले उत्पन्न गरेकी योगमायालाई लिएर आउ भनेर चतुर्भुज रूप छाडेर सामान्य बालक मात्र होइदिनु भयो । उनै योगमायाको शक्तिद्वारा समस्त इन्द्रियवृत्तिको ज्ञानहरण गरिनाले कंशका द्वारपाल पुरवासी सबै अचेत भई रणभूल्लमा परि निदाए । ढोका, सिक्री आफसेआफ खुलेर फेरी बन्द भए । यही क्रमसँग वसुदेवले यी काम साध्य गरी जस्ताका तस्तै भएर जेलखानामा बसे ।

## ४. योगमायाको भविष्यवाणी र कंशको पश्चाताप

शिशु रोएको सुनेर सबै द्वारपाल जागे, कंशलाई शिशु जन्मेको खबर गरे । कंश देवकीको सामुन्ने गई बालकलाई खोसेर खुट्टामा समाति शिलामा पछार्दा हातबाट फुत्केर आकाश मार्गमा पुगिन् र देवी भई भविष्यवाणी गरिन् - तँलाई मार्ने तेरो शत्रु त अन्तै छ, व्यर्थमा निर्दोष बालबालिका नमार । अब पछुतो मानी देवकी र वसुदेवलाई जेलमुक्त पारेर माफी माग्यो । बहिनी र ज्वाइँको पाउ समात्यो र धेरै धार्मिक र मार्मिक एवम् ज्ञान तत्त्वका कुरा गरेर वसुदेव र देवकीलाई खुशी पारेर दरबारतिर फर्कियो । त्यसपछि कंशले आफ्नो दरबारमा

सबै मन्त्रीहरू बेलाएर योगमायाको भविष्यवाणी सुनायो । तब सबै राक्षसहरू उत्तेजित र उन्मत्त भइ हजुरको त्यो काललाई जरैमा ढाल्नुपर्छ, पछि विशाल रूप लिन पनि सक्छ । त्यसैले त्यस काममा हामीलाई खटाई गोकुल पठाउनुहोस् । दशै दिनमा त्यहाँका सबै बालक सखाप पारेर आउने छौँ । फेरी देवताहरूका पनि स्वामी विष्णुको शक्ति नष्ट पार्न ब्राह्मणको वध गर्नुपर्छ ती राक्षस मन्त्रीले कंशलाई यस्तो सल्लाह दिएकाले सोही बमोजिमको आदेश गऱ्यो ।

## ५. गोकुलमा कृष्ण जन्मोत्सव

गोकुलमा नन्द बाबाका सन्तान थिएनन् । सन्तान भए भनेर बडो हर्षका साथ जन्मोत्सव तयारी भयो । ब्राह्मणद्वारा स्वस्ति वाचन गराई विधिपूर्वक पुत्रको जातकर्म संस्कार गराए । दुई लाख गाई, रत्न समूह, उत्तम वस्त्रले ढाकिएका सात तीलपात्र र तीलपर्वत दान गरे । सारा गोकुलभरी गाउँ-गाउँ, टोल-टोल र घर-घर सिङ्गारी ध्वजापतका, तोरण, तुल इत्यादिले सजाए । गाई बाच्छासहित गोरूलाई तेल लगाई सिङ्गारेर चिटिक्क पारे । यसप्रकार विभिन्नले विभिन्न बाजा बजाएर गोकुलमा कृष्ण जन्मोत्सव मनाएका थिए ।

## ६. पूतनाको वध

जब नन्दबाबा राजा कंशलाई कर तिर्न भनी गाडाका गाडा सामाग्री लिएर मथुरा जानुभएको थियो । त्यसै अवसरमा वसुदेव र नन्द बाबाको भेटमा भाइ नन्दलाई भन्नुभएको थियो अचेल गोकुलमा अनेक उल्का हुन लागेको छ । तसर्थः तिमी छिट्टै गोकुल जाऊ । उता कंशले पूतनालाई पाँच वर्षमुनिका बालक मार्नु भनेर दुधको मुन्टोमा कालकुट विष लगाएर नन्दजीको घरमा प्रवेश गरी र बालक कृष्णलाई उचाली दुध पिलाउन लागेकी थिइन् । कृष्णले पनि दुबै हातले त्यसलाई थिचेर प्राण र दुध एकैसाथ पिउँन लागे । तब त्यो पूतनालाई मर्मस्थानमा पीडा भई आफ्नो राक्षसी रूप धारण गरी र आँखा पल्टाइ प्राण त्याग गरी ।

त्यसबेला यशोदा, रोहिणी, सबै गोपीहरू आएर कृष्णलाई उचाली गाईको पुच्छरले पुछिदिए । हरेक अङ्ग अङ्गमा गोबर लगाइदिए गोमुत्र छर्किदिए । त्यसपछि माता यशोदाले दुध पिलाइन् । त्यसबेला नन्द आएर हेर्दा त वसुदेवले जस्तो भनेको थियो उस्तै उल्का भएको देखेर यी हाम्रा दाजु वसुदेव त कुनै ऋषि पो रहेछन् क्यार भन्दै पूतनाको विकराल शरीर हेरे । भगवान्ले स्तनपान गरेकाले पूतनाका सबै पाप नष्ट भएर माताले पाउने स्नेह र श्रद्धा दिए । सबै ब्रजवासी मिलेर श्रीखण्डद्वारा पूतनाको लास जलाए ।

## ७. संकट भञ्जन तृणावर्त उद्धार

एकदिन कृष्णपक्षको रोहिणी नक्षत्र परेको दिनमा यशोदाले आफ्नो बालक कृष्णलाई एक गाडाको छाँयामा नजिकै राखेर त्यही उत्सवको धन्दा गर्दै थिइन् । सारा गोकुलवासी र अरू पनि उत्सवमा व्यस्त थिए । बालकले त्यो गाडा पल्टाइ दिए । यसको रहस्य कसैले पनि जान्न सकेनन् । त्यहाँ खेलिरहेका अन्य बालकहरूले कृष्णको पाउले स्पर्श भएपछि लड्यो भने तर बालकको कुरा कसैले सुनेनन् । यशोदाले रोइरहेको बालकलाई बोकिन् र ग्रहले दुःख दिएको भन्दै वेद मन्त्रले शान्ति पाठ गराइन् । ब्राह्मणद्वारा औषधि मिसाएको जलले अभिषेक गराए । ब्राह्मणले पनि अमोध आशीर्वाद दिए । वेदवेत्ता र योगयुक्त ब्राह्मणको आशीर्वाद कहिल्यै विफल हुँदैन । एकदिन यशोदाले छोरालाई काखमा लिएर खेलाइ रहेकी थिइन् । अकस्मात् कृष्ण पर्वत झैँ गह्रौं लागेर पृथ्वीमा राखिदिइन्, त्यस अवसरमा तृणावर्त नामको दैत्य आँधीको रूपमा आएर कृष्णलाई लिएर भाग्यो । आँधीले धुलो उडाएर सारा ब्रज अन्धकार भयो । यशोदाले आफूले राखेको ठाउँमा कृष्णलाई देखिनन् । केही समयपछि त्यो तृणावर्त राक्षस कृष्ण भारी भईदिएकाले ब्रजमै पछारियो । त्यसैको छातीमा टाँसिएको कृष्णलाई झिकेर अरूले यशोदालाई दिए । नन्दचाहीं यी अद्भूत घटना देख्दा वसुदेवको भनाइ स्मरण गर्दछन् ।

एकदिन यशोदाले कृष्णलाई दुध खुवाएर बाल स्नेहले चुम्बन गरिन् । त्यसैबेला कृष्णले हाइ गरिदिनु भएको थियो । माताले सानु बालकको मुखमा आकाश, ज्योति, मण्डल, चन्द्र, सुर्य, अग्नि सबै दिशा देख्नुभयो ।

## ८. वासुदेवको नामाकरण र बाललीला

एकदिन वसुदेवले पुरोहित गर्गमुनिलाई गोकुल नन्दको घरमा पठाए । कृष्ण बलराम दुबैको एकान्तमा द्विजाती अनुसार नामाकरण संस्कार गरिदिए । एकदिन खेलीरहेको ठाउँमा लौ कृष्णले त माटो खाए भनेर अरू बालकले डोहोऱ्याएर यशोदा समक्ष पुऱ्याए । आमाले सोध्दा मैले माटो खाएकै छैन । नपत्याए लौ हेर्नुहोस् भनेर मुख खोलिदिए । यशोदाले त्यो बालकको मुखभित्र सम्पूर्ण चराचर जगत आकाश र दशैदिशा देखिन् । परीक्षितले प्रश्न गरेपछि शुकदेवले जवाफ दिए कि पूर्वजन्ममा यी नन्द र यशोदा द्रोण र धरा थिए । त्यसबेला यो वर मागेका थिए जब हामी पृथ्वीमा उत्पन्न हुनेछौं तब विश्वपति श्रीहरिसँग अवीचलित भक्ति मिलोस् त्यसैको फलस्वरूप अहिले नन्द र यशोदाले अवीचलित भक्ति पाएका छन् ।

## ९. कृष्ण ओखलमा बाँधिनु

कृष्णले ओखलमाथि चढेर दही र नौनी खाईदिए, पोखिदिए, केही बाँदरलाई पनि दिए, फेरी दही मथिरहेकी आमाको मदानी समातिदिए । अनेक उपद्रो गरेर दिक्क पारेको, गोपीका घरमा गएर उस्तै, माता दिक्क भएर डोरीले बाँध्ने सुर गरेर घरमा भएका सबै डोरी गाँसेर पनि बाँध्न सकिनन् । डोरी पुगेन । आमाको कठोर परिश्रम बुझेर स्वयं बाँधिए । यसैबेला कृष्णको आँखाले यमलार्जुन दुई वृक्ष देखे । जो पूर्वजन्ममा यक्षपति कुवेरका छोरा नलकुवर र मणीग्रवा नामले प्रसिद्ध थिए । नारदका श्रापले यस जन्ममा वृक्ष भएका थिए ।

## १०. यमलार्जुनको उद्धार

ती नलकुवर र मणिग्रीव रूद्रका सेवक भएकाले तिनीहरूलाई निकै गर्व भएको थियो । वारूणी मदिराको मादले मन्दोन्मत्त भई कैलाशको मन्दाकिनीको तटमा गान बजान गर्ने स्त्रीहरूसँग उपवनमा डुलिरहँदा तीनै युवतीसँग गंगाजलीमा

जल क्रीडा गर्न लागे । नारद आएको देखेर ती युवतीले लाज र श्रापका डरले झट्ट लुगा लगाए । तर यी यक्ष पुत्र नवकुवर र मणीग्रीवले लगाएनन् । ती देवर्षि नारदले देवपुत्र यक्षहरूलाई मध्यपानले उन्मत्त भई ज्ञानका अन्धा देखेर कृपाको निम्ति भने "वृक्षको जस्तै लाज नमानेकाले वृक्ष नै हुनू" भनेकाले यमलार्जुन दुई वृक्ष भए जसलाई अर्जुन वृक्ष पनि भन्दछन् । ती नारदको वचन सत्य पार्न श्रीकृष्णले तिनै वृक्षतिर नजर लाउँदै डोरीले बाँधिएको ओखलसहितका कृष्ण उक्त वृक्षको माझबाट निस्कँदा ओखल तेर्सिएर वृक्षमा अड्की उनको पराक्रमले दुबै वृक्ष पृथ्वीमा ढले । त्यसबाट यक्ष पुत्र तेजस्वी भई प्रकट भएर उत्तरतिर आफ्ना घर गए ।

## ११. ब्रजका गोपहरू, वृन्दावन जानु र वत्सासुर वध

यसरी ती दुई अर्जुन वृक्ष ढलेको आवाजले ठूलै वज्रपात भएको जस्तो लागेर ब्रजका सारा गोपहरू जम्मा भए । सबैका सामुन्नेमा त कृष्ण बाँधिएकै थिए । तर खुल्दुली चल्यो यो वृक्ष कसरी भाँचियो ? केही बालकले त भने - कृष्णले ओखल अड्काएर यी दुबै वृक्ष ढलेका हुन् । हामीले त त्यहाँबाट दिव्य दुई पुरुष निस्केका पनि देख्यौ । तर ती बालकका कुरा पत्याएनन् । तर्क विभिन्नले धेरै गरे । आखिरी दैविक घटना भन्ने ठाने । यस्ता अनेक बाललीला गर्दै ती कृष्ण गोपिनीले फकाउँदा मख्ख परेर वशिभूत भई उनीहरूले लगाएको काम गर्थे । नाचभन्दा नाचिदिने, कहिले सबैलाई आनन्दित पार्न ढोल पिट्थे । एकदिन खेल्दाखेल्दै खानै आएनन्, रोहिणीले बोलाइन टेरेनन्, फेरी यशोदाले बोलाइनन्, बलरामलाई बोलाइन् आफ्नो भाइलाई लिएर झट्ट स्तनपान गर्न आउ भन्दै डोहोऱ्याएर लगिन् । गोकुलमा भयङ्कर उत्पात भएको देखेर बुढापाका गोप जम्मा भएर सल्लाह गर्न लागे । सबैभन्दा पाका र ज्ञानवृद्ध उपनन्द नामका गोपले सल्लाह दिए । गोकुलमा बालकका लागि अनेक अनिष्ट भए । पूतनाको हातबाट कृष्ण बाँचे, भगवान्कै कृपाले बालकमाथि गाडा ढलेन तृणावर्तको आँधिबेरीबाट कृष्णको रक्षा भयो । यमलार्जुन वृक्षको ढलाइबाट

पनि जोगिए । अब हामीले यो गोकुल छाडेर वृन्दावनको वनमा गोधनको पनि रक्षा हुन्छ त्यहीं जानुपर्छ भनेपछि सारा बज्रवासीले आ-आफ्ना गोधनका साथै अनेक सामग्री गाडामा राखि वृन्दावनको वनमा पुगि त्यहीं बस्न थाले । एकदिन बाछाको रूप बनेर कृष्ण बलराम यमुनाको किनारमा खेल्दै थिए । वत्सासुर नामको दैत्य बाच्छो नै बनेर आयो, कृष्णले देखे र त्यसको पुच्छर समातेर अन्तरिक्षमा फनन्न घुमाउँदै एउटा वृक्षमा फालिदिए, भुतुक्कै मऱ्यो । अर्को एउटा बकासुर नामको दैत्य बकुल्लो बनेर कृष्णलाई निलिदियो र आखिरी जस्ताको तस्तै उकल्यो । कृष्णले पनि त्यसको चुच्चोमा समाती मुखै च्यातेर मारिदिनु भयो ।

## १२. अघासुर वध

ब्रजबाट निस्केर वृन्दावनको वनमा अनेक लीला तमासाले कृष्ण-बलराम र गोपालहरू खेल्दै थिए, जम्मा नौ लाख गाई पनि चराउँदै थिए । यिनीहरूको यो आनन्द सहन नसकी एउटा अघासुर नामको दैत्य बडो अजिंगर बनेर बाटामा लम्पसार पऱ्यो । धेरै साथीहरू त्यसका मुखमा परेका देखेर कृष्णले आफैँ त्यो अजिंगरको मुखमा पसी घाँटीमा पुगेर ठुलो भइदिए र त्यसको श्वास रोकियो र प्राण निस्कियो । यतिबेला कृष्ण पाँच वर्षका थिए । अघासुरले गति पायो ।

## १३. ब्रह्माजीको मोह र त्यसको नाश

यसरी अघासुरको गति मुक्ति भएको देखेर ब्रह्माजीलाई विस्मय भएको थियो, साथै हरिको कुनै अर्को महिमा हेर्नका लागि बाच्छाहरू र बालकहरू चोरेर लुकाई आफू अर्न्तध्यान भएका थिए । ब्रह्माजीका पनि हितका लागि ती बालकका आमाहरूका हितका लागि श्रीहरि आफैँ बालक र बाछा भएर सबैलाई आनन्दित र आश्चर्य पारेका थिए ।

# १४ . ब्रह्माद्वारा श्रीकृष्णको स्तुति

ब्रह्मा - हे दया सागर प्रभु ! हजुरका सगुण र निर्गुण दुबै रूपको महिमा जान्न कठिन छ । हजुरले ममाथि कृपा गर्नका लागि नै जो आफ्नो इच्छाले धारण गरेर यो अद्भूत लीला गर्नुभयो । हे प्रभु ! मैले कस्तो कुटिलता गरेछु । हजुर अनन्त आदि पुरुष परमात्मा ! मायावीहरूलाई पनि मोहित तुल्याउने हजुरलाई मैले आफ्नो माया फिँजाएर हजुरको ऐश्वर्य हेर्ने विचार गरे । ओहो ! आगोको अघिल्तिर झिल्कोझैँ म हजुरको सामुन्ने के गर्न सक्तथैं ? अतएव हे प्रभु ! यो जन्ममा वा तीर्यक योनिमा नै जन्म लिएपनि हजुरको दास भएर चरणको सेवा पाउ । यसरी ब्रह्माजी बिदा भइसकेपछि श्रीकृष्ण चन्द्रले पहिलाकै ठाउँ यमुनाको तिरमा बाछाहरू लिएर आए । एकवर्ष बितेको थियो । तापनि भगवान्को मायाले मोहित भएकाले आधा क्षण जस्तै लाग्यो ।

# १५. धेनुकासुर वध र विषबाट बालकको मुक्ति

कृष्ण बलराम जब पाँच वर्ष लागेर पौगण्ड अवस्थामा भए । तब गाई चराउन योग्य भए । ग्वालाबालाका साथमा गाई अघि लगाएर वंशी बजाउँदै फूलैफूलले गुञ्जायमान वनमा प्रवेश गरेका थिए । कृष्णका साथीहरू श्रीदामा सुबलले यस्तो खबर ल्याए की यहाँबाट अलिपर एक यस्तो वन छ जहाँ धेनुकासुर नामको दैत्यका डरले कुनै जन्तु र मानिस पनि जाँदैनन् । फलफूल पाकेर लटरम्मै झरेका छन् । तर टिपेर खान दिँदैन । अतः तिमीले ती फल हामीलाई देऊ । कृष्ण बलराम दुबै त्यो ताल वनमा सखाहरू लिएर हितको लागि गए । बलरामले रूख हल्लाएर फल झारी दिए, सबैले खाए । रूख हल्लाएको आवाज सुनेर गधाको रूप लिएर आयो र खुट्टाले प्रहार गऱ्यो । तब बलरामले एउटै हातले त्यसको खुट्टा समाती फनन्न घुमाएर फालिदिनुभयो । घुमाउँदै त्यो मरिसकेको थियो । एकदिन दाजु बलरामलाई छाडेर अन्य ग्वालासँग यमुना

तटमा कृष्ण जानु भएको थियो । प्यास लागेर ती बालकहरूले यमुनाको विषालु पानी पिएछन् । त्यो पानीले गर्दा तिनीहरू अचेत भई किनारामै ढले । कृष्णले आफ्ना आश्रित गोप र गाईलाई आफ्नो अमृत वर्षाउने दृष्टिले हेरेर नै जीवित पारे ।

## १६. कालीय नाग दमन

यमुनामा एउटा कालीय दह नामको कुण्डमा कालीय नाग बसेर त्यहाँको जल विषालु भई आसपासका जन्तु र मानिस पनि मरेर डुब्दथे । त्यो देखेर कृष्ण एक कदम्ब वृक्षमा चढी उक्त दहमा हामफाली कालीय नागका एक सय एक शिरमा बसि खेल्न लागे । नागहरूको राजा कालीय गलेर शिथिल र अचेत भईसकेपछि नाग पत्नीहरू र छोराछोरीलेसमेत भगवान्को स्तुति गऱ्यो । भगवान् खुशी भई भन्नुभयो - हे सर्प ! तिमी यहाँ बस्नु ठिक छैन । तिम्रा आफ्ना वंशसहित यहाँबाट जाऊ । त्यो रमणक दीप जसको डरले त्यहाँ छाडेर आएका थियौँ । त्यो गरूडले अब तिम्रो शिरमा मेरो चरण चिह्नले अंकित देखेर तिमीलाई खाने छैन । यति भएपछि कालीयले आफ्ना सबै मित्रसहित त्यही समुद्रको माझमा स्थित रमणक द्वीपमा गए ।

## १७. कालीय रमणक द्वीपमा बस्न नसक्नु, ब्रजवासी दावानलबाट रक्षित

त्यो रमणक दीपमा प्रति महिना औंशीको दिन एक वृक्षमुनि गरूडलाई सर्प बलि दिने नियम राखेका थिए । तर एकदिन कद्रुपुत्र कालीयले त्यो गरूडलाई तुच्छ ठानी उसको भाग आफैँले खाइदियो । गरूड कालीय मार्न झम्टियो । त्यसै बखतमा गरूडको दाहिने पखेटाले सर्पलाई आघात पुऱ्यायो । त्यसैकारण डरले भागेर सर्प कालीय दहमा पुगेको हो । यो कालीया दहमा गरूडले आक्रमण गर्न नसक्नुमा यस्तो कारण छ । पहिला एकपटक सौभरी ऋषिलाई देख्दादेख्दै पनि गरूडले बढ्ता भोको हुनाले त्यो कालीय दहबाट माछाको राजा मानिएको ठूलो

माछा झिकेर खाएछ । त्यस कुण्डमा बस्ने सबै जीवका उद्धारको लागि ऋषिले भने कि "अब उप्रान्त यस कुण्डबाट गरूडले माछा खायो भने तुरून्त मर्नेछ" । यसै वचनलाई सत्य पार्न यो कालीय कुण्डमा गरूडले सर्प पनि खाँदैन । त्यसै गरूडका डरले यो कालीय दह सुरक्षित ठानी बसेको हो । जब कृष्णले कालीयलाई त्यो यमुनाको दहबाट भगाए ।

ग्वालावाला त्यो रात त्यही यमुनाको तिरमा नै बसे । भोक प्यास र हैरानीले थकित भएका थिए । मध्येरातमा अकस्मात गृष्मऋतुले सुकेको वनमा दन्केर आएको दावानलले ब्रजवासी र स्वजनको यस्तो व्याकुलता देखेर अनन्त शक्तिधारी श्रीहरिले त्यो अग्नि पिइदिनुभयो ।

## १८. प्रलम्बासुर वध

वृन्दावनको यमुना तटमा कृष्ण लगायत ग्वालावालाहरू गाई चराइ रहेकै बेलामा उनीहरूलाई घेरेर लान प्रलम्बासुर नामको दैत्य देखापर्‍यो । कृष्ण, बलराम र अन्य गोपहरू एउटाले अर्कोलाई बोकी खेल्ने खेल खेलिरहेकाले त्यो दैत्य पनि त्यसै समूहमा पसी खेल्दाखेल्दै प्रलम्बासुरले बलरामलाई बोकेर निश्चित सिमा भन्दा पर पुर्‍याएपछि बलरामलाई थाहा भयो कि यो शत्रु रहेछ । अनि मुड्की प्रहार गरी मारिदिनु भयो ।

## १९. भगवान्ले गाई र गोपलाई दावानलबाट बचाउनु

फेरी पनि एकदिन वस्तु चराउन जाँदा हावाका साथमा आएको डढेलोले गाई-बाच्छा र गोपहरूलाई सतायो । तब सबैले कृष्ण बलरामको पुकार गरे । श्रीकृष्णले पनि सबैलाई आँखा चिम्लन लगाएर दावानललाई पिइदिनुभयो । पछि सबैले आँखा हेर्दा त सबै जन्तु कुशल भएको देखेर छक्क परेर भने यी पक्कै सामान्य केटा होइन । यी ईश्वर हुन् भन्ने विचार गरे ।

# २०. वर्षा र शरद ऋतुको वर्णन

यसरी दावानलबाट बचेर व्रज या घरमा पुगेपछि यी सबै घटना कृष्ण बलरामको अद्‌भूत कार्य गोपले गोपिनीहरूलाई सुनाए । उनीहरू साह्रै हर्षित भए । अब केही दिन पछि सबै किसिमका जीवलाई उत्पन्न गर्ने वर्षा ऋतु आयो । आकाशमा विजुली र घोर गर्जन युक्त निलो कालो बाक्लो मेघले ढाकेर सूर्य चन्द्रको प्रकाश समेत नदेखिनाले, गुणले ढाकिएका ब्रह्म समान ज्ञात हुन्थ्यो । जसरी दयालु पुरुष संसारका जीवलाई आनन्दित पार्नका लागि आफ्नो देह र जीवन पनि अर्पिदिन्छन् । त्यसरी नै विजुली युक्त मेघ प्रवल वायुको वेगले उडेर आफ्नो जीवनरूपी जल वर्षाउन लागे । ग्रीष्म ऋतुको तापले सुकेकी पृथ्वी वर्षाको जलले अभिशिक्त भएर हरिलो भरिलो भइन् । जस्तै कुनै सकाम तपस्याले दुर्वल शरीर फल पाएपछि पुष्ट भएझैँ । हरियो भरिलो घाँसले सज्जित र सुशोभित हुँदै पृथ्वीले अन्न दिएर कृषकलाई खुशी पार्न लागिन् । जसरी भगवान्‌को सेवाले मनुष्यको आकृति राम्रो बन्दै जान्छ । वर्षाले नदीनाला बढेर उन्मत्त भई सिमा नाघेर पाखा पर्वतलाई ठक्कर दिएपनि केही कष्ट हुँदैन, जसरी दुःखका लवटा खाएर पनि भगवान्‌का भक्त विचलित हुँदैनन् । ती मयुर र उत्कृष्ट चराहरू हर्षित भएर प्रसन्नता प्रकट गर्न थाले, जसरी गृहस्थाश्रममा तीनै तापले तड्पिएका उद्विग्न पुरुष हरि भक्तको आगमनले प्रसन्न हुन्छ । यस वर्षा ऋतुमा कृष्ण बलराम कहिले ठूलो वृक्ष मुनि कहिले गुफामा बसेर कन्दमुल फल र कहिले ठूलो ढुङ्गामुनि बसेर आफ्ना प्यारा साथी ग्वालावालासँग रमाउँदै घरबाट ल्याएको दहीभात खाँदै आनन्द मान्दथे ।

# २१. वेणुगीत

हे राजन ! वर्षा ऋतु समाप्त भएर शरद ऋतु आइ सकेकाले जलाशयहरू निर्मल भईसकेका थिए । कमलको सुमधुर सुगन्धले मन्द मन्द वायु चल्न सुरू भईसकेको थियो । त्यस वनमा श्री अच्युतले गाईहरू र गोपालका साथै प्रवेश गरे ।

जहाँ वनमा फूलका पंक्तिहरूमा मन्द मन्द भ्रमरागण र पंक्षिहरू बोल्नाले सरोवर, नदी, पर्वत गुञ्जयमान भईरहन्थे । त्यस्ता सुवासी वनमा बलराम सहित श्रीकृष्णले गाईहरू र गोपालहरूका साथमा रहेर सुरिलो र अति मिठो स्वरले तिनै लोकका जीव मघ्नमुग्ध हुने वासुरी बजाए । कामदेवलाई समेत आकर्षित गराउने वाँसुरीको स्वर सुनेर केही गोपिनी आफ्ना साथीसित श्रीकृष्णको गुण वर्णन गर्न लागे । तब श्रीकृष्णको सम्झना भएर कामवेगले गर्दा चित्त चञ्चल भई वर्ता बोल्न सकेनन् । तिनले विचार गरे की दुबै कानमा फूल लगाएका सुवर्ण पीताम्वर पैरेका र घाँटीमा वैजयन्ती माला लगाएर नटवर चित्तचोर श्रीकृष्णचन्द्रले अमृतरूपी स्वरमा बाँसुरी बजाउँदै ग्वालावालाबाट आफ्नो सुयश सुन्दै होलान् । हे राजन ! सबै प्राणीका मन हरण गर्ने मुरलीको मधुर ध्वनि सुनेर कृष्णको याद आई सारा व्रजवासीहरू परस्पर कुरा गर्दै मनको उनको मूर्तिमा अंकमाल गर्न लागे भने झन् ती कृष्णका प्रेमी गोपिनी सबै कुरा बिर्सेर एकोहोरो भएर श्रीकृष्णको मन मूर्तिमा नभौतारिने त कुरै थिएन ।

गोपिनीहरू भन्न लागे - हे संगिनी हो ! आफ्ना मित्रहरूसित गाईबाछा पछि पछि हिँडेर ब्रज कुमारबाट बजेको वंशीबाट सुशोभित प्राणकटाक्षयुक्त मुखामृतलाई जस्ले नेत्रद्वारा पान गर्छन् ती व्यक्ति धन्य हुन् । किनकि नेत्रको परम लाभ नै यहि हो । अर्की गोपिनी भन्छे - हरे यो बाँसुरीले यस्तो कुन पुण्य गरेर होला नटवर कृष्णका कोमल हात र ओठमा टाँसिन पाएकि होली । अर्की गोपीनी भन्छे - यो वृन्दावनको भूमिले अपूर्व शोभा प्राप्तमै भुलोक मै यसको कीर्ति फैलिएको छ । अर्की भन्छे - हे सखी ! मुढबुद्धि भएपनि ती मृग धन्य हुन्, जो बाँसुरीको स्वर सुन्नासाथ आफ्नु पति कृष्णसार मृगसित आएर आफ्ना प्रणय कटाक्षले विचित्र वेषधारी नन्द नन्दनको पूजा गर्दछन् । यौटी गोपिनी भन्छे - ती भाग्यमानी गाईहरू आफूले वेणुरूपी अमृत पान गर्दै बढो आनन्दका साथ बाछाहरूलाई आफ्नो स्तनबाट बगिरहेको दूध पान गराउँदैछन् । अर्कीले भनि - सचेत प्राणीको मात्र के कुरा ती नदीहरू पनि श्रीकृष्ण भगवान्‌को वेणु गीत सुनेर आफ्नो

तरङ्गरूपी भुजाले कमल कुसुमको भेट अर्पण गर्दै कृष्णका चरण चुमिरहन्छन् । फेरी अर्की गोपिनी भन्छे - हेर यो गोवर्द्धन पर्वत अवश्य पनि हरि भक्तमा श्रेष्ठ छ । किनकि कृष्ण चरणचिह्नको स्पर्श पाएर आनन्दित भई जल र हरियो घाँस कन्दमुल दिएर भगवान्को सत्कार गर्न पाएको छ ।

# २२. चीरहरण लीला

हेमन्त ऋतुको मार्गशीर्ष महिनामा ब्रजका बालिकाले हविष्यन्न खाएर कात्यायनी देवीको व्रत लिए । यमुना नजिकै तटमा बालुवाको मूर्ति देवीको प्रतीमामा थरि थरिका सामाग्रीले पूजा गर्दै कृष्ण हाम्रा पति होऊन् भन्दै देवीका स्तुति गर्थे । यसरी एक महिनासम्म पूजा गरेर जल बिहार गर्दै थिए । तिनीहरूको व्रत पुरा गराउन साथीहरूसहित त्यहाँ कृष्ण पुगे । यमुना किनारमा राखेका लुगाहरू लिएर कदमको वृक्षमा चढेर आफ्ना साथीहरूसँग हाँस्दै ती नाङ्गै जलक्रीडा गर्ने गोपिनीहरूलाई आ-आफ्ना वस्त्र लैजाओ भन्नुभयो । तर ती गोपिनीलाई पानीबाट निस्कन लाज भएकाले एक आपसमा मुसुमुसु हाँस्तै घाँटीसम्म जल आउन्जेलसम्म नदीमै उभिइरहे र कृष्णसित विनय गर्न लागे तिमी दुःख देख्ने धर्मात्मा हौ । तिमी जे भन्छौँ हामी त्यही गर्छौं हाम्रा वस्त्र देउ नत्र नन्द योशोदालाई भनिदिन्छौँ । राजा कंश कहाँ उजुर गर्नेछौँ । अब कृष्ण- उजुर बाजुर गर्ने कुरा छाडेर तिमीहरू मेरा दास नै होउ भने आज्ञा मान्न तयार छौँ ? भने यहाँ मनेर आएर आ-आफ्ना वस्त्र लैजाऊ । यति भएपछि ती चिसोले कामिरहेका गोपिनीले जाडोले हार मानेर एउटा हातले गुप्ताङ्ग छोपी जलबाट निस्कन लागेको देखेर तिनका शुद्धभावले प्रशन्न भई तिनका वस्त्र काँधमा राखि मुसुमुसु हाँस्दै भन्नुभयो । तिमीहरूले कात्यानी देवीको व्रतमा नाङ्गै जलमा स्नान गर्नाले वरूण देवको अपमान भयो, सूर्यनारायणको पनि अपमान भएको छ । त्यस दोषको प्रायश्चितका लागि दुबै हात शिरमा राखी निहुरेर प्रणाम गर । अनि आफ्ना वस्त्र लैजाउ । यति भनेपछि ती गोप बालिकाहरूले आफ्नो व्रत खण्डी हुने डर र समस्त कर्मका साक्षी उनै कृष्णलाई सबै पाप नाशक हुन् भन्ने ठानी दुबै हातले प्रणाम गरे । कृष्ण खुशी भएर तिनका वस्त्र फिर्ता दिए । तिमीहरूको

त्यो कात्यानी व्रतको फल आउँदा कार्तिक शरद ऋतुको रात्रीमा पुरा गराउनेछु भन्दै विदा भए ।

## २३. विप्र पत्नीमा भगवान्को कृपा

गोप गणका साथमा कृष्ण बलराम डुलिरहँदा जब गोपहरूले भोक लागेको कुरा कृष्णलाई बताए । तब कृष्णले भन्नुभयो - यहाँबाट अलिपर वेदपाठी ब्राह्मणहरूले यज्ञ गर्दैछन् । त्यहाँ गएर श्रीकृष्णले पठाएको केही खानेकुरा दिनुहोस् उनिहरूलाई पनि भोक लागेको छरे भन्नु भने । ती यज्ञशालामा तल्लिन क्षुद्र हृदय र आफूलाई ठूलो कर्मकाण्डी मान्ने मूर्ख ब्राह्मणहरूले सुने पनि नसुने जस्तै गरेर जवाफ दिएनन् । अनि ती बाल गोप निरास भई फर्किएर गएर कृष्णसँग भने केही दिएनन् । कृष्णले भन्नुभयो - फेरी जाओ तिनका पत्नीहरूलाई भन अवश्य दिन्छन् । तिनको चित्त ममा लागिरहन्छ र दयालु छन् । गएर भने यहाँ अलि पर कृष्ण र बलराम आउनु भएको छ, भोक लागेको छ तसर्थः केही खानेकुरा दिनुहोस् विप्रपत्नीहरूले कृष्णबलराम आएका कुरा सुन्नेबित्तिकै खानेकुरा लिएर आफैँ गए र भगवान् श्रीकृष्णको चरण स्पर्श गरी समाए । हामी घर जाँदैनौं प्रभु हामीलाई अब स्वीकार गर्दैनन् होला भन्दा, गर्छन् मेरा कृपाले तिमीहरूलाई हेला गर्दैनन् प्यारो गर्छन् जाओ भन्नुभएको थियो । घर गएर श्रीकृष्णसँग दर्शन भेटेको कुरा बताए । ब्रह्माणहरूले पछुतो मान्दै भने - हामी कस्ता अभागी तिमीहरूले भगवान्लाई भेटेर खान समेत ख्वाएर आएका छौ ।

## २४. भगवान्द्वारा इन्द्रको यज्ञ भङ्ग

इन्द्रको घमण्ड तोड्नका लागि नन्द गोप र सबै ब्रजवासीले इन्द्रको पूजाका लागि तयारी पारेको त्यसै सामाग्रीले गाई ब्राह्मण र गोवर्धनको पूजा गर्न लगाएर गोवर्धनको टुप्पामा आफैँ बसेर फेरी आफैँ समेत भएर सबै ब्रजवासीलाई गोवर्धनको पूजा दर्शन र खाना खुवाउन लगाए । यसरी इन्द्रको पूजा बन्द गराए ।

# २५. भगवान्द्वारा गोवर्द्धन धारण

यसरी इन्द्रको सट्टा गोवर्द्धनको पूजा हुन लागेपछि इन्द्रले रिसाएर संवर्तक नामक मेघलाई हात्तीका सुँडजस्तो मुसल्धारे वर्षा, असिना हावाहुरी चट्याङ्का साथ यी कृष्णको कुरामा लाग्ने मुर्ख, अभिमानी र अज्ञानी ब्रजवासीलाई उथलपुथल पार्ने गरी वर्षा गराउँने आदेश दिए । सोही अनुसार ब्रजमा सहिनसक्नु आँधिबेरी असिना पानी बिजुली चम्कन लाग्यो र ब्रजवासी भयभित भएर श्रीकृष्णका शरणमा गए । कृष्णले गोवर्द्धन पर्वतलाई छाता उचालेझैँ बायाँ हातको कान्छी औंलाले उचालेर गोपाङ्गना गाईबाच्छा लगायत सम्पूर्ण प्रजाबासीहरूलाई त्यही पर्वतमुनि राखेर सात दिनसम्म गोवर्द्धन उचालिरहे । जब इन्द्र आजित भई वर्षा कम भएपछि त्यहाँबाट सबैलाई पर्वतलाई जहाँको त्यही राखि दिनुभयो ।

# २६. श्रीकृष्णको प्रभावका विषयमा

हे राजन ! कृष्णको यस्तो अद्भूत पुरुषार्थ देखेर उनका प्रभावबाट गोपिनीहरू सारै छक्क परे । आपसमा कुरा गर्न लागे सात वर्षको बालकले सात दिनसम्म एकै हातले यत्रो पर्वत कसरी उचाले ? अझ सानै अवस्थामा पूतनाको प्राण लिन कसरी सके ? तीन महिनाको अवस्थामा गाडा कसरी पल्टाए ? एकवर्ष हुँदा आफ्नै आँगनमा आएको तृणवर्त कसरी मार्न सके ? घुँडा टेकेर घस्रिने बालकले दुई अर्जुन वृक्ष कसरी मुला उखेलेझैँ उलेल्न सकेको होला ? गाई चराउन जाँदा वकासुरको चुच्चो च्यातेर मारे । त्यस्तै वत्सासुरलाई पनि मारे, धेनुकासुर मारे, नागका राजा कालियलाई भगाए । प्रलम्बासुर मारे, अनि नन्द बाबाले सम्झाए । हेर ब्रजवासी हो ! यी बालकलाई गर्गाचार्य ऋषिले यस्तै ब्रजवासीको हितैषी र उद्धारक हुन्छ भनेका थिए ।

# २७. कृष्णाको अभिषेक

जब गोवर्द्धनको पूजा गरेर इन्द्रको अभिमान तोडिएपछि गोलोकबाट कामधेनु गाई र स्वर्गबाट इन्द्र आइ श्रीकृष्णसँग क्षमा मागी स्तुति गरेर भगवान्लाई खुशी पारेर धेनुले

आफ्नो दूधको धाराबाट र देवमाता अदितीको प्रेरणा अनुसार देवर्षि नारदका साथ इन्द्रले ऐरावतद्वारा आफ्नो सुँडमा ल्याएको जलले अभिषेक गरेर श्रीकृष्णलाई गोविन्द नामले डाके ।

## २८. नन्दलाई वरूण लोकबाट फर्काइ ल्याउनु

एकदिन नन्द बाबाले एकादशीको निराहार व्रत गरेर भगवान्को पूजा गरे । अनि द्वादशीको स्नान गर्न यमुनाको जलमा जाँदा वरूणका दूतले समातेर वरूण समक्ष पुऱ्याए । यो घटना थाहा पाएपछि कृष्ण वरूणकहाँ पुगी, वरूणले उनैको दर्शनका लागि लगेका थिए । वरूणलाई प्रत्यक्ष दर्शन दिएर नन्दलाई लिएर ब्रजमा फर्किए ।

## २९. रासलीला

भगवान् श्रीकृष्णले चीरहरणको बेला शरदऋतुको रातमा तिमीहरूको कात्यायनी व्रतको उद्देश्य पुरा गरिदिन्छु भन्ने कबुल अनुसार आफ्नो योगमायाको आश्रय लिएर रमण गर्ने इच्छा गर्नुभयो । गोपिनीहरूले कृष्णको सौन्दर्य देखेर, अनुनय, विनय, गुनासो, स्नेह, प्यार र कटाक्ष गर्दा कृष्णको दिल खुशी भई ती गोपिनीहरूसँग विहार गर्न लाग्नुभयो । आ-आफ्ना काम वासनाका वस्तु छाडेर कृष्णलाई एकान्ततिर लिएर लुक्न थाले । यसरी कृष्णलाई खुशी पारेर आफ्नो बनाई सकेपछि ती प्रत्येक गोपिनीलाई आफ्नो सौन्दर्यको अभिमान र मदले मात्तिन लागे । तसर्थः त्यो मद छुटाउनको लागि कृष्ण अर्न्तध्यान हुनुभयो ।

## ३०. श्रीकृष्णको खोजी

ती गोपिनीहरू कृष्णप्रति मुग्ध भएकाले एक्कासी नदेख्दा युथपति गजराज नहुँदा ढोईहरू व्याकुल भएजस्तै उन्मत्त भएर बेहोस जस्तै भएर एक अर्काले आफू आफूमै कृष्णको अभिनय गर्न थाले । कृष्णलाई खोज्नका लागि वन, बुटा, जन्तु,

जनावर, तुलसी, जाइपत्री सबैसँग सोध्न थाले - ए बलरामका भाइ श्रीकृष्ण यतातिर आएका छन् भनी तजाततै सोध्न थाले ।

अन्त्यमा कृष्णले टेकेका चरण चिह्न देखे । अलिपर पुगेपछि एक स्त्रीको पनि चरण चिह्न देखे र त्यतै लागे । नभन्दै ती कृष्णको साथमा भएकी सुन्दरीले अब हिँड्न सक्दिन बोक्नुहोस् भनेपछि कृष्णले उनको अभिमान तोड्न अर्न्तध्यान भईदिए । जहाँ विलाप गरिरहेका गोपिनीहरूले चरण चिह्न देखेका थिए त्यहाँ पुगे र ती सबै खुशी भए । उता ती एक्लि सुन्दरी गोपी फेरी विलाप गर्न लागिन् ।

## ३१. गोपीका स्तुति

हे प्रियतम कृष्ण ! तिमीले जन्म लिएकाले नै यो ब्रजभूमि ठूली र धन्य मानिएकी छिन् । तिम्रै निम्ति जीवन धारण गरेका हामी तिम्रा दासीहरू तिमीलाई नै खोजिरहेका छौं । अब तिम्रो मनोहर दर्शन देउ, तिम्रो हेराइ र वक्षस्थल देखेर बारम्बार हामी मोहित भई तिम्रो सामिप्यको इच्छा राख्दछौँ । हाम्रो मन तिम्रो निम्ति सारै व्यग्र भएको छ तसर्थः यस्तो औषधी देऊ जसले हाम्रो हृदयलाई शान्त पारोस् ।

## ३२. श्रीकृष्ण प्रकटभई आश्वासन दिनु

हे राजन ! यसरी गुणगान र विलाप गर्दै ती कृष्णको दर्शनको लालसाले विह्वल भएर रून लागेका थिए । त्यसैबेला वनमाला धारण गरेका कृष्ण मुसुमुसु हाँस्दै आफ्नो सामुन्नेमा प्रकट भएको देखेर भक्तिधार उम्लिएर प्रेम रसमा डुबेकाले एउटीले करकमल समाती, अर्कीले आफ्नो भृकुटी उचालेर आफ्नै ओठ टोक्दै कटाक्षले हेरेको हेरेइ भइ ।

कृष्ण - तिमीहरूले गृहश्रृंखला तोडेर मेरो भजन गरेका छौँ । म देवता भएर पनि तिमीहरूको उपकारको बदला दिन सक्दिन । तिमीहरूको मप्रति मिलन निर्दोष छ । तिमीहरूले मलाई दोष नदेओ । तिमीहरूको मनोवृति नयाँ नयाँ भईरहोस् भनेर म एकछिन हराएको छु ।

## ३३. महा रासलीला

भगवान्‌का मधुर कुरा सुनेर गोपिनीहरू विरह जनित ताप हराएर गयो र उनको अङ्गसँग भइदिनाले सबै मनोरथ पुरा भए । अनि कृष्णले प्रशन्न मुद्रामा परस्पर पाखुरामा पाखुरा जोरेर ती स्त्रीहरूसँग रासक्रीडा आरम्भ गरे । गोपिनीहरूको समूहले सुशोभित रासोत्सवमा ती स्त्रीहरू मध्ये दुई दुईका माझमा एक एक योगेश्वर भगवान् तिनका घाँटीमा हात राखेर उभिए, त्यसबेला ती सबै स्त्रीहरूले कृष्णलाई आफ्नै नजिक ठाने रासलीला हेर्न देवगणको विमानले आकाश मण्डल भरियो । पुष्पवर्षा हुन थाल्यो दुन्दुविको गडगड ध्वनि आयो । गन्धर्वले कृष्णको गान गर्न लागे । ती ब्रजवासी सुन्दरीका माझमा कृष्ण सुवर्णको माझमा मणि झैं सुन्दर देखिए ।

## ३४. सुदर्शनको उद्धार र शङ्खचुड वध

यसरी उनीहरूको इच्छा सिद्धि गराइ गोपिनीहरूलाई आ-आफ्नो घर फर्काइ दिनुभयो । अशुद्ध भाव उठ्न पाएन । भगवान्‌को आफ्नो स्वार्थ नभएकाले यसमा कुनै दोष छैन, लाग्दैन, तर अन्य मानिसमा भने भारी दोष लाग्ने छ ।

एकदिन सबै गोप, शिवजी र अम्बिका देवीको पूजा निमित्त अम्बिका नामको वनमा गएका थिए । पानी मात्रै पिएर उपवास बसेका थिए । त्यसै समयमा एउटा भोको अजिंगरले सुतेका नन्दलाई निल्न लागेको देखेर गोपहरूले बल्दो अगुल्टोले घोचे र दग्ध पारे, तर मरेन । कृष्णले पाउले स्पर्श गरेपछि सर्परूप त्यागि सुन्दर विद्याधरको रूप लियो । तिमी को हौ ? भन्दा पूर्वजन्ममा म सुदर्शन नामको प्रख्यात विद्याधर थिए । त्यसबेला मेरो कान्तिरूप र सम्पत्तिले मत्त भई डुलेको बखतमा अंगिरा वंशका मुनिलाई देखेर हाँसेथे । कुपित ती मुनिले मलाई कृपा गरेर यो अधम सर्पयोनिमा पठाए । तब हजुरको स्पर्शले मुक्त भएँ । अब आफ्नो लोक जाने आज्ञा पाऊँ ।

एकदिन कृष्ण सबै गोपगोपा नाच्न लागे । यसरी भव्यताका साथ स्वच्छन्द ढंगले रमाइलो भईरहेको बेलामा शङ्खचुड नामको विख्यात कुवेर दूत त्यहाँ आयो । ती सुन्दरीहरलई बलपूर्वक लिएर उत्तरतिर भाग्यो । बलरामलाई त्यहाँको रक्षार्थ छाडेर कृष्णले त्यस शङ्खचुणलाई मारी त्यसको शिरको मणि र गोपीहरूलाई लिएर फर्किनुभयो । मणि दाजु बलरामलाई बुझाए ।

## ३५. युगल गीत

भगवान् श्रीकृष्ण दिनदिनै गाई चराउन जाँदा उहाँका साथमा गोपिनीहरूको चित्त पनि सँगै हुन्थ्यो । तिनीहरूको मन श्रीकृष्णको चिन्तन गर्दै रहन्थ्यो । तिनीहरूको वाणिले उनको लीलारूपी गीत गाउँदै रहन्थ्यो । गोपिनी - ए सखी ! आफ्ना प्रेमी कृष्ण नट झैँ आफ्नो बाँया गालालाई दाहिने बाहुतिर झुकाएर बाँसुरी बजाउँछन् ।

## ३६. अरिष्टासुर वध र अक्रूरजीको ब्रज गमन

कृष्ण बलराम वनमा गोपीहरूसँग मस्त खेलिरहेकै बेला अरिष्टासुर दैत्य गोरूको रूपमा आयो र गाई बाछा हर्कायो । अनि कृष्णले त्यस असुरलाई सिङ उखेलेर हिर्काइ मारिदिनुभयो । एकदिन फेरी नारदले कंशकहाँ गएर देवकीको सातौँ गर्भ बलराम नै हुन् र आठौँ गर्भ कृष्ण नै हुन् । जुन कन्या यशोदाका भर्गबाट आएकी हुन् देवकीको गर्भबाट होइन । तिनै यशोदाकी छोरी भगवान्की योगमायाबाट यी सबै काम भएका हुन् भन्ने गोप्य भेद खोलिदिए । तिनै कृष्ण र बलरामले तिम्रा सेवक मारेका हुन् भनेपछि आफ्नो मरण कृष्णको हातबाट पक्का जानेपछि कंश रिसले चुर भएर वसुदेव र देवकीलाई कैदी हालिदियो र केशी दानवलाई बोलाई मार्ने आदेश गर्‍यो । अनि मुष्टिक चाणुर, शल र तोसल नामका मल्लहरूलाई माहुते र मन्त्रीगण समेतलाई आदेश गर्‍यो कि मल्लयुद्धका यज्ञमा भान्जा चाहिंने भएकाले ती कृष्ण बलरामलाई जसरी हुन्छ यहाँ ल्याइन्छ । तिनीहरूलाई

मारिदिनु किनभने ती मेरा काल हुन् । त्यसपछि यादवमा श्रेष्ठ अक्रूरलाई विनयपूर्वक फकाएर मल्लयुद्धको यज्ञमा भान्जा चाहिंने भएकाले ती कृष्ण र बलरामलाई जसरी हुन्छ यहाँ ल्याइदिनु भनी नन्द कहाँ पठायो ।

## ३७. केशी र व्योमासुरको वध

कंशले कृष्ण बलरामलाई मार्न पठाएको केशी नामको दैत्य घोडाको रूपमा ब्रजमा गएर सबैलाई आतंकित पारिरहेको देखेर भगवान्ले त्यसका पछाडिका खुट्टा समाती फनन्न घुमाएर पछारिदिनुभयो, फेरी उठ्यो । अनि कृष्णले आफ्नो बाँया हात त्यसको मुखमा घुसारीदिनुभयो र त्यो हात बढाइदिनुभयो । तब त्यसको श्वास रोकियो र आँखा पल्टाइ मऱ्यो ।

एकपटक गाई बाच्छा चराइरहेकै समयमा मायासुरको छोरो व्योमासुर ग्वाल जस्तै बनेर उहीहरूसँगै खेल्न थाल्यो । उसको कुचेष्टा बुझेर भगवान्ले दुबै हात समातेर चिथेर भूमिमा पछारि मारिदिनु भयो ।

## ३८. अक्रूरको ब्रज यात्रा

कंशको आदेश पाएर महामति अक्रूरजी कंशको आदेशलाई कृपा र आफूलाई भाग्यमानी ठान्दै कृष्णको दर्शनको अभिलाषा बोकेर गोकुलतर्फ लागे । कंशले मार्नको लागि आफूलाई लिन पठाएको कुराको तर्क गर्दै साँझमा पुगे र कृष्ण बलरामलाई गोठमा देखे । रथबाट उत्रिएर दण्डवत प्रणाम गरे । आँसुले नेत्र भरिए, कृष्णले सान्त्वना दिँदै आफ्ना हातले उठाउनुभयो । बलरामले घरतिर लिएर जानुभयो । प्रेमपूर्वक भोजन भएपछि नन्दले भन्नुभयो - आफ्नी गाई जस्ती बहिनीको बालक मार्ने कंशको कयसमा कसरी बस्नुभएको छ ?

## ३९. कृष्ण बलरामको मथुरा प्रस्थान

कृष्णले अक्रूरको नजिकै बसेर हजुर यहाँ आउनुका कारण भन्नुहोस् भनेपछि अक्रूरले कंशको यदुवंशलाई शत्रु ठानेको र वासुदेवको वध गर्ने सारा वृत्तान्त वर्णन सुनाए । कंशको धनुष यज्ञमा कृष्ण र बलरामलाई मार्ने षड्यन्त्र जसको दूत आफूलाई तुल्याएको कुरा सुनाएपछि कृष्ण बलराम हाँसे । कंशको आदेश नन्दलाई सुनाएपछि ब्रजभरी कंशको धनुर्यज्ञमा जान तयारका लागि रथ तयार गर्न लगाए । यो कुरा सुनेर गोपीनीहरूले अक्रूरलाई गालि समेत गरे । सम्पूर्ण ब्रजवासी र गोपीनीहरूद्वारा घेरिएका कृष्ण गोपिनीहरूको वीचल्ली देखेर हामी छिट्टै फर्कनेछौँ भन्दै त्यहाँबाट मथुरातिर लागे ।

## ४०. अक्रूरद्वारा भगवत स्तुति

हे कृष्ण ! जसबाट सृष्टि भयो, जसको नाभिबाट ब्रह्मा उत्पन्न भए । सबैका कारणका पनि कारण, सत्व, रज, तम यी हजुरकै माया गुण धागो हुन् यिनैमा ब्रह्मादेखि स्थावर सम्मका जीव उनिएका छन् । हजुर सबैका बुद्धिका साक्षी हुनुहुन्छ । अग्नि मुख, पृथ्वी चरण, सूर्य नेत्र, आकाश नाभि, दिशाहरू कान स्वर्ग शिर, देवगण भुजा, समुद्र कोखा, वायु प्राण, रातदिन आँखा चिम्लनु र खोल्नु । यी सबै हजुरकै अङ्ग मानिन्छन् । यस्ता हजुरलाई नमस्कार ।

## ४१. कृष्णको मथुरा प्रवेश

यसरी भगवान् कृष्णको चिन्तन मनमा बनाएर हिंडिरहेका अक्रूरलाई तिर्खा लागेर जलमा प्रवेश गर्नुभएको थियो । जलभित्रै कृष्ण बलराम र समस्त जगत देखे । त्यो रूपलाई अन्तर्ध्यान भएको देखेर अक्रूर जलबाहिर निस्के, अक्रूर रथ हाँकेर मथुराको नजिकै गाउँमा पुऱ्याए । कृष्ण रथबाट ओर्लिए र अक्रूरलाई आफ्नो घर जानु भने । नन्द र ब्रजवासी यो भन्दा अगावै मथुरा पुगेर उपवनमा प्रतीक्षा गरिरहेका थिए ।

अब कृष्ण बलराम गोपालसहित मथुरापुरी हेर्न प्रवेश गरे । एउटा धोवीलाई देखे यी लुगा हामीलाई सुहाउने रहेछन् देउ भनी मागे । तर राजा कंशको धाक लगाउँदै लुगा दिएन । कृष्णले त्यसलाई नङले चिमोटी मारिदिनुभयो । अझ अघि बढेपछि सूचीकार भेटियो कृष्णलाई सुहाउने लुगा पहिऱ्याएर खुब राम्रो पारी पठायो । अझैँ अघि बढेपछि सुदामा नामको मालीको घरमा पुगे । त्यहाँ सुदामाले उनको पूजा गरी सुगन्धित फूलको माला लगाइदिए, तिनलाई ईश्वर प्रति प्रेम र सन्तान वृद्धि, लक्ष्मी, बल, आयु कीर्तिको आशीर्वाद दिँदै निस्किए ।

## ४२. कुब्जामाथि कृपा, धनुर्भङ्ग र मल्लशाला

त्यसपछि एउटी राम्री तर कुब्जा हातमा चन्दनको पात्र बोकेर हिंडिरहेकी देख्नुभयो । यो चन्दन अत्ति उत्तम जस्तो छ हामीलाई लगाइदेऊ भन्नुभयो । कृष्ण बलराम दुबैलाई चन्दनले सुगन्धित पारी । कृष्णको कृपा जागेर आयो तब त्यो कुब्जाको खुट्टामा खुट्टाले चिथेर चिउँडोमा दुई हातले उचाली सोझ्याई दिनुभयो अत्यन्तै सुन्दरी भइ ।

कृष्ण धनुषशाला सोध्दै जानुभएको थियो । त्यहाँ एउटा विचित्र किसिमको धनु राखेको देख्नुभयो । रक्षकले छेक्दाछेक्दै पनि कृष्णले बाँया हातले उचाल्दा दुई टुक्रा भइ गिऱ्यो । धनुष भाँचेको देखेर कंशका रक्षक र सेवकले यो बदमासलाई बाँध्नुपर्छ भन्दै कोलाहल गर्दै पत्रन दगुरे । तर कृष्ण बलरामले त्यहीं भाँचिएको धनुका टुक्राले बेसरी चुट्न थाले र विध्वंश पारे । ती हेर्ने दर्शक छक्क परे । यी कुनै ठूलै देवता नै हुनुपर्छ भन्ने ठाने । अब कृष्ण बलराम आफ्नो रथमा गएर बसे, खाए । त्यो विध्वंसको खबर सुनेर कंशले अपशकुन देख्न थाल्यो, स्वप्नमा गधा चढेर हिंड्न थाल्यो । भोलिपल्ट मल्ल युद्धको तयारीमा सबैले आ-आफ्नो स्थानमा बसेर कंश पनि राजसिंहासनमा बस्यो ।

# ४३. बलराम र कृष्णको मल्लशालामा प्रवेश

अब कृष्ण बलराम मल्लयुद्ध हेर्न रङ्गशालातिर लागे । रङ्गशाला पुगेर लगेको सौगात राजा कंशलाई समर्पण गरी एउटा मञ्चमा बसे ।

भोलिपल्ट बिहानैदेखि रङ्गभूमिमा रमाइलो साथ बाजा गाजा सुनिएकाले त्यतैतिर हेर्दै गए । जाँदा गेटमा माउतेसहित कुवलयापीडा हात्ती कृष्णले देखे । त्यसलाई बाटो छोड भन्दा माउते रिसाई कृष्णसँग आक्रमण गऱ्यो र भगवान्ले पनि त्यसको पुच्छर समाति तानेर सुँडमा समाति पछारेर मारिदिनुभयो । चाणुर नामको पहलमानले कृष्णमल्ल युद्धमा पनि सिपालु छन् अरे भन्ने कुरा सुनेर राजा कंशले सो युद्ध हेर्न मन गरेका छन् । हामी प्रजाले राजालाई खुश राख्न कर्तव्य पनि हो । तसर्थः मल्ल युद्ध खेल्नुपर्छ भनेर सल्लाह बाँधे ।

# ४४. चाणूर मुष्टिक मल्ल र कंश वध

अब उनीहरूकै सल्लाह अनुसार श्रीकृष्ण चाणुर बलराम मुष्टिकसित जुध्न थाले । जुध्दाजुध्दै तीनका पाखुरामा समाती आकाशमा घुमाएर पृथ्वीमा पछारे तब प्राण त्यागे । यसरी ती दुबै वीर चाणुर र मुष्टिकलाई मारेको देखेर कंशबाहेक अरू सबैले प्रशन्न भएर स्यावासी दिए । कंश रिसले कृष्ण बलरामलाई त्यहाँबाट निकाली दिने र वसुदेवालाई मार्ने, आफ्नै पिता उग्रसेनलाई पनि शत्रु पक्ष लागेको भन्दै मार्ने आदेश गऱ्यो । कृष्णले पनि आफ्नो वरिपरि तरवार लिएर घुम्न लागेको कंशलाई जुल्फीमा समातेर रणभूमिमा पछारे । तब कंशको श्रीपेच भुईंमा खस्यो र प्राण गयो । प्राण जाने बेलामा उसले चारैतिर भगवान्लाई नै सम्झना गरेकाले भगवान्मै मिल्यो । कंशका पत्नी र सबै मृतकका आफन्तलाई आश्वासन दिंदै कृष्णले मृतकको विधिअनुसार क्रिया गराई आमा-बाबुलगायत सबैलाई जेलमुक्त पारे ।

# ४५. कृष्ण बलरामको उपनयन र विद्याध्ययन

यसपछि कंशले खोसेको राज्य उसैका पिता उग्रसेनलाई राजा बनाए र भने हे महाराज ! स्व. राजा ययातीका श्रापले यदुवंशी राजा हुँदैनन् ता पनि मेरो आज्ञाले हजुरलाई त्यो दोष लाग्ने छैन । त्यसपछि वसुदेवले पुरोहित र अन्य ब्राह्मणहरूद्वारा कृष्ण बलराम दुबै छोराको विधिअनुसार यज्ञपवित संस्कार गराए । यदुकुलका पुरोहित गर्गाचार्यले संस्कार अनुसार द्विजत्व प्राप्त गराएपछि बलराम र कृष्णले ब्रह्मचर्य व्रत धारण गरी गुरुकुलमा बस्ने इच्छाले दुबै भाइ काशिमा जन्मेका र अवन्तिपुरका निवासी सान्दिपीनि नामका आचार्य कहाँ गएर षडङ्ग र उपनिषद्समेत चारै वेद हाँसिल गरे । यसरी ब्राह्मण प्रवर गुरु सान्दिपीनिबाट राजनीतिसहित चौसट्ठी कलाका सबै ज्ञान पाइसकेपछि गुरु दक्षिणास्वरूप आग्रह गर्दा गुरुमाको पनि इच्छा अनुसार समुद्रमा डुबी मरेका छोरा ल्याइदिनु भनेकाले दुबै भाइ समुद्रमा गई सोध्दा खड्गरूपधारी पाञ्चजन दैत्यले चोरेर लगेको छ भन्ने थाहा पाई सोही जलमा हामफालेर त्यो दैत्यलाई मारे । तर बालक पाइएन । त्यसको देहबाट निस्केको पाञ्चजन्य शङ्ख लिएर यमराजको संयमनीपुरीमा पुगेर शङ्खनाद गरे । यमराज निस्केपछि बालक ल्याएर गुरुलाई सुम्पे र वर माग्नुहोस् भन्दा गुरुले त यस्तो पो भन्नुभयो - तिमीहरूले पढेको विद्या कहिल्यै नबिर्सनु सधैं नयाँ बनिरहोस् यस्तो वर माग्नुभयो ।

# ४६. उद्धवको ब्रज यात्रा

यादवहरूमा श्रेष्ठ वृहस्पतिका शिष्य बुद्धिमान कृष्णका प्रिय मित्र मन्त्रीलाई एकदिन श्रीकृष्णले भने - ब्रजमा गएर मेरा मातापिता नन्द यशोदालाई र गोपिनीहरूलाई जो मेरो वेदनाले विरक्त भएका छन् । तिनलाई मेरो समाचार सुनाएर शान्त पार । यति आज्ञा पाएर उद्धव ब्रजमा गोकुलको नन्दगाउँतिर लाग्नुभयो । त्यहाँ गएर नन्द यशोदा र ब्रजवासी गोपिनीहरूको झुण्डलाई भलिभाँती सम्झाउन लाग्नुभयो ।

## ४७. उद्धव र गोपिनीहरूको वार्तालाप र भ्रमर गीत

कृष्णको वियोगबाट वीचलित गोपिनीहरूलाई उद्धव यस्तो भन्नुहुन्छ - भगवान्बाट आज्ञा भएको छ म सबैको आत्मा हुँ । तसर्थः मसँग कहिल्यै विछोड हुन सक्दैन । आफ्नी मायाको प्रभावले म पञ्चतत्त्व, इन्द्रिय र गुण रूप भएर आफैँद्वारा नै रचना, पालन र लिन गरिलिन्छु ।

## ४८. भगवान् कुब्जा र अक्रूरको घर जानु अक्रूरलाई हस्तिनापुर पठाउनु

श्रीकृष्ण कुब्जाको घरमा गएर चन्दन ग्रहण गर्दाको वचन पुरा गर्न उनको इच्छा अनुसार चार दिन विराजमान भएर इच्छा पुरा गराइ विहार गर्नुभयो । त्यसपछि बलराम र उद्धवको साथमा श्रीकृष्ण अक्रूरको घरतिर प्रस्थान गर्नुभयो ।

त्यहाँ अक्रूरले गरेको सम्मान र पूजा मर्यादा स्वीकार गरेर भन्नुभयो - हामीले सुनेका छौँ, हस्तिनापुरमा अन्धा राजा धृतराष्ट्रले कुटिल पुत्र दुर्योधनको अधिनमा बनेर टुहुरा भतिजा, हाम्रा फुपूका छोरा पाण्डव र कुन्तीलाई दुःख दिएका छन रे त्यहाँको सबै खवर बुझेर आउनु भनेर श्रीकृष्ण बलराम र उद्धवसँग आफ्नो भवनतिर लाग्नुभयो ।

## ४९. अक्रूरको हस्तिनापुर प्रस्थान

अक्रूर आएको देखेर कुन्ती खुशी भएर माइतबाट भाइ आएकाले सबै खबर सोधिन् । आफूहरू धृतराष्ट्रबाट ठगिएको र विषदान गरेको सम्पूर्ण खबर सुनाइन् र आँसु बगाएर रोदन गरिन् । अक्रूरले धैर्य गर्दै सम्झाए । त्यसपछि धृतराष्ट्र कहाँ गए र भने आफ्ना र भाइका छोरामा साथै तमाम जनतामा समान व्यवहार गर्नूहोस्, तब मात्र हजुरको यशः कीर्ति संसारमा फैलनेछ र धर्म सम्मत

पनि हुनेछ । नत्र नरकगामी भइन्छ । यसरी सम्झाएर मथुरापुरीतिर फर्के र हस्तिनापुरको सबै हाल कुन्ती रूनु परेको, पाण्डव ठगिएका र अन्यायमा परेका सारा खबर कृष्णलाई सुनाए ।

## ५०. कृष्णको जरासन्धसँग युद्ध, द्वारकाको रचना

**अस्तिः प्राप्तिश्च कंसस्य महिष्यौ भरतर्षभ ।**
**मृतेभर्तरि दुःखार्ते ईयतु स्मपितुर्गृहान् ।।१।।**

भगवान् कृष्णले कंशलाई मारेपछि कंशका पत्नी अस्ति र प्राप्ति कंशको मृत्युले कष्ट र पीडित भई आफ्ना पिता जरासन्धका घर गई आफ्नो सम्पूर्ण वेदना पितालाई सुनाए । अब जरासन्ध रिसाएर पृथ्वीलाई यादव शून्य पार्ने प्रतीज्ञा गरी असंख्य सेना लिएर युद्धको साथ मथुरालाई चारैतिरबाट घेऱ्यो । कृष्णको आज्ञा अनुसार बलरामले जरासन्धका सबै फौज निर्मूल बनाएर केवल जरासन्ध मात्रै रह्यो । फेरी अन्य सेना बटुली जरासन्धले मथुराका यादवसँग सत्र पल्ट आक्रमण गऱ्यो । तर फेरी सेना वीहिन बनाएपछि हेला भएको जरासन्ध घर फर्कियो र अठारौं युद्धको तयारी गऱ्यो र उसले पठाएको वीरले मथुरालाई छेक्यो । जसलाई संसारमै कसैले पनि युद्ध जित्न सक्तैनथ्यो । त्यो हो कालयवन, अब कालयवनको साथ लिएर जरासन्धले यादवमाथि ठूलो आक्रमण गर्ने कुरा श्रीकृष्णले बुझेपछि दाजु बलरामसँग सल्लाह गरी एक गोप्य र दुर्गम ठूलो दुर्ग पुरीको रचना गराए । जहाँ शत्रु जान सक्तैनथे । कृष्णले आफ्नी योगमायाका बलले मथुराका सबै यादवलाई त्यहीं दुर्गमा बसाले ।

## ५१. राजा मुचुकुन्द्रको कथा

भगवान् कृष्ण मणि माणिक्य र मालाले सुसज्जित भई (दुर्गा) नगरबाट बाहिर निस्केका थिए । युद्धको इच्छाले उन्मत्त भई भौंतारिएर नारदसँग गएको कालयवनलाई कृष्णको लक्षण बताएर द्वारीका पठाई दिएका थिए । भागिरहेका

कृष्णलाई देख्यो । पक्का नारदले बताएका कृष्ण यिनै हुन् भनी पछिपछि दर्गुन थाल्यो । यादवको वीर भएर यसरी भाग्न ठीक छैन । कृष्णको चलाखी अब भेटिनु हुन्छ जस्तै गर्दै गर्दै एउटा विशाल गुफामा लैजानजुभयो । जहाँ मुचुकुन्द राजा देवता र दानवको युद्धमा थाकेर सुत्ने वर पाएर सुतिरहेका थिए । कालयवनले उनै राजालाई कृष्ण हुन् भन्ने ठानी रिसले अब थाकेछ भन्दै लात्ति प्रहार गर्‍यो । मुचुकुन्दको निद्रा खुल्यो । जसले निन्द्रा बिउँझाउँछ उही जल्नेछ भन्ने वरदान पाएकाले कालयवन जलेर भष्म खरानी भयो । त्यसपछि कृष्णले राजा मुचुकुन्दलाई परिचय दिँदै दर्शन दिनुभयो । वर माग भन्दा राजाले भने - मेरो चित्त सधैँ हजुरकै चरणमा लागिरहोस् भनेपछि भगवान् प्रशन्न भई तिमी अर्को जन्ममा सबैका सुहृद र सर्वश्रेष्ठ ब्राह्मण भएर जन्मनेछौ, त्यसैबेला मेरो कैवल्य स्वरूप परमात्मालाई पाउनेछौँ ।

## ५२. कृष्णको द्वारका गमन, बलरामको विवाह

यस तरिकाले कालयवनलाई समाप्त पारेर मथुरा फर्केर आई म्लेच्छ संहार गरेर धेरै धन लिएर द्वारकातिर लागिरहेका थिए । फेरी तेइस अक्षौहिणी सेना लिएर जरासन्ध आएको देखेर कृष्ण बलराम भागी प्रवर्षण नाम गरेको अग्लो पर्वतमा चढे । यो कुरा थाहा पाई जरासन्धले दाउरा बटुल्न लगाई पर्वतको चारैतिर आगो लगायो । कृष्ण बलराम त्यहाँबाट हामफाली द्वारिका पुगे । जहाँ चारैतिर समुन्द्रले घेरिएको छ । अब त ती दुबै जलेर मरे भन्ने ठानी जरासन्ध घर फर्कियो । यता ब्रह्माजीको भनाइअनुसार रैवतले आफ्नी छोरी रेवतीको विवाह बलरामसँग गरिदिएका थिए ।

अब भीष्मक राजाकी छोरी रूक्मिणीलाई कृष्ण पति पाउने इच्छा थियो । तर भीष्मकका छोरा रूक्मलाई भने शिशुपाललाई दिन मन भएर वरियाती बोलाई सकेको थियो । रूक्मिणीले कृष्णलाई एक ब्राह्मणद्वारा खवर पठाइन् की मलाई शिशुपालले कतैबाट छुन नपाओस् । जसरी भए पनि तपाईं आउनु यो उनको पहिले देखिको आराधना थियो ।

## ५३. रूक्मिणी हरण

भीष्मकका छोरा रूक्मको आदेशले शिशुपालसँग रूक्मिणीको विवाहको धुमधाम तयारी भइरहेको बेला कृष्ण रथ चढेर विदर्भ देश भीष्मक राजा कहाँ पुगेर आफ्नो ठाउँमा बसे । अब राजकन्या रूक्मिणी अन्तपुरबाट परम्पराअनुसार अम्बिका देवीको दर्शनका लागि भव्यताका साथ संगिनीहरूसँग निस्किन । पूजा दर्शनको काम समाप्त पारी फर्किदा उनको नजर कृष्णमा परेछ र उनैका रथमा कृष्णले राखि बलराम र यादव समेतलाई दौडाए । शिशुपाल पक्षधर राजाहरू र रूक्म पक्षका राजाहरू आ-आफ्नो सेना र धनुष लिएर रिसले कृष्णको रथलाई लखेट्दै पख पख भन्दै तीर वर्षा गर्न लागे । राजा जरासन्ध पनि जन्त आएका थिए । यादवी सेनाले धेरैजसोलाई मारे । केहीलाई तितरवितर पारे । बाँकी सबै फर्केपछि रूक्म रिसाउँदै भन्छ बहिनी रूक्मिणी फिर्ता गराएर छाड्छु नत्र घर फर्कन्न भन्दै प्रतिज्ञा गरी आफ्नो बाहुबलको साथ रथ दौडाई पख् भन्दै भगवान् समक्ष पुग्यो ।

## ५४. शिशुपाल पक्षका राजाहरू र रूक्मिको हार कृष्ण रूक्मिणीको विवाह

हे राजन ! यसरी श्रीकृष्णले रूक्मिणी हरण गरिसकेपछि ती कृष्णका द्वैषी विपक्षी राजाहरू रिसाई कवच धारण गरेर आफ्ना आफ्ना वाहनमा चडेर सैनिक सहित धनुष धारण गरि श्रीकृष्णलाई लखेट्दै गए । यादवी सेनाका नायक श्रीकृष्ण पनि उतैतिर हेरेर वाण वर्षा गर्न लागे । आफ्ना सेना माथि विपक्षी सेनाको वाण वर्षा देखेर रूक्मिणी लाजले आफ्नो चञ्चले आँखाले श्रीकृष्णतिर हेरिन् । श्रीकृष्णले हाँस्तै भन्नुभयो - हे सुन्दरी ! चिन्ता नगर तिम्रा सेनाद्वारा तिम्रा सत्रुपक्षका समस्त सेना सिघ्र नष्ट हुनेछन् । यता गद र संकर्षण जस्ता यादव वीरहरूले सहन नसकी तीनका हात्ती घोडा रथलाई छिन्न भिन्न पार्दै ती वीरहरूका कवज कुण्डल किरिट र फेटाहरूले सुशोभित करोडौं शिर, अङ्ग, धनुषयुक्त हात कुहुना, ऊरू र पाउ छिनालि खसालिदिए । आफ्ना सेना यसरी

नष्ट भ्रष्ट देखेर जरासन्ध जस्ता राजा युद्धबाट भागे । ती अरू सबै श्री, तेज, वीरता खोसिनाले हतोत्साह भएर भागी उहि जरासन्ध कहाँ पुगे । शिसुपालसहित भएर भन्न थाले - हे पुरूष सिंह खिन्नता त्याग जीव ईश्वराधिन छ सुख दु:ख हुँदै रहन्छ ।

जरासन्ध भन्छ - हेर यिनै कृष्णले तेइस अक्षौणी सेना सहित मलाई युद्धमा सत्रपल्ट पराजित गरे । अठारौं पल्टमा मैले जितेथैं । यसैले म न कहिल्यै शोक गर्दछु न हर्ष नै मान्दछु । यतीवेला हामीले हारेका छौ किनकी यो सबै समय अनुकूलको खेल छ । अरू राजाहरू त सबै घर फर्किए । तर कृष्ण द्रोही रूक्मि भने सबैको सामुन्ने प्रतिज्ञा गर्दै भन्छ - कृष्णलाई मारेर मेरी बहिनी रूक्मिणी फिर्ता नगरी मेरो पुरि कुण्डिनपुर फर्किन्न भन्दै रथमा बसि कृष्ण गएतिरै दगुऱ्यो । कृष्णलाई पर्खि पर्खि भन्दै हकार्न लाग्यो । कागले जसरी हवी चोर्छ त्यसैगरि मेरी बहिनी चोरेर ल्याईस ? हे दुष्ट तँ धेरै मायावी पनि छस् । कपट युद्ध गर्छस् भन्दै हेर मेरो वाणले तँ मरेर भूमिमा नढल्दै यी बालिका मेरी बहिनीलाई छाडिदे ।

यति आक्षेप सुनेपछि श्रीकृष्णले मुसुक्क हाँसेर अन्तरयामी प्रभुले रूक्मिले वर्षायका धनुष काटेर उसलाई घायल पारिदिनुभयो । हरिले आफ्ना वाणद्वारा त्यसका रथ, घोडा, सारथी रथको ध्वजा काटिदिनुभयो । त्यही घाइते रूक्मि पनि रिसले चुर भएर श्रीकृष्णलाई मार्छु भन्दै आएको देखेर कृष्णले अब यसलाई मार्नुहुन्छ भन्ने बुझेर रूक्मिणीले प्रार्थना गर्दै भन्नुभयो - हे जगत्पते ! हे कल्याणस्वरूप् प्रभो ! यी मेरा दाजु हुन् । यिनलाई मार्नु उचित छैन । संसारमा अवगाल पर्छ भन्दै कृष्णका पाउ समातेर प्रार्थना गरिन् । रूक्मिणीको घाँटी अवरूद्ध भयो । गलाको हार खस्यो । तब करूणामय श्रीकृष्णले मार्ने काम छाडेर त्यो कुकर्मीलाई रूमालले बाँधेर दाह्री कपाल आधा काटेर कुरूप पारिदिए । त्यतिवेलै संकर्षण भगवान्लाई दया लाग्यो र बन्धन फुकाएर छाडि दिनुभयो । अनि कृष्णसित भन्नुहुन्छ - शक्तिहीन र वेइमानले लाजमर्दो भई निस्तेज भएपछि त्यो मरेजस्तै हुन्छ फेरी त्यसलाई मारेर के पुरूषार्थ ? उता जस्को तेज र सेना नष्ट भई प्राणमात्र बाँकी थियो त्यो रूक्मिले आफू सारै व्यजत र कुरूप भएकाले लाजले प्रतिज्ञा असफल भएकाले आफ्नो देश कुण्डिनपुर जान

चाहेन र त्यही बस्नको निम्ति एक "भोजकट" नामको नगर बसायो । यस्ता प्रकारले श्रीकृष्णले राजा भीष्मककी छोरी रूक्मिणीलाई आफ्नो नगर ल्याएर विधिपूर्वक विवाह गरे ।

## ५५. प्रद्युम्नको जन्म र शम्वरासूरको वध

जुन वासुदेवकै अंश कामदेव, जो शंकर भगवान्‌को क्रोधले भष्म भई फेरी उनै वासुदेवको वीर्यबाट रूक्मिणीको गर्भद्वारा उत्पन्न भएर प्रद्युम्न नामले विख्यात भए । ती प्रद्युम्नलाई १० दिन पनि हुन नपाउँदै शम्वरासूरले पूर्वशत्रु जानेर हरण गरी समुद्रमा फ्याँकिदियो । शिशुलाई माछाले निल्यो । माछा माझीले पत्री उही राजा शम्वरासूर कहाँ पुऱ्यायो । भान्छामा चिरेर हेर्दा बालक देखिएकाले त्यहि दरबारमा काम गर्ने मायावीलाई सुम्पिदिए । नारदमुनि आएर त्यो बालकको पूर्वजन्मको सबै वृत्तान्त मायावतीलाई बताएपछि पूर्वजन्ममा आफ्नै पति कामदेव र आफू रति जानेपछि स्नेह झन् बढ्‌दै गयो । तब ती मायावतीले मायावी नष्ट गर्ने माया मायावीको विद्या सिकाईदिइन् । त्यसै विद्याको खेल खेलेर त्यो मायावी दैत्य शम्वरासूरलाई युद्ध जिती मारिदिए । अनि प्रद्युम्नलाई उनकी आकाशचारिणी मायावतीले आकाशै मार्गबाट द्वारिकापुरी लगिन् ।

## ५६. स्यमन्तकको उपाख्यान, जाम्बवती र सत्यभामा विवाह

सत्राजित नाम गरेका यादवले सूर्यको स्तुति गरेर प्रशन्न पारेर स्यमन्तक मणि पाएका थिए । एकदिन त्यही मणि लगाएर द्वारिकापुरी गएका थिए । कृष्णले राजा उग्रसेनलाई दिनको लागि मणि मागे । त्यो मणिको पूजा गरेपछि, दुर्विक्ष, महामारी मानसिक र शारीरिक पीडा, मायावीहरूबाट हुने उपद्रोको पीडा हुँदैनथ्यो । तर सत्राजीतले मणि दिन मानेनन् । अर्को दिन त्यो मणि सत्राजितका भाइ प्रसेनले लगाएर वनमा सिकारमा जाँदा सिंहले प्रसेनलाई मारी मणि लिएर एउटा गुफामा पस्न खोज्दा जाम्बवानले सिंहलाई मारी मणि आफ्नो गुफामा बालकलाई खेलाउन दियो । उता राजा सत्राजितले कृष्णलाई

मणि चोर लगायो । भगवान्ले यो चोरीको कलंक मेटाउने सुरले मणिको खोजिमा हिंडे । सबै ठाउँ वीचार्दै जाँदा त्यहीं जाम्बवानको गुफामा पुगि भयंकर युद्ध गरेर मणि र जाम्बवानकी छोरी जाम्बवती लिएर आए । राजा उग्रसेनको सभामा सत्राजितलाई मणि जिम्मा लगाई कलंक मेटाए ।

## ५७. स्यमन्तक हरण, शतधन्वा वध

अब कृष्णले पाण्डवहरू लाक्षा गृहमा जले रे भन्ने सुनेर कुरूदेश गएको बेला यता अक्रूर कृतबर्माले शतधन्वालाई उचालेर त्यो शत्राजितलाई मारेर मणि लिन लाए तर शतधन्वाले डरले मणि राख्न सकेन र अक्रूरलाई राख्न दियो । सत्राजितलाई शतधन्वाले मारेपछि शोकविह्वल भइ पतिका वियोगका वेदनाले रूँदै श्रीकृष्ण भएकै कुरू देश पुगेर पुकार गरिन् । यता अक्रूर र कृतबर्मा डरले भागे । कृष्ण आएर शतधन्वालाई लखेट्दै मारेर शरीर छाम्दा मणि नभेटेपछि कृष्णले पछुतो मान्नुभयो । मणि अक्रूरसँगै भएको कुरा त ज्ञानै थियो । अक्रूरले देश छाडेकाले कष्ट भयो । उपद्रव र अनिष्ट हुनथाल्यो, पानी परेन, शान्तिका लागि अक्रूरलाई द्वारिका झिकाइयो । पूर्व समयमा काशीराज्यमा पानी परेन र काशी नरेशले महात्मा स्वफल्कसित आफ्नी छोरी गान्दिनी विवाह गरिदिएका थिए । तब द्वारिकामा वर्षा भएको थियो । अक्रूर उनै स्वफल्कका छोरा भएकाले त्यस्तै होला भन्ने ठाने ।

## ५८. कृष्णका विवाहिता आठ रानीहरू

१) भीष्मककी छोरी - रूक्मिणी
२) जाम्बवानकी छोरी - जाम्बवती
३) सत्राजितकी छोरी - सत्यभामा
४) यमुनामा ध्यान गर्दा सूर्यकी छोरी - कालिन्दी
५) फुपूकी छोरी - मित्रबिन्दा

६) नग्नजित राजाकी छोरी - नाग्नजिती

७) फुपूकै छोरी - भद्रा

८) भद्र राजाकी छोरी - लक्ष्मणा

## ५९. भौमासुर वध, सोह्र हजार राजकन्यासँग विवाह

भौमासुरले वरूणको छत्र, देवताकी माता अदितिको कुण्डल र मेरू पर्वत माथिको देवगणको मणि पर्वत स्थान खोसेर ल्याएपछि इन्द्रले यो कुरा द्वारिका गएर कृष्णलाई सुनाए । यो कुरा सुनेपछि कृष्ण सत्यभामासहित प्राग्ज्योतिषपुर गएर पाञ्चजन्य शङ्खको धुनी गरिदिए । त्यो धुनीले जलभित्र सुतेको पाँच मस्तक हुने भौमासुर दैन्य पाँचै शिरबाट चिच्याउँदै श्रीकृष्णमाथि जाईलाग्यो । श्रीकृष्णले पनि सुदर्शन चक्रद्वारा पाँचै शिर काटिदिनुभयो । त्यसपछि छोराहरू सातै भाइले पिताको वधको कारणले व्याकुल भई सबै सैनिकले एकैपल्ट कृष्णमाथि शस्त्र अस्त्र प्रहार गरे । तर भगवान्ले ती सबैलाई सुदर्शन चक्रद्वारा मारी पराजित गर्नुभयो । त्यसपछि माता पृथ्वीले स्तुति गरिन् अनि कृष्णले भगदत्तलाई अभयदान दिनुभयो र राजासित बलपूर्वक हरेर ल्याएका १६,००० राज कन्या द्वारिका पठाइदिनुभयो । त्यसपछि इन्द्र भवनमा गएर अदितिलाई उनको कुण्डल दिए । सत्यभामाको इच्छाअनुसार पारिजात ल्याएर द्वारिकामा सत्यभामाको बगैंचामा रोपिदिए । ती सोह्रै हजार कन्यासित आफू पनि भिन्न भिन्न रूप धारण गरेर विधिवत विवाह सम्पन्न गरे । सौरस नाम गरेको राजाले थुनेर राखेका १०० कन्या मुक्त पारी श्रीकृष्णले रानीमा नै स्वीकार गर्नुभयो ।

## ६०. श्रीकृष्ण रूक्मिणी वार्ता

एकदिन आफ्ना सखिसहित रूक्मिणी, शैयामा सुखपूर्वक बसेका आफ्ना पति श्रीकृष्णलाई पंखा हम्की सेवा गरिरहेकी थिइन्, उनको रूप सुशीलता, सौभाद्रता र नम्रता कान्ति देखेर उनैको सौन्दर्यलाई हेर्दै भन्नुहुन्छ - हे राजकुमारी ! तिम्रा

पिता र दाजुले तिमीजस्ती उज्वल रूपवान र समकक्षीय धनवान र ऐश्वर्यशाली राजा शिशुपाललाई दिएका थिए । त्यस्ता ऐश्वर्यशाली राजाले पनि तिमीलाई मन पराएका थिए । त्यस्तालाई छाडेर म जस्तो नागा भगुवा नामर्दलाई किन पति रोज्यौ ? जो यस्ता राजाहरूसँग डराएर समुद्रको शरणमा आएर बसेका छौँ । बलवान सबैसँग हाम्रो वैरत्व छ र राजसिंहासनबाट पनि हामी च्यूत छौँ । नारद जस्ता भिक्षुकका कुरा सुनेर भुल गरेकी छौ । अझैपनि आफू समानको क्षेत्रीय श्रेष्ठ वीर रोजे असल हुनेछ । भगवान् रूक्मिणीसँग कहिल्यै छुट्टिदैनथे । त्यसैले उनलाई रूपको अभिमान थियो । अतः त्यही अभिमान चूर्ण पार्नका लागि त्यति भनेर चुप लाग्नुभयो ।

आज अघि आफ्ना प्रिय पतिका मुखबाट यस्तो अप्रिय कुरो कहिल्यै पनि सुनेको थिएन । आज यस्तो अप्रिय कुरा सुनेर रूक्मिणीको डरले मुटु काम्न लाग्यो ती रोएर अपार चिन्ता ग्रस्त भइन् । दुःख, भय र शोकले बुद्धि नष्ट भयो । हातबाट चलिरहेको पंखा खस्यो । मूर्छित भएर वायुले ढलेको रूखझैँ ढलिन्, केशपाश फुस्किए । त्यस्तो ठट्टाको अभिप्राय नजान्ने आफ्नी प्रियको प्रगाढ अनुर ाग देखेर श्रीकृष्णले उनि माथि करूणामय दया गर्नुभयो र चर्तुभुजी भएर पनि पलङबाट ओर्लिए कपाल सुम्सुम्याउँदै करकम्बलले मुख पुछिदिनुभयो । जसको अरू कुनै आश्रय थिएन । ती सती शिरोमणीलाई कृपापूर्वक सान्त्वना दिँदै भन्नुभयो - नरिसाउ, म जान्दछु तिमी एकमात्र मलाई रूचाउँछौ । हे कल्याणी ! तिमी रिसाउँदै हेर्ने नजर र भृकुटी मनोहर मुख हेर्नको निम्ति नै मैले यस्तो ठट्टा गरेको हुँ । भगवान्ले त्यसरी बुझाएपछि रूक्मिणी ठट्टा गरेको रहेछ भनेर प्रसन्न भइ डर, त्रास सबै त्यागेर आनन्दका कुरा गर्न लागिन् ।

## ६१. श्रीकृष्णका सन्तान वर्णन

श्रीकृष्णका प्रत्येक भार्याका १०/१० पुत्र भए । ती सबै आफ्ना पिताका समान रूप, बल र गुणमा सम्पन्न थिए ।

१) **रूक्मिणीबाट** - प्रद्युम्न, चारूदेष्ण, सुदेष्ण, चारूदेह, सुचारू, चारगुप्त, चद्रचार, चारूचन्द्र, बीचारू र चारू

२) **सत्यभामाबाट** - भानु, सुभानु, स्वर्भानु, प्रभानु, भानुमान, चन्द्रभानु, बृहदानु, अतिभानु, श्रीभानु र प्रतिभानु ।

३) **जाम्बवतीबाट** - साम्ब, सुमित्र, पुरुजित, शतजित, सहस्रजित, विजय, चित्रकेतु, वसुमान, द्रविड र ऋतु ।

४) **नाग्नजिती** (सत्या) बाट - वीर, चन्द्र, अश्वसेन, चित्रगुप्त, वेगवान, वृष, आम, शंकु, वसु र कुन्ति

५) **कालिन्दीबाट** - श्रुत, कवि, वृष, वीर, सुबाहु, भद्र, शान्ति, दर्श, पूर्णमास र सोमक ।

६) **लक्ष्मणाबाट** - प्रघोस, गात्रवान, सिंह, बल, प्रबल, ऊध्वेग, महाशक्ति, सह, ओज र अपराजित ।

७) **मित्रविन्दाबाट** - वृक, हर्ष, अनिल, गृध्र, अद्येन, अन्माद, महाश, पावन, वहिन्न र क्षुधि ।

८) **भद्राबाट** - संग्रामजित, बृहत्सेन, शूर, प्रहरण, अरिजित, जय, सुभद्र, वाम, आयु र सत्यक ।

यी बाहेक १६,१०० रानी थिए । प्रत्येकबाट १०/१० पुत्र भए । रूक्मिणीका छोरा प्रद्युम्न र प्रद्युम्नका छोरा अनिरुद्धको बिहे रूक्मकी (मामाकी) छोरी रोचनासँग भयो ।

यसै विवाहको उत्सवमा गएका रूक्मिणी कृष्ण, बलराम, साम्ब आदि यादवहरू थिए । विवाह समाप्त भएपछि कृष्ण बलराम र रूक्म राजा पक्षका राजाहरूले बलरामसँग जुवा खेल्नुपर्छ भनेर उचाले र खेल्न बसे, खेल्दैखेल्दै बलरामले जितेकोमा जति पटक पनि मैले जितेको भनेर रूक्म झेल गरी बलरामलाई

गाली दिन थाल्यो । तिमीहरू गाई गोठाला हौ के जुवा जान्दछौ ? जुवा त हामी जस्ता राजाहरूले जान्दछन् । बलरामलाई रिस उठेर एउटा परिध काठ उचालेर रूक्मलाई मारिदिए । कलिङ्ग राजाले दाँत देखाएकाले दाँत भाँचिदिए । वरियातका साथ द्वारिका लागे ।

## ६२. उषा र अनिरुद्रको मेल

बलिका १०० भाइ छोरामा सबैभन्दा जेठो वाणासुर । एकदिन ताण्डव नृत्यमा वाणासुरका सहस्र हातले एकैपल्ट सहस्र बाजा बजाएर शिवलाई प्रशन्न पार्दा मेरो नगरको रक्षा गरिदिनु भन्यो । १०० हात भएकाले बलले मैमत्त भएर ठूलाठूला पर्वत फुटाएँ । तर मदेखि डराएर भागे भनेथ्यो । युद्ध गर्ने कोही भेटिन भनेपछि शिवजी रिसाएर जब तेरो ध्वजा भाँचिएला तब म जस्ता योद्धासँग युद्ध होला । अब प्रशन्न भएर घर फर्कियो । युद्धको प्रतीक्षामा थियो । वाणासुरकी उषा नामकी छोरी थिइ । जसले बाल्यकालमै कहिले नदेखेको अनिरूद्रसँग रति क्रिया गरेको सपनामा देखिन् । बिउँझेपछि लाजले नतमस्तक भएको देखर मन्त्री कुम्भाण्डकी छोरी चित्रलेखाले सोधिन् । सपनामा घटेको घटना बताइन् । अब त्यो श्याम वर्णको सुन्दर पुरूष पत्ता लगाउन चित्र देख्दै देखाउँदै गर्न थालिन् । सारा राजाहरूको लेखेर देखाइन् मिलेन । अन्तिममा अनिरूद्रको फोटो देखाएपछि स्वीकार गरिन् अनि त्यही चित्रलेखा योगिनी पनि थिइ । आकाशमार्गबाट द्वारिका पुगी अनिरूद्रको पलङ्गसमेत उडाएर शोणीतपुर पुऱ्याएर आफ्नी सखी उषालाई दर्शन गराई । त्यहीं बस्न लागे । कुमारी व्रतबाट वीचलित देखेर द्वारपालले वाणासुरलाई बताए । सैनिक युद्ध गर्न आएको देखेर अनिरूद्रले फलामे परिध निकालेर हान्न थाले ।

## ६३. कृष्ण वाणासुर संग्राम

चार महिनासम्म अनिरूद्रलाई द्वारकामा नदेखेपछि नारदले दिएको खवर पाएर सम्पूर्ण यादवी सेना र पार्षदसहित श्रीकृष्ण वाणासुरको राज्यतिर लागे । चारैतिरबाट

घेरे वाणासुर पनि छोराहरू र असंख्य सेना लिएर निस्कियो । शंकर भगवान् पनि नन्दीमा चढेर वाणासुरको तर्फबाट श्रीकृष्ण र बलराम सँगै डरलाग्दो युद्ध गरे । कृष्णले आफ्नो शार्ङ्ग धनुष र जृम्भणास्त्रले कैलाशपतिलाई मोहित बनाइ वाणासुरका सबै सेनालाई तितरवितर पारी वाणासुरका एक हजार हातमा सबै गिराएर ४ मात्र राखिदिनुभयो र पाञ्चजन्य शङ्ख बजाए । त्यसै अवसरमा वाणासुरकी धर्ममाता कोटराले छोराको रक्षाका लागि निर्वस्त्र भएर रणभूमिमा कृष्णको अगाडि उभिई तब कृष्ण पछाडि फर्किनुभयो ।

अब शिवजीको तीन शिर र तीन खुट्टा भएको महेश्वर ज्वर छाडिदिनुभयो । उता नारायणले आफ्नो वैष्णव ज्वर छाडे । धेरैवेरसम्म लडे । आखिरी महेश्वर कालज्वार वैष्णवी ज्वर शीतज्वरसँग हारपूर्वक शरण परी स्तुति गर्न लाग्यो । बाँकी रहेका चार भूजा अमर हुने र शिवजीको श्रेष्ठ पार्षद हुने वर श्रीकृष्णबाट पाएपछि छोरी उषा मैया र अनिरूद्धलाई रथमा राखि बिदा गरायो ।

## ६४. नृग राजाको आख्यान

श्रीकृष्णका छोरा कुमारहरू एकदिन जङ्गलमा जाँदा एउटा बिना पानीको गहीरो कुवामा बिजोग भोगिरहेको छेपारो देखे । उद्धार गर्न खोजे तर नसकेपछि श्रीकृष्णलाई बताए । कृष्णले आफैंले त्यस कुपबाट निकाली सोधपुछ गर्दा राजा नृग बोले म इक्ष्वाकु वंशको दानी राजा हुँ । एउटा दान गरेको गाई भागेर बगालामा पसेछ, नजानेर फेरी दान हुन गएकोमा त्यसैको फलअनुसार छेपारो भएँ । धेरै धर्मात्मा हुनाले पूर्वजन्मको सम्झना भईरहेको छ । मलाई सधैं हजुरको सम्झना भईरहोस् भनेर बैकुण्ठ गयो । कृष्णले यादव कुल देवतालाई बोलाएर ब्राह्मणको धन खानु हुँदैन । त्यो त संसारकै कालकूट विषको पनि विष हो । यसको कहीं पनि उपकार लाग्दैन भन्ने आदेश र अर्ति दिनुभयो ।

## ६५. बलरामको ब्रज गमन

चैत्र र बैशाख दुई महिना बलरामको ब्रजको गोकुलमा आफ्ना माता पिता, गोपिनी र ग्वालावालासँग श्रीकृष्णका अति मार्मिक र धार्मिक रहस्यहरू सुनाउँदै आनन्दले रहनुभयो ।

## ६६. पौण्ड्रक वध

आफ्ना सेवकले हाम्रा वासुदेव तिमी नै हौ भन्नाले करूष देशका राजा पौण्ड्रकको बढेको अभिमानले गर्दा वासुदेव त मै पो रहेछु भन्ने समाचार द्वारिका कृष्ण कहाँ पठायो । यो खवर श्रीकृष्णले पाएपछि रिसाएर आफ्ना सेनासहित काशीतिर लागेर काशी राजाको समेत सहयोग लिएर पौण्ड्रक श्रीकृष्णसँग युद्ध थाल्यो । ती दुबै राजाका शिर कृष्णले खसालीदिए । काशी राजाको छोरो सुदक्षिणले आफ्ना पितालाई मार्नेको हत्या गर्ने प्रतीज्ञा गरी शिवजीको ध्यान गर्न लागे शिवजी खुशी भई भने - तिमीले यज्ञका देवता र ऋत्विक, स्वरूप, दक्षिणाग्निको अभिचार विधिले आराधना गरे । त्यसै अग्निबाट प्रकट भएर तिम्रो कामना पुरा होला । ती राजपुत्रले त्यस्तै अभिचारी यज्ञ गराए, नभन्दै दक्षिणाग्निबाट एउटा डरलाग्दो तामाको जस्तो रौं भएको पुरुष निस्कियो र द्वारिकातिर आएको देखेर यादव सबैले कृष्णको ध्यान गरे । कृष्णले पनि रक्षाका लागि सुदर्शन चक्र छाडिदिनु भयो । त्यसको तेजले खप्न नसकी त्यो बल्दो पुरुष फर्कियो र उही यज्ञका ऋत्विकसहित राजाका छोरा यज्ञकर्ता सुदक्षिणलाई भष्म पारिदियो । जसले अर्कोलाई मार्न गरेको दुष्प्रयासले आफ्नै नष्ट भयो ।

## ६७. बलरामद्वारा द्विविध वध

भौमासुरको मित्र द्विविध नामको एउटा बाँनर थियो । जसले भौमासुरको साटो फेर्नको लागि स्त्री जातिलाई जिस्क्याउँछ, गुदा देखाउँछ, आँखा झिम्क्याउँछ

कहिले आगो लगाइदिन्छ । बलरामलाई रिस उठेछ । एउटा ठूलो रूख उखेलेर लड्दा लड्दै वन सकियो ढुंगा सकिएपछि मुड्कीबाट लड्न थाल्यो । बलरामले पनि मुड्की प्रहार गरी रगत छदाएर भूमिमा गिराउनुभयो ।

## ६८. जाम्बवतीको छोरा साम्बको विवाह

कृष्णकी रानी जाम्बवतीका छोरा साम्बले दुर्योधनकी छोरी लक्ष्मणालाई उनको स्वयंवरबाट हरण गरेर ल्याएका थिए । दुर्योधनका सबै भाइ र सेवक मिलेर साम्बलाई पक्रेर थुनिदिए । बलराम रिसले चुर भएर जाँदा हलो धसाएर बल गर्दा हस्तिनापुरी कोल्टे परेको पर्‍यै छ । फेरी सबै कौरवले बलरामसँग क्षमा मागि स्तुति गरेपछि दुर्योधनले धेरै दाइजोसमेत लक्ष्मणा अघि लगाई यादवहरूलाई बिदा दियो ।

## ६९. नारदले कृष्णको दिनचर्या हेर्नु

भौमासुरको वध र कृष्ण एक्लै अनेकौं स्त्रीहरूसँग विहार भएको समाचार सुनेर नारदलाई भगवान्को दिनचर्या हेर्ने इच्छा भयो । तब नारद त्यहीं द्वारिकापुरीतिर लागे, जुन विश्वकर्माले आफ्नु सबै सीप र कला चातुर्य खर्च गरेर बनाइएको श्री सम्पन्न इन्द्रनीलमणिका भित्ता रत्नमय बत्ति बलेका जहाँ श्रीकृष्ण आफ्ना १६,१०८ रानीहरूसँग बिहार गर्दथे । नारद पुगे, रूक्मिणीसँग बसेका कृष्णलाई देखे, नारदको स्वागत भयो । नारद कृष्णको योगमाया हेर्न अर्की पत्नीको महलमा पुगे । त्यहाँ कृष्ण आफ्नी प्रिया र उद्धवजीसँग पासा खेलिरहेका देखे । त्यहाँ पनि नारदको उत्तिकै स्वागत भयो । हामी सकामजन मुनिको सेवातर्फ के गर्न सक्छौँ ? तैपनि कुनै सेवाको आज्ञा दिएर मेरो जन्म सफल तुल्याउनुहोस् । नारद छक्क परे र चुपचाप अर्को महल गए । त्यहाँबाट नारद अर्को प्रसादमा पुगे । जब भगवान्लाई स्नान गराउन लागेका देख्नु भो । यसैगरी कहीं यज्ञमा हवन गर्न लागेका र कहीं ब्राह्मण भोजन गराउँदै गरेको, कहीं सन्ध्योपसाना

गरेका र कहीं हात्ती, घोडामा डुलिरहेका प्रत्येक महलमा एकै पटक समयमा फरक फरक कार्यका तल्लिन भएको देखेर नारदले हाँस्दै भने - हे ! परमात्मा ! मायावीहरूले पनि हजुरको योग माया देख्न सक्दैनन्, तर मैले देखेँ हजुरको कृपाद्वारा । अब मलाई यस्तो सामर्थ्य दिनुहोस् कि म हजुरको सूयशपूर्ण लोकहरूमा त्रिभुवनभरि लीला गान गर्दै वीचरण गर्न सकुँ । कृष्ण - हे मुने ! म धर्मको वक्ता, कर्ता र अनुमोदन गर्ने हुँ । संसार धर्म मार्गको शिक्षा दिनका लागि नै म यस्तो आचारण गर्दछु । जो तिमीले देख्यौ तिमी मेरो योगमायालाई देखेर मन खिन्न नहोऊ । म त्यसमा लिप्त छैन ।

## ७०. जरासन्धका कैदी राजाका दूत आउनु

भगवान् कृष्ण सुधर्म सभाको उच्च आसनमा बस्नुभएको थियो । जरासन्धका कैदीबाट दारूख दूत बनेर खबर सुनाउन लाग्यो । जरासन्धको दिग्विजयमा अटेर गर्ने राजाहरूलाई थुनेर राखेको थियो । तिनको कष्ट सुनायो र हजुरले कृपा गर्नुपर्‍यो भन्दैथ्यो त्यति बेलै नारदले अर्को पाण्डवलाई चक्रवर्ती राजा हुने इच्छा भई राजसूयज्ञद्वारा हजुरको पूजा गर्न खोजेका छन् हजुरले तिनको अनुमोदन गर्नुपर्‍यो । अब कृष्णले सबै पदार्थमा ज्ञाता हाम्रा उत्तम चक्षु शुभकार्यका मर्मज्ञ र प्रिय सुहृत उद्धवसँग सोधे अब हामी के गर्ने ?

## ७१. भगवान्को इन्द्रप्रस्थ प्रस्थान

उद्धवले भने - नारदको भनाइ अनुसार यज्ञ गर्न इच्छुक आफ्ना फुपूका छोरा युधिष्ठिरको सहायता पनि गर्नुपर्छ । ती थुनिएका हजुरका शरणगत राजाहरूको पनि रक्षा गर्नुपर्छ । यी दुबै काम त्यहीं युधिष्ठिरको दिग्विजयमा जरासन्धलाई पनि जित्न सकिन्छ भनेपछि कृष्ण गुरूजनसँग आज्ञा लिएर आफ्ना सहयोगीका साथ युधिष्ठिरको राज्य इन्द्रप्रस्थतिर लागे ।

## ७२. युधिष्ठिरको राजसूयज्ञ, जरासन्ध वध

कृष्णले राजसूयज्ञ गर्न पहिला दिग्विजय गर्नुपर्छ भनेपछि युधिष्ठिरले आफ्ना चारै भाइलाई चारै दिशा पठाएर सबैले विजय प्राप्त गरी प्रशस्त धन ल्याएर दाजु युधिष्ठिरलाई जिम्मा लगाए । तर कृष्णले जो उद्धवले बताएको उपाय थियो त्यहीं गर्नुपर्छ भन्नुभयो । त्यो योजना अनुसार कृष्ण, भीम, अर्जुन तीनैजना ब्राह्मण भेष धारण गरी बृहदरथ पुत्र जरासन्धकहाँ गए र युद्धको भिक्षा मागे र वचनमा चुकाएपछि परिचय दिँदै भने - यी भीम हुन्, यी उनैका भाइ अर्जुन हुन् र म तिम्रो पुरानो शत्रु कृष्ण हुँ । अब जरासन्ध गलल्ल हाँस्दै भन्यो - तिमी कृष्ण डराएर दुर्गमा बस्ने हुनाले म तिमीहरूसँग युद्ध गर्दिन । यो अर्जुन मसँग लायक छैन । यही भिमसँग मात्र लड्छु भनी एउटा गधा झिकी भीमलाई दियो र एउटा गधा हातमा लिएर युद्धको निम्ति युद्ध भूमिमा निस्कियो । दुबैको बल बराबरी हुनाले युद्ध बेसरी चर्कियो र असाधारण र रोमाञ्चकारी भयो । अन्त्यमा भीम थाकेकाले बल कृष्णले थपिदिनुभयो र तरिका भूलेकाले वहाँले एक त्यान्द्रो टिपेर इसारा गरेपछि भीमले जरासन्धको खुट्टामा समाइ शिरसम्म च्यातेर दुईफ्याँक पारी विपरीत दिशातिर फ्याँकिदिनुभयो । तब जरासन्ध मऱ्यो । उसैको छोरा सहदेवलाई राजा बनाइ जेलमा बसेका राजाहरूलाई मुक्त पारिदिए ।

## ७३. कृष्ण इन्द्रप्रस्थ फर्किनु

ती विभिन्न देशका राजाहरू जरासन्धको गिरिब्रज नामको जेलबाट निस्किएपछि श्यामसुन्दर भगवान् कृष्णलाई देखेर आँखाबाट अश्रुधारा बगाई प्रणाम गरे । कृष्णले पनि तिमीहरूको चित्त सधैं मैमा लागि रहनेछ भन्दै बिदा दिनुभयो र आ-आफ्ना देश फर्के । भगवान् कृष्ण पनि भीमद्वारा जरासन्ध मराई राजा सहदेवबाट सम्मानित भई बिदा भएर युधिष्ठिरको इन्द्रप्रस्थतिर लागे ।

## ७४. युधिष्ठिरको यज्ञ र शिशुपाल वध

युधिष्ठिरको राजसूयज्ञमा श्रीकृष्णको पूजा र प्रभाव भएको देखेर दमघोषका छोरा शिशुपाल जुरूक्क उठेर हात उज्जाउँदै विभिन्न कटुवचन बोल्यो । तब सबै पाण्डव र मत्स्य, केकय र सृञ्जय वंशी राजाहरू रिसाएर शिशुपाललाई मार्न उठेपछि कृष्णले आफैँले शिशुपालको घाँटी छुट्याई दिनुभयो ।

## ७५. युधिष्ठिरको यज्ञ देखेर दुर्योधन अपमानित

जब शिशुपालको वध भएर भगवान्मा मिलिसकेपछि महाराज युधिष्ठिरले गङ्गा स्नान गर्नुभयो । त्यो स्नान उत्सवमा विभिन्न बाजा बज्न लागे । विभिन्न प्रकारका नृत्य देखाउन लागे, विभिन्न देशका राजाहरूले युधिष्ठिरको सम्मान र शिष्टता, मर्यादा गर्न लागे । नर नारीहरूले मुखमा नाना प्रकारका सुगन्धित वस्तु लेपन गर्दै र भिजाउँदै उत्सव मनाउन थाले । धर्मपुत्र महाराज युधिष्ठिर भगवान् कृष्णको कृपा पाएर आफ्नो मनोरथ पुरा भएको र भगवत भक्त युधिष्ठिरको राज महलको सम्पत्ति र राजसूयज्ञमा पाएको सम्मान देखेर दुर्योधनलाई ठूलो सन्ताप पऱ्यो । एकदिन महाराज युधिष्ठिर मय नामको दैत्यले बनाइदिएको अति सुन्दर सभा भवनमा मय दानवले नै दिएका सम्पत्ति गहना पहिरिएर महारानी द्रौपदीसहित आफ्ना भाइ, बन्धु, बान्धव, श्रीकृष्णसहित साम्राज्य लक्ष्मीले सुसम्पन्न स्वर्ण राज सिंहासनमा विराजमान भएको अवस्थामा दुर्योधन पुगेछ । जल र स्थलको पहिचान पाउन नसकेर दुर्योधन पानीमा पछारिएछ । युधिष्ठिरले रोक्दारोक्दै पनि कृष्णको भाव नबुझेर भीमसँगै द्रौपदी पनि हाँसिछन् । त्यसैले ती दुर्योधन लाजले टाउको निहुराइ मनमनै क्रोध अग्निमा जल्दै सभाबाट निस्केर हस्तिनापुरतिर लागे ।

## ७६. शाल्व र यादवको संग्राम

शिशुपालको मित्र शाल्वले कुण्डिनापुरमा रूक्मिणीको विवाहमा यादवबाट हार खानु परेपछि यो पृथ्वीलाई यादव विहीन पार्ने प्रतीक्षा गर्दै श्रीपशुपतिनाथको

आराधना गर्न लाग्यो र एकवर्ष बितेपछि शंकरजीले वर स्वरूप एक यस्तो विमान कि, चालकको इच्छाअनुसार उड्ने र कुनै मानिसद्वारा टुक्रयाउन नसकिने मय दानवले बनाइदिने वचन दिनुभयो । शाल्व त्यसै विमानमा बसी द्वारकापुरी पुग्यो र यादव वीरहरूसँग भयानक युद्ध गर्न लाग्यो । प्रद्युम्नलाई अचेत पारेपछि सारथी दारूखले रथ भगाई एकान्तमा लगे र होसमा आएपछि फेरी रणभूमिमा ल्याए । रथ भगाएकोमा प्रद्युम्नले ठूलो पछुतो मान्दै सारथीसँग भने - अब मैले दाजु भाउजु र अन्य वीरलाई के जवाफ दिने ? यादवमा कलंक लाग्यो भनेर विस्मित भए ।

## ७७. शाल्व वध

शाल्व र यादवको २७ दिनसम्म युद्ध भयो । त्यतिबेला कृष्ण युधिष्ठिरको राज्य इन्द्रप्रस्थमा जानुभएकाले त्यहीं हुनुहुन्थ्यो । अब अपशकुन देख्न लागेकाले द्वारिकातिर लाग्नुभयो । शाल्वले आफ्नो मायावी जालले वासुदेव जस्तै भ्रमरूप बनाई तिम्रो बाबु यही हो, अब म मारिदिन्छु भन्यो र घाँटी छिनाई दियो । केहीबेर पछि कृष्णले यस शाल्वले मायावी जालले मलाई भ्रममा पार्ने चेष्टा गरेछ भन्ने जानि आफ्ना वाणले त्यसको वाण ध्वस्त पारी चक्रले त्यसको वध गर्नुभयो । अब शिशुपालको साटो फेर्न दन्तवक्त्र रिसायो ।

## ७८. दन्तवक्र र विदुरथ वध, सुतको शिरच्छेदन

दन्तवक्रका आफ्ना समकक्षीय मित्र र सहयोगी शिशुपाल, शाल्व, पौण्ड्र, राजाहरू मारेपछि रिसले हातमा गधा लिएर मामाका छोरा श्रीकृष्णसित आइलाग्यो । कृष्णले पनि आफ्नो गधाद्वारा त्यसको छातिमा प्रहार गरी रगत छादी प्राण गयो । त्यसको मुखबाट निस्केको ज्योति उनै भगवान्मा मिलेको देखियो । अनि दन्तवक्रको भाइ विदुरथ भातृशोकले व्याकुल भई कृष्णलाई मार्ने इच्छाले तरवार लिएर दगुर्दै आएको थियो । त्यसलाई पनि कृष्णले सुदर्शन चक्रले काटेर छुट्याइदिए । एकपटक बलराम कौरव र पाण्डवको युद्धमा निष्पक्ष हुनको लागि

तीर्थ डुलिरहेका थिए । नैमिषारण्य पुगे । त्यहाँ व्यासका शिष्य सूतजीका पिता रोमहर्षण व्यासासनमा बसेर वक्ता भई पण्डित्याई छाटेको देखे । प्रतिलोम जाति सूत भएर ब्राह्मणको आसन भन्दा पनि माथि बसेर, आफू आउँदासमेत नउठेको देखेर बलरामले रिसले कुशको त्यान्द्रो अभिमन्त्रित गरी मारिदिनुभयो । श्रोता र अन्य ऋषि गणले तत्त्वज्ञान सुन्नबाट वञ्चित भएकाले विष्मत मानेपछि फेरी बलराम खुसी भएर बाबुको अंश, गुण, छोरामा हुने भएकाले यसैको समान यसको छोरो  होस् भनिदिनुभयो । अब मेरो ब्रह्महत्याको दोष कसरी प्रायश्चित हुन्छ त भन्दा ऋषिहरूले भने - लोकलाई शिक्षा दिनका लागि विभिन्न तीर्थको स्नान गर्दै यो भारत वर्षको परिक्रमा गरेपछि मुक्त बन्नुहुनेछ ।

## ७९. बलरामको तीर्थयात्रा

साथै इल्वल दानवको पुत्र बल्वलले हाम्रो यज्ञमा आएर दूषित पारिदिन्छ । तसर्थः त्यसलाई समाप्त पारेपछि हाम्रो सेवा हुनेछ भनेर ती दुखित ऋषिले भने तब हलो, मुसलको स्मरण गरी मारिदिनुभयो । त्यसपछि त्रिवेणी प्रयाग हुँदै महापातक नष्ट हुने सेतुबन्ध तीर्थ पुगे ।

## ८०. सुदामाको स्वागत सत्कार

सुदामा नामका ब्राह्मण श्रीकृष्णका परम प्यारा मित्र थिए । कृष्ण ब्राह्मण भक्त हुनाले तिमीलाई केही धन पक्का दिन्छन् भनेर पत्नीले बारम्बार ढिपी गरेपछि दरिद्री भएपनि धनको इच्छाले त हैन, कृष्णको दर्शन भेटको इच्छाले सौगातको रूपमा कानिकाको पोको काखीमुनि च्यापेर कृष्ण दर्शनको ऱ्याल चुहाउँदै द्वारिकातिर लागे । त्यसबेला भगवान् रूक्मिणीसहित शैयामा भएपनि जुरूक्क उठेर बडो आदरले सुदामाको स्वागत गर्नुभयो । पाउ धोएर शिरमा छर्किए । रूक्मिणी पङ्खा हल्लाउन लागिन् । अरू पुरवासी भने स्वयं भगवान्ले जाबो एउटा भिक्षुकलाई गरेको सेवाबाट छक्क परे । कुराकानीमा पहिला सान्दिपनी गुरु कहाँ बसेर अध्ययन गर्दा र वनमा समिधा लिन जाँदाका दुःखका कुरा धेरैबेरसम्म गरेपछि मंगल आशीर्वाद दिएपछि सुदामा खुशी भइ फर्किए ।

## ८१. सुदामाको ऐश्वर्य वृद्धि

यसरी घरतिर फर्कदा पनि ल्याएको सौगात नदिएकाले कृष्णले धेरैपटक माग्दा पनि नदिएपछि कृष्ण आफैँले खोलेर एक मुठी खाइदिनुभयो । अर्को मुठी पनि खान खोज्दा लक्ष्मीरूपी रूक्मिणीले च्याप्दै हात समातिन् अनि कृष्ण सुदामालाई परसम्म पुऱ्याउन जानुभयो । सुदामा घर पुग्दा त त्यही एक मुठी कनिकाको प्रभावले आफ्नो नगर नै चिन्न सकेनन् । घर इन्द्रपुरी समान देखे, श्रीमती लिन आइन् र घरमा पुऱ्याइन् । पति पत्नी दङ्ग पर्दै वार्तालाप गर्न लागे । समयले विदा दिएपछि सुदामाले सत्पुरूषहरूले पाउने भगवत धाम पाए ।

## ८२. ब्रजका गोपीसित भगवान्को भेट

हे परीक्षित ! कृष्ण बलराम द्वारकामा रहँदा खग्रास सूर्यग्रहण लाग्यो । कल्याणको निम्ति पुण्य कमाउन स्यामन्तपञ्चक क्षेत्र आए । जहाँ परशुरामले पृथ्वीलाई क्षेत्रीय विहीन पारेर राजाहरूका रगतका धाराहरूले पाँचओटा कुण्ड बनाउनु भएको थियो कुरूक्षेत्रमा । लोकको मर्यादाको लागि त्यहाँ ठूलो यज्ञ गर्नुभयो । त्यहाँ निष्पाप हुने तीर्थ भनेर प्रायः भारतवर्षका सबै प्रान्तका मानिस आएका थिए । त्यहाँ अक्रूर, वसुदेव, उग्रसेन, वडाहरूमा गद, प्रद्युम्न, शाम्ब यदुवंशी, कुन्ती वसुदेव सम्वाद भयो । कृष्णले गोपिनीहरूलाई तत्त्व ज्ञानका साथै उपदेश दिनुभयो । हरेक पदार्थ र दशै दिशामा भगवान्मय छ, उनको कृपा बेगर केही हुन सक्दैन ।

## ८३. द्रौपदीलाई कृष्ण पत्नीद्वारा बिहेको वृत्तान्त

यसरी स्यामन्तपञ्चक तीर्थ कुरू क्षेत्रमा सम्पूर्ण ग्रहणको बेलामा पुण्य कमाउन भेला भएका ठाउँमा एकान्त पारेर गोपिनीहरूलाई तत्त्व ज्ञानका साथै शिक्षा दिनुभयो । शिक्षा दिने पनि कृष्ण र शिक्षाबाट प्राप्त हुने वस्तु पनि कृष्ण हुनुहुन्थ्यो । यस्तै बेलामा द्रौपदीले भगवान्का पटरानी रूक्मिणीसँग आफ्नो

बिहेको कुरा सोध्नुभयो । त्यस्तै जाम्बवतीसँग र सत्यभामा, कालिन्दी, मित्रविन्दा, नाग्नजिती, भद्रा र लक्ष्मणासँग पनि आ-आफ्नो विवाह श्रीकृष्णसँग कसरी भएको थियो, त्यसको जानकारी लिइन् ।

## ८४. वसुदेवको यज्ञोत्सव

स्यामन्तपञ्चक तीर्थ कुरूक्षेत्रमा जम्मा भएका ऋषिहरूसँग वसुदेवले सोध्नुभयो - "हे सर्व देवमयऋषिहरू कुन कर्मको अनुष्ठानले काम वासनाको नाश र मोक्ष हुन्छ ।"

नारदले सबै ऋषिका सामुन्ने भन्नुभयो - "अरू राजाहरू र कृष्ण बलराम पनि हुनुहुन्थ्यो । कर्महरूद्वारा कामवासनाहरू र कर्मफलहरूलाई नाश गर्दै सबभन्दा वेश उपाय यज्ञद्वारा यज्ञको अधिपति विष्णुको श्रद्धापूर्वक आराधना गर्नु हो ।" नारदका यस्ता उपदेशका कुरा सुनेर वसुदेवले तिनै ऋषिहरूलाई यज्ञको वरण गरेर उत्तम सामग्रीले युक्त यज्ञ गराए । सारा यदुवंशीको स्वागत गरे, राजाहरूको स्वागत गरे । धेरै दान धर्म गरे । वसुदेवले नन्द बाबालाई अन्त्यमा भन्नुभयो- भाइ भगवान्ले मानिसको निम्ति ज्यादै ठूलो बन्धन बनाइ दिनुभएछ । त्यो हो, स्नेह, प्रेमपास ।

## ८५. वसुदेवको भगवत दृष्टि र मरेका छोरा फिर्ता

शुकदेव ! यसरी वसुदेवले आफ्ना छोरा कृष्ण, बलराम र अन्य सबैमा ब्रह्ममय देखेको बेलिविस्तार लगाएपछि कृष्ण-पिताजी तपाईंले जो देख्नुभयो सबै चराचर जगतमा ईश्वर त्यही नै हो ठिक छ । तर आत्मा एक भएर पनि अनेक देखिन्छ । नित्य भएर पनि अनित्य निर्गुण भएर पनि दृश्य, आत्मा पनि उपाधिहरूको भेदले नानात्वको प्रतीत हुन्छ । देवकी यी सारा कुरा सुनेर बसिरहेकी थिइन् । तब भनिन् तिमीहरूले गुरूका मरेका पुत्र फिर्ता गरेर दक्षिणा दिएका थियौ भन्ने मैले सुनेकी छु । तसर्थः मेरा पनि कंशद्वारा मारिएका छोरा ल्याइदेउ, तब धोको पुरा गरी हेर्नेछु । कृष्ण बलराम सुतल लोकमा बलिसँग सम्पर्क मिलाई

स्वयंभूव मन्वन्तरमा मरिची पुत्र ब्रह्माको श्रापले हिरण्यकश्यपुका छोरा भएर जन्मे । अहिले योगमायाद्वारा देवकी पुत्र भएकाले त्यहाँबाट लगेर जिम्मा दिए ।

## ८६. अर्जुनले सुभद्राहरण र श्रीकृष्णले राजा जनक भेट्नु

एकपल्ट तीर्थ यात्राको क्रममा अर्जुन प्रभास क्षेत्र पुगे । उसैबेला अर्जुनकी मामाकी छोरी कृष्णकी बहिनी सुभद्रालाई बलरामले दुर्योधनलाई दिन लागे रे भन्ने कुरा सुनी द्वारीका पुगे । सुभद्रालाई देख्दा मन परेकाले अर्जुन त्यहाँ धेरै समयसम्म रहे । एकदिन ती सुभद्रा देवयात्रा महोत्सव हेर्न दुर्गबाट बाहिर निस्केकी थिइन् । तब तिनका माता पिता र कृष्णको समेत अनुमतिले सुभद्रालाई अर्जुनले हरेर लगे । बलराम चौपट्टै रिसाएको जानेर कृष्णले दाजुका पाउ मिचेर शान्त भए ।

एकदिन कृष्णले नारद, वामदेव, अत्रि, वेदव्यास, वृहस्पती, कण्व, मैत्रेय र च्यवन ऋषिहरूलाई साथै लिएर राजा जनकको मिथिलापुरी पुगे । त्यहाँ सदा समदर्शि, सन्तोषी, अतिप्रेमी दुई भक्त मिथिला नरेश जनक, (वहुलास्व) र श्रुतुदेव ब्राह्मणका घरमा एकैचोटी, दुबै उत्तिकै अवर्णनीय स्वागत भयो । अन्त्यमा भगवान्बाट आज्ञा भयो कि, ऋषि ब्राह्मणहरू तिमीलाई कृपा गर्न आएका भन्ने जान, किनकी देवता पूजन र तीर्थ दर्शनले त बिस्तार बिस्तार धेरै समयपछि मात्र पवित्र पार्छन् । तर साधुजनले त केवल दृष्टिले मात्रै पवित्र पारिदिन्छन् । मलाई ब्राह्मणको बराबर यो आफ्नो चतुर्भुज रूप पनि प्रिय छैन । ब्राह्मणलाई छाडेर मेरो प्रतिमामा मात्र पूजा गर्ने मुर्ख हुनेछ । गुरु, आत्मा ब्राह्मण र मेरो अवहेलना गरी केवल प्रतिमामा मात्र पुज्य बुद्धि गर्दछ भने तिनीहरूले मेरो तत्त्व नबुझि पूजा गर्ने दुर्बुद्धिजन हुन भनि जान्नु । यसकारण यी ऋषिहरूको पूजा गर्नुहोस् । यसैले सहजै मेरो पूजा पनि हुनेछ । नभए त धेरै धेरै सामग्रीले पनि मेरो पूजा हुँदैन । यसरी आफ्ना अति प्यार भक्त श्रुतदेव र जनक (वहुलास्व)लाई सत्मार्गको उपदेश दिएर फर्कनुभयो ।

# ८७. वेदद्वारा भगवान्को स्तुति

श्रुतिहरूले स्पष्ट सगुणको नै निरूपण गरेको छ । तर विचार गर्‍यो भने तिनीहरूको तात्पर्य निर्गुण नै निस्किन्छ । विवेकशिल प्राणी संसारबाट मुक्त पार्ने हजुरको सगुण साकार रूप श्रीहरिको चरणको ध्यान गर्दछन् । यस्ता हरि चरित्ररूपी अमृतको महासागरमा स्नान गरेपछि त्यस्ता जनले मुक्तिको पनि इच्छा गर्दैनन् । हंस समान हजुरका चरण कमलको सेवागर्ने भक्त घरवार छोडेर हजुरको सेवाको साधना बनाएर हजुरको प्रेममय रूपरसमा सधैं र जन्म जन्मसम्म डुबेर आनन्दमा रमाइ रहन चाहन्छन् ।

# ८८. शम्भुको संकटमोचनको कथा

एकदिन शकुनीको छोरो वृकासुरले नारदसँग सोध्यो - ब्रह्मा, विष्णु र शिवमा छिट्टो प्रशन्न हुने देवता को हुन् ? नारदले भने छिट्टै रिसाए पनि छिट्टै खुशी हुने हुँदा शिवजीकै ध्यान गर तिम्रो इच्छा पूर्ण हुन्छ । अब वृकासुर केदारमा गएर ६ दिनसम्म तपस्या गर्‍यो । तर दर्शन नपाएपछि सातौँ दिनमा खड्गले आफ्नो शिर आफैँ काट्न तयार भएपछि अग्नि कुण्डबाट शिवजी उत्पन्न भई त्यसो नगर, म खुशी भएँ वर माग भन्दा जसको शिरमा हात राख्छु, त्यो मरोस् । शिवजीले तथास्तु भनिदिनुभयो । उत्तिनै खेरि त्यो राक्षस पार्वतीका आशाले शिवजीकै शिरमा हात राख्न खोज्यो, शिवजी भाग्दै भाग्दै वैकुण्ठमा भक्तको भयले विष्णुकहाँ पुगेर उभिए । विष्णुले शिवको मर्का बुझेर ब्रह्मचारीको रूप धारण गरेर त्यो असुरको सामु गएर थकाइ मेटाएपछि सोधनी गर्नुभयो । आफ्नो सबै वृत्तान्त बतायो । विष्णु - त्यसो हो भने मलाई त विश्वास लाग्दैन तिनलाई दक्षको श्राप छ । तिमी पत्याउँदैनौ भने परीक्षाकै लागि त आफ्नो शिरमा राख्न थाहा भइहाल्छ नि । बुद्धि भ्रान्त भएको त्यस दानवले त्यसै गर्‍यो र जलेर भष्म भई मर्‍यो । यसरी कपटका साथ महापुरुषको अपराध सोच्नाले उल्टा फल हुन जान्छ । यसैलाई शम्भुमोचन चरित्र भनिन्छ ।


# ८९. भृगुद्वारा ब्रह्मा, विष्णु र शिवको परीक्षा


एकपल्ट सरस्वती नदीको तटमा केही ऋषि गणहरू यज्ञ गरिरहेकै समयमा चर्चा चल्यो । ब्रह्मा, विष्णु र शिवमा को ठूला हुन् ? सबैको सल्लाहले भृगुलाई नै उपयुक्त ठानी पठाए । पहिला ब्रह्माजी समक्ष पुगे, बिना नमस्कार उभिए, ब्रह्माजी मनमा संसयपरि रिसाएर बोलेनन् । त्यसपछि कैलाश पुगे । शिवजी अंकमाल गर्न आउँदा तिमी कुकर्ममार्गी होऊ भनिदिए । शिवजी क्रोधित भई भृगुलाई मार्न झम्टेको देखेर पार्वतीले शान्त पारिन् । अब वैकुण्ठ विष्णुकहाँ पुगेर लक्ष्मीसँग आनन्द मानि शयन गरेका बखत छातीमा लात्ताले हाने । विष्णु जुरूक्क उठेर भृगुका पाउ दबाउन लागेर खुशीले उही यज्ञशालामा आएर आफ्नो अनुभव सुनाए । त्यसै बेलादेखि ब्राह्मण इष्टदेव हुने विष्णुलाई सर्वश्रेष्ठ भनि मान्दछन् । एकपटक द्वारकामा एउटा ब्राह्मणको पुत्र जन्मदै मर्दै गर्नाले क्षत्रीयकै काम र दोषले हो भन्ने ठानी क्षेत्रीय राजा उग्रसेनको द्वारमा राखिदिए । ९ बालकको लाश भई सकेपछि श्रीकृष्ण नजिकै बसेका अर्जुनले ब्राह्मणीलाई भने - तिम्रा बालकको रक्षा म गर्छु; सकिन भने आगोमा जलेर निष्पाप हुन्छु । अर्को बच्चा हुने बेलामा ब्राह्मणी अर्जुनलाई लिन आइन् र अर्जुनले पनि वाणैवाणको पिंजडा बनाए पनि बच्चा जन्मने बित्तिकै अर्न्तध्यान भयो । अर्जुनले बालक तीनै लोकमा खोजे, नभेटेपछि अग्निमा पस्न तयार भएको देखेर दयालु कृष्णले रोके र कृष्ण र अर्जुन एउटै रथमा बसी सातै लोक खोजे, छिचोले अन्धकार भएपछि सुदर्शन चक्र अघि लगाइ जाँदाजाँदा जलमा प्रवेश गरेर भूमा भगवान्लाई नमस्कार गरी ती बालक लिएर आए । ब्राह्मणलाई सुम्पिदिए । अर्जुनले यस्तो बुझेकि मानिसले जे जति पुरूषार्थ गर्छ त्यो सबै भगवान्कै कृपा हो ।


# ९०. श्रीकृष्णका लीलाहरूको वर्णन

शुकदेव भन्नुहुन्छ - "हे परीक्षित द्वारका नगरको सौन्दर्य अलौकिक थियो । जता हेऱ्यो उतै हराभरा, उपवन र उद्यान जगमगाई रहेका छन् ।" वीर यदुवंशी

त्यो उपभोग गर्नमा आफूहरू भाग्यमानी सम्झन्थे । भगवान् श्रीकृष्ण सोह्र हजार भन्दा बढी पत्नीहरूको साथमा एकमात्र प्राणवल्लभ हुनुहुन्थ्यो । तिनका अलग अलग महल पनि ऐश्वर्य सम्पन्न थिए । जति पत्नी थिए, त्यति नै अद्‌भूत रूप धारण गरेर कृष्ण उनिहरूसँग विहार गर्नुहुन्थ्यो । तिनीहरूका प्रत्येकका सुन्दर सुन्दर तलाउ र त्यहाँ फुल्ने फूल नीला, राता र सेता हुन्थे । भगवान्का पत्नीहरूले कहिलेकाहीं हाँसी हाँसिकन पचकाले कृष्णलाई निथ्रुक्क भिजाइ दिन्थे । उहाँले पनि तिनीहरूलाई पचकाले निथुक्क भिजाईदिन्थे । यसप्रकार आफ्ना पत्नीहरूसँग क्रीडा गर्नु हुँदा यक्ष पति कुवेरले यक्षणीहरूसँग विहार गरेजस्तो शोभा देखिन्थ्यो । यसरी खेल्दा पचका खोसाखोस पनि गर्थे त्यस अवसरमा नजिक पर्दा प्रेम भाव बढेको अनुभव गर्थे । यसरी पचकाले भिजेका कपडा, गहना, फुकालेर नट र नर्तकीहरूलाई दिन्थे । हे परीक्षित ! यसरी भगवान् उनीहरूसँग विहार गर्दा उहाँको विहारले गर्दा चालामाला, कुराकानी, दृष्टि, मुस्कान, हाँसो, विलास र आलिङ्गनले उनीहरूको चित्त वृत्ति उहाँतिर खिचिन्थ्यो उनीहरूलाई अरू कुनै कुराको सम्झना नै हुँदैनथ्यो ।






श्रीमद्भागवत
महापुराण
एकादश स्कन्ध

# एकादश स्कन्ध

## सारांश

महाराज परीक्षितको भगवान्ले युद्धमा बलरामजी र यवंशीहरूको सहयोग लिएर अनेकौँ दैत्यहरूको संहार गर्नुभयो । कपटपूर्ण जूवा खेल्ने, द्रौपदीलाई अपमान गर्नेजस्ता अनैतिक कर्म गर्ने कौरवहरू तथा तिनीहरूका समर्थक र सेनाहरूलाई पाण्डवहरूद्वारा पराजित गराएर पृथ्वीको भार हलुङ्गो पार्नुभयो । आफू परमधाम गइसकेपछि आफूलाई अजेय भएको दाबी गर्ने यदुवंशीहरू धनवैभवको घमण्डले आपसमा नै द्वन्द गर्ने अनुमान गरी भगवान्ले तिनीहरूलाई पनि नष्ट गरिदिनुभयो । त्यसपछि अज्ञानसागर पार गर्न उपयोगी हुने आफ्ना परमपवित्र कीर्तिगाथा ठुल्ठूला कविहरूलाई लेख्न लगाएर उहाँ आफ्नो धामतिर जानुभयो ।"

हे राजन् ! द्वारकाधीश भगवान्ले धर्तीमा आफूले गर्नुपर्ने सबै काम सम्पन्न गरिसकेपछि आफ्नै कुलको नाश गर्ने योजना बनाउनुभयो । त्यस प्रयोजनका लागि उहाँ कालरूप धारण गरी उग्रसेनको घरमा बस्नुभएको थियो । भगवान्को इच्छाले उहाँलाई सुकर्म गराउन विश्वामित्र, असित, कण्व, दुर्वासा, भृगु, अङ्गिरा, कश्यप, वामदेव, अत्रि, वसिष्ठ र नारद आदि ऋषिमुनिहरू उहाँसँग बिदा भएर द्वारकाको नजिकमा रहेको पिण्डारक क्षेत्रमा तपस्या गर्ने उद्देश्यले बसेका थिए ।

यसरी श्रापित भएका कुमारहरूले साम्बको लुगा खोलेर हेर्दा साँच्ची नै मुसल भेटे । अनि आफूले कुकर्म गरेकोमा पछुतो गर्दै त्यो मुसल लिएर घर फर्के । उनीहरूले उग्रसेन राजाको सभामा सबै यादवहरूको सामुन्नेमा त्यो मुसल राखी यथार्थ घटना बताए ।

# एकादश स्कन्ध

## १. यदुकुललाई ऋषिको श्राप

**तत्र तु प्रथमेऽध्याये यदुवंशस्य संक्षयः ।**
**उपक्षिप्तो विरागाय मौसलव्यपदेशतः ।।१।।**

जब श्रीकृष्णले महाभारतको युद्ध गराएर भूमिको भार हटाए । तर गर्भमै आश्रित यदुकुल बाँकी नै भएकाले यीबाट केही हुन सक्तछ । त्यसै कारणले ऋषि श्राप पारेर यदुकुल सखाप पारी आफ्नो स्वधाम जाने विचार गर्नुभयो । एकदिन विश्वामित्र, दुर्वासा, भृगु, कश्यप, अत्रि, वसिष्ठ, नारदादि धेरै ऋषिहरू द्वारिकाको नजिकै पिण्डारक क्षेत्रमा बसिरहेका थिए । यदुवंशका बालकहरूले साम्बलाई स्त्रीको भेषधरी सिंगारेर ती ऋषिका सामु पुऱ्याइ खेलिरहेका बालकले सोधे - "ऋषिजी यी बालिका अलि लजाउँछिन् । यी गर्भिणी जस्ती पनि देखिन्छिन् के पाउँछिन् छोरो वा छोरी ?" ऋषिले क्रोधित भएर भने - "तिम्रो यदुकुल नष्ट गर्ने एक मुसल हुनेछ ।" नभन्दै ती बालकले आत्तिएर लुगा खोल्दा त एक मुसल निस्कियो । अब झनै डराएर राजा उग्रसेनकहाँ पुऱ्याए । राजाले त्यो मुसल घोट्न लगाई समुद्रमा फ्याँकिदिए । पानीले बगाई किनारा लगाएर त्यो धूलोबाट तरबार झार उम्रन गयो र शेष बचेको सियो जस्तो टुक्राबाट जरा नामको व्याधाले आफ्नो वाणको टुप्पामा लगायो ।

# २. वसुदेवलाई नारदको उपदेश

देव ऋषि नारदले यादव श्रेष्ठ वसुदेवलाई संसारबाट मुक्ति पाउनको लागि उपदेश दिँदै भन्नुहुन्छ - आज म भगवान्का अंश ऋषभदेवका छोरा सय भाइ मध्य नौ भाइ परमार्थ, दिगम्बर, आत्म विद्यामा पराङ्गत थिए । ती अवधूतसँग जनक राजाले प्रश्न गरेर जो उत्तर पाएका थिए त्यही म आज तपाईंलाई भनिरहेको छु ।

१) जो समस्त प्राणीमा रहेको आत्मालाई भगवत भावले हेर्दछ, त्यही भगवत भक्तमा श्रेष्ठ मानिन्छ ।

२) इन्द्रियद्वारा विषय भोग्दाभोग्दै पनि यो सब भगवान्को भन्ने ठानी न तिनका दुःख न ती सुख पाएर प्रशन्न नै हुन्छ, अवश्य त्यो भगवत भक्तमा श्रेष्ठ मानिन्छ ।

३) जो भगवान्को स्मरणमा तल्लिन रहनाले गर्दा शरीर, इन्द्रिय, प्राण, मन तथा बुद्धिको सांसारिक धर्म, जन्म, मरण, क्षुधा, भय, तृष्णा र परिश्रमले मोहित हुँदैन, त्यो भगवत भक्तमा श्रेष्ठ कहिन्छ ।

४) जसलाई कामना र कर्मका वीज वा वासना चित्तमा उद्भव हुँदैन र एकमात्र वसुदेवको नै भर छ त्यही भगवान् भक्तमा उत्तम र श्रेष्ठ मानिन्छ ।

५) जसलाई तीनै लोकमा राज्य वैभवको मोह पाउँदा पनि भगवत भजन छुट्दैन, भगवान्मा नै मन लगाई राख्नेलाई देवताले पनि खोज्ने गर्दछन्, ती भगवत चरणाविन्दको सेवाबाट आधा पलको निम्ति पनि वीचलित हुँदैनन् । त्यही सबै भगवत भक्तमा अग्रणी कहिन्छ । यस्ता भगवत भक्तका सबै पाप र ताप शान्त भइसकेका हुन्छन् र यस्तो भक्ति जाग्रित भईसकेपछि फेरी पाप र ताप उठन सक्दैन । जसरी रात्रिमा चन्द्रमा उदाएपछि सूर्यको ताप टिक्न सक्दैन ।

६) जो भगवान्सित प्रेम, उनका भक्तसित मित्रता, अज्ञानीमा कृपा र भगवान्को द्रोहको उपेक्षा गर्दछ, त्यो साधारण भक्त मानिन्छ ।

७) जो भगवान्को प्रतिमाको पूजामै सीमित रहेर उनका भक्तको अन्य कसैको पनि पूजा गर्दैन, त्यो साधारण भक्त मानिन्छ ।

# ३. मायाको स्वरूप, तर्ने युक्ति र धर्मको निराकरण

भगवान् परब्रह्म परमात्माले प्रकृतिका त्रिगुणलाई अवलम्बन गरी पञ्चमहाभौतिक शरीर भएको प्राणीको रचना साथै भौतिक संसारको रचना गरेका छन् । परमात्माको तत्त्व नजानेर यहीं त्रिगुण मायामा बाँधिएर जीवन कल्प कल्प पर्यन्त जन्म र मरणको चक्करमा परी नै रहन्छन् । भगवान् यस गुणमा लिप्त नभएकाले काल क्रमले भगवान्ले ब्रह्माण्डमय शरीर त्यागेर सुक्ष्म अव्यक्त ब्रह्ममा लीन हुन्छन् । त्यतिबेला वायुद्वारा गन्ध र पृथ्वी जलमय हुन्छ । वायुद्वारा जल पनि अग्नि हुनेछ । आकाशमा मिल्नेछन् र आकाश अहंकारमा अहंकार महत्त्व भएर प्रकृतिमा मिल्दछ ।

मनुष्यले यो जानुन् कि यहलोक र परलोक दुबै कर्मवाला र नाशवान छन् । तिनमै लिप्त हुनु नै पतनको डर हो । अतः आफ्नो श्रेय साधनाका इच्छुकले वेद र परब्रह्ममा संलग्न शान्तचित्त गरेर गुरूका शरणमा परून् । उनैसँग भगवत धर्म सिकोस् । गुरूप्रति निष्कपट आचरण गर्ने स्वयं् आफूलाई पनि सुम्पिदिने प्रति श्रीकृष्ण प्रशन्न हुन्छन् ।

जो यस संसारको उत्पत्ति, स्थिति र प्रलयका कारण भएर पनि आफू अलिप्त अकारण छन् । जो जाग्रत, स्वप्न, सुषुप्ति यी तीनै अवस्थामा रहन्छन् । जसद्वारा जीवित देह, इन्द्रिय मन र हृदय आ-आफ्नो काममा छन्, उनैलाई परमतत्त्व नारायण जान ।

# ४. भगवान्का विविध अवतारको वर्णन

भगवान्को पहिलो अवतार आदिदेव, नारायण, (पुरूष) विष्णु, रूद्र, नरनारायण, हंसवतार, दत्तात्रेय, सनक, सनन्दन, सनातन, सनतकुमार, ऋषभदेव यी सबै कलावतार हुन् । हयग्रीव मत्स्यावतार, वराह, कुर्म, हरिवतार, नृसिंह, वामन, परशुराम, रामावतार, श्रीकृष्णअवतार, बुद्धावतार, कल्किअवतार लिएर पापी मार्ने छन् ।

# ५. भगवान्को भक्तिहीन पुरुषको गति र पूजाविधि

भगवान् आदि पुरूषका मुख, वाहु, तिघ्रा, चरणका आश्रित भिन्न भिन्न आश्रम र भिन्न भिन्न चार वर्ण छन् । यी वर्णमा उत्पन्न भएर पनि जो व्यक्ति आफ्नो उत्पत्ति स्थानस्वरूप नारायणलाई भज्दैन वा अनादर गर्छ । ती आफ्नो स्थानबाट भ्रष्ट भएर तल झर्दछ । जो व्यक्ति हरिकथा, हरिकीर्तन जान्दैनन्, ती व्यक्ति, स्त्री तथा शुद्रगण ती परमार्थी भक्तका दयाका पात्र नै हुन्छन् ।

क) भगवान् सत्य युगमा सेतो वर्ण चतुर्भुज, जटाजुट धारी, कृष्ण मृगचर्म यज्ञपात्र दण्ड, कमण्डलु धारण गरेका हुन्छन् । ती भगवान् नारायणलाई शम, दम, तपद्वारा उपासना गर्छन् । त्यस बखत उनलाई हंस, सुपर्ण, वैकुण्ठ, धर्म, योगेश्वर, मनु, ईश्वरपुरूष, अव्यक्त तथा परमात्माका नामले पुकार्छन् ।

ख) त्रेतामा भगवान् रक्तवर्ण, चतुर्भुज, सुनौलो कपाल भएका वेदत्रयी रूप र यज्ञपात्रले सुशोभित रहन्छन् । त्यसबेला ती सर्वदेवमय हरिको वेदत्रयी कर्मकाण्डको विधिले पूजा गर्छन् । ती विष्णु, यज्ञ, पृश्निनाम, सर्वदेव, उरूक्रम, वृषाकपि, जयन्त र उरूगाय नामले कीर्तन गर्दछन् ।

ग) द्वापरमा श्यामवर्ण पीताम्बर धारी, चक्रादि आयुध युक्त तथा श्रीवत्स, कौस्तुभ मणि आदि चिह्नले सुशोभित भएर अवतार लिन्छन् । यस्ता चिह्नले युक्त परमात्मालाई वैदिक र तान्त्रिक विधिले यजन गर्छन् । वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरूद्ध, ऋषिश्रेष्ठ नारायण, नर, विश्वेश्वर, विश्वरूप सर्वभूतात्मा नामले विभिन्न शास्त्र विधिले स्तुति गर्छन् ।

घ) कलिमा कृष्ण वर्ण, कृष्ण कान्तिमय, साङ्गोपाङ्गो र पार्षदहरूले युक्त भगवान् कृष्णको संकीर्तन र मनन् प्रायः यज्ञद्वारा पूजा गर्दछन् । गुणज्ञ तथा सारसंग्रही सज्जन सबैभन्दा बढता प्रिय कलियुगलाई नै भन्दछन् । किनकि यस युगमा भगवान्का नाम संकीर्तनले नै सबै स्वत सिद्ध हुन्छन् । विभिन्न योनिमा ठक्कर खाँदै हिँड्ने प्राणीको हरिकीर्तन भन्दा ठूलो कुनै लाभ छैन ।

## ६. कृष्ण उद्धव संवाद

अन्य देवगणसहित महादेव र ब्रह्माजी द्वारिकामा पुगेर भगवान् श्रीकृष्णसँग स्तुति गर्दै भन्छन् । पहिला हामीले हजुरसित भूमिको भार टार्नका लागि प्रार्थना गरेका थियौ । त्यो काम त सम्पन्न भइसक्यो । अब हे पुरुषोत्तम ! हजुर यो यदुवंशमा उत्पन्न भएको पनि १२५ वर्ष भइसकेको छ । विप्रश्रापको कारणले यादव कुल पनि नष्ट भइसकेको छ । अतः यदि हजुरको इच्छा भए आफ्नो परमधाम लाग्नुहोस् र लोकसहित आफ्ना दास हामी लोकपालको पालना गर्नुहोस् । भगवान् - तिमीले नै भने अनुसार गर्ने मैले निधो गरिसकेको छु । उद्धत र उच्छृङ्खल यदुकुललाई श्राप परिसकेकोले अब यो नष्ट भइसकेपछि तिम्रो लोक आउनेछु । देवताहरू फिर्ता भए । भगवान्ले पनि द्वारिकामा बुढापाकाहरूसँग भन्नुभयो - हाम्रो कुललाई विप्रश्राप परिसकेको छ । बाँच्न मन भए यो ठाउँ छोड र जहाँ दक्षका श्रापले चन्द्रमा क्षयरोगबाट मुक्त भएका थिए उही प्रभाष क्षेत्र जाऊ ।

यसरी कृष्णले द्वारिकामा अराई पराई गरेको र अनिष्ट र उल्का हुन लागेको देखेर श्रीकृष्णका अनुगामी भक्त उद्धवले एकान्तमा नम्रतापूर्वक कृष्णलाई सोधे - हजुर समर्थवान भएर पनि आफ्नो यदुवंश नष्ट हुने श्रापको प्रतिकार गर्नुभएन । यसबाट बुझिन्छ कि हजुर स्वधाम जाँदै हुनुहुन्छ । अतः हे नाथ हजुरले भोगेको माला, चन्दन र हजुरले खाएर छाडेको भोजन गर्नेलाई सँगै लानुहोस् ।

## ७. उद्धवलाई यदु र दत्तात्रेयको संवाद सुनाउनु

भगवान्ले उद्धवलाई भन्नुभयो - हे उद्धव ! तिमीले ममा नै समर्पित हुनेछु भन्ने सोच राखेको ठीक हो । मैले माता देवकीको गर्भबाट जन्मलिँदाको उद्देश्य पुरा गरेर बैकुण्ठ फर्कदैछु । हेर आफ्नो गुरु आफै हुनुपर्छ । गुरूले गरेको कामबाट शिक्षा लिन सक्नुपर्दछ । म तिमीलाई राजा यदु र अवधूत रूपका

ब्राह्मण दत्तात्रेयको संवाद बताइदिन्छु सुन । एक पटक राजा यदुले निर्भय सँग विचरण गरिरहेका ज्ञानी अवधूत दत्तात्रेयसँग सोधे – तपाईंलाई यस्तो निर्मल बुद्धि कसरी आयो, विद्वान् भएर पनि बालकको जस्तो व्यवहार गर्नुको कारण के हो ? त्यसबेला अवधूतको जस्तो व्यवहार गर्ने दत्तात्रेयले भने – हे राजा ! मैले ज्ञान सिक्न धेरै जना गुरूको शिक्षा लिएको छु । मेरा मुख्य गुरूहरू २४ वटा छन् – पृथिवी, वायु, आकाश, पानी, आगो, चन्द्रमा, सूर्य, परेवा, अजिङ्गर, समुद्र, पुतली, माहुरी, हात्ती, मह भिक्ने मान्छे, हरिण, माछा, पिङ्गला वेश्या, न्याउली, बालक, कुमारी, वाण बनाउने मान्छे, सर्प, माकुरा र कुमालकोटी । यी मध्ये निम्न गुरूहरूबाट निम्न शिक्षा लिएको छु –

- पृथ्वीबाट सहने क्षमता राख्नु पर्ने शिक्षा लिएको छु
- वायुबाट प्राप्त वस्तुबाट सन्तुष्ट हुनु तर त्यसमा लिप्त नहुन शिक्षा पाएको छु
- आकाशबाट सधैं निर्मल हुनुपर्ने शिक्षा पाएको छु
- पानीबाट सधैं स्वच्छ हुनुपर्ने शिक्षा पाएको छु
- आगोबाट निर्मल र तेजस्वी बन्ने शिक्षा पाएको छु
- चन्द्रमाबाट क्षय र वृद्धि नहुनुपर्ने शिक्षा पाएको छु
- सूर्यले जस्तै समयमा पानी खिच्ने र समयमा पानी पारिदिने शिक्षा लिएको छु
- परेवाबाट बचेरा जालमा पर्दा पनि सन्तानको शोकमा परेकी परेवी बच्चालाई भेट्न जाँदा व्याधाको जालमा पर्छ । परेवाले पनि पत्नीलाई जालमा परेकोदेखि शोक गर्न लाग्दा व्याधाको जालमा फस्नु परेकाले आशक्तिमा डुब्नु नहुने शिक्षा पाएको छु ।

## ८. अजिङ्गरदेखि पिङ्गलासम्म पाएको शिक्षा

शुकदेव स्वामीले राजा परीक्षितलाई भन्नुभयो – हे राजन् ! भगवान्ले उद्धवलाई आफ्ना २४ जना गुरूबाट पाएको शिक्षा बताउने क्रममा भन्नुभयो – हे उद्धव ! मैले अरू गुरूहरूबाट पाएको शिक्षा पनि सुन –

- अजिङ्गरबाट ‘पाए खाने नपाए चुप लागेर बस्ने’ शिक्षा पाएको छु
- समुद्रबाट प्रसन्न र गम्भीर हुने शिक्षा पाएको छु
- पुतलीबाट रूपको लोभमा फस्न नहुने शिक्षा पाएको छ
- माहुरीबाट थोरैथोरै भएपनि सबै ठाउँबाट गुण ग्रहण गर्नुपर्ने शिक्षा पाएको छु
- भमराबाट सार रूप सुगन्ध लिए झैँ शास्त्रहरूबाट सार लिनुपर्ने शिक्षा पाएको छु
- हात्तीबाट स्त्री संसर्गबाट बच्नुपर्ने शिक्षा पाएको छु
- मह झिक्ने मान्छेबाट लोभीको धन कुनै काममा आउँदैन र आफूले पनि उपभोग गर्न सक्तैन वा पाउँदैन भन्ने शिक्षा पाएको छु
- मृगबाट उसले संगीतमा आशक्त भएर नाशिनु नहुने शिक्षा पाएको छु
- माछोबाट रसमा लुब्ध हुन नहुने शिक्षा पाएको छु
- पिङ्गला वेश्याबाट धनी पुरुषको आशामा बस्दा नआएपछि निराश भए झैँ दुराशा राख्न नहुने शिक्षा पाएको छु

# ९. न्याउलीदेखि कुमालकोटी समेतबाट पाएको शिक्षा

भगवान् श्रीकृष्णले उद्धवलाई २४ जना गुरुबाट पाएको शिक्षा बताउने क्रममा भन्नुभयो -

- न्याउली पक्षीबाट मनपर्ने वस्तुको संग्रहले दुख पाइने शिक्षा पाएको छु
- बालकबाट मान अपमानलाई वास्ता नगर्ने शिक्षा पाएको छु
- कुमारीबाट एक्लो भएमा शान्ति प्राप्त हुने शिक्षा पाएको छु
- वाण बनाउनेबाट एकाग्र हुनुपर्ने शिक्षा पाएको छु
- सर्पबाट प्रकृतिबाट उपभोग्य सबै वस्तु पाइन्छन् भन्ने शिक्षा पाएको छु
- माकुराबाट भोग र सञ्चय गर्दै जाँदा आफैँबाट निस्कने वस्तुबाट बन्धनमा पर्नसक्ने शिक्षा पाएको छु ।
- कुमालकोटीबाट जेको ध्यान गरिन्छ त्यसैमा रूपान्तरित भइन्छ भन्ने शिक्षा पाएको छु ।

# १०. संसारको मिथ्यात्व प्रतिपादन

विभिन्न धार्मिक कर्म गरेर त्यसको फल भोग्न स्वर्ग जाने व्यक्ति पनि त्यो पुण्यको शेष भाग सकिएपछि कालकै प्रेरणाले तुरुन्तै तल झर्दछ । यदि कोही व्यक्ति कुनै अधम पुरुषको संगतमा लागेर अधर्मरत र अजितेन्द्रिय भएर कृपण, लोभी, प्राणी हिंस्रक भएर बिना विधि नै पशुवध गरेर भूतप्रेतलाई वलि दिन्छ भने त्यो पापी अवश्य नरकमा पर्दछ । मनुष्य मात्र हैन कि कल्पजीवी लोकपाल र दुई परार्ध आयु हुने ब्रह्मा पनि कालरूपी मेरो भयदेखि डराउँछन् ।

# ११. वद्ध र मुक्त भक्तको लक्षण

हे उद्धव ! विद्या र अविद्या मेरा शक्ति जान यिनै दुईद्वारा जीवको मोक्ष र बन्धन हुन्छ । यी दुबै मेरो मायाद्वारा रचित हुन् । हे महाबुद्धिमान उद्धव ! म एउटा नै छु र जीव मेरो प्रतिबिम्ब रूप अंश हो । यद्यपी (वद्ध) जीव र मुक्त (ईश्वर) दुबै समान रूपले शरीरमा छन् । तर यिनको दशा परस्पर भिन्न छ, यी दुबै वृक्षको पत्ता झरेझैँ शरीरबाट पृथक छन् । चैतन्य रूप हुनाले समान र वियोग नहुने भिन्न रूप हुन् । मेरो मायाद्वारा देहमा बास गरेका हुन् । भेद बुद्धिवाला (जीववद्ध) विषय भोग्दछ । मुक्त (ईश्वर) विषय भोग्दैन । मुक्तले (ईश्वर) आफूलाई र त्यो भोगीलाई पनि जान्दछ । तर (जीव) वद्धले आफूलाई पनि र अरूलाई पनि जान्दैन ।

जो प्रशंसा र निन्दालाई संयम गरी समदर्शी हुन्छ, त्यही ज्ञानी हो । उद्धव - हजुर कस्तो साधुलाई आदरको दृष्टिले हेर्नुहुन्छ ? भन्दा कृष्ण - जुन साधु कृपालु, द्रोह नगर्ने, सत्ययुक्त, इत्यादि द्वेषरहित, समदर्शी सबैको उपकार गर्ने, काम विकार रहित र सहनशील, इन्द्रियलाई संयममा राख्ने, कोमल चित्त, सदाचारी, उद्योगहीन, प्राप्त अन्नले तृप्त, आफ्नो धर्ममा अचल, उत्तम विचार शील सदैव दीनता शून्य तथा भोक, प्यास, शोक, मोह वृद्धता र मृत्युलाई केही

जस्तो नठान्ने, प्रतिष्ठाको अनभिलाषी, वेदरूपिणी, सधैँ मेरो आज्ञाले सूचित, सबै पदार्थ छाडेर मेरो भक्ति गर्दछ भने त्यो श्रेष्ठ साधु हो । जो म हुँ जस्तो मेरो रूप छ, अर्कोतिर भिन्न नलागेर जो मेरो भक्ति गर्छ तिनलाई म आफ्नो श्रेष्ठ भक्त मान्दछु ।

हे उद्धव ! मेरो मूर्ति र मेरा भक्तको दर्शन, स्पर्श, सेवन, प्रणाम, कीर्तन मेरो कथामा आस्था, मेरो ध्यान जे जति गर्छ, त्यो मेरै निम्ति अर्पण गर्दै आफूलाई दास भावले देख्नु, तान्त्रिक दिक्षा लिनु, गर्वहीनता, दम्भ त्याग गरी वैदिक मन्त्रले सूर्यमा, हव्यले अग्निमा, आतिथ्यले श्रेष्ठ ब्राह्मणमा, हरियो घाँसले गाईमा, भाइझैँ स्वागत गरेर विष्णुभक्तमा ध्यानमा मग्न भएर हृदयरूपी आकाशमा, भोगद्वारा देहस्थित आत्ममा र समदर्शी भएर मेरो अन्तर्यामी रूपको सबै प्राणीमा पूजा गरोस् । यी सबै काम गर्दा सावधानी भएर मेरो शङ्ख, चक्र, गधा, पद्मले शोभित चतुर्भुज रूप देखोस् । हे देवभगका छोरा उद्धव ! सत्संगतले प्राप्त हुने भक्तियोग बाहेक मलाई पाउने अरू त्यति सजिलो उपाय छैन ।

## १२. कृष्णले उद्धवलाई गोपनीय मार्ग बताउनु

हे उद्धव ! सबै थरिका आशक्ति छुटाउने सत्सङ्गले जसरी मलाई वशमा पार्दछ, त्यसैगरी योग, सांख्य, धर्म, तप, दानयज्ञ, कूपादि निर्माण, दक्षिणा, व्रत, वेद, मन्त्र, तीर्थ, यम, नियम आदिले वशमा पार्न सक्दैन । नपत्याए सुन दैत्य, पंक्षी मृग गन्धर्व, अप्सरा, नाग, सिद्ध, चारण, विद्याधर तथा मनुष्यमा वैश्य, शुद्र, नारी चण्डाल, ती ममा प्राप्त भइसके । वृत्तासुर, प्रह्लाद, बली, वाणासुर, मय, विभीषण, सुग्रिव, हनुमान, जाम्बवानले न उपासना गरेका थिए न तपस्या नै गरेका थिए केवल सत्सङ्गले नै ममा प्राप्त भए । गोपिनी, गाई, वृक्ष, यमलार्जुन, मृग, मूढ कालीय नागराजा जस्ता अनेक जीव प्रेमले कृतार्थ भएर सहजै मलाई प्राप्त गरिसकेका छन् ।

जब मैले मथुराबाट तिमीलाई ब्रजमा गएर मबाट वियोगले पिल्सिएका गोपिनीहरूलाई शान्त गराएर आउ भनी पठाएको त्यति बेलाको अनुभव सम्झ जस्तो कि म वृन्दावनमा बस्दा उनीहरूको रात्री क्षणमै बितेका थिए । मेरो विरहमा त्यही रात्रीमा उनीहरूलाई कल्पको समान भयो । अतः ती समुद्रमा नदीहरू झैँ ममा लीन भएका थिए । सहस्रौं गोपिनी, जो मेरो यथार्थ रूपलाई जान्दैनथे र परस्त्रीसँग रमण गर्ने लठुवा म परब्रह्मस्वरूपसँग प्रेम गर्दथे । सत्सङ्गको प्रभावले नै म परब्रह्मामा प्राप्त भए ।

हे उद्धव - अब तिमी वेद र स्मृति, प्रवृत्ति र निवृत्तिका र पठित शास्त्रका फ्याउला छाडेर पूर्णरूपले म सबैका शरीरमा अन्तर्यामीको नै शरण पर । तिमी भयरहित हुनेछौँ । तिमी मेरो प्यारो आत्मीयलाई मैले यही प्यारो भक्तिमार्ग गोप्य रूपमा बताएँ । तिम्रो जय होस् ।

## १३. सत्व गुणको वृद्धिको विद्योदयको क्रम

भगवान्ले उद्धवलाई आज्ञा भयो - हे उद्धव ! सत्व, रज र तम यी तीन गुण बुद्धिका हुन् । आत्माका होइन । रज र तम गुणलाई सत्व गुणले नष्ट गर । सत्व गुणले मेरो भक्तियुक्त धर्ममा प्रविष्ट हुन्छ । तब रज र तम शीघ्र नष्ट भएर जान्छ जसले शरीरको अभिमान पनि स्वतः छुटेर जान्छ ।

उद्धव - हे केशव ! अब म सनकादिलाई बताएको योगमार्ग जान्न चाहन्छु । भगवान् - ब्रह्मासँग उनका मानसिक पुत्र सनकादिले यस्तो प्रश्न गरेका थिए - चित्त विषयमा लिप्त रहन्छ र विषय वासनाले चित्तलाई प्रभावित पार्दछ । अनि यो जीव कसरी पार पाउँछ ? ब्रह्माले जवाफ दिन नसकेपछि मेरो ध्यान गरेर म हंसरूप भएर नजिकै पुगें । तब ती कुमारले मलाई सोधे - हजुर को हुनुहुन्छ ?

भगवान् - हे विप्र हो ! यदि आत्मा वस्तु अनेक छैन भने तिम्रो यो प्रश्न ? यस्तो प्रश्न उचित छैन । किनकि तिमीहरू को र म भनेको आत्मा एउटै हो । यदि तिमी पञ्चमहाभौतिकले बनेको शरीरको अपेक्षा गरेर सोधेका हौ भने

यथार्थमा समान छ र हजुर को ? भन्ने प्रश्न केवल वाणीद्वारा भनिएको हो । मन, वाणी, दृष्टि तथा अन्य इन्द्रियहरूले जे जति जान्न सकिन्छ, त्यो म नै हुँ । मदेखि अरू हैन यो निश्चय जान । चित्त सदा विषयका सेवन गर्नाले चित्त तिनमा लाग्दछ र विषय वासनाद्वारा चित्त प्रकट हुन्छ । जो आफूलाई परमात्मा स्वरूप ठान्दछ त्यसले यी दुबै विषय र चित्तलाई त्यागोस् । अतः प्राणीको कर्तव्य हो, यो मिथ्या संसारतिरबाट दृष्टि फर्काएर तृष्णारहित भई चुपचाप आत्माको अनुभव गर्दै सबै कर्म त्यागोस् । तर नमरुन्जेल कर्म संस्कार कुनै न कुनै रूपले सदैव हुँदै रहन्छन् । आत्मानुभव गर्ने व्यक्तिले त्यो देववशः ठानि त्यो उठोस् या बसोस्, या आओस् कि जाओस् ख्याल राख्दैनन् । जस्तो मदिरा लागुले अचेत पुरुषलाई आफ्नै शरीरको पनि ख्याल रहन्न । त्यस्तै त्यो आत्मानुभवी व्यक्ति पनि समाधियोगमा पुगी तत्त्वलाई जानीसकेपछि त्यो स्वप्नरूपको देहको मिथ्या प्रपञ्चमा अल्झदैन । यसरी मद्वारा सनकादि मुनिहरू संदेहरहित भइ आफ्नो स्थानमा गए । हे उद्धव ! मैले तिमीलाई जो साङ्ख्य र योगको बारेमा बताएँ ।

## १४. भक्तिको महिमा

उद्धव - हे कृष्ण ! ब्रह्मवादिजन कल्याणका अनेक मार्ग बताउँछन् । हजुरले भक्ति मार्गलाई श्रेष्ठ भन्नुभयो - यिनको पनि विकल्प छ अथवा यी मध्ये एउटा प्रमुख छ । भगवान् - जो मैले सृष्टि कालमा ब्रह्मालाई बताएँ, त्यो नै वेदवाणी र धर्म हो । त्यो धर्मको रूप म हुँ । हे उद्धव ! तिमी जस्तै भक्तगण मलाई जति प्रिय छन्, त्यति ब्रह्मा र शंकर बलभद्र पनि छैनन् । न लक्ष्मी न आफ्नु आत्मा । निरपेक्ष, शान्त तथा समदर्शी मुनिको पछि पछि म यस दृष्टिले हिंड्छु कि तिनको चरण रजले पवित्र हुन पाउँछु । मेरा अजितेन्द्रिय भक्त विषयमा बाँधिए पनि आफ्नो प्रौढ भक्तिको प्रभावले विषयको चक्रमा गाडिन्नन् । जस्तै बल्दो अग्नि काठलाई पोलिदिन्छ । त्यस्तै मेरो भक्ति पनि सारा पाप राशीलाई उडाइदिन्छ । हे उद्धव ! मेरो दृढ भक्तिले जसरी मलाई सजिलै प्राप्त गराउँछ, उसैगरी योग, साङ्ख्य, धर्म, तप, दानले सक्तैन । भक्तिरहित पुरुषलाई अन्य र

यी कुनैले पनि पवित्र पार्न सक्दैन । रोमाञ्च नभइ, चित्त द्रवित नभइ, आनन्दाश्रु नझारी र भक्ति नभइ अन्तःकरण कसरी शुद्ध हुन सत्तछ । जसको वाणी गद्‌गद् हुन्छ र जसको चित्त द्रविभूत हुन्छ जो कहिले रून्छ, कहिले हाँस्छ, कहिले गाउँछ र कहिले नाच्न थाल्दछ, मेरो यस्तो भक्तले त्रिलोकलाई नै पवित्र पारीदिन्छ । जस्तै आगोमा पोलेर सुन सफा हुन्छ । त्यस्तै मेरो भक्तियोगद्वारा कामनारूपी विकारबाट मुक्त भई स्वच्छ हुन्छ र मलाई पाउँदछ । भक्त पुरुषको कर्तव्य हो विषयमा तानिएको मन र बुद्धिलाई तानेर मेरो हाँस्ययुक्त मुखको ध्यान गरोस् अरू केही नसोचोस् । तब जसरी एउटा ज्योतिमा अर्को ज्याति मिल्छ । त्यस्तै साधक भक्तले आफूमा मलाई र म सर्वात्मामा आफूलाई देख्न थाल्दछ ।

## १५. सबै सिद्धिको विवेचना

हे उद्धव ! जो जितेन्द्रिय स्थिर चित्त, स्वास जित्ने र मैमा चित्त स्थिर राख्न सक्छ, त्यो योगीलाई नै सिद्धि प्राप्त हुन्छ । धारण योगका परागामीहरूले जम्मा १८ सिद्धि भनेका छन् । तर तीमध्ये ८ मा मेरो प्रधानता छ :

१) अणिमा - शरीरको सिद्धि हो ।

२) महिमा - शरीरको सिद्धि हो ।

३) लघिमा - शरीरको सिद्धि हो ।

४) प्राप्ति - इन्द्रियहरूसँग सम्बन्धित छ ।

५) प्राकाम्य - लौकिक पदार्थ इच्छानुसार प्रेरित गर्न सक्नु ।

६) इशिता - माया र उसका कार्यलाई इच्छाअनुसार प्रेरित गर्न सक्नु ।

७) वशिता - विषयमा अनाशक्ति ।

८) काम वासयिता - इच्छित पदार्थको चरम सीमा प्राप्त गर्नु ।

## यी बाहेक अरू १० सिद्धि

१) देहमा भोगप्यास वा शारीरिक वेग नहुनु ।

२) परबाट दर्शन र श्रवण हुनु (शीघ्र गति हुनु) ।

३) इच्छा अनुसार मृत्यु हुनु ।

४) अन्य देहमा प्रविष्ट हुनु ।

५) स्वेच्छाअनुसार मृत्यु हुनु ।

६) देवाङ्नासित हुने देवगणका क्रीडाको अवलोकन हुनु ।

७) मनझैँ शीघ्र गति हुनु ।

८) अप्रतिहत आज्ञा ।

९) अवाध गति ।

१०) शारीरिक वेग नहुनु ।

**यीबाहेक अरू ५ सिद्धि पनि छन्**

१) त्रिकाल ज्ञाता, निर्द्विन्दता, शीत, उष्ण, सुख, दुःख

२) रागद्वेशादी द्वन्द्वको वसीभूत नहुनु ।

३) अर्काका मनका कुरा जान्नु ।

४) अग्नि, सूर्य, जल र विषादिका शक्ति रोकिनु ।

५) कसैसित पनि पराजित नहुनु ।

## १६. समस्त विभूतिको विवेचना

हे उद्धव ! म संसारका सबै प्राणीको आत्मा तथा स्वामी हुँ, सबै भूत म नै हुँ र तिनको उत्पत्ति, स्थिति र लयको कारण पनि मै हुँ । गतिशीलमा गति मरणशीलमा काल मै हुँ । महानमा महतत्त्व र सुक्ष्ममा जीव मै हुँ । त्यस्तै वेदको अध्यापक हिरण्यगर्भ मन्त्रमा ॐ हुँ । ब्रह्मर्षिमा भृगु, राजर्षिमा मनु, देवर्षिमा नारद, गाईमा

कामधेनु, प्रजापतिमा दक्ष हुँ । दैत्यमा प्रह्लाद, नक्षत्रमा चन्द्रमा, औषधीमा सोमरस तथा यक्ष राक्षसमा कुवेर हुँ । गजमा ऐरावत, घोडामा उच्चैःश्रवा, जलचर मा वरूण, मनुष्यमा राजा हुँ भने आश्रममा संन्यास, वर्णमा ब्राह्मण इत्यादि ।

# १७. वर्णाश्रम धर्मको वर्णन

हे उद्धव ! कल्पको सुरूमा मनुष्यको हंस नाम केवल एउटै वर्ण थियो । किनकि मानिस जन्मे देखि नै मुक्त एवम् कृतकृत्य हुन्थे । त्यसैले त्यतिबेला कृतयुग भनिन्थ्यो । त्यसबेला प्रणव नै वेद थियो र तप, शौच, दया र सत्य यी ४ पाउ हुने वृषभरूपी धर्म म नै थिएँ ।

त्रेतामा आएर मेरो स्वासबाट ऋग, साम र यजु वेदत्रयी भयो र यज्ञरूपमा प्रकट भएँ । उसैगरी विराट पुरूषको मुखबाट ब्राह्मण भूजाबाट क्षेत्री, उरूबाट वैश्य र चरणबाट शुद्र यी चार वर्णको उत्पत्ति भयो । जसको परिचय तिनीहरूको आचारले गर्छ ।

म विराट पुरूषको तिघ्राबाट गृहस्थ, हृदयबाट ब्रह्मचर्य, वक्षस्थलबाट वानप्रस्थ र मस्तकबाट संन्यास चार आश्रम भए ।

१) **ब्रह्मचारी** - जातकर्मादि संस्कारपछि र उपनयन संस्कार भई सकेपछि बालक इन्द्रियदमनपूर्वक गुरूको घरमा बसेर अध्ययन गरोस् । गुरूको सेवा गर्दै गुरूकै आज्ञाले भिक्षा प्रवृत्ति गरोस् । नारीलाई हेर्नु, छुनु, वार्तालाप, हाँसोठट्टा नगर्नु, मैथुनवाला प्राणीतिर नहेर्नु । आफ्नो अध्ययन समाप्त भईसकेपछि गुरूको आज्ञाले ब्रह्मचारी जुनसुकै आश्रममा पनि प्रवेश हुन पाउँछ । विराश्रमी रहेर स्वेच्छाचारी नबनोस् ।

२) **गृहस्थ** - पुरूषको कर्तव्य हो वेदाध्ययन, ब्रह्मयज्ञ, स्वधाकार वा पितृयज्ञ स्वाहाकार वा देवयज्ञ वलिवैश्वदेव भूतयज्ञ र अन्न दान अतिथि यज्ञ, मेरै रूप सम्झी यिनको सेवा पूजा गरोस् । कुटुम्बको संयोग केवल

बटुवाको झैँ ठानोस् । यिनका सम्बन्ध सबै देहसँग टुट्ने हुन् । गृहको कर्मद्वारा मेरो पूजा गर्दै मेरो भक्तियुक्त भएर रहोस् ।

## १८. वानप्रस्थ र संन्यासीका कर्म

जो वानप्रस्थमा प्रविष्ट हुन्छ त्यो स्त्रीलाई छोराको भरमा छाडेर वा साथै राखेर शान्ति चित्तले आफ्नो आयुको तेश्रो भाग वनमै व्यतित गरोस् । वनको कन्दमुल र फलफूलले निर्वाह गरोस् । कपाल, दाह्री, जुँग, नङ नकाटी केवल कोपियन र त्यसलाई ढाक्ने एकमात्र वस्त्र लगाओस्, वर्षामा जलमा बसेर ग्रीष्ममा पञ्चाग्नी तापेर तप गरोस् । अन्त्यमा वृद्धावस्थाले काम्न लागेपछि भावनाद्वारा अग्निलाई अन्तःकरणमा धारण गरी मेरो स्मरण गर्दै अग्निमा प्रवेश गरोस् । यो विधान केवल अविरक्तको लागि हो । यदि लोकबाट पूर्ण वैराग्य भए अग्निलाई त्यागेर संन्यास लेओस् ।

३) संन्यास - संन्यासले आपत्ति कालबाहेक दण्ड र कमण्डलु छाडेर अरू कुनै वस्तुपनि आफ्नो साथमा राख्न वर्जित छ । सधैं भूमिमा हेरेर पाइला राखोस् । कपडाले छानेर पानी पिउनु । सदा सत्य बोली रहोस् । वाणीको मौनता, शरीरको निष्कृयता, मनको प्राणयाम रूप, यी तीन दण्ड जोसित रहन्न भने संन्यासी हुँदैन । केवल बाँसको दण्ड लिनाले त्रिदण्डी संन्यासी हुँदैन । अतः पतितजनलाई छाडेर अरू चारै वर्णको भिक्षा ग्रहण गर्नु, अनिश्चित सात घरमा भिक्षा मागोस् । आशक्तिरहित, जितेन्द्रिय, आत्माराम, आत्मप्रेमी, धीर र समदर्शी भएर पृथ्वीमा डुल्दै सदा एकान्त र निर्भय देशमा रहेर मेरो भक्तिले निर्मल चित्त भएर आफ्नो आत्मलाई ममा सम्वद्ध जानोस् ।

## १९. भक्तिको साधन र यम नियमको निरूपण

हे उद्धव ! बिना अनुभवको विद्या र शास्त्रले सम्पन्न आत्मज्ञानी छ । त्यो केवल माया मात्र जानेर ममा लीन गरोस् र त्यसबाट हुने स्वार्थ र स्वर्ग सबै

म नै हुँ । सच्चा भक्तलाई म बाहेक अरू केही पनि पदार्थ प्रिय हुँदैन । ज्ञान र विज्ञानले पूर्ण व्यक्तिले, परमश्रेष्ठ पदलाई जान्दछ । यसै हुनाले ज्ञानीजन मलाई सबै भन्दा प्रिय छन् । कारण उसले ज्ञानद्वारा अन्तःकरणमा सधैँ मलाई धारण गर्दछ । मेरो कथामा श्रद्धा राख्नु, सदा मेरो नाम संकीर्तन गर्नु, मेरो पूजा स्तुति गर्नु, मेरो सेवामा प्रेम र मेरा भक्तगणको पूजा गर्नु, जति कार्य गर्छौ त्यो सबै मेरो निमित्त गर्नु, यही धर्म नियमको पालनाले आत्मसमर्पण गर्ने व्यक्तिको हृदयमा मेरो भक्ति उत्पन्न हुन्छ । उद्धव - हे प्रभु ! अन्य कति छन् र यम नियम कति छन् ? कृष्ण - अहिंसा, सत्य, अस्तेय, असंगता, लज्जा, असञ्चय, आस्तिकता, ब्रह्मचर्य, स्थिरता, क्षमा, शौच, जप, तप, होम, श्रद्धा, अतिथि सेवा, मेरो पूजा, तीर्थ भ्रमण, परोकार, अभय यी १२ यम हुन् । यी निमय पालन गर्ने व्यक्तिका सबै इच्छित कामना पूर्ण हुन्छन् ।

प्राणीको बुद्धि ममा लाग्नु - शम, इन्द्रियको दमन - दम, कष्ट सहन - तितिक्षा, जिव्हा र इन्द्रियको वेग रोक्नु - धैर्य, द्रोह भावनाको त्याग - दान, कामना वा भोग त्याग्नु नै - तप, वासनामाथि विजय पाउनु शूरता, कर्ममा आसक्ती नराख्नु - शौच, कामनाको त्याग नै - संन्यास, धर्म नै - धन, म यज्ञ पुरूष नै - यज्ञ, ज्ञानोपदेश नै - दक्षिणा, प्राणयाम नै - बल, ईश्वरी भाव - ऐश्वर्य, मेरो उत्तम भक्ति प्राप्त गर्नु नै परमलाभ हो, परमात्मामा भेद बुद्धिको अभाव - विद्या, दुष्कर्मबाट सदा परै रहनु - लज्जा हो, निरपेक्षता - श्री हो, संसारबाट अलग्गै रहनु - सुख ।

विषय - सुखको इच्छा नै दुःख हो, बन्धन र मोक्ष जान्ने नै - पण्डित हो, देहमा अहंबुद्धि नै - मूर्ख, मलाई प्राप्त गर्ने बाटो नै - सत्मार्ग वा सुमार्ग, चित्तमा विक्षेप शंका उत्पन्न बाटो - कुबाटो, अजितेन्द्रिय - कृपण वा दीन दुःखी हो । विषयमा अनाशक्त नै - ईश्वर वा स्वाधीन हो । अन्तिममा तिमी केवल यति नै बुझ कि, गुणदोषलाई देख्नु नै दोष हो र यी दोष नदेख्नु नै श्रेष्ठ गुण हो ।

## २०. ज्ञान, कर्म र भक्तियोग निरूपण

हे उद्धव ! शास्त्रको जति व्याख्या गरेपनि अन्त्यमा सबै मनुष्यको कल्याणको निम्ति नै ज्ञानयोग, भक्तियोग र कर्मयोग कहिएको छ । मोक्षको अरू कुनै उपाय कहीं पाउन सकिन्न ।

क) सबै कर्मबाट विरक्त भएर तिनलाई त्यागी दिने ज्ञान योग कहिएको छ । ख) कुनै कर्मबाट वैराग्य भई निष्काम कर्मलाई कर्मयोग कहिएको छ । ग) सौभाग्यवस जसमा मेरो कथा-श्रवण र मेरो श्रद्धा उत्पन्न भएको छ, बढ्ता आशक्ति छैन भने त्यो भक्तियोग मै लागोस् ।

## २१. द्रव्य, देश कालका गुण दोषका विवेचना

हे उद्धव ! मलाई प्राप्त गर्नको निम्ति भक्ति ज्ञान र कर्ममार्ग छाडेर जो आफ्ना इन्द्रियहरूका क्षुद्र विषय भोगहरू भोग्दछन् । ती बारम्बार आवागमनको चक्करमा पर्छन् । कर्मलाई संकुचित पार्नको निम्ति नै मैले देश, काल र भाव वस्तुका गुण र दोषको विधान गरिदिएको छु । देशहरूमा जुन देशमा कृष्णसार मृग र ब्राह्मणभक्त पुरुषरहित होस् त्यो देश अपवित्र मानिन्छ । फेरी सो मृग भएपनि सौविर र किंकट वा मगध-अङ्ग वंग कलिंग देश अपवित्र नै छन् । असंस्कृत, बाँझो पनि अपवित्र मानिन्छ । द्रव्य संयोगले होस् वा स्वयं पनि जुन कालमा जुन कर्म हुनसक्छ, उही शुद्ध हो र जुन कालमा कर्म हुन सक्तैनन् त्यहीकाल अशुद्ध हो ।

## २२. तत्त्वका संख्या र पुरुष प्रकृतिको विवेचना

प्रकृतिको विवेचना - सत्व, रज, तम यी तीनै गुण प्रकृतिका हुन्, आत्माका होइन । सत्व गुणलाई ज्ञान, रजो गुणलाई कर्म र तमो गुणलाई अज्ञान कहिन्छ । पुरुष, प्रकृति, महतत्त्व, अहंकार, आकाश, वायु, तेज, जल र

पृथ्वी नौ तत्त्व भनेका यिनै हुन् ।

श्रोत्र, त्वचा, चक्षु, प्राण र रसना यी पाँच तत्त्व ज्ञानेन्द्रिय हुन् ।

वाक, पाणी, पाद, पायु, उपस्थ यी ५ कर्मेन्द्रियका विषय हुन् ।

शब्द, स्पर्श, रूप, रस र गन्ध यी ज्ञानेन्द्रियका विषय हुन् । हिंड्नु, बोल्नु, मूत्र त्याग, मल त्याग र शील्प यी ५ कर्मेन्द्रियका विषय हुन् ।

सात तत्त्व मान्नेहरूका लागि पृथ्वी, जल, तेज, वायु, आकाश अनि ज्ञान जीव र परमात्मा हुन् ।

सत्र तत्त्व मान्नेहरू पञ्चभूत, पञ्चकर्मेन्द्रिय, पञ्च ज्ञानेन्द्रिय, मन र आत्मा गरी जम्मा १७ ।

## २३. एक त्यागी ब्राह्मणको इतिहास

हे उद्धव ! कहींबाट अपमानित हुँदा पनि वीचलित नहुनु भन्ने प्रसंगमा म तिमीलाई एउटा प्राचिन इतिहास सुनाउँछु । जसमा दुर्जनले दुःख दिंदा धैर्यपूर्वक आफ्नै कर्मको फल ठानेर जे बताए, त्यसैको वर्णन यसमा छ ।

उज्जैन नामको नगरमा एक ब्राह्मण बस्दथे । ती कृषि व्यापार पनि गर्ने भएकाले ठूला धनाढ्य थिए । तर अत्यन्त कृपण, कामी, लोभी र रिसाहा थिए । आफ्ना बन्धु र अतिथिलाई वचनले सम्म पनि सत्कार गरेनन् । यसरी धर्म कर्मबाट रहित भएर बस्दा पनि आफ्नो शरीरलाई पनि सुख दिन सकेनन् । ती कृपण ब्राह्मणका परिवार र नोकरले समेत दुःखी भएर विद्रोह गर्थे । दान र भोगबाट वञ्चित र लोकबाट पतीत ब्राह्मण माथि यज्ञका देवता रिसाए । धन भएर पनि ती देवताको अपमान भएकाले तिनको पूर्वसञ्चित पुण्य क्षीण भयो र धन पनि समाप्त भयो । त्यो धन नाताले खाइदिए, चोरले चोऱ्यो र केही धन राजा र मनुष्यले पचाइदिए । यसरी धर्म नष्ट, स्वजनबाट तिरस्कृत भएपछि ब्राह्मणलाई चिन्तामा डुबी आँसु बगाउँदै बहुत खेद गर्दै वैराग्य उत्पन्न भयो । मैले व्यर्थ

आजसम्म यो देह जलाएँ न त्यो धन धर्ममा लाग्यो न त आफैँले भोगेँ । हेर म कृपणको बुद्धि ! चोरी हिंसा, झुटो, पाखण्ड, काम, क्रोध, गर्व, अहंकार, भेदबुद्धि, शत्रुता, अविश्वास, स्पर्धा, व्यसन यी सबै धनबाटै प्राप्त गर्दछन् । एक कौडीको निम्ति एक आपसमा लडेर तुरून्त शत्रु बन्दछन् । कल्याणका इच्छुकले यसलाई शत्रु ठानी तुरून्त त्याग गर्दछन् । धिक्कार ! मैले त देवतालाई पनि दुर्लभ मनुष्य देह, त्यसमा पनि उत्तम ब्राह्मण भएर यज्ञ नगरी भगवान्को अनादर गरेर मोक्षलाई पनि नास पारिदिएँ । मनुष्यमा ब्राह्मण चोला पाएर कुन मूर्ख धनमा आशक्त होला ? अब ती ब्राह्मण यस्तो सोच्न थाले - निःसन्देश यो संसार कसैको मायाले मोहित छ । यो मनुष्य पक्कै कालको फन्दामा परेको छ । तर आत्मलाई त कालले पनि अवश्य मार्न सक्तैन । तसर्थः अब मैले पनि आत्माको उद्धार अवश्य गर्नुपर्छ । हरि भगवान् ममाथि पक्कै प्रशन्न छन् र नै मलाई यो संसार धनबाट वैराग्य भयो । अब बाँकी आयु धर्म साधनामा लगाइ चित्त सन्तुष्ट पारेर कठोर तपस्याद्वारा यो देह सुकाइदिन्छु भन्ने संकल्प गरेर हृदयको अहंता ममता त्यागेर शान्त, मौन भिक्षु संन्यासी भएर सर्वदा पृथ्वीमा डुल्न लागे ।

हे भद्र ! भिक्षाका लागि हिंड्ने ती वृद्ध अवधुतलाई देखेर अनेक दुष्टले अपमान गर्थे । कोही लट्ठि खोस्दथे, कोही कमण्डलु लगिदिन्थे, कोही आसन, कोही माला, कोही लुगा लगिदिन्थे । पाएको भिक्षा नदी तटमा बसेर खान खोज्दा ती पापीहरू तिनको शिरमा लघुसंका गरिदिन्थे, थुकिदिन्थे, उनलाई बोलाउने चेष्टा गर्थे । तर मौन व्रत भएकाले बोल्दैनथे, यो चोर हो भनेर हप्काउँथे, अब बाँध्नुपर्छ भनेर बाँधिदिन्थे, धन सकिएपछि यसले भिक्षावृत्ति गरेको भनेर अधोवायु छाडिदिन्थे । यसरी तीमाथि जति जति कष्ट पर्दथे, आफ्नो प्रारब्ध ठानेर मौनपूर्वक भोगिरहन्थे । ती कृपण ब्राह्मण धर्मबाट पतित पापीबाट पीडित हुँदा पनि यस्तो ठान्दथे, कि यी सबै स्वजन, देवता, आत्मा, ग्रह, कर्म कोही पनि मेरो सुख दुःखको कारण होइनन् । यसको एक मात्र कारण म नै हुँ । मेरो मन मैले वशमा राख्न नसक्दा यो दुर्दशा भएछ भन्ने जानेछन् । हे उद्धव ! यसरी धन नष्ट भएपछि क्लेशरहित भएर विरक्त भइ घरबार छाडि पृथ्वीमा

डुलिरहने भएका ब्राह्मण दुष्ट जनबाट तिरस्कृत हुँदा पनि वीचलित नभइकन मौन रहेर मेरो उपासना गरेका थिए । तसर्थः संसारमा व्यक्तिलाई सुख र दुःख दिने अर्को केही छैन यो उसको चित्तको भ्रम मात्र हो । शत्रु मित्रु र उदासिनता अज्ञानले नै रचिन्छ । अतः हे प्यारा ! बुद्धिद्वारा आफ्नो सम्पूर्ण शक्ति ममा लगाएर मनको निग्रह गर, यही हो योगीको सार ।

## २४. साङ्ख्य योगीको निरूपण

प्रलय कालमा एकमात्र निर्विकल्प र सत्यस्वरूप ब्रह्म नै हो । उनको प्रकाशले माया हुन गयो जसलाई प्रकृति भनिन्छ । त्यो प्रकृतिलाई क्षुब्ध पारेर त्रिगुण निस्कियो । यसरी ब्रह्मबाट महतत्त्व र महतत्त्वबाट अहंकार जसमा मेरो आश्रय पाएर उत्तम अण्डा बनाए । जलमा स्थित भएपछि म त्यस अण्डामा विराजमान भएँ । जसको फलस्वरूप कमल नाभीबाट ब्रह्मा उनैले मेरो तपस्या गरेर मेरै अनुग्रहले पृथ्वी, आकाश र स्वर्ग तीन लोकको सृष्टि गरे । स्वर्गमा देवता बसे । पृथ्वीमा मनुष्य आदि प्राणी बसे । अन्तरिक्षमा भूतगणको निवास भयो । ब्रह्माले असुर र नागका लागि पृथ्वीका तल-तल, अतल, सुतल आदि सात पाताल बनाए । स्वर्ग भन्दा पनि माथि महर्लोक, तपलोक आदि सिद्धहरूका लागि अर्पिदिए । अब यसको लीन हुने प्रक्रिया- प्राणीको शरीर अन्नमा, अन्न बीजमा, बीज भूमिमा, भूमि गन्धमा, गन्ध वायुमा, वायु आकाशमा, आकाश शब्दमा लीन हुन्छ । शब्द अहंकारमा, अहंकार महतत्त्वमा, महतत्त्व प्रकृतिमा, प्रकृति कालमा, काल मायामय जीवमा, जीव ममा लीन हुन्छ । मैले यसरी सृष्टिदेखि प्रलयसम्म र प्रलयदेखि सृष्टिसम्मको कुरा सुनाएँ र साङ्ख्य विधि बुझाएँ ।

## २५. तीन गुणका वृत्तिको निरूपण

प्रत्येक पुरूषमा गुणको असर हुन्छ । कुन गुणको कस्तो स्वभाव हुन्छ सुन ।

क) **सत्वगुणका स्वभाव** - शम - मन संयम, दम - इन्द्रिय दमन । तितिक्षा, सहिष्णुता, विवेक, तप, सत्य, दया, स्मृति, सन्तोष, त्याग, विषयप्रति

अनिच्छा, श्रद्धा, लज्जा, आत्मरति, दान, विनय र सरलता ।

ख) **रजोगुणको स्वभाव** - इच्छा, प्रयत्न, तृष्णा, भेदबुद्धि, विषयभोग, युद्धादिमा उत्साह, वंशमा प्रेम, हाँस्य, पराक्रम, उद्योग इत्यादि ।

ग) **तमोगुणका स्वभाव** - क्रोध, लोभ, झुटो बोल्नु, हिंसा, पाखण्ड, श्रम, कलह, शोक, मोह, दीनता, निद्रा, आशा, भय, अकर्मण्यता ।

हे उद्धव ! म हुँ र मेरो हो यस्तो बुद्धिमा तिनै गुणको मिश्रण हो । जब निष्काम भएर नित्य नैमित्तिक कर्मद्वारा मेरो आराधना गर्दछ तब उसलाई सत्व गुणी जान्नु ।

सकाम भावले आफ्नो कर्मद्वारा मेरो यजन गर्ने व्यक्ति रजोगुण हो । शत्रुको मृत्युको कामना राखेर पूजा गर्ने तमो गुणी हो । यी तिनै गुणको कारण जीवको चित्त हो । तीसँग म आत्माको कुनै सम्बन्ध छैन । शुरूमा तमो गुण छोडोस् त्यसपछि रज गुण छोडोस् र अन्त्यमा आत्म साक्षात्कार भईसकेपछि सत्व गुण पनि त्यागेर निर्गुण भई म परब्रह्मलाई पाउनेछ ।

## २६. ऐलगीत राजा पुरूरवाको कथा

(इला) सुद्युम्न पुत्र पुरूरवा उर्वशीको वियोगमा दुखी भएर ए कठोर कामिनी ! पर्खि भन्दै रूँदै नाङ्गै कामनाले व्याकुल भएर पछि पछि दगुरेका थिए । यसरी धेरै वर्ष बितेको पत्तै पाएनन् । केही दिन पछि वैराग्य भयो र धिक्कार म मानवमा पनि चक्रवर्ती राजा भएर आफ्नो राजपाठ र आफ्नो स्वामी भगवान्लाई तृण झैँ त्यागेर स्त्रीको पछि रूदै नाङ्गै दगुर्ने भनेर पछुतो मान्दै उर्वशी लोक छाडेर राज्यमा फर्केर आएपछि आफ्नो अन्तःकरणमा विराजमान परमात्मालाई चिनेर आत्मज्ञान हुनाले मोहरहित भई शान्त भए । कुसँगत छाडेर सज्जनसँग प्रेम गर्दै उर्वशीलाई हेर्ने इच्छा त्यागेर सुद्युम्न पुत्र पुरूरवा आत्मराम भएर भूतकालमा डुल्न लागे ।

# २७. कर्मयोगको विवेचना

भगवान् भन्नुहुन्छ - हे उद्धव ! यो कर्मयोग कर्मकाण्ड अर्न्तगतकै पर्छ । मेरो पूजाको विधि तीन कहिएको छ । वैदिक, तान्त्रिक र मिश्रित मध्ये आफूलाई अनुकूल पर्नेले मेरो आराधना गर्नु । मलाई कुनै भक्तले श्रद्धाले जल मात्र चढाउँछ भने म प्रेमले स्वीकार गर्छु । तर कुनै अभक्तले मलाई धेरै सामग्रीले पूजा गरेपनि म सन्तुष्ट हुन्न । मेरा प्रतीमा ८ थरिका हुन्छन् । जस्तै : ढुङ्गाको, काठको, फलाम, धातुको, चन्दनको, फोटो, बालुवामय, मणीमय, मनोमय अरू प्रतीमालाई गरेपनि नगरेपनि बालुवामय प्रतीमामा भने प्रत्येक दिन आवाहन र विसर्जन गर्नैपर्छ । मेरो प्रतीमामा भक्तिपूर्वक पूजा गरिसकेपछि दण्डवत प्रणाम गर्नू । शिर मेरो चरणमा राखेर दुबै हातले दाहिनेले बाँया चरण र बायाँले दाहिने चरण समातेर भन्नू - हे भगवान् ! यो संसार सागरमा डुबेको छु । मृत्युरूपी ग्राह मलाई लखेटिरहेको छ । म डराएर हजुरको शरणमा आएको छु । मेरो रक्षा गर्नुहोस् । मलाई चढाएको माला आफ्नो शिरमा राख्दा मैले दिएको प्रसाद ठानोस् । विर्सजन गर्नु छ भने यस्तो भावना गर्नुपर्छ - प्रतीमाबाट एउटा दिव्यज्योति निस्केको छ र त्यो मेरो हृदयमा लीन भएको छ, यही विसर्जन हो ।

# २८. परमार्थ निरूपण

हे उद्धव ! यद्यपि व्यवहारमा पुरूष र प्रकृति द्रष्टा र दृश्यको भेदले दुई थरीका देखिन्छन् । तापनि परमार्थ दृष्टिले यो सबै एकमात्र हो । यस निम्ति कसैको गुण, दोष, शान्त र मुढ स्वभाव, कर्मको निन्दा र स्तुति नगर्नु । सबै अद्वैत दृष्टि राख्नु । जोबाट च्यूत हुन्छन् । यसरी अद्वैतमा द्वैत देख्नु केवल (प्रकृति) मायाको खेल मात्रै हो ।

# २९. भगवत धर्मको निरूपण र उद्धवको प्रस्थान

हे उद्धव ! अब म तिमीलाई भगवत धर्म सुनाउँछु । जसको श्रद्धापूर्वक आचरण गर्नाले मनुष्य मृत्युलाई पनि जित्न सक्तछ । जसका मन चित्त निरन्तर ममा

नै लगाइरहन्छ, उसको आत्मा र मन मेरै धर्ममा अनुराग भएको छ त्यो पुरुष मेरो स्मरण गर्दै आफ्ना सबै कर्म मेरै निम्ति गरिरहोस् । मेरो यात्रा उत्सव गराओस् । निर्मल चित्त भएर सबै प्राणीमा स्वयंमा आत्मालाई नै आकाश झैँ भित्र र बाहिर व्याप्त देखोस् । जो ज्ञान दृष्टिले सबै प्राणीलाई मेरो नै स्वरूप ठानेर सत्कार गर्दै ब्राह्मणदेखि चर चण्डालसम्म र कृपालु र क्रुरमा समान दृष्टि राख्दछ, त्यही उत्तम पण्डित हो । धेरै समयसम्म निरन्तर मेरो नै भावना गर्नाले त्यसको अशुभ पर्दा परनिन्दा र अहंकार वा दोष जान्छन् । मेरा भक्तले आफ्नो हाँसो गर्ने स्वजनलाई म असल, त्यो नजाति यो देहदृष्टि र लोकलज्जा त्यागेर कुकुर, चण्डाल, गाई गधालाई समान ठानेर पृथ्वीमा लम्पसार परी दण्डवत प्रणाम गरोस् । जबसम्म सबै प्राणीमा मलाई देख्दैन तबसम्म यसैगरी मन वाणी र शरीरको सबै कृत्यले नित्य मेरै उपसना गर्दै रहोस् । जब आत्मरूपिणी बुद्धि भएर सबै ब्रह्ममय हुन थाल्छ, तब निःसन्देह भएर शान्त रहोस् र फेरी लौकिक-वैदिक कुनै पनि क्रियाकलापमा नपरोस् । मन, वाणी र देहका वृत्तिले मेरै भावना गरोस् । यही मेरो भगवत धर्म हो । अब तिमी बद्रीकाश्रममा जाऊ र अलकानन्दको पानी पिएर स्नान गरि पवित्र भई मलाई मनमा राखेर मेरै ध्यान र जप गर अवश्य मलाई प्राप्त गर्नेछौँ ।

## ३०. यदुवंशको संहार

जब कृष्णले आकाश, पृथ्वी र अन्तरिक्षमा सर्वदा उत्पातहरू देखेर सुधर्मा सभामा बसेका यादवहरू सित भने - अब यो द्वारिकापुरी यमराजको पुरी यमराजको ध्वजा समान डरलाग्दो छ । अब हामी यहाँ एकदिन पनि नबसौं । अतः स्त्रीगण, बुढापाका र बालकलाई शङ्खोद्वार क्षेत्र पठाउ र तिमी प्रवास क्षेत्र जाऊ । जहाँ सरस्वती नदी छन् ।


कृष्णकै आज्ञाअनुसार यादवहरूले सबै काम गरेर प्रभास क्षेत्र पुगे, मंगल कार्य सम्पन्न गरे । त्यसपछि 'मैरेयक' नामका मदिरा पिएर भगवान्को मायाले मोहित भइ आफू आफूमा नै हानाहान गरेर ध्वस्त भए । उता बलरामले त्यहीं समुद्रमा ब्रह्मको चिन्तन गरी योगको आश्रय लिएर शरीर त्यागिदिए ।

कृष्णले पनि देदिप्यमान चर्तुभुज रूप धारण गरेर आफ्नो दिव्य कान्तिले दशै दिशा अलौकिक पार्दै एउटा ठूलो पिपलको वृक्षमुनि बसे । बायाँ पाउ दाहिने तिघ्रामा राखेर पल्टेका थिए । उसैबेला जरा नामको व्याधाले माछाको पेटबाट निकालिएको मुसलको शेष टुक्राबाट निर्मित तिर वाणमा राखी मृगको मुखझैँ आकार हुने भगवान्को चरणलाई मृग नै ठानेर हिर्कायो । नजिकै जाँदा चतुर्भुजी कृष्णलाई देखेर क्षमा माग्यो । कृष्ण - ए जरा ! तँ नडरा, उठ् यो त सबै मेरै इच्छा हो । तँ अब स्वर्ग जा ।

त्यसै अवसरमा दारूक रथ लिएर आयो । त्यस्तो अवस्था देखेर पनि प्रणाम गऱ्यो । उसैले ल्याएको रथ उसैले देख्दादेख्दै आकाशमा उडेर गयो । भगवान्ले भन्नुभयो - छक्क नपर, अब द्वारका गएर यदुवंशको नष्ट, बलरामले देह त्यागेको र मेरो दुर्दशा सबै बताऊ । तिमीहरू द्वारिकामा नबस्नु, आजका सात दिनमा त्यो डुब्नेछ । अर्जुनको साथ लागेर बाँकी सबै इन्द्रप्रस्थ जानु । यति कुरा सुनेर सारथी द्वारिकामा फर्किए ।

## ३१. भगवान्को स्वधाम प्रस्थान

हे राजन ! त्यसपछि ब्रह्मा, भवानीसहित शंकर, सबै लोकपालहरू, देवगण मुनिजन, अप्सरा सारा आएर स्तुति गर्दै पुष्पवर्षा गर्न लागे । सबैले आफ्ना विभूति देखे र कृष्णले आफ्नो आत्मालाई स्वरूपमा गरेर आँखा चिम्लिए । त्यो दारूक श्रीकृष्णको विरहले व्याकुल भएर द्वारका आयो । आँखाबाट आँसु खसाल्दै यदुवंश नष्ट भएको, बलरामले देह छाडेको, श्रीकृष्ण स्वधाम गएको वृत्तान्त वसुदेव र उग्रसेनलाई सुनाए । देवकी, रोहिणी र वसुदेवले प्रिय पुत्रलाई नदेखेर पीडाले बेहोस भए र त्यहीं प्राण छोडिदिए । सबै स्त्रीहरू आ-आफ्ना पतिको देहसहितको अग्निमा प्रवेश गरे । रूक्मिणी लगायतका सबै रानीहरू पनि अग्नि प्रवेश गरे । सबै यदुवंशका मृतकको विधि विधान काज अर्जुनले गराए ।


श्रीमद्भागवत
महापुराण
द्वादश स्कन्ध

# द्वादश स्कन्ध

## सारांश

जरासन्धको वंशका अन्तिम राजा पुरञ्जयको मन्त्रीले राजालाई नै मारेर आफ्नो छोरो विशाखयूप प्रद्योतलाई पृथ्वीको राजा बनाउनेछ । प्रद्योतका वंशमा पाँचजना राजाले १३८ वर्ष शासन गर्नेछन् । त्यसपछि शिशुनाग राजाले राज्य चलाउने छन् । उनका वंशका १० राजाले कलियुगमा ३६० वर्ष राज्य गर्नेछन् । अन्तिम राजा महानन्दका शूद्रा पत्नीतर्फको छोरो नन्द चक्रवर्ती राजा हुनेछ, जो महापद्मका नामले विख्यात हुनेछ; जसबाट धेरै क्षत्रिय राजाहरूको विनाश हुनेछ । उसैको पालादेखि नै राजाहरू प्रायः शूद्र हुनेछन् र धर्मविपरीत आचरण गर्नेछन् । नन्द र उसका ८ छोराले १०० वर्ष शासन गर्नेछन् । चाणक्य नाउँ गरेका ब्राह्मणले नन्द र उसका आठै छोराहरूलाई समूल नष्ट गर्नेछन् । त्यसपछि मौर्य वंशको उदय हुनेछ । त्यस वंशका पहिला राजा चन्द्रगुप्त हुनेछन् । त्यसपछि उसका छोरा वारिसार र नाति अशोकवर्धनले राज्य गर्नेछन् । मौर्य वंशका १० राजाले कलियुगमा १३७ वर्ष शासन गर्नेछन् । अन्तिम मौर्य राजा बृहद्रथलाई उनकै सेनापति पुष्यमित्र शुङ्गले मारेर स्वयं राजा हुनेछ । शुङ्ग वंशका १० राजाहरूले ११२ वर्ष शासन गर्नेछन् । त्यसपछि गुणहरू अलिक कम भएका कण्ववंशी राजाहरूको राज्य चल्नेछ । कण्वका वंशमा वसुदेव, भूमित्र, नारायण र सुशर्माले क्रमशः उत्तराधिकारमा प्राप्त शासन चलाउनेछन् । यी राजाहरूले ३४५ वर्ष शासन गर्नेछन् । सुशर्मापछि पृथ्वीमा शुद्रहरूको शासन चल्नेछ । ती शूद्रवंशीय राजाहरूले ४५६ वर्ष शासन गर्नेछन् । त्यसपछि अवभृति नगरीका ७ आभीर, १० गर्दभी र १६ कङ्क जातका राजाले शासन चलाउनेछन् । त्यसपछिका क्षत्रियवशी पुष्पमित्र र उसको छोरो दुर्मित्रको शासनपश्चात् बाहलीक वंशका ७ राजाहरूले आन्ध्रमा र ७ राजाहरूले कोशलमा राज्य गर्नेछन् ।

# द्वादश स्कन्ध

## १. कलियुगका भावी राजवंशको विस्तार

**तत्र तु प्रथमेभाविमागधान्वयभूमियान् ।**
**कलिप्रभावतः प्राह संकरादिमलीमसान् ॥१॥**

यदुवंशको गहना श्रीकृष्ण स्वधाम गएपछि राजा बृहद्रथको वंशमा पुरञ्जय अन्तिम नरेश हुने छ । उसको मन्त्री शुनकले आफ्नो स्वामी मारेर आफ्नो छोरा प्रद्योतलाई राजा बनाउने छ ।प्रद्योतको छोरो पालक - विशाखयुप - राजक नन्दिवर्धन यिनले १३८ वर्ष राज्य गर्छन् । अनि शिशुनाग राजा हुनेछ - काकवर्ण-क्षेत्रधर्मा, क्षेत्रज्ञ-विधिसार अज्ञात शत्रु-दर्भक-अजय नन्दिवर्धन, महानन्दि यिनले कलिमा ३६० वर्ष राज्य गर्ने छन् ।

त्यसपछि महानन्दिकी पत्नी शुद्रको गर्भबाट उत्पन्न महापदम संरक्षक धनको अधिपति महानन्दिको छोरो महाबली नन्द क्षेत्रीयहरूको नाशक हुने छ । त्यसपछि सबै राजा प्राय शुद्र अधार्मिक रहने छन् । त्यस्ता राजाको अधिकारमा बस्ने देशवासी पनि त्यस्तै हुनेछन् । एउटा अर्कोसँग र राजा-राजासँग पीडित भएर मासिने छन् ।

## २. कलि धर्म

शुकदेव भन्नुहुन्छ - हे राजन ! कलिमा कालको प्रभावले दिन दिनै धर्म, सत्य, शौच, क्षमा, दया, आयु, बल नाश हुन जाला यस कलिमा धन नै मनुष्यको कुलिनता र आचार गुणको कारण बन्नेछ । बल नै धर्म र न्याय होला दाम्पत्य जीवनमा अरूचि, व्यवहारमा कपट स्त्री वा पुरुषको श्रेष्ठता रति चातुऱ्याइँमा होला । ब्राह्मणत्व केवल जनाई होला, घुस दिन नसक्नेले न्याय नपाउला । कपाल सम्याउनु नै सौन्दर्य होला, पेट पाल्नु नै स्वार्थ होला र धृष्टता नै सभ्यताको चिह्न होला । आफ्ना कुटुम्बको पालन नै बढ्याई होला । यशःको निम्ति नै धर्मको सेवा गरिने छ । चारै वर्णमा जो बलियो, उही राजा होला, राजाले धन, स्त्रीहरण गर्नाले प्रजाजन पर्वत या वनमा जाने छन् ।

हे राजन ! कलिमा भोक, प्यास, रोग, चिन्ता, दुःख परिरहनाले मनुष्यको आयु २० वर्षको होला कलिको दोषले शरीर पुड्को होला, वर्णाश्रम धर्मको वेद लुप्त हुने छ । सबै गृहस्थ झैँ आचारण गर्लान्, मेघमा बिजुली नै बढ्ता होला । यसरी अधर्म बढेर अन्तिम समय आउने छ । अनि भगवान् धर्मको रक्षा र साधुजनको रक्षाका लागि अणीमादी ऐश्वर्यले युक्त कल्की भगवान् देवदत्त नामको घोडामा चढेर तीक्ष्ण तरबारले दुष्टहरूको नाश गर्न विष्णुयश ब्राह्मणका घरमा अवतार लिने छन् । जब सूर्यचन्द्र, नक्षत्र र वृहस्पति यी चारैवटा एउटै राशीमा रहन्छन् । तब हरि भगवान् कल्की अवतार लिने छन् । अनि सत्य युगको आरम्भ स्वतः हुने छ एवम् रितले सत्य, त्रेता, द्वापर कलि बारम्बार चलिरहने छ ।

## ३. कलि कालमा हरि नामक कीर्तनको महत्त्व

शुकदेव - हे राजन ! आफूलाई जित्न व्यग्र राजाहरूलाई देखेर पृथ्वी हाँस्दै भन्छिन् - ओहो ! मृत्युका खेलौनारूपी राजाहरू, जो पानीका फोका जस्ता छन् । तैपनि मलाई जित्न उद्वत छन् । मनु र मनुपुत्र पनि जसरी आएका

थिए उसैगरी रित्तो हात फर्किए । ती राज्य आशक्ति राजाहरू म पृथ्वीकै निम्ति पिता, पुत्र र दाजुभाइसँग लडाईं गर्न तत्पर हुन्छन् । यी मेरी नै हुन् तेरी हैनन् भनेर एक आपसमा लडी मारिन्छन् ।

चारै युगमा धर्म - सत्य युगमा धर्म चार (चरण) पाउले युक्त हुन्छ । सत्य, दया, तप, दान यिनै धर्मका चार चरण हुन् । त्यतिबेला सबै पुरुष सन्तोषी, सुहृद, शान्त, जितेन्द्रिय, सहनशील, आत्मराम, समदर्शी र प्राय आत्म संयममा लागिरहने हुन्छन् ।

त्रेतामा युगमा असत्य, हिंसा, असन्तोष र विग्रहले धर्मको चरणको एक अंश क्षीण पारिदियो । ब्राह्मणहरू कर्मकाण्ड मै तत्पर रहने छन् ।

द्वापरमा हिंसा, असन्तोष, असत्य तथा द्वेष अधर्मका यी चार चरणले तप, सत्य, दया र दानको आधा आधा भाग क्षीण गरी दुई पाऊ मात्र बाँकी बसे । त्यसबेलाका क्षत्री र ब्राह्मण अध्ययनमा तत्पर भई खुशी नै रहन्छन् ।

कलिमा बढ्दो अधर्मले गर्दा धर्मको चरणको एक अंश मात्र शेष रहन्छ । त्यो पनि क्षीण भएर अन्त्यमा नष्ट भएर जान्छ । यस युगमा शुद्र र दास प्रधान, बढ्ता लोभी, दुराचारी, निर्दयी, व्यर्थ शत्रुता गर्ने, अभागी, बढता कामनायुक्त हुन्छन् ।

शुकदेव - हे राजा परीक्षित ! अब मरणकालमा तिमी सावधान भएर केशव भगवान्लाई आफ्नो हृदयमा बसाल । यसैले तिमीलाई परमगती प्राप्त हुनेछ । मुमुक्षु व्यक्तिको कर्तव्य यहि ध्यान हो । दोषहरूको भण्डारलाई पनि पखाल्ने कलिमा यही एउटा संजिवनीको बुटि हो श्रीकृष्णको कीर्तन ।

सत्यमा विष्णुको ध्यानले, त्रेतामा यज्ञादिद्वारा र द्वापरमा विष्णुको पूजा गर्नाले त्यो कलिमा हरि कीर्तनले नै प्राप्त हुन्छ ।

# ४. चार प्रकारको प्रलय

१) नित्य प्रलय २) नैमित्तिक प्रलय ३) प्राकृतिक प्रलय ४) आत्यान्तिक प्रलय

१) जब ब्रह्मादेखि लिएर जन्तुसम्म जति प्राणी वा पदार्थ छन् हर समय पैदा हुँदै मर्दै गर्दछन् । अथवा नित्य रूपले उत्पत्ति र प्रलय हुँदै रहन्छ यो भयो नित्य प्रलय ।

२) एक हजार चतुर्युगको ब्रह्माको एकदिन हुन्छ । ब्रह्माको यो दिनलाई नै कल्प भनिन्छ । एक कल्पमा चौध मनु हुन्छन् । कल्पको जति सय हो त्यति समय प्रलयमा पनि रहन्छ । यसैलाई ब्रह्माको रात पनि भनिन्छ । त्यस समयमा तीनै लोक लीन हुन जान्छन् । यही हो नैमित्तिक प्रलय ।

३) जब नैमित्तिक प्रलय अवस्थामा ब्रह्माले सारा विश्वलाई आफूमा लिएर नारायणमा र नारायण पनि शेषशायी शैयामा शयन गर्नुहुन्छ । यसरी रातपछि दिन र दिनपछि रात बित्ने हुँदा महतत्त्व, अहंकार र पञ्चतन्मात्रा यी सातै प्रकृतिहरू आफ्नो कारण मुल प्रकृतिमा मिल्न जान्छ । यसैको नाम प्राकृतिक प्रलय हो ।

४) हे राजा परीक्षित ! आत्यान्तिक प्रलय भनेको मोक्षको स्वरूप हो । जीवको निम्ति विवेक एउटा यस्तो खड्ग हो जसबाट अहंकारको प्रकृतिको बन्धन छिन्छ । तब जीव आत्माको साथ लाग्छ । आत्माको यो मायायुक्त वास्तविक स्थिति नै आत्यान्तिक प्रलय भनिन्छ । अब त्यो सदा सर्वदाको लागि संसारको अभाव सम्पन्न हुन्छ ।

# ५. परमार्थको निराकरण

हे परीक्षित ! अब तिमी म मर्छु भन्ने पशुभाव त्यागी देऊ तिमी शरीर हैनौ । पहिला शरीर नहुँदा पनि तिमी थियौ । शरीर जस्तै तिम्रो उत्पत्ति भएको हैन र शरीरसँगै तिम्रो नाश पनि हुँदैन । जसरी दाउरादेखि आगो अलग छ त्यस्तै शरीरदेखि तिमी अलग छौ ।

प्रिय परीक्षित ! तिमी आफ्नो विशुद्ध र विवेकशिल बुद्धिलाई परमात्माको चिन्तनमा लगाई आफूभित्र रहेको परमात्मालाई साक्षात्कार गर । तिमी मृत्युको पनि मृत्यु स्वयं ईश्वर हौ । त्यतिबेला तिमीले आफ्नो आत्म स्वरूप स्थित भएर यो शरीरलाई सारा विश्वलाई आफूभन्दा पृथक देख्ने छैनौ ।

# ६. राजा परीक्षितको देहत्याग

शुकदेव स्वामीले श्रीमद्भागवत रूपी अमृत पान गराउँदै आत्मा उद्धारको बाटो अवलम्बन गराईसकेपछि राजा परीक्षित भन्छन् - हजुरले करूणामय चित्तले मलाई आदि अन्त्य रहित श्रीहरिको चरित्र सुनाउनुभयो । अतः म कृत्यकृत्य भएँ, मलाई निर्मल पारिदिनुभयो । यसले म ब्रह्म निर्माणमा प्रविष्ट भईसकें । तसर्थः अब म तक्षकादि मृत्युसँग पनि डराउन्न । हजुरले मेरो स्थिति ज्ञान विज्ञानमा लगाएर अज्ञान नष्ट पारिदिनुभयो । भगवान्को मंगलमय स्वरूप देखाईदिनुभयो । हे ब्राह्मण अब मलाई आज्ञा दिनुहोस् । वाणीको संयम गरेर काम वासना रहित भई आफ्नो चित्त विष्णु भगवान्लाई लगाएर प्राण त्यागी दिन्छु । सुतजी भन्दछन् - राजा परीक्षितको कुरा सुनेर उनलाई आज्ञा दिई राजाद्वारा पुजित भई शुकदेवजी अन्य भिक्षुकका साथै त्यहाँबाट हिंडे ।

त्यसपछि सबै शंका रहित आशक्तिहीन राजर्षि परीक्षित पनि गंगाको तटमा कुशासन माथि उत्तर फर्केर बसे र आफ्नो चित्तलाई आत्मामा समाहित पारी परमात्माको ध्यानमा मग्न भए । त्यसपछि श्रमिकका छोरा श्रृङ्गि ऋषिले पठाएको तक्षक नाग, राजालाई टोक्न हिंड्यो । बाटामा विषहरण गर्ने कश्यपलाई तक्षकले धेरै धन दिएर फर्काइएदिए र स्वयं ब्राह्मणको भेषले राजाकहाँ पुगि मौका पाएर राजालाई डसी खरानी पारिदिए ।

## ७. अर्थववेदका शाखाहरू र पुराणका लक्षण

अर्थववेदका ज्ञाता सुमन्तु हुन् । यिनका कबन्ध नामका शिष्य थिए । सौक्लायनी, ब्रह्मावली, मोदोष, पिप्ललायनी यी ४ वेद शशंकका शिष्य थिए । अब पुराणका लक्षणमा - सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश वंशका चरित्र, संस्था, प्रलय हेतु, ऊति र आश्रय ।

## ८. मार्कण्डेयको तपस्या र वर प्राप्ति

जब मार्कण्डेय आफ्ना पिताबाट यज्ञोपवित संस्कार पाए । तब ब्रह्मचर्य व्रत पालन गरेर लाखौं वर्षसम्म श्री ऋषिकेशको आरधना गर्दै धेरैजसो उपवासै बसिदिन्थे । यसरी तपले आफ्नो मृत्युलाई नै पछारी दिएको देखेर ब्रह्मा, भृगु, महादेव लगायत सबैले आश्चर्य माने । सातौँ मन्वन्तर भएपछि इन्द्रले थाहा पाए र संकीर्ण भई गन्धर्व, अप्सरा, कामदेव, लोभ, मदलाई तपस्या भंग गराउन पठाए । हिमालयको उत्तर जहाँ पुष्पभद्रा नदी छन् । त्यहाँ पुगेर आ-आफ्ना बाजा र नृत्य देखाई कटाक्षले हेर्न थाले तर ती महामुनिलाई प्रभावित पार्न सकेनन् निरास भएर फर्के । भक्ति अटल देखेर नारनारायणले मार्कण्डेलाई प्रत्यक्ष दर्शन दिनुभयो । वर मागभन्दा हजुरको दर्शन नै मलाई प्रयाप्त भयो । तर हजुरको माया हेर्ने इच्छा छ भने ।

## ९. मार्कण्डेयले भगवान्को माया देख्नु

नरनारायण मार्कण्डेयको वरलाई तथास्तु भन्दै बद्रिकाश्रम लाग्नुभयो । तब भृगु श्रेष्ठ मार्कण्डेय एकदिन साँझमा त्यही पुष्पभद्रा नदीमा उपासना गर्न बसे । त्यसैबेला ठूलो आँधिका साथ मेघ र बिजुली चम्कन लाग्यो । मुसल्धारे वर्षाले चारै समुद्रले पृथ्वीलाई ढाकेको देखे । यसरी हेर्दा हेर्दै तिनै लोक र दशै दिशा डुब्यो । भोक प्यासले र प्रलयकालीन आपत्तिले व्याकुल भई घोर अन्धकारमा पछारिए । तिनलाई पानीका छालले कहिले तल र कहिले माथि हुँदै डर त्रासमा

परी कहिले मृत्युका मुखमा कहिले जल जन्तुको मुखमा पर्दथे । कहिले भोक र कहिले रोगले ग्रसित हुँदै लाखौंलाख वर्षको समय बिताए । एकदिन ती वीप्रले त्यही समुद्रमा पृथ्वीकै एउटा थुम्कोबाट वृक्षको पातमा एउटा पाउको बुढी औंलो हातले समातेर चुसिरहेको देखे । ती बालक देख्नासाथ सारा कष्ट नाश भए ती नै बालकको श्वासले लामखुट्टे झैँ भित्र पसे । त्यहाँ उनले सारा संसार देखे । बालकले श्वास छोड्ना साथ फेरी बाहिर निस्किए । तब फेरी उस्तै जलमग्न देखे । उही पृथ्वीको थुम्कामा वटवृक्षको पातमा बसेको बालकलाई आलिङ्ग गर्न खोज्दा बालक त्यहाँबाट अन्तर्ध्यान भए । त्यो वटवृक्ष र लोकलाई डुबाउने जल पनि विलीन भएर गयो । मार्कण्डेय फेरी आफ्नो पहिलाको आश्रममा गएर बसे ।

## १०. मार्कण्डेयलाई शंकरको वरदान

आफ्नै आश्रममा आएर नारायणकै ध्यानमा निमग्न ऋषि मार्कण्डेयलाई पार्वती सहित कैलाशवासी शिवले देखे । ती मुनिको भक्ति देखेर पार्वतीले भन्नुभयो - हजुर सिद्धि दाता हुनुहुन्छ, यी ब्राह्मणको तपस्याको फल सिद्ध पारिदिनुहोस् । शिव - यी मुनि त नारायणका चिन्तक हुन् । कुनै वरको पनि अर्थात् मुक्तिको पनि अभिलाषा राख्दैनन् भन्दै छेउमै गए । तर मार्कण्डेयलाई केही अत्तोपत्तो भएन । तसर्थः शंकरजी योगमायाद्वारा हावा रूपी भई ऋषिका हृदयमा प्रविष्ट भए । तब वर माग भने । मार्कण्डेय - अरू मलाई केही वर माग्ने इच्छा छैन । केवल म यही एउटा वर माग्छु - भगवान्मा, उनका भक्तमा र हजुरमा मेरो अविचल भक्ति सदा सर्वदा बनिरहोस् । शिव - तिम्रो भक्ति भगवान्मा छ । तसर्थः सबै कामना पूर्ण हुन्छन् र कल्पान्त सम्मको स्थिर यशः पुण्य, अमरता प्राप्त हुनेछ । तिमी ब्रह्म तेजले सम्पन्न हुनेछौँ । तिमी भूत, भविष्य तथा वर्तमान तीनै कालका वैराग्ययुक्त विज्ञान तथा पुराणको आचार्यत्व पनि प्राप्त हुनेछ । यति भनेर शिवजी पार्वतीलाई आफ्नो अनुभव सुनाउँदै त्यहाँबाट हिँडे । यो भगवान्को मायावी लीला देखाएको हो । कुनै साँच्चै प्रलय भएको हैन ।

# ११. भगवान्का अङ्ग-उपाङ्ग, आयुध र सूर्यका गण

शौनक - हे सुतजी ! अब हामीलाई भगवान्को आराधना गर्दा जुन चरणादि अङ्ग, गरूडादी उपाङ्ग, सुदर्शनादि आयुध र कौस्तुभादि आभूषणको कल्पना गर्दछन् त्यो सुनाउनुहोस् ।

सुतजी - भगवान्को जुन विराट स्वरूप हो । त्यो प्रकृति, सुत्रात्मा, महतत्त्व र अहंकार पञ्चतन्मात्रा यी नौ तत्त्व सहित एघार इन्द्रिय र पञ्चभूत यिनै १६ विकारबाट बनेको छ ।

क) **अङ्ग** - पृथ्वी यिनका चरण, स्वर्ग मस्तक, अन्तरिक्ष नाभी, सूर्य नेत्र, वायु नाक, दिशाहरू कान, प्रजापति लिङ्ग, गुदा कृत्य, लोकपाल भूजा, चन्द्रमा मन, यमराज आँखिभौँ, लज्जा माथिल्लो ओठ, लोभ तल्लो ओठ, भ्रम मुस्कान, वक्ष रोम, बादल रौं (कपाल) जुन पुरूष आफ्नो परिणामाले ७ कुरेतको छ ।

ख) **उपाङ्ग** - भगवान्ले जीव चैतन्य रूप अहम ज्योतिलाई कौस्तुभ मणिको वाहनाले आफ्नो वक्षस्थलमा धारण गर्नुहुन्छ । भगवान्को सर्वव्यापी प्रभा त्यहाँ श्री वत्सरूपले हृदयमा विराजमान छ । भगवान्ले त्रिगुण रूपी मायालाई वनमालाको रूपमा र वेदहरूलाई पिताम्बरको रूपमा अनि अ-उ-म यी तीनै मात्राको प्रणव ॐ लाई यज्ञोपवितमा धारण गर्नु भएको छ । सत्व गुण नै कमल हो ।

ग) **आयुध** - मन इन्द्रिय, प्राणतत्त्व नै कौमदकी गदा हो । भगवान्को जल रूपी पाञ्चजन्य शङ्ख र तेजस्वरूप सुर्दशन चक्र हुन् । आकाश स्वरूप निर्मल खडग, तमोमय अज्ञान रूप ढाल हुन् । काल रूप शार्ङ्ग धनु र वैकुण्ठ छत्रको रूपमा धारण गर्नुभएको छ । तीनै वेदको नाम गरूड हो ।

**सूर्यका गण** - भगवान् स्वयं सूर्य हुनुहुन्छ, जीव व्यवहार ठिकठिकैसँग चलाउन बाह्र महिनामा सातै गणको साथमा चक्कर लगाउनुहुन्छ ।

**चैत्रमा** - धाता नामका सूर्य, कृतस्थली अप्सरा, हेति राक्षस, बासुकि सर्प, रथकृत यक्ष, पुलस्त्य ऋषि र तुम्बुरू गन्धर्व ।

**वैशाखमा** - अर्यमा नामका सूर्य, पुलह ऋषि, अथौजा यक्ष, प्रहेति राक्षस, पुञ्जिकस्थली अप्सरा, नारद गन्धर्व र कच्छनिर सर्प ।

**जेष्ठमा** - मित्र नामका सूर्य, अत्रि ऋषि, पोरूषेय राक्षस, तक्षक सर्प, मेनका अप्सरा, हाहा गन्धर्व र रथस्वन यक्ष ।

**आषाढ** - वरूण नामका सूर्य, वशिष्ठ ऋषि, रम्भा अप्सरा, सहजन्य यक्ष, हुहु गन्धर्व, शुक्र नाग, चित्रस्वन राक्षस ।

**श्रावणमा** - इन्द्र नामका सूर्य, विश्ववसु गन्धर्व, श्रोता यक्ष, एलापत्र नाग, अङ्गिरा ऋषि, प्रम्लोचा अप्सरा, वर्ष राक्षस ।

**भाद्रमा** - विश्वासन नामका सूर्य, उग्रसेन गन्धर्व, व्याघ्र राक्षस, आसारण यक्ष, भृगुऋषि, अनुम्लोचा अप्सरा शङ्खपाल नाग ।

**आश्विनमा**- त्वष्टा नामका सूर्य, जमदग्नि ऋषि, कम्बल नाग, तिलोत्तमा अप्सरा, ब्रह्मवेत राक्षस, शतजित यक्ष र धृतराष्ट्र गन्धर्व ।

**कार्तिक** - विष्णु नामका सूर्य, अश्वतर नाग, रम्भा अप्सरा, सूर्यचर्चा गन्धर्व, सत्यजित यक्ष, विश्वामित्र ऋषि र मखावेत राक्षस यिनले कार्तिक महिना व्यतित गर्छन् ।

**मंसिरमा** - अंशु नामका सूर्य, कश्यप ऋषि, ताक्ष्र्य यक्ष, ऋतसेन गन्धर्व, उर्वशी अप्सरा, विद्युच्छद्य राक्षस, महाशङ्ख नाग ।

**पौषमा** - भग नामका सूर्य, स्फुर्ज राक्षस, अरिष्ट नेभि गन्धर्व, उष्ण यक्ष, आयु ऋषि, कर्कोटक नाग, पूर्वचित्ति अप्सरा ।

**माघमा** - पूषा नामका सूर्य, धनञ्जय नाग, वात राक्षस, सुषेण गन्धर्व, सुरूचि यक्ष, घृताची अप्सरा र गौतम ऋषि ।

**फाल्गुणमा** - पर्जन्य सूर्य, ऋतु यक्ष, वर्चा राक्षस, भरद्वाज ऋषि, सेनजित अप्सरा, विश्व गन्धर्व, ऐरावत नाग ।

# १२. श्रीमद्भागवतको संक्षिप्त विवरण

यस श्रीमद्भागवत महापुराणमा सबै पाप निवारण गर्ने भक्त प्रतिपालक साक्षात् भगवान् नारायणको संकीर्तन गरिएको छ ।

प्रथमस्कन्धमा - संसारको उत्पत्ति, प्रलयको स्थान, निगुर्ण परब्रह्म, उनको तत्त्वज्ञानको निरूपण, परीक्षितको कथा, नारद र व्यासको कथन साथै राज ऋषि परीक्षितको र ब्रह्मर्षी श्रेष्ठ शुकदेवजीको संवाद वर्णित छ ।

द्वितीयस्कन्धमा - योग धारणाद्वारा चौध लोकको प्राप्ति, नारद र ब्रह्माको संवाद, अवतारका चरित्र, महदादिको क्रम अनुसार सृष्टिको वर्णन ।

तृतीयस्कन्धमा - विदुर उद्धव संवाद फेरी विदुर र मैत्रेयको संवाद, प्रलयकालमा परमात्माको स्थिति, महत्त्वादि सात विकृति रतिबाट उत्पन्न सृष्टि र विराट पुरुष व्याप्त । स्थूल र सुक्ष्म कालको रूप पद्मको उत्पत्ति, प्रलय, समुद्रबाट पृथ्वीको उद्धार, हिरण्याक्षको वध, देवता, पशुपक्षी र मानिसको सृष्टि, रूद्रको उत्पत्ति, स्वयंभूव मनु र सतरूपाको जन्म, कर्दम प्रजापतिको चरित्र, उनिबाट ९ कन्या, जो मुनि पत्नीको जन्म, कपिल अवतार र माता देवहुतीको सम्वाद ।

चतुर्थस्कन्धमा - दक्षको यज्ञ विध्वंस, ध्रुव चरित्र, पृथु र प्राचिनवर्हीको कथा र नारद सम्वाद ।

पञ्चमस्कन्धमा - राजा प्रियव्रतको उपाख्यान नाभि, ऋषभ र भरतको चरित्र, द्वीप, वर्ष, समुद्र, पर्वत, नदीको वर्णन, ज्योतिचक्रको विस्तार, पाताल तथा नरकको स्थिति ।

षष्ठमस्कन्धमा - प्रचेताहरूद्वारा दक्षको जन्म, तिनका छोरा, सन्तती र तीबाट देवता, असुर, मनुष्य, तिर्यक र पंक्षी, वृत्तासुरको जन्म र निधनको वृत्तान्त वर्णित छ ।

सप्तमस्कन्धमा - दिति पुत्र हिरण्यकश्यपु तथा महात्मा प्रह्लादको चरित्र ।

अष्टमस्कन्धमा - चौध मन्वन्तरको कथा, गजेन्द्रको मुक्ति, जगतपति विष्णुको कूर्म, मत्स्य, नृसिंह, वामन, हयग्रीव आदि अवतार, अमृत पानका लागि देवता र दानवद्वारा समुद्र मन्थन, देवासुर संग्राम वर्णित छ ।

नवमस्कन्धमा - राज वंशको वर्णन, ईक्ष्वाकुको जन्म, सुद्युम्नको चरित्र र इला तथा ताराको चरित्र, यसैमा सूर्य वंशको वृत्तान्त, नृग राजाहरूको वर्णन । सुकन्याको चरित्र, शर्याति, कुकुत्स्य, खट्वाङ्ग, मान्धाता, सौभरी, सगर भगवान् रामको चरित्र वर्णित छ । त्यसपछि निमीको देहत्याग, जनकको उत्पत्ति परशुरामले क्षत्रिय विहीन पार्नु ।

चन्द्र वंशमा उत्पन्न पुरुरवा, ययाति, भरत, शन्तनु उनका छोरा भीष्मको वृत्तान्त यसैमा ययाति पुत्र यदुको वंशको वृत्तान्त, वर्णित कृष्ण वसुदेवका घरमा जन्म लिई गोकुलमा बसेका थिए ।

दशमस्कन्धमा - कृष्णका अपार कर्म वर्णित, पूतना, शैसवकालमै गाडा पल्टाउनु, तृणावर्त मार्नु, बकासुर, वत्सासुर, धेनुकासुर, प्रलम्बासुर मार्नु । चारैतर्फबाट आएका दावानलबाट गोपको रक्षा गर्नु, कालीय नागको दमन, नन्दलाई अजिंगरको मुखबाट बचाउनु, गोपिनीको कात्यायनी व्रत तीनको यम नियम देखेर अच्यूत खुशी हुनु, यज्ञ पत्नीहरूमा कृपा हुनु, गोवर्द्धको पूजा, श्रीकृष्णको अभिषेक, गोपाङ्गनाहरूसँग रास क्रीडाको वर्णन, फेरी अरिष्टासुर केशीको वध, अक्रूरको ब्रजमा आगमन, कृष्ण बलराम मथुरा प्रस्थान, ब्रजका गोपिनीको विलाप, भगवान्ले मथुरा अवलोकन, कुवलयापीड हात्ती, मुष्टिक र चाणुर तथा कंशको संहार र गुरु सान्दिपनिका मृत पुत्रलाई यमलोकबाट फिर्ता, अनि जरासन्धका सेनाको अनेक पटक संहार, कालयवन, मार्नु, द्वारिका निर्माण, स्वर्गबाट कल्पवृक्ष र सुधर्मा सभा ल्याउनु, रूक्मिणी विवाह, उषाको हरणमा संग्राम, महादेवले हाई गर्न लाग्नु र वाणसुरका भूजाहरू छिमली दिनु, प्रागज्योतिष द्विविध पिठ, पञ्चजन्य असुरको संहार, काशीलाई पोल्नु, पाण्डवलाई निमित्त बनाएर पृथ्वीको भार टार्नु ।

एकादशस्कन्धमा - विप्र श्राप पारेर आफ्नै कुलको संहार, कृष्ण र उद्धवको अद्भूत संवाद छ । यसमा आत्म विद्या र धर्मका विषयको निरूपण गरिएको छ । योगबलले भगवान्ले मर्त्यमण्डल त्याग ।

द्वादशस्कन्धमा - युगका लक्षण, कलिमा मानिसको विपरीत गति, ४ थरीको प्रलय, प्राकृतिक नैमित्तिक तथा नित्य यो तीन थरीको उत्पत्ति हुन्छ । परीक्षितको देहत्याग, व्यासजीद्वारा गरिएको वैदिक शाखाको विस्तार, मार्कण्डेयको प्रलय दर्शन, परमात्माका साङ्गोपाङ्गोको कल्पना तथा जगदात्मा सूर्य नारायणको वर्णन । भगवान्का सबै लीलावतारमा गरिएका कर्म नै कीर्तन गरिएको हो । कुनैपनि मनुष्य लड्दा, ठक्कर खाँदा, कष्टले पीडित हुँदा अथवा हाई गर्दा पनि विवश भावले उच्च स्वरमा हरये नमः भन्दछ भने त्यो सबै पापबाट मुक्त हुन्छ ।

## १३. पुराणहरूको श्लोक संख्या, भागवतको महिमा

सुतजी - हे ऋषिश्वर हो । अब म पुराणको संख्या र तिनको प्रयोजन, दान पाठ गर्ने विधि र महात्म्य भन्दछु :

१) ब्रह्म पुराणमा दश हजार श्लोक छन् ।

२) वामन पुराणमा दश हजार श्लोक छन् ।

३) लिङ्ग पुराणमा एघार हजार श्लोक छन् ।

४) ब्रह्माण्ड पुराणमा बाह्र हजार श्लोक छन् ।

५) भविष्य पुराणमा चौध हजार पाँच सय श्लोक छन् ।

६) अग्नि पुराणमा पन्ध्र हजार चार सय श्लोक छन् ।

७) कूर्म पुराणमा सत्र हजार श्लोक छन् ।

८) मत्स्य पुराणमा चौध हजार श्लोक छन् ।

९) श्रीमद्भागवत पुराणमा अठार हजार श्लोक छन् ।

१०) ब्रह्मवैवर्त पुराणमा अठार हजार श्लोक छन् ।

११) गरूड पुराणमा उन्नाईस हजार श्लोक छन् ।

१२) पद्म पुराणमा पचपन्न हजार श्लोक छन् ।

१३) नारद पुराणमा पच्चिस हजार श्लोक छन् ।

१४) वराह पुराणमा चौबीस हजार श्लोक छन् ।

१५) विष्णु पुराणमा तेईस हजार श्लोक छन् ।

१६) शिव पुराणमा चौबीस हजार श्लोक छन् ।

१७) स्कन्द पुराणमा एकासी हजार एकसय श्लोक छन् ।

१८) मार्कण्डेय पुराणमा नौ हजार श्लोक छन् ।

सबै देवताहरूका सार जुन ब्रह्म अर्थात् आत्माको एकरूपता अद्वितीय वस्तु परब्रह्म हो, त्यही यो श्रीमद्भागवतको विषय हो । त्यही आत्मा वा परब्रह्मको सहायताले प्राप्त हुने कैवल्य मोक्ष लाभ नै यस भागवतको हेतु वा उद्देश्य हो ।

कुनै पनि पुरूष भाद्रपदको पूर्णिमा तिथिमा श्रीमद्भागवतको पुस्तक सुनको सिंहासनमा राखेर रेशमी कपडाले ढाकी गाईको पुच्छर समात्दै यो ब्राह्मणलाई दान दिन्छ भने त्यसले परम गति प्राप्त गर्दछ ।

जबसम्म अमृतको सागर स्वरूप श्रीमद्भागवतको श्रवण गरिन्छ, तब अरू पुराणको शोभा विलीन भएर जान्छ । यो भागवत सबै वेदान्त अथवा उपनिषद्हरूको सार मानिन्छ । जो पुरूषको यस भागवतको रसामृतले आवृत्त हुन्छ, त्यस प्राणीको कहीं अन्यत्र कदापि प्रीती हुन सक्दैन ।

जस्तै नदीमा गङ्गा, देवतामा विष्णु तथा वैष्णवमा शंकर भगवान् सर्वश्रेष्ठ छन् । त्यस्तै पुराणहरूमा भागवत पुराण सर्वश्रेष्ठ छ । सबै क्षेत्रहरूमा काशी अति उत्तम छ, त्यस्तै पुराणमा भागवतको पद उच्च मानिएको छ । यो श्रीमद्भागवत पुराण अत्यन्त निर्मल छ । त्यसैले यो वैष्णवहरूलाई साह्रै प्रिय छ । यो भागवत पैला श्रीहरिले ब्रह्मालाई सुनाउनुभयो, ब्रह्माले नारदलाई, नारदले

व्यासलाई व्यासले शुकदेवलाई र शुकदेवले सुतजीलाई र सुतजीले पनि शौनाकादि ऋषिश्वरहरूलाई सुनाए । त्यही श्रीमद्भागवत परमात्माका कृपाले हामी सुन्दैछौँ । यसमा जम्मा अठार हजार श्लोक छन् ।

**नामसंकीर्तनं यस्य सर्वपापप्रनाशनम् ।**
**प्रणामो दुःखसमनस्तं नमामि हरिंपरम् ।।**

नोट : दुष्यन्तका छोरा भरतले विथातामा परेकालाई पालेर वितथ्य नाम राखेका थिए । यही वितथ्य वंशमा नीप भए । यिनै निपले शुकदेवकी पुत्री कृत्वीबाट ब्रह्मदत्त उत्पन्न गरे । शुकदेव त जन्मैदेखि असंग थिए । ता पनि वन जाने बेलामा पिता व्यासलाई विरहाकुल भावले आफू पछि पछि आएका देखेर एउटा छाया शुक रचेर छाडि दिएका थिए । तिनै छाया शुकले नै सबै गृहस्थी गरेका र आफ्नी छोरी कृत्वीलाई उत्पन्न गरेका थिए ।

# समाप्त

# पुष्पाञ्जलिः

नमः कमलनाभाय नमस्ते जलशायिने ।
नमस्ते केशवानन्त वासुदेव नमोऽस्तु ते ॥

वासनाद्वासुदेवस्य वासितं भुवनत्रयम् ।
सर्वभूतनिवासोऽसि वासुदेव नमोऽस्तु ते ॥

नमो नमस्ते स्फटिकप्रभाय सुश्वेतहाराय सुमङ्गलाय ।
सुपाशहस्ताय झषासनाय जलाधिनाथाय नमो नमस्ते ॥

गजाननं भूतगणाधिसेवितं कपित्थजम्बूफलचारूभक्षणम् ।
उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ॥

वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
निर्विघ्नं कुरू मे देव सर्वकार्येषुसर्वदा ॥

कर्पूरगौरं करूणावतारं संसारसारं भुजगेन्द्रहारम् ।
सदा वसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ॥

त्वमेव माता च पिता त्वमेव,
त्वमेव बन्धुश्च सखा त्वमेव
त्वमेव विद्या द्रविणं त्वमेव,
त्वमेव सर्वम् मम देवदेव !

शान्ताकारं भुजगयशयनं पद्मनाभं सुरेशम्,
विश्वाधारं गगनसदृशं मेघवर्ण शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यम्,
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥

तदेव लग्नं सुदिनं तदेव ताराबलं चन्द्रबलं तदेव ।
विद्याबलं दैवबलं तदेव लक्ष्मीपते तेऽङ्घ्रियुगं स्मरामि ॥

नमोऽस्ते तु सहामाये श्रीपीठे सुरपूजिते ।
शत्त्चक्रगदाहस्ते महालक्ष्मी नमोऽस्तु ते ॥
नमस्ते गरूडास्ढा कोलासुरभयङ्करी ।
सर्वपापहरे देवि महालक्ष्मी नमोऽस्तु ते ॥

आदिदेव नमस्तुभ्यं प्रसीद मम भास्कर ।
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तु ते ॥

ॐ जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥

ॐ गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धुकावेरि जलेऽस्मिन् सन्निधिं कुरू ॥
सर्वमङ्गलमङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥

बहुरूपिणि ! गायत्र्यादित्ये ! सन्ध्ये ! सरस्वति !।
अजरे ! अमरे ! देवि ! ब्रह्मयोने ! नमोऽस्तु ते ॥

सरस्वती मया दृष्टा वीणापुस्तकधारिणी ।
हंसवाहनसंयुक्ता विद्यादानं करोतु मे ॥

नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ॥

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥

रामो राजमणिः सदा विजयते राम रमेश भजे
रामेणाभिहता निशाचरचमू रामाय तस्मै नमः ।

आदौ रामतपोवनादिगमनं हत्वा मृगं काञ्चनम्
वैदेहीहरणं जटायुमरणं सुग्रीवसम्भाषणम् ।
बालीनिग्रहणं समुद्रतरणं लङ्कापुरीदाहनम्
पश्चाद्रावणकुम्भकर्णहननमेतद्धि रामायणम् ॥

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम्
यत्कृपा तमहं वन्दे परमानन्द माधवम् ।

कृष्णाय वासुदेवाय हरये परमात्मने
प्रणत् क्लेशनासाय गोविन्दाय नमो नमः ।।

सच्चिदानन्द रूपायविश्वपत्यादि हेतवे ।
तापत्रयविनाशाय श्रीकृष्णाय वयम् नुमः ।।

श्रीकृष्ण गोविन्द हरे मुरारे । हे नाथ । नारायण वासुदेव ।

अश्वत्थामा बलिर्व्यासो हनुमांश्च विभीषणः ।
कृपः परशुरामश्च मार्कण्डेयाय ते नमः ।।

ॐ ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च । गुरूश्च
शुक्रः शनिराहुकेतवः सर्वे ग्रहाः शान्तिकरा भवन्तु ।।

गुरूर्ब्रह्मा गुरूर्विष्णुगुरूर्देवो महेश्वरः
गुरूः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ।
इमानि पुष्पाणि मनोहराणि सुरासुराणामपि दुर्लभानि
कल्पद्रुमादिद्रुवमजानि तानि पुष्पाञ्जलिमेऽस्तु सुखाय नित्यम् ।
नानासुगन्धपुष्पाणि यथाकालोद् भवानि च ।
पुष्पाञ्जलिं मया दत्तं गृहाण परमेश्वर/परमेश्वरी ।।

श्रीहरये नमः । मन्त्रपुष्पाञ्जलि समर्पयामि ।

# मिलीजुली गाऊँ आरती हरिको

मिलीजुली गाऊँ आरती हरिको
कृष्ण कन्हैयाको चीर हरैयाको ।।

कञ्चन थालीमा कपूर र बात्ती ।
पारी सब ठीक भाँती भाँती ।।
फूल चढाऊँ पाउमा हरिको ।
कृष्ण कन्हैयाको चीर हरैयाको ।।

स्नेहको धुनले छोपीराखी ।
समको भावले बाली बात्ती ।।
आरती गाऊँ परमेश्वरको ।
कृष्ण कन्हैयाको चिर हरैयाको ।।

मनमा प्रभु छन् सब रूपमा सजाउने ।
सबमा प्रभु हुन् भक्ति बढाउने ।।
हृदय चढाऊँ पाउमा हरिको ।
कृष्ण कन्हैयाको चिर हरैया को ।।

जानी नजानी पाप गरेको ।
क्षमा दिनुहोस् प्रभु भूल गरेको ।।
शरणमा पर्छु पाउमा हरिको ।
कृष्ण कन्हैयाको चिर हरैयाको ।।

# श्री कृष्ण चालीसा

श्रीकृष्ण चालीसा श्रीमद्भागवत महापुराण कै अभिन्न अंश हो । अतः सिङ्गै भागवत पढ्न नसके वा नभ्याएपनि यो मात्रै श्लोक पाठ गर्दा पनि पुण्य फल प्राप्त हुन्छ ।

## दोहा

बंशी शोभित कर मधुर, नील जलद तन श्याम ।
अरूण अधर जनु बिम्बफल, नयन कमल अभिराम ।।

पूर्ण चन्द, अरविन्द मुख, पीताम्बर शुभ साज ।
जय मनमोहन मदन छवि, कृष्णचन्द्र महाराज ।।

## मात्रिका

**मुरलीधर मधुर, नील बदन श्याम**
**अरूण अधर, नयन मृदु अभिराम**
**पूर्ण चन्द्र पिताम्बर शुभ साज**
**जय मनमोहन, कृष्णचन्द्र महाराज ।।१।।**

## चौपाइ

जय यदुनंदन जय जगवंदन ।

जय वसुदेव देवकी नन्दन ।।

## छन्दश्लोक

**जय यदुनन्दन, जय जगबन्दन ।**
**जय वासुदेव, देवकी नन्दन ।।१।।**

जय यशुदा सुत नन्द दुलारे ।

जय प्रभु भक्तन के दृग तारे ।।

**जय यशोदा नन्दन दुलारा ।**

**जय प्रभु भक्तका आँखाका तारा ।।२।।**

जय नटनागर, नाग नथइया ।

कृष्ण कन्हइया धेनु चरइया ।

**शेषनाग माथि नृत्य रचाई ।**

**कृष्ण कन्हैया, गाई चराई ॥३॥**

पुनि नख पर प्रभु गिरिवर धारो ।

आओ दीनन कष्ट निवारो ।।

**भक्तका कष्टरूपी गिरी उचाल ।**

**दीनहीनको कष्ट गर उद्धार ॥४॥**

बंशी मधुर अधर धरि टेरौ ।

होवे पूर्ण विनय य मेरौ ।।

**मधुर वंशी ध्वनी सुनाउ ।**

**विनय पूर्ण कृपा बर्साउ ॥५॥**

आओ हरि पुनि माखन चाखो ।

आज लाज भक्त की राखो ।।

**आऊ हरिरुपमा मख्खन चाख्न ।**

**धर्मरूपी कर्मको लाज राख्न ॥६॥**

गोल कपोल, चिबुक अरुणारे ।

मृदु मुस्कारन मोहिनी डारे ।।

**बालरूप तिम्रो कति पोसिला ।**

**मृदु मुस्कान कति रसिला ॥७॥**

राजित राजिव नयन विशाला ।

मोर मुकुट वैजन्तीमाला ।।

**कमल समान नयन विशाला ।**

**मयुर मुकुट वैजन्तीमाला ॥८॥**

कुंडल श्रवण, पीत पट आछे ।

कटि किंकिणी काछनी काछे ।।

**कानमा कुण्डल स्वर्ण मण्डल ।**

**कम्मरमा घुँघुरु कति चञ्चल ॥९॥**

नील जलज सुन्दर तनु सोहे ।

छबि लखि, सुर नर मुनिकन मोहे ।।

**नील वर्णका सुन्दर स्वरूप ।**

**मुनि लठ्याउने मोहनी रूप ॥१०॥**

मस्तक तिलक, अलक धुँधराले ।

आओ कृष्ण बाँसुरी वाले ।।

**निधारमा तीलक केस धुँधराले ।**

**साक्षात् नारायण मुरली वाले ॥११॥**

करि पय पान, पूतनहिं तार्यो ।

आका बका कागासुर मार्यो ।।

**दुग्ध पान गरी पूतनालाई तार्यौ ।**

**आका-बका कागासुर सबै मार्यौ ॥१२॥**

मधुवन जलत अगिन जब ज्वाला ।

भै शीतल लखतहिं नंदलाला ।।

**मधुवन जब भयो आगोमा लिप्त ।**

**शीतल लाला देखेर आँच तृप्त ॥१३॥**

सुरपति जब ब्रज चढ्यो रिसाई ।

मूसर धार वारि वर्षाई ।।

**सुरपति इन्द्र बज्र समाई क्रोधले ।**

**मुसलधार वर्षा गर्यो शोधले ॥१४॥**

लगत लगत ब्रज चहन बहायो ।

गोवर्धन नख धारि बचायो ।

**ब्रजवासी सब भक्त डुबायो ।**

**गोवर्धन उचाली तब बचायो ॥१५॥**

लखि यसुदा मन भ्रम अधिकाई ।

मुख मंह चौदह भुवन दिखाई ।।

**यसोदाको मनको भ्रम मेटाई ।**

**मुखमा सबै चौध भूवन देखाई ॥१६॥**

दुष्ट कंस अति उधम मचायो ।

कोटि कमल जब फूल मंगायो ।।

**अद्यम मचायो दुष्ट कंस ।**

**कमलको फूलमा नास्यो वंश ॥१७॥**

नाथि कालियाहिं तब तुम लीन्हें।

चरण चिह्न दै निर्भय कीन्हें ।।

**शीरै माथि नाच्यौ रमण ।**

**कालीयाको गर्दा दमन ॥१८॥**

करि गोपिन संग रास विलासा ।

सबकी पूरण करी अभिलाषा ।।

**गोपीसँग रास रचायौ ।**

**सबैको अभिलाषा पुन्यायौ ॥१९॥**

केतिक महा असुर संहार्यो ।

कंसही केस पकडि दै मार्यो ।।

**केतकी महा असुरलाई मारी ।**

**केस समाति कंसलाई झारी ॥२०॥**

मातापिता की बन्दि छुडाई ।

उग्रसेन कहँ राज दिलाई ।।

**मातापितालाई मुक्त तुल्याई ।**

**उग्रसेनलाई पुनः राज दिलाई ॥२१॥**

महि से मृतक छहों सुत लायो ।

मातु देवकी शोक मिटायो ।।

**मृत छ शिशु पुनः देखायौ ।**

**माताको शोक सबै मेटायौ ॥२२॥**

भौमासुर मुर दैत्य संहारी ।

लाये षट दश सहसकुमारी ।।

**भौमासुर दैत्य संहार गरी ।**

**बचायौ सोह्रहजार राजकुमारी ॥२३॥**

दै भीमहिं तृण चीर सहारा ।

जरासिंधु राक्षस कहँ मारा ।।

**भीमलाई चीरको सहारा दिलायौ ।**

**जरासिन्धु राक्षसको वध गरायौ ॥२४॥**

असुर बकासुर आदिक मार्यो ।

भक्तन के तब कष्ट निवार्यो ।।

**असुर बकासुर आदि मार्यौ ।**

**भक्तको सबै कष्ट उबार्यौ ॥२५॥**

दीन सुदामा के दुःख टार्यो ।

तंदुल तीन मूंठ मुख डार्यो ।।

**लियौ सुदामाको हातको सामल ।**

**दुःख हटायौ तीनमुठी चामल ॥२६॥**

प्रेम के साग विदुर घर माँगे ।

दुर्योधन के मेवा त्यागे ।

**प्रेमपूर्वक विदुरसँग साग माग्यौ ।**

**दुर्योधनको मेवा पनि त्याग्यौ ॥२७॥**

लखी प्रेम की महिमा भारी ।

ऐसे श्याम दीन हितकारी ।।

**प्रेमको महिमा कस्तो महान् ।**

**दीनको हित गर्ने हितमान ॥२८॥**

भारत के पारथ रथ हाँके ।

लिये चक्र कर नहिं बल थाके ।।

**कर्ममा लाग्न पार्थको रथ समायौ ।**

**अकर्म नास्न चक्र बोकी रमायौ ॥२९॥**

निज गीता के ज्ञान सुनाए ।

भक्तन हृदय सुधा वर्षाए ।।

**रसपूर्ण गीताको ज्ञान सुनायौ ।**

**भक्तको हृदयमा अमृत वर्षायौ ॥३०॥**

मीरा थी ऐसी मतवाली ।

विष पी गई बजाकर ताली ।।

**मीरा थिइन् भक्त मतवाली ।**

**विषै पिइन् बजाई ताली ॥३१॥**

राना भेजा साँप पिटारी ।

शालीग्राम बने बनवारी ।।

**सर्प पनि भए फूलको हार ।**

**बन्यो मूर्ति शालिग्राम पत्थर ॥३२॥**

निज माया तुम विधिहिं दिखायो ।

ते संशय सकल मिटायो ।।

**प्राणी सबैलाई माया देखायौ ।**

**भक्तको संशय सबै मेटायौ ॥३३॥**

तब शत निन्दा करि तत्काला ।

जीवन मुक्त भयो शिशुपाला ।।

**वाचा गरी सयचोटीको निन्दा ।**

**शिशुपाल कसरी रहन्थे जिउँदा ॥३४॥**

जबहिं द्रौपदी टेर लगाई ।

दीनानाथ लाज अब जाई ।।

**सबै सामु जब चीर हरण ।**

**द्रौपदी भए तिम्रै शरण ॥३५॥**

तुरतहि वसन बने नंदलाला ।

बढे चीर भै अरि कुँह काला ।।

**तिम्रै कृपाले वस्त्र भयो धेर ।**

**दुष्ट चुर भयो तान्दा चीर ॥३६॥**

अस अनाथ के नाथ कन्हइया ।

डूबत भंवर बचावइ नइया ।।

**अनाथ सबको नाथ गोपाल ।**

**डुबेका सबै बचाउने भूपाल ॥३७॥**

सुन्दरदास आ उर धारी ।

दया दृष्टि कीजै बनवारी ।।

**सुन्दरदासका हृदयको ज्वाला ।**

**दया दृष्टि देऊ हे नन्दलाला ॥३८॥**

नाथ सकल मम कुमति निवारो ।

क्षमहु बेगि अपराध हमारो ।।

**नाथ मेरो सपार कुकर्म ।**

**क्षमा गरी बचाउ धर्म ॥३९॥**

खोलो पट अब दर्शन दीजै ।

बोलो कृष्ण कन्हइया की जै ।।

**उघार द्वार अब दर्शन देओ ।**

**भन कृष्ण कन्हैयाको जय हो ॥४०॥**

## दोहा

यह चालीसा कृष्ण का, पाठ करै उर धारि ।

अष्ट सिद्धि नवनिधि फल, लहै पदारथ चारि ।

## मात्रिका

**कृष्ण चालीसा जो पाठ गर्छ ध्यानले ।**

**अष्टसिद्धि नौनिधि सबै पाउँछ उसैले ।**

# भागवतमा आधारित प्रश्नोत्तर

**१** श्रीमद्भागवतमा लेखिएको श्री ले के बुझाउँछ ?

**उत्तर :** पूर्णता

**२** भागवताका १० लक्षण भनेका के के हुन् ?

**उत्तर :** सर्ग, उपसर्ग, स्थान, पेशा, उति, मन्वन्तर, ईशानुकथा, लय, मुक्ति, अक्षय

**३** आहुती, देवहुती र प्रसूती कस्का छोरी हुन् ?

**उत्तर :** स्वयम्भुव मनु र शतरूपा

**४** दत्तात्रय, दुर्वासा र चन्द्रमा कस कसका अंशबाट जन्मेका हुन् ?

**उत्तर :** क्रमशः विष्णु, शिव, ब्रह्मा

**५** वैकुण्ठ जानका लागि कालको शिरमा टेकेर विमानमा चढ्ने राजाको हुन् ?

**उत्तर :** ध्रुव

**६** धार्मिक राजा पृथुका पिताको नाम के हो ?

**उत्तर :** वेन

**७** परापूर्वकालमा पृथ्वीलाई कुन राजाले सम्याएका थिए ?

**उत्तर :** पृथु

**८** सबैको मन एउटै भएको 'दश प्रचेता' भनिने दश भाईका पिता को थिए ?

**उत्तर :** प्राचीनवर्हि

**९** ब्रह्माजीका पुत्र दक्षलाई पुनर्जन्म दिने पिताको नाम के हो ?

**उत्तर :** प्रचेता

**१०** हिरण्यकशिपुको माता पिताको नाम के हो ?

**उत्तर :** कश्यप र दिती

**११** प्रह्लादलाई दानवी पाठशालामा पढाउने गुरुहरू को को हुन् ?

**उत्तर :** शण्ड र मर्क

**१२** प्रह्लादका माताको नाम के हो ?

**उत्तर :** कयादु

**१३** सुन, चाँदी र फलामका तीनपुर बनाउने दानवराज को हुन् ?

**उत्तर :** मय

**१४** नारदलाई पूर्वजन्ममा शुद्र हुने श्राप कस्ले दिएको थियो ?

**उत्तर :** प्रजापतिले

**१५** मृत्युकालमा भयले कान्छो छोरोलाई बोलाउँदा यमराजका दुतबाट छुटकारा पाउने ब्राह्मण को हुन् ?

**उत्तर :** अजामिल

**१६** पाँच तत्त्व भनेका के के हुन् ?

**उत्तर :** जल, तेज, वायु, आकाश, पृथ्वी

**१७** श्रीकृष्णले सत्यभालाई खुशीपार्न स्वर्गबाट ल्याएर फूलको नाम के थियो ?

**उत्तर :** पारिजात

**१८** कपिलदेव भगवान्का माता पिताको नाम के थियो ?

**उत्तर :** कर्दम र देवहुती

**१९** ब्रह्माजीका १० मानस पुत्रको नाम के के हुन् ?

**उत्तर :** १. नारद २. दक्ष ३. वशिष्ट ४. भृगु ५. ऋतु ६. पुलद ७. पुलस्य ८. अङ्गीरा ९. अतृ १०. मरिची

**२०** पाँच प्रकारका मुक्तिका नाम लेख्नुहोस् ।

**उत्तर :** १. सालोक्य, २. सार्ष्टि, ३. सामिप्य, ४. सारूप्य, ५. सायुज्य

**२१** देवहुतीद्वारा त्यागिएको शरीरबाट उत्पन्न नदीको नाम के हो ?

**उत्तर :** सिद्धिदा

**२२** पुस्करावर्त क्षेत्रमा ध्रुवले कति वर्ष राज्य गरे ?

**उत्तर :** ३६ हजार वर्ष

**२३** राजा रहुगणले राज्य गरेको देशको नाम के थियो ?

**उत्तर :** सिन्धु सौवीर देश

**२४** कश्यप ऋषिले अदितिलाई छोरो पाउन सिकाएको व्रत के थियो ?

**उत्तर :** पयोव्रत

२५ बलिसँग तीन पाउ भूमि दान थाप्ने वामन कस्का पुत्र हुन् ?

उत्तर : कश्यप

२६ भगवान् वामनले प्रसन्न भई बलिलाई कुन लोक पठाएका थिए ?

उत्तर : पाताल

२७ एक महिना पुरुष र एक महिना स्त्री हुने राजा को थिए ?

उत्तर : सुद्युम्न

२८ च्यवन ऋषिलाई जवान बनाई दिने चिकित्सक को हुन् ?

उत्तर : अश्विनी कुमार

२९ राज त्रिशंकु कुन ऋषिको तपोबलले सशरीर स्वर्ग गएका थिए ?

उत्तर : विश्वामित्र

३० राजा हरिश्चन्द्रले छोराको सट्टा बली दिन ल्याएको ब्राह्मण पुत्रको नाम के थियो ?

उत्तर : शुनशेप

३१ भगवान्का अवतार सबै शास्त्रका रचयिता व्यासका पिताको नाम के थियो ?

उत्तर : पराशर

३२ विश्वरूप नाम गरेका ऋषिका पिताको नाम के थियो ?

उत्तर : त्वष्ठा

**३३** भागवतमा ४ प्रकारका प्रलय बताइएका छन् ती के के हुन् ?

**उत्तर :** १. नित्य २. नौमितिक ३. प्राकृतिक ४. आत्यान्तिक

**३४** भगवान्को श्वासबाट भित्र पस्तै निस्कँदै गर्ने ऋषि कुन हुन् ?

**उत्तर :** महर्षि मार्कण्डेय

**३५** ब्रह्मा, विष्णु, महेश्वरको पनि परीक्षा लिने ऋषिको नाम के हो ?

**उत्तर :** महर्षि भृगु

**३६** भगवान् श्रीकृष्णले पनि सङ्कट पर्दा कोसँग सल्लाह गर्नुहुन्थ्यो ?

**उत्तर :** उद्धवलाई

**३७** वासुदेव त मै पो रहेछु तिमी होइन रहेछौ भनेर कृष्णलाई चिठी पठाउने राजा कुन देशका हुन ?

**उत्तर :** करूष देशका पौण्ड्रक

**३८** वाणसुरका कति हात थिए ?

**उत्तर :** १००

**३९** यमलोकको राजधानीको नाम के हो ?

**उत्तर :** संयमनीपुरी

**४०** सत्रजितलाई स्यामन्तक मणी कस्ले दिएको थियो ?

**उत्तर :** सूर्यले

**४०** गोवर्धन पर्वत उठाउँदा कृष्ण कति वर्षका थिए ?

**उत्तर :** सात वर्ष

**४१** चक्रवर्ति राजा सगरको नाम के कारण परेर सगर हुन गयो ?

**उत्तर :** विषका साथ जन्मिएकोले

**४२** समुद्रमन्थनबाट निस्केको हात्तीको नाम के हो ?

**उत्तर :** ऐरावत

**४३** समुद्र मन्थनबाट निस्किएको घोडाको नाम के हो ?

**उत्तर :** उच्चश्रवा

**४४** कृष्णका दाजु बलरामको विवाह कोसँग भएको थियो ?

**उत्तर :** रेवती

**४५** शिवको धनुको नाम के थियो ?

**उत्तर :** पिनाक

**४६** दुःखमा मात्र तिम्रो वास हुने भए मलाई अझ दुःख देऊ भनी वर माग्ने रानी को थिइन् ?

**उत्तर :** कुन्ती

**४७** भगवान्लाई अञ्जुलीमा थापेर कमण्डलुमा बोकी हिँड्ने राजा को थिए ?

**उत्तर :** श्रद्धादेव

**४८** कलिको अन्तिममा कल्की भगवान् कुन घोडा चढेर आउनु हुन्छ ?

**उत्तर :** देवदत्त

# आरती श्रीकृष्ण भगवान्‌को

ॐ जय श्री कृष्ण हरे, प्रभु जय गोपाल हरे
प्रभुको ध्यान निरन्तर, हरिको ध्यान निरन्तर,
गर्ने पार तरे ॥ॐ जय...॥

प्रभु अज अविनाशी सनातन सुख रासी हरि २
लीला निर्मित विग्रह, सुर भूभार हरे ॥ ॐ जय ...॥

रण क्षेत्रमा सब बन्धुहरू जब देखे हरि २
ममता व्याकुल हृदय अर्जुन मोह परे ॥ ॐ जय ...॥

यस्ता रीतले मोह परी, रणमा अलमलिएका हरि
भारतलाई उठाइ गीता ज्ञान भरे ॥ ॐ जय ...॥

आत्मा अजर अमर, कहिल्यै नाश हुँदैन हरि
वस्त्र झैँ तन फेरी शोक नलेऊ सखे ॥ ॐ जय ...॥

यस्ता परम् उद्धार, प्रभुका वचन सुनी हरि
नष्टमनेह नर अर्जुन, धनुमा वाण धरे ॥ ॐ जय ...॥



# आरती श्रीयुगल प्रभुको

आरती युगल प्रभुको गाऊँ
निर्मल मन उपहार चढाऊँ

जगका स्वामी श्री नारायण
श्री देवीका वल्लभ जीवन ।
सन्तति उनकै हौं जगका जन
नाची गाई उनलाई रिझाऊँ ।
आरती......

वैभव उनको सृष्टि उनैको
दृश्य सबै यो विश्व उनको
सक्दछ वर्णन गर्न सबै को ?
तर पनि तोते बोलि सुनाऊ, ।
आरती....

वन्दछ मुक महापण्डित झैं
प्रभुको पाए करूणा क्षण मै ।
रंक बने कति भुप समा नै
गरि विनती मनवाञ्छित पाऊँ
आरती..........

विश्व विख्यात श्रीमद्भागवत कथा एवं पुराण वक्ता
**बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराज**को
प्रस्तुति



# श्री अठार महापुराण

आध्यात्मिक दृष्टिकोणले ओतप्रोत वैदिक ऐतिहासिक ग्रन्थ सहायक
अठारओटै महापुराणहरू विशिष्ठ विद्वानहरूको भूमिकासहित
बालयोगेश्वर श्री विजय कृष्णमूर्ति जी महाराजद्वारा
नेपाली भाषामा लिखित कथा सारांश
बजारमा उपलब्ध छ ।

